# नेपाल परिचय


प्रकाशक

सूचना विभाग

| | | |
|---|---|---|
| पुस्तक | : | नेपाल परिचय |
| प्रकाशक | : | नेपाल सरकार |
| | | सूचना तथा सञ्चार मन्त्रालय |
| | | सूचना विभाग |
| | | सञ्चारग्राम, तिलगङ्गा, काठमाडौँ, नेपाल । |
| | | फोन नं. ४११२५५४, ४११२७१७ |
| | | वेब : www.doinepal.gov.np |
| पूर्ण परिमार्जित संस्करण | : | २०६९ वैशाख |
| दोस्रो संस्करण | : | २०७० वैशाख |
| तेस्रो संस्करण | : | २०७२ वैशाख |
| परिमार्जित चौथो संस्करण | : | २०७३ वैशाख |
| सर्वाधिकार© | : | सूचना विभाग |
| आवरण कला | : | शालिकराम कोइराला, सूचना विभाग |
| लेआउट/डिजाइन | : | खगेन्द्र कार्की, सूचना विभाग |

Nepal Parichaya

# नेपाल


N
हुम्ला
दार्चुला
बझाङ
बाजुरा
बैतडी
डडेलधुरा
डोटी
अछाम
कञ्चनपुर
कैलाली
मुगु
जुम्ला
डोल्पा
कालीकोट
दैलेख
जाजरकोट
रुकुम
सुर्खेत
सल्यान
रोल्पा
बर्दिया
बाँके
दाङ
प्युठान
मुस्ताङ
मनाङ
गोरखा
म्याग्दी
कास्की
लमजुङ
बागलुङ
पर्वत
स्याङ्जा
तनहुँ
गुल्मी
अर्घाखाँची
पाल्पा
नवलपरासी
कपिलवस्तु
रुपन्देही
रसुवा
नुवाकोट
सिन्धुपाल्चोक
दोलखा
धादिङ
काभ्रे
रामेछाप
चितवन
मकवानपुर
सिन्धुली
पर्सा
बारा
रौतहट
सर्लाही
महोत्तरी
धनुषा
सोलुखुम्बु
सङ्खुवासभा
ताप्लेजुङ
पाँचथर
ओखलढुंगा
खोटाङ
भोजपुर
तेह्रथुम
इलाम
धनकुटा
उदयपुर
सिराहा
सप्तरी
सुनसरी
मोरङ
झापा

# राष्ट्रिय गान

*रचनाकार : प्रदीपकुमार राई (व्याकुल माइला)*
*सङ्गीतकार : अम्बर गुरुङ*

सयौँ थुङ्गा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

# भूमिका

नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषतायुक्त समाज नेपालको अनुपम पुँजी हो । विश्वको उच्चतम हिमशिखर सगरमाथालाई अँगाल्दै पूर्व-पश्चिम फैलिएर रहेको नेपाल विश्वमानचित्रमा गौतम बुद्धको जन्मस्थल लुम्बिनीको देश, अद्वितीय प्राकृतिक छटाको देश, सांस्कृतिक विविधताको देश एवं सगरमाथाको देशको रूपमा समेत परिचित छ । भौगोलिक, साँस्कृतिक एवं भाषिक विविधतायुक्त नेपाल आर्थिक समृद्धिका लागि कृत सङ्कल्पित छ ।

सूचना प्रविधिको अभूतपूर्व विकास, उदार विश्वव्यापार प्रणाली तथा राजनीतिक उदारवादले विश्वलाई साँघुरो बनाइदिएको छ । यसै क्रममा विश्वभरी छरिएर रहेका नेपाली एवं नेपालमा रहेका अन्य मुलुकका नागरिकहरूमाझ नेपालको भौगोलिक, ऐतिहासिक, प्रशासनिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, पत्रकारिता, भाषा, साहित्य र कला, जनसङ्ख्या एवं विकासात्मक सूचनाहरू प्रवाह गरी नेपाललाई चिनाउने पाठ्यसामग्रीको खाँचोलाई मध्यनजर गर्दै यो पुस्तक लेखन तथा प्रकाशनको जमर्को गरिएको छ । यो पुस्तक नेपाली समाजको पछिल्लो पुस्ता जो भौगोलिक रूपमा नेपाली भूमिबाट टाढा रहेका छन् उनीहरूलाई नेपालको विषयमा जानकारी गराउन सहायकसिद्ध हुनेछ । साथै, नेपाल आउने पर्यटक, लगानीकर्तालगायत नेपालसम्बन्धी अध्ययन अनुसन्धान गर्न चाहने जो सुकैका लागिसमेत यो पुस्तक उपयोगी हुने हाम्रो विश्वास छ ।

समस्त नेपालीलाई भावनात्मक, सांस्कृतिक एवं भौगोलिक रूपमा एकताबद्ध गर्ने प्रयासस्वरूप पुस्तकलाई विगतको भन्दा बढी समावेशी तुल्याइएको छ । पुस्तकलाई बढीभन्दा बढी समावेशी तुल्याउने हाम्रो प्रयास सबै क्षेत्रका पर्याप्त सूचनाको उपलब्धता, आधिकारिकता एवं अध्यावधिकताको सीमितताले पूर्ण हुन नसकेकोमा हामी नै पूर्ण सन्तुष्ट छैनौँ । प्रस्तुत पुस्तक सकेसम्म स्तरयुक्त बन्न सकोस भनी प्रशस्त प्रयास गरिएको छ । तथापि पाठ्यपुस्तकमा रहेको विषयवस्तु, भाषा, शैली, प्रस्तुति, चित्राङ्कन आदिका पक्षमा कमीकमजोरी रहेका हुन सक्छन् । नेपाल परिचय एक पुस्तकमात्र नभएर हामी सबैको परिचय र

पुँजी पनि हो । भविष्यमा यसलाई अझ परिष्कृत, पूर्ण एवं उपयोगी बनाउनु हामी सबैको जिम्मेवारी हो । यसर्थ समाजका सबै प्रबुद्धवर्ग एवं पाठकहरूबाट आधिकारिक सूचना तथा सिर्जनात्मक आलोचनाको हामी सदैव अपेक्षा गर्दछौँ र आगामी संस्करणहरूमा यसलाई थप परिष्कृत गर्दै लैजाने प्रण गर्दछौँ ।

नेपाल परिचय प्रकाशन गर्ने सन्दर्भमा सूचना तथा सञ्चारमन्त्री राजकिशोर यादव तथा सूचना तथा सञ्चार सचिव अवनिन्द्रकुमार श्रेष्ठप्रति आभार व्यक्त गर्दछु । पुस्तक लेखनमा विशेष सहयोग पुऱ्याउनुहुने प्रा.डा. रामशरण पाठक, भाषा तथा विषयवस्तु सम्पादन गर्नुहुने सहसचिव गेहनाथ गौतम एवं पुस्तक संयोजन गर्ने शाखा अधिकृत रमेश श्रेष्ठलाई धन्यवाद दिन चाहन्छु । साथै, नेपाल परिचयको पाण्डुलिपी अध्ययन गरी विषयवस्तुका सम्बन्धमा आफ्नो महत्वपूर्ण सुझाव दिनुहुने सहसचिव गोपीनाथ मैनाली, पूर्वसचिव युवराज पाण्डे तथा प्रा.डा.रमेशराज कुँवरप्रति पनि आभार प्रकट गर्दछु । अन्त्यमा, सूचना विभागका उपसचिव भरतबहादुर ढुङ्गाना, श्याम चालिसे, कम्प्युटर अपरेटर खगेन्द्र कार्की लगायत सूचना विभाग परिवार एवं पुस्तक छपाइ गर्ने स्वस्तिक अफसेट प्रेसलाई पनि धन्यवाद दिन चाहन्छु । धन्यवाद !

**लक्ष्मीविलास कोइराला**
**महानिर्देशक**
**सूचना विभाग**
**वैशाख, २०६९**

# परिमार्जित चौथो संस्करणबारे

नेपाल परिचयको परिमार्जित चौथो संस्करण यहाँहरूसमक्ष आइपुगेको छ। नेपाल परिचयलाई मुलुक चिनाउने दस्तावेजको रूपमा विकास गर्ने हाम्रो उद्देश्य रहेकोले आगामी दिनहरूमा पनि परिमार्जनलाई निरन्तरता दिँदै जानेछौँ ।

चौथो संस्करण प्रकाशन गर्ने सन्दर्भमा माननीय सूचना तथा सञ्चारमन्त्री शेरधन राई तथा सूचना तथा सञ्चार सचिव दिनेशकुमार थपलियाप्रति आभार व्यक्त गर्दछु। भाषा तथा विषयवस्तु सम्पादन गर्नुहुने गेहनाथ गौतम एवं पुस्तक संशोधनका लागि सहयोग गर्ने सूचना विभागका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

नेपाल परिचयको अघिल्ला संस्करणहरू अध्ययन गरी हामीलाई सल्लाह सुझाव दिनुहुने विषय विज्ञ, समीक्षक, विद्वान, विद्यार्थीलगायत सबैमा हार्दिक धन्यवाद । पाठकहरूबाट सदाझैँ स्वस्थ्य आलोचनाको अपेक्षा गरिएको छ जसले हामीलाई आगामी दिनका लागि पृष्ठपोषणको कार्य गर्नेछ। पुस्तकमा अझै पनि त्रुटिहरू हुनसक्छन्, यसप्रति हामी विनम्रतापूर्वक क्षमायाचना गर्दछौँ र यहाँहरूबाट प्राप्त हुने रचनात्मक सुझावको आधारमा परिमार्जन गर्ने वाचासमेत गर्दछौँ ।

**रघुराम विष्ट**
**महानिर्देशक**
**सूचना विभाग**
**वैशाख, २०७३**

# विषय सूची

## परिच्छेद : एक

### नेपालको भौगोलिक परिचय


| | | |
|---|---|---|
| १.१ | भौगोलिक अवस्थिति | १ |
| १.२ | भौगोलिक विभाजन | २ |
| | १.२.१ धरातलीय स्वरूपको आधारमा नेपालको विभाजन | २ |
| | १.२.२ नदीको आधारमा नेपालको विभाजन | ११ |
| | १.२.३ हावापानीको आधारमा नेपालको विभाजन | १२ |
| १.३ | नेपालको प्राकृतिक स्रोत र साधनहरू | १४ |
| | १.३.१ भूमि | १४ |
| | १.३.२ वन | १६ |
| | १.३.३ खनिज | १९ |
| | १.३.४ जलस्रोत | २० |
| | १.३.५ ताल, कुण्ड र पोखरीहरू | २१ |
| १.४ | नेपालको जनसङ्ख्या | २६ |
| १.५ | नेपालका राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र तथा नेपालमा संरक्षित जीवजन्तुहरू | ३३ |


## परिच्छेद : दुई

### नेपालको सङ्क्षिप्त ऐतिहासिक रुपरेखा


| | | |
|---|---|---|
| २.१ | नेपाल एक प्राचीन मुलुकको रूपमा | ४२ |
| २.२ | नेपाल नामकरणको आधार | ४३ |
| | २.२.१ भाषागत आधार | ४३ |
| | २.२.२ जातिगत आधार | ४४ |
| २.३ | नेपाल उपत्यकाको उत्पत्ति | ४५ |
| २.४ | प्रचीन नेपाल | ४७ |
| | २.४.१ गोपालवंशी शासकहरू | ४७ |

| | | |
|---|---|---|
| | २.४.२ महिषपालवंशी राजाहरू | ४७ |
| | २.४.३ किरातवंशी राजाहरू | ४८ |
| | २.४.४ लिच्छवि काल | ४९ |
| | २.४.५ पूर्वमध्य काल | ५३ |
| | २.४.६ सिम्रौनगढको कर्णाटक राज्य | ५३ |
| | २.४.७ कर्नाली प्रदेशको खस मल्ल राज्य | ५५ |
| | २.४.८ कपिलवस्तुको शाक्य शासित राज्य | ५६ |
| २.५ | मध्यकाल | ५७ |
| | २.५.१ मल्ल वंशको परिचय | ५७ |
| | २.५.२ मल्लहरूको नेपाल आगमन | ५८ |
| | २.५.३ मल्ल राज्यको विभाजन | ५८ |
| २.६ | आधुनिक काल | ६१ |
| | २.६.१ शाह वंशको परिचय | ६१ |
| | २.६.२ गोरखा राज्यको स्थापना | ६२ |
| | २.६.३ पृथ्वीनारायण शाह र नेपाल एकीकरण अभियान | ६३ |
| २.७ | राणाशासन काल | ६७ |


## परिच्छेद : तीन

## नेपालको राजनैतिक तथा संवैधानिक विकास


| | | |
|---|---|---|
| ३.१ | राजनीतिक विकासक्रम | ७७ |
| | ३.१.१ २००७ देखि २०१७ सालसम्मको घटनाक्रम | ७८ |
| | ३.१.२ वि.सं. २०१७ देखि २०३७ सालसम्मका दुई दशक | ८० |
| | ३.१.३ जनमतसङ्ग्रहदेखि जनआन्दोलनसम्म | ८२ |
| | ३.१.४ २०४६ को जनआन्दोलन र त्यसपछिको राजनीति | ८३ |
| ३.२ | नेपालको संवैधानिक विकासक्रम | ८७ |
| | ३.२.१ नेपाल सरकारको वैधानिक कानुन, २००४ | ८७ |
| | ३.२.२ नेपालको अन्तरिम शासन विधान, २००७ | ८८ |
| | ३.२.३ नेपाल अधिराज्यको संविधान, २०१५ | ८८ |
| | ३.२.४ नेपालको संविधान, २०१९ | ८८ |
| | ३.२.५ नेपाल अधिराज्यको संविधान, २०४७ | ८९ |
| | ३.२.६ नेपालको अन्तरिम संविधान, २०६३ | ९१ |
| ३.३ | संविधानसभाको निर्वाचन | ९२ |

३.४ नेपालको संविधान ९७
३.५ गणतन्त्रात्मक नेपाल ११३
३.६ नेपालको राजनैतिक एवं प्रशासनिक विभाजन ११३

## परिच्छेद : चार

### नेपालको सार्वजनिक प्रशासन

४.१ प्राचीन काल १३३
४.२ मध्यकाल १३४
४.३ आधुनिक काल १३६
४.४ उत्तरआधुनिक काल १३८

## परिच्छेद : पाँच

### नेपालको आर्थिक व्यवस्था

५.१ नेपालमा योजनाबद्ध विकासका प्रयास १४०
५.२ वैदेशिक लगानी १५४
५.३ भूपरिवेष्टित अवसर १५५
५.४ भूकम्प र भूकम्पपछिको पुनर्निर्माण १५५

## परिच्छेद : छ

### नेपालको सामाजिक जीवन तथा संस्कृति

६.१ नेपालको सामाजिक जीवन १६३
६.१.१ जातिगत विविधता १६४
६.१.२ नेपालका सूचीकृत आदिवासी जनजातिहरू १६९
६.१.३ बसोवास, रहनसहन र भेषभूषा १७०
६.१.४ नेपालका विभिन्न जात जातिहरूको संक्षिप्त परिचय १७३
६.१.५ नेपालका उपेक्षित, उत्पीडित र दलित वर्ग तथा तिनको उत्थानसम्बन्धमा राज्यले गरेको व्यवस्थाहरू १७७
६.१.६ सामाजिक सुरक्षासम्बन्धी व्यवस्था १९२
६.१.७ शिक्षा १९४
६.१.८ स्वास्थ्य १९५

६.२ नेपालको सांस्कृतिक जीवन १९६
६.२.१ नेपालमा मनाइने प्रमुख जात्रा एवं चाडपर्व १९६
६.२.२ नेपालका सांस्कृतिक सम्पदाको विवरण २११
६.२.३ राष्ट्रिय सांस्कृतिक सम्पदाको संरक्षणसम्बन्धी दीर्घकालीन नीति २१२

## परिच्छेद : सात

### नेपालको भाषा, साहित्य र कला

७.१ भाषा २१३
७.१.१ नेपालमा बोलिने मुख्य भाषाहरू २१४
७.१.२ नेपाली भाषाको विकास र विस्तार २१७
७.१.३ भाषा परिवार २२०
७.१.४ केही भाषाभाषिका लिपिहरू २२३
७.२ साहित्य २२४
७.३ कला २३५
७.३.१ नेपाली वास्तुकला र तिनका विशेषता २३६
७.३.२ नेपाली चित्रकला र तिनका विशेषता २३८
७.३.३ नेपाली मूर्तिकला र तिनका विशेषता २४२
७.३.४ नेपाली काष्ठकला र तिनका विषेशताहरू २४८
७.३.५ नेपामला प्रचलित केही गीत, सङ्गीत र नृत्यकला २४९

## परिच्छेद : आठ

### नेपालमा पूर्वाधार विकास

८.१ यातायात २५१
८.२ जलविद्युत् २५८
८.३ खानेपानी तथा सरसफाइ २६२
८.४ सिँचाइ २६२
८.५ दूरसञ्चार २६३
८.६ वातावरण २६५

## परिच्छेद : नौ

### नेपालमा पत्रकारिता


| | | |
|---|---|---|
| ९.१ | छापा माध्यम | २६७ |
| ९.२ | छापाखाना | २६९ |
| ९.३ | रेडियो प्रसारण | २७० |
| ९.४ | टेलिभिजन | २७१ |
| ९.५ | चलचित्र | २७२ |
| ९.६ | सूचना विभाग | २७३ |
| ९.७ | प्रेस काउन्सिल नेपाल | २७४ |
| ९.८ | राष्ट्रिय समाचार समिति | २७४ |
| ९.९ | नेपाल पत्रकार महासङ्घ | २७५ |
| ९.१० | अनलाइन मिडिया | २७६ |


## परिच्छेद : दश

### नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीति


| | | |
|---|---|---|
| १०.१ | नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध : ऐतिहासिक सिंहावलोकन | २७७ |
| १०.२ | नेपालको परराष्ट्र नीति र यसका मूल आधारहरू | २७८ |
| १०.३ | संयुक्त राष्ट्र सङ्घ र नेपाल | २८१ |
| १०.४ | सार्क र नेपाल | २८२ |
| १०.५ | नेपाल भारत सम्बन्धका ऐतिहासिक सन्धि सम्झौताहरू | २८५ |
| १०.६ | नेपाल र चीन-तिब्बत सम्बन्धका ऐतिहासिक सन्धि सम्झौताहरू | २८८ |


## परिच्छेद : एघार


ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिकोणले नेपालका महत्वपूर्ण स्थानहरू २९२

सन्दर्भ सामग्री ३२६

परिच्छेद : एक

# नेपालको भौगोलिक परिचय

## १.१ भौगोलिक अवस्थिति

नेपाल दक्षिण एसियामा अवस्थित एक भूपरिवेष्टित मुलुक हो। यो समुद्रदेखि करीब ११२७ कि.मि. टाढा छ। यो एसियाका दुई विशाल मुलुकहरू भारत र चीनको बीचमा पर्दछ। नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. अर्थात ५६,८२७ वर्गमाइल छ। नेपालको पूर्व-पश्चिम लम्बाइ ८८५ कि.मि. र उत्तर दक्षिण चौडाइ सरदर १९३ कि.मि. छ। नेपाल २६ डिग्री २२ मिनेटदेखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षांश र ८० डिग्री ४ मिनेटदेखि ८८ डिग्री १२ मिनेट पूर्वी देशाान्तरसम्म फैलिएको छ। नेपालले विश्वको कूल भूभागको ०.०३ प्रतिशत र एसिया महादेशको ०.३ प्रतिशत भाग ओगटेको छ। यसको दक्षिणमा भारतको विहार र उत्तर प्रदेश राज्य, पश्चिममा भारतको उत्तराखण्ड राज्य, पूर्वमा पश्चिम बङ्गाल, सिक्किम राज्य र उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ। नेपालको प्रमाणिक समय दोलखा जिल्लामा पर्ने गौरीशंकर हिमाललाई काटेर गएको ८६ डिग्री १५ मिनेट पूर्वी देशान्तरलाई आधार मानी निर्धारण गरिएको छ। नेपालको समय ग्रीनबीच मानक समयभन्दा ५ घण्टा ४५ मिनेट छिटो छ। यो समय वि.सं. २०४२ साल वैशाख १ गतेदेखि लागू गरिएको हो। विश्वका ८,००० मिटरभन्दा अग्ला १४ चुचुराहरूमध्ये नेपालमा ८ ओटा पर्छन्। ६,००० मिटर र सोभन्दा अग्ला चुचुराहरू १,३०० भन्दा बढी छन्। मुस्ताङ इलाकामा मात्र यस्ता लगभग ३०१ चुचुराहरू रहेका छन्। नेपालमा हिमालयका साथसाथै कोशी, गण्डकी, कर्णालीजस्ता महानदीहरू र रारा, फेवा, गोसाइँकुण्डजस्ता सुन्दर तालहरू छन्। भू-स्वरूपको विविधताका साथै जलवायु र मौसमको अत्यधिक विभिन्नताले गर्दा उष्ण (Tropical), अर्धोष्ण

(Mesontermal), सूक्ष्म तापीय (Micro thermal), टाइग्रा र तुन्द्रा प्रकारका जलवायु नेपालमा पाइन्छन् । नेपालको भौतिक स्वरूपमा उचाइगत विविधताले भौगोलिक विभिन्नताको अवस्था सिर्जना गरेको छ । विश्व मानचित्रमा नेपाल सगरमाथाको देश, गौतम बुद्धको जन्मस्थल लुम्बिनीको देश, तेश्रो ध्रुवको देश तथा विशिष्ट झण्डाको देशको रूपमा समेत परिचित छ ।

## १.२ भौगोलिक विभाजन

### १.२.१ धरातलीय स्वरूपको आधारमा नेपालको विभाजन

नेपालको भौगोलिक विभाजन विभिन्न आधारमा विभिन्न किसिमले गरिएको पाइन्छ । धरातलको आधारमा नेपालको भूभागलाई उत्तरदेखि दक्षिणसम्म क्रमशः तीन बृहत् प्रदेशमा विभाजन गर्न सकिन्छ ।

**(क) हिमाली प्रदेश**

नेपालको उत्तरी भेगमा दाँतका लहरजस्तै पङ्क्तिबद्ध रूपमा अवस्थित हिउँ र चट्टानले निर्मित हिमाली क्षेत्रले नेपालको १५ प्रतिशत भूभाग समेटेको छ । करिब २५ देखि ५० किलोमिटर उत्तर-दक्षिण चौडाइभित्र फैलिएको हिमाली प्रदेश समुन्द्र सतहदेखि करिब ३,००० मिटरमाथिको उचाइमा अवस्थित छ । हिमालय नेपालको उत्तरपट्टिमात्र नभई उत्तरी नेपाल सरहदबाट दक्षिणतिर हिमाली शृङ्खला देखिने नेपालका धेरै भूभागहरू छन् । जस्तैः अन्नपूर्ण र गङ्गापूर्ण हिमालको उत्तरपट्टि मनाङ, मुस्ताङ आदि नेपालका क्षेत्र पर्छन् । धवलागिरी चुरेन हिमालयको उत्तरमा मुस्ताङ तथा डोल्पाका भूभाग पर्छन् । ती क्षेत्रहरूबाट हिमालय दक्षिणतिर देखिन्छ । विश्वका उच्चतम, सुन्दरतम हिमाली टाकुराहरू नेपालको हिमालयखण्डमा छन् । कञ्चनजङ्घा, जनक, उम्बक, महालङ्गुर, रोल्वालिङ, पुमरी, जुगल, लाङटाङ, गणेश, सेराङ, कुटाङ, मनसिरी, पेरो, लुगुला, दामोदर, निलगिरी, अन्नपूर्णा, धवलागिरी, मुस्ताङ, गौतम, पालचुङ हमगा, कान्जिरोवा, कान्ति, गोरखा, चाङ्गला, चण्डी, नालाकङ्कर, गुराँस पूर्वदेखि क्रमशः पश्चिमसम्म फैलिएका प्रसिद्ध २८ हिमशृङ्खलाहरू हुन् । यी शृङ्खलाहरू अधिकतर भोट (तिब्बत) का सीमावर्ती क्षेत्रमा रहेका छन् ।

हिमाली क्षेत्रको आर्थिक गतिविधि सीमित छ । उब्जनी न्यून हुनेहुँदा कृषि नगन्य भए पनि याक, भेडा, च्याङ्ग्रा, घोडा आदि पशुपालन र जडीबुटीमा यो क्षेत्र सम्पन्न छ । ऊनीका गलैंचा, राडी, पाखी बुन्ने घरेलु उद्योगहरू रहेको पाइन्छ । पर्यटन उद्योग, जडीबुटी र पर्यावरण सम्पदा यहाँका महत्वपूर्ण स्रोत हुन् ।

यो क्षेत्र अल्पाइन र आर्षटिक जलवायुक्षेत्रअन्तर्गत पर्छ। उचाइ र पर्वतको अवस्थितिअनुसार जलवायु फरक पर्छ। सोलुखुम्बुको ४,४०० मिटर उचाइमा रहेको चुङकुङ गाउँमा आलु फल्छ। २८ सय मिटर उचाइमा रहेको मुस्ताङको जोमसोममा २ सय मिलिमिटर वर्षा हुन्छ। यस्ता उच्च हिमालका खेतीयोग्य जमिन सोलुखुम्बु, मनाङ, मुस्ताङ र डोल्पा जिल्लामा पाइन्छ।

करिब ५,००० मिटरमाथि ६ देखि १२ महिनासम्म हिउँ रहन्छ। लगभग ४,००० मिटरमाथिका भूभागमा छोटो अवधिको वर्षायाममा पनि तुषारापात हुन्छ। ४,०००-५,००० मिटरसम्म होचो झाङ झाडी (जडीबुटी) पाइन्छ। तर मुस्ताङ र डोल्पामा प्राकृतिक वनस्पति विशेष कारणले २,८०० मिटर उचाइसम्म पनि हुनेगरेको पाइन्छ। करिब १२ प्रतिशत उच्च हिमाली क्षेत्र मनसुनी चरनका लागि उपयुक्त छ। अरू भूभाग ठाडो भीर, ढुङ्गे र ठन्डा हुँदा चरनको लागि उपयुक्त छैन। घाँस पुनः पलाउन समय लाग्ने भएकाले अधिक चरनबाट जोगाउन चरन व्यवस्थापन यहाँको मूल आवश्यकता हो। माटो र जलवायुका दृष्टिले एक प्रतिशतभन्दा कम जमीन मात्रै खेतीको लागि उपयुक्त छ। यातायातको आवश्यक व्यवस्था अझसम्म पनि हुन नसकेको कारण उत्पादनको बजारीकरण गर्न कठिनाइ हुनेगरेको छ।

नेपालको लगभग १९.७ प्रतिशत (२,८९९,५०० हेक्टर) ओगट्ने उच्च पर्वतको दक्षिणमा मध्यपर्वत र उत्तरमा उच्च हिमाल पर्छ। यस क्षेत्रका सबैजसो मुख्य उपत्यका हिमानीग्रस्त (Glaciated) छन्। नदीले पिँध कटान बढी गरेको फलस्वरूप नदी ढलान (Gradient) ले गल्छेडा र गल्छी (Canyons) बनेका छन्। डाँडाको टुप्पो र उपत्यकाको फेदसम्म २,००० मिटरभन्दा बढी उचाइको भिन्नता छ। यसैले यहाँको एउटै ढलोमा उष्ण, उपोष्ण र न्यानो समशीतोष्ण एवं चिसो शीतोष्ण बोटबिरूवा पाइन्छन्। यो क्षेत्रको ५० प्रतिशत भाग कुनै पनि खेतीका लागि काम लाग्दैन। बाँकी ५० प्रतिशत भू-भागमध्ये ३४ प्रतिशत भू-भागमा खेतीका लागि अपर्याप्त पातलो माटो छ भने १६ प्रतिशत भू-भागले मात्र खेती धानेको छ। यस्तो २००,००० हेक्टर जमीनमा पनि ४० प्रतिशतमा मात्र राम्ररी खेती गर्ने गरिन्छ।

हिमाली क्षेत्रमा नेपालका पूर्वदेखि क्रमशः ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, दोलखा, सिन्धुपाञ्चोक, रसुवा, मनाङ, मुस्ताङ, डोल्पा, मुगु, हुम्ला, जुम्ला, कालिकोट, बाजुरा, बझाङ र दार्चुला गरी १६ जिल्ला पर्दछन्।

हिमाली प्रदेशलाई निम्न तीन बृहत क्षेत्रमा विभाजन गरी अध्ययन गर्न सकिन्छः

### मुख्य हिमाली क्षेत्र

हिमालयअन्तर्गतका उच्चतम चुलीहरू केन्द्रित मुख्य हिमालयमा ८,००० मिटरभन्दा अग्ला चुलीहरू पर्छन् । तटवर्ती हिमालयको दक्षिण रहेका बृहत्तर हिमाली शृङ्खलामा ६,००० मिटरभन्दा अग्ला १,३११ चुचुराहरू रहेका छन् । विश्वको सर्वोच्च शिखर सगरमाथा र तेस्रो उच्च हिमशिखर कञ्चनजङ्घाका अतिरिक्त ल्होत्से, मकालु, चो-ओयु, धवलागिरी, मनासलु, अन्नपूर्णसमेत विश्वका



विश्वको सवोच्च शिखर सगरमाथा

दुई दर्जन चुलीमध्ये नेपालमा करिब डेढ दर्जन चुचुराहरू रहेका छन् । कञ्चनजङ्घा, खुम्बु, महालङ्गुर, रोल्वालिङ्, गणेश, गोर्खा, अन्नपूर्ण, धौलागिरी, काञ्जीरोवा, अपी र शैपाल हिमश्रृङ्खलाअर्न्तगत विश्वका १० सर्वोच्च शिखरहरूमध्ये ८ ओटा हिमशिखरहरू पर्दछन् । यस क्षेत्रमा कञ्चनजङ्घा, जनक, उम्बक, महालङ्गुर, रोलवालिङ्, पुमरी, जुगल, लाङटाङ, गणेश, सेराङ, कुटाङ, मनसिरी, पेरी, लुगुला, दामोदर, निलगिरी, अन्नपूर्ण, धौलागिरी, मुस्ताङ, गौतम, पालचुङ हमगा, कान्जिरोवा, कान्ति, गोरखा, चाङ्गला, चण्डी, नालाकंकर, गुँरास गरी क्रमशः पूर्वदेखि पश्चिमसम्म फैलिएका २८ हिमश्रृङ्खलाहरू अवस्थित छन् ।

### भित्री हिमाली क्षेत्र

मुख्य हिमालयबाट उत्तर र तिब्बत तटवर्ती क्षेत्रबाट दक्षिणतिर यो क्षेत्र रहेको छ । नदी निर्मित उपत्यकाहरू उच्च हिमाली क्षेत्रमा निकै रहेका छन् । यहाँ

पुराङ्ग, हुम्ला, मुगु, लाङगु, बूढी खोटाङ, केरूङ, न्यानम, रोङ्गसार, खुम्बु, कर्मा आदि हिमवेष्टित उपत्यकाहरू छन् । उत्तरमा अग्ला हिमालय र दक्षिणमा होचा पर्वतका बीचमा रहेका यी उपत्यका २,४००-५,००० मिटरसम्मका उचाइमा रहेका छन् । कतैकतै गहिरो खोँच र बेँसी रहेका छन् । हुम्ला, जुम्ला, मुगु, डोल्पा, मुस्ताङ र मनाङ वृष्टिछाँयामा पर्ने हुँदा वर्षा ज्यादै कम हुन्छ । यस भेकमा शुष्क जलवायु पाइन्छ ।



हुम्लाको लामा संस्कृति

यो पर्वतीय क्षेत्रमा चिसो शीतोष्ण कोणधारी वन  हुनेहुँदा डालेघाँस प्रायः पाइन्न । यहाँका बासिन्दा खाद्यान्न, लुगा र अन्य सामानको ढुवानी खच्चर, घोडा, चउँरी आदि जनावरबाट गर्ने गर्दछन् । जौ, गहुँ, कोदो र आलु ३,००० मिटर उचाइसम्म हुन्छ । हिउँदमा ठन्डा हुनेहुँदा मानिसहरूको बसोबास यो क्षेत्रमा निक्कै पातलो छ ।

**सीमान्त हिमाली क्षेत्र**

यो अन्तरहिमाली शृङ्खला तिब्बतको समानान्तर किनारी क्षेत्र करिब १३० किलोमिटर उत्तरसम्म फैलिएको छ । सरदर ६,००० मिटर उचाइदेखि करिब ७,००० मिटरसम्म रहेको तिब्बती पठारको समस्थली क्षेत्र गङ्गा र साङ्ग

पो (ब्रह्मपुत्र) को पानी ढलो क्षेत्रका रूपमा रहेको छ। उच्च हिमशृङ्खला छिचोली आएकाले यो क्षेत्रका नदी (कालीगण्डकी आदि) हिमालयभन्दा पुराना मानिन्छन्। मनाङ, मुस्ताङमा बस्ती छन् र भोट निस्कने भन्ज्याङहरू निकै पर्छन्। वृष्टिछाँयामा पर्ने भएकाले यो क्षेत्र मूलतः हिमाली मरुभूमिका रूपमा रहेको छ।

**तालिका नं. १.१**
**नेपालका प्रमुख हिमशिखर र तिनको उचाइ**

| क्र. सं. | हिमशिखर | उचाइ (मिटर) | हिमशृङ्खला | अञ्चल/जिल्ला |
|---|---|---|---|---|
| १ | सगरमाथा | ८,८४८ | खुम्बु/ महालङ्गुर | सगरमाथा (सोलुखुम्बु) |
| २ | कञ्चनजङ्घा | ८,५८६ | कञ्चनजङ्घा | मेची (ताप्लेजुङ) |
| ३ | ल्होत्से | ८,५१६ | खुम्बु/महालङ्गुर | सगरमाथा (सोलुखुम्बु) |
| ४ | मकालु | ८,४६३ | कुम्भकर्ण | कोशी (सङ्खुवासभा) |
| ५ | चो ओयु | ८,२०१ | खुम्बु/महालङ्गुर | सगरमाथा (सोलुखुम्बु) |
| ६ | धौलागिरी | ८,१६७ | धौलागिरी | धौलागिरी (म्याग्दी/मुस्ताङ) |
| ७ | मनास्लु | ८,१६३ | गणेश | गण्डकी (गोरखा) |
| ८ | अन्नपूर्ण | ८,०९१ | अन्नपूर्ण | गण्डकी (कास्की) |
| ९ | नुप्से | ७,८५५ | खुम्बु | सगरमाथा (सोलुखुम्बु) |
| १० | शान्ति पिक | ७,५९१ | खुम्बु | सगरथापा (सोलुखुम्बु) |
| ११ | डोम | ७,४४२ | कञ्चनजङ्घा | मेची (ताप्लेजुङ) |
| १२ | लाङटाङ लिरूङ् | ७,२३४ | लाङटाङ | बाग्मती (रसुवा) |
| १३ | गणेश हिमाल | ७,१६३ | गणेश | बाग्मती (गोर्खा, धादिङ) |
| १४ | पुमोरी | ७,१४५ | खुम्बु/महालङ्गुर | सगरमाथा (सोलुखुम्बु) |
| १५ | गौरीशङ्कर | ७,१३४ | रोल्वालिङ | जनकपुर (दोलखा) |
| १६ | अपी | ७,१३२ | गुराँस | महाकाली/कर्णाली |
| १७ | माछापुच्छ्रे | ७,०५९ | अन्नपूर्ण | गण्डकी (कास्की) |
| १८ | सैपाल | ७,०३६ | अपि सैपाल | कर्णाली/सेती (बझाङ) |
| १९ | काञ्जीरोवा | ६,८८३ | काञ्जिरोवा | कर्णाली (मुगु, जुम्ला) |
| २० | अमादब्लम | ६,८१२ | खुम्बु/महालङ्गुर | सगरमाथा (सोलुखुम्बु) |

| | | | | |
|---|---|---|---|---|
| २१ | जुगल (भैरव टाकुरा) | ६,७९९ | जुगल | बागमती |
| २२ | भृकुटी | ६,३३४ | दामोदर | धौलागिरी |

**(ख) पहाडी प्रदेश**

उत्तरमा हिमाल र दक्षिणमा तराईबीच रहेको मध्यभाग पूर्वदेखि पश्चिमसम्म अग्लाहोचा पहाडहरू, फराकिला-साँगुरा उपत्यका, दून, बेँसी तथा टार र गरायुक्त पाखाहरूले घनीभूत छ। दक्षिणमा समुन्द्र सतहदेखि करिब ३०० मिटरदेखि उत्तरमा ३,००० मिटरसम्मका भूभागहरू देशको ६८ प्रतिशत धरातल ओगटेर ७६ किलोमिटरदेखि १२५ किलोमिटरसम्म चौडा भई विस्तारित भएका छन्। सबैभन्दा बढी भूभाग यस प्रदेशले ओगटेको हुँदा नेपाललाई पहाडी मुलुक पनि भनिन्छ। यस क्षेत्रमा इलाम, पाँचथर, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, उदयपुर, ओखलढुङ्गा, सिन्धुली, रामेछाप, काभ्रे, काठमाडौँ, भक्तपुर, ललितपुर, नुवाकोट, धादिङ, मकवानपुर, तनहुँ, लमजुङ, कास्की, गोरखा, स्याङ्जा, पर्वत, पाल्पा, गुल्मी, अर्घाखाँची, म्याग्दी, बाग्लुङ, प्यूठान, रोल्पा, रूकुम, सल्यान, जाजरकोट, सुर्खेत, दैलेख, अछाम, डोटी, डडेलधुरा र बैतडी गरी ३९ ओटा जिल्ला पर्दछन्।

पहाडी प्रदेशलाई निम्न तीन श्रेणीमा विभाजन गर्न सकिन्छ :

***चुरे पर्वत श्रेणी***

नेपालको दक्षिणमा अवस्थित पूर्वदेखि पश्चिमसम्म फैलिएको हिमालय पर्वतमाला भन्दा निकैपछि विकसित रहेको समुद्रसतहदेखि ६१० देखि १८७२ मिटरको उचाइसम्म भएको पर्वतमालालाई चुरे पर्वत भनिन्छ। यो पश्चिमदेखि कोशी नदीसम्म महाभारत पर्वतमालाको समानान्तर रूपमा लम्बिएको छ भने त्योभन्दा पूर्व खण्डित हुँदै ढिस्का वा थुम्कोको रूपमा रहेको छ। यसलाई सामान्यतः चुरिया वा चुरे पर्वत भनिन्छ।

बाह्य हिमालय भनिने यो पर्वत शिवालिकको नामले समेत प्रसिद्ध छ। यो नवीनतम पर्वत हो। नेपालको पश्चिममा अग्लो र पूर्वमा होचो हुँदै बिलाएको चुरे लगभग २,००० मिटरसम्म अग्लो छ। यो महाकालीदेखि कोशीसम्म छुट्टै श्रेणी भएर फैलिएको छ। कोशीपूर्व थुम्कीको रूपमा मोरङ र झापाको उत्तरमा मैनाचुली, चुलाचुली छन्। चुरे पर्वत श्रेणीको धेरै भाग जङ्गलले ढाकेको छ। दाङ, देउखुरी, राप्ती, चितवन आदि उपत्यका दून अवोन्नत (Synclinal) प्रकृतिका भाग छन्। यहाँ गरम हावापानी पाइन्छ। यो क्षेत्रले १२.७ प्रतिशत

(१,८७९,००० हेक्टर) ढाकेको छ। जलाधार क्षेत्रको उचाइ भिन्नता ७०० मिटरभन्दा कम छ। यहाँको माटो वर्षाको पानी थाम्नसक्ने खालको छैन। यो क्षेत्रमा ह्वात्त बाढी आएजस्तो वर्षामा खोलाहरू बग्छन्। वातावरणीय दृष्टिले चुरे पर्वत श्रेणी अत्यन्त संवेदनशील मानिएको छ।

सतही ढुङ्गाले शिवालिक क्षेत्रको पर्वतीय भू-भागलाई नियन्त्रण गरेको छ। यो शृङ्खला कमजोर एवं अस्थिर छ। करिब ९३ प्रतिशतभन्दा बढी भू-भाग ज्यादै ठाडो र अप्ठेरो भएकाले खेतीका लागि उपयुक्त छैन। शिवालिक क्षेत्रमा खेती हुनसक्ने जमिन करिब २४ प्रतिशत (५,२९,६०० हेक्टर) छ। दून उष्ण क्षेत्र भए पनि यहाँको माटो तराईभन्दा भिन्न छ। यो क्षेत्रमा फलफूल र तरकारी कमै हुन्छ। यस क्षेत्रमा जन अतिक्रमणले वननाश, भूक्षय र प्राकृतिक वातावरण खलबलिन पुगेको छ। शिवालिक क्षेत्रको दक्षिण एउटा लामो पेटी पूर्वदेखि पश्चिमसम्म फैलिएको छ। यो क्षेत्र बालुवा, कङ्कड, ढुङ्गा र खुकुला खस्रा पदार्थले बनेको छ। खुकुलो चट्टानले बनेको भावरमा सालको वन-जङ्गल पाइन्छ। गहिरो घाँटीमा नदीले थुपारेका माटाको भागले बनेका मैदानहरू गङ्गा मैदानकै अंशका रूपमा रहेका छन्।

### *महाभारत श्रेणी*

पूर्व-पश्चिम फैलिएको समुन्द्र सहतदेखि करिब १२,००० फिटसम्म उचाइको यो पहाडी भाग नेपालको महत्वपूर्ण भाग हो। यो भाग सेल, स्यान्डस्टोन, लाइमस्टोन, मार्बल, स्लेटजस्ता चट्टानयुक्त छ। ठूलाठूला चार नदी कडा चट्टाने पहाड छेडेर बगेका छन्। कर्णालीले चिसापानीमा, कालीगण्डकीले देवघाटमा, त्रिशूलीले जुगरीमा र कोशीले चतरामा छेडो बनाएको छ। ठाउँठाउँमा टार (पालुङटार, सल्यानटार, रूम्जाटार) र उपत्यका बनेका छन्। होचो हिमालय (Lesser Himalaya) को नामले पनि यो पर्वत चिनिने गर्छ। यहाँको हावापानी रमणीय र स्वस्थ्यकर हुनेहुँदा महाभारत पर्वत श्रेणीलाई नेपालको Hill-Station पनि भनिन्छ। सैलुङ्ग, ट्याम्के, जैथक, फूलचोकी, शिवपुरी, छिम्केश्वरी, दामन, स्वर्गद्वारी, साकिने डाँडा, खोंचे आदि यहाँका प्रमुख शिखर हुन्। पूर्वी नेपालका तुलनामा पश्चिमको भाग बढी ठाडो छ।

### *मध्यभूमि श्रेणी*

नेपालका चमेलिया (सुदूरपश्चिम), त्रिशूली (मध्य), सुनकोशी र अरूण तथा तमोर नदीद्वारा निर्मित ठूला उपत्यका एवं समथर र उर्वरक्षेत्र मध्यभूमिअन्तर्गत पर्छन्। यहाँ तुम्लिङटार (सङ्खुवासभा), रूम्जाटार (ओखलढुङ्गा), मङ्गलटार

(काभ्रेपलाञ्चोक), खुमलटार (ललितपुर), बट्टार (नुवाकोट), सल्यानटार (धादिङ), खैरेनीटार (तनहुँ), चौरजहारीटार (रूकुम) जस्ता टार पनि छन् ।

मध्यपर्वतीय क्षेत्रले नेपालको २९.५ प्रतिशत (४,३५०,३०० हेक्टर) जमिन ढाकेको छ । यहाँको जलवायु वर्षैभरि कृषिको लागि उपयुक्त छ । तापक्रम न बढी न घटी मध्यम प्रकारको छ । जनसङ्ख्या वृद्धिले गर्दा भूमिमाथि बढी चाप परेको छ । यहाँ ८७ प्रतिशत खेतीयोग्य भूमि पर्वतीय पाखाका रूपमा रहेका छन् । मध्यपहाडी भूमिको गराखेती प्रविधि नै स्थापित प्रविधि हो । कृषि, वन र बागबानीबाट यसलाई सघाउ हुनेगरेको छ ।

मध्यपहाडमा प्रिक्याम्ब्रियन (Precambraian), फाइलाइट (Phyllites), क्वार्टजाइट (Quartzites), अभ्रख, शिष्ट र ग्रानाइटजस्ता विविध चट्टान पाइन्छन् । मध्यपहाडको दक्षिण किनारामा प्रायः महाभारत लेकजस्ता उठेका (Uplifted) पर्वत छन् । यो भाग ऋतुक्षय भएका ग्रेनाइट, चुनढुङ्गा, डोलोमाइट, सेल, स्यान्डस्टोन, स्लेट र क्वार्टजाइटले बनेको छ । शिवालिक जस्तो भू-क्षयको प्रभाव छैन । यस क्षेत्रका कडा चट्टान भूपाषाण भएका भाग ठाडो भीर (३५ डिग्री ढलोभन्दा बढी) र पातलो माटाले ढाकेको हुनाले खेतीका लागि उपयुक्त छैन ।

पहाडी प्रदेशमा किराँत (राई, लिम्बू), तामाङ, मगर, गुरूङ, बाहुन, क्षेत्री, नेवार आदि विभिन्न जातिका मानिसहरू बसोबास गर्छन् । पहाड आफैँमा विभिन्नतायुक्त भएकाले यहाँको घरनिर्माण, लवाइखवाइ, पेसा आदिमा विविधता पाइन्छ । फलफूल खेती र जडीबुटीको लागि बढी उपयुक्त वातावरण पाइन्छ । पहाडका दक्षिण पाखामा बस्ती र खेती धेरै भेटिन्छन् । यस भेकमा इलाम, धनकुटा, चैनपुर, भोजपुर, ओखलढुङ्गा, चरीकोट, बनेपा, काठमाडौँ, पोखरा, जुम्ला, सल्यान, सिलगढीजस्ता सानाठूला बस्ती छन् । पहाडी क्षेत्रको कुल बस्तीमध्ये १,००० मिटरसम्मको उचाइमा १६.३७ प्रतिशत, १००१-२,००० मिटरसम्ममा ५९.०९ प्रतिशत र यसभन्दा माथि ३,००० मिटरसम्ममा १९.९९ प्रतिशत बस्तीहरू रहेको पाइन्छ । सर्वाधिक बस्तीहरू १००१-२००० मिटर सम्ममा केन्द्रित छन् । नेपालका पाँचै विकास क्षेत्रका क्षेत्रीय सदरमुकाम धनकुटा, काठमाडौँ, पोखरा, सुर्खेत, दिपायल यही पहाडी इलाकामा अवस्थित छन् ।

आर्थिक क्रियाकलापमा पहाडी क्षेत्र मूलतः फलफूल र खाद्यान्नका लागि उपयुक्त क्षेत्र हो । धान, मकै, गहुँ र गेडागुडीमा यो क्षेत्र विविधतायुक्त उत्पादनशील क्षेत्र भए पनि उर्वरभूमिको कमीले गर्दा खाद्यान्न अभाव हुने गर्दछ ।

महाभारत पर्वत श्रेणी र हिमालय पर्वत श्रेणीहरूका बीचमा रहेका ठूला-

ठूला टार, बेंसी र उपत्यकाहरूलाई मध्यभूमी भनिन्छ । यसअन्तर्गत काठमाडौं, पोखरा, त्रिशुली, पाँचखाल, माडी जस्ता उपत्यकाहरू पर्दछन् । त्यस्तै जरायोटार, सल्यानटार, चेपेटार, करापुटार, बेल्टार, सुकेटार, तुम्लिङटार, रूम्जाटार, खरानीटार, बट्टारजस्ता उर्वर समथर भूमि पनि यसैअन्तर्गत पर्दछन् ।

**तालिका नं. १.२**

**पहाडी प्रदेशमा अवस्थित मुख्य उपत्यका तथा बेँसीहरू**

| **उपत्यका** | **उचाइ (मि.)** | **जिल्ला** |
|---|---|---|
| काठमाडौं | १३३७ | काठमाडौं, ललितपुर र भक्तपुर |
| त्रिशुली | ५७९ | नुवाकोट |
| पोखरा | ८१९ | कास्की |
| पाँचखाल | ८७१ | काभ्रेपलाञ्चोक |
| बनेपा | १५५४ | काभ्रेपलाञ्चोक |
| पाटन | १५३४ | बैतडी |
| धुनिबेसी | ८५० | धादिङ |
| दाङ | ६६३ | दाङ |
| सुर्खेत | ६६४ | सुर्खेत |
| उदयपुर | ३६० | उदयपुर |

**(ग) तराई प्रदेश**

पहाडी भागदेखि दक्षिणतर्फ भारतको सीमासम्म पूर्व-पश्चिम फैलिएको नेपालको समतल भू- भाग तराई प्रदेश हो । यसलाई मधेश पनि भनिन्छ । यस प्रदेशको चौडाइ २५ किलोमिटरदेखि ३० किलोमिटरसम्म छ । तराईको सिरान भावर र चुरे हो । उत्तरबाट दक्षिणतिर होचो हुँदै जानु तराईको लक्षण हो । यो क्षेत्र उष्ण क्षेत्र हो । यहाँको जमिन प्रायः समथल छ । सन् १९६० सम्म यो क्षेत्रमा थारूहरूको बोलबाला थियो । औलो उन्मुलनपछि दून उपत्यका पहाडलगायत अन्य क्षेत्रका जनताको पनि केन्द्रस्थल भई यो क्षेत्र बहुजातीय क्षेत्र बन्यो । समुन्द्रसतहबाट ६० देखि ६०० मिटरको उचाइमा पर्ने यस प्रदेशले नेपालको कुल क्षेत्रफलको १७ प्रतिशत भूभाग ओगटेको छ । यसलाई नेपालको अन्नभण्डार पनि मानिन्छ । यस क्षेत्रअर्न्तगत झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही,

रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर गरी २० जिल्लाहरू पर्दछन् ।

तराई प्रदेशलाई निम्न तीन श्रेणीमा विभाजन गर्न सकिन्छ:

***खास तराई***

देशको दक्षिणी भागमा दक्षिणतर्फ होचिँदै गएको भूभागलाई खास तराई भनिन्छ । मिहिन पाँगो माटोले बनेको यो क्षेत्र उर्वर रहेको छ । चितवनको दक्षिणमा सोमेश्वर पर्वतमाला र देउखुरीको दक्षिणमा डुण्डुवा पर्वतमालाले काटेकोले खास तराईलाई तीन भाग (पूर्वी, मध्य र पश्चिम) मा बाँड्ने पनि गरिएको छ । झापा, मोरङ, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्साको दक्षिण, नवलपरासीको पश्चिम दक्षिण, रूपन्देही र कपिलवस्तुको दक्षिण र बाँके, बर्दिया, कैलाली र कञ्चनपुरको दक्षिणी क्षेत्रलाई नेपालको खास तराई भनिन्छ ।

***भावर क्षेत्र***

खास तराईको उत्तर र चुरे पर्वतमालाको दक्षिणमा समुन्द्रसतहदेखि ३८० मिटरको उचाइसम्म फैलिएको साँगुरो पेटीलाई भावर क्षेत्र भनिन्छ । ८ देखि १० माइलसम्म चौडाइ भएको भावर प्रदेशले मुलुकको कुल क्षेत्रफलको ४.५ प्रतिशत भूभाग ओगटेको छ ।

***भित्रीमधेश***

चुरे र महाभारत पर्वत श्रेणीको बीचमा समुन्द्रसतहदेखि ६१० मिटरको उचाइसम्म चारैतिर पहाड पर्वतले घेरिई फैलिएका विशाल फाँटलाई भित्री मधेश वा दून क्षेत्र भनिन्छ । ३२ देखि ६४ कि.मि.सम्म लम्बाइ र १६ कि.मि. सम्म चौडाइ भएको यो क्षेत्रले मुलुकको कुल क्षेत्रफलको ८.५ प्रतिशत भूभाग समेटेको छ । भित्रीमधेशलाई चार क्षेत्रमा बाँडिएको छ । यसमा उदयपुर र सिन्धुली उपत्यकालाई पूर्वी भित्रीमधेश; मकवानपुर, चितवन र नवलपरासीलाई मध्यभित्रीमधेश; दाङ देउखुरीलाई पश्चिमी भित्रीमधेश र सुर्खेत उपत्यकालाई मध्यपश्चिम भित्रीमधेश भनिन्छ ।

### १.२.२ **नदीको आधारमा नेपालको विभाजन**

**(क) कोशी प्रदेश**

पूर्वमा कञ्चनजङ्घा हिमालदेखि पश्चिममा लाङटाङ हिमाल (गोसाइस्थान) बीचको क्षेत्रलाई कोशी प्रदेश भनिन्छ । तमोर, अरूण, लिखू, दूधकोशी, तामाकोशी, सुनकोशी र इन्द्रावती मिलेर सप्तकोशी नदी बनेको छ । यो नेपालको सबैभन्दा ठूलो नदी हो । यो नदी ७२० कि.मि. लामो छ भने जलप्रवाह क्षमता औसत १,५६४

क्यूविक मिटर प्रति सेकेण्ड रहेको छ। यस नदीबाट २२,००० मेघावाटसम्म विद्युत् निकाल्न सकिने अनुमान गरिएको छ। कोशी प्रदेशको प्रभाव क्षेत्र झण्डै ६० हजार वर्ग कि.मि. रहेको छ। सप्तकोशी नदीको सबैभन्दा ठूलो सहायक नदी अरूण हो भने सबैभन्दा सानो नदी लिखू हो।

**(ख) गण्डकी प्रदेश**

पूर्वमा लाङटाङ हिमालदेखि पश्चिममा धौलागिरी हिमालसम्मको गण्डकी नदी प्रभावित क्षेत्रलाई गण्डकी प्रदेश भनिन्छ। गण्डकी नदीका सात प्रमुख सहायक नदीहरू त्रिशुली, बुढीगण्डकी, दरौदी, मादी, मर्स्याङ्दी, सेती र कालीगण्डकी हुन्। गाण्डव ऋषिको नामबाट नामाकरण गरिएको मानिएको यस नदीलाई चितवन जिल्लामा आएपछि (देवघाटभन्दा तल) नारायणी नदीको नामले चिनिन्छ। यो नदी मध्यनेपालमा बहन्छ, जसको प्रवाह क्षेत्र करिब ३८,००० वर्ग कि.मि रहेको छ। करिब ३३८ कि.मि. लामो यस नदीको विद्युत् क्षमता करीब २१,००० मे.वा. रहेको मानिएको छ। यसका सहायक नदीहरूमध्ये कालिगण्डकी सबैभन्दा ठूलो र मादी सबैभन्दा सानो हो। नेपालको सबैभन्दा गहिरो यो नदीले प्रति सेकेण्ड औषत १७१३ क्यु.मि. पानी प्रवाह गर्दछ।

**(ग) कर्णाली प्रदेश**

पूर्वमा धौलागिरी हिमालदेखि पश्चिममा व्यास हिमालबीच कर्णाली नदी प्रभावित क्षेत्रलाई कर्णाली प्रदेश भनिन्छ। कर्णाली नदीका सात प्रमुख सहायक नदीहरू हुम्ला कर्णाली, मुगु कर्णाली, ठूली भेरी, सानी भेरी, तिला, बुढीगङ्गा र सेती नदी हुन्। यसलाई नेपालको सबैभन्दा लामो नदी पनि भनिन्छ। यो नदी मध्यपश्चिम र सुदूरपश्चिम क्षेत्रमा बहने नदी हो, जुन भारतमा पुगेपछि घाघँरा र कहीँकहीँ सरयू नामले समेत चिनिन्छ। यो नदी करिब ४२,००० व.कि.मि. क्षेत्रफल समेटेर बग्दछ। करिब ५०७ कि.मि. लामो यस नदीको विद्युत् उत्पादन क्षमता ३२,००० मे.वा.रहेको मानिएको छ। यो नदीको औषत जलप्रवाह क्षमता प्रतिसेकेण्ड १३१६ क्यु.मि. रहेको छ।

### १.२.३ हावापानीको आधारमा नेपालको विभाजन

नेपालको हावापानीलाई भौगोलिक बनावट र उचाइको आधारमा पाँच प्रकारका हावापानीमा विभाजन गर्न सकिन्छ।

**(क) उष्ण मनसुनी हावापानी** (Sub Tropical Monsoon Climate)

अर्धउष्ण र उपोष्ण हावापानी भनिने यस्तो हावापानी नेपालको तराई, भावर,

दून र चुरे क्षेत्रको १,२०० मिटर (४,००० फिट) सम्मको उचाइमा पाइन्छ। गृष्मयाममा यहाँको तापमान ३८ देखि ४२ डिग्री सेन्टिग्रेडसम्म पुग्दछ भने शीतकालमा १५ देखि ५ डिग्रीसम्म ओर्लिन्छ। वर्षा ऋतुमा हिन्द महासागरको बंगालको खाडीबाट आउने मनसुनी हावाले वर्षा गराउने गर्दछ। वर्षा सामान्यता पूर्वबाट पश्चिम घट्दै जाने र उत्तरबाट दक्षिण बढ्दै जाने भएबाट पूर्वी तराईभन्दा पश्चिमी तराई प्रदेशमा अधिक गर्मी हुन्छ। विषेशत भैरहवा, नेपालगञ्ज तथा कैलालीलगायतका तराई क्षेत्रमा अधिक गर्मी हुन्छ। यसैगरी दाङ, सुर्खेतजस्ता भित्री मधेशमा पनि गर्मी धेरै नै हुन्छ।

**(ख) न्यानो समशीतोष्ण हावापानी** (Warm Temperate Climate)

चुरे पहाड र महाभारत पर्वतको १,२०० देखि २,१०० मिटर (४,०००-७,००० फिट) सम्मको उचाइमा पाइने यस प्रकारको हावापानीमा ग्रीष्म याममा न्यानो हुन्छ भने शिशिरमा बढी ठण्डा हुन्छ। गृष्म ऋतुमा तापक्रम २४ देखि ३० डिग्री सेन्टिग्रेडसम्म पुग्छ भने हिउदँमा ० डिग्री से. सम्म ओर्लिन्छ। नेपालमा पानी पार्ने मनसुनी हावा दक्षिणी भागबाट बग्ने हुदाँ दक्षिणको भिरालो ठाँउमा २५० सेन्टिमिटरसम्म वर्षा हुन्छ भने उत्तरतर्फको भिरालो पाखामा १०० सेन्टिमिटरसम्म वर्षा हुन्छ।

**(ग) ठण्डा समशीतोष्ण हावापानी** (Cool Temperate Climate)

महाभारत पर्वत शृङ्खलाको २,१०० देखि ३,३५० मिटर (७,०००-११,००० फिट) सम्मको उचाइमा पाइने यस्तो हावापानीमा ग्रीष्म ऋतुमा न्यानो हुन्छ भने हिउँदमा निकै जाडो हुन्छ। यहाँको तापक्रम गृष्ममा १५° देखि २०° सेन्टिग्रेडसम्म पुग्दछ भने हिउँदमा ०° सेन्टिग्रेडसम्म ओर्लिन्छ। यहाँ वर्षमा १० सेन्टिमिटरसम्म पानी पर्दछ भने हिउँदमा हिँउ वर्षिन्छ। न्यून तापक्रम र न्यून वर्षाको कारणले यहाँ खेतीपाती अत्यन्तै कम हुन्छ। यहाँको जनजीवन कष्टकर भए पनि स्वास्थ्यको दृष्टिले यस्तो हावापानी उपयुक्त मानिन्छ।

**(घ) लेकाली हावापानी** (Alpine Climate)

नेपालमा समुन्द्रसतहदेखि ३,३५० देखि ५,००० मिटर (११,०००-१६,००० फिट) उचाइसम्मको हिमाली क्षेत्रको ठण्डा हावापानीलाई लेकाली हावापानी भनिन्छ। यहाँको तापक्रम चैत, वैशाख, जेठमा १०° सेन्टिग्रेडसम्म पुगदछ भने अरू समयमा (९ महिनाजति) ० डिग्री सेन्टिग्रेडभन्दा तल नै रहन्छ। यहाँ वर्षामा ३० मिलिमिटरसम्म वर्षा हुन्छ। यहाँ खेतिपाती हुँदैन, तर यहाँका ठूला हिमाली फाँटहरूमा पशुचरन गराइने हुँदा यो ठाउँ पशुपालन र पर्यटकीय गतिविधि

सञ्चालनका लागि उपयुक्त छ ।

(ङ) **ध्रुवीय वा हिमाली हावापानी** (Tundra Climate)

हिमाली क्षेत्रको अत्यन्तै चिसो र शुष्क हावापानीलाई हिमाली, ध्रुवीय वा टुण्ड्रा हावापानी भनिन्छ । यहाँ सँधैजसो हिमपात भइरहन्छ भने वर्षाका रूपमा हिउँ नै पर्दछ । ५,००० हजार मि.(१६०००फिट) भन्दा माथिको भू-भागको तापक्रम शून्य डिग्री सेन्टिग्रेडभन्दा कम हुनेहुँदा यहाँ मध्यान्हपछि हिउँको भीषण हुरी चल्दछ । यहाँको हावापानीलाई हिमाली मरूभूमि जलवायु पनि भन्ने गरिन्छ ।

## १.३ नेपालको प्राकृतिक श्रोत र साधनहरू

### १.३.१ भूमि

नेपालका प्राकृतिक स्रोत र साधनहरूमध्ये भूमि एक महत्वपूर्ण स्रोत हो । नेपालको धरातल र वनस्पतिमा भिन्नता भएझैँ यहाँको माटोको अवस्था र गुणमा पनि धेरै भिन्नता छ । Land Resource Mapping Project (१९७८ ⁄ ७९) का अनुसार नेपालमा खेतीयोग्य भू-भाग १८ प्रतिशत रहेको छ ।

**नेपालमा अभ्यास गरिएका केही भूमि व्यवस्था**

***रैकर भूमि***

रैकर शब्दको उत्पत्ति दुई अर्थबाट भएको हो । 'रै' भन्ने शब्दले राज्य र 'कर' भनेको सरकारलाई तिर्नुपर्ने अनिवार्य भुक्तानी हो । त्यसैले रैकर भूमि वा जग्गा भन्नाले सरकारी स्वामित्वमा रहेको र भोगचलन गर्ने व्यक्तिले मालपोत तिर्नुपर्ने जग्गालाई जनाउँदछ । यस्तो जग्गा आफ्नो अधीनमा राखेर प्रयोग गर्ने व्यक्तिले सरकारी राजस्वका रूपमा मालपोत सरकारलाई बुझाउनुपर्दछ ।

***विर्ता भूमि***

कुनै सरकारी कर्मचारीले बहादुरीपूर्वक काम गरेमा वा कुनै व्यक्ति मुलुकी शासनको दृष्टिमा राम्रो सावित भएमा उसलाई 'वृत्ति' स्वरूप प्रदान गरिने जग्गालाई विर्ता जग्गा भनिन्छ। नेपालमा विशेषगरी राणाशासन कालमा यस्तो जग्गा बाँड्ने चलन थियो । ब्राह्मणलाई दान स्वरूप प्रदान गरिने जग्गालाई कुश विर्ता, कुनै सरकारी कर्मचारीलाई राम्रो कार्य गरेबापत प्रदान गरिने जग्गालाई फिकदर विर्ता, युद्ध गर्दागर्दै मरेको सैनिकका परिवारलाई दिने जग्गालाई मरवट विर्ता भनिन्थ्यो । राणाकालमा उनीहरूको अनुयायी जुनसुकै व्यक्तिलाई पनि विर्ताका रूपमा जग्गा दिने प्रचलन थियो । यसले गर्दा करिब ३५ प्रतिशत कृषियोग्य भूमि विर्ताका रूपमा वितरण भएको थियो । वि.स. २०१६ सालमा विर्ता उन्मूलन ऐन जारी गरी सम्पूर्ण

विर्ता जग्गाहरूलाई रैकरमा परिणत गरियो ।

### *गुठी भूमि*

कुनै विषेश सार्वजनिक वा सामूहिक उद्देश्य पूर्तिका लागि कुनै ट्रष्टका रूपमा प्रयोग भएको संस्थागत जग्गालाई गुठी जग्गा भनिन्छ । गुठी शब्दको उत्पत्ति संस्कृत शब्दको 'गोष्ठी' बाट भएको हो । यसको अर्थ 'परिषद्' भन्ने जनाउँदछ । नेपालमा मठ मन्दिर वा देवालयमा पूजाआजा गर्नका लागि तथा धार्मिक धरोहरहरूलाई संरक्षण गर्नका लागि आवश्यक स्रोतका रूपमा उपलब्ध गराइएको जग्गा गुठीको रूपमा रहेका छन् । नेपालमा विशेष गरी पशुपतिनाथ, जयबागेश्वरी, रामजानकी मन्दिर जस्ता धेरै मठमन्दिरहरूका गुठी जग्गाहरू छन् । यस्ता जग्गाबाट नियमित रूपमा आम्दानी प्राप्त भइरहने भएकाले धार्मिक क्रियाकलापहरू सञ्चालन गर्न तथा मठ मन्दिर  बनाउन एवं जिर्णोद्वार गर्न सजिलो हुन्छ । यस्ता गुठीमा खासगरेर राजगुठी, दुनियाँ गुठी, पिलकराना गुठी, बकस गुठी आदि बढी मात्रामा पाइन्छन् । नेपालमा भूमिसुधार ऐन, २०२१ अनुसार सबै किसिमका गुठीलाई नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि गुठी संस्थानको स्थापना गरिएको छ ।

### *किपट भूमि*

नेपालको पूर्वीपहाडी भागमा यस्तो भूमि प्रथा प्रचलित थियो । यस्ता जग्गामा प्रयोगकर्ताले कर तिर्नुपर्दैन । पृथ्वीनारायण शाहले पूर्वका राई तथा लिम्बू जातिहरूलाई  किपट जग्गा प्रदान गरेका थिए । यसरी किपट जग्गा प्राप्त गरेका ती क्षेत्रका जनताले आवश्यक परेको बखत सरकारलाई वा राजालाई सहयोग प्रदान गर्नुपर्दथ्यो । यस्तो जग्गा अन्य व्यक्तिलाई बेच्न मनाही गरिएको थियो । तर वि.सं. २०२१ मा भूमिसुधार लागू भएपछि यस्तो जग्गा रैकर जग्गा सरह किनबेच गर्न पाउने व्यवस्था गरियो ।

## नेपालमा उपलब्ध माटोका प्रकार

### (क) पाँगो माटो

तराई प्रदेश र बेसीमा पाँगो माटो पाइन्छ । नदीले थुपारेको माटो र बालुवामा कुहिएको झारपातसमेत मिली बन्ने यो माटोमा बालुवा र चिम्टे माटोको मात्रा करिब बराबर हुन्छ । यस किसिमको माटोमा चुन, फस्फोरस र पोटास आदि खनिज तत्वको मिश्रण हुन्छ । यसैले यो माटो कृषि कार्यको लागि उत्तम मानिन्छ । धान, सनपाट, उखु, सुर्ती, तेलहन आदि यो माटोमा ज्यादै सप्रिन्छ ।

### (ख) बलौटे पत्थरिलो माटो

भावर प्रदेश, भित्री मधेश र चुरे पहाडमा यस किसिमको माटो पाइन्छ । यो माटो

नदीद्वारा जम्मा भएका बालुवा, कन्कड, पत्थरजस्ता खुकुला खस्रा पदार्थ मिली बनेको हुन्छ। मलिलो माटोको अनुपात र जैविक पदार्थ कम हुने यो माटोमा पानी अड्दैन र माटोको उर्वरा शक्ति पनि अति कम हुन्छ। यस्तो माटोमा सिँचाइ गर्न कठिन हुन्छ। यो कृषि कार्यका लागि तल्लो स्तरको माटो हो, तर साल, सिसौ आदि आर्थिक दृष्टिले महत्वपूर्ण रूखहरू यस्तो माटोमा ज्यादै सप्रिने हुँदा यस्तो माटोको अधिकांश भाग जङ्गलले ढाकिएको छ।

(ग) **रातो फुस्रो माटो**

महाभारतका ठाडा भीरहरूमा टुक्रिएका चट्टानमा सडेका झारपात मिलेर बनेको माटोलाई रातो फुस्रो माटो भनिन्छ। किनकी यस माटोको जैविक पदार्थ र ओजनीकृत फलामको मात्रा कम हुनेहुँदा यस क्षेत्रको माटोको रङ्ग रातो, फुस्रो वा पहेँलो हुन्छ। चून, नाइट्रोजन र फोस्फोरसजस्ता खनिज तत्व कम हुने र माटोको गहिराइ पनि कम हुनेहुँदा यस किसिमको माटोमा धान, उखु, सनपाट, सूर्ती आदि खेती प्रायः गरिँदैन। तर यस्तो माटोमा अम्ल, फलामजस्ता खनिज तत्व हुनेहुँदा फलफूल, चिया, आलु, मकै, कोदोको खेती गर्न यो उपयोगी हुन्छ।

(घ) **तलैया माटो**

उपत्यकाका ताल सुकेर बनेको माटोलाई तलैया माटो भनिन्छ। यस किसिमको माटोमा प्रशस्त सडेका झारपात मिलेको हुँदा माटोको रङ्ग कालो हुन्छ। माटोको गहिराइ बढी हुनका साथै जैविक पदार्थ पनि प्रशस्त हुनेहुँदा तलैया माटो कृषिका लागि सर्वोत्तम मानिन्छ। खासगरी यो माटोमा धान, गहुँ, सागपात राम्ररी सप्रिन्छन्। यस किसिमको माटोमा कम वर्षामा पनि खेती गर्न सकिन्छ। काठमाडौँ उपत्यकामा यस्तै माटो पाइन्छ।

(ङ) **हिमाली माटो**

हिमनदीले थुपारेको माटो, बालुवा, कङ्कड, पत्थर आदि मिलेर हिमाली माटो बन्दछ। खासगरी नेपालको भित्री र उच्च हिमाली क्षेत्रको फेदीमा यस किसिमको माटो पाइन्छ। हावापानी ठण्डा र शुष्क हुने तथा माटोको गहिराइ एवं जैविक पदार्थ कम हुने हुदाँ यसको उर्वरा शक्ति न्यून हुन्छ। यो माटोमा मकै, जौ, आलु, फापरजस्ता बालीमात्र लगाइन्छ।

१.३.२ **वन**

कुनै ठाँउको भूधरातल, हावापानी, माटो आदिले त्यस स्थानको वनस्पतिलाई प्रभावित गर्दछन्। हावापानीले वनस्पतिलाई प्रभावित गर्ने हुदाँ यी दुईबीच अन्योन्याश्रित सम्बन्ध रहेको छ। नेपालको वातावरणीय संरक्षण र सन्तुलनमा

वन सम्पदाको महत्वपूर्ण स्थान छ । यद्यपि विगत केही दशकयता वन सम्पदामा व्यापक ह्रास आएको छ । सन् १९५४ को तथ्याङ्कअनुसार देशको ४५ प्रतिशतभन्दा बढी भू-भाग वन जङ्गलले ढाकेको थियो तर सन् १९७९ तिर ४३ प्रतिशत, सन् १९८६ मा ३७.४ प्रतिशत र सन् १९९८ मा गरिएको एक सर्वेक्षणले वन क्षेत्र केवल ३९.६ प्रतिशत रहन गएको तथ्य खुलासा गरेको छ । यही अध्ययनले नेपालको तराई क्षेत्रको वन प्रति वर्ष १.३ प्रतिशतले विनास हुँदै गएको देखाएको छ । विगतका दशकहरूमा आवास तथा पुनर्वासका लागि धेरै ठाँउहरूमा वन फडानी गरियो भने कतिपय क्षेत्रहरूमा वनको अतिक्रमण भयो ।

नेपालको भू-धरातल तथा वनजङ्गलको विविधताको आधारमा नेपालको वनस्पति जगतलाई निम्न ५ समूहमा वर्गीकरण गर्न सकिन्छः

**(क) उष्णप्रदेशीय सदाबहार जङ्गल** (Sub Tropical Evergreen Forest)

तराई, भावर, दुन, चुरे पर्वतको १,२०० मिटरसम्मको उचाइमा पाइने उष्ण प्रदेशीय सदाबहार जङ्गलमा गर्मी र वर्षा यथेष्ट मात्रामा हुनेहुँदा यहाँका रूखहरू अग्ला, मोटा, बलिया र सँधै हरियाभरिया हुन्छन् । पूर्वदेखि पश्चिमसम्म समानान्तर रूपमा रहेको यो जङ्गल पहिले चार कोशसम्म फैलिएकोले यसलाई चारकोशे झाडी पनि भनिन्छ । यहाँ साल, सिसौं, खयर, सिमल आदि प्रमुख वनस्पतिका साथै साँवे, ढड्डी, गाँज पनि पाइन्छन् । यस जङ्गलमा हात्ती, गैडा, बाघ, भालु, मृग आदि वन्यजन्तु पाइने हुदाँ यो क्षेत्र आर्थिक तथा जैविक दृष्टिले निकै महत्वपूर्ण मानिन्छ ।

**(ख) समशितोष्ण पतझर जङ्गल** (Temperate Deciduous Forest)

नेपालमा १,२०० मिटरदेखि २,१०० मिटरसम्मको उचाइसम्म चुरे पहाडको माथिल्लो भाग, मध्यभाग र महाभारत पर्वतको तल्लो भागको समशितोष्ण पतझर जङ्गलमा पाइने रूख अग्ला र मोटा हुन्छन् । तल्लो भाग सघन छायाँदार भए पनि माथिल्लो भाग चिसो हुनुका साथै तुसारो पर्ने भएकाले अधिकांश पातपतिङ्गर झर्ने हुँदा यो वन शृङ्खलालाई पतझर भनिएको हो । उच्च भागमा केही मात्रामा पतझर र कोणधारी रूखहरूको मिश्रित जङ्गल पाइन्छ । यहाँ पाइने कडा र नरम जातका सदाबहार, पतझर र कोणधारी रूखमध्ये साल, सल्ला, देवदारू, चाँप, कटुस, ओखर, गुराँस, पिपल, चिलाउने, वर, बाँस, सिमल, उत्तिस, पलाँस, लाँकुरी, चाँप प्रमुख छन् । यस्तो वन उष्णप्रदेशीय सदाबहार जङ्गलभन्दा कम गुणस्तरको मानिन्छ ।

**(ग) समशीतोष्ण सदाबहार कोणधारी जङ्गल** (Coniferous Forest)

महाभारत पर्वतको माथिल्लो भाग तथा हिमाल पर्वतको तल्लो भागमा २,१०१



गुराँस

मिटरदेखि ३,३५० मिटरसम्मको उचाइमा कोणधारी जङ्गल पाइन्छ। यहाँ वर्षैभरि चिसो हुने र हिमपात भैरहने हुँदा रूख र रूखका पातहरू कोणजस्तै चुच्चो परेका हुन्छन्। यँहाको माटो सेपिलो हुनेहुँदा सदाबहार जङ्गल हुन्छ। यहाँ मझौला नरम जातका रूख पाइने र यसमा पनि चाँप, सल्ला, देवदारू, कटुस, धुपी, सीमल, चिलाउने, वेतबाँस, उत्तिस, बाँस, गुँरास, भोजपत्र आदि उल्लेख्य मात्रामा रहेका छन्।

(घ) **लेकाली वनस्पति वा घाँसे मैदान** (Alpine Forest)

नेपालमा ३,३५१ मिटरदेखि ५,००० मिटरसम्मको उचाइमा कम तापक्रम र कम वर्षा हुने पहाडी तथा तल्लो हिमाली क्षेत्रमा पाइने वनस्पतिलाई लेकाली वनस्पति भनिन्छ। यो उचाइमा चिसो र शुष्क जलवायु पाइने हुदाँ यहाँ अग्ला, मोटा र कडा जातका रूखहरू सप्रिन सक्दैनन्। लेकाली वनस्पतिमध्ये कम उचाइका गुराँस, निगाले र केही झाडीजस्ता रूखहरू ३,६०० मिटरसम्मको उचाइमा पाइन्छन् भने त्योभन्दामाथि घाँसका ठूला ठूला फाँटहरू पाइन्छन्। माथिल्लो भागमा रङ्गविरङ्गका बुकीफूल, जडीबुटीहरू पाइन्छन्।

(ङ) **शीत मरूभूमिको वनस्पति** (Tundra Vegetaion)

नेपालमा ५,००० मिटरको उचाइभन्दामाथि हिँउ पर्नेहुँदा यहाँ वनस्पतिहरू उम्रिन नसक्ने भएकाले हिउँ नअड्ने भिरालो ठाँउमा काई र लेउमात्र पाइन्छन्। उम्रिन र हुर्कन नसक्ने यस्तो ठाँउमा उम्रेका लेउ र झ्याउलाई टुण्ड्रा वनस्पति वा शीत

मरूभूमिको वनस्पति भनिन्छ ।

### १.३.३ खनिज

खनिज सम्पदा प्राकृतिक स्रोतमध्ये एउटा महत्वपूर्ण स्रोत हो । पृथ्वीभित्र रहेका तामा, कोइला, चुनढुङ्गा, पेट्रोलियम पदार्थ, ग्याँस, खरी, गेरू, शिशा, म्याग्नेसाइट, स्लेट आदिलाई खनिज भनिन्छ । नेपाल प्राकृतिक स्रोत र साधनले सम्पन्न मुलुक हो । आर्थिक वर्ष २०६५/२०६६ मा यस क्षेत्रको कुल ग्रार्हस्थ्य उत्पादनमा ०.५४ प्रतिशत योगदान रहेको थियो । नेपालमा खनिजको उत्खननका लागि गरिएको प्रयासको इतिहास त्यति लामो छैन । खनिज पदार्थको उत्खननलाई अझ प्रभावकारी बनाउनका लागि वि.स. २०२४ मा भौगर्भिक विभागको स्थापना गरियो । यद्यपि, देशको भूगर्भमा रहेका खनिज पदार्थलाई उपयोग गर्न सकिएको छैन ।

**तालिका नं. १.३**
**नेपालमा खनिज साधनका सम्भाव्य क्षेत्र**

| क्र.सं. | उपलब्ध खनिज | खनिज पाइने स्थानहरू |
|---|---|---|
| १ | फलाम | फूलचोकी, ठोसे, चितवन, कुलेखानी, भैंसे, प्यूठान, बझाङ, डोटी, जन्तर, लब्धी, फर्पिङ |
| २ | तामा | तामाखानी, सीमाखानी, कुलेखानी, बुद्धखोला, वाप्सा, बाह्रबिसे, मार्फा, बन्दीपुर, ओखलढुङ्गा, इलामडाँडा, म्याग्दी । |
| ३ | अभ्रक | भोजपुर, डोटी, चैनपुर, सिन्धुलीगढी, ज्यामिरे, निबुवा गाँउ, रसुवा, बझाङ, लमजुङ, गोसाईकुण्ड, सुन्दरीजल |
| ४ | चुनढुङ्गा | चोभार, भैंसे, धनकुटा, मोरङ, चितवन, मकवानपुर, पाल्पा, गोदावरी, सुर्खेत |
| ५ | सीसा | गणेशहिमाल, फूलचोकी, मकवानपुर, बाग्लुङ, मार्फु, गल्कोट, तिप्लीङ, बैतडी |
| ६ | जस्ता | गणेशहिमाल, फूलचोकी, माजेर खोला, नाम्पा |
| ७ | गन्धक | चिसापानी गढी, गोसाइकुण्ड, बराहक्षेत्र |
| ८ | खरी | सिन्धुपाल्चोक, खोटाङ, भोजपुर |
| ९ | स्लेट | बन्दीपुर, बाग्मती, लुम्बिनी, गण्डकी, जनकपुर |
| १० | मार्वल | गोदावारी, महाभारत पर्वत शृङ्खला |

| | | |
|---|---|---|
| ११ | गेरू | सिन्धुपाल्चोक, चौतारा |
| १२ | कोइला | दाङ, सल्यान, चौतारा, चितवन, मकवानपुर, काठमाडौँ उपत्यका |
| १३ | पेट्रोलियम | कोइलाबास, नेपालगञ्ज, धनगढी, मुक्तिनाथ, दैलेख, प्यूठान, दाङ र तराई, चुरे पहाड, महाभारतको विस्तृत क्षेत्रफलमा पाइने सम्भावना निकै रहेको । |
| १४ | ग्याँस | तराईको विस्तृत भू- भाग, मुस्ताङ्ग क्षेत्र र काठमाडौँ उपत्यका |
| १५ | सुन | सुनकोशी, बुढीगण्डकी, रिउ खोला, कालीगण्डकीको बगर, बेरिङ, कोशी नदीमा प्लेसर सुन पाइएको छ । |
| १६ | चाँदी | चिसापानी गढी, बाग्लुङ, फूलचोकी |
| १७ | कोवाल्ट | पाल्पा, गुल्मी, अर्घाखाची, धनकुटा |
| १८ | सोडा | सल्यान, डोटी |
| १९ | सिधेनून, वीरेनून | रसुवा, स्याप्रुबेँसी |
| २० | निओवेरस र अन्य पत्थर (दुर्लभ धातु) | गोरखा, डडेल्धुरा, जाजरकोट |
| २१ | निकेल | खोकलिङ, नाम्पा, टुङथाङ, भोर्ले |
| २२ | म्याग्नेसाइट | दोलखाको खरिढुङ्गा, उदयपुरको कम्युघाट, मुस्ताङको नूनखानी |

### १.३.४ जलश्रोत

नेपाल समुद्री सुविधाबाट बञ्चित भए पनि जलसम्पदाको दृष्टिले ब्राजिलपछि विश्वको दोश्रो सबैभन्दा संवृद्ध र एसियाको पहिलो राष्ट्र मानिन्छ । नेपालमा ६ हजारभन्दा बढी नदीनाला छन् । नेपालका तीन ठूला नदीहरू कोशी, गण्डकी र कर्णालीको जलभण्डार क्षमता १ लाख ४८ हजार क्युविक मिटर अर्थात कुल जलभण्डार क्षमताको ७४ प्रतिशत रहेको छ । कुल जलविद्युत् उत्पादन क्षमता करिब ८३ हजार मेगावाट रहेको छ । नेपालका साना ठूला नदीहरूको प्रवाह, जलभण्डार र उपयोगिताका दृष्टिले नदीहरूलाई निम्नानुसार ३ श्रेणीमा

वर्गीकरण गर्न सकिन्छः

**(क) पहिलोस्तरका नदी**

हिमालको हिउँ पग्लेर वा हिमालयबाट उत्पत्ति भई निरन्तर रूपमा ठूला जलराशिका साथ प्रवाहित हुने सप्तकोशी, सप्तगण्डकी र कर्णालीजस्ता ठूला नदीहरू पहिलो स्तरका नदी हुन् । यस्ता नदी ठूला जलविद्युत् र सिँचाइ आयोजनाहरूका लागि उपयोगी मानिन्छन् ।

**(ख) दोश्रोस्तरका नदी**

हिमालय पर्वतभन्दा तलको महाभारत पर्वत श्रेणीबाट उत्पत्ति भई कहिल्यै नसुक्ने निरन्तर रूपमा जलप्रवाहित हुने भएता पनि वर्षातमा बढी पानी हुने तर हिउँदमा पानीको मात्रा निक्कै घट्ने मेची, कनकाई, त्रिजुगा, कमला, बाग्मती, वाणगङ्गा, तिनाऊ, राप्ती, बबई, मोहना आदि दोश्रो स्तरका नदीहरू हुन् ।

### १.३.५ ताल, कुण्ड र पोखरीहरू

***तिलिचो ताल***

विश्वको सबैभन्दा अग्लो स्थानमा अवस्थित तिलिचो ताल समुन्द्रसतहदेखि ४,९१९ मिटरको उचाइमा फाक्चे हिमालको काखमा रहेको छ । यो मनोरम ताल मुस्ताङको साँघमा अन्नपूर्ण हिमालको उत्तरी भेक मनाङ जिल्लामा पर्दछ । यो तालको लम्बाइ करिब ४ कि.मि. तथा चौडाइ १.२ कि.मि. छ । यो तालको गहिराइ करिब २०० मिटर जति रहेको छ । यस ताललाई तिरि-चो वा तिलिजो पनि भनिन्छ । यस तालको उत्तरतिर निलगिरी र दक्षिणतर्फ अन्नपूर्ण हिमालय पर्दछ । हिउँ, जल तथा ढुङ्गाको सौन्दर्यमा खुलेको हुनाले यो ताल अति नै मनमोहक छ ।

***फोक्सुण्डो ताल***

फोक्सुण्डो ताल कर्णाली अञ्चलको डोल्पा जिल्लामा अवस्थित छ । कान्जिरोवा हिमालको दक्षिण फेद तथा भेरीको मुख्य शाखा जगदूल्ला खोलाको शिरान कागमारा लेकको काखमा अवस्थित फोक्सुण्डो ताल समुद्र सहतदेखि करिब ३,६१३ मिटरको उचाइमा अवस्थित छ । यो ताल उत्तर दक्षिणतर्फ लामो एवं पूर्वपश्चिमतर्फ चौडा देखिन्छ । यो तालको लम्बाइ करिब ४.८२ कि.मि. तथा चौडाइ १.६१ कि.मि. रहेको छ । यस तालको स्थानीय नाम 'रिग्मो' हो । यो ताल तीनकुने लाम्चो आकारको छ । यो ताल रारा तालपछिको दोस्रो ठूलो र मुलुकको सबैभन्दा गहिरो ताल हो जसको गहिराइ करीब ६५० मिटर रहेको

अनुमान गरिएको छ । यो तालको पानी अत्यन्तै चिसो भएको कारणले गर्दा यस तालमा कुनै किसिमका जीवात्मा पाइँदैनन् । यस तालको निकासको रूपमा रहेको सुलीगड खोलामा करिब १७६ मिटरको झरना पनि छ ।

***रारा ताल***



रारा ताल

मुगु जिल्लामा अवस्थित यो ताल नेपालको सबैभन्दा ठूलो तालको रूपमा प्रसिद्ध छ । यसको लम्बाइ ५.२ कि.मि., चौडाइ २.४ कि.मि. र गहिराइ १६७ मिटर छ । यो समुन्द्र सतहदेखि ३,२०० मिटर उचाइमा रहेको छ र यसलाई महेन्द्रताल पनि भनिन्छ । यो ताल अति रमणीय छ ।

***च्छो रोल्पा ताल***

यो ताल दोलखा जिल्लामा पर्दछ । यो समुन्द्र सतहदेखि ४,५८० मिटरको उचाइमा अवस्थित छ । यस तालको लम्बाइ ३ कि.मि., चौडाइ ०.५ कि.मि.र गहिराइ १०० मिटर रहेको छ । यो तालमा करिब ८ करोड  घनमिटर पानी रहेको अनुमान छ । विस्फोटन हुने खतरामा रहेको यस ताललाई विस्फोटनबाट बचाउन पानी बाहिर निकाल्न साइफन जडान गरिएको छ ।

***फेवा ताल***

कास्की जिल्लाको पोखरामा रहेको फेवातालको लम्बाइ ४.८ कि.मि.,चौडाइ १.५ कि.मि.र गहिराइ २४ मि. रहेको छ । यो तालमा माछापुच्छ्रेको छायाँ देखिने



फेवा ताल

हुनाले बडो मनमोहक हुनाको साथै पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण छ ।

***रानी पोखरी***

राजा प्रताप मल्लले पुत्र शोकले पीडित आफ्नी रानी अनन्तप्रियालाई सान्त्वना दिलाउनका लागि रानी पोखरीको निर्माण गरेका थिए । यो पोखरीको लम्बाइ १८० मिटर, चौडाइ १४० मिटर र क्षेत्रफल झण्डै ३२ रोपनी छ। यस पोखरीको उत्तरपूर्व र उत्तरपश्चिम कुनामा भैरव, दक्षिणपूर्व कुनामा महालक्ष्मी र दक्षिणपश्चिम कुनामा सोऱ्ह हाते गणेश स्थापना गरिएको छ ।

***टौदह***

काठमाडौँ उपत्यका जलमय भएको अवस्थामा मन्जुश्रीले खड्गले काटेर वा भगवान श्रीकृष्णले चक्र प्रहार गरी चोभारको गल्छी काटेर पानी बाहिर पठाएपछि यहाँका नागहरू पनि बाहिर जानुपर्ने अवस्था सिर्जना भएकोले चोभार भूतखेल भन्ने ठाउँमा पोखरी बनाई सोही ठाउँमा नागहरूका राजा कर्कोटकलाई बस्ने ठाउँ दिइएकोले टौदहलाई कर्कोटक नागको वासस्थान पनि भनिन्छ। यो ८४ रोपनी जलक्षेत्रसहित ९६ रोपनी जग्गामा फैलिएको छ। दर्जनौँ प्रकारका पक्षीहरू यहाँ पाइने हुँदा चराहरूको अध्ययन र अनुसन्धानका लागि यो ठाउँ आर्कषक छ ।

***बेगनास ताल***

रूपातालसँगै पचभैया डाँडाको अर्को पाखामा बेगनास ताल रहेको छ। समुद्री



बेगनास ताल

सतहबाट ६७७ मिटर उचाइमा अवस्थित ७.५ मि. गहिरो यो ताल २२५ हेक्टरमा फैलिएको छ ।

***घोडाघोडी ताल***

कैलाली जिल्लाअर्न्तगत महेन्द्र राजमार्गको उत्तरतर्फ हत्केलाको आकारमा १.५ हेक्टर क्षेत्रफलमा फैलिएको घोडाघोडी ताल रहेको छ । यस तालको बीचबीचमा चारपाँचओटा थुम्का थुम्कीहरू बनेका छन् । यो तालको छेउमा घोडाघोडी मन्दिर रहेकोले सोही मन्दिरको आधारमा तालको नामाकरण गरिएको हो । यो तालको छेउको जङ्गलमा दुर्लभ पक्षी धनेशका अतिरिक्त अनेकौं पशुपक्षीहरू पाइन्छन् । तालभित्र माछा, गोही, कछुवा आदि पशुपक्षीहरू पाइन्छन् ।

***गोसाईकुण्ड***

जनैपूर्णिमाको दिन मेला भर्न हजारौं धर्मावलम्बीहरू आउने साथै धार्मिक तीर्थस्थलको रूपमा समेत परिचित रहेको गोसाईकुण्ड बाग्मती अञ्चलको रसुवा जिल्लामा पर्दछ । हिमाली कालो कडा चट्टानमा निर्मल जलयुक्त यो ताल समुद्र सतहबाट करिब ४,६०२ मिटर उचाइमा रहेको छ । सूर्यकुण्ड (पूर्व) र उत्तरी झरनाबाट गोसाईकुण्ड बन्न पुगेको हो ।

***रूपा ताल***

कास्की जिल्ला पोखराको पूर्व उत्तरी भागमा पचभैया पर्वतको फेदमा रूपा ताल

छ । समुद्री सतहबाट ७०१ मिटरको उचाइमा अवस्थित ४.५ मिटर गहिराइ भएको रूपा ताल १२० हेक्टर क्षेत्रफलमा फैलिएको छ । यो तालमा हाल मत्स्यपालन गरी आर्थिक लाभ लिन थालिएको छ ।

**तालिका नं.१.४**

**नेपालका केही प्रसिद्ध ताल, कुण्ड र पोखरीहरू**

| क्र.सं. | ताल, कुण्ड, पोखरी | स्थान (जिल्ला) |
|---|---|---|
| १ | रारा ताल | मुगु |
| २ | फेवा ताल | कास्की |
| ३ | रूपा ताल | कास्की |
| ४ | मैदी ताल | कास्की |
| ५ | बेगनास ताल | कास्की |
| ६ | शे-फोक्सुण्डो वा रिग्म ताल | डोल्पा |
| ७ | बीसहजार ताल, नन्दभाउजू ताल | चितवन |
| ८ | गैडहवा ताल | रूपन्देही |
| ९ | लौसा ताल | रूपन्देही |
| १० | सग्रहवा ताल | रूपन्देही |
| ११ | जाखिरा ताल | कपिलवस्तु |
| १२ | घोडाघोडी ताल | कैलाली |
| १३ | बुलबुले ताल | सुर्खेत |
| १४ | जगदीशपुर ताल | कपिलवस्तु |
| १५ | रानी ताल | कञ्चनपुर |
| १६ | झिलमिला ताल | कञ्चनपुर |
| १७ | तिरीछो (तिलिचो) ताल | मनाङ |
| १८ | खप्तड दह | अछाम |
| १९ | गोसाईकुण्ड | रसुवा |

| | | |
|---|---|---|
| २० | इन्द्रसरोवर | मकवानपुर |
| २१ | टौदह | काठमाडौँ |
| २२ | रानीपोखरी | काठमाडौँ |
| २३ | नागदह | काठमाडौँ |
| २४ | गंगासागर | धनुषा |
| २५ | महाराजा सुन्वर्षी पोखरी | मोरङ |
| २६ | माइदिया पोखरी | पर्सा |
| २७ | सुर्मा सरोवर | बझाङ |
| २८ | पञ्चासे ताल | स्याङ्जा , पर्वत र कास्की |
| २९ | गिरी दह | जुम्ला |
| ३० | सुना दह | डोल्पा र बाग्लुङ जिल्लाको सीमा क्षेत्र |
| ३१ | गुफा पोखरी, सभापोखरी | सङ्खुवासभा |
| ३२. | माई पोखरी | इलाम |

### १.४ नेपालको जनसङ्ख्या

नेपालमा विक्रम सम्वत् १९६८ (सन् १९११) देखि जनगणना गर्ने कार्य सुरू भएको हो । त्यसपछि लगभग प्रत्येक १०/१० वर्षको अन्तरमा जनगणना कार्यक्रम सञ्चालन हुँदै आएको छ। वि.सं. १९९८ सम्म सञ्चालन भएका जनगणना सामान्य व्यक्ति गणना (Head Count) का रूपमा मात्र सीमित थिए भने वि.सं. २००९/११ (सन् १९५२/५४) देखि सञ्चालन भएका जनगणनाहरू अन्तर्राष्ट्रिय रूपमा तुलनायोग्य आधुनिक (वैज्ञानिक) जनगणना मानिन्छन् । यस क्रममा वि.सं. २०६८ को राष्ट्रिय जनगणना नेपालको एघारौं र जनगणनाको इतिहासमा १०० वर्षको जनगणना हो । असार ८ गतेलाई जनगणना दिवस (Census Day) मानिएको छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको जनसङ्ख्या २,६४,९४,५०४ रहेको छ ।, जसमध्ये पुरूष ४८.५० प्रतिशत (१,२८,४९,०४१) र महिला ५१.५ प्रतिशत १,३६,४५,४६३) रहेका छन् । यस अनुसार लैंगिक अनुपात (Sex Ratio) ९४.१६ रहेको छ । जनसङ्याको वार्षिक वृद्धिदर पनि घट्दै गएको छ । २०५८

सालको जनगणनाले जनसङ्ख्याको वृद्धिदर २.२५ प्रतिशत देखाएको थियो भने २०६८ को जनगणनाले जनसङ्ख्या वृद्धिदर १.३५ प्रतिशत मात्र रहेको तथ्य प्रकाशमा ल्याएको छ ।

२०६८ सालको जनगणनाअनुसार हिमाली क्षेत्रको जनसङ्ख्या १७,८१,७९२ (६.७३ प्रतिशत) छ भने पहाडी क्षेत्रको १,१३,९४,००७ (४३ प्रतिशत) र तराइको जनसङ्ख्या १,३३,१८,७०५ (५०.२७ प्रतिशत) रहेको छ । त्यसैगरी विकास क्षेत्रअनुसार पूर्वाञ्चलमा ५८,११,५५५ (२१.९३ प्रतिशत), मध्यमाञ्चलमा ९६,५६,९८५ (३६.४५ प्रतिशत), पश्चिमाञ्चलमा ४९,२६,७६५ (१८.६० प्रतिशत), मध्यपश्चिमाञ्चलमा ३५,४६,६८२ (१३.३९ प्रतिशत) र सुदूरपश्चिमाञ्चलमा २५,५२,५१७ (९.६३ प्रतिशत) जनसङ्ख्या रहेको तथ्य उक्त जनगणनाले देखाएको छ ।

जिल्लागत जनसङ्ख्या वितरणको लेखाजोखा गर्दा सबैभन्दा बढी काठमाडौँ जिल्लामा (१७,४४,२४०) रहेको छ भने त्यसपछि दोस्रो र तेस्रो स्थान क्रमशः मोरङ(९,६५,३७०) र रूपन्देही (८,८०,१९६) ले ओगटेका छन् । अर्कोतर्फ, सबैभन्दा कम जनसङ्ख्या हुने ३ जिल्लाहरूमा क्रमशः मनाङ (६,५३८), मुस्ताङ (१३,४५२) र डोल्पा जिल्ला (३६,७००) पर्दछन् ।

नेपालमा सहरीकरणको प्रक्रिया बढ्दै गएको पाइन्छ । नेपालमा हाल २१७ नगरपालिकाहरु छन् । नगरपालिकाभित्र बसोबास गर्ने जनसङ्ख्यालाई सहरी जनसङ्ख्याको रुपमा परिभाषित गरिएको छ । कुल जनसङ्ख्यामध्ये १,१०,६९,४९५ जनसङ्ख्या २१७ वटा नगरपालिकाहरूमा बसोबास गर्दै आएका छन् । काठमाडौँ महानगरपालिकाको जनसङ्ख्या १०,०३,२८५ छ । यस्तै जनसङ्ख्याको दृष्टिकोणले पोखरा उपमहानगरपालिका (३,१३,८४१) र ललितपुर उपमहानगरपालिका (२,५४,३०८) क्रमशः दोस्रो र तेस्रो ठूला सहरका रूपमा रहेका छन् ।

नेपालको साक्षरताको स्थितिमा पनि निकै प्रगति भएको पाइन्छ । २०६८ सालको जनगणनाअनुसार साक्षरता दर (५ वर्ष र सोभन्दामाथिको जनसङ्ख्या) ६५.९ प्रतिशत छ । १० वर्ष अगाडि साक्षरता दर ५४ प्रतिशतमात्रै थियो । यस्तै पुरुष साक्षरता दर ७५.१ प्रतिशत र महिला साक्षरता दर ५७.४ प्रतिशत पुगेको छ । यसैगरी, साक्षरता दर पूर्वाञ्चलमा ६६.१२ प्रतिशत, मध्यमाञ्चलमा ६३.९२ प्रतिशत, पश्चिमाञ्चलमा ७०.९८ प्रतिशत, मध्यपश्चिमाञ्चलमा ६४.२१ प्रतिशत र सुदूरपश्चिमाञ्चलमा ६३.४८ प्रतिशत रहेको छ । जिल्लागत आधारमा काठमाडौँ जिल्ला ८६.३ प्रतिशत साक्षरता दरसहित पहिलो स्थानमा रहेको छ भने हुम्ला जिल्ला (४७.८ प्रतिशत) अन्तिम स्थानमा पर्न गएको छ ।

**जनसङ्ख्याको वृद्धिदर, भौगोलिक, क्षेत्रगत तथा जिल्लागत विवरण, ग्रामीण तथा सहरी जनसङ्ख्याको विवरण आदि तलका तालिकाहरूमा दिइएको छ ।**

## तालिका नं. १.५
## जनसङ्ख्या परिवर्तन र वृद्धिदर

| वर्ष (वि.सं.) | जनसङ्ख्या | अन्तर गणना सङ्ख्या | | वार्षिक जनसङ्ख्या वृद्धिदर | जनसङ्ख्या दोब्बर हुन लाग्ने अवधि (वर्ष) | लैङ्गिक अनुपात | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| | | थपिएको सङ्ख्या | प्रतिशत | | | | |
| २००९-११ | ८२,५६,६२५ | १९७२९७६ | ३१.४ | २.२८ | ३१ | ९६.८ | ५६ |
| २०१८ | ९४,१२,९९६ | ११५६३७१ | १४.० | १.६४ | ४२ | ९७.० | ६४ |
| २०२८ | १,१५,५५,९८३ | २१४२९८७ | २२.७७ | २.०५ | ३४ | १०१.४ | ७९ |
| २०३८ | १,५०,२२,८३९ | ३४६६८५६ | ३०.० | २.६२ | २६ | १०५.० | १०२ |
| २०४८ | १,८४,९१,०९७ | ३४६८२५८ | २३.०९ | २.०८ | ३३ | ९९.५ | १२६ |
| २०५८ | २,३१,५१,४२३ | ४६६०३२६ | २५.२ | २.२५ | ३१ | ९९.८ | १५७ |
| २०६८ | २,६४,९४,५०४ | ३३४३०८१ | १४.४४ | १.३५ | ५२ | ९४.१६ | १८० |

## तालिका नं. १.६
## भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या वितरण

| गणना वर्ष (वि.सं) | हिमाल | % | पहाड | % | हिमाल र पहाड | % | तराई | % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| २००९-११ | - | - | - | - | ५३,४९,९८८ | ६४.८ | २९,०६,६३७ | ३५.२ | ८२,५६,६२५ |
| २०१८ | - | - | - | - | ५९,९१,२९७ | ६३.६ | ३४,२१,६९९ | ३६.४ | ९४,१२,९९६ |
| २०२८ | १,३८,६१० | ९.९ | ६०,७१,४०७ | ५२.५ | ७२,१०,०१७ | ६२.४ | ४३,४५,९६६ | ३७.६ | १,१५,५५,९८३ |
| २०३८ | ३,०२,८९६ | ८.७ | ७१,६३,११५ | ४७.७ | ८४,६६,०११ | ५६.४ | ६५,५६,८२८ | ४३.६ | १,५०,२२,८३९ |
| २०४८ | १४,४३,१३० | ७.८ | ८४,१९,८८९ | ४५.५ | ९८,६३,०१९ | ५३.३ | ८६,२८,०७८ | ४६.७ | १,८४,९१,०९७ |
| २०५८ | १६,८७,८५९ | ७.३ | १,०२,५१,१११ | ४३.३ | ११,९३,८,९७० | ५१.६ | १,१२,१२,४५३ | ४८.४ | २,३१,५१,४२३ |
| २०६८ | १७,८१,७९२ | ६.७३ | १,१३,९४,००७ | ४३.०१ | - | - | १,३३,१८,७०५ | ५०.२७ | २,६४,९४,५०४ |

## तालिका नं. १.७
## भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या सूचक (२०६८)

| सूचक | हिमाल | पहाड | तराई |
|---|---|---|---|
| जम्मा जनसङ्ख्या | १७८१७९२ | ११३९४००७ | १३३१८७०५ |

| | | | |
|---|---|---|---|
| पुरुष | ८६२५९२ | ५४४००६७ | ६५४६३८२ |
| महिला | ९१९२०० | ५९५३९४० | ६७७२३२३ |
| लैंगिक अनुपात | ९३.८४ | ९१.३७ | ९६.६६ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर | ०.५४ | १.०६ | १.७२ |
| जनघनत्व | ३४ | १८६ | ३९२ |
| जम्मा साक्षर जनसङ्ख्या % | ६०.४५ | ७२.३३ | ६१.१६ |
| पुरुष | ७१.६२ | ८१.४३ | ७०.३४ |
| महिला | ५०.०९ | ६४.१५ | ५२.३६ |
| अपाङ्गता भएको जनसङ्ख्या | ५३२४० | २५१७८० | २०८३०१ |

**तालिका नं. १.८**

**सहरी-ग्रामीण जनसङ्ख्या सूचक (राष्ट्रिय जनगणना २०६८)**

| सूचक | सहरी क्षेत्र* | ग्रामीण क्षेत्र |
|---|---|---|
| जम्मा जनसङ्ख्या | ४५२३८२० | २१९७०६८४ |
| पुरुष | २३०६०४९ | १०५४२९९२ |
| महिला | २२१७७७१ | ११४२७६९२ |
| लैंगिक अनुपात | १०३.९८ | ९२.२६ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर | ३.३८ | ०.९८ |
| जनघनत्व | १३८१ | १५३ |
| जम्मा साक्षर जनसङ्ख्या % | ८२.२२ | ६२.४८ |
| पुरुष | ८९.०२ | ७१.९९ |
| महिला | ७५.२० | ५३.८३ |
| अपाङ्गता भएको जनसङ्ख्या | ५४८०४ | ४५८५१७ |

***२०६८ सालसम्म कायम रहेका ५८ नगरपालिकाको जनसङ्ख्या**

## तालिका नं. १.९
## विकास क्षेत्रअनुसार जनसङ्ख्या सूचक (२०६८)

| सूचक | पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्यपश्चिमाञ्चल | सुदूरपश्चिमाञ्चल |
|---|---|---|---|---|---|
| जम्मा जनसङ्ख्या | ५८११५५५ | ९६५६९८५ | ४९२६७६५ | ३५४६६८२ | २५५२५१७ |
| पुरुष | २७९०४८३ | ४८४१६२४ | २२९२५९७ | १७०६४५० | १२१७८८७ |
| महिला | ३०२१०७२ | ४८१५३६१ | २६३४१६८ | १८४०२३२ | १३३४६३० |
| लैंगिक अनुपात | ९२.३७ | १००.५५ | ८७.०३ | ९२.७३ | ९१.२५ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर | ०.८४ | १.८४ | ०.७५ | १.६३ | १.५३ |
| जनघनत्व | २०४ | ३५२ | १६८ | ८४ | १३१ |
| जम्मा साक्षर जनसङ्ख्या % | ६७.१२ | ६३.९२ | ७०.९८ | ६४.२१ | ६३.४८ |
| पुरुष | ७६.०० | ७२.६५ | ७९.९१ | ७३.५६ | ७६.३७ |
| महिला | ५९.०२ | ५५.१९ | ६३.३७ | ५५.६६ | ५१.९३ |
| अपाङ्गता भएको जनसङ्ख्या | १११३४९ | १४४६७१ | ९६१९४ | ९३२७५ | ६७८३२ |

## तालिका नं. १.१०
## जिल्लागत जनसङ्ख्या सूचक (२०६८)

| क्र. स. | जिल्ला | जनसङ्ख्या | | | वार्षिक जनसङ्ख्या वृद्धिदर | जनघनत्व | साक्षर जनसङ्ख्या प्रतिशत | | | अपाङ्गता भएको जनसङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | जम्मा | पुरुष | महिला | |
| १ | ताप्लेजुङ | १२७४६१ | ६०५५२ | ६६९०९ | -०.५५ | ३५ | ७१.३ | ७९.२९ | ६४.१५ | ३७३० |
| २ | पाँचथर | १९१८१७ | ९०१८६ | १०१६३१ | -०.५२ | १५५ | ७५.५८ | ८०.३५ | ६५.७८ | ५०४९ |
| ३ | इलाम | २९०२५४ | १४११२६ | १४९१२८ | ०.२६ | १७० | ७७.९१ | ८४.१६ | ७२.०५ | ७६३६ |
| ४ | झापा | ८१२६५० | ३८५०९६ | ४२७५५४ | १.६६ | ५०६ | ७५.०९ | ८२.३४ | ६८.६५ | १५३७६ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सङ्खुवासभा | १५८७४२ | ७५२२५ | ८३५१७ | -0.0३ | ४६ | ६७.३८ | ७७.४७ | ६२.२० | ४0५४ |
| ६ | तेह्रथुम | १0१५७७ | ४७१५१ | ५४४२६ | -१.0८ | १५0 | ७४.६२ | ८३.५३ | ६७.0४ | २६२६ |
| ७ | धनकुटा | १६३४१२ | ७६५१५ | ८६८९७ | -0.१९ | १८३ | ७४.३७ | ८२.४ | ६७.४१ | ४८८१ |
| ८ | भोजपुर | १८२४५९ | ८६0५३ | ९६४0६ | -१.0७ | १२१ | ६९.३४ | ७८.३९ | ६१.३८ | ४६१८ |
| ९ | मोरङ | ९६५३७0 | ४६६७१२ | ४९८६५८ | १.३५ | ५२0 | ७0.६३ | ७८.७३ | ६३.१३ | १७0५३ |
| १0 | सुनसरी | ७६३४८७ | ३७१२२९ | ३९२२५८ | १.९९ | ६0७ | ६८.४६ | ७६.९६ | ६0.४९ | १0४0९ |
| ११ | सोलुखुम्बु | १0५८८६ | ५१२00 | ५४६८६ | -0.१७ | ३२ | ६४.२२ | ७३.३९ | ५५.६९ | २६0९ |
| १२ | ओखलढुङ्गा | १४७९८४ | ६८६८७ | ७९२९७ | -0.५७ | १३८ | ६४.४३ | ७४.३३ | ५६.0१ | ३४९0 |
| १३ | खोटाङ | २0६३१२ | ९७0९२ | १0९२२0 | -१.१५ | १३0 | ६८.८३ | ७७.६७ | ६१.१ | ५३२८ |
| १४ | उदयपुर | ३१७५३२ | १४९७१२ | १६७८२0 | 0.९९ | १५४ | ६८.८२ | ७७.१८ | ६१.४७ | ६७८१ |
| १५ | सप्तरी | ६३९२८४ | ३१३८४६ | ३२५४३८ | १.१४ | ४६९ | ५४.५ | ६६.९८ | ४२.५७ | ८0४४ |
| १६ | सिराहा | ६३७३२८ | ३१0१0१ | ३२७२२७ | १.0७ | ५३६ | ५0.१५ | ६१.८५ | ३९.२0 | ८४६५ |
| १७ | दोलखा | १८६५५७ | ८७00३ | ९९५५४ | -0.९१ | ८५ | ६२.७८ | ७३.३४ | ५३.६४ | ५५८७ |
| १८ | रामेछाप | २0२६४६ | ९३३८६ | १0९२६0 | -0.४७ | १३१ | ६२.२४ | ७२.६४ | ५३.४७ | ४४१८ |
| १९ | सिन्धुली | २९६१९२ | १४२१२३ | १५४0६९ | 0.५७ | ११९ | ६0.५३ | ६९.८0 | ५२.१0 | ६४६६ |
| २0 | धनुषा | ७५४७७७ | ३७८५३८ | ३७६२३९ | १.१७ | ६४0 | ५0.४४ | ६0.६१ | ४0.२३ | ८४१२ |
| २१ | महोत्तरी | ६२७५८0 | ३११0१६ | ३१६५६४ | १.२६ | ६२६ | ४६.४४ | ५६.५५ | ३६.५५ | १0१६६ |
| २२ | सर्लाही | ७६९७२९ | ३८९७५६ | ३७९९७३ | १.९१ | ६११ | ४६.३0 | ५५.७६ | ३६.६0 | ९८८५ |
| २३ | रसुवा | ४३३00 | २१४७५ | २१८२५ | -0.३३ | २८ | ५३.६0 | ६0.८५ | ४६.५0 | १0१६ |
| २४ | धादिङ | ३३६0६७ | १५७८३४ | १७८२३३ | -0.0८ | १७४ | ६२.८६ | ७१.0८ | ५५.७ | ७८२७ |
| २५ | नुवाकोट | २७७४७१ | १३२७८७ | १४४६८४ | -0.३९ | २४८ | ५९.८ | ६७.९५ | ५२.४१ | ४६९0 |
| २६ | सिन्धुपाल्चोक | २८७७९८ | १३८३५१ | १४९४४७ | -0.६१ | ११३ | ५९.५९ | ६७.९७ | ५१.८८ | ६६0८ |
| २७ | काभ्रेपलाञ्चोक | ३८१९३७ | १८२९३६ | १९९00१ | -0.0१ | २७४ | ६९.८ | ७९.५९ | ६0.९२ | ६६७0 |
| २८ | काठमाडौं | १७४४२४0 | ९१३00१ | ८३१२३९ | ४.७८ | ४४१६ | ८६.२५ | ९२.१८ | ७९.७७ | १७१२२ |
| २९ | ललितपुर | ४६८१३२ | २३८0८२ | २३00५0 | ३.२६ | १२१६ | ८२.५३ | ९0.११ | ७४.७२ | ४९३४ |
| ३0 | भक्तपुर | ३0४६५१ | १५४८८४ | १४९७६७ | ३.0१ | २५६0 | ८१.६८ | ९0.४८ | ७२.६५ | ३२0४ |
| ३१ | चितवन | ५७९९८४ | २७९0८७ | ३00८९७ | २.0६ | २६१ | ७६.९८ | ८३.८७ | ७0.६८ | १२९३७ |
| ३२ | मकवानपुर | ४२0४७७ | २0६६८४ | २१३७९३ | 0.६९ | १७३ | ६७.८५ | ७५.४१ | ६0.५९ | ८४६७ |
| ३३ | पर्सा | ६0१0१७ | ३१२३५८ | २८८६५९ | १.९ | ४४४ | ५५.९ | ६६.९३ | ४३.८९ | ६२१५ |
| ३४ | बारा | ६८७७0८ | ३५१२४४ | ३३६४६४ | २.0७ | ५७८ | ५१.९६ | ६२.७५ | ४0.६७ | ११६४९ |
| ३५ | रौतहट | ६८६७२२ | ३५१0७९ | ३३५६४३ | २.३१ | ६१0 | ४१.६९ | ५0.८८ | ३२.0३ | ८६९८ |
| ३६ | गोरखा | २७१0६१ | १२१0४१ | १५00२0 | -0.६१ | ७५ | ६६.३४ | ७५.0९ | ५९.४४ | ६२६९ |
| ३७ | तनहुँ | ३२३२८८ | १४३४१0 | १७९८७८ | 0.२५ | २0९ | ७४.८३ | ८३.६८ | ६७.९३ | ६१६८ |
| ३८ | मनाङ | ६५३८ | ३६६१ | २८७७ | -३.८३ | ३ | ७४.८४ | ८३.0२ | ६४.२२ | २0४ |
| ३९ | लमजुङ | १६७७२४ | ७५९१३ | ९१८११ | -0.५५ | ९९ | ७१.११ | ८0.७३ | ६३.३३ | ४७४५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४० | कास्की | ४९२०९८ | २३६३८५ | २५५७१३ | २.५७ | २४४ | ८२.३८ | ९०.१ | ७५.३५ | ९२१९ |
| ४१ | स्याङ्जा | २८९१४८ | १२५८३३ | १६३३१५ | -०.९३ | २४८ | ७६.६१ | ८६.०५ | ६९.५५ | ५७१४ |
| ४२ | पर्वत | १४६५९० | ६५३०१ | ८१२८९ | -०.७४ | २९७ | ७३.८५ | ८३.४२ | ६६.३८ | ३६५३ |
| ४३ | म्याग्दी | ११३६४१ | ५१३९५ | ६२२४६ | -०.०७ | ४९ | ७१.८७ | ८१.०७ | ६४.४८ | ६१२२ |
| ४४ | मुस्ताङ् | १३४५२ | ७०९३ | ६३५९ | -१.०८ | ४ | ६६.२१ | ७५.४ | ५५.८२ | ४५२ |
| ४५ | बाग्लुङ | २६८६१३ | ११७९९७ | १५०६१६ | -०.०१ | १५१ | ७१.८८ | ८०.५९ | ६५.२९ | ६१७९ |
| ४६ | गुल्मी | २८०१६० | १२०९९५ | १५९१६५ | -०.५७ | २४४ | ७२.५६ | ८१.३५ | ६५.९४ | ७६७१ |
| ४७ | अर्घाखाँची | १९७६३२ | ८६२६६ | १११३६६ | -०.५३ | १६६ | ७२.५९ | ८१.७६ | ६५.७९ | ५१६५ |
| ४८ | पाल्पा | २६११८० | ११५८४० | १४५३४० | -०.२८ | १९० | ७६.२२ | ८४.८८ | ६९.५२ | ६५३७ |
| ४९ | रुपन्देही | ८८०१९६ | ४३२१९३ | ४४८००३ | २.१७ | ६४७ | ६९.७८ | ७९.२२ | ६०.७९ | ९८९० |
| ५० | नवलपरासी | ६४३५०८ | ३०३६७५ | ३३९८३३ | १.३४ | २९८ | ७०.७६ | ७९.८८ | ६२.७६ | १०८७३ |
| ५१ | कपिलवस्तु | ५७१९३६ | २८५५९९ | २८६३३७ | १.७१ | ३२९ | ५४.९१ | ६४.९४ | ४४.९७ | ७३३३ |
| ५२ | रुकुम | २०८५६७ | ९९१५९ | १०९४०८ | १.०१ | ७२ | ६२.०९ | ७१.२३ | ५३.९२ | ५९२२ |
| ५३ | रोल्पा | २२४५०६ | १०३१०० | १२१४०६ | ०.६७ | ११९ | ६० | ७१.५५ | ५०.४८ | ७४५८ |
| ५४ | सल्यान | २४२४४४ | ११५९६९ | १२६४७५ | १.२७ | १६६ | ६४.०४ | ७३.८८ | ५५.१७ | ६२३३ |
| ५५ | प्युठान | २२८१०२ | १०००५३ | १२८०४९ | ०.७१ | १७४ | ६७.०१ | ७८.१८ | ५८.६३ | ५९३० |
| ५६ | दाङ् | ५५२५८३ | २६१०५९ | २९१५२४ | १.७८ | १८७ | ७०.३२ | ७८.८८ | ६२.७८ | १२८८१ |
| ५७ | दैलेख | २६१७७० | १२६९९० | १३४७८० | १.५ | १७४ | ६२.४७ | ७२.८४ | ५२.८६ | ७६०७ |
| ५८ | जाजरकोट | १७१३०४ | ८५५३७ | ८५७६७ | २.३९ | ७७ | ५७.२७ | ६५.९ | ४८.७ | ६८४८ |
| ५९ | सुर्खेत | ३५०८०४ | १६९४२१ | १८१३८३ | १.९५ | १४३ | ७३.१२ | ८२.०४ | ६४.९२ | १०२९१ |
| ६० | बाँके | ४९१३१३ | २४४२५५ | २४७०५८ | २.४२ | २१० | ६२.३९ | ६९.९६ | ५४.९५ | ७४६८ |
| ६१ | बर्दिया | ४२६५७६ | २०५०८० | २२१४९६ | १.०९ | २११ | ६५.३९ | ७३.५४ | ५७.९५ | ८१९७ |
| ६२ | डोल्पा | ३६७०० | १८२३८ | १८४६२ | २.१७ | ५ | ५४.१५ | ६७.८६ | ४०.६२ | १६०२ |
| ६३ | हुम्ला | ५०८५८ | २५८३३ | २५०२५ | २.२५ | ९ | ४७.८२ | ६२.०६ | ३३ | २४११ |
| ६४ | जुम्ला | १०८९२१ | ५४८९८ | ५४०२३ | १.९७ | ४३ | ५४.६६ | ६८.२४ | ४१.८४ | ३२४८ |
| ६५ | कालिकोट | १३६९४८ | ६८८३३ | ६८११५ | २.६ | ७९ | ५६.८३ | ६७.८९ | ४५.७३ | ५२६२ |
| ६६ | मुगु | ५५२८६ | २८०२५ | २७२६१ | २.३ | १६ | ५१.२५ | ६५.१७ | ३६.९२ | ११९७ |
| ६७ | बझाङ | १९५१५९ | ९२७९४ | १०२३६५ | १.५६ | ५७ | ५५.५५ | ७२.९९ | ४०.१२ | ४९७६ |
| ६८ | बाजुरा | १३४९१२ | ६५८०६ | ६९१०६ | २.१५ | ६२ | ५५.६८ | ६८.८४ | ४३.३३ | ५८९५ |
| ६९ | डोटी | २११७४६ | ५७२५२ | ११४४९४ | ०.२२ | १०५ | ५६.३५ | ७३.४१ | ५२.३४ | ७३०२ |
| ७० | अछाम | २५७४७७ | १२०००८ | १३७४६९ | १.०७ | १५३ | ५५.६५ | ७०.७ | ४२.८७ | ८६०२ |
| ७१ | कैलाली | ७७५७०९ | ३७८४१७ | ३९७२९२ | २.२९ | २४० | ६६.३२ | ७६.१६ | ५७.०५ | १५३७८ |
| ७२ | दार्चुला | १३३२७४ | ६३६०५ | ६९६६९ | ०.८८ | ५७ | ६५.३६ | ७९.२६ | ५२.८८ | ३६६९ |
| ७३ | बैतडी | २५०८९८ | ११७४०७ | १३३४९१ | ०.६८ | १६५ | ६२.९७ | ७९.०१ | ४९.२२ | ७७८८ |
| ७४ | डडेल्धुरा | १४२०९४ | ६६५५६ | ७५५३८ | १.१९ | ९२ | ६५.३१ | ७९.६६ | ५२.९४ | ५१५० |
| ७५ | कञ्चनपुर | ४५१२४८ | २१६०४२ | २३५२०६ | १.७७ | २८० | ७०.६७ | ८१.३५ | ६१.०२ | ९०७२ |

**तालिका नं. १.११**

**नेपालको कुल जनसङ्ख्या**

| सूचक | जनसङ्ख्या | | | लैंगिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर | जनघनत्व | साक्षर जनसङ्ख्या प्रतिशत | | | अपाङ्गता भएको जनसङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | | | | जम्मा | पुरुष | महिला | |
| नेपाल | २६४९४५०४ | १२८४४९०४१ | १३६४५४६३ | ९४.१६ | १.३५ | १८० | ६५.९४ | ७५.१४ | ५७.३९ | ५१३३२१ |

## १.५ नेपालका राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षणक्षेत्र तथा नेपालमा संरक्षित जीवजन्तुहरू

**तालिका नं. १.१२**

**राष्ट्रिय निकुञ्ज**

| क्र. सं. | राष्ट्रिय निकुञ्जको नाम | स्थापना मिति | भौगोलिक क्षेत्र (जिल्ला) | क्षेत्रफल (वर्ग कि.मि.) | पाइने प्रसिद्ध जनावर तथा प्रमुख प्राकृतिक सम्पदाहरू |
|---|---|---|---|---|---|
| १ | चितवन राष्ट्रिय निकुञ्ज | २०३० | चितवन, मकवानपुर, पर्सा, नवलपरासी | ९३२ | एकसिंगे गैंडा, पाटे बाघ, चितुवा, रतुवा, चित्तल, घडियाल गोही, मगर गोही, सोंस, अजिङ्गर तथा विविध जातका चराहरु (नेपालको घोषित पहिलो राष्ट्रिय निकुञ्ज) |
| २ | शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज | २०४० | डोल्पा, मुगु | ३५५५ | हिउँ चितुवा, तिब्बती खरायो, नाउर, निलो भेंडा, कस्तुरी, मृग, जङ्गली याक, ब्वाँसो, (शे-फोक्सुन्डो ताल) (नेपालको सबैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज) |
| ३ | लाङटाङ राष्ट्रिय निकुञ्ज | २०३२ | रसुवा, नुवाकोट र सिन्धुपाञ्चोक | १७१० | चितुवा, हाब्रे (रातो पण्डा) कस्तुरी मृग, रतुवा, झारल, घोरल, थार, जङ्गली भेंडा, भालु, लङ्गुर बाँदर (जैविक विविधताका दृष्टिकोणले विश्वकै अग्रणी स्थान) |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सगरमाथा राष्ट्रिय निकुञ्ज | २०३२ | सोलुखुम्बु | ११४८ | कस्तुरी मृग, हिमाली भालु, डाँफे, चिलिमे, कालीज, लालचुच्चे ( सर्वाधिक उचाइमा रहेको राष्ट्रिय निकुञ्ज) |
| ५ | रारा राष्ट्रिय निकुञ्ज | २०३२ | मुगु, जुम्ला | १०६ | हिमाली भालु, थार, घोरल, बँदेल र विविध जातका चराचुरुङ्गी ( सबैभन्दा सानो राष्ट्रिय निकुञ्ज) |
| ६ | बर्दिया राष्ट्रिय निकुञ्ज | २०३२ | बर्दिया | ९६८ | बाघ, भालु, चितुवा, कृष्णसार, घोडगदाह, जरायो, जङ्गली हात्ती, गैंडा, गोही, सौँस तथा विविध जातका चराहरू |
| ७ | मकालु बरुण राष्ट्रिय निकुञ्ज | २०४८ | सङ्खुवासभा र सोलुखुम्बु | १५०० | विश्वका दुर्लभ वनस्पति र प्राणीहरू (पहिले नदेखिएको छिर्केमिर्के रेन बेब्लर, ओलिफ ग्राउण्ड, वार्वलभर) |
| ८ | शिवपुरी नागार्जुनराष्ट्रिय निकुञ्ज | २०५८ | काठमाडौँ, नुवाकोट, सिन्धुपाञ्चोक र धादिङ | १५९ | काठमाडौँमा दैनिक १० लाख क्यूविक लिटर पानी उपलब्ध हुने तथा अन्य विविध जातका जीवजन्तु पाइने । |
| ९ | बाँके राष्ट्रिय निकुञ्ज | २०६७ | बाँके, सल्यान, दाङ | ५५० | बाघ, पक्षीहरू (सबैभन्दा पछिल्लो राष्ट्रिय निकुञ्ज) |
| १० | खप्तड राष्ट्रिय निकुञ्ज | २०४२ | बझाङ, बाजुरा, डोटी, अछाम | २२५ | रतुवा, कस्तुरी मृग, घोरल, चितुवा, जङ्गली कुकुर, वन बिरालो, साथै डाँफे, मुनाल जस्ता चराहरू पाइने |

**तालिका नं. १.१३**
**शिकार आरक्ष**

| क्र. सं. | शिकार आरक्ष | स्थापना वर्ष | क्षेत्रफल (वर्ग क.मि.) | भौगोलिक क्षेत्र | पाइने प्रसिद्ध जनावरहरू |
|---|---|---|---|---|---|
| १ | ढोरपाटन वन्यजन्तु शिकार आरक्ष | २०४१ | १३२५ | रूकुम, बाग्लुङ तथा म्याग्दीको केही भाग | नाउर, झारल, थार, हिमाली भालु नीलो भेडा |

## तालिका नं. १.१४
## संरक्षण क्षेत्र

| क्र.स | संरक्षण क्षेत्र | स्थापना वर्ष | क्षेत्रफल (वर्ग कि.मि.) | भौगोलिक क्षेत्र | पाइने प्रसिद्ध जनावरहरू |
|---|---|---|---|---|---|
| १ | मनासलु | २०५५ | १६६३ | लमजुङ गोर्खा | उन्नतीस प्रजातिका स्तनधारी हिउँ चितुवा, कस्तुरी, मृग , नाउर, झारललगायत विभिन्न चराहरु र सर्प जातिहरू |
| २ | अन्नपूर्ण | २०४९ | ७६२९ | लमजुङ, मनाङ मुस्ताङ, म्याग्दी, कास्की | हिमाली दुर्लभ जिवजन्तु, वनस्पति तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण |
| ३ | कञ्चनजङ्घा | २०५४ | २०३५ | ताप्लेजुङ | हिउ, चितुवा,कस्तरी मृग, हिमभालु, ब्वाँसो, नाउर, घोरल आदि |
| ४ | अपिनाम्पा | २०६६ | १९०३ | दार्चुला | हिउ चितुवा, घोरल, कालो भालू, थार, जरामसी, यार्सा गुम्बा, पाँच औंले आदि |
| ५ | गौरीशंकर | २०६६ | २१७९ | रामेछाप, दोलखा र सिन्धुपाल्चोक | - |

## तालिका नं. १.१५
## वन्यजन्तु आरक्षहरू

| क्र.सं. | वन्यजन्तु आरक्ष | स्थापना वर्ष | क्षेत्रफल (वर्ग कि.मि.) | भौगोलिक क्षेत्र | पाइने प्रसिद्ध जनावरहरू |
|---|---|---|---|---|---|
| १ | शुक्लाफाँट वन्यजन्तु आरक्ष | २०३१ | ३०५ | कञ्चनपुर | हात्ती, पाटेबाघ, भालु, चितवा, लघुना, गोही, एवं चराचुरुङ्गी । |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | कोशीटप्पु वन्यजन्तु आरक्ष | २०३२ | १७५ | सुनसरी | दुर्लभ अर्ना, घडियाल तथा मगरगोही, सोस तथा विभिन्न माछा तथा चराचुरुङ्गी । |
| ३ | पर्सा वन्यजन्तु आरक्ष | २०४० | ४९९ | चितवन, मकवानपुर, पर्साका केही भागहरू | जङ्गली हाती, बाघ, चितुवा, जरायो, घोडदह, बँदेल । |


**तालिका नं. १.१६**

**नेपालमा संरक्षित जीवजन्तुहरू**

| **स्तनधारी जनावर** | | |
|---|---|---|
| १. आसामी रातो बाँदर | २. सालक (चाइनिज) | ३. सालक (इन्डियन) |
| ४. खैरो व्वाँसो | ५. खैरो भालु | ६. रातो पाण्डा |
| ७. पाटे सिलु | ८. धसे हुँडार | ९. चरी बाघ |
| १०. ध्वासे चितुवा | ११. लिङकस | १२. बाघ |
| १३. हिउँ चितुवा | १४. सोंस | १५. जङ्गली हात्ती |
| १६. गैंडा | १७. कस्तुरी मृग | १८. बाह्रसिङ्गे |
| १९. गौर | २०. जङ्गली चौँरी | २१. अर्ना |
| २२. चौका | २३. कृष्णसार | २४. चिरू |
| २५. नायन | २६. हिस्पिड खरायो | २७. पुड्के बँदेल |

| **चरा** | | |
|---|---|---|
| १. कालो स्टोर्क | २. सेतो स्टोर्क | ३. ठूलो धनेस |
| ४. मुनाल | ५. चीर | ६. खर मयूर |
| ७. सानो खर मयूर | ८. सारस | ९. डाँफे |

| घस्रने जीवहरु | | |
|---|---|---|
| १. घडियाल गोही | २. सुन गोहोरो | ३. अजिङ्गर |



घडियाल गोही



घडियाल गोही



पाटे बाघ



नेपालको राष्ट्रिय चरो डाँफे



अर्ना



कृष्णसार

**यार्सागुम्बा**

नेपालको बहुउपयोगी एवं बहुमूल्य जडीबुटीहरूमध्ये यार्सागुम्बा पनि एक हो । लामा भाषामा यार्साको अर्थ आधाजीव र गुम्बाको अर्थ आधाविरुवा वा बुटी (Herbs) भन्ने हुन्छ । यसको वैज्ञानिक नाम Cordyceps वा Cordyceps Sinensis हो, जसमा Cord ले Club र Ceps ले Head को अर्थ दिन्छ । यसलाई क्याटरपिलर फङ्गस (Caterpiller Fungus) पनि भनिन्छ । साथै, औषधिमूलक च्याउ, फङ्गल बुटी, हिडने बुटी (Walking Herb) जस्ता नामले पनि यार्सागुम्बालाई चिनाउने गरिन्छ । वास्तवमा यार्सागुम्बा आधा किरा र आधा

फङ्गस (Half Insect and Half Fungus) हो ।

यार्सागुम्बा नेपालको ३००० देखि ५००० मिटरसम्मको उचाइमा पाइन्छ । हिमाली भूभागबाट हिउँ पग्लने क्रमसँगै यार्सागुम्बा जमिनमाथि देखापर्न थाल्छ । सुरुमा



सङ्कलन गरिएको यार्सागुम्बा

लार्भाको रूपमा देखापर्ने यार्सागुम्बा पछि फङ्गसमा रूपान्तरण हुन्छ । यार्सागुम्बा एक शक्तिवर्धक जडीबुटी हो । यो औषधिको रूपमा प्रयोग हुन्छ । यार्सागुम्बा ढाडदुखाइ, रक्तअल्पता, थकान, दम, क्यान्सर, अनिन्द्रा, रक्तचाप, एलर्जीजस्ता रोगका लागि उपयोगी मानिन्छ । यसले फोक्सो, मृगौला, मुटु, कलेजोजस्ता शरीरका अङ्गहरुलाई स्वस्थकर राखी रोगप्रतिरोध क्षमतालाईसमेत बढाउँछ भन्ने विश्वास गरिन्छ । यस्तै, रतिक्रियाको लागि यार्सागुम्बा अत्यन्त उपयोगी भएकोले यसलाई हिमालयन भियाग्रा पनि भन्ने गरिन्छ ।

नेपालको पूर्वदेखि पश्चिमउत्तरी भेकमा पाइने यार्सागुम्बा अत्यन्त गुणस्तरीय मानिन्छ । यो एक प्रकृतिप्रदत्त अनुपम उपहार हो । यार्सागुम्बा नेपालमा सन्

२००१ सम्म व्यापारिक प्रयोजनमा थिएन र मूल्य पनि थिएन। अहिले यसको प्रतिकिलो मूल्य दुईलाख रुपैयाँसम्म पर्ने गरेको छ। अत्यन्त महङ्गो मूल्यमा व्यापार हुनाले यसलाई नेपालको Yellow living Gold को रूपमा समेत पहिचान दिन थालिएको छ। यार्सागुम्बा सङ्कलन अहिले अत्यन्त प्रतिस्पर्धी बनेको छ। यार्सागुम्बा नेपालको उच्च हिमाली भेकमा बसोबास गर्नेहरूका लागि जीवन निर्वाहको स्रोत त बनेको छ नै साथसाथै यो नेपालको महत्वपूर्ण आयस्रोतसमेत बन्न सक्ने उच्च सम्भावना छ। जडीबुटी नेपालको आम्दानीको मुख्य स्रोत हुनसक्ने भएकोले यसको व्यवस्थापनमा राज्यले उच्च महत्व दिनुपर्ने हुन्छ। साथसाथै, जलवायु परिवर्तनबाट उत्पन्न वातावरणीय प्रतिकूलताका कार ण हिमाली क्षेत्रमा हिउँ पर्ने र पग्लने परम्परागत पद्धतिमा समेत परिवर्तन देखिएकोले यार्सागुम्बा सङ्कटमा पर्ने सम्भावना बढाएको छ। यसतर्फ समयमा नै हाम्रो ध्यान जानु जरूरी छ।

✦✦✦

परिच्छेद : दुई

# नेपालको सङ्क्षिप्त ऐतिहासिक रुपरेखा

## २.१ नेपाल एक प्राचीन मुलुकको रूपमा

विभिन्न धर्मशास्त्र तथा पुराणहरूमा नेपाललाई अत्यन्तै प्राचीन भूमिको रूपमा वर्णन गरिएको छ । करीब १३ करोड वर्षअगाडि बनेका यहाँका पर्वत शृङ्खलाहरू र उपत्यकाहरूमा पछि आएर प्राणीहरूको आकर्षण विशेष रूपमा बढ्दै गएको पाइन्छ । पश्चिम नेपालको बुटवलक्षेत्रमा पाइएको रामापिथेकस मानवको अवशेषले एक करोड वर्षभन्दा अगाडिदेखि नै नेपालमा मानवको बसोबास सुरू भइसकेको तथ्य स्पष्ट हुन्छ ।

नेपाल नामको पहिलो उल्लेख अथर्व परिशिष्टमा गरिएको पाइन्छ । अथर्व परिशिष्टको समय निश्चित गर्न नसकिए तापनि इसापूर्व ५००-६०० को बीचमा यसको निर्माण भएको मानिन्छ । यसमा नेपाललाई कामरू, विदेह, उदुम्बर, अवन्ती र कैकय देशहरूसँगै राखी चर्चा गरिएको छ । मूल सर्वास्तिवाद, विनयसङ्ग्रह नामको बौद्ध ग्रन्थमा पनि नेपालबारे चर्चा गरिएको छ । यसमा भगवान बुद्धको समयमै उनका चेलाहरू व्यापारीहरूका साथ नेपाल पसेको घटना उल्लेख गरिएको छ । महाभारत वनपर्वमा नेपाललाई विषय (जिल्ला) को रूपमा वर्णन गरिएको छ । जैन ग्रन्थ आवश्यक सूत्र तथा कौटिल्यको अर्थशास्त्र (ई.पू. चौथो शताब्दी) ले पनि नेपालको बारेमा उल्लेख गरेका छन् । त्यस्तै भारतीय गुप्त सम्राट समुद्रगुप्तले आफ्नो इलाहावाद अभिलेखमा नेपालको उल्लेख ‘छिमेक राज्य’ को रूपमा गरेका छन् भने त्यसपछिका प्रायः सबै श्रोतहरूले नेपालको

उल्लेख स्वतन्त्र राज्यको रूपमा नै गरेका छन् । नेपालका शिलालेखहरूमा भने वि.सं. ५६९ को टिस्टुङ अभिलेखमा पहिलोपटक नेपाल शब्दको उल्लेख भएको छ । यसरी यो मुलुक अत्यन्तै प्राचीन समयदेखि नै 'नेपाल' नामबाट परिचित रहेको स्पष्ट हुन्छ । नेपाललाई सत्ययुगमा सत्यवती, त्रेतायुगमा तपोवन र द्वापरयुगमा मुक्तिसोपान भनिन्थ्यो र कलियुगमा नेपाल भन्ने गरिएको कुरा हाम्रा पौराणिक ग्रन्थहरूमा उल्लेख छ ।

## २.२ नेपाल नामकरणको आधार

नेपाल नाम प्राचीनकालदेखि नै प्रचलित छ । लिच्छविकालमा विस्तारित यो नाम मल्लकालमा काठमाडौँ उपत्यका र वरिपरिमात्र सीमित रह्यो । एकीकरणपश्चात् काठमाडौँ राजधानी भयो र 'नेपाल' शब्दले आजको नेपाल राष्ट्रलाई नै बुझाउन थाल्यो ।

नेपाल नामको बारेमा व्युत्पत्ति, विभिन्न भाषा, जाति, वंशावली र प्राचीन ग्रन्थहरूका आधारमा वर्णन गरिएको पाइन्छ ।

### २.२.१. भाषागत आधार

#### *किराँती भाषा*

'नेपाल' पौराणिक किराँती शब्द 'नेपा' को सांस्कृतिक रूप हो । 'ने' को अर्थ 'मध्य' र 'पा' को अर्थ 'देश' अर्थात् 'मध्यदेश' हुन्छ । मध्यपर्वतीय खण्डमा रहेको 'नेपा' मा पछि 'ल' प्रत्यय लागि नेपाल नाम रहेको हो ।

#### *तिब्बती भाषा*

तिब्बती भाषामा 'ने' को अर्थ घर र 'पाल' को अर्थ ऊन अर्थात ऊन हुने ठाउँको रूपमा यो क्षेत्रलाई लिइएको पाइन्छ । यस क्षेत्रमा भेडापालन बढी भएकाले पाल अर्थात् पशम, पश्मीना (ऊन) प्रशस्त प्राप्त हुनु स्वाभाविक हो । तिब्बतीहरू नेपाललाई 'वल्वो' र मङ्गोलहरू 'वल्पो' भन्छन् । भोटनिवासीहरू हिमालपारीको यस भूभागलाई 'पालदेश' वा 'वाल्पो' पनि भन्दछन् ।

#### *नेवारी भाषा*

नेवारहरूले नेपाललाई 'नेपा' मात्र भन्ने गर्दथे जो पछि नेपाल हुन गयो । 'ने' भनेको 'मध्य' र 'पा' भनेको 'देश' हो । हिमाली भागमा रहेकाले यो नाम सार्थक मानिन्छ । 'नेपा' शब्दमा 'ल' प्रत्यय लागि झ्याको झ्याल, पसःको पसल भएझैं नेपाको नेपाल भएको अनुमान गरिएको छ ।

***लिम्बू भाषा***

लिम्बू भाषामा नेपालको अर्थ समतल भूमि भन्ने हुन्छ । पहाडी खण्डमा अत्यन्त ठूलो मैदानी उपत्यका भएकाले यसको नाम नेपाल रहन गएको हो ।

***लेप्चा भाषा***

पुरानो लेप्चा भाषामा 'ने' को अर्थ पवित्र र 'पाल' माने गुफा हुन्छ । यसरी 'नेपा' ले पुण्यभूमि वा धार्मिक स्थल बुझाउँछ । नेपालका तामाङहरूले पनि तीर्थलाई 'ने' भन्दछन् । लामा धर्मग्रन्थमा 'ने' को अर्थ पवित्र स्थानको रूपमा लगाइन्छ । खोटाङमा 'नेपा' गाउँ छ ।

***संस्कृत भाषा***

नीपः (पर्वतपाद) शब्दमा उपसर्ग आल (स्थान) जोडेर नेपाल भएको अनुमान छ । हिमाल र पञ्चाल जस्तै नीपः (फेदी) र आलयः (निवास) बाट पर्वत फेदीको निवासका रूपमा नेपाल नाम रहेको भाषिक व्याख्या पनि गरिएको छ । यजुर्वेदमा प्रयुक्त वैदिक शब्दमा 'नीपः' को अर्थ उपत्यका निवासी हुन्छ । नेपाल शब्दको मूल 'नीप' भनिन्छ । 'नीपः' भनेको अशोक (कदंब) वृक्ष पनि हो । संस्कृतमा शिवको शैव भएझैं नेपालको नैपाल शब्द प्रयोग भेटिन्छ । पारस्परिक आख्यानमा भाषागत शाब्दिक सानिध्य र ध्वन्यात्मक सङ्गति देखिए तापनि उपर्युक्त सन्धि शब्दार्थ ठोस र प्रमाणित चाहिँ भएका छैनन् ।

***तामाङ भाषा***

यस जातिका एक महापुरूष तिब्बतसँग व्यापार गर्दथे । यी तामाङ लामाकै नाइके बने । तामाङ लामा बोलीमा 'ने' भनेको स्तन हो । पृथ्वीको स्तनस्वरूप पर्वतबाट पालित नेपालबाट व्यापार गर्ने महापुरूष पर्वतकै नाममा चिनिए र पर्वतको नामबाट नै नेपाल भनियो ।

### २.२.२ जातिगत आधार

(क) नेपाल महात्म्यअनुसार 'ने' नामको ऋषिले यहाँका जनताको लालन पालन गरेकोले यस देशको नाम नेपाल रहन गएको मानिन्छ ।

(ख) दक्षिण भारतको केरला क्षेत्रमा बस्ने मालबार जाति नेवार, सिम्रौनगढका संस्थापक नान्यदेवको साथ यहाँ आएका थिए । यिनीहरूको आगमनपश्चात् यहाँको नाम नेपाल रहन गयो । नेपालका प्राचीन शासक गोपालवंशीहरूलाई "निप" भनिन्थ्यो । उनीहरूको आलय (घर) लाई नेपाल भनियो । 'नीप' शब्दको उल्लेख वैदिक ग्रन्थमा र पाणिनीको अष्टाध्यायिमा समेत भएको पाइन्छ ।

(ग) भोटमा नेपाललाई “Balyal” अथवा वाप्लो भनिन्थ्यो भने चिनिया यात्रीले नि-पो-लो भन्ने गर्थे । किराँतहरूको प्रमुख बस्ती भएकाले बौद्ध धर्मग्रन्थहरूमा यहाँको नाम “नेवाल” र अङ्ग्रेजीमा NIPAUL, NEPAUL, NIPAL र NEPAL शब्दका  साथै भारतीयहरूद्वारा “नेपाल” शब्दको प्रयोग हुने गरेको छ ।

यस्ता विविध आधार र मान्यता भए तापनि वास्तवमा नेपाल नाम यसै कारणले हुन गएको भनी किटान गर्न भने सकिएको छैन । तथापि मौलिक सभ्यता, संस्कृति र कलाले गर्दा नेपालको स्वतन्त्र र अविछिन्न स्वरूप भने कायम रहेको कुरामा भने मतान्तर छैन ।

## २.३ नेपाल उपत्यकाको उत्पत्ति

लिच्छविकालभन्दा अघिको प्राचीन इतिहास भरपर्दो स्रोतहरूको अभावमा स्पष्ट हुन सकेको छैन । वंशावली र पुराणहरूको आधारमा मात्र यस युगको इतिहास अध्ययन गर्न सकिन्छ । ती ग्रन्थहरूमा भने नेपाल उपत्यका उत्पत्तिको सम्बन्धमा अनेक रोचक कथाहरूको वर्णन गरिएको छ । यस्ता स्रोतहरूले उल्लेख गरेअनुसार प्राचीन समयमा काठमाडौं उपत्यका घना जङ्गले ढाकिएको थियो र यसको बीच भागमा विशाल सरोवर थियो । सो सरोवरमा नागहरूको निवास भएकोले यसलाई नागदह भनिन्थ्यो । यहाँ बेलाबखतमा विपश्वी बुद्ध, शिखी बुद्ध, विश्वभू बुद्ध, मञ्जुश्री बोधिसत्व, ऋकुच्छन्द बुद्धजस्ता विभिन्न तपस्वीहरू आउने गर्दथे ।

### *विपश्वी बुद्ध*

नेपाल उपत्यकामा आउने प्रथम महात्मा विपश्वी बुद्ध थिए । यिनी आफ्नो स्थायी निवास बन्धुमती नगरमा सत्ययुगमा नै यहाँ आएको विश्वास गरिन्छ । यहाँ आएर उनी नागार्जुन पर्वतमा बसे र केही समयपछि चैत्र शुक्ल पूर्णिमाको दिन नागदहको बीचमा कमलफूलको बीज रोपे । हिजोआज पनि चैत्र शुक्ल पूर्णिमाका दिन नागार्जुन पर्वतमा मेला लाग्दछ र यो विपश्वी बुद्धकै सम्झनामा लागेको मेला हो भन्ने विश्वास गरिन्छ ।

### *शिखी बुद्ध*

विपश्वी बुद्धले रोपेको बीजबाट छ महिनापछि आश्विन शुक्ल पूर्णिमाको दिन एक अलौकिक फूल उत्पन्न भयो र त्यस फूलको बीचभागमा ज्योतिर्मय भगवान् स्वयम्भू प्रकट भए । यसरी मर्त्यलोकमा स्वयम्भू भगवान्को आगमनको खवर सुनेर अरूणपुरका शिखी बुद्ध यहाँ आएर स्वयम्भूको आराधना गर्दागर्दै केही कालपछि भगवानमा नै मिल्न गए । उनी आएर बसेको पर्वतलाई ध्यानोच्च पर्वत भनिन्छ । हरेक माघ १ गते त्यहाँ लाग्ने मेलालाई शिखी बुद्धको संस्मरणमा

लगाइएको मेला मान्ने चलन छ ।

### *विश्वभू बुद्ध*

यिनी त्रेतायुगमा यहाँ आएका थिए । नेपाल उपत्यकामा आएर धेरै फूल भएको पर्वत छानेर आफ्नो आश्रम बनाई बसे । उनी बसेको पहाड फूलोच्च नामले प्रसिद्ध भयो । यिनले नै पहिलोपल्ट उपत्यकाको पानी बाहिर जाने मार्गको बारेमा आफ्ना चेलाहरूलाई अवगत गराएका थिए ।

### *मञ्जुश्री बोधिसत्व*

विश्वभू बुद्ध फर्केको केही वर्षपछि त्रेतायुगमा नै चीनबाट मञ्जुश्री बोधिसत्वको यहाँ आगमन भयो । यी मञ्जुश्री बोधिसत्वको बारेमा वंशावलीहरूले थुप्रै वर्णन गरेका छन् । उनले यहाँ आएर स्वयम्भूको दर्शन पाएपछि उपत्यकाको पानी बाहिर पठाउने विचार गरे । सरोवरको सम्पूर्ण भौगोलिक अध्ययन गरेर उनले कटुवाल नामक स्थानमा उपत्यकाको पानी जाने बाटो बनाई स्वयम्भूदेखि गुह्येश्वरीसम्मको एक विशाल सहरको निर्माण गराए । त्यसपछि उनले धर्माकर नामक व्यक्तिलाई नेपालको पहिलो राजा बनाए । मञ्जुश्री फर्केपछि उनका चेलाहरूले यस सहरको नाम नै मन्जुपतन राखे । मन्जुश्रीको नाममा हिजोआज श्रीपञ्चमीको दिन स्वयम्भुमा चैत्य मेला लाग्छ ।

### *ककुच्छन्द बुद्ध*

मञ्जुश्री बोधिसत्व फिर्ता भएपछि ककुच्छन्द बुद्ध स्वयम्भू ज्योतिको दर्शनार्थ यहाँ आए । उनी यहाँ आएको बेला काठमाडौंमा पानीको अभाव देखेर गुह्येश्वरीसँग प्रार्थना गरे । सो प्रार्थना सुनेर गुह्येश्वरीले शिवपुरीबाट बाग्मती पैदा गरिन् भनेर वशांवलीहरूले उल्लेख गरेको पाइन्छ । यी बुद्धले नेपालका राजा धर्मकार निःसन्तान भएकाले उनीपछि धर्मपाललाई यहाँको राजा बनाएको कुरा पनि वंशावलीमा उल्लिखित छ ।

राजा धर्मपालपछि उनकै वंशज सुधन्वाले त्रेतायुगको अन्तसम्म नेपाल उपत्यकामा शासन गरे । उनी सीताको स्वयंवरमा जनकपुर जाँदा जनकका भाइ कुशध्वजद्वारा मारिएको कथा वंशावलीमा वर्णित छ । त्यसपछि केही समय नेपाल मिथिलाको नियन्त्रणमा रह्यो ।

द्वापरयुगको अन्ततिर गौड देशका राजा प्रचण्डदेव स्वयम्भू र गुह्येश्वरीको दर्शनार्थ नेपाल आएको बेलामा स्वयम्भूको समीपमा वसुपुर, अग्निपुर, वायुपुर, नागपुर र शान्तिपुर नामका पाँच कुटीहरूको निमार्ण गरेको तथा कलियुग आएको थाहा पाई कलियुगी मानव स्वयम्भू ज्योतिको दर्शन गर्न असमर्थ रहनेछन्

भन्ने विश्वासमा उनले स्वयम्भू ज्योतिलाई पत्थरले ढाकी त्यसमाथि एक चैत्य खडा गरेको कथा वंशावलीमा उल्लेख छ । सो समयमा उपत्यकाको राजगद्दी खाली भएको हुँदा उनै प्रचण्डदेवका छोरा शक्तिदेवले यहाँ आफ्नो नियन्त्रण कायम गरे । वंशावलीहरूमा उनीपछि गुणकामदेव, शक्तिदेव तथा सिंहल आदिले यहाँको राजपाट सम्हालेको कुराको उल्लेख गरिएको छ ।

## २.४ प्रचीन नेपाल

नेपाली सभ्यताको इतिहासलाई केलाउँदा यहाँको प्राचीन इतिहास धेरै हदसम्म काल्पनिक र अतिरञ्जित भए तापनि मूल कुराहरू प्रमाणित भएका छन् । इसापूर्व हजारौँ वर्ष अगाडिदेखि नै प्राचीनकाल सुरू भएको मानिए तापनि ईश्वी संवत्को थालनी अघिसम्म नेपालको इतिहास स्पष्ट छैन । किरातकालपूर्वका ठोस ऐतिहासिक सामग्री प्राप्त हुन सकेका छैनन् । यस कालको राजनीतिक, आर्थिक, सामाजिक आदि कुराको बारेमा लिच्छविकालीन अभिलेखहरूबाट केही झलक पाइन्छ । ईश्वी संवत्को थालनीका साथै लिच्छविकाल सुरू भए पनि प्रमाणहरूका आधारमा ईश्वीको पाचौँ शताब्दीदेखि मात्र प्राचीन नेपालको इतिहास बढी विश्वासिलो बनेको पाइन्छ ।

### २.४.१ गोपालवंशी शासकहरू

नेपालका प्रथम राजाहरू गोपालवंशी थिए । गोपाल भन्नाले गाईपालक समुदाय भन्ने बुझिन्छ । काठमाडौँको पानी बाहिर फ्याँकेपछि उपत्यका बसोबास योग्य भयो । त्यसपछि दक्षिणतर्फका नीप जातिका गोपालहरू यहाँ आकर्षित भए । दक्षिणबाट आएका गोपालहरू र यहाँका प्राचीन नाग जातिबीच भीडन्त हुँदा नाग जातिहरू पराजित भई दक्षिण भेगतर्फ लागे भने नेपाल उपत्यकामा गोपालहरूको वर्चस्व कायम भयो । वंशावलीहरूमा उल्लेखित कथाअनुसार यिनीहरूको एउटा बहुढ्ढी नाम गरेको गाईले सधैँ बाग्मतीको तीरको एक ठाउँमा गएर दूध चढाउने गर्दथिन् । सो स्थल खनी हेर्दा पशुपतिको ज्योर्तिलिङ्ग उत्पन्न भयो । टेकु दोभानमा तपस्या गरी बस्ने 'ने' मुनीले गोपालवंशका भुक्तमान (भूमिगुप्त) लाई राजा बनाए । यिनी गोपालवंशका संस्थापकमात्र नभई नेपालका प्रथम राजा पनि भए । गोपालवंशी आठजना शासकहरू (भूमिगुप्त, जयगुप्त, धर्मगुप्त, हर्षगुप्त, भीमगुप्त, मणिगुप्त, विष्णुगुप्त र जीनगुप्त) ले करीब ५०५ वर्ष नेपालको शासन गरे ।

### २.४.२ महिषपालवंशी राजाहरू

गोपालवंशका जीन गुप्तलाई युद्धमा पराजित गरी महिषपालहरूले नेपालको शासनमा नियन्त्रण कायम गरेको कुरा गोपाल राजवंशावलीमा उल्लेख छ ।

केही इतिहासकारहरूका अनुसार गाई पाल्नेलाई गोपाल भने झैं भैसी पाल्नेलाई महिषपाल वा आभिर भनिन्थ्यो । तर गोपाल र आभिर एउटै वंशका भएका र पेशागत आधारमा मात्र दुई समुदायमा विभाजित भएको मानिन्छ । कर्कपेट्रिकको वंशावलीमा आभिरहरू राजपूत उत्पत्तिका ग्वालाहरू भएका र सिम्रौनगढ र जनकपुरबीचको समतल भूमिमा आफूसँग हातहतियारसमेत राखी ठूलो सङ्ख्यामा भैंसी पाल्ने गरेकोमा पछि उपत्यका प्रवेश गरी गोपालवंशी राजालाई हराई शासनमा नियन्त्रण कायम गरेको भनी उल्लेख गरिएको छ । यस वंशका प्रथम राजा वरसिंह हुन् । गोपाल वंशावलीअनुसार यस वंशका तीन शासकहरू ***वरसिंह, जयसिंह* र *भुवनसिंह***ले क्रमशः ४९ वर्ष, ७१ वर्ष २ महिना र ४१ वर्ष गरी जम्मा १६१ वर्ष २ महिना शासन गरेका थिए ।

### २.४.३ किराँतवंशी राजाहरू

नेपाल उपत्यकामा राज्य गर्ने लिच्छवी राजवंशभन्दाअगाडि र महिषपाल वा आभिरवंशभन्दापछाडि बीचको समयमा किराँतवंशीय राजखलकको शासन उपत्यकामा रहेको थियो भन्ने विवरण साहित्यिक श्रोतहरूमा फेला पर्दछ । गोपाल वंशावलीमा किराँत राजाहरूको सूचीका साथै उनीहरूको मूलस्थान तामाकोशी र सुनकोशीबीचको भूभाग भनी बताइएको छ ।

आभिरवंशका अन्तिम राजा भुवनसिंहलाई युद्धमा पराजित गरी किरातवंशी राजा यलुङ वा यलम्बरले शासनमा नियन्त्रण कायम गरेका थिए । यो द्वापरयुगको अन्त्य वा कलियुगको प्रारम्भतिर छैठौं शताब्दीमा घटेको घटना मानिन्छ । नेपालमा ऐतिहासिक घटनाक्रमको सुरूवात किराँती राजाहरूबाटै भएको मानिन्छ । गोपाल राजवंशावलीमा ३२, भाषा वंशावलीमा २८ र राइट वंशावलीमा २९ राजाहरूको विवरण पाइन्छ । तथापि, किराँतवंशका २९ पुस्ताका ३२ राजाहरूले झण्डै १५०० वर्ष जति शासन चलाएको मानिन्छ । किराँतवंशी मुख्य राजाहरूको नामावली निम्नबमोजिम छः

***यलम्बर***

किराँत राज्यका संस्थापक यलम्बर ज्यादै वीर थिए । यिनले महिषपाल आभीर वंशका शासक भुवनसिंहलाई हराएर किराँत राज्यव्यवस्था स्थापना गरेका थिए । यिनलाई कतैकतै यलुङ्ग पनि भनिएको छ । यिनकै नामबाट पाटन सहरको पुरानो नाम यल रहन गएको मानिन्छ ।

***हुमति***

यिनी छैठौँ किराँती राजा थिए । यिनलाई गोपाल राजवंशावलीमा हँति भनेर

उल्लेख गरिएको छ। डेनियल राइटले छपाएको वंशावलीले यिनलाई महाभारतको युद्धकालका भनी उल्लेख गरेको छ।

***जितेदास्ती***

किराँत राजा जितेदास्ती अर्का उल्लेखनीय शासक हुन्। यिनलाई भाषा वंशावलीहरूले सातौं क्रममा राखेका छन् भने गोपाल राजवंशावलीले केही पछिल्लो क्रममा उल्लेख गरेको छ। यिनको समयमा गौतम बुद्ध काठमाडौँ आएको चर्चा गरिएको छ। तर गौतम बुद्ध स्वयम् भने उपत्यका आएका थिएनन्। उनका चेला आनन्दमात्र नेपाल उपत्यकामा आएर बौद्ध धर्मको प्रचार गरेका थिए।

***स्थुंको***

केही वंशावलीहरूले किराँत राजा स्थुंकोका समयमा मौर्य सम्राट अशोक छोरी चारुमतीका  साथ काठमाडौं आएका थिए। यिनले चारस्तुपा बनाए। छोरी चारुमतीको विवाह क्षत्रीय कुमार देवपालसँग गरिदिएका थिए। तर वंशावलीको भनाइ सत्य देखिदैन। अशोक लुम्बिनी, कपिलवस्तुमा मात्र आएका थिए। काठमाडौँ उपत्यकामा आएको कुरा भने प्रमाणित छैन।

### २.४.४ **लिच्छवि काल**

**लिच्छवि शासनको स्थापना**

किराँतहरूपछि लिच्छवि वंशका राजाहरूले नेपालमा शासन सञ्चालन गरेको पाइन्छ। वंशावली एवं पुराणहरूमा सूर्यवंशी क्षेत्रीयहरूले किराँतहरूलाई जितेर नयाँ शासन व्यवस्था कायम गरेको उल्लेख पाइन्छ। गोपाल राजवंशावलीमा 'अनि सूर्यवंशको प्रभावले नेपालमा किराँत राजालाई जितेर लिच्छवि राजवंश चल्यो' भनी लेखिएको छ भने पशुपति पुराणमा पनि 'किराँतहरूलाई बोलिवचनले विश्वासमा पारेर तथा युद्धमा परास्त गरेर वैशालीका स्वामी वा पतिहरूले आफ्नो शासनसत्ता कायम गरेको' भन्ने उल्लेख गरेको पाइन्छ। यसैप्रकारको सन्दर्भ हिमवत्खण्डमा पनि पाइन्छ। जसमा वैशालीका स्वामीहरूले किराँतहरूलाई जितेर नेपालमा शासन सुरू गरेको उल्लेख छ। यसप्रकार नेपालमा लिच्छवि शासन व्यवस्थाको थालनी किराँतीहरूको शासनपछि लगत्तै सुरू भएको देखापर्दछ। गोपाल वंशावलीअनुसार अन्तिम किराँती राजा 'खिगु', भाषा वंशावलीअनुसार 'गालिज', राइट वंशावलीअनुसार किरात राजा 'गस्ति' लाई परास्त गरेर वा धपाएर लिच्छवि राजवंशले नेपालमा शासन सुरू गरेको देखिन्छ।

लिच्छवि राजवंशको थालनी कुन समयदेखि भयो, यसबारे यकिन गर्न सकिएको

छैन । इतिहासविद् बाबुराम आचार्यका अनुसार 'यहाँको किराँत राज्यलाई भङ्ग गरी आफ्नो स्वतन्त्र लिच्छवि राज्य स्थापना गर्न ईस्वी संवत् २५० को आसपासतिर लिच्छविहरू समर्थ भएको देखिन्छ । लिच्छविहरू नेपालमा आउनुभन्दा अगाडि भारतको मुजफ्फरपुर नगरको बसाढ भन्ने बैशालीमा स्वतन्त्र गणतन्त्रात्मक शासन प्रणालीअनुसार शासन चलाउने गर्दथे । त्यो भागमा राजतन्त्रात्मक शासन प्रणाली सुदृढ हुँदै गएको र राजा अजातशत्रुबाट पराजित भई इसाको प्रथम शताब्दीतिर शरणार्थीका रूपमा लिच्छविहरू नेपाल प्रवेश गरेका थिए । बैशालीमा शासन चलाएका लिच्छविहरूले यहाँका भुरे, टाकुरे, सामन्त राजाहरूलाई हराई शासनमा कब्जा गर्ने महत्वकांक्षा प्रदर्शन गरे । तर लिच्छविहरूको सत्तामा कब्जा त्यति सरल र सहज नभई ठूलो सङ्घर्ष र रक्तपातपूर्ण घटनाबाट मात्र सम्भव भएको थियो । तत्कालीन शासक वर्गप्रति जनताको तीव्र असन्तोष व्याप्त भएको बेलामा जनभावनाको अनुकूल लिच्छविहरूले जनसङ्घर्षको नेतृत्व गरेका थिए । किराँतहरू युद्धमा हारेर पूर्वी भेगमा विस्थापित हुन बाध्य भए भने केन्द्रमा लिच्छविहरूको राज्यसत्ता कायम हुन पुग्यो । जनहितलाई बढी स्थान दिने शासनव्यवस्था, सङ्गठित जनजीवन, उन्नत आर्थिक अवस्था, शिक्षाको स्तर, आर्कषक कला आदि कुराले गर्दा लिच्छवि काललाई नेपालको इतिहासमा स्वर्णयुग पनि मानिएको छ । हुन पनि तुलनात्मक दृष्टिले हेर्ने हो भने यो युग सर्वाङ्गिण विकासको युगको रूपमा रहेको छ ।

लिच्छवि शासनकालअन्तर्गत फेला परेको पहिलो प्रमाणित अभिलेख राजा मानदेवको सन् ४६४ को चाँगुको अभिलेख हो जसमा मानदेवभन्दा अगाडिका तीन पुस्ताको विवरण दिइएको छ । यसबाहेक लिच्छवि वंशका आठौं शताब्दीतिरका राजा जयदेवको पशुपति अभिलेखमा लिच्छवि राजाहरूको सुरूदेखिकै वंशावली लेखिएको छ । तर यस वंशावलीमा लिच्छवि राजाहरूको नामको सट्टा क्रमाङ्कमात्र लेखिएको पाइन्छ । यस वंशावलीको आधारमा सन ४६४ मा चाँगु अभिलेख स्थापना गर्ने राजा मानदेव लिच्छवि वंशका ३९ औं राजाको रूपमा देखिन्छन् । मानदेवअघिका राजाको सालाखाला शासन २० वर्ष मानेको खण्डमा मानदेवभन्दा ७६० वर्षअघि अर्थात २९६ ईसापूर्वमा लिच्छवि शासन नेपालमा सुरू भएको देखिन्छ ।

**प्रसिद्ध लिच्छविकालीन शासकहरू**

लिच्छविहरू मूलतः सूर्यवंशी मानिन्छन् । अयोध्याका सूर्यवंशी राजा दशरथका आठौं पुस्तामा लिच्छवि भन्ने व्यक्ति भएको मानिन्छ । लिच्छवि वंशमा सुपुष्प नामका राजा भए जसलाई लिच्छवि राजवंशका संस्थापक र आदिपुरूष पनि मानिन्छ ।

***सुपुष्प***

जयदेव द्वितीयको पशुपति अभिलेखमा उत्कीर्ण वंशावलीमा लिच्छवि नाम गरेका राजापछि तेह्रौं पुस्तामा कामदेवजस्ता राम्रो रूपरङ्ग भएका राजा सुपुष्प भए भनिएको छ। कतिपयले राजा सुपुष्पलाई नै नेपालका प्रथम लिच्छवि राजाको रूपमा मान्ने गरेको पाइन्छ। वंशावलीहरूमा भने सुपुष्पलाई चौथो लिच्छवि राजाको रूपमा देखाइएको छ साथै गोपाल राजवंशावलीमा यिनलाई सुपुष्पदेव, भाषा वंशावलीमा पशुपुष्पवर्मा र राइट वंशावलीमा पशुप्रेखदेव भनेर नामाकरण गरिएको छ। गोपाल राजवंशावलीअनुसार यिनले नेपालमा वर्ण व्यवस्था कायम गर्नुका साथै पशुपतिको देवल बनाउने, त्यसमा छाना हाल्ने, सहरलाई सुन्दर बनाउने, राज्यमा मर्यादा कायम गर्ने तथा न्यायपूर्वक सारा प्रजाहरूको पालना गर्ने काम गरेका थिए। यसबाहेक राइटको वंशावलीमा यी राजाले पशुपति मन्दिरमा सुनको छाना हाल्नुका साथै गजुरसमेत थपेर अग्लो र भव्य तुल्याएको उल्लेख छ। यसैगरी राजा सुपुष्पले भूमि वा जग्गासम्बन्धी मर्यादा बाँधेको कुराको उल्लेख गोपाल राजवंशावलीमै पाइन्छ।

***मानदेव***

शासन सञ्चालनमा कुशल मानदेव प्रथमको शासन कालमा आएर नेपाल राज्य अझ व्यवस्थित, विकसित र बलियो बन्यो। शास्त्र जान्ने, जनतालाई आफ्नै परिवार ठान्नेजस्ता राजगुणहरूले युक्त यी राजाले राज्यमा आर्थिक उन्नति र शान्ति व्यवस्थाद्वारा ४१ वर्ष (वि.सं. ५२१-५६२ (ई.सं. ४६४-५०५)) सम्म आफ्नो शासनमा स्थिरता कायम गरे। आफ्नो राज्यमा मुद्राको व्यवस्थाको अतिरिक्त कला र विद्या क्षेत्रको समेत विकास गरे। प्रथम राजदरबार मानगृहजस्तो भव्य भवन 'श्री नामांक' र 'श्री भोगिनी' अङ्कित नेपालको प्रथम मुद्रा यिनकै कालमा तयार भएको थियो। यिनकै समयदेखि प्राचीन नेपालको इतिहास पनि बढी स्पष्ट र भरपर्दो भएकाले प्रथम प्रमाणित महाराजा यिनैलाई मानिन्छ। यिनको राज्य पूर्वमा कोशी, पश्चिममा गण्डकी (कालीगण्डकीपारी मल्लपुरी) र उत्तरमा हिमालयसम्म फैलिएको थियो। अभिलेख र स्वतन्त्र टक आदि प्रामाणिक कुराहरू मानदेवको पालादेखि पाइएका छन्। चाँगुनारायणको मानदेव नृपको अभिलेख वि.सं. ५२१ (ई.सं.४६४) भन्दा मालीगाउँमा प्राप्त जयबर्माको ई.सं. १६३ (संवत् १०७) लाई प्राप्त सर्वप्राचीन प्रामाणिक अभिलेख मानिन्छ। यसरी विक्रमको छैटौँ शताब्दीदेखि नेपालको प्रामाणित इतिहास प्रारम्भ भएको पाइन्छ।

मानदेवपछि महीदेव, वसन्तदेव आदि राजा भए। वसन्तदेव बालक भएकाले मन्त्रीहरू रविगुप्त र क्रमलील शक्तिशाली भए। संयुक्त शासन र फेरबदल

छिटो भएकाले ई.सं. ५३६ देखि ५४५ सम्म राजनीतिक अस्थिरता व्याप्त भएको पाइन्छ। यसपछि भौमगुप्त, गणदेव, गंगादेव र शिवदेवजस्ता भारदारहरूबीच शक्ति सङ्घर्षजस्तै भयो। शिवदेवले आफ्नो भानिज अंशुवर्माको मद्दतबाट गुप्त प्रभाव बचाए पनि अंशुवर्माको प्रभुत्व बढेर शिवदेव निस्तेज बन्न पुगे। फलस्वरूप अंशुवर्मा राजा भए। मन्त्रीले राज्याधिकार लिएको यो पहिलो घटना थियो।

***अंशुवर्मा***

अंशुवर्माको शासनकाल (ई.सं. ६०५-६२१) मा नेपालमा खेती, पशुपालन र व्यापारमात्र हैन परराष्ट्र सम्बन्ध र रक्षा व्यवस्थाजस्ता चौतर्फी विकासका कार्यहरू भए। उनले नै कैलाशकुट भवन नामक दरबार अत्यन्त कलात्मक भव्य र प्रशंसनीय तवरले तयार गराएका थिए। परराष्ट्र नीति (तिब्बत र चीनसँग) उनकै समयमा सफलतापूर्वक सञ्चालित भए। उनको समयमा भारतमा हर्षवर्द्धन र तिब्बतमा स्रोङचङगम्पोले शक्तिशाली साम्राज्य खडा गरेका हुनाले तिब्बतसँग उनले साँठगाँठ गरे। तिब्बती राजा स्रोङचङगम्पोसँग उनले राजकुमारी भृकुटी (चिजु) को विवाह गराएको कुरा चर्चित छ। उनको समयमा प्रजाले धार्मिक उदारता तथा स्वायत्त शासनसमेत प्राप्त गरेका थिए। कला तथा विद्याको समेत  विकास भई जनजीवन सुसङ्गठित र उन्नत हुँदै गएको थियो। यी सब उन्नति प्रगतिको कारणबाट नेपालको इतिहासमा उनी नै सर्वप्रथम 'महाराजाधिराज' उपाधिप्राप्त शासक बन्न पुगे। विधिवत् युवराज घोषणा गर्ने चलन पनि सर्वप्रथम यिनकै समयदेखि चल्यो। हिन्दू राजाको रूपमा उनले 'पशुपतिपादानुगृहीत' उपाधिसमेत धारण गरेका थिए। 'प्रजाहित समाधानतत्पर' तथा 'कथं मे प्रजा सुखिना भवेत' जस्ता विशेषतायुक्त ठकुरी वंशका यिनले 'शब्द विद्या' (व्याकरण) पनि तयार गरेको बुझिन्छ। वि.सं. ६७८ तिर उनको मृत्यु भयो।

***नरेन्द्रदेव***

शासन सञ्चालनमा कुशल नरेन्द्रदेवको कार्यकालमा ईस्वीको सातौँ शताब्दीको मध्यम (ई.सं. ६४५-६७९) ताका भोट (तिब्बत र चीन) सँग व्यापारिक सम्बन्ध स्थापना हुनुका अतिरिक्त नेपालका पूर्व र पश्चिम भेकका व्यापारिक बस्ती (द्रङ्ग) हरूको प्रारम्भ हुन गई नेपाल केही समयसम्म अन्तर्राष्ट्रिय व्यापारिक केन्द्र बन्यो। नरेन्द्रदेवले महाराजाधिराजको पदवी लिए र 'परम भट्टारक' को प्रसिद्धि पनि पाएका थिए। उनले भद्राधिवास राजदरबार पनि बनाए। उनको आसनमा

सिंहको आकृति भएकोले सिंहसासन प्रचलित भएको बुझिन्छ ।

***जयदेव द्वितीय***

जयदेव द्वितीय (ई.सं. ७१३-७२३) कवि हुनुका अतिरिक्त मुलुक विस्तार गर्ने महात्वाकांक्षीसमेत भएकाले लिच्छवि शासकहरूमा उनको क्रियाकलाप पनि उल्लेखनीय रहेको छ । उनी कविराजाका अतिरिक्त 'परचक्रकाम' (अर्काको देश जित्ने अभिलाषा) जस्तो उपनामले विभूषित थिए । उनको कविता पशुपति शिलालेखमा अङ्कित छ ।

लिच्छविकालका प्रमुख राजाहरू यस प्रकार थिए :

***सुपुष्प, जयदेव प्रथम, हरिदत्त वर्मा, वृषदेव, शंकरदेव, धर्मदेव, मानदेव प्रथम, महिदेव, सन्तदेव, बसन्तदेव, उदयदेव, मानदेव द्वितीय, शिवदेव प्रथम, अंशुवर्मा, नरेन्द्रदेव, जयदेव द्वितीय, शिवदेव द्वितीय, जयदेव तृतीय***

### २.४.५ पूर्वमध्य काल

जयदेव द्वितीयको शासनकालपछि उनका उत्तराधिकारीको रूपमा रहेका ( अभिलेखमा उत्तराधिकारी भनी किटिएका) विजयदेवको शासन पनि नेपालमा निश्चित रूपले चलेको भने पाइन्छ । विजयदेवपछिका शासकहरूबारेमा सर्वसाधर णद्वारा राखिएका अभिलेख, हस्तलिखित ग्रन्थ, वंशावलीअनुसार गुणकामदेव, मानदेव तृतीय, बलीराज, बलदेव, मानदेव चतुर्थ (८७७ ई.) का साथै राघवदेव (ई.स.८७९) राजा भएको पाइन्छ ।

***गुणकामदेव***

ई.सं. ९८७ र ९९० सम्मका २ वटा अभिलेखहरूमा गुणकामदेवले काठमाडौँ उपत्यकामा शासन गरेको उल्लेख छ । इतिहासकार पेटेकका अनुसार यिनको शासनकाल १८ वर्ष रहेको थियो । यिनले उमामहेश्वरको मूर्ति स्थापना गर्नुका साथै पशुपतिनाथ मन्दिर परिसरमा रहेको इशानेश्वर मन्दिरमा तामाको छाना, सत्तल तथा सुन्धारा बनाएका थिए । यिनले काष्ठमण्डप, मरूसत्तल र मरूहिटीसमेतको निर्माण गरेका थिए ।

### २.४.६ सिम्रौनगढको कर्णाटक राज्य

सिम्रौनगढ नारायणी अञ्चलको बारा जिल्लामा पर्दछ । यसको प्राचीन नाम सिमरा-वनगढ थियो । त्यसबेला ठूला बस्ती भएका सबै क्षेत्रहरू सुरक्षाको हिसाबले गढ (किल्ला) को रूपमा परिणत गरिएका हुन्थे । यस्ता किल्लाहरू जङ्गलको बीचमा समेत बनेका हुन्थे । वनभित्र बनेको गढलाई 'वनगढ' वा 'वनदुर्ग' भनिन्थ्यो । जुन ठाँउको वनमा सो गढ बनेको हुन्थ्यो त्यही नाम

विशेष प्रचलित हुन्थ्यो । सिमराको वनमा रहेको गडरूपको बस्ती भएकाले नै 'सिमरा-वनगढ' भनिएको हो । यही शब्द पछि अपभ्रंश भई सिम्रौनगढ भएको हो । सिम्रौनगढ वरपरको सम्पूर्ण क्षेत्र त्यसबेला तिरहुतको नामले प्रसिद्ध थियो । काठमाडौँ उपत्यकाका तत्कालिक प्रमाणहरूमा भने यो क्षेत्रलाई 'डोयराज्य' भनिएको पाइन्छ । पश्चिमको खस राज्यको स्थापना भएताका नै दक्षिण र पूर्वी तराई भेक समेटेर कर्णाटकवंशको डोप (तिरहुते) राज्य खडा भएको पाइन्छ । यसको राजधानी सिम्रौनगढ (सिमरा वनगढ) अर्थात सिमरामा थियो । तिरहुतमा स्थापित कर्णाटक राज्य नान्यदेवले वि.स. ११५४ (ई.स.१०९७) मा स्थापना गरेका थिए । यो स्वतन्त्र राज्यको अस्तित्व करीब २२९ वर्ष जति रह्यो र ई.स. १३२६ मा विघटन हुन गयो । यस राज्यमा शासन गर्ने प्रमुख शासकहरू नान्यदेव र हरिसिंहदेव थिए ।

न्यायदेव दक्षिणी भारतको कर्णाटक क्षेत्रका निवासी थिए । यिनी दक्षिणी भारतका चालुक्य शासकका सेनापति थिए । चालुक्यले उत्तरी भारतर्फ विजय अभियान चलाउँदा न्यायदेव यसतर्फ आएका थिए । पछि यिनी आफैंले सिम्रौनगढलाई केन्द्र बनाई यस क्षेत्रमा राज्य स्थापना गरेको पाइन्छ । न्यायदेवपछि क्रमशः गङ्गादेव, नरसिंहदेव, रामसिंहदेव, शक्तिसिंहदेव, भुपालसिंहदेव र हरिसिंहदेव आदि शासकहरूले सिम्रौनगढमा शासन गरे । हरिसिंहदेव कर्णाटकवंशका अन्तिम शासक हुन् । यिनको शासनकालमा दिल्लीका मुसलमान बादशाह गयासुद्दीन तुग्लकले आक्रमण गरेर सो राज्य ध्वस्त पारेका थिए ।

उपत्यकाका मल्ल राजाहरूको कुलदेवीका रूपमा पूजा गरिने तुलजा भवानी वास्तवमा कर्णाट राजाहरूकै कुलदेवी हुन् । हरिसिंहदेवकी रानी देवलदेवी शरणार्थीको रूपमा उपत्यका पस्दा आफूसित तुलजा भवानीको कलश पनि लिएर आएकी थिइन् । देवदेलवी र उनका छोरा जगतसिंहको उपत्यका प्रवेशपछि कर्णाटकको प्रभाव उपत्यकामा परेको थियो जुन स्वभाविक नै थियो ।

हरिसिंहदेवको मृत्यु भएताका उपत्यकामा रूद्र मल्ल र अरि मल्लको संयुक्त शासन चलिरहेको थियो । अरि मल्ल चाहिँ नाम मात्रका शासक थिए । रूद्र मल्लले हरिसिंहदेवको मृत्युपछि उनकी रानी देवलदेवी र छोरा जगतसिंहलाई आफ्नो दरबारमा शरण दिएका थिए । देवलदेवीले आफ्नो साथमा ल्याएका तलेजुको कलश दरबारमा स्थापित गरिन् । पछि नेपालका शासकहरू पनि तलेजुका उपासक बने । देवलदेवीका छोरा कुमार जगतसिंहको विवाह मल्ल राजकुमारी नायकदेवीसँग सम्पन्न भयो र यस जोडीबाट राजल्लदेवीको जम्न

भयो । यिनै राजल्लदेवीसँग जयस्थिति मल्लको विवाह भएको हो ।

### २.४.७ **कर्णाली प्रदेशको खस मल्ल राज्य**

पूर्वमा नुवाकोट, पश्चिममा केदार, उत्तरमा तिब्बत, दक्षिणमा तराई भू-खण्डसम्म खस मल्ल राज्य विस्तारित थियो । खस मल्ल राज्यको द्वार कैलाली कञ्चनपुरको मल्लवार थियो । तिब्बतका केही भागसमेत यस राज्यको प्रभावमा परेका थिए । पश्चिममा गढवाल, कुमाऊदेखि पूर्वमा गोरखाको साँधसम्म फैलिएको खस साम्राज्य तत्कालीन नेपालको ठूलो भूखण्ड थियो । खस राज्यको राजधानी सिन्जा



कर्णालीको मल्लकालीन देवल

थियो । तिब्बतको खाडी प्रदेशबाट आएका नागराजले कर्णाली प्रदेशमा स्वतन्त्र खस राज्य स्थापना गरेको मानिन्छ । यो समय १२ औं शताब्दीतिर (ई.स.११५०) भएको अनुमान छ । तिव्बती वंशावली, वि.सं. १४१४ को दुल्लु अभिलेख तथा गोपालराजवंशावली आदि स्रोतहरूबाट नै त्यस क्षेत्रको इतिहासबारे जानकारी प्राप्त गर्न सकिन्छ । यस राज्यका शासकहरूमा नागराज, क्राचल्ल, अशोक चल्ल, जितारि मल्ल, रिपु मल्ल, आदित्य मल्ल, पुण्य मल्ल र पृथ्वी मल्ल आदि रहेको पाइन्छ । यो राज्यको अस्तित्व करीब २२६ वर्ष जति रह्यो । खस राज्यको

पतनपछि सुदूर पश्चिममा बझाङ, डोटी, जाजरकोटजस्ता बाइसी राज्य जन्मेका हुन् । वर्तमान समयमा सबैभन्दा अविकसित तथा पिछडिएको मानिएको यो क्षेत्र मध्यकालमा निक्कै शक्तिशाली राज्यको रूपमा रहेको थियो । पश्चिमी खस राज्यको सबैभन्दा प्रमुख र महत्वपूर्ण योगदान भाषासम्बन्धी योगदान हो । वर्तमान नेपाली भाषाको उत्पत्ति खस मल्ल राज्यमै भएको थियो । त्यसैले यस भाषालाई 'खसकुरा' वा 'सिंजाली भाषा' समेत भन्ने गरिन्छ । खस मल्ल राजाहरूले यस भाषालाई राजकाजको माध्यम बनाएर राष्ट्र भाषाको स्थान दिएको हुनाले नै यो भाषा निरन्तर परिमार्जित र विकसित हुँदै गयो । खस मल्ल राज्यको विघटनपछि खडा हुन पुगेका बाइसे र चौबीसे राज्यहरूमा समेत यसै भाषालाई व्यापक प्रयोगमा ल्याइयो । बाइसे र चौबीसे राज्यहरूमा राज्य भाषाका रूपमा यसै भाषाले स्थान पायो र विशाल नेपालको एकीकरणपछि नेपालको राष्ट्र भाषा बन्न पुग्यो ।

### २.४.८ कपिलवस्तुको शाक्य शासित राज्य


लुम्बिनीको अशोक स्तम्भ

लुम्बिनी अञ्चलको कपिलवस्तु जिल्लामा तिलौराकोट नामक स्थान रहेको छ । प्राप्त तथ्यहरूको आधारमा यो तिलौराकोट नै शाक्यहरूको प्राचीन कपिलवस्तुको राजधानी थियो । प्राचीन गणराज्यहरूमध्ये शाक्यहरूको यो राज्य विशेष उल्लेखनीय थियो, किनभने क्रकुछन्द, कनकमुनि, सिद्धार्थ गौतमलगायतका बुद्धहरूको जन्म यही स्थानमा भएको थियो । उनै सिद्धार्थ गौतम नै बुद्धधर्मका प्रवर्तक महात्मा गौतम बुद्धको रूपमा परिचित छन् । प्राचीन कपिलवस्तु नगर पञ्चभुजाकार किल्लाको रूपमा बसाइएको नगर थियो । त्यस बखत व्यापारिक राजमार्गका रूपमा उत्तरदेखि दक्षिणपूर्व हुँदै श्रावस्तीदेखि राजगिरसम्म पुग्ने राजमार्ग धेरैजसो कपिलवस्तु राज्यभित्रै पर्दथ्यो । शाक्यहरूको राज्य गणराज्यको रूपमा भएको हुनाले कपिलवस्तु गणराज्यको शासन व्यवस्था प्राचीन उत्तर

भारतीय गणराज्यहरूको शासन व्यवस्थाअनुरूप नै थियो । शासन सञ्चालनार्थ साधारण सभा र भारदारी सभा गरी दुई एकाइहरू थिए । साधारण सभाले राज्यको कार्यकारी सभाको रूपमा कार्य गर्दथ्यो र यस्तो कार्यकारी सभाका मुख्य व्यक्तिलाई नै राजा भनिन्थ्यो । बुद्धको जन्मताका कार्यकारी सभाका मुख्य व्यक्ति सुद्धोधन थिए । राजा सुद्धोधनपछि कार्यकारी सभाको मुख्य व्यक्ति वा राजाको रूपमा महानामालाई निर्वाचित गरिएको थियो । कपिलवस्तु राज्यको छिमेकमा पर्ने कोशल राज्यका राजाविरूद्धकको आक्रमणमा परेर कपिलवस्तु राज्यको पतन हुन पुग्यो ।

## २.५ मध्यकाल

वि.स. ९३६ मा 'नेपाल संवत्' सुरू भएपछि नेपालको इतिहासमा 'मध्यकाल' प्रारम्भ भएको मानिएको छ । वि.स ९३६ देखि नेपालको एकीकरण भएको अवधि १८२५ सम्म र लिच्छविकालको समाप्तिपछि र मल्लको पतन हुनुअघिसम्मको करिब ९०० वर्ष लामो समयलाई नेपालको इतिहासमा मध्यकाल भनिन्छ । वास्तवमा मध्यकाल भन्नाले नेपालको सन्दर्भमा 'मल्लकाल' को रूपमा अध्ययन गर्ने प्रचलन छ । यस कालका केही शताब्दीसम्म नेपाल पहिलाको लिच्छवि राज्यजत्रै विशाल रहेको तर पछि क्रमशः ठाउँठाउँमा साना स्वतन्त्र राज्यहरू बनेका देखिन्छन् । बीच-बीचमा एकीकरणको पुनः प्रयास र विस्तार पनि भएको थियो । तसर्थ मध्यकालीन नेपालको भौगोलिक स्थिति कहिले एकीकृत, कहिले विखण्डित, कहिले विस्तारित र कहिले सङ्कुचित भएको पाइन्छ ।

### २.५.१ मल्ल वंशको परिचय

तेह्रौं शताब्दीको आरम्भदेखि नेपाल उपत्यकामा मल्लहरूको शासन व्यवस्था कायम भएको मानिन्छ । साथै, यस वंशका पहिलो शासक भनेर अरिमल्लको नाम लिने चलन छ । तथापि अरि मल्लभन्दा धेरै अगाडिदेखि शासनमा मल्लहरूको सक्रियता थियो । अरिमल्लभन्दा एक शताब्दीअघिदेखि नै मल्लहरू कुनै न कुनै रूपमा शासनमा सक्रिय भएको कुरा गोपाल राजवंशावली तथा केही अभिलेखहरूमा समेत पाइन्छ ।

मल्लहरू प्राचीन जाति मानिन्छन् । प्राचीन संस्कृत वाङ्मयहरूमा मल्लहरूको उल्लेख विशिष्ट वर्गका क्षेत्रीयको रूपमा गरिएको छ । महाभारत, विभिन्न बौद्ध साहित्यहरू, मनुस्मृति तथा अन्य विभिन्न पुराणमा मल्लहरूको सन्दर्भ पाउन सकिन्छ । महाभारतमा कोसलहरूको साथमा मल्लहरूको पनि समान चर्चा गरिएको पाइन्छ । मार्कण्डेय पुराणमा मिथिलाका विदेहहरूसँग मल्लहरू दाँजिएका छन् ।

पाचौं, छैठौं शताब्दी ई.पू. का सङ्गठित गणराज्यको सञ्चालन गरेर बसेका धेरै राजवंशहरू पछि क्रमश: राजतन्त्रात्मक शासनअन्तर्गत चलेका राज्यहरूको साम्राज्य विस्तारको चपेटामा परेर नेपालको भूभागमा पसेका उदाहरणहरू विभिन्न प्राचीन श्रोतहरूले दिएका छन् । लिच्छवि, कोलीय, शाक्य, मल्ल आदि सबै नै नेपालमा शरणार्थी रूपमा पसेका थिए । शाक्यहरू ललितपुर क्षेत्रमा बसेका थिए भने कोलियहरू कान्तिपुर (आजको केलटोल) मा बसोबास गर्दथे । त्यस्तै, मल्लहरूले सुरूमा गण्डकी क्षेत्रमा र पछि उपत्यकामा कतै न कतै बसोबास गरेको पाइन्छ ।

### २.५.२ मल्लहरूको नेपाल आगमन

उत्तर भारतमा मगधका गुप्त सम्राटको दिग्विजयले वैशालीका लिच्छविहरू त्यहाँ टिक्न नसकी काठमाडौं उपत्यकामा आएजस्तै भारतको कुशीनगर र त्यसको छेउछाउ मूल भएका मल्लहरू पनि शरणार्थीहरूका रूपमा नेपालको गण्डकी क्षेत्रमा आएका थिए । राजल्लदेव र कठय मल्लले ललितपुरको दक्षिणमा अवस्थित चम्पागिरी (चापागाँउ) बस्ती बसाएकाले मल्लहरूले काठमाडौंमा आफ्नो राजनैतिक प्रभाव बढाउने प्रयास गरेको देखिन्छ । मानदेवद्वारा मल्ल प्रदेशमा आक्रमणको मुख्य उद्देश्य मल्लहरूको महत्वकांक्षालाई दबाउनु नै थियो । केन्द्रमा लिच्छवि शासन कमजोर हुन थालेपछि मल्लहरूको केन्द्रमा शासन गर्ने आकाक्षां बढ्यो । यसमा अरिदेव (अरि) मल्ल सफल भए । वि.स. १२१० मा जन्मेका अरिदेव वि.सं.१२५८ मा राजा भई १५ वर्ष जति राज्य गरेर वि.स. १२७४ मा देह त्याग गरे । अरि मल्लपछि अभय मल्ल वि.सं. १२७४ मा राजा भए । उनले ३८ वर्षसम्म शासन चलाए ।

### २.५.३ मल्ल राज्यको विभाजन

मल्लकालमा एकीकृत नेपाल उपत्यकाको राजधानी भक्तपुर थियो र राजाहरू 'युथनिम्हम' र 'त्रिपुर' दरबारमा रही शासन चलाउँथे । अन्य मुलुकको आक्रमणबाट बच्न सकिने गरी चारपाटे किल्लाका रूपमा दरबार बनाएको हुन्थ्यो जसलाई स्थानीय भाषामा चौक्वाँठ भनिन्छ । नेपाल उपत्यकाको सङ्गठित मल्ल राज्यका अन्तिम मल्ल राजा यक्ष मल्ल थिए । यक्ष मल्लको शासनकालपछि नेपाल उपत्यका कान्तिपुर, पाटन र भादगाउँका रूपमा विभाजित भए । कान्तिपुरमा हनुमान ढोका दरबारको निमार्ण इस्वीको बाह्रौं शताब्दीमा राजा गुणकामदेवका पालामा भएको कुरा वशांवलीमा उल्लेख छ । प्रताप मल्लले कान्तिपुरको यस दरबारमा धेरै खण्ड र चोकहरू थपेर विशाल रूप दिएका थिए । पृथ्वीनारायण शाह कान्तिपुरको राजगद्दीमा आरूढ भएपछि केही पुरानो खण्ड र चोक हटाउने,

नयाँ चोकहरू र खण्डहरू थप्ने काम भएको थियो ।

**तालिका नं. २.१**

**उपत्यकाका मल्ल राजाहरू**

**कान्तिपुरका मल्ल राजाहरू**

| | |
|---|---|
| १) रत्न मल्ल | २) सूर्य मल्ल |
| ३) अमर मल्ल | ४) महेन्द्र मल्ल |
| ५) शिवसिंह मल्ल | ६) लक्ष्मीनरसिंह मल्ल |
| ७) प्रताप मल्ल | ८) नृपेन्द्र मल्ल |
| ९) पार्थिवेन्द्र मल्ल | १०) भूपालेन्द्र मल्ल |
| ११) भाष्कर मल्ल | १२) जयज्जय मल्ल |
| १३) जयप्रकाश मल्ल | |

**पाटनका मल्ल राजाहरू**

| | |
|---|---|
| १) रत्न मल्ल | २) विष्णु मल्ल |
| ३) नरसिंह मल्ल, पुरन्दरसिंह मल्ल, उद्धवसिंह मल्ल | ४) हरिहरसिंह मल्ल |
| ५) सिद्धिनरसिंह मल्ल | ६) श्रीनिवास मल्ल |
| ७) योगनरेन्द्र मल्ल | ८) लोकप्रकाश मल्ल |
| ९) इन्द्र मल्ल | १०) महीन्द्र मल्ल |
| ११) वीरनरसिंह मल्ल | १२) ऋद्धिनरसिंह मल्ल |
| १३) भाष्कर मल्ल | १४) योगप्रकाश मल्ल |
| १५) विष्णु मल्ल | १६) राज्यप्रकाश मल्ल |
| १७) विश्वजित मल्ल | १८) जयप्रकाश मल्ल |
| १९) रणजित मल्ल | २०) तेजनरसिंह मल्ल |

**भादगाउँका मल्ल राजाहरू**

| | |
|---|---|
| १) राय मल्ल | २) सुवर्ण मल्ल |
| ३) प्राण मल्ल | ४) विश्व मल्ल |
| ५) जगज्योर्ति मल्ल | ६) नरेन्द्र मल्ल |

७) जगतप्रकाश मल्ल

८) जितामित्र मल्ल

९) भूपतीन्द्र मल्ल

१०) रणजित मल्ल

**तालिका नं. २.२**

**केही मल्ल राजाहरूका मुख्य कृतिहरू**

| **राजा** | **मुख्य कृतिहरू/कार्यरू** |
|---|---|
| जयस्थिति मल्ल | पेसागत हकहितको संरक्षण, जग्गालाई अब्बल, दोयम, सिम र चाहार गरी ४ भागमा विभाजन; घर, जमिन बेचविखन गर्न र बन्धक राख्न पनि पाइने व्यवस्था; माना, पाथी, ढक तराजुमा सुधार; चारवर्ण छत्तीस जातको सामाजिक व्यवस्था, जातीय पेसा र पहिरनको व्यवस्था; गोपाल राजवंशावलीको रचना |
| यक्ष मल्ल | भक्तपुर तौमडी टोलको मन्दिर, दत्तात्रय मन्दिर, यक्षश्वर मन्दिर, ललितपुरको भीमनाथ मन्दिर स्थापना, |
| रत्न मल्ल | तामाको मुद्रा प्रचलन; तलेजु मन्दिर निर्माण; पशुपतिमा दक्षिणकाली, सप्तर्षि र अष्टमातृकाका मूर्ति स्थापना |
| महिन्द्र मल्ल | उपत्यकामा चाँदीको मोहोर (महेन्द्र मल्ली) चलाएका, तलेजुनजिक महेन्द्रेश्वर महादेव मन्दिर निर्माण |
| लक्ष्मीनरसिंह मल्ल | नुवाकोट भैरवी मन्दिरको जिर्णोद्वार गराएर पाँचवटा सुनका गजुर चढाएका, मखनको शिवालय स्थापना, काष्ठमण्डप निर्माण, |
| प्रताप मल्ल | तलेजु भवानीको मन्दिरअगाडि खम्बा गाडेर सुनको मालम्वा लगाइएको धातुको सिंह स्थापना (१६९९), हनुमान ढोका दरवारको विस्तार, मोहनचोक, सुन्दरी चोक, नासलचोक, भण्डारखाल बगैँचाको निर्माण, हनुमानढोका, दरबारक्षेत्रमा विश्वरूपको सुनौलो मूर्ति स्थापना, हनुमानढोका बाहिर २ ओटा हनुमानका मूर्ति स्थापना, नासलचोकमा नृसिंहको मूर्ति स्थापना, रानीपोखरी निर्माण, गुहेश्वरी, दक्षिणकालीको स्थापना, पशुपतिमा कोटिलिङ्ग स्थापना |

| | |
|---|---|
| जयप्रकाश मल्ल | कुमारीचोक स्थापना, कुमारीको रथयात्रा आरम्भ, बालाजुको २२ मध्ये २१ धारा निर्माण |
| सिद्धि नरसिंह मल्ल | पाटनको कृष्ण मन्दिर निर्माण, भण्डारखालको धारा पोखरी निर्माण |
| जगज्योति मल्ल | भक्तपुरमा विस्केट जात्रा सुरू गरेका |
| भूपतिन्द्र मल्ल | भक्तपुर दरबार क्षेत्रका कलाकृति, ५५ झ्याले दरबार, मालती चोक निर्माण । |

## २.६ आधुनिक काल

आधुनिक नेपालको राजनीतिक इतिहास वि.स. १८२५ (ई.स.१७६८) देखि प्रारम्भ हुन्छ । शाहवंशीय राजा पृथ्वीनारायण शाहले उपत्यका विजय प्राप्त गरेपछि नै आधुनिक काल सुरु भएको मानिँदै आएको छ । नेपालको आधुनिक इतिहास र भूगोलका प्रर्वतक पृथ्वीनारायण शाहले आफ्ना दिव्य उपदेशमा 'मेरा साना दुखले अर्ज्याको मुलुक होइन चार वर्ण छत्तीस जातको फूलबारी हो सबैलाई चेतना भया' भन्ने एकताबोधको सन्देशसमेत दिएका छन् । विशाल नेपाल निर्माणमा पृथ्वीनारायण शाहलाई एकीकरण अधिष्ठाता मानिन्छ । साना-साना थुम र टाकुरे राज्यमा विभक्त भू-खण्डलाई समेटी शक्तिशाली राज्यमा एकीकृत र सङ्गठित गर्न वि.स. १८०१ (ई.स. १७४४) को नुवाकोट विजयदेखि वि.स. १८७३ (ई.स.१८१६) को सुगौली सन्धिसम्म करीब ७३ वर्ष लागेको थियो ।

### २.६.१ शाहवंशको परिचय

शाहवंशको प्राचीन इतिहासबारे विभिन्न वंशावलीहरूले अलग-अलग रूपमा वर्णन गरेका छन् तापनि हालसम्म प्राप्त विविध तथ्यहरूको आधारमा हेर्दा गोरखा-राजवंशको सम्बन्ध भारतको चितौडका सिसौदिया राजपुतहरूसित कायम रहेको बुझिन्छ । मुसलमानी आक्रमणबाट चितौडको पतन भएपछि त्यहाँका शासकहरू पनि भागेर यत्रतत्र लागे । केही वर्षपछि यही राजवंशका भूपालले नेपालको रिडी र पछि भीरकोटमा बसोबास गरेको बुझिन्छ । यी भूपालका दुई छोराहरू हरिहरसिंह र अजयसिंहले पहिलोपल्ट आएर पहाडी इलाकामा आ-आफ्नो स्वतन्त्र राज्यको स्थापना गरे । यी दुवै भाइहरूले तत्कालीन भारतवर्षका शासकहरूले लिए सरह मान पदवी धारणा गरेका थिए । त्यसैले इतिहासमा यिनीहरू खाँचा खान र मिचा खान भनेर पनि चिनिन्छन् । कान्छा अजयसिंहको वंशमा यिनीपछि विचित्र खान,

कुलमण्डन आदि भए । कुलमण्डनले दिल्लीका बादशाहबाट शाह पदवी पाएको कुरा वंशावलीमा उल्लेख गरिएको छ । यसर्थ कुलमण्डनको पालादेखि नै यस राजवंशले आफ्नो नामको साथ शाह प्रयोग गर्न थालेको मानिन्छ । कुलमण्डन शाहको समयमा लमजुङको राजगद्दी खाली भएकोले लमजुङको अनुरोधमा यिनका कान्छा छोरा यशोब्रह्म शाहलाई त्यहाँको राजा बनाइयो । यो यशोब्रम्ह शाहका दुई भाइ छोराहरू थिए । जेठा नरहरि शाह र कान्छा द्रव्य शाह । यिनै यशोब्रम्ह शाहका कान्छा छोरा द्रव्य शाहले नै गोरखामा विजय गरेर आफ्नो राज्य स्थापित गरेका हुन् । गोर्खा राज्य चौबीसीकै वर्गमा परे पनि यसको आफ्नै अस्तित्व र महत्व थियो । प्रारम्भमा गोर्खामा खड्काहरूले राज्य गर्थे । लमजुङ्गे राजा यसोब्रह्मका छोरा राजा द्रव्यशाह वि.स.१६१६ (ई.स. १५५९) मा गोरखाको राजगद्दीमा बसेपछि नै गोरखा शाहवंशीय राज्यको रूपमा विकास भयो ।

**२.६.२ गोरखा राज्यको स्थापना**

गोरखामा शाहवंशको स्थापना हुनुभन्दाअघि रजाइँ गरिरहेका खड्का राजाहरूलाई जातीय भेदभाव, दमन र धार्मिक उच्छृङ्खलताको कारणले गोर्खाका बुज्रुकहरू क्रुद्ध भई राज्यच्यूत गराई कुनै सुयोग्य व्यक्तिलाई राजा बनाउन चाहिरहेको अवस्थामा द्रव्य शाहको सम्पर्क गोरखाली जनतासँग हुन गयो । गोरखकाली जनता उनको ओजस्वी व्यक्तित्वबाट प्रभावित भई उनलाई राजा बनाउने तरखरमा लागे । त्यो समयमा लिगलिगे भन्ने ठाँउमा घले थरका गुरुङहरूले राज्य गर्दथे । त्यहाँ प्रत्येक वर्ष विजयादशमीको दिन दौडमा प्रथम हुनेलाई राजा बनाउने प्रचलन थियो । त्यस उत्सवलाई हेर्न उपस्थित भएको बेला द्रव्य शाहले अप्रत्याशित रूपमा आक्रमण गरी त्यहाँ आफ्नो प्रभुत्व कायम गरे । लिगलिगमाथि विजय हासिल गरेलगतै गोरखामा आक्रमण गरे, तर गोरखालीहरूले द्रव्य शाहको तीब्र प्रतिरोध गरे । १५ दिनसम्म युद्ध गर्दा पनि विजय हुन नसकेको कारणले द्रव्य शाह लिगलिग फर्कन बाध्य हुनुपर्‍यो । द्रव्य शाह निकै महत्वकांक्षी भएकोले प्रथम पराजयले उनको उत्साहलाई दमन गर्न सकेको थिएन भने भागिरथ पन्त, गणेश पाण्डे, सर्वेश्वर खनाल, गंगाराम राना, गजानन भट्टराई, केशव बोहरा, मुराली खवासहरूले उनको उत्साहलाई बढाइरहेका थिए । द्रव्यशाहका सैनिकहरू थापा, भुषाल, मास्के, रानाहरूसमेतले गोरखाका राजाको दरबारलाई घेरी आक्रमण गरे । द्रव्य शाहको हातबाट खड्का राजाले वीरगति प्राप्त गरे । यसप्रकार वि.स.१६१६ भाद्र २५ मा द्रव्य शाह गोरखाका राजा भए । द्रव्य शाहका सन्तान राम शाह १६६३ तिर गोरखाका राजा भए । यिनी न्याय दिने राजाका रूपमा प्रसिद्ध थिए ।

**तालिका नं. २.३**

**पृथ्वीनारायण शाहपूर्वका राजाहरू**

| क्र.सं. | राजाहरू | समयावधि (वि.सं.) |
|---|---|---|
| १ | द्रव्य शाह | १६१६-१६२७ |
| २ | पुरन्दर शाह | १६२७-१६६२ |
| ३ | छत्र शाह | १६६२-१६६३ |
| ४ | राम शाह | १६६३-१६९० |
| ५ | डम्बर शाह | १६९०-१७०२ |
| ६ | कृष्ण शाह | १७०२-१७१८ |
| ७ | रूद्र शाह | १७१८-१७३० |
| ८ | पृथ्वीपति शाह | १७३०-१७७३ |
| ९ | नरभूपाल शाह | १७७३-१७९९ |

### २.६.३ पृथ्वीनारायण शाह र नेपाल एकीकरण अभियान

पृथ्वीनारायण शाह नरभूपाल शाहका छोरा हुन् । उनको जन्म १७७९ पौष २७ गते गोरखामा भएको थियो । पृथ्वीनारायण शाह एक प्रतापी राजा थिए । लमजुङ्गे राजा यसोब्रह्मका छोरा क्षेत्रीय राजा द्रव्य शाह वि.स.१६१६ मा गोरखाको राजगद्दीमा बसेपछि नै गोरखा शाहवंशीय राज्यको रूपमा विकास भएको थियो । गोरखाको स्थापनापछि मात्र पूर्वका सेन राज्यहरू, काठमाडौँ उपत्यकाका मल्ल राज्यहरू, बाइसी, चौबीसेभन्दा गोरखा राज्य सशक्त र सङ्गठित भएकाले एकीकरणको अभियान यसले सफलतापूर्वक सञ्चालन गऱ्यो । केही राज्यहरू गोरखाभन्दा बलिया भए पनि मध्यकालको 'गुहार युगे राजनीति'को फेरोफन्दोमा परी मजबुत हुनसकेका थिएनन् । गोरखाले कूटनीतिक चालबाजी सुरूदेखि नै गर्दै थियो । यस राज्यमा द्रव्य शाह, राम शाह, नरभूपाल शाह र पृथ्वीनारायण शाहजस्ता प्रतापी राजाहरूले राज्य गरेका थिए । नेपाल एकीकरणको प्रयास मध्यकालीन नेपालमा भएपनि आधुनिक नेपालको थालनीपछिमात्र यो कार्य सम्पन्न भएको थियो ।

***लमजुङ र भक्तपुरसँग मैत्री सम्बन्ध कायम***

पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकामा आक्रमण गर्नुअगाडि लमजुङ्गसँग

मैत्री सन्धि गरे। सन् १७४० ई. को जनवरी महिनामा भएको यो सन्धिमा आपसमा अनाक्रमण र अर्को देशले आक्रमण गरेमा दुवै देश एक भएर लड्ने कुरा उल्लेख थियो। पृथ्वीनारायण शाह छिमेकी दुश्मन राज्यसँग मैत्री सन्धि गर्न सफल भएकाले उपत्यका आक्रमण गर्ने योजना राम्ररी अगाडि बढेको हो। त्यसैगरी सन् १७४१ मा पृथ्वीनारायण शाहले भक्तपुरका राजा रणजीत मल्लका छोरा वीरनरसिंह मल्लसँग मितेरी साइनो गाँसेर अर्को छिमेकीसँग मैत्री सम्बन्ध स्थापना गरेका थिए।

### *नुवाकोटमाथि आक्रमण र विजय*

पृथ्वीनारायण शाहले सन् १७४३ मा नुवाकोट आक्रमण गरे। नुवाकोट त्यस समयमा काठमाडौँका राजा जयप्रकाश मल्लको अधीनमा थियो र उनीहरूसँग गोर्खालीका भन्दा राम्रा र आधुनिक हतियारहरू भएकाले पृथ्वीनारायण शाहको नुवाकोट आक्रमण असफल भएको थियो। दोश्रो पटक २५ सेप्टेम्बर १७४४ ई. मा गोरखाली सेनाले त्रिशुली बिहानै पार गरी नुवाकोटको सबभन्दा अग्लो स्थल महामण्डलमा दुईतिरबाट आक्रमण गरेर नुवाकोटलाई आफ्नो बनायो। यसै क्रममा पृथ्वीनारायण शाहले बेलकोटमाथि पनि विजय प्राप्त गरे।

### *उपत्यका नाकाबन्दी गर्ने प्रयास*

उपत्यकामा सोझै आक्रमण गर्नुभन्दा पहिले यसलाई चारैतिरबाट घेर्ने प्रयास भयो। यस क्रममा गोरखाले काठमाडौँ उपत्यकाका राज्यहरू एवं लमजुङ्गसँग मूठभेड गर्नुपरेको थियो। उत्तर-पश्चिम र दक्षिणतिरबाट काठमाडौँ उपत्यकालाई घेरेर आर्थिक नाकाबन्दी गर्ने पृथ्वीनारायण शाहको योजना लगभग सफल भएपछि उपत्यकाको पूर्वतिरबाट नाकाबन्दी गर्नु आवश्यक थियो। यस क्रममा २३ अक्टुबर १७६३ ई.मा हरिवंश उपाध्याय, कालिदास खड्का र रामकृष्ण कुँवरले धुलिखेल, खड्पु, चौकोट, पनौती, बनेपा, नाला, साँगा आदि सात गाउँमा आक्रमण गरी विजय प्राप्त गरे। २ नोभेम्बर १७६३ ई. मा युद्ध नगरिकन नै फर्पिङ्ग गोर्खाको अधीनमा आयो। काठमाडौँ उपत्यका अब पूर्वतर्फबाट पनि घेरियो। पृथ्वीनारायण शाहले चारैतिरबाट उपत्यकालाई घेरेर नून, कपास, खाद्यान्न एवं अन्य सामानहरू उपत्यकाभित्र प्रवेश गर्न पूर्ण प्रतिबन्ध लगाई दिए।

### *सिन्हानचोक गढीको युद्ध*

मे १७५५ ई. मा चौबीसी राज्यहरूको संयुक्त सेनाले चेपेनदी तरी गोर्खाको सिन्हानचोक गढीमा हमला गरे। गोर्खाली सेना कालुपाण्डेको नेतृत्वमा हमलावारहरूलाई प्रतिरोध गर्न त्यसतर्फ लाग्यो। दुवैतर्फका सेनाहरूबीच

घमासन युद्ध भयो। दुवैतर्फ धेरै हताहत भए। अन्तमा विजयश्री गोर्खाली फौजकै हात लाग्यो।

### *काठमाडौँ र गोरखाबीचको सन्धि*

तिब्बतसँग व्यापार गर्ने मुख्य घाँटी केरूङ र कुत्ती गोरखाको नियन्त्रणमा भए तापनि गोरखाले खास व्यापारमा लाभ लिन पाएको थिएन। उपत्यकाका राजाहरूका बीचमा फुट गराउन पनि काठमाडौँसँग सन्धि गर्न आवश्यक थियो। त्यसकारण कान्तिपुरसँग सन् १७५८ ई.मा तिब्बतसँग भएको व्यापारको लाभ दुवै देशले पाउने कुरा उल्लेख भएको सन्धि गरियो।

### *मकवानपुर विजय*

गोरखाले वि.स.१८१९ भाद्र ९ गते राती मकवानपुरमाथि विजय प्राप्त गऱ्यो। त्यस बखत भारतको चित्तौडमा दिल्लीका सुल्तान अलाउद्दीन खिजलीले आक्रमण गरेका थिए। अन्तमा राजपुत राजाहरूले हार स्वीकार गरेर आफ्ना बचेको सेनासाथमा लिएर हिमालयका कन्दरातर्फ प्रस्थान गरे।

### *चौबीसी राज्यहरूको दोस्रो आक्रमण*

मकवानपुरका राजा दिग्बन्धन सेन गोर्खामा नजरबन्द भए। काठमाडौँ उपत्यकामा चारैतर्फबाट आर्थिक नाकाबन्दी भई हाहाकार मच्चिएको बेला चौबीसी राज्यहरू गोर्खामा लडाइ गर्न संयुक्त रूपले जुटे। चौबीसी राज्यहरूको संयुक्त सेनाले गोर्खाको नियन्त्रणमा रहेका हर्नी, भीरकोट, धुलाकोट, च्यौराली आदिमा आक्रमण गरे। त्यसको प्रत्याक्रमण गर्न अगाडि बढेका गोर्खा सेनाको अगाडि चौबीसी राज्यको संयुक्त सेना टिक्न सकेन। लडाइँको मैदान छोडी भागाभाग भए।

### *कीर्तिपुरमाथि विजय*

गोरखाली फौजले फर्पिङ्ग, बोडे र खोकना कब्जा गरिसकेपछि ई.१७५७ मा कीर्तिपुरमाथि हमला गरे। जयप्रकाश मल्लको फौज एवं कीर्तिपुरका जनताको संयुक्त प्रत्याक्रमणबाट गोर्खाली फौजले नराम्रो किसिमले पराजित हुनुपऱ्यो। युद्धमा सेनापति कालु पाण्डेले वीरगति प्राप्त गरे। जीवन थापा र लाटा खत्रीजस्ता गोर्खाली सैनिकको मृत्यु भयो। पृथ्वीनारायण शाहको जीउ जोगाउन पनि हम्मे हम्मे परेको थियो। यसपछि गोरखाले वि.स.१८१९ भाद्र ९ गतेका राती मकवानपुरमाथि विजय हासिल गऱ्यो। यसैबीच पृथ्वीनारायण शाहले गुर्गीन खाँको मुस्लीम फौजको हमलालाई असफल पारेकाले यिनको सैन्य बलमा उत्साह र जाँगर थपियो। पराजित मुस्लिम फौजको केही बन्दूक, तोप आदि हतियारहरू हात लागे। वि.स. १८२१ आश्विन ४ गते सूरप्रताप शाहको नेतृत्वमा गोर्खाली

फौजले कीर्तिपुरमाथि दोश्रो पटक आक्रमण गऱ्यो । यस युद्धमा सूरप्रताप शाहको आँखा फुट्यो । दलजीत शाह घाइते भए र धेरै गोर्खाली सेना मारिए । बाँचेका सैनिक ज्यान जोगाई दहचोक पुगे । वि.स. १८२२ चैत्र ३ गते गोर्खाले तेश्रो पटक अचानक आक्रमण गरी कीर्तिपुरमाथि विजय प्राप्त गऱ्यो ।

***काठमाडौँ उपत्यका विजय***

कीर्तिपुर विजयपछि पृथ्वीनारायण शाहले काठमाडौं राज्यमा आक्रमण गर्ने योजना बनाए । गोर्खाली फौजद्वारा काठमाडौं उपत्यकामा वि.स. १८२५ भाद्रशुक्ल चतुर्दशी आइतबार (इन्द्रजात्रा) का दिन भीमसेन स्थान, टुँडीखेल र नरदेवी गरी तीनतिरबाट आक्रमण गरी काठमाडौँमाथि विजय प्राप्त गरे ।

***ललितपुर विजय***

पाटन विजय गर्ने सिलसिलामा श्रीहर्ष पन्तलाई दूत बनाएर पाटन पठाउँदा पाटनका प्रधानहरूले पृथ्वीनारायण शाहको शासन स्वीकार गरी आत्मसमर्पण गरेकाले गोर्खाली फौजले सन् १७६८ अक्टुवर ६ का दिन ललितपुरमाथि हमला गरी कब्जा गऱ्यो ।

***भक्तपुर विजय***

काठमाडौं र ललितपुर गोरखा राज्यले कब्जा गरेपछि दुवै राज्यका राजाहरू क्रमशः जयप्रकाश मल्ल र तेजनरसिंह मल्ल भक्तपुरका राजा रणजीत मल्लका शरणमा पुगे । पृथ्वीनारायण शाहले यी दुवै राजालाई सुपुर्दगी गर्न भक्तपुरका राजासँग आग्रह गरे तर शरणको मरण गर्नु मानवोचित नभएको कुरा दर्शाउँदै गोर्खाली आग्रहलाई रणजीत मल्लले स्वीकार नगरेको हुँदा वि.स.१८२६ कार्तिक शुक्ल द्वादशीका दिन गोर्खाली फौजले भक्तपुरमाथि हमला गरे । अन्तमा उपत्यकाका तीनै राजाले आत्मसमर्पण गरे ।

पृथ्वीनारायण शाहको पूर्वी नेपालको कोशी क्षेत्रको विजय अभियानमा कास्की र लमजुङका कुँवर क्षेत्रीहरूले अधिक मात्रामा भाग लिएका थिए । यसै कारण जङ्गबहादुरले आफूलाई कास्की र लमजुङका महाराज घोषित गराए । राणा प्रधानमन्त्रीहरू श्री ३ महाराज कहलिन थाले ।

पूर्वी विजयपछि पृथ्वीनारायण शाहले रामकृष्ण कुँवरलाई प्यूठान पठाए । त्यहाँ उनी बारूदखाना तैयार गर्न लगाउँदै थिए, त्यसै बेला २१ मार्च १७७१ ई.मा उनको मृत्यु भयो । रामकृष्ण कुँवरको मृत्युपछि १८ वर्षीय उनका छोरा रणजित कुँवर नवविजित जुम्लाका हाकिम नियुक्त भए । त्यहाँ शान्ति सुव्यवस्था राम्रो गर्न सफल भएकाले उनलाई नेपालका चारकाजीमध्ये एक काजी बनाइयो ।

रणजित कुँवरका तीन भाई छोरा थिए : बालनसिंह कुँवर, बलराम कुँवर र रेवन्त कुँवर। रणबहादुर शाहका हत्यारा शेरबहादुर शाहलाई ठिक मौकामा मारेबापत् बालनरसिंह कुँवर काजी बनाइए। उनको मान र जागिर उनका उत्तराधिकारीहरूले पनि पाउने भए। काजी बालनरसिंह २४ डिसेम्बर १८१४ ई.मा दिवङ्गत भए।

**२.७ राणाशासन काल**

राजा महेन्द्रको पालामा बालनरसिंह कुँवरका छोरा जंगबहादुर कुँवरले कोतपर्व पछि राज्य शासन हत्याए। भण्डारखाल पर्व र अलौ पर्वपछि जंगबहादुर राजा बने र लमजुङ र तनहुँको श्री ३ बने र राणा शासनको जग हाले।

**प्रधानमन्त्री तथा तिनको मुख्य योगदान**

१. **जङ्गबहादुर** (१९०४-१९३३) : वि.स १९१० मा न्याय व्यवस्था तथा अपराध कानुन तोकिएको मुलुकी ऐन पहिलो पटक जारी। दरबार स्कूलको स्थापना। नयाँ मुलुक प्राप्त।

२. **रणोद्दीप** (१९३३-१९४२) : सर्वप्रथम पात्रो प्रकाशन र मालपोत उठाउने नयाँ बन्दोबस्त गरिएको।

३. **वीर शमशेर** (१९४२-१९५७) : भादगाँउ र काठमाडौँमा वीरधाराको व्यवस्था, पुलहरूको निर्माण, वीर अस्पताल (वि.स.१९७४), वीर पुस्तकालयको स्थापना, घण्टाघरको निर्माण।

४. **देव शमशेर** (१९५७-१९५८) : गोरखापत्रको प्रकाशन प्रारम्भ, सरकारी समय १०-५ बजे निर्धारण, सरकारी बिदाको व्यवस्था, पाठशालाहरूको स्थापना।

५. **चन्द्र शमशेर** (१९५८- १९८६) : सती प्रथाको उन्मूलन, दासमोचन, पहिलो पटक बिजुली बत्तीको व्यवस्था, पहिलो कलेज त्रि-चन्द्र कलेजको स्थापना, गोरखा भाषा प्रकाशिनी समितिको स्थापना, रेल्वे आदिको विकास, नेपालको नक्सा निर्माण।

६. **भीम शमशेर** (**वि.स.**१९८६-१९८९) : नून र कपासमा भन्सार माफी, कपास खेतीलाई प्रोत्साहन।

७. **जुद्ध शमशेर** (**वि.स.**१९८९-२००२) : पहिलो बैंक (नेपाल बैंक) को स्थापना, घरेलु उद्योगको विकास, उच्च अदालत, दमकल, म्यूजियम र चिडियाखानाको स्थापना।

८. **पद्म शमशेर** (२००२-२००५) : पहिलो संविधान जारी, काठमाडौँ

म्यूनिसिपालिटी स्थापना ।

९. **मोहन शमशेर** (२००५–२००८) : आकाशवाणीको स्थापना, राष्ट्रिय आर्थिक समितिको गठन ।

**तालिका नं. २.४**

**नेपालका शाहवंशीय राजाहरू**

| **क्र.सं.** | **राजाहरू** | **समयावधि** |
|---|---|---|
| १ | पृथ्वीनारायण शाह | १७९९-१८३१ |
| २ | प्रतापसिंह शाह | १८३१-१८३४ |
| ३ | रणबहादुर शाह | १८३४-१८५५ |
| ४ | गीर्वाणयुद्ध शाह | १८५५-१८७३ |
| ५ | राजेन्द्र विक्रम शाह | १८७३-१९०४ |
| ६ | सुरेन्द्र विक्रम शाह | १९०४-१९३८ |
| ७ | युवराज त्रैलोक्य वीर विक्रम शाह | राजकुमार हुदैं नै मृत्यु |
| ८ | पृथ्वी वीर विक्रम शाह | १९३८-१९६८ |
| ९ | त्रिभुवन वीर विक्रम शाहदेव | १९६८-२०११ |
| १० | महेन्द्र वीर विक्रम शाहदेव | २०११-२०२८ |
| ११ | वीरेन्द्र वीर विक्रम शाहदेव | २०२८-२०५८ |
| १२ | दीपेन्द्र वीर विक्रम शाहदेव | ३ दिन अचेत अवस्थामा नै |
| १३ | ज्ञानेन्द्र वीर विक्रम शाहदेव | २०५८/२/२२-२०६५/२/१५ |

**तालिका नं. २.५**

**नेपालका प्रधानमन्त्रीहरू (अवधिका आधारमा)**

| **क्र.स** | **नाम** | **समयावधि (वि.सं.)** |
|---|---|---|
| १ | भिमसेन थापा | १८६३-१८९४ |
| २ | रङ्गनाथ पौडेल | १८९४-१८९५ |

| | | |
|---|---|---|
| ३ | पुष्कर शाह | १८९५-१८९६ |
| ४ | रणजङ्ग पाण्डे | १८९६-१९०० |
| ५ | माथवरसिंह थापा | १९००-१९०२ |
| ६ | फत्तेजङ्ग शाह | १९०२-१९०३ |
| ७ | जङ्गबहादुर राणा | १९०३-१९०६ |
| ८ | बमबहादुर राणा | १९०६-१९०७ |
| ९ | जङ्गबहादुर राणा | १९०७-१९३३ |
| १० | रणोद्दीप सिंह | १९३३-१९४२ |
| ११ | वीरशमशेर ज.ब.रा. | १९४२-१९५७ |
| १२ | देवशमशेर ज.ब.रा. | १९५७-१९५८ |
| १३ | चन्द्रशमशेर ज.ब.रा. | १९५८- १९८६ |
| १४ | भिमशमशेर ज.ब.रा | १९८६-१९८९ |
| १५ | जुद्धशमशेर ज.ब.रा | १९८९-२००२ |
| १६ | पद्मशमशेर ज.ब.रा | २००२-२००५ |
| १७ | मोहनशमशेर ज.ब.रा | २००५-२००८ कार्तिक |
| १८ | मातृकाप्रसाद कोइराला | २००८ मङ्सिर १-२००९ श्रावण २६ |
| १९ | मातृकाप्रसाद कोइराला | २०१० आषाढ २-२०११ फागुन १९ |
| २० | टंकप्रसाद आचार्य | २०१२ माघ १३-२०१४ आषाढ १४ |
| २१ | डा.के.आई.सिंह | २०१४ श्रावण ११-२०१४ कार्तिक २९ |
| २२ | विश्वेश्वरप्रसाद कोइराला | २०१६ जेठ १३-२०१७ पौष १ |
| २३ | डा. तुलसी गिरी | २०१९ चैत २०-२०२० पौष ८ |
| २४ | डा. तुलसी गिरी | २०२० पौष १४-२०२१ माघ १३ |
| २५ | सूर्यबहादुर थापा | २०२१ माघ १३-२०२२ माघ ८ |
| २६ | सूर्यबहादुर थापा | २०२३ श्रावण १६-२०२५ चैत २५ |
| २७ | कीर्तिनिधि विष्ट | २०२५ चैत २५-२०३० श्रावण १ |

| | | |
|---|---|---|
| २८ | नगेन्द्रप्रसाद रिजाल | २०३० श्रावण १-२०३२ मंसिर १५ |
| २९ | डा. तुलसी गिरी | २०३२ मंसिर १५ - २०३४ भदौ २५ |
| ३० | कीर्तिनिधि विष्ट | २०३४ भदौ २७- २०३६ जेठ १६ |
| ३१ | सूर्यबहादुर थापा | २०३६ जेठ १६ -२०४० असार २९ |
| ३२ | लोकेन्द्रबहादुर चन्द | २०४० असार २९- २०४२ चैत ७ |
| ३३ | नगेन्द्रप्रसाद रिजाल | २०४२ चैत ८ - २०४३ असार ७ |
| ३४ | मरिचमानसिंह श्रेष्ठ | २०४३ असार २-२०४६ चैत २४ |
| ३५ | लोकेन्द्रबहादुर चन्द | २०४६ चैत २४-२०४७ वैशाख ६ |
| ३६ | कृष्णप्रसाद भट्टराई | २०४७ वैशाख ६-२०४८ जेठ १५ |
| ३७ | गिरिजाप्रसाद कोइराला | २०४८ जेठ १५ - २०५१ मसिंर १३ |
| ३८ | मनमोहन अधिकारी | २०५१ मसिंर १३ - २०५२ भदौ २५ |
| ३९ | शेरबहादुर देउवा | २०५२ भदौ २६-२०५३ फागुन २६ |
| ४० | लोकेन्द्रबहादुर चन्द | २०५३ फागुन २७-२०५४ आश्विन १८ |
| ४१ | सूर्यबहादुर थापा | २०५४ आश्विन २० - २०५४ चैत २८ |
| ४२ | गिरिजाप्रसाद कोइराला | २०५४ चैत ३०-२०५६ जेठ |
| ४३ | कृष्णप्रसाद भट्टराई | २०५६ जेठ १३-२०५६ चैत ३ |
| ४४ | गिरिजाप्रसाद कोइराला | २०५६ चैत ५-२०५८ साउन ४ |
| ४५ | शेरबहादुर देउवा | २०५८/४/७ - २०५९/६/१८ |
| ४६ | लोकेन्द्रबहादुर चन्द | २०५९ असोज २५-२०६० वैशाख |
| ४७ | सूर्यबहादुर थापा | २०६०/१/२२-२०६१/१/२५ |
| ४८ | शेरबहादुर देउवा | २०६१/२/२०-२०६१/१०/१९ |
| ४९ | गिरिजाप्रसाद कोइराला | २०६३/१/१४-२०६५/४/३१ |
| ५० | पुष्पकमलदाहाल (प्रचण्ड) | २०६५/४/३१-२०६६/२/९ |
| ५१ | माधवकुमार नेपाल | २०६६/३/११-२०६७ माघ १७ |
| ५२ | झलनाथ खनाल | २०६७ माघ २०-२०६८ भदौ ११ |

| | | |
|---|---|---|
| ५३ | बाबुराम भट्टराई | २०६८ भदौ १२-२०६९ फागुन ३० |
| ५४ | खिलराज रेग्मी | २०६९ चैत्र १-२०७० माघ २६ |
| ५४ | सुशील कोइराला | २०७० माघ २६ - २०७२ असोज २४ |
| ५५ | केपी शर्मा ओली | २०७२ असोज २५ |

**तालिका नं. २.६**

**नेपालको थप प्रमुख ऐतिहासिक घटनाक्रम**

| **ऐतिहासिक घटनाक्रम** | **मिति** |
|---|---|
| विपश्वी बुद्धको नेपाल आगमन | सत्ययुग |
| मञ्जुश्रीले दहको रूपमा रहेको काठमाडौँ उपत्यकाको पानी | काटी बगाएर बस्ती बसाएको त्रेतायुग |
| नेपालका प्रथम राजा धर्माकर | त्रेतायुग |
| छैटौँ किराँती राजा हुमती | महाभारतको युद्धकाल |
| गौतम बुद्धको नेपाल आगमन | सातौँ किराँती राजा जितेदास्तीका पालामा |
| सम्राट अशोकको नेपालआगमन | चौधौँ किराँती राजा स्थूंकका पालामा |
| लिच्छवि वंशको उदय | लगभग सन् ११० |
| प्रथम लिच्छवि राजा जयदेवको शासनकाल | ईशाको सुरुतिर |
| वसन्तदेवको राज्यारोहण | वि.स. ५६३ |
| मानदेवको शासनकाल | शाके संवत् ३८६ देखि ४१३ |
| अंशुवर्माको उदय | वि.स.६६२ |
| नागराजद्वारा खस राज्यको स्थापना | ई.११५० |
| खस साम्राज्यका क्राचल्लको राज्यरोहण | वि.स. १२६४ |
| खस राजा जितारी मल्लद्वारा काठमाडौँ उपत्यका आक्रमण | वि.स. १३४४ पुस,१३४५ फागुन,१३४६ फागुन |
| आदित्य मल्लद्वारा उपत्यका आक्रमण | वि.स.१३८४ |

| | |
|---|---|
| नान्यदेव तिरहुतमा -सिम्रौनगढ) कर्णाटक राज्यको स्थापना | वि.स.११५४ |
| मल्लकालको उदय | वि.स.१२५७ |
| प्रथम मल्ल राजा अरिमल्लको राज्यकाल | वि.स.१२५७ -१२७४ |
| सिम्रौनगढका अन्तिम राजा हरिसिंहदेवमाथि दिल्लीका मुसलमान बादशाह गयासुद्दिन तुगलकद्वारा आक्रमण | कर्णाटक राज्य ध्वस्त वि.स.१३८१ |
| जयस्थिति मल्लको राज्यरोहण | वि.स.१३८० |
| बंगालका शासक समुसुद्दिन इलियासद्वारा नेपालमाथि आक्रमण | वि.स.१४०६ |
| यक्षमल्लको राज्यकाल | वि.स.१४२८-१५३९ |
| रत्नमल्लको राज्यकाल | वि.स.१५४१-१५७७ |
| द्रव्यशाहद्वारा गोरखा राज्यको स्थापना | वि.स.१६१६ |
| गोर्खाका राजा राम शाहको राज्यकाल | वि.स.१६६३-१६९० |
| प्रताप मल्लको राज्यकाल | वि.स.१६९८-१७३१ |
| महेन्द्र मल्लको राज्यारोहण | वि.स.१६१७ |
| सिद्धिनरसिंह मल्लद्वारा पाटनको कृष्णमन्दिरको स्थापना | वि.स. १६९३ |
| भूपतेन्द्र मल्लको राज्यकाल | वि.स. १७५३-१७७९ |
| पृथ्वीनारायण शाहद्वारा नुवाकोटमाथि पहिलो आक्रमण | वि.स.१८०० |
| पृथ्वीनारायण शाहद्वारा नुवाकोटमाथि दोस्रो आक्रमण तथा विजय | वि.स.१८०१ |
| कीर्तिपुरमाथि पहिलो आक्रमण | वि.स.१८१४ जेठ १९ |
| मकवानपुरमाथि विजय | वि.स.१८१९ भाद्र ९ |
| बंगालका नवाब मिरकासिमद्वारा गुरगिन खाँको नेतृत्वमा पठाइका सेनामाथि गोरखालीको विजय | सन् १७६३ जनवरी ३० |
| कीर्तिपुरमाथि दोस्रो आक्रमण | वि.स.१८२१ असोज ४ |

| | |
|---|---|
| कीर्तिपुरमाथि तेस्रो आक्रमण तथा विजय | वि.स.१८२२ चैत ३ |
| जयप्रकाश मल्लको सहयोगका लागि किनलकको नेतृत्वमा पठाएको अङ्ग्रेज फौजमाथि गोरखाली आक्रमण तथा विजय | वि.स.१८२४ |
| काठमाडौँ विजय | वि.स.१८२५ भाद्रशुक्ल रविवार (इन्द्रजात्रा) का दिन |
| ललितपुर विजय | वि.स.१८२५ |
| भक्तपुर विजय | वि.स.१८२६ कार्तिक शुक्लद्वादशी |
| पृथ्वीनारायण शाहको निधन | वि.स.१८३१ |
| नेपाल र तिब्बतबीच व्यापारिक सन्धि | सन् १७७५ सेप्टेम्बर |
| नेपाल र गढवालबीचको शान्ति सम्झौता | सन् १७९१ |
| नेपाल तिब्वतबीच पहिलो युद्ध | सन् १७८८-१७८९ |
| नेपाल तिब्वतबीच केरुङ सन्धि | सन् १७८९ जुन २ |
| नेपाल तिब्वतबीच दोस्रो युद्ध | सन् १७९२ अक्टुबर |
| नेपाल र इस्ट इन्डिया कम्पनीबीच व्यापारिक सन्धि | वि.स. १८४९ वैशाख ३ |
| गोरखापत्र प्रकाशन | वि.सं. १९५८ |
| बासट्ठीहरण वा बिर्ताहरण | वि.स. १८६२ |
| नेपाल-अङ्ग्रेज युद्ध | सन् १८१४-१८१६ |
| सुगौली सन्धि (नेपाल अङ्ग्रेजबीच) | वि.स. १८७३ फागुन/चैत्र (३ मार्च १८१६) |
| पहिलो राजदूत एडवर्ड गार्डनर, बेलायत | सन् १८१६ मे |
| नेपाल-तिब्बतबीच तेस्रो युद्ध | सन् १८५५-१८५६ |
| थापाथली सन्धि नेपाल-तिब्बतबीच | वि.सं. १९१२ चैत्र |
| कोतपर्व | वि.स. १९०३ असोज २ गते |
| भण्डारखाल पर्व | सन् १८४६ अक्टुबर ३१, (१९०३ कार्तिक १५) |
| अलौ पर्व | वि.स.१९०४ वैशाख |
| जङ्गबहादुरलाई श्री ३ को उपाधि | वि.स.१९१३ श्रावण |

| | |
|---|---|
| सन् १८७५ को भारत विद्रोहपछि जंगबहादुरले अङ्ग्रेजसँग सम्झौता गरी बाँके बर्दीया, कैलाली, कञ्चनपुर 'नयाँ मुलुक' अङ्ग्रेजबाट फिर्ता ल्याएका | वि.सं. १९१६ |
| नेपालको पहिलो मुलुकी ऐन | वि.स.१९१० |
| सती प्रथा उन्मूलन | वि.स.१९७७ |
| मकै पर्व | वि.स.१९७७ |
| त्रिचन्द्र कलेज स्थापना | वि.सं. १९७८ |
| दास प्रथा उन्मूलन | वि.स.१९८१ |
| आर्य प्रचारमा प्रतिबन्ध | वि.स.१९८७ |
| लाइब्रेरी पर्व | वि.स. १९८७ |
| प्रचण्ड गोरखा पर्व | वि.स.१९८८ |
| नेपाल प्रजापरिषद्को स्थापना | वि.स.१९९३ जेठ २० |
| अखिल भारतीय नेपाली काङ्ग्रेसको स्थापना | वि.स.२००२ माघ १२ |
| नेपाली प्रजातन्त्र काङ्ग्रेसको स्थापना | सन् १९४९ |
| जेगवनी सम्मेलन | वि.स.२००४ जेठ |
| प्रथम मजदुर हड्ताल | वि.स.२००३ फागुन ११ |
| जयतु संस्कृतम् राणाशासनविरुद्ध सत्याग्रह | वि.स.२००४ वैशाख १ |
| नेपालको वैधानिक कानुन घोषणा | वि.सं. २००४ माघ १३ |
| नेपाल प्रजा पञ्चायत | वि.स.२००५ आश्विन |
| नेपाल कम्युनिस्ट पार्टीको स्थापना | वि.स.२००६ भाद्र ३० |
| नेपाल-भारत मैत्री सन्धि | वि.स.२००७ श्रावण |
| प्रजातन्त्रको घोषणा | वि.स.२००७ फागुन ७ |
| नेपालको अन्तरिम शासन विधान | वि.स.२००७ फागुन ७ |
| पहिलो आमनिर्वाचन | वि.स.२०१५ |
| पञ्चायती व्यवस्थाको स्थापना | वि.स. २०१७ पुस १ |

| | |
|---|---|
| नेपालको संविधान, २०१९ घोषणा | वि.सं. २०१९ पुस १ |
| गाउँफर्क अभियान | वि.स. २०२८ |
| शान्ति क्षेत्र प्रस्ताव | वि.स.२०३१ फागुन १३ |
| जनमत सङ्ग्रहको घोषणा | वि.स.२०३६ जेठ १० |
| जनमत सङ्ग्रह | वि.सं. २०३७ वैशाख २० |
| सत्याग्रह | वि.स.२०४२ |
| संयुक्त वाममोर्चाको गठन | वि.स.२०४६ माघ २ |
| बहुदलीय व्यवस्थाको पुनर्बहाली | वि.स.२०४६ चैत्र २६ |
| नेपाल अधिराज्यको संविधान, २०४७ | वि.स. २०४७ कार्त्तिक २३ |
| नेकपा (एमाले) को स्थापना | वि.स.२०४७ पुस २२ |
| प्रजातन्त्र पुर्नबहालीपछिको पहिलो आमनिर्वाचन | वि.स.२०४८ वैशाख २९ |
| मध्यावधि निर्वाचन | वि.स.२०५१ कार्त्तिक २९ |
| नेकपा माओवादीद्वारा सशस्त्र विद्रोह सुरु | वि.स.२०५२ फागुन १ |
| आमनिर्वाचन २०५६ | वि.स.२०५६ वैशाख २ र ३ |
| राजदरबार हत्याकाण्ड | वि.स.२०५८ जेठ १९ |
| राजा ज्ञानेन्द्रबाट शाही घोषणा | वि.स.२०६१ माघ १९ |
| नेपाल सरकार र माओवादीबीच विस्तृत शान्तिसम्झौतामा हस्ताक्षर | वि.स. २०६३ मङ्सिर ५ |
| नेपालको अन्तरिम संविधान, २०६३ जारी | वि.सं. २०६३ माघ १ |
| नेपालमा ऐतिहासिक संविधान सभाको निर्वाचन | वि.स. २०६४ चैत्र २८ |
| संविधानसभाको पहिलो बैठक/गणतन्त्रको घोषणा शाहवंशीय राजतन्त्रको अन्त्य | वि.स. २०६५ जेठ १५ |
| राजा ज्ञानेन्द्रबाट नारायणहिटी दरबार छाडेको | वि.सं. २०६५ जेठ २९ |
| राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्पन्न | वि.स. २०६५ साउन ६ |

| | |
|---|---|
| गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा.रामवरण यादवको सपथ ग्रहण | वि.सं. २०६५ साउन ८ |
| ने.क.पा. माओवादीका नेता पुष्पकमल दाहाल (प्रचण्ड)को अध्यक्षतामा पहिलो गणतान्त्रिक सरकार गठन | वि.स. २०६५ भाद्र |
| पहिलो संविधानसभाको विघटन | वि.सं. २०६९ जेठ १४ |
| अन्तरिम चुनावी मन्त्रिपरिषद्को गठन | २०६९ चैत्र १ |
| दोस्रो संविधानसभाको निर्वाचन | ४ मङ्सिर २०७० |
| दोस्रो संविधानसभाको पहिलो बैठक | वि.सं. २०७० माघ ८ |
| अठारौं सार्क शिखर सम्मेलन, काठमाडौं | मङ्सिर ११-१२, २०७१ |
| सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन | वि.सं २०७१, माघ २६ |
| नेपालको संविधान | वि.सं. २०७२, असोज ३ |
| गणतन्त्र नेपालका दोस्रो राष्ट्रपतिमा श्री विद्यादेवी भण्डारी निर्वाचित | वि.सं. २०७२, कार्तिक ११ |
| नेपालको संविधानको पहिलो संशोधन | वि.सं. २०७२, फागुन १६ |

✦✦✦

परिच्छेद : तीन

# नेपालको राजनैतिक तथा संवैधानिक विकास

## ३.१ राजनीतिक विकासक्रम

पृथ्वीनारायण शाह गोरखाको राजा हुँदा भारतमा इष्ट इण्डिया कम्पनीको नाममा अंग्रेजको सरकारको स्थापना र विस्तार भैरहेको थियो । विगतको एकीकृत नेपाल विविध कारणले बाइसे चौबीसे राज्यमा विभाजित भई एक आपसमा शत्रुतापूर्ण व्यवहार र युद्धमा सीमित थिए । एकातर्फ देशको राष्ट्रिय अखण्डता सङ्कटमा थियो भने अर्कोतर्फ आर्थिक विकास अवरुद्ध थियो । यस चुनौतीपूर्ण घडिमा पृथ्वीनारायण शाहले राष्ट्रिय एकीकरणको श्रीगणेश गरी एकीकृत आधुनिक नेपालको स्थापना गरे । नेपालको एकीकरण गर्न पृथ्वीनारायण शाहले सफल कूटनीति, रणनीति र युद्धनीति अवलम्बन गरेका थिए । एकीकरणको आन्दोलन सुगौली सन्धिपश्चात् रोकियो । त्यसपछि राजदरबारमा षड्यन्त्रले स्थान लियो । कोतपर्वपछि जङ्गबहादुरले राणा शासन स्थापना गरे । आधुनिक नेपालको राजनीतिक इतिहासको विकास राणा शासनविरूद्धको आन्दोलनबाट सुरू हुन्छ । वि.सं. २००७ साल असोज ७ र ८ गते भारतको वैरगनीयामा भएको नेपाली काँग्रेसको सम्मेलनले नेपालमा राणाशासनको अन्त्य र प्रजातन्त्रको स्थापनाको लागि सशस्त्र सङ्घर्ष गर्ने निर्णय गरेअनुरूप २००७ साल कार्तिक २५ गतेदेखि मातृकाप्रसाद कोइरालाको नेतृत्वमा नेपाली काँग्रेसले सशस्त्र सङ्घर्ष सुरू गऱ्यो । २००७ साल फागुन ४ गते राजा त्रिभुवन सपरिवार नेपाल फर्केपछि ७ गते शाही घोषणाद्वारा प्रजातन्त्र स्थापना गरियो ।

### ३.१.१ २००७ देखि २०१७ सालसम्मको घटनाक्रम

***२००७ सालको घोषणा र संयुक्त मन्त्रिमण्डलको गठन :***

दिल्ली सम्झौतापछि २००७ साल फागुन ७ गते नेपालमा राणा शासनको अन्त्य भई प्रजातन्त्र स्थापना भएको ऐतिहासिक घोषणा गरियो । उक्त घोषणामा निम्न बुँदाहरू थिए:

क. जन निर्वाचित वैधानिक सभाले गणतन्त्रात्मक विधान तर्जुमा गर्नेछ ।

ख. नयाँ विधान तर्जुमा नहुन्जेलसम्म प्रशासन सञ्चालन गर्न अन्तरिम मन्त्रिमण्डल गठन गर्ने जसमा राणातर्फको ५ र नेपाली कांग्रेसको तर्फबाट ५ जना सदस्य नियुक्त हुनेछन् ।

ग. २००७ साल चैत्र २० गतेभित्र सबै राजनैतिक बन्दीहरूलाई आम माफी हुनेछ र त्यस्ता राजनीतिक बन्दीहरूले आफ्नो खोसिएको सम्पत्ति फिर्ता पाउनेछन् ।

राणा र काँग्रेस सम्मिलित यो संयुक्त सरकार नौ महिनाभन्दा बढी टिक्न सकेन र २००८ साल मङ्सिर २१ गते विघटन भयो ।

***काँग्रेसको एकमना मन्त्रिमण्डल***

२००८ साल मङ्सिर १ गते मातृकाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा नेपाली काँग्रेसको एकमना मन्त्रिमण्डल गठन गरियो । यस अवधिमा सर्वोच्च न्यायालय, पब्लिक सर्भिस कमिशन, आय व्यय निरीक्षण प्रधान अड्डाको स्थापना भयो । २००९ साल जेठमा सम्पन्न नेपाली कांग्रेसको अधिवेशनमा वि.पी.कोइरालाको ठाउँमा मातृकाप्रसाद कोइराला काँग्रेस अध्यक्ष छानिए । सरकार आन्तरिक विवादमा फँस्दै गएपछि २००९ साल श्रावण २६ गते यो सरकार पनि विघटन भयो । २००९ साल श्रावण ३० गते राजा त्रिभुवनबाट आफ्नै मध्यस्थतामा ६ सदस्यीय शाही परामर्शदात्री सरकार गठन भयो । २०१० साल असार १ गतेसम्म यो सरकार अस्तित्वमा रह्यो । यसपछि वि.स. २०१० असार २ गते राष्ट्रिय प्रजापार्टीका अध्यक्ष मातृकाप्रसाद कोइरालालाई पुनः प्रधानमन्त्री बनाइयो । २०१० फागुनमा मन्त्रिमण्डलमा हेरफेर गरी टंकप्रसाद आचार्य र डिल्लीरमण रेग्मीलाईसमेत सोही सरकारमा सामेल गरियो ।

***बहुदलीय संयुक्त मन्त्रिमण्डल***

नेपाली राष्ट्रिय काँग्रेस, प्रजापरिषद् र जनकाँग्रेस गरी तीनवटा साना पार्टीको

सहभागितामा पुनः मातृकाप्रसाद कोइरालाकै प्रधानमन्त्रीत्वमा वि.स. २०१० फागुनमा अर्को सरकार गठन भयो । यसमा टंकप्रसाद आचार्य र डिल्लीरमण रेग्मी थपिए । राजा त्रिभुवनले मातृकाको मन्त्रिमण्डल वि.स. २०११ मा विघटन गरी राज्य व्यवस्थाको अभिभारा स्वयंमा लिई सोभ्कै सञ्चालन गर्न थाले । राजा त्रिभुवनको मृत्युपछि राजा महेन्द्रको राज्यरोहण वि.स. २०११ चैत्र १ गते भएको थियो । वि.सं. २०१३ मा महेन्द्रको राज्यभिषेक भयो ।

### *शाही सल्लाहकार सरकार*

वि.सं. २०१२ साल वैशाख १ गते राजा महेन्द्रले गुन्जमानसिंहको अध्यक्षतामा शाही सल्लाहकार समिति गठन गरी शासन सञ्चालन गर्न थाले । यो सल्लाहकार समितिमा ५ जना सदस्य थिए ।

### *प्रजापरिषद्को मन्त्रिमण्डल*

विक्रम संवत् २०१२ साल माघ १३ गते राजा महेन्द्रबाट प्रजापरिषद्का नेता टंकप्रसाद आचार्यको प्रधानमन्त्रीत्वमा ३ जना स्वतन्त्र सदस्यसमेत समावेश भएको सात-सदस्यीय मन्त्रिमण्डलको घोषणा भयो । यो सरकारले २०१३ असोज ५ गतेका दिन चीनसँग शान्ति तथा मैत्री सन्धि गऱ्यो । यो सरकार २०१४ असारसम्म टिक्यो ।

### *डा.के. आई. सिंहको सरकार*

२०१४ साल श्रावण ११ का दिन संयुक्त प्रजातान्त्रिक पार्टीको अध्यक्ष डा. के. आई. सिंहको नेतृत्वमा एघार सदस्यीय मन्त्रिमण्डल गठन भयो । जम्मा ११० दिन टिकेको यो सरकार राजा महेन्द्रको शाही घोषणा मार्फत् २०१४ कार्तिक २९ का दिन भङ्ग गरियो ।

### *राजा महेन्द्रको प्रत्यक्ष शासन*

मिति २०१४ कार्तिक २९ गतेदेखि श्री ५ महेन्द्रबाट प्रत्यक्ष शासन सुरू भयो । मिति २०१५ जेठ २ गते सुवर्णशमशेरको अध्यक्षतामा अन्तरिम मन्त्रिपरिषद्को गठन गरियो । २०१५ साल फागुन ७ गते आम चुनाव गर्ने घोषणा भयो । सरकारले २०१५ फागुन ७ देखि आम चुनाव सुरू गऱ्यो ।

### *२०१५ सालको महानिर्वाचन र त्यसको परिणाम*

प्रतिनिधि सभाको चुनावको लागि मुलुकलाई १०९ निर्वाचन क्षेत्रमा विभाजन गरिएको थियो । महानिर्वाचन एक-सदस्यीय निर्वाचन क्षेत्रमा आधारित थियो ।

२१ वर्ष उमेर पुगेका प्रत्येक बालिग नेपाली मतदाता थिए । राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गर्न कमसेकम २२ सिटका लागि उम्मेदवार खडा गराउनु आवश्यक थियो । यस मापदण्डअनुसार नेपाली काँग्रेस, संयुक्त प्रजातान्त्रिक पार्टी, गोरखा परिषद्, नेपाल कम्युनिष्ट पार्टी र प्रजातान्त्रिक महासभामात्र राष्ट्रिय स्तरका राजनीतिक दल मानिए । १०९ सिटका लागि जम्मा ७८६ उम्मेदवार खडा भएका थिए । उक्त चुनावमा नेपाली काँग्रेसले ७४, गोर्खापरिषद्ले १९, संयुक्त प्रजातन्त्र पार्टीले ५, नेपाल कम्युनिष्ट पार्टीले ४ र प्रजापरिषदले ३ सिटमा विजय हासिल गरेका थिए भने स्वतन्त्र ४ स्थानमा विजयी भएका थिए ।

***पहिलो निर्वाचित सरकार***

संविधानसभाको चुनाव गराउने घोषणा राजा त्रिभुवनले वि.सं. २००७ फागुन ७ गते गरेका थिए । वि.स. २०१५ फागुन ७ गते संसद्को तल्लो सदनका लागि आमनिर्वाचन सुरू भई वि.सं. २०१६ वैशाख २८ गते नतिजा प्रकाशित भयो । यस चुनावमा अत्यधिक बहुमत प्राप्त गर्ने काँग्रेस नेता विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा वि.सं. २०१६ जेठ १३ गते नयाँ सरकार बन्यो । वि.सं. २०१६ असार १६ मा प्रतिनिधिसभाको प्रथम अधिवेशन सुरू भयो । यसै साल असोजमा विर्ता प्रथा उन्मूलन विधेयक पारित भयो । जिल्लामा विकास बोर्ड गठन गरियो ।

राजा महेन्द्रले २०१७ साल पुस १ गते संविधानको धारा ५५ को अधिकार प्रयोग गरी वि.पि.कोइरालाको मन्त्रिमण्डल विघटन तथा संसद्को दुवै सदन भङ्ग गरी संविधानका अनेकौं धाराहरूसमेत निलम्बन गर्दै शासनअधिकार आफ्नो हातमा लिए । यसरी २००७ सालको शाही घोषणामार्फत् आएको प्रजातन्त्रको अवसान २०१७ सालको शाही कदमसँगै भयो ।

### ३.१.२ वि.सं. २०१७ देखि २०३७ सालसम्मका दुई दशक

वि.सं. २०१७ पुष १ गते दलगत राजनीतिक प्रणाली विघटन भएपछि नयाँ शासन सञ्चालनको सूचना पुस ९ गते जनसमक्ष आयो । पुष १२ गते महेन्द्रको अध्यक्षतामा नौ-सदस्यीय मन्त्रिपरिषद् गठन भयो । पुष २२ मा सबै राजनीतिक पार्टी अवैध घोषित भई प्रतिबन्धितसमेत भए । साथै, नेपालमा प्रजातन्त्रको जग तलबाटै बलियो तुल्याउन पञ्चायत व्यवस्था ल्याइने घोषणा भयो । यसअनुरूप वि.सं. २०१८ मा गाँउ पञ्चायतको निर्वाचन भयो । वि.सं. २०१८ माघमा जनकपुर बम काण्ड भयो । वि.स. २०१९ पुष १ गते नयाँ पञ्चायती व्यवस्था अनुकूल संविधानको घोषणा भयो ।

संसदीय व्यवस्थाको अन्त्यपछि राजा महेन्द्रबाट वि.स. २०१७ साल पौष २२ गते पञ्चायती परम्परा थालनी भएको घोषणा गरी उक्त घोषणमा देशको सर्वत्तोमुखी विकास तथा निर्माणका निम्ति नयाँ शक्तिको मूल फुटाउन दरिद्रता, अज्ञानता र पिछडिएको अवस्थालाई हटाई नेपालको माटोमा जरा हाल्न सक्ने यहाँकै हावापानी सुहाउँदो प्रजातन्त्रको बिरूवा स्वरूप पञ्चायतको बिजारोपण गरिएको भनियो। सबै दलहरूमाथि प्रतिबन्ध लगाई पञ्चायत पद्धति नै प्रजातन्त्रको जग भएको र माथिबाट लादिएको प्रजातन्त्र देशमा अफापसिद्ध भएको तथा प्रजातन्त्रको जग तलैबाट बलियो तुल्याउन स्थानीय स्वायत्त शासनका संस्थाद्वारा जनतालाई प्रशासनमा सरिक गराई देशको समस्या र प्रगतिमा जन अभिरूचि बढाउने उद्देश्यले पञ्चायतको दिशाबोध गराउन खोजियो। वि.स. २०१९ साल पौष १ गते पञ्चायती व्यवस्थानुकूल नयाँ संविधान जारी भयो।

देशको सर्वोच्च विधायिका राष्ट्रिय पञ्चायतको उद्घाटन सर्वप्रथम राजा महेन्द्रबाट वि.स. २०२० मा भयो। वि.स. २०२३ मा संविधानको प्रथम संशोधन भई पञ्चायत निर्दलीय व्यवस्था बन्न पुग्यो।

सत्र सालदेखि सुरू भएको पञ्चायती शासन प्रणालीमा राजा महेन्द्र र वीरेन्द्रको प्रत्यक्ष शासनमा मन्त्रिपरिषद्को अध्यक्षता गर्ने मौका डा. तुलसी गिरी, सूर्यबहादुर थापा (पञ्चायत व्यवस्थाअन्तर्गत प्रथम प्रधानमन्त्री), कीर्तिनिधि विष्ट, नगेन्द्रप्रसाद रिजाल (वि.सं.२०३०), मरिचमान सिंह र लोकेन्द्रबहादुर चन्दले प्राप्त गरे। वि.सं. २०३६ जेठ १० गते जनमतसङ्ग्रहको घोषणा भयो। २०३७ साल वैशाख २० गते सम्पन्न जनमत सङ्ग्रहमा पञ्चायतको विजय भयो।

### *राष्ट्रिय निर्देशन मन्त्रालयको स्थापना*

विभिन्न क्षेत्रमा निर्धारित लक्ष्य प्राप्तिका निम्ति सामूहिक शक्तिलाई सङ्गठित र विकसित गर्न वि.स. २०१७ फागुन ७ गते राष्ट्रिय निर्देशन मन्त्रालय खडा भयो। राष्ट्रिय निर्देशन ऐन, २०१७ अनुसार उच्चस्तरीय राष्ट्रिय निर्देशन परिषद् पनि गठन गरियो। विभिन्न वर्गलाई समन्वय गरी राष्ट्रिय जीवनमा प्रवाहित गर्नेजस्ता काम-कर्तव्य भएको यो मन्त्रालय वि.स. २०१९ चैत्र २० मा पञ्चायत मन्त्रालयमा गाभियो र वि.स. २०२० सालमा सो परिषद् विघटन भयो।

### *पञ्चायत सुधारका प्रयासहरू*

सर्वप्रथम वि.स. २०१८ साल फागुन ७ गतेदेखि गाँउ र नगरपञ्चायत तहमा निर्वाचन प्रारम्भ भयो। राष्ट्रिय पञ्चायतको प्रथम अधिवेशनपछि वि.स. २०२० जेठमा पहिलो पटक पञ्चायत विकास सम्मेलन भयो। वि.स. २०२० भदौ १ मा

नयाँ मुलुकी ऐन लागू भयो । वि.स. २०२१ मङ्सिर ८ गते भूमिसुधार ऐन जारी भएको थियो । वि.स. २०२४ असोज ६ गते राजा महेन्द्रबाट राष्ट्रिय पञ्चायतलाई एक सन्देश पठाई पञ्चायतको विकल्प सोधनी हुँदा राष्ट्रिय पञ्चायतको बैठकले सर्वसम्मतिबाट असोज ११ गते यो निर्विकल्प छ भन्ने प्रस्ताव पारित गरी असोज १३ गते दशसूत्रीय योजना बनाइयो । जसमा देश विकासका लागि ग्रामीण विकासलाई जोड दिइने कुराहरू उल्लेख गरिएका थिए । २०३३ साल भदौ र असोजमा पहिलोपल्ट राष्ट्रियस्तरमा पञ्चभेला आयोजना भएको थियो । यस भेलामा पञ्चायतको सिद्धान्त व्यवस्थित गरिएको थियो ।

***जनमत सङ्ग्रह, २०३७***

वि.स.२०१७ देखि २०३६ सम्मको १९ वर्षीय पञ्चायती शासनबाट राजनीतिक वातावरण शुद्ध हुन नसकेको, जीवनस्तर उल्लेखनीय रूपमा उठ्न नसकेको, महँगी बढ्दै गएको, पञ्चायतका कार्यकर्ता जनप्रिय हुन नसकेका जस्ता अनेकौं विरोधका आवाजहरू सत्ता सञ्चालक तथा सर्वसाधारणमाझसमेत उठ्न थाले । वि.स. २०३६ जेठ १० गते राजा वीरेन्द्रबाट शाही घोषणा गरी नेपाली जनतालाई सुधारसहितको पञ्चायती व्यवस्थालाई कायमै राख्ने हो वा बहुदलीय शासन पद्धति चाहने हो सोमध्ये एकलाई रोज्न लोकसम्मतिका लागि बालिग मताधिकारको आधारमा राष्ट्रव्यापी जनमत गराउने कुरा घोषणा भयो । यसपछि वि.स. २०३७ वैशाख २० गते सम्पन्न भएको जनमत सङ्ग्रहको परिणाम २०३७ जेठ १ गते घोषणा गरियो । कुल सदर मत ४८ लाख १३ हजार ४ सय छयासीमध्ये २४,३३,४५२ (५४.८ प्रतिशत) मत प्राप्त गरी पञ्चायत पक्ष विजयी भयो ।

### ३.१.३ **जनमतसङ्ग्रहदेखि जनआन्दोलनसम्म**

जनमतसङ्ग्रहपछि संवैधानिक सुधार एंव बालिग मतमा आधारित चुनाव सम्पन्न भयो । निर्वाचनपछि पञ्चायतको पहिलो २७ सदस्यीय मन्त्रिमण्डल १२० जना राष्ट्रिय पञ्चायत सदस्यहरूद्वारा निर्विरोध निर्वाचित सूर्यबहादुर थापाको प्रधानमन्त्रीत्वमा वि.स.२०३८ असार २ मा र पछि वि.स. २०३९ असोज २४ गते केही हेरफेरसाथ ३५ सदस्यीय मन्त्रिमण्डल बन्यो । तर वि.स. २०४० असार २७ गते १०८ सदस्यको बहुमतद्वारा प्रधानमन्त्री सूर्यबहादुर थापाले आफ्नो पदको जिम्मेवारी इमान्दारिपूर्वक पूरा नगरेको भन्ने राष्ट्रिय पञ्चायतबाट पारित अविश्वासको प्रस्ताव राजाबाट स्वीकृत भएपछि वि.स. २०४० असार २७ गते थापा सरकार विघटन भयो । लोकेन्द्रबहादुर चन्द १०७ सदस्यको बहुमतद्वारा

निर्विरोध छानिए र राष्ट्रिय पञ्चायतकै सिफारिसमा राजाबाट असार २८ गते उनलाई प्रधानमन्त्रीको पदमा नियुक्ति गरियो तथा २९ गते २१ सदस्यीय मन्त्रिमण्डल गठन भयो ।

### ३.१.४ २०४६ को जनआन्दोलन र त्यसपछिको राजनीति

२०१७ साल पुस १ गते राजा महेन्द्रको शाही घोषणामार्फत् स्थापित पञ्चायती व्यवस्था तीस वर्षसम्म टिक्यो र २०४६ को जनआन्दोलनसँगै तहसनहस भयो । २०४६ साल माघ ५ गतेदेखि ७ गतेसम्म नेपाली काँग्रेसका नेता गणेशमानसिंहको घरमा नेपाली काँग्रेसका कार्यकर्ताहरूको देशव्यापी सम्मेलन भयो। उक्त सम्मेलनमा भारतका बरिष्ठ नेताहरू चन्द्रशेखर, हरिकिसन सिंह सुरजित, एम.जे. अकबर आदिले समेत भाग लिएका थिए। नेपाली काँग्रेस र संयुक्त बाममोर्चा मिलेर संयुक्त रूपमा २०४६ साल फागुन ७ गतेदेखि उपत्यकाभित्र र बाहिरका जिल्लामा पनि देशव्यापी जनआन्दोलन चर्काए। फागुन ८ गते काठमाडौँलगायत प्रमुख सहरहरू बन्द भए। अन्तर्राष्ट्रिय सञ्चार जगतले प्राथमिकताका साथ समाचार प्रचारप्रसार गर्न थाले। २०४६ साल चैत १९ गते तत्कालीन प्र.म. मरिचमान सिंहको सिफारिसमा मन्त्रिमण्डल पुनर्गठन भयो तर आन्दोलनको गति रोकिएन। कीर्तिपुर, पाटन र बुटवलमा गोली चल्यो। २०४६ साल चैत २४ गते राजा वीरेन्द्रबाट रेडियो नेपालमार्फत घोषणा भयो जसअनुसार लोकेन्द्रबहादुर चन्दको अध्यक्षतामा ४ सदस्यीय मन्त्रिपरिषदको गठन भयो। जन आन्दोलन नरोकिएपछि अन्ततः २०४६ साल चैत्र २६ गते राति ११:४५ बजे रेडियो नेपाल र नेपाल टेलिभिजनमा एक विज्ञप्ति प्रकाशित भयो। जसमा नेपालको संविधान, २०१९ मा रहेको दलविहीन शब्द हटाई दलमाथिको प्रतिबन्ध फुकुवा भयो। नयाँ संविधान बनाउन संविधान सुधार सुझाव आयोगद्वारा प्रतिवेदन पेश गर्ने भन्ने विज्ञप्ति प्रकाशित भयो।

पञ्चायत विघटनपश्चात् कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा अन्तरिम सरकार गठन भयो। २०४७ साल कात्तिक २३ गते नेपाल अधिराज्यको संविधान, २०४७ जारी भयो। यसपछि २०४८ साल वैशाख २९ गते आमनिर्वाचन भयो। प्रतिनिधिसभाको २०५ सिटमध्ये नेपाली कांग्रेसले सर्वाधिक ११० सिट प्राप्त गऱ्यो। वि.स. २०४८ जेठ १५ गते बहुमतप्राप्त दल नेपाली काँग्रेसका संसदीय दलका नेता गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा एकमना मन्त्रिपरिषद् गठन भयो। प्रमुख प्रतिपक्षका रूपमा ६८ सिट पाएको नेपाल कम्युनिष्ट पार्टी एमाले रहन पुग्यो।

***बहुदलीय सरकारहरू***

नेपाली काँग्रेसका तत्कालीन महामन्त्री गिरिजाप्रसाद कोइरालालाई राजा वीरेन्द्रबाट २०४८ जेठ १३ का दिन प्रधानमन्त्री नियुक्त गरी १५ जनाको मन्त्रिमण्डल गठन गरियो। २०५१ कार्त्तिक २९ मा मध्यावधि निर्वाचन भयो। प्रतिनिधि सभा विघटनको सिफारिस भएपछि सम्पन्न यो आम निर्वाचनमा नेपाली काँग्रेसले ८३, नेकपा (एमाले) ले ८८ र राप्रपाले २० सीट प्राप्त गरेका थिए। मध्यावधि निर्वाचन, २०५१ मा स्पष्ट बहुमत कुनै पनि दलले प्राप्त नगरेकाले सबैभन्दा ठूलो दलको हैसियतमा नेकपा एमालेका अध्यक्ष एवं संसदीय दलका नेता मनमोहन अधिकारी प्रधानमन्त्रीमा नियुक्त भए। यो प्रतिनिधि सभा जेठ ३०, २०५२ मा पुनः विघटन हुन पुग्यो। तर सर्वोच्च अदालतले भदौ १२, २०५२ मा यसलाई पुनर्स्थापित गऱ्यो र भदौ २० मा प्रतिनिधि सभाको विशेष अधिवेशन बसी नेपाली काँग्रेसका नेता शेरबहादुर देउवाले मनमोहन अधिकारीउपर अविश्वासको प्रस्ताव पेश गरे। वि.स. २०५२ भदौ २५ मा अविश्वासको प्रस्ताव पारित भएपछि यो सरकार ढल्यो।

त्यसपछि २०५२ भदौ २६ मा शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भए। उनकै प्रधानमन्त्रीकालमा २०५२ साल फागुन १ गतेदेखि आफ्ना मागहरूउपर कुनै ध्यान नदिएको भन्दै तत्कालीन जनमोर्चाका नेता डा.बाबुराम भट्टराईलगायतले दीर्घकालीन जनयुद्धका लागि सशस्त्र विद्रोहको घोषणा गरी भूमिगत राजनीतिको थालनी गरे । एमालेको अविश्वासको प्रस्तावले गर्दा वि.स. २०५३ फागुन २३ गते शेरबहादुर देउवा सरकारको विघटन भयो र राप्रपाका नेता लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री बने। यो सरकारले पनि काँग्रेसको अविश्वास प्रस्तावका कारण वि.सं. २०५४ असोज १८ मा सत्ताबाट हात धुनुपऱ्यो। काँग्रेसको मिलेमतोमा राप्रपाको अध्यक्ष सूर्यबहादुर थापा २० असोज २०५४ मा प्रधानमन्त्री भए। उनले प्रतिनिधिसभा विघटन र निर्वाचन तोक्न सिफारिस गरे। तर प्रतिनिधिसभाको विशेष अधिवेशनले अविश्वासको प्रस्ताव विफल पाऱ्यो। चैत २८, २०५४ मा उनले राजिनामा दिए। यसपछि नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा अल्पमतको सरकार चैत्र ३०, २०५४ मा गठन भयो। यस सरकारमा नेकपा(माले) पनि सम्मिलित थियो। तर माले छिटै बाहिरिएकाले एमाले सम्मिलित भई मन्त्रिमण्डल पुर्नगठन भयो। व्यवस्थापिकाको निर्वाचनपछि वि.सं. २०५६ जेठ १३ मा नेपाली काँग्रेसका नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा मन्त्रिमण्डल गठन भयो। यो सरकारले चैत ३ गते राजिनामा दिएपछि ५ चैत, २०५६ मा गिरिजाप्रसाद कोइराला पुनः प्रधानमन्त्री बने।

२०५८ साल जेठ १९ गते नारायणहिटी राजदरबारमा घटेको अकल्पनीय घटनामा राजा वीरेन्द्रको वंशनाश भएपछि ज्ञानेन्द्र राजा भए र उनले आफ्ना छोरा पारसलाई युवराज बनाए। शेरबहादुर देउवाको प्रधानमन्त्रीत्वमा सञ्चालित सरकारले वि.स. २०५८ मङ्सिर ११ मा माओवादीलाई आतङ्ककारी घोषित गरी २०५९ जेठ १० गतेसम्म ६ महिनाको सङ्कटकाल लागू गऱ्यो। २०५९ जेठ ११ गते अन्त्य भएको सङ्कटकाल पुनः १३ गतेदेखि लागू भयो र भदौ १२ गतेसम्म कायम रह्यो।

२०५९ साल जेठ ८ गते प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा तत्कालीन संविधानको प्रावधानअनुसार राजाबाट प्रतिनिधिसभाको विघटन एंव कात्तिक २७ मा मध्यावधि चुनाव गर्ने घोषणा भएको थियो। निर्धारित तिथिमा चुनाव गर्न नसकेको बहानामा २०५९ असोज १८ गते राजा ज्ञानेन्द्रले देउवालाई 'असक्षमता' को आरोप लगाएर पदच्युत गरे। उनले कात्तिक २७ गते गर्ने भनिएको चुनाव पनि स्थगन गरी अर्को व्यवस्था नभएसम्मका लागि नेपालको कार्यकारिणी अधिकार आफैँसँग राखी पाँच दिनभित्र नयाँ मन्त्रिमण्डल गठन गर्ने घोषणा गरेका थिए। असोज १८ देखि २४ सम्म नेपाल प्रधानमन्त्री एवं मन्त्रिपरिषद्रहित भयो र असोज २५ मा लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रित्वमा ९ सदस्यीय मन्त्रिपरिषद् गठन भयो।

वि.स २०५२ फागुन १ गतेदेखि सशस्त्र जनयुद्ध प्रारम्भ गरी भूमिगत भएको माओवादीसँग गरिएका वि.स. २०५८ साउन ८ गते प्रथम चरणको वार्ता, भदौ २६ मा दोस्रो चरणको वार्ता र कात्तिक २८ मा तेस्रो चरणको वार्ताहरू असफल भएपछि वि.सं. २०५८ मङ्सिर ८ मा माओवादीद्वारा दाङ र स्याङ्जामा गरिएको आक्रमणले सुरक्षा स्थिति थप जटिल बनायो। वि.सं. २०५८ मङ्सिर ११ देखि मुलुकभरि सङ्कटकाल घोषणा गरियो। वि.सं. २०५९ जेठ ११ मा सङ्कटकालको अन्त्य भए पनि जेठ १३ मा पुनः लागू भई भदौ १२ मा समाप्त भयो। माघ १५ मा माओवादीद्वारा तत्काल युद्धविरामको घोषणा एवं सरकारबाट नेकपा (माओवादी) लाई आतङ्ककारी भनी गरिएको घोषणा र गिरफ्तारीको रेड कर्नर नोटिसजस्ता पूर्वनिर्णय फिर्ता लिएपछि नेपाली राजनीतिले नयाँ मोड लियो।

***दोश्रो जनआन्दोलन २०६२/६३***

२०५९ असोज १८ पछि ज्ञानेन्द्रले कहिले लोकेन्द्रबहादुर चन्दलाई त कहिले सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाएर आफूखुसी शासन गर्न थाले। नेपाली काँग्रेस, नेकपा (एमाले) लगायत पाँच दलले यसलाई शाही प्रतिगमनको संज्ञा

दिदै दबाबमूलक विरोध कार्यक्रमहरू सञ्चालन गर्न थाले । असार १८ गते राजा ज्ञानेन्द्रले २०६१ साल चैत मसान्तभित्र प्रतिनिधिसभाको चुनाव गर्ने शाही आदेशसहित शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा पुनः नियुक्त गरे । यो सरकारलाई १९ माघमा बर्खास्त गरियो र राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन सुरू भयो । १९ माघपछि शाही शासनविरूद्ध नेपाली काँग्रेस (प्रजातान्त्रिक) र संयुक्त वाममोर्चालाईसमेत समेटेर सात दलको आन्दोलनकारी गठबन्धन बन्यो र २०६२ वैशाखमा यसले प्रतिनिधिसभा पुनर्स्थापनाको बाटो हुदैं नेकपा (माओवादी) ले सञ्चालन गरेको सशस्त्र विद्रोहको राजनीतिक निकास दिन संविधानसभासम्म पुग्ने साझा सहमति र प्रतिबद्धतालाई सार्वजनिक गऱ्यो । यसपछि नै माओवादीसँग सात दलको वार्ता र समझदारीले ठोस आकार र गन्तव्य लिन थालेको हो । १९ माघ २०६१ मा राजा ज्ञानेन्द्रले दोस्रो पटक निरंकुश एवं प्रत्यक्ष शासन सुरू गरेपछि त्यसको प्रतिरोधमा आन्दोलनअघि बढाउन नेपाली काँग्रेस, नेकपा एमाले, नेपाली काँग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र संयुक्त बाममोर्चासहित २५ वैशाख २०६२ मा सर्वप्रथम सातदलीय गठबन्धन निर्माण भयो । नेपाली काँग्रेस, ने.क.पा.एमाले र ने.क.पा. माओवादीबीच २०६२ मङ्सिर ७ गते भारतको नयाँ दिल्लीमा १२ बुँदे सम्झौता भयो । शान्ति सम्झौतामा हस्ताक्षर र नेकपा माओवादीसमेतको सहभागितामा अन्तरिम व्यवस्थापिका-संसद् बनेपछि यो गठबन्धन आठदलीय भएको थियो । त्यसपछि २०६३ मङ्सिर ५ गते सात दलको सरकार र नेकपा (माओवादी) बीच विस्तृत शान्ति सम्झौता सम्पन्न भएको थियो ।



विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर हुँदै

२०६२ साल चैत २४ गतेदेखि २०६३ साल वैशाख ११ गतेसम्म १९ दिन चलेको शान्तिपूर्ण जनआन्दोलन २०६२/०६३ मा नेपाली जनताको अपार सहभागिताले यसलाई एउटा निर्णायक विन्दुमा पुऱ्याएको थियो । फलस्वरूप २०६३ माघ १ गते नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो । जनआन्दोलन २०६२/०६३ पछि वर्तमान राजनीतिक संक्रमणको व्यवस्थापन र संविधानसभाको चुनाव गर्ने जिम्मेवारी पाएका सात राजनीतिक दलको सहमतिअनुसार २८ चैत २०६४ मा संविधानसभाको चुनावको तिथि तेस्रो पटक निर्धारण गरियो । सात राजनीतिक दलले ८ पुस २०६४ मा गरेको २३ बुँदे सहमतिपछि चैत महिनाभित्र संविधानसभाको चुनाव गर्ने निर्णय गरेका थिए । नेपालमा ऐतिहासिक रूपमा संविधानसभाको निवार्चन वि.स.२०६४ चैत्र २८ मा सम्पन्न भयो । संविधानसभामा जम्मा ६०१ जना सदस्य थिए जसमध्ये ३३५ सदस्य समानुपातिक प्रणालीबाट र २४० सदस्य प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित भएका र बाँकी २६ जना सदस्य मन्त्रिपरिषद्ले मनोनीत गरेको थियो । जेठ १५, २०६५ मा बसेको संविधानसभाको पहिलो बैठकले गणतन्त्र नेपालको घोषणा गऱ्यो र गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. राम वरण यादव र उपराष्ट्रपति परमानन्द झा निर्वाचित हुनुभयो ।

## ३.२ नेपालको संवैधानिक विकासक्रम

राणा शासनको अन्त्यतिर २००४ साल माघ १४ का दिन राणा प्रधानमन्त्री पद्म शमशेरले जारी गरेको नेपाल सरकारको वैधानिक कानुन नै नेपालको पहिलो संविधान हो । यसअघि नेपालको इतिहासमा कुनै पनि लिखित वा अलिखित संविधानको रूपरेखा पाइँदैन । नेपालको संवैधानिक विकासलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### ३.२.१ नेपाल सरकारको वैधानिक कानुन, २००४

यो नेपालको पहिलो संविधान हो । वि.सं. २००४ माघ १३ गते विशालनगर दरबारबाट घोषित यो विधान वि.सं. २००५ वैशाख १ गतेदेखि लागू गरिने भनी उल्लेख गरिएको थियो । तर २००४ फागुन १८ गते प्रधानमन्त्री पद्म शमशेर भारतको प्रवासमा गएका र उनी नेपाल नफर्की उहीँबाट राजीनामा पठाएका थिए । उनका उत्तराधिकारी मोहन शमशेर जनतालाई कुनै अधिकार दिने पक्षमा नरहेकोले यो विधान लागू हुन सकेन । यो वैधानिक कानुन निर्माणको लागि भारतीय संविधान विशेषज्ञहरू श्रीप्रकाश, डा. राम उग्र सिंह र रघुनाथ सिंहलाई बोलाइएको थियो । देशमा व्यापक परिवर्तन गर्न २००५ वैशाख १ गतेदेखि लागू

हुने गरी घोषणा भएको यो संविधान पहिलो थियो । यो वैधानिक कानुनमा ६ भाग, ६८ धारा र १ अनुसूची थिए ।

### ३.२.२ **नेपालको अन्तरिम शासन विधान, २००७**

राणा शासनको अन्त्यपछि वि.सं. २००७ साल फागुन ७ गते राजा त्रिभुवनबाट नेपालको अन्तरिम शासन विधान २००७ घोषणा भयो । यसमा राज्यका नीति, निर्देशक सिद्धान्तहरू, मन्त्रिमण्डल, आर्थिक कार्य प्रणाली, प्रधान न्यायालय, लोक सेवा आयोग, निर्वाचन आयोग, संसद् सभाको व्यवस्था गरिएको थियो । यसमा ७ भाग, ७४ धारा र ४ परिच्छेद थिए । २००७ चैत्र २९ गतेदेखि पूर्ण रूपमा लागू भई कार्यान्वयनमा आएको यो संविधानमा ६ पटकसम्म संशोधन गरिएको थियो ।

### ३.२.३ **नेपाल अधिराज्यको संविधान, २०१५**

वि.सं. २०१४ चैत्र ३ गतेका दिन भगवतिप्रसाद सिंहको अध्यक्षतामा गठित अमेरिकी संविधानविद् सर आइभर जेनिङसमेत संलग्न भएको पाँच-सदस्यीय संविधान मस्यौदा समितिले १० महिनाको अवधिमा मस्यौदा तयार गरी राजा महेन्द्रसमक्ष प्रस्तुत गरे । यस कमिशनका अन्य सदस्यहरू होराप्रसाद जोशी, रामराज पन्त र सूर्यप्रसाद उपाध्याय थिए । यो संविधान राजा महेन्द्रबाट २०१५ साल फागुन १ गते जारी भयो । संविधानको धारा ७३ र ७५ तुरून्त लागू भए भने बाँकी धाराहरू २०१६ सालमा लागू भए । यसै संविधानको आधारमा फागुन ७, २०१५ देखि मुलुकमा प्रथम आम निर्वाचन भयो । यसमा १०९ सदस्यीय प्रतिनिधिसभा, मन्त्रिमण्डल प्रतिनिधिसभाप्रति उत्तरदायी हुने, कार्यपालिका, व्यवस्थापिका, स्वतन्त्र न्यायपालिका, लोकसेवा आयोग, हिसाब जाँच र नागरिकहरूको मौलिक अधिकारहरूको व्यवस्था थियो । १० भाग, ७७ धारा र ३ अनुसूची भएको यो संविधान राजा महेन्द्रबाट वि.सं. २०१९ मा खारेज भयो ।

### ३.२.४ **नेपालको संविधान, २०१९**

२०१७ पुस १ को राजा महेन्द्रको शाही कदमले २०१५ सालको संविधान अपदस्त भयो । वि.सं. २०१९ वैशाख २६ गतेका दिन ऋषिकेश शाहको अध्यक्षतामा शंभुप्रसाद ज्ञवाली, प्रकाशबहादुर खत्री, अंगुरबाबा जोशी, डम्बरनारायण यादव सदस्यहरू र कुलशेखर शर्मा सदस्य-सचिव भएको संविधान निर्माण समितिले तयार गरेको मस्यौदामा मन्त्रिमण्डलका सदस्यहरूको समेत राय सल्लाह लिई यो संविधान वि.सं. २०१९ पौष १ गते राजा महेन्द्रबाट घोषणा भयो । लोक

सम्मतिमा आधारित शासन व्यवस्था, विकेन्द्रीकरण र निर्दलीय पञ्चायती व्यवस्था यसका लक्ष्यहरू थिए । यसमा नागरिकहरूको मौलिक हक र कर्तव्य, पञ्चायत प्रणालीका नीति निर्देशक सिद्धान्त, राजसभा, मन्त्रिपरिषद्, लोकसेवा आयोग, कार्यपालिका, व्यवस्थापिका र स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरिएको थियो । यसमा २०२३ माघ १४ गते पहिलो संशोधन, २०३२ साल मङ्सिर २६ गते दोस्रो संशोधन र २०३७ साल पौष १ गते तेस्रो संशोधन भएको थियो । २० भाग, ९६ धारा र ६ वटा अनुसूची भएको नेपालको संविधान, २०१९ छयालीस सालको जनआन्दोलन अघिसम्म चल्यो र २०४७ सालमा नेपाल अधिराज्यको संविधान २०४७ ले यसलाई विस्थापित गऱ्यो ।

### ३.२.५ नेपाल अधिराज्यको संविधान, २०४७

जनआन्दोलनको फलस्वरूप निर्दलीय पञ्चायती व्यवस्था २०४६ चैत्र २६ गते धराशायी भयो र २०४७ वैशाख ६ गते नेपाली काँग्रेसका कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा ११ सदस्यीय अन्तरिम मन्त्रिपरिषद्को गठन भयो । यसै मन्त्रिपरिषद्को कार्यकालमा नेपालको पाचौँ संविधानको रूपमा वि.सं. २०४७ कार्तिक २३ गते शुक्रबारका दिन नेपाल अधिराज्यको संविधान, २०४७ लागू भएको थियो ।

२०४६ सालको ऐतिहासिक जनआन्दोलमार्फत ३० वर्षे पञ्चायती व्यवस्थाको समाप्तिपछि देशमा नयाँ संविधानको निर्माणको निमित्त राजा वीरेन्द्रबाट सर्वोच्च अदालतका न्यायाधीश विश्वनाथ उपाध्यायको अध्यक्षतामा नौ-सदस्यीय “संविधान सुधार सुझाव आयोग” गठन भएको कुरा २०४७ वैशाख २८ गते घोषणा गरिएकोमा यसको तीब्र विरोध भयो । २०४७ जेठ १ गते प्रधानमन्त्रीको सुझावबमोजिम मन्त्रिपरिषद्को परामर्शलाई समेत ध्यानमा राखी राजाबाट वि.सं. २०४७ जेठ १६ गते ३ महिनाभित्र आफ्नो सुझाव पेश गर्न पुनः विश्वनाथ उपाध्यायको अध्यक्षतामा नौ-सदस्यीय संविधान सुझाव आयोग गठन गरिएको थियो । संविधान सुझाव आयोगका सदस्यहरू यसप्रकार थिए :

| | | | |
|---|---|---|---|
| १. | विश्वनाथ उपाध्यय | अध्यक्ष | न्यायाधीश, सर्वोच्च अदालत |
| २. | दमननाथ ढुङ्गाना | सदस्य | नेपाली काँग्रेस |
| ३. | मुकुन्द रेग्मी | सदस्य | नेपाली काँग्रेस |
| ४. | माधवकुमार नेपाल | सदस्य | तत्कालीन ने.क.पा. मा.ले (वाममोर्चा) |
| ५. | लक्ष्मण अर्याल | सदस्य | नेपाली काँग्रेस |
| ६. | भारतमोहन अधिकारी | सदस्य | तत्कालीन ने.क.पा. मार्क्सवादी (वाममोर्चा) |

७. निर्मल लामा सदस्य तत्कालीन ने.क.पा. एकताकेन्द्र (वाम मोर्चा)
८. प्रद्युम्नलाल राजभण्डारी सदस्य कानुनविद्
९. रामानन्दप्रसाद सिंह सदस्य कानुनविद
१०. सूर्यनाथ उपाध्यय सदस्य-सचिव

संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, संसदीय शासन प्रणाली, जनतामा निहित सार्वभौमसत्ता, स्वतन्त्र र निष्पक्ष न्यायपालिकालाई अपरिवर्तनीय रूपमा स्थापना गरेको यो संविधानले नागरिकहरूको मौलिक हक र स्वतन्त्रताको संरक्षणमा जोड दिएको थियो । यस संविधानमा २३ भाग, १३३ धारा र ३ अनुसूची थिए । यसमा नागरिकको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, श्री ५, राजपरिषद्, कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग, महान्यायधिवक्ता आदिको व्यवस्था गरिएको थियो ।

***यस संविधानका आधारभूत विशेषताहरू यस प्रकार थिए :***

१. संविधान देशको मूल कानुनको रूपमा स्वीकारिएको,
२. सार्वभौमसत्ता नेपाली जनतामा निहित,
३. नेपाललाई एक बहुजातीय, बहुभाषिक, प्रजातान्त्रिक, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, हिन्दू, संवैधानिक राजतन्त्रात्मक अधिराज्यको रूपमा स्वीकार गरिएको,
४. नागरिकका मौलिक हक र अधिकारको व्यवस्था,
५. राज्यका निर्देशक नीति तथा सिद्धान्तको स्पष्ट व्यवस्था गरिएको,
६. कार्यकारिणी अधिकार श्री ५ र मन्त्रिपरिषद्मा रहने व्यवस्था,
७. स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरी न्याय सम्पादन गर्ने अधिकार अदालतलाई प्रदान गरिएको,
८. राजपरिषद्, लोकसेवा आयोग, महालेखा परीक्षक, निर्वाचन आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोगजस्ता संवैधानिक निकायको व्यवस्था गरी काम, कर्तव्य र अधिकारको स्पष्ट व्यवस्था गरिएको,
९. राजनीतिक दलसम्बन्धी व्यवस्था गरी ५ प्रतिशत महिला उम्मेदवार उठाउनुपर्ने र राष्ट्रिय दलको मान्यता पाउन जम्मा खसेको मतको तीन प्रतिशत मत ल्याउनुपर्ने व्यवस्था,
१० सङ्कटकालीन अवस्थाको घोषणा गर्ने अधिकार राजालाई प्रदान गरिएको,
११. संवैधानिक परिषद् र राष्ट्रिय सुरक्षा परिषद्को व्यवस्था आदि ।

वि.सं. २०६२/६३ को जनआन्दोलनको सफलतासँगसँगै यो संविधान पनि निष्कृय भयो ।

### ३.२.६ **नेपालको अन्तरिम संविधान,** २०६३

दोश्रो जनआन्दोलनको सफलताको फलस्वरूप नेपालको इतिहासमा पहिलो पटक जनताका तर्फबाट नेपालको अन्तरिम संविधान, २०६३ माघ १ गते जारी भयो । नेपाल अधिराज्यको संविधान, २०४७ पछि छैठौँ संविधानका रूपमा नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको हो । २५ भाग, १६७ धारा भएको यस संविधानमा ४ अनुसूचीहरू रहेका छन् । यस संविधानलाई अन्तरिम व्यवस्थापिका-संसद्ले वि.सं. २०६३ माघ १ को राति ११.३५ बजे अनुमोदन गऱ्यो ।

यस संविधानको मस्यौदा सर्वोच्च अदालतका पूर्वन्यायधीश एवम् २०४७ सालको संविधानको मस्यौदा समिति सदस्य लक्ष्मणप्रसाद अर्यालको संयोजकत्वमा गठित १६ सदस्यीय मस्यौदा समितिले तयार गरेको हो । मस्यौदा समितिको गठन असार २ गते भई १५ दिनको कार्यावधि हुने बताएको भए तापनि यसको कार्यकाल साउन २४ सम्म कायम गरिएको थियो । यसै मस्यौदा समितिमा सिन्धुनाथ प्याकुरेल, महादेव यादव, हरिहर दाहाल, शम्भु थापा, खिमलाल देवकोटा, अग्नि खरेल, पुष्पा भुषाल, सुशिला कार्की, छत्रकुमारी गुरूङ, शान्ति राई, सुनिल प्रजापति, परशुराम झा, चण्डेश्वर श्रेष्ठ र कुमार योञ्जन सदस्य थिए ।

मस्यौदा तयार गरेर समितिले भदौ ९ गते सरकार र माओवादी वार्ताटोलीका संयोजक द्वय गृहमन्त्री कृष्णप्रसाद सिटौला र कृष्णबहादुर महरासमक्ष बुझाएको थियो ।

नेपालको अन्तरिम संविधान २०६३ मा १३ पटक संशोधन गरिएको थियो ।

***नेपालको अन्तरिम संविधान, २०६३ का विशेषता :***

(१) जनआन्दोलन २ को भावना एवम् सो आन्दोलनका सहभागी आठ राजनीतिक दलको सामूहिक प्रयासबाट निर्मित,
(२) नेपालको इतिहासमा पहिलो पटक जनताबाट घोषणा भएको संविधान,
(३) नेपालको सार्वभौमसत्ता एवम् राजकीयसत्ता नेपाली जनतामा निहित,
(४) नेपाललाई धर्म निरपेक्ष राष्ट्रको रूपमा स्वीकार गरिएको,
(५) कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित,
(६) गणतन्त्रको स्थापना

(७) राष्ट्राध्यक्षको रूपमा राष्ट्रपतिको व्यवस्था,

(८) व्यवस्थापिकाको काम संविधानसभाले गर्ने,

(९) संविधानसभाको गठन हुने आधारको व्यवस्था गरी ६०१ जना सदस्य रहने प्रावधान,

(१०) राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक अङ्गका रूपमा मान्यता,

(११) निर्वाचनको निम्ति दलदर्ता गर्दा कम्तिमा १० हजार मतदाताको समर्थन सहितको हस्ताक्षर आवश्यक,

(१२) प्रधानसेनापतिको नियुक्ति, मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने,

(१३) प्रधानमन्त्रीको अध्यक्षतामा रक्षा, गृह र प्रधामन्त्रीले तोकेका तीनजना मन्त्री रहने गरी राष्ट्रिय सुरक्षा परिषद्को गठन,

(१४) संविधान संशोधन व्यवस्थापिका-संसद्को दुई तिहाई बहुमतबाट हुन सक्ने,

(१५) प्रधानमन्त्रीको अध्यक्षतामा प्रधानन्यायाधीश, सभामुख, विपक्षी दलको नेता र प्रधानमन्त्रीले तोकेका तीन जना मन्त्रीसहितको संवैधानिक परिषद् गठन हुने व्यवस्था,

(१६) जुनसुकै अदालत, विशेष अदालत, सैनिक या अन्य कुनै अदालत या न्यायिक निकायबाट गरेका सजायलाई मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले माफी मुल्तवी, परिवर्तन वा कम गर्न सक्ने,

(१७) मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले नेपाली राजदूत र अन्य विशेष प्रतिनिधिको नियुक्ति गर्ने,

(१८) राज्यका तर्फबाट दिइने उपाधि, सम्मान र विभूषण मन्त्रिपरिद्को सिफारिसमा राष्ट्रपतिबाट प्रदान गर्ने,

(१९) राष्ट्रिय महत्वको कुनै पनि विषयमा जनमत सङ्ग्रह गर्न सकिने प्रावधान,

(२०) बाधा अडकाउ फुकाउने अधिकार मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिमा रहने र त्यसको अनुमोदन १ महिनाभित्र संसद्ले गर्ने,

## ३.३ संविधानसभाको निर्वाचन

नेपालमा ऐतिहासिक रूपमा संविधानसभाको निवार्चन वि.सं. २०६४ चैत्र २८ मा सम्पन्न भयो। जनताका प्रतिनिधिहरूले संविधानसभामा गएर नयाँ संविधान बनाउन गरेको परिकल्पनालाई २००७ सालमा दिल्ली सम्झौता हुँदा भारतले समेत स्वीकार गरेको थियो। त्यसैअनुरूप राजा त्रिभुवनले संविधानसभाको निर्वाचन गर्ने घोषणा गरेका थिए। तर त्यो घोषणा कहिल्यै पूरा भएन। २०६२/२०६३ को जनआन्दोलन २ को सफलतापछि संविधानसभालाई राजनैतिक मूलनाराका रूपमा स्वीकार

गरियो र यो कार्यान्यवन हुन २ वर्ष लाग्यो ।

संविधानसभामा जम्मा ६०१ जना सदस्य थिए । जसमध्ये ३३५ सदस्य समानुपातिक प्रणालीबाट र २४० सदस्य प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित भए र बाँकी २६ जना सदस्य मन्त्रिपरिषद्बाट मनोनित भएका थिए ।

**तालिका नं. ३.१**

**संविधानसभा निर्वाचनका महत्वपूर्ण तथ्यहरू**

| | |
|---|---|
| निर्वाचन प्रयोजनका लागि दर्ता भएका दल | ७४ वटा |
| संविधानसभाका सदस्य सङ्ख्या | प्रत्यक्ष : २४०<br>मन्त्रिपरिषद्बाट मनोनित २६<br>समानुपातिक : ३३५ |
| निर्वाचनमा सफल राजनीतिक दल | प्रत्यक्ष : ९<br>समानुपातिक : २५ जम्मा उम्मेदवार प्रत्यक्ष : ३,९४६ समानुपातिक : ५७०१ |
| मतदान केन्द्र | २० हजार ८ सय ८३ |
| मतदाता सङ्ख्या | १ करोड ७८ लाख ११ हजार ८३२ |
| खसेको मत | प्रत्यक्ष : १ करोड ९ लाख समानुपातिक : १ करोड ११ लाख ४६ हजार ४५० |
| सदर मत | प्रत्यक्ष : १ करोड ३ लाख ६,१२० समानुपातिक : १ करोड ७ लाख ३९ हजार ६८ |
| खसेको मत प्रतिशत | ६१ प्रतिशत |
| जमानत जफत हुने अवस्था | खसेको मतको १० प्रतिशत प्राप्त हुन नसकेमा (प्रत्यक्षतर्फ) |
| सबैभन्दा बढी उम्मेदवार भएको निर्वाचन क्षेत्र | काठमाडौं क्षेत्र नं. ४ (३८ जना) |
| सबैभन्दा बढी उम्मेदवार भएको अञ्चल | बाग्मती |
| सबैभन्दा कम उम्मेदवार भएको जिल्ला | मनाङ (३ जना प्रत्यक्ष) |

| | |
|---|---|
| सबैभन्दा बढी उम्मेदवार भएको जिल्ला | काठमाडौँ |
| पहिलो विजयी दल | नेकपा (माओवादी) प्रत्यक्ष : ५० प्रतिशत (१२० सीट) समानुपातिकः २९.८५ प्रतिशत (१०० सीट) |
| दोस्रो विजयी दल | नेपाली काँग्रेस, प्रत्यक्ष : १५४२ प्रतिशत (३७ सीट) समानुपाति : २१.७९ प्रतिशत (७३ सीट) |

**तालिका नं. ३.२**

**संविधानसभामा विभिन्न जाति/समूहको प्रतिनिधित्व**

| समूह | सभासद सङ्ख्या | प्रतिनिधित्व (प्रतिशत) | जनसङ्ख्या (प्रतिशत) |
|---|---|---|---|
| मधेशी | १९६ | ३४.० | ३१.२ |
| जनजाति | १९२ | ३३.३ | ३७.८ |
| अन्य समूह | १९६ | ३४.० | ३०.२ |
| दलित | ४७ | ८.१ | १३.० |
| पिछडिएको क्षेत्र | २२ | ३.८ | ४.० |
| महिला | १९१ | ३३.२ | ५०.१ |

## अन्तरिम चुनावी मन्त्रिपरिषद्को गठन

संविधानसभाको २०६७ जेठ १५ मा विघटनपछि विधायिकाको रिक्तताले राजनीतिक दलहरूबीच तिक्तता बढाएको झण्डै नौ महिनापछि राजनीतिक दलहरूको सहमतिमा संविधानसभा चुनाव गर्ने गरी २०६९ चैत्र १ गते राष्ट्रपति रामवरण यादवले सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मीलाई अन्तरिम चुनावी मन्त्रिपरिषद्को अध्यक्षको रूपमा नियुक्ति गरे ।

## दोस्रो संविधानसभा निर्वाचन

दोस्रो संविधानसभाको निर्वाचन २०७० साल मङ्सिर ४ गते (१९ नोभेम्बर २०१४) शान्तिपूर्ण तवरले सम्पन्न भयो । यस निर्वाचनमा ठूलो सङ्ख्यामा मतदाताहरूले मतदान गरेका थिए । यो निर्वाचनका महत्वपूर्ण तथ्यहरू तालिका

३.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.३**

**दोस्रो संविधानसभा निर्वाचनका महत्वपूर्ण तथ्यहरू**

| क्र.सं. | विवरण | |
|---|---|---|
| १ | संविधानसभाका सदस्य सङ्ख्या (सिट) | ६०१ प्रत्यक्ष : २४० समानुपातिक : ३३५ मन्त्रिपरिषद्बाट मनोनित : २६ |
| २ | कुल मतदाता (फोटोसहितका) | १,२१,४७,८६५ |
| ३ | मतदान स्थल (सङ्ख्या)<br>मतदान केन्द्र (सङ्ख्या) | १०,०१२<br>१८,४५६ |
| ४ | निर्वाचनमा भाग लिएका राजनैतिक दलहरू (सङ्ख्या) | प्रत्यक्षतर्फ : १२१ समानुपातिकतर्फ : १२२ |
| ५ | उम्मेदवार (सङ्ख्या) | प्रत्यक्षतर्फ : ६,१२५, यीमध्ये महिला ६६७ जना (१०.८९) प्रतिशत |
| ६ | खसेको मत | प्रत्यक्षतर्फ : ९५,१६,७२४ (७८.३४ प्रतिशत) समानुपातिकतर्फ :९,७७६,७०३(८०.४८ प्रतिशत) |
| ७ | सदर मत | प्रत्यक्षतर्फ : ९०,४४,८९८ समानुपातिकतर्फ :९४,६३,८६२ |
| ८ | बदर मत(प्रतिशत) | प्रत्यक्षतर्फ : ४.९६ प्रतिशत समानुपातिकतर्फ : ३.२ प्रतिशत |
| ९ | निर्वाचनमा कम्तीमा एक सिट प्राप्त गर्ने राजनैतिक दलहरू (सङ्ख्या) | प्रत्यक्षतर्फ : १०<br>समानुपातिकतर्फ : ३० |
| १० | निर्वाचनमा सफल भएका महिला उम्मेदवारहरूको सङ्ख्या | प्रत्यक्षतर्फ : १० |

| ११ | बढी सिट प्राप्त गर्ने राजनीतिक दलहरू |
|---|---|
| नेपाली काँग्रेस | प्रत्यक्षतर्फ जितेको सिट : १०५ (४३.७५ प्रतिशत), पाएको मत : २६९४९८३ (२९.८० प्रतिशत), समानुपातिकतर्फ पाएको सिटः ९१ (२७.१६ प्रतिशत), प्राप्त गरेको मत २४१८३७० (२५.५५ प्रतिशत) |
| नेपाल कम्यूनिष्ट पार्टी (एमाले) | प्रत्यक्षतर्फ जितेको सिट : ९१(३७.९२ प्रतिशत), पाएको मत : २४९२०९० (२७.५५ प्रतिशत), समानुपातिकतर्फ पाएको सिट :८४ (२५.०७ प्रतिशत), प्राप्त गरेको मत : २२३९६०९ (२३.६६ प्रतिशत) |
| एकिकृत नेपाल कम्यूनिष्ट पार्टी (माओवादी) | प्रत्यक्षतर्फ जितेको सिट : २६(१०.८३ प्रतिशत), पाएको मत : १६०९१४५ (१७.७९ प्रतिशत), समानुपातिकतर्फ पाएको सिटः ५४ (१६.१२ प्रतिशत), प्राप्त गरेको मत : १४३९७२६ (१५.२१ प्रतिशत) |
| राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | प्रत्यक्षतर्फ जितेको सिट : समानुपातिकतर्फ पाएको सिटः २४ (७.१६ प्रतिशत), प्राप्त गरेको मत : ६३०६९७ (६.६६ प्रतिशत) |

**दोस्रो संविधानसभा**

दोस्रो संविधानसभाको पहिलो बैठक २०७० माघ ८ गते बसेको थियो। संविधानसभाले संविधानको पहिलो मस्यौदा २०७२ असार २४ गते स्वीकृत गरी यसउपर पचहत्तरै जिल्लाबाट राय सङ्कलन गरिएको थियो। जनताबाट प्राप्त रायहरूलाई समेत ध्यानमा राखी तयार पारिएको प्रस्तावित संविधानका प्रत्येक धाराउपर छलफल गर्दै एवं पारित गर्दै २०७२ भदौ ३१ गते संविधानसभाबाट संविधानको मस्यौदालाई पारित गरिएको थियो। संविधानसभामा कायम रहेका कुल ५९८ सदस्यहरूमध्ये ५३२ सदस्यहरूले मतदानमा भाग लिएका थिए जस्मा संविधानको पक्षमा ५०७ जनाले र २५ जनाले विपक्षमा मतदान गरेका थिए भने ५६ जना सदस्यहरू उपस्थित भएका थिएनन्।

संविधानसभाबाट पारित संविधान २०७२ असोज ३ गते संविधानसभाका अध्यक्षबाट प्रमाणित गरिएको र सोही दिन राष्ट्रपति डा. रामवरण यादवबाट जारी गरिएको थियो ।

## ३.४ नेपालको संविधान

दोस्रो संविधानसभाद्वारा निर्माण गरिएको नेपालको संविधान २०७२ असोज ३ गते प्रारम्भ भयो । यो संविधानका विशेषताहरू निम्नानुसार छन् :

**नेपालको संविधानका विशेषताहरू**

१. दोस्रो संविधानसभाले बनाएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान राष्ट्रपतिबाट २०७२ साल असोज ३ गते जारी भएको ।

२. नेपालको इतिहासमा पहिलोपल्ट संविधानसभाले निर्माण गरी जारी गरेको संविधान ।

३. नेपालको सार्वभौमसत्ता एवम् राजकीयसत्ता नेपाली जनतामा निहित ।

४. यस संविधानमा विभिन्न ३१ ओटा मौलिक हकहरूको व्यवस्था गरिएको ।

५. प्रत्येक नागरिकका लागि ४ ओटा कर्तव्यहरू तोकिएको ।

६. सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश तथा स्थानीय तह गरी तीन तहको हुने र नेपालमा सातओटा प्रदेश रहने व्यवस्था गरिएको ।

७. नेपालको राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय यस तहले संविधान तथा कानुनबमोजिम गर्ने व्यवस्था ।

८. सङ्घ, प्रदेश र स्थानीय तहबीच राज्यशक्तिको बाँडफाँड गरिएको ।

९. राष्ट्राध्यक्षको रूपमा राष्ट्रपति रहने व्यवस्था ।

१० नेपालको कार्यकारिणीको अधिकार यो संविधान र कानुनबमोजिम मन्त्रिपरिषद्मा निहित रहने व्यवस्था ।

११. राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरकफरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्ने व्यवस्था ।

१२. २७५ सदस्यीय प्रतिनिधिसभा र ५९ सदस्यीय राष्ट्रियसभा नामका दुई सदनसहितको एक सङ्घीय व्यवस्थापिकाको व्यवस्था ।

१३. सङ्घीय सदनमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनुपर्ने प्रावधान ।

१४. प्रतिनिधिसभाको सभामुख र उपसभामुखमध्ये एकजना महिला हुनेगरी निर्वाचन गर्नुपर्ने व्यवस्था गरिएको ।

१५. राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्षमध्ये एकजना महिला हुनेगरी निर्वाचन गर्नुपर्ने व्यवस्था ।

१६. प्रधानमन्त्री नियुक्त भएको पहिलो दुईवर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एकवर्षभित्र अविश्वासको प्रस्ताव पेश गर्न नपाउने व्यवस्था ।

१७. नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधिनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुनेगरी यो संविधान संशोधन गर्न नसकिने ।

१८. प्रदेशको कार्यकारिणी अधिकार यो संविधान र प्रदेश कानुनबमोजिम प्रदेश मन्त्रिपरिषद्मा निहित हुने ।

१९. प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रूपमा राष्ट्रपतिद्वारा नियुक्त प्रदेश प्रमुख रहने व्यवस्था ।

२०. प्रदेशको मन्त्रिपरिषद् मुख्यमन्त्रीको अध्यक्षतामा गठन हुने ।

२१. प्रदेशको व्यवस्थापिका एकसदनात्मक हुने र यस्को नाम प्रदेशसभा रहने ।

२२. प्रदेश सभाका साठी प्रतिशत सदस्यहरू पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम र चालीस प्रतिशत सदस्यहरू समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने व्यवस्था ।

२३. स्थानीय तहको कार्यकारिणी अधिकार यो संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँपालिका वा नगरपालिकामा निहित हुने ।

२४. जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरूबीच समन्वय गर्न जिल्लासभाको व्यवस्था ।

२५. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोगको व्यवस्था ।

२६. नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुने र देवनागरिक लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा तोकिएको ।

२७. राष्ट्रिय महत्वको कुनै पनि विषयमा जनमत सङ्ग्रहबाट निर्णय लिन

सक्ने व्यवस्था गरिएको ।

**नेपालको संविधानमा उल्लिखित मौलिक हक र कर्तव्य**

नेपालको संविधानको भाग ३ मा नेपाली नागरिकका निम्नानुसारका मौलिक हकहरू र कर्तव्यहरूको व्यवस्था गरिएको छ :

१. **सम्मानपूर्वक बााच्न पाउने अधिकार (धारा १६)** :

(१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ ।

(२) कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानून बनाइनेछैन ।

२. **स्वतन्त्रताको हक (धारा १७)** :

(१) कानुनबमोजिमबाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट बञ्चित गरिनेछैन ।

(२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :-

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,

(ख) बिनाहातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,

(ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता,

(घ) सङ्घ र संस्था खोल्ने स्वतन्त्रता,

(ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता,

(च) नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता ।

तर,

(१) खण्ड (क) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा सङ्घीय एकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली बेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(२) खण्ड (ख) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता, सङ्घीय एकाइबीचको सु-सम्बन्ध वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(३) खण्ड (ग) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पर्ने, राष्ट्रको विरुद्ध जासूसी गर्ने, राष्ट्रिय गोपनीयता भङ्ग गर्ने वा नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, सङ्गठन वा प्रतिनिधिलाई सहयोग गर्ने वा राज्यद्रोह गर्ने वा सङ्घीय एकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने वा केवल जाति, भाषा, धर्म, सम्प्रदाय वा लिङ्गको आधारमा कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्ने वा बन्देज लगाउने वा नागरिकहरूबीच विभेद गर्ने गरी राजनीतिक दल गठन गर्ने, हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(४) खण्ड (घ) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पर्ने, राष्ट्रको विरुद्ध जासूसी गर्ने, राष्ट्रिय गोपनीयता भङ्ग गर्ने वा नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, सङ्गठन वा प्रतिनिधिलाई सहयोग गर्ने, राज्यद्रोह गर्ने वा सङ्घीय एकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(५) खण्ड (ङ) को कुनै कुराले सर्वसाधारण जनताको हित वा सङ्घीय एकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचको सु-सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्ने वा त्यस्तो कार्य गर्न दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(६) खण्ड (च) को कुनै कुराले सङ्घीय एकाइबीचको सु-सम्बन्धमा खलल पुऱ्याउने कार्य वा सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्न पाउने वा कुनै पेशा, रोजगार, उद्योग, व्यापार वा व्यवसाय गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

३. **समानताको हक (धारा १८):**

(१) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित गरिने छैन ।

(२) सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्नेछैन ।

तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

**स्पष्टीकरण** : यस भाग र भाग ४ को प्रयोजनका लागि 'आर्थिक रूपले विपन्न' भन्नाले सङ्घीय कानुनमा तोकिएको आयभन्दा कम आय भएको व्यक्ति सम्झनुपर्छ ।

(४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।

(५) पैतृक सम्पत्तिमा लैङ्गिक भेदभावबिना सबै सन्तानको समान हक हुनेछ ।

४ **सञ्चारको हक (धारा १९):**

(१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन ।

तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय एकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन ।

तर यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन ।

(३) कानुनबमोजिमबाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोनलगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन ।

५. **न्यायसम्बन्धी हक (धारा २०):**

(१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन ।

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानुन व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ ।

तर शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।

**स्पष्टीकरण** : यस उपधाराको प्रयोजनका लागि 'कानुन व्यवसायी'

भन्नाले कुनै अड्डा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानुनले अधिकार दिएको व्यक्ति सम्झनुपर्छ ।

(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन ।

तर निवारक नजरबन्दमा राखिएका व्यक्ति र शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।

(४) तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी हुनेछैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।

(५) कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन ।

(६) कुनै पनि व्यक्तिविरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन ।

(७) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन ।

(८) प्रत्येक व्यक्तिलाई निजविरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ ।

(९) प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ ।

(१०) असमर्थ पक्षलाई कानुनबमोजिम निःशुल्क कानुनी सहायता पाउने हक हुनेछ ।

६. **अपराधपीडितको हक (धारा २१)**:

(१) अपराधपीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ ।

(२) अपराधपीडितलाई कानुनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ ।

७. **यातनाविरुद्धको हक (धारा २२)**:

(१) पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिनेछैन ।

(२) उपधारा (१) बमोजिमको कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

८. **निवारक नजरबन्दविरुद्धको हक (धारा २३):**

(१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन ।

(२) उपधारा (१) बमोजिम निवारक नजरबन्दमा रहेको व्यक्तिको स्थितिको बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानुनबमोजिम तत्काल जानकारी दिनुपर्नेछ ।

तर शत्रु देशको नागरिकका हकमा यो उपधारा लागू हुने छैन ।

(३) निवारक नजरबन्दमा राख्ने अधिकारीले कानुनविपरीत वा बदनियतपूर्वक कुनै व्यक्तिलाई नजरबन्दमा राखेमा त्यस्तो व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

९. **छुवाछुत तथा भेदभावविरुद्धको हक (धारा २४):**

(१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन ।

(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाईमात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।

(३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार

गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।

(५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

१०. **सम्पत्तिको हक (धारा २५)**:

(१) प्रत्येक नागरिकलाई कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।

तर राज्यले व्यक्तिको सम्पत्तिमा कर लगाउन र प्रगतिशील करको मान्यताअनुरूप व्यक्तिको आयमा कर लगाउन सक्नेछ ।

**स्पष्टीकरण** : यस धाराको प्रयोजनका लागि 'सम्पत्ति' भन्नाले चल अचललगायत सबै प्रकारको सम्पत्ति सम्झनुपर्छ र सो शब्दले बौद्धिक सम्पत्तिसमेतलाई जनाउँछ ।

(२) सार्वजनिक हितका लागिबाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्नेछैन ।

तर कुनै पनि व्यक्तिले गैरकानूनी रूपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन ।

(३) उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐनबमोजिम हुनेछ ।

(४) उपधारा (२) र (३) को व्यवस्थाले भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्ने प्रयोजनका लागि राज्यले कानुनबमोजिम भूमिसुधार, व्यवस्थापन र नियमन गर्न बाधा पर्ने छैन ।

(५) उपधारा (३) बमोजिम राज्यले सार्वजनिक हितका लागि कुनै

व्यक्तिको सम्पत्ति अधिग्रहण गरेकोमा त्यस्तो सार्वजनिक हितको सट्टा अर्को कुनै सार्वजनिक हितका लागि त्यस्तो सम्पत्ति प्रयोग गर्न बाधा पर्ने छैन ।

११. **धार्मिक स्वतन्त्रताको हक (धारा २६) :**

(१) धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ ।

(२) प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुनेछ ।

तर धार्मिक स्थल तथा धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्न तथा गुठी सम्पत्ति तथा जग्गाको व्यवस्थापनका लागि कानुन बनाई नियमित गर्न बाधा पुगेको मानिने छैन ।

(३) यस धाराद्वारा प्रदत्त हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सावर्जनिक शान्ति भङ्ग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवतर्न गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ ।

१२. **सूचनाको हक (धारा २७) :**

प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ ।

तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।

१३. **गोपनीयताकाो हक (धारा २८) :**

कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानुनबमोजिमबाहेक अनतिक्रम्य हुनेछ ।

१४. **शोषणविरुद्धको हक (धारा २९) :**

(१) प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक हुनेछ ।

(२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइनेछैन ।

(३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइनेछैन ।

(४) कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन पाइनेछैन ।

तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानुन बनाउन रोक लगाएको मानिनेछैन ।

(५) उपधारा (३) र (४) विपरीतको कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**१५. स्वच्छ वातावरणको हक (धारा ३०) :**

(१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ ।

(२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(३) राष्ट्रको विकाससम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन ।

**१६. शिक्षासम्बन्धी हक (धारा ३१) :**

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

(३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

**१७. भाषा तथा संस्कृतिको हक (धारा ३२) :**

(१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ ।

(२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक

जीवनमा सहभागी हुन पाउने हक हुनेछ ।

(३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ ।

१८. **रोजगारीको हक** (**धारा ३३**) :

(१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता सङ्घीय कानुनबमोजिम हुनेछ ।

(२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ ।

१९. **श्रमको हक** (**धारा ३४**) :

(१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ ।

**स्पष्टीकरण** : यस धाराको प्रयोजनका लागि 'श्रमिक' भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदूर सम्झनुपर्छ ।

(२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ ।

(३) प्रत्येक श्रमिकलाई कानुनबमोजिम ट्रेडयुनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ ।

२०. **स्वास्थ्यसम्बन्धी हक** (**धारा ३५**) :

(१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।

(३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।

(४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

२१. **खाद्यसम्बन्धी हक** (**धारा ३६**) :

(१) प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने

अवस्थाबाट सुरक्षित हुने हक हुनेछ ।

(३) प्रत्येक नागरिकलाई कानुनबमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।

२२. **आवासको हक** (**धारा ३७**) :

(१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ ।

(२) कानुनबमोजिमबाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिनेछैन ।

२३. **महिलाको हक** (**धारा ३८**) :

(१) प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुनेछ ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ ।

(३) महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

२४. **बालबालिकाको हक** (**धारा ३९**) :

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(५) कुनै पनि बालबालिकालाई बाल बिबाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

२५. **दलितको हक (धारा ४०) :**

(१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवालगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ ।

(२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यवसायिक उच्च शिक्षामा दलितका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न

कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।

(५) राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एक पटक जमीन उपलब्ध गराउनुपर्नेछ ।

(६) राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्नेछ ।

(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नुपर्नेछ ।

२६. **ज्येष्ठ नागरिकको हक** (**धारा** ४१) :

ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ ।

२७. **सामाजिक न्यायको हक** (**धारा** ४२) :

(१) आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।

(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ ।

(३) अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।

(४) प्रत्येक किसानलाई कानुनबमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ ।

(५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जनआन्दोलन, सशस्त्र सङ्घर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ ।

२८. **सामाजिक सुरक्षाको हक (धारा ४३) :**

आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

२९. **उपभोक्ताको हक (धारा ४४) :**

(१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ ।

(२) गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

३०. **देश निकालाविरुद्धको हक (धारा ४५) :**

कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन ।

३१. **संवैधानिक उपचारको हक (धारा ४६) :**

यस भागद्वारा प्रदत्त हकहरूको प्रचलनका लागि धारा १३३ वा १४४ मा लेखिएबमोजिम संवैधानिक उपचार पाउने हक हुनेछ ।

मौलिक हकको कार्यान्वयन (धारा ४७) : यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकताअनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्नेछ ।

नागरिकका कर्तव्य (धारा ४८) : प्रत्येक नागरिकका कर्तव्य देहायबमोजिम हुनेछन् :-

(क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,

(ख) संविधान र कानुनको पालना गर्नु,

(ग) राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,

(घ) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु ।

## ३.५ गणतन्त्रात्मक नेपाल

२०६३ माघ १ गते नेपालको अन्तरिम संविधान, २०६३ को घोषणासँगै नेपालको राजा र राजतन्त्र निलम्बित भए । २०६४ चैत २८ गते सम्पन्न भएको संविधानसभाको निर्वाचनपछि संविधानसभाको पहिलो बैठक २०६५ जेठ १५ गते बस्यो र राजतन्त्र अन्त्य भएको घोषणा गऱ्यो । २०६५ जेठ १६ मा भएको नेपालको अन्तरिम संविधान, २०६३ को चौथो संशोधनले नेपाललाई गणतन्त्रात्मक राज्यको रूपमा नयाँ पहिचान प्रदान गऱ्यो । २०६५ साउन ५ गते सम्पन्न निर्वाचनपछि गणतन्त्र नेपालका पहिलो राष्ट्रपति डा.रामवरण यादव र उपराष्ट्रपति परमानन्द झा बन्नुभयो । साथै, गणतन्त्र नेपालका प्रथम प्रधानमन्त्री पुष्पकमल दाहाल “प्रचण्ड” र संविधानसभाका सभामुख सुभासचन्द्र नेम्वाङ् बन्नुभयो ।

दोस्रो संविधान सभामा सबैभन्दा बढी सिट प्राप्त गर्ने नेपाली काँग्रेशको सभापति श्री सुशील कोइरालाको नेतृत्वमा मन्त्रिमण्डल गठन भयो । दोस्रो संविधानसभाबाट २०७२ असोज ३ गते संविधान जारी भएपछि सोही महिनाको २५ गते नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नयाँ मन्त्रिमण्डल बन्यो । २०७२ कात्तिक ११ गते पहिलो महिला राष्ट्रपतिको रूपमा श्री विद्यादेवी भण्डारी निर्वाचित हुनुभयो । परिवर्तित व्यवस्थापिका-संसद्को सभामुख श्रीमती ओनसरी घर्ती बन्नुभयो ।

## ३.६ नेपालको राजनैतिक एवं प्रशासनिक विभाजन

नेपाललाई वि.स. २०१८ वैशाख १ गते १४ अञ्चल ७५ जिल्लामा विभाजन गरिएको थियो । राणाकालमा पहाडतर्फ २३ जिल्ला र तराईतर्फ १२ जिल्ला गरी ३५ जिल्ला थिए । नेपाललाई वि.सं. २०२९ असार १३ गते ४ विकास क्षेत्र र २०३७ असोज २६ गते सेती र महाकाली अञ्चललाई छुट्टयाई पाँच विकास क्षेत्र कायम गरिएको थियो । देशलाई विकास क्षेत्रमा विभाजित गर्नुको मुख्य उद्देश्य सबै क्षेत्रको समानुपातिक विकास गरी त्यसको प्रतिफल सर्वसाधारण जनतामा न्यायोचित आधारमा समानुपातिक रूपमा वितरण गर्नुरहेको थियो ।

हाल नेपालका विकास क्षेत्र, अञ्चल, जिल्लाहरूको सदरमुकाम, क्षेत्रफल, नगरपालिका र गाविसको तथ्याङ्कीय विवरण निम्नानुसार छ :

**तालिका नं. ३.४**

**नेपालको राजनैतिक एवं प्रशासनिक विभाजन**

| क्र.सं. | विकास क्षेत्र | क्षेत्रीय सदरमुकाम | क्षेत्रफल | |
|---|---|---|---|---|
| | | | वर्ग कि.मि. | प्रतिशत |
| १ | पूर्वाञ्चल | धनकुटा | २८,४५६ | १९ |
| २ | मध्यमाञ्चल | काठमाडौँ | २७,४१० | १९ |
| ३ | पश्चिमाञ्चल | पोखरा (कास्की) | २९,३९८ | २० |
| ४ | मध्यपश्चिमाञ्चल | वीरेन्द्रनगर (सुर्खेत) | ४२,३७८ | २९ |
| ५ | सुदूरपश्चिमाञ्चल | दिपायल (डोटी) | १९,५३९ | १३ |
| नेपाल | | | १,४७,१८१ | १०० |

**तालिका ३.५**

**जिल्ला, नगरपालिका र गाउँ विकास समिति**

| क्र. सं. | जिल्ला | सदरमुकाम | क्षेत्रफल (वर्ग कि.मि.) | न.पा. (सङ्ख्या) | गाविस (सङ्ख्या) |
|---|---|---|---|---|---|
| **मेची अञ्चल** | | **इलाम** | **८,१९६** | **१३** | **१६२** |
| १ | ताप्लेजुङ | ताप्लेजुङ | ३,६४६ | १ | ४८ |
| २ | पाँचथर | फिदिम | १,२४१ | १ | ३८ |
| ३ | इलाम | इलाम | १,७०३ | ३ | ४३ |
| ४ | झापा | चन्द्रगढी | १६०६ | ८ | ३३ |
| **कोशी अञ्चल** | | **विराटनगर** | **९,६६९** | **२२** | **२१७** |
| ५ | सङ्खुवासभा | खाँदबारी | ३,४८० | ३ | २५ |
| ६ | तेह्रथुम | म्याग्लुङ | ६७९ | २ | २१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | धनकुटा | धनकुटा | ८९१ | २ | २८ |
| ८ | भोजपुर | भोजपुर | १,५०७ | २ | ५४ |
| ९ | मोरङ | विराटनगर | १,८५५ | ८ | ५० |
| १० | सुनसरी | इनरुवा | १,२५७ | ५ | ३९ |
| **सगरमाथा अञ्चल** | | **राजविराज** | **१०,५९१** | **१७** | **३४६** |
| ११ | सोलुखुम्बु | सोलुसल्लेरी | ३,३१२ | १ | ३० |
| १२ | ओखलढुङ्गा | ओखलढुङ्गा | १,०७४ | १ | ५० |
| १३ | खोटाङ | दिक्तेल | १,५९१ | १ | ७२ |
| १४ | उदयपुर | गाईघाट | २,०६३ | ३ | ४० |
| १५ | सप्तरी | राजविराज | १,३६३ | ५ | ९१ |
| १६ | सिराहा | सिराहा | १,१८८ | ६ | ६३ |
| **जनकपुर अञ्चल** | | **जलेश्वर** | **९,६६९** | **२०** | **३६४** |
| १७ | दोलखा | चरिकोट | १,१९१ | २ | ४८ |
| १८ | रामेछाप | मन्थली | १,५४६ | २ | ४५ |
| १९ | सिन्धुली | सिन्धुलीमाडी | २,४९१ | २ | ५० |
| २० | धनुषा | जनकपुरधाम | १,१८० | ६ | ७१ |
| २१ | महोत्तरी | जलेश्वर | १,००२ | ३ | ६८ |
| २२ | सर्लाही | मलङ्वा | १,२५९ | ५ | ८४ |
| **बाग्मती अञ्चल** | | **काठमाडौं** | **९,४२८** | **३१** | **२८७** |
| २३ | रसुवा | धुञ्चे | १,५४४ | - | १८ |
| २४ | धादिङ | धादिङ्बेसी | १,९२६ | १ | ४६ |
| २५ | नुवाकोट | विदुर | १,१२१ | १ | ६१ |
| २६ | सिन्धुपाल्चोक | चौतारा | २,५४२ | २ | ६६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | काभ्रेपलाञ्चोक | धुलिखेल | १,३९६ | ५ | ७५ |
| २८ | काठमाडौँ | काठमाडौँ | ३९५ | ११ | - |
| २९ | ललितपुर | ललितपुर | ३८५ | ५ | १९ |
| ३० | भक्तपुर | भक्तपुर | ११९ | ६ | - |
| **नारायणी अञ्चल** | | **वीरगञ्ज** | **८,३१३** | २१ | २६१ |
| ३१ | चितवन | भरतपुर | २,२१८ | ८ | ८ |
| ३२ | मकवानपुर | हेटौँडा | २,४२६ | २ | ३५ |
| ३३ | पर्सा | वीरगञ्ज | १,३५३ | २ | ६६ |
| ३४ | बारा | कलैया | १,१९० | ६ | ६८ |
| ३५ | रौतहट | गौर | १,१२६ | ३ | ८४ |
| **गण्डकी अञ्चल** | | **पोखरा** | **१२,२७५** | १८ | २३० |
| ३६ | गोरखा | गोरखा | ३,६१० | २ | ६० |
| ३७ | लमजुङ | बेसीशहर | १,६९२ | ५ | ३५ |
| ३८ | मनाङ् | चामे | २,२४६ | - | १३ |
| ३९ | तनहुँ | दमौली | १,५४६ | ५ | ३७ |
| ४० | कास्की | पोखरा | २,०१७ | २ | ३२ |
| ४१ | स्याङ्जा | स्याङ्जा | १,१६४ | ४ | ५३ |
| **धवालागिरी अञ्चल** | | **बाग्लुङ** | **८,१४८** | ३ | **१५७** |
| ४२ | मुस्ताङ | जोमसोम | ३,५७३ | - | १६ |
| ४३ | म्याग्दी | बेनीबजार | २,२९७ | १ | ३५ |
| ४४ | बाग्लुङ | बाग्लुङ | १,७८४ | १ | ५९ |
| ४५ | पर्वत | कुस्मा | ४९४ | १ | ४७ |
| **लुम्बिनी अञ्चल** | | **बुटवल** | **८,९७५** | २३ | ३२७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४६ | गुल्मी | तम्घास | १,१४९ | १ | ७५ |
| ४७ | अर्घाखाँची | सन्धिखर्क | १,१९३ | १ | ३५ |
| ४८ | पाल्पा | तानसेन | १,३७३ | २ | ६० |
| ४९ | रूपन्देही | सिद्धार्थनगर (भैरहवा) | १,३६० | ६ | ४८ |
| ५० | नवलपरासी | परासी बजार | २,१६२ | ७ | ५६ |
| ५१ | कपिलवस्तु | तोलिहवा | १,७३८ | ६ | ५३ |
| **राप्ती अञ्चल** | | **तुलसीपुर** | **१०,४८२** | **१०** | **१९६** |
| ५२ | रूकुम | मुसीकोट | २,८७७ | २ | ३९ |
| ५३ | रोल्पा | लिवाङ | १,८७९ | १ | ४९ |
| ५४ | सल्यान | सल्यान खलङ्गा | १,४६२ | २ | ३५ |
| ५५ | प्यूठान | प्यूठान खलङ्गा | १,३०९ | १ | ४२ |
| ५६ | दाङ् | घोराही | २,९५५ | ४ | ३१ |
| **भेरी अञ्चल** | | **वीरेन्द्रनगर (सुर्खेत)** | **१०,५४५** | **१३** | **१६६** |
| ५७ | दैलेख | दैलेख (नारायण नपा) | १,५०२ | २ | ४९ |
| ५८ | जाजरकोट | जाजरकोट खलङ्गा | २,२३० | १ | २६ |
| ५९ | सुर्खेत | वीरेन्द्रनगर | २,४५१ | ३ | ४० |
| ६० | बाँके | नेपालगञ्ज | २,३३७ | २ | ३३ |
| ६१ | बर्दिया | गुलरिया | २,०२५ | ५ | १८ |
| **कर्णाली अञ्चल** | | **जुम्ला खलङ्गा** | **२१,३५१** | **१** | **१३०** |
| ६२ | डोल्पा | दुनै | ७,८८९ | - | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६३ | हुम्ला | सिमीकोट | ५,६५५ | - | २७ |
| ६४ | मुगु | गमगढी | ३,६३५ | - | २४ |
| ६५ | जुम्ला | जुम्ला खलङ्गा | २,५३१ | १ | २६ |
| ६६ | कालीकोट | मान्मा | १,७४१ | - | ३० |
| **सेती अञ्चल** | | **धनगढी** | **१२,५५०** | **१२** | **२००** |
| ६७ | बझाङ | चैनपुर | ३,४२२ | १ | ४२ |
| ६८ | बाजुरा | मार्तडी | २,१८८ | १ | २४ |
| ६९ | अछाम | मङ्गलसेन | १,६८० | ३ | ५६ |
| ७० | डोटी | सिलगढी | २,०२५ | १ | ५० |
| ७१ | कैलाली | धनगढी | ३,२३५ | ६ | २८ |
| **महाकाली अञ्चल** | | **महेन्द्रनगर** | **६,८८९** | **१३** | **११४** |
| ७२ | दार्चुला | दार्चुला | २,३२२ | १ | ३६ |
| ७३ | बैतडी | बैतडी (दशरथचन्द नपा) | १,५१९ | २ | ५६ |
| ७४ | डडेलधुरा | डडेलधुरा | १,५३८ | २ | १८ |
| ७५ | कञ्चनपुर | महेन्द्रनगर | १,६१० | ८ | ४ |
| | | **जम्मा** | **१४७,१८१** | **२१७** | **३,१५७** |

स्रोत : सङ्घीय मामला तथा स्थानीय विकास मन्त्रालय, 'जिल्ला, नगरपालिका तथा गाउँ विकास समितिहरुको संक्षिप्त विवरण पुस्तिका', कार्त्तिक २०७२ ।

***नगरपालिका***

नेपाल सरकारले २०७१ वैशाखमा ७२ ओटा, २०७१ मङ्सिरमा ६१ ओटा र २०७२ असोजमा २६ ओटा नयाँ नगरपालिकाहरू गठन गरेको छ । नगरपालिकाको सङ्ख्या २१७ पुगेको छ । नगरपालिकाहरूको कुल जनसङ्ख्या १ करोड १० लाख उनन्सत्तरी हजार ४ सय पन्चानब्बे रहेको छ । यस्तै नेपालको शहरी जनसङ्ख्या ४१.७८ प्रतिशत पुगेको छ ।

## तालिका ३.६
## नगरपालिकाहरूको विवरण

| क्र. सं. | जिल्ला | क्र. सं. | न.पा.को नाम | जन सङ्ख्या (२०६८ अनुसार) | क्षेत्रफल (वर्ग कि.मि.) | जनधनत्व |
|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | १ | ताप्लेजुङ | १९,०८५ | ४१.८८ | ४५५.७० |
| २ | पाँचथर | २ | फिदिम | २४,७६८ | ६६.०७ | ३७४.८७ |
| ३ | इलाम | ३ | इलाम | १९,४२७ | २६.६३ | ७२९.५२ |
| | | ४ | देउमाई | १०,९६४ | ५०.७० | २१६.२५ |
| | | ५ | सूर्योदय | २७,०४० | ८५.८० | ३१५.१५ |
| ४ | झापा | ६ | भद्रपुर | ५०,२४९ | ७३.०० | ६८८.३४ |
| | | ७ | दमक | ७५,७४३ | ७०.६३ | १०७२.३९ |
| | | ८ | मेचीनगर | ५७,९०९ | ५५.७२ | १०३९.२८ |
| | | ९ | कन्काई | ४०,१४१ | ७९.१० | ५०७.४७ |
| | | १० | विर्तामोड | ६०,१७४ | ३५.९० | १६७६.१५ |
| | | ११ | शनिअर्जुनधारा | ४५,१७४ | ५८.६० | ७७०.८९ |
| | | १२ | शिवसतासी | २२,९८५ | ९०.२० | २५४.८२ |
| | | १३ | गौरादह | ४७,३९२ | १२३.३ | ३८४.३७ |
| ५ | सङ्खुवासभा | १४ | खाँदबारी | २६,६५८ | ९१.०३ | २९२.८५ |
| | | १५ | चैनपुर | २४,७३५ | १७१.८० | १४३.९८ |
| | | १६ | मादी | १४,४७० | ११०.१० | १३१.४२ |
| ६ | भोजपुर | १७ | भोजपुर | १६,१०२ | ७०.४० | २२८.७२ |
| | | १८ | षडानन्द | १३,२७२ | १०१.५० | १३०.७६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | तेह्रथुम | १९ | म्याग्लुङ | १९,६५९ | १००.१० | १९६.३९ |
| | | २० | लालीगुराँस | १६,९३४ | ९०.२ | १८७.७४ |
| ८ | धनकुटा | २१ | धनकुटा | ३६,६१९ | ११०.८० | ३३०.५० |
| | | २२ | पाखीबास | १७,९४९ | ११७.८० | १५२.३७ |
| ९ | सुनसरी | २३ | धरान (उपमहा) | १३७,७०५ | १९२.५० | ७१५.३५ |
| | | २४ | इटहरी(उपमहा) | १४०,५१७ | ९३.७० | १४९९.६५ |
| | | २५ | इनरूवा | २८,९२३ | २२.३६ | १२९३.५१ |
| | | २६ | दुहवी भलुवा | २५,५४५ | २१.१० | १२१०.६६ |
| | | २७ | रामधुनी भासी | २८,५४९ | ४८.१० | ५९३.५३ |
| १० | मोरङ | २८ | विराटनगर (उपमहा) | २०४,९४९ | ५८.४८ | ३५०४.६० |
| | | २९ | उर्लाबारी | ३५,१६६ | २८.५९ | १२३०.०१ |
| | | ३० | वेलबारी | ३१,६४७ | ७०.१० | ४५१.४५ |
| | | ३१ | पथरी शनिश्चरे | ४९,८०८ | ५३.७० | ९२७.५२ |
| | | ३२ | सुन्दर दुलारी | ३२,७९५ | ४५.७० | ७१७.६१ |
| | | ३३ | कोशी हरैचा | ४७,७२३ | ६४.२० | ७४३.३५ |
| | | ३४ | रङ्गेली | २८,५१६ | ४४.३० | ६४३.७० |
| | | ३५ | लेटाङ भोगटेनी | २३,९०७ | १३४.८० | १७७.३५ |
| ११ | शोलुखुम्बु | ३६ | दूधकुण्ड | ११,२४७ | २५४.३० | ४४.२३ |
| १२ | ओखलढुङ्गा | ३७ | सिद्धिचरण | १६,६९६ | ७३.६० | २२६.८५ |
| १३ | खोटाङ | ३८ | दिक्तेल | १७,७९३ | ७०.१३ | २५३.८२ |
| १४ | उदयपुर | ३९ | त्रियुगा | ७१,४०५ | ३१९.८८ | २२३.२२ |
| | | ४० | कटारी | २८,१२३ | १६८.४६ | १६६.९४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ४१ | बेलटार बसाहा | २३,९१८ | ६८.९० | ३४७.१४ |
| १५ | सप्तरी | ४२ | राजविराज | ३८,२४१ | ११.९६ | ३१९७.४१ |
| | | ४३ | शम्भुनाथ | ३०,२०७ | ९५.४९ | ३१६.३४ |
| | | ४४ | कन्चनपुर | ४८,६९१ | ९२.१८ | ५२८.२२ |
| | | ४५ | सप्तकोशी | २१,१३१ | ६०.२० | ३५१.०१ |
| | | ४६ | हनुमाननगर योगिनीमाई | २०,९१५ | ६८.१ | ३०७.१२ |
| १६ | सिराहा | ४७ | सिराहा | ५९,०३७ | ६७.१० | ८७९.८४ |
| | | ४८ | लहान | ७९,६८९ | १४७.५० | ५४०.२६ |
| | | ४९ | मिर्चैया | ४७,०१६ | ८३.९८ | ५५९.८५ |
| | | ५० | गोलबजार | ४७,७६३ | १०४.५० | ४५७.०६ |
| | | ५१ | धनगढीमाई | ४७,४४९ | १५९.५ | २९७.४८ |
| | | ५२ | सुखीपुर | ३६,८८३ | ५४.७ | ६७४.२८ |
| १७ | दोलखा | ५२ | भिमेश्वर | २३,३३७ | ६५.०४ | ३५८.८१ |
| | | ५४ | जिरी | १३,६४८ | ९९.६० | १३७.०३ |
| १८ | रामेछाप | ५५ | मन्थली | २८,६५७ | १३७.४० | २०८.५७ |
| | | ५६ | रामेछाप | १२,२६३ | ९३.०० | १३१.८६ |
| १९ | सिन्धुली | ५७ | कमलामाई | ४१,११७ | २०७.९५ | १९७.७२ |
| | | ५८ | दुधौली | २४,९४४ | ८९.१० | २७९.९५ |
| २० | धनुषा | ५९ | जनकपुर (उपमहा) | १६८,६१७ | ९९.९० | १६८७.८६ |
| | | ६० | धनुषाधाम | ४५,००८ | ९०.०७ | ४९९.७० |
| | | ६१ | छिरेश्वरनाथ | ३६,७४५ | ५६.७९ | ६४७.०३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ६२ | गणेशमान–चारनाथ | ३४,७७० | २४१.०० | १४४.२७ |
| | | ६३ | मिथिला | ३१,५७५ | १००.७० | ३१३.५५ |
| | | ६४ | सवैला | २४,८९६ | २९.६ | ८४१.०८ |
| २१ | महोत्तरी | ६५ | जलेश्वर | ४१,९४१ | २९.६ | १४१६.९२ |
| | | ६६ | गौशाला | ३२,१०८ | ४६.१२ | ६९६.१८ |
| | | ६७ | बर्दीबास | ३७,०४८ | १७५.३० | २११.३४ |
| २२ | सर्लाही | ६७ | मलङ्गवा | ३०,२९२ | १३.७० | २२११.०९ |
| | | ६९ | हरिवन | ४२,७८३ | ८६.११ | ४९६.८४ |
| | | ७० | लालबन्दी | ३०,७८५ | ६६.३० | ४६४.३३ |
| | | ७१ | ईश्वरपुर | ४०,५११ | ८२.६० | ४९०.४५ |
| | | ७२ | वरहथवा | ५०,४२४ | ७१.४ | ७०६.२२ |
| २३ | रौतहट | ७३ | गौर | ३५,३७० | २१.५३ | १६४२.८२ |
| | | ७४ | चन्द्रपुर | ७२,०५९ | २४९.९० | २८८.३५ |
| | | ७५ | गरुडा | ३९,६३७ | ३०.३० | १३०८.१५ |
| २४ | बारा | ७६ | कलैया | ८६,३१८ | ६४.८ | १३३२.०७ |
| | | ७७ | गढीमाई | ८३,३६७ | १५३.९३ | ५४१.५९ |
| | | ७८ | निजगढ | ३५,३३५ | २८९.४० | १२२.१० |
| | | ७९ | महागढीमाई | ३८,७५१ | ४०.३० | ९६१.५६ |
| | | ८० | सिमरौनगढ | २४,६१५ | २०.२० | १२१८.५६ |
| | | ८१ | कोल्हवी | २३,७६५ | १०२.४० | २३२.०८ |
| २५ | पर्सा | ८२ | वीरगञ्ज (उपमहा) | २०४,८१६ | ७५.२० | २७२३.६१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ८३ | पोखरिया | २७,६७२ | २६.०० | १०६४.३१ |
| २६ | मकवानपुर | ८४ | हेटौंडा (उपमहा) | १५२,८७५ | २६१.४० | ५८४.८३ |
| | | ८५ | थाहा | २१,७१७ | ८४.८० | २५६.१० |
| २७ | चितवन | ८६ | भरतपुर (उपमहा) | १९९,८६७ | २४२.३० | ८२४.८७ |
| | | ८७ | रत्ननगर | ६९,८५१ | ६८.६० | १०१८.२४ |
| | | ८८ | खैरहनी | ५६,०९४ | ८५.५ | ६५६.०७ |
| | | ८९ | चित्रवन | ३४,९१३ | ५४.९० | ६३५.९४ |
| | | ९० | माडी | ३७,६८३ | २१८.०० | १३२.८६ |
| | | ९१ | नारायणी | ३९,९०७ | ७२.६० | ५४९.६८ |
| | | ९२ | कालिका | ३८,६६६ | १०२.१ | ३७८.७१ |
| | | ९३ | राप्ती | ४६,५१० | ९९.४ | ४६७.९१ |
| २८ | सिन्धुपाल्चोक | ९४ | चौतारा | १५,६०६ | ४०.७० | ३८३.४४ |
| | | ९५ | मेलम्ची | २८,९५५ | ९०.४० | ३२०.३० |
| २९ | काभ्रेपलान्चोक | ९६ | धुलीखेल | १९,२१० | २१.४० | ८९७.६६ |
| | | ९७ | पनौती | २८,३१२ | ३१.७३ | ८९२.२८ |
| | | ९८ | बनेपा | २४,८९४ | ५.५६ | ४४७७.३४ |
| | | ९९ | पाँचखाल | ३२,७३२ | ८६.०७ | ३८०.२९ |
| | | १०० | काशीखण्ड | २१,३२४ | ७१.४० | २९८.६५ |
| ३० | भक्तपुर | १०१ | भक्तपुर | ८३,६५८ | ६.५६ | १२७५२.७४ |
| | | १०२ | मध्यपुरथिमी | ८४,१४२ | ११.११ | ७५७३.५४ |
| | | १०३ | अनन्तलिङ्गेश्वर | ३७,९८९ | १८.१० | २०९८.८४ |
| | | १०४ | सूर्यविनायक | ४०,५०१ | २४.५० | १६५३.१० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | १०५ | चाँगुनारायण | ३२,५२२ | २७.९० | ११६५.६६ |
| | | १०६ | महामञ्जुश्री–नगरकोट | २२,९०८ | ३४.७० | ६६०.१७ |
| ३१ | ललितपुर | १०७ | ललितपुर (उपमहा) | २५४,३०८ | २४.९० | १०२१३.१७ |
| | | १०८ | कार्यविनायक | ३८,०३६ | २१.५० | १७६९.१२ |
| | | १०९ | गोदावरी | २८,७९३ | ३५.१० | ८२०.३१ |
| | | ११० | महालक्ष्मी | ६२,१७२ | २२.२० | २८००.५४ |
| | | १११ | वज्रवाराही | ३९,२०३ | ३८.४ | १०२०.९१ |
| ३२ | काठमाडौँ | ११२ | काठमाडौँ महानगरपालिका | १,००३,२८५ | ४९.४५ | २०२८०.८८ |
| | | ११३ | कीर्तिपुर | ६७,१७१ | १४.७६ | ४५५०.८८ |
| | | ११४ | गोकर्णेश्वर | १०७,३५१ | ५८.५० | १८३५.०६ |
| | | ११५ | दक्षिणकाली | २४,२९७ | ४२.६० | ५७०.३५ |
| | | ११६ | तारकेश्वर | ८१,४४३ | ३४.९० | २३३३.६१ |
| | | ११७ | शङ्करापुर | २५,३३८ | ६०.२० | ४२०.९० |
| | | ११८ | चन्द्रागिरी | ८५,१९८ | ४३.९० | १९४०.७३ |
| | | ११९ | कागेश्वरी–मनोहरा | ६०,२३७ | २७.५० | २१९०.४४ |
| | | १२० | टोखा | ९९,०३२ | १६.९० | ५८६९.८८ |
| | | १२१ | नागार्जुन | ६७,४२० | २९.८० | २२६२.४२ |
| | | १२२ | बुढानीलकण्ठ | १,०७,९१८ | ३५.०० | ३०८३.३७ |
| ३३ | नुवाकोट | १२३ | विदुर | २७,९५३ | ३३.४८ | ८३४.९२ |
| ३४ | धादिङ | १२४ | नीलकण्ठ | ३९,४७८ | १०७.२४ | ३६८.१३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३५ | गोरखा | १२५ | गोरखा | ३९,२६३ | ८५.८० | ४५७.६१ |
| | | १२६ | पालुङटार | २३,४६१ | ८४.९० | २७६.३४ |
| ३६ | लम्जुङ | १२७ | वेशीशहर | २९,६०४ | ७२.०० | ४११.१७ |
| | | १२८ | सुन्दरबजार | २०,४७५ | ४३.३० | ४७२.८६ |
| | | १२९ | राइनास | १८,५२७ | ७३.० | २५३.७९ |
| | | १३० | करापुटार | १०,८३६ | ५८.९ | १८३.९७ |
| | | १३१ | मध्यनेपाल | १०,८५२ | ४६.८ | २३१.८८ |
| ३७ | तनहुँ | १३२ | व्यास | ४६,८७७ | ८६.०० | ५४५.०८ |
| | | १३३ | बन्दीपुर | १५,५९७ | ७३.०२ | २१३.६० |
| | | १३४ | शुक्ला गण्डकी | ३८,३०७ | ९३.१४ | ४११.२८ |
| | | १३५ | आँबुखैरनी | १६,३८२ | ६७.३ | २४३.४२ |
| | | १३६ | भानु | १८,२४९ | ७३.५ | २४८.२८ |
| ३८ | काश्की | १३७ | पोखरा(उपमहा) | ३१३,८४१ | २२५.७० | १३९०.५२ |
| | | १३८ | लेखनाथ | ६८,६२२ | १२१.६० | ५६४.३२ |
| ३९ | स्याङ्जा | १३९ | पुतलीबजार | ३१,३३८ | ७०.१४ | ४४६.७९ |
| | | १४० | वालिङ | २४,१९९ | ३४.७६ | ६९६.१७ |
| | | १४१ | चापाकोट | १२,७४२ | ४९.२० | २५८.९८ |
| | | १४२ | भिर्कोट | १८,१३४ | ५६.३ | ३२२.१० |
| ४० | वाग्लुङ | १४३ | वाग्लुङ | ३०,७६३ | १८.३५ | १६७६.४६ |
| ४१ | म्याग्दी | १४४ | बेनी | २८,५११ | ५२.०० | ५४८.२९ |
| ४२ | पर्वत | १४५ | कुश्मा | ३२,४१९ | ६६.४४ | ४८७.९४ |
| ४३ | पाल्पा | १४६ | तानसेन | ३१,१६१ | २१.७२ | १४३४.६७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | १४७ | रामपुर | ३५,३९६ | १२३.३० | २८७.०७ |
| ४४ | गुल्मी | १४८ | रेसुङ्गा | २८,७३६ | ६६.७९ | ४३०.२४ |
| ४५ | अर्धाखाँची | १४९ | सन्धीखर्क | ४०,४२२ | १२७.०५ | ३१८.१६ |
| ४६ | नवलपरासी | १५० | रामग्राम | २८,९७३ | ३४.७२ | ८३४.४७ |
| | | १५१ | सुनवल | ३९,८४३ | ११२.३६ | ३५४.६० |
| | | १५२ | गैडाकोट | ५५,२०५ | १०१.८१ | ५४२.२३ |
| | | १५३ | कावासोती | ५६,७८८ | ९४.१० | ६०३.४८ |
| | | १५४ | देवचुली | ३१,४८४ | ७३.५० | ४२८.३५ |
| | | १५५ | वर्दघाट | ३४,४१७ | ६२.१० | ५५४.२२ |
| | | १५६ | मध्यविन्दु | २८,२२४ | ६९.८ | ४०४.३५ |
| ४७ | रूपन्देही | १५७ | सिद्धार्थनगर | ६४,५६६ | ३६.०३ | १७९२.०१ |
| | | १५८ | वुटवल(उपमहा) | १३८,७४२ | १०१.५० | १३६६.९२ |
| | | १५९ | सैनामैना | ४५,१७८ | ११६.२० | ३८८.७९ |
| | | १६० | देवदह | ४२,९५३ | ११६.६० | ३६८.३८ |
| | | १६१ | तिलोत्तमा | १,००,१४९ | १२६.२० | ७९३.५७ |
| | | १६२ | लुम्बिनी संस्कृतिक | ७२४९७ | ११२.१० | ६४६.७२ |
| ४८ | कपिलवस्तु | १६३ | कपिलवस्तु | ४३,४७१ | ६३.३० | ६८६.७५ |
| | | १६४ | कृष्णनगर | २०,३९५ | २२.६४ | ९००.८४ |
| | | १६५ | शिवराज | ४९,९८८ | १९२.६० | २५९.५४ |
| | | १६६ | वाणगङ्गा | ७५,२४२ | २३३.६० | ३२२.१० |
| | | १६७ | बुद्धबाटिका | २०,१५८ | १६९.३० | ११९.०७ |
| | | १६८ | भृकुटी | २६,२८२ | १४९.८ | १७५.४५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४९ | प्यूठान | १६९ | प्यूठान | ३८,५३६ | १२०.४७ | ३१९.८८ |
| ५० | सल्यान | १७० | शारदा | ३३,७३० | १९८.३२ | १७०.०८ |
| | | १७१ | बागचौर | ३०,०३९ | १३७.९ | २१७.८३ |
| ५१ | रोल्पा | १७२ | लिवाङ | १३,४७७ | ७५.९० | १७६.५६ |
| ५२ | रूकुम | १७३ | मुसीकोट | १८,४३१ | ६३.२५ | २९१.४० |
| | | १७४ | चौरजहारी | १४,४८९ | ५०.१४ | २८८.९७ |
| ५३ | दाङ | १७५ | घोराही | ६५,१०७ | ७४.४५ | ८७४.५१ |
| | | १७६ | तुलसीपुर | ८५,६०१ | १८०.८० | ४७३.४६ |
| | | १७७ | त्रिपुर | ४१,१८३ | ११७.०० | ३५१.९९ |
| | | १७८ | लमही | ३४,२८५ | १०४.४० | ३२८.४० |
| ५४ | बाके | १७९ | नेपालगञ्ज (उपमहा) | १४६४२४ | ९४.६० | १५७४.८२ |
| | | १८० | कोहलपुर | ६२,१७७ | १६०.३४ | ३८७.७८ |
| ५५ | बर्दिया | १७१ | गुलरिया | ५७,२३२ | ९५.१४ | ६०१.५५ |
| | | १८२ | राजापुर | ४३,४३८ | १०८.२३ | ४०१.३५ |
| | | १८३ | सानोश्री–ताराताल | २६,४३१ | ४५.५० | ५८०.९० |
| | | १८४ | बाँसगढी | ५५,८७५ | २०६.०० | २७१.२४ |
| | | १८५ | ववई | २७,८३८ | ७१.२ | ३९०.९८ |
| ५६ | सुर्खेत | १८६ | वीरेन्द्रनगर | ९३,७१८ | १६९.०० | ५५४.५४ |
| | | १८७ | भेरीगङ्गा | ३२,५११ | १५०.२० | २१६.४५ |
| | | १८८ | शुभाघाट गंगामाला | २४,३३९ | १२४.१ | १९६.१२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५७ | दैलेख | १८९ | नारायण | २१,९९५ | ६७.०१ | ३२८.२३ |
| | | १९० | दुल्लु | ३०,४५७ | ११२.२० | २७१.४५ |
| ५८ | जाजरकोट | १९१ | भेरीमालिका | ३३,५१५ | २१९.७ | १५२.५५ |
| ५९ | जुम्ला | १९२ | चन्दननाथ | १९,०४७ | १०२.०३ | १८६.६८ |
| ६० | बझाङ | १९३ | जयपृथ्वी | २०,२८० | १३२.५४ | १५३.०१ |
| ६१ | बाजुरा | १९४ | बडीमालिका | १८,२०७ | २८६.५० | ६३.५५ |
| ६२ | अछाम | १९५ | मङ्गलसेन | २३,१५० | १३९.९१ | १६५.४६ |
| | | १९६ | साफेबगर | १८,२३९ | ६२.०२ | २९४.०८ |
| | | १९७ | कमलबजार | १५,७४० | ७७.७ | २०२.५७ |
| ६३ | डोटी | १९८ | दिपायलसिलगढी | २६,५०८ | ७३.९८ | ३५८.३१ |
| ६४ | कैलाली | १९९ | धनगढी | १,३७,६६६ | २३१.५३ | ५९४.४९ |
| | | २०० | टीकापुर | ५६,९८३ | ६७.११ | ८४९.१० |
| | | २०१ | अत्तरिया | ७२,५२१ | १५२.४० | ४७५.८६ |
| | | २०२ | लम्कीचुहा | ६१,३५२ | २०४.६० | २९९.८६ |
| | | २०३ | भजनी–त्रिशक्ति | ३८,१४९ | १४२.०२ | २६८.६२ |
| | | २०४ | घोडाघोडी | ६०,५३१ | २७५.१० | २२०.०३ |
| ६५ | कञ्चनपुर | २०५ | भिमदत्त | १०६,६६६ | १७१.२४ | ६२२.९० |
| | | २०६ | पुनर्वास | ४३,९९६ | ८३.२० | ५२८.८० |
| | | २०७ | वेलौरी | ५३,५४४ | १२३.४० | ४३३.९० |
| | | २०८ | दोधारा–चाँदनी | ३९,२५३ | ५६.८० | ६९१.०७ |
| | | २०९ | झलारी–पिपलाडी | ४२,०२६ | १४९.६० | २८०.९२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | २१० | वेलडाँडी | २१,९४९ | ३७.२ | ५९०.०३ |
| | | २११ | वेदकोट | ४९,४७९ | १६०.० | ३०९.२४ |
| | | २१२ | कृष्णपुर | ३६,७०६ | १६५.४ | २२१.९२ |
| ६६ | डडेल्धुरा | २१३ | अमरगढी | २२,२४१ | १३८.९५ | १६०.०६ |
| | | २१४ | परशुराम | ३४,९८३ | ४१.४० | ८४५.०० |
| ६७ | बैतडी | २१५ | दशरथचन्द | १७,४२७ | ५५.०१ | ३१६.८० |
| | | २१६ | पाटन | १९,९११ | ११९.६० | १६६.४८ |
| ६८ | दार्चुला | २१७ | अपी | २०,७९७ | १३१.४० | १५८.२७ |
| | | २१८ | **जम्मा** | १,१७,६९,४९५ | २०३८१ | ५४३.१३ |

*स्रोत :* सङ्घीय मामला तथा स्थानीय विकास मन्त्रालय, 'जिल्ला, नगरपालिका तथा गाउँ विकास समितिहरूको संक्षिप्त विववरण पुस्तिका', कार्त्तिक २०७२ ।

**तालिका नं. ३.७**

**नदी किनारमा अवस्थित नगरहरू**

| **नगर** | **जिल्ला** | **नदी** |
|---|---|---|
| काठमाडौं | काठमाडौं | बाग्मती |
| विदूर | नुवाकोट | त्रिशुली |
| पोखरा | कास्की | सेतीगण्डकी |
| दमौली | तनहुँ | सेती/मादी |
| वेसीशहर | लमजुङ | मर्स्याङ्दी |
| बाग्लुङ | बाग्लुङ | कालीगण्डकी |
| कुस्मा | पर्वत | मोदी |
| बुटवल | रुपन्देही | तिनाउ |

| | | |
|---|---|---|
| घोराही | दाङ | बबई |
| स्याङ्जाबजार | स्याङ्जा | आँधीखोला |
| बेनी | म्याग्दी | कालीगण्डकी |
| जोमोम | मुस्ताङ | कालीगण्डकी |
| चामे | मनाङ | मर्स्याङ्दी |
| महेन्द्रनगर | कञ्चनपुर | महाकाली |
| जुम्ला | जुम्ला | जुम्ला कर्णाली |
| दिपायल | डोटी | सेती |
| भरतपुर (नारायणगढ) | चितवन | नारायणी (सप्तगण्डकी) |
| गाइघाट | उदयपुर | त्रियुगा |
| चन्द्रगढी | झापा | मेची |
| काँकडभिट्टा | झापा | मेची |
| मन्थली | रामेचाप | सुनकोशी |
| सिमिकोट | हुम्ला | हुम्लाकर्णाली |
| धुन्चे | रसुवा | त्रिशुली |
| हेटौंडा | मकवानपुर | राप्ती |
| सिन्धुलीमाढी | सिन्धुली | कमलामाई |
| गुलरीया | बर्दीया | बबई |
| मान्म | कालिकोट | जुम्लाकर्णाली |

**तालिका नं. ३.८**

**नेपालका राष्ट्रिय दिवसहरू**

| | |
|---|---|
| लोकतन्त्र दिवस | वैशाख ११ |
| गणतन्त्र दिवस | जेठ १५ |
| सहिद दिवस | माघ १६ |

| | |
|---|---|
| राष्ट्रिय प्रजातन्त्र दिवस | फागुन ७ |
| निजामती सेवा दिवस | भदौ २२ |
| बाल दिवस | भदौ २९ |
| विश्व मजदुर दिवस | मे १ |
| अन्तर्राष्ट्रिय महिला दिवस | मार्च ८ |

परिच्छेद : चार

# नेपालको सार्वजनिक प्रशासन

राज्य शासन प्रणालीको उषाकालदेखि नै सार्वजनिक प्रशासनको अस्तित्व रहेको पाइन्छ । देशमा अमनचयन कायम गर्नु र जनतालाई राज्यबाट निर्धारित सेवा र सुरक्षा प्रदान गर्नु सार्वजनिक प्रशासनको प्रमुख उद्देश्य र दायित्व हो । नेपालको इतिहासलाई अध्ययन गर्दा काठमाडौँ उपत्यकामा गोपाल वंश, किराँत वंश,



प्रमुख प्रशासकीय भवन सिंहदरबार

लिच्छवि वंश, मल्ल वंश र शाह वंशले राज्य गरेको; पश्चिम नेपालमा खस वंशले राज्य गरेको; दक्षिण पश्चिम तराईक्षेत्र कपिलवस्तुमा शाक्य वंश; दक्षिणपूर्वतराई क्षेत्रमा कर्णाट वंशीहरूले राज्य गरेको पाइन्छ । काठमाडौँ उपत्यकाको राजधानी

काठमाडौँ, खस राज्यको राजधानी सिन्जा, कपिलवस्तुको राजधानी लुम्बिनी र कर्णाट वंशीको डोय (तिरहुत) को राजधानी सिम्रौनगढ थियो । साथै दाङमा थारू जाति तथा जनकपुरमा मिथिला भाषीले शासन गरेको पनि पाइन्छ । प्राचीन नेपालमा भौगोलिक टाकुरा, क्षेत्र र भूभागमा ससाना राज्यहरू भएका र ती राज्यहरूमा आ-आफ्नै प्रकारको प्रशासन प्रणाली अविकसित अवस्थामा रहेको पाइन्छ । नेपालको एकीकरण पश्चात् नेपालमा सार्वजनिक प्रशासनको विकास भएको देखिन्छ । नेपालको प्रशासनलाई समय अवधिका दृष्टिकोणले चार समूहमा विभाजन गरी अध्ययन गर्न उपयुक्त हुन्छ

(१) प्राचीन काल (एकीकरणपूर्व)
(२) मध्यकाल (राणा शासनको अन्तसम्म)
(३) आधुनिक काल (नेपालको अन्तरिम संविधान, २०६३ जारीपूर्वसम्म)
(४) उत्तरआधुनिक काल (नेपालको अन्तरिम संविधान, २०६३ जारीपछिको अवस्था)

## ४.१ प्राचीन काल

सार्वजनिक प्रशासनको प्राचीनकाल एकीकरणपूर्वको काल भएकोले यसले काठमाडौँ, खस प्रदेश, कपिलवस्तु, डोय राज्य, मिथिला प्रदेश, थारू क्षेत्रको प्रशासनलाई समेट्नुपर्ने हुन्छ । सरल शब्दमा भन्दा यस कालको प्रशासन कस्तो थियो भन्ने पक्ष खोजको विषय कै रूपमा रहेको पाइन्छ । यद्यपि यस समयको प्रशासन राजा केन्द्रित हुन्थ्यो । राजा धर्मग्रन्थलाई आधार बनाई शासन गर्दथे । राजाका विश्वास पात्रलाई युद्ध र राजश्व सङ्कलनको जिम्मेवारी दिइएको हुन्थ्यो । पद र कामको विभाजन थिएन । सैनिक बलको विकासमा जोड दिइन्थ्यो ।

प्राचीन नेपाल समयको गतिसँगै तीन खण्ड काठमाडौँ, तिरहुत र खस राज्यमा विभक्त हुन पुगेको थियो । जसलाई अन्धकारको समय पनि भनिन्छ । इतिहासलाई केलाउँदा लिच्छवि कालमा राजाले शासन चलाउन मन्त्रिपरिषद् नियुक्त गर्ने गर्थे । मन्त्रिपरिषद्मा अमात्य र मन्त्रीहरू नियुक्त गरिन्थे । शासनमा सहयोग गर्न सर्वदण्डनायक, दण्डनायक, महाप्रतिहार, प्रतिहारजस्ता अधिकारी नियुक्त हुन्थे । राज्यलाई विभिन्न द्रङ (जिल्ला), ग्राम (गाउँ) र तल (बजार) मा विभाजन गरी विकेन्द्रित शासन गरिन्थ्यो । स्थानीय तहमा शासन पाञ्चाली (व्यक्तिहरूको समूह) ले गर्दथ्यो ।

मल्लकालमा पनि राजा सर्वेसर्वा थिए । राजापछि राजकुमार हुन्थे । यद्यपि शासनमा सहयोग पुऱ्याउन मन्त्री, सेनापति नियुक्त गर्दथे । आपसी प्रतिस्पर्धामा

बाँच्नको लागि मल्ल राजाहरूले सेनामा धेरै खर्च गर्ने गर्दथे । प्राचीनकालमा राजतन्त्रात्मक शासन प्रणाली थियो । राजाहरू धार्मिक ग्रन्थ, नीति शास्त्र एवं धर्मज्ञाको आधारमा शासन गर्दथे ।

**लिच्छवीकालका पदहरू**

महाप्रतिहार : राजदरबारसम्बन्धी हेर्ने प्रमुख
प्रतिहार : राजदरबारसम्बन्धी हेर्ने अधिकृत
दण्डनायक : कानुन व्यवस्था बनाउने र न्यायसम्बन्धी हेर्ने अधिकृत
दुतक : राजघोषणा प्रचारप्रसार गर्ने
महाबलाध्यक्ष : सेनापति
ब्रत : कृषि, वन, सिँचाइ, व्यापार गर्ने
धर्मधिकार : धार्मिक मामिला हेर्ने

**लिच्छविकालका कार्यालयहरू**

पूर्वाधिकरण : पूर्वको प्रशासन, पश्चिमाधिकरण : पश्चिमको प्रशासन, मापचोक : विवाह, पारपाचुके र पुनर्विवाह, अधिकरण : कर प्रशासन

**मल्लकालका पदहरू**

राजगुरू : राजपुरोहित
सेनाध्यक्ष : राज्यको सुरक्षा हेर्ने
उमराओ : राज्य प्रशासन र कर प्रशासन हेर्ने
भण्डारनायक : राजाको भण्डार हेर्ने
टक्सारी : सिक्का छाप्ने
चरिदार : अनुसन्धान अधिकृत
कोतवाल : शान्ति सुरक्षा हेर्ने ।

## ४.२ मध्यकाल

पृथ्वीनारायण शाहले नेपालको पहिलो चरणको एकीकरण वि.सं. १८२६ (सन् १७६८) मा पूरा गरेका थिए । त्यसबेला राजाहरूले हिन्दूधर्मअनुसार शासन गर्दथे । राजा प्रशासनका सर्वेसर्वा थिए । शासन केन्द्रिकृत थियो । राजाले आफ्ना प्रियपात्रलाई प्रशासनका महत्वपूर्ण पदमा नियुक्ति गर्दथे । यस कालमा नै राजालाई शक्तिहीन बनाएर राणा परिवारको निरंकुश शासन चलेको थियो ।

द्रव्य शाहलाई गोर्खा विजय गर्न सघाएका अर्याल, पाण्डे, खनाल, पन्त, बोहरा

र राना छ थरहरूलाई प्रशासनका महत्वपूर्ण पदमा पहिलो मौका दिइन्थ्यो। यसकालमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको छुट्टै व्यवस्था थिएन। सबै अधिकार राजा वा राणामा निहित थियो। यद्यपि शासन सञ्चालनमा सल्लाह र परामर्श लिन भारदारको व्यवस्था थियो भने दैनिक कार्य सञ्चालनको लागि प्रशासनको व्यवस्था थियो।

भारदारी पदमा नियुक्ति हुने कर्मचारी तुलनात्मक रूपमा राजा/राणाका नगिच हुन्थे। त्यस्ता पदमा गुरू, चौतारिया, काजी, सरदार, कपरदार, खजाञ्ची, ददा, द्वारे थिए। प्रशासकीय धर्माधिकार, पुरोहित, कप्तान, मीरमुन्सी, वकिल, सुब्बा, डिट्ठा, खरदार, मुखिया कोतबाल, विचारी, दरोगा, तहविलदार उमराओ, कोते जमदारजस्ता पदहरू थिए। यस कालमा गरिएका महत्वपूर्ण प्रशासकीय कार्य यसप्रकार रहेका छन्:

- वि.सं. १९७४ मा खड्ग निशानको छाप चन्द्र शमशेरले चलनमा ल्याए।
- वि.सं. १९५० मा प्रशासकीय कार्य व्यवस्थित गर्न तराईमा ३५ र पहाडमा २३ जिल्लामा देशको भौगोलिक विभाजन वीर शमशेरले गरे।
- कर्मचारीलाई तालिम दिन चन्द्र शमशेरले श्रेस्ता पाठशाला स्थापना गरी (क) ऐनस्रेस्ता (ख) गणित (ग) लेखा र (घ) भूगोल विषयमा तालिम दिने व्यवस्था गरे।
- भीम शमशेरले शनिबार बिदा दिने र कार्यालय समय १० बजे बिहानदेखि ४ बजे साँझसम्म कायम गरे।
- जुद्ध शमशेरले सैनिक द्रव्य कोष खडा गरे। सैनिक र निजामती कर्मचारीलाई निवृत्तीभरण दिने व्यवस्था गरे।

***विशेषता***

राज्य सञ्चालनको सम्पूर्ण अधिकार राजामा निहित थियो। प्रशासनका महत्वपूर्ण पदहरू ६ थरघरका व्यक्तिहरूलाई शाह राजाहरूले सुरक्षित गरेका थिए। राणा कालमा यस्ता पदहरू राणा परिवारका सदस्यहरूलाई सुरक्षित गरिएका थिए। कर्मचारीको पजनी वार्षिक रूपमा गरिन्थ्यो र कर्मचारीलाई जिन्सी (बाली) र नगद तलब दिइन्थ्यो। सेना, न्याय र निजामती पदमा एकै पदाधिकारी रहने गर्दथे। राणाकालमा खर्च भई बचेको रकम प्रधानमन्त्रीको निजी ढुकुटीमा जान्थ्यो। चाकडी प्रथा उच्च रूपमा थियो। शासकको इच्छामा कर्मचारी नियुक्त हुन्थे। खासगरी प्रशासन केन्द्रीकृत, परमपरावादी र व्यक्तिमुखी थियो। राणा कालमा पद शृङ्खला प्रधानमन्त्री, मुख्तियारी, डाइरेक्टर जनरल, बडाकाजी,

काजी, सरदार, मीरसुब्बा, सुब्बा, नायव सुब्बा, खरिदार, डिट्ठा, मुखिया, नायब मुखिया, राइटर, नायब राइटर, बहीदार कायम गरिएको थियो ।

### ४.३ आधुनिक काल

मध्यकालीन निरङ्कुशतन्त्र चाकडी, भनसुन, मनपरीढङ्गले निजामती कर्मचारीको भर्ना, अवैज्ञानिक बढुवा, अपर्याप्त र आवश्यक योग्यता भएका कर्मचारी आदिको अभावको अवस्थाबाट मुलुक प्रजातान्त्रिक शासन प्रणालीमा प्रवेश गर्दा देशमा प्रशासनिक क्षेत्र मजबुत थिएन । यसै तथ्यलाई मनन गरी २००७ सालको राजनीतिक परिवर्तनसँगै प्रशासन सुधार प्रारम्भ गरियो । २००८ सालमा नै लोकसेवा आयोगको स्थापना भयो । २००९ मा भारतीय प्रशासन विद् एम एन बुचको अध्यक्षतामा प्रशासन सुधारका लागि आयोग बन्यो र सुधारका लागि सुझावहरू दियो । साथसाथै २०१३ सालमा तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यको अध्यक्षतामा प्रशासन पुनर्गठन योजना आयोग बन्यो । यस आयोगले निजामती प्रशासनको सुधार र विकासको निमित्त आधारशिला स्थापना गऱ्यो ।

यस आयोगको सुझावबमोजिम निजामती सेवा ऐन र नियमावलीको व्यवस्था गरी कानुनीकरण, लोकसेवा आयोगबाट सिफारिस भएको व्यक्तिमात्र निजामती सेवामा प्रवेश गर्न पाउने, मेरिटीकरण लागि तालिमको व्यवस्था गरी दक्षता अभिवृद्धीकरण, सङ्गठनको थपघट गरी सङ्गठनको सामयिकीकरण, सेवा समूह व्यवस्था गरी व्यवसायिकीकरण गर्नेजस्ता कार्यहरू गरिए । यसपछि राजनीतिक शासन प्रणालीसँगसँगै २०२५ सालमा वेदानन्द झाको अध्यक्षतामा प्रतिबद्ध प्रशासन प्रणालीको विकास गर्ने उद्देश्यले र २०३२ सालमा भेषबहादुर थापाको अध्यक्षतामा विकास प्रशासनलाई सक्षम बनाउने उद्देश्यले प्रशासन सुधारका प्रयास भए जसले प्रशासनलाई आधुनिक बनाउन थप सुधारहरू गर्न सम्भव तुल्यायो । २०४७ सालको प्रजातान्त्रिक सरकारले उदार र प्रजातान्त्रिक नेपाल अधिराज्यको संविधान, २०४७ ल्याएपछि नेपालको प्रशासनमा सुधार र आधुनिकीकरण गर्न २०४८ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा उच्चस्तरीय प्रशासन सुधार आयोग बनायो । आयोगले आफ्नो प्रतिवेदनमा नेपालको प्रशासनका देहायबमोजिमका कमजोरीहरू औंल्याएको थियो :

- निजामती सेवाको मनोबल र उत्प्रेरणा अत्यन्त घटेको ।
- सरकार जनजीवनका विभिन्न क्षेत्रमा व्यापक रूपमा संलग्न भएको ।
- सरकारी कार्यालय र कर्मचारी सङ्ख्या धेरै भएको ।

- सरकारी कार्यप्रणालीमा विशेषज्ञता न्यून रहेको ।
- निर्णयप्रक्रिया गुणस्तरीय हुन नसकेको ।
- कार्य सम्पादन प्रक्रियामा कागजी कारबाही र औपचारिकताको बाहुल्यता रहेको ।
- निजामती सेवाको उत्तरदायित्व स्पष्ट किटान नभएको ।
- कार्य सम्पादनका लागि कर्मचारीहरूलाई पर्याप्त अधिकार प्रत्यायोजन नभएको साथै कर्मचारीको दक्षता र अभिवृद्धि हुन नसकेको ।
- सेवा प्रवाहको गुणस्तर र प्रभावकारिता न्यून रहेको ।

यी कमजोरी र अवस्थालाई दृष्टिगत गरी आयोगले देहायका क्षेत्रमा समष्टिगत सुधारका लागि सुझावहरू पेश गरेको थियो :

१. सरकारका कार्यक्षेत्रमा सङ्कुचन एवं सरकारी नियन्त्रण खुकुलो गर्दै जनजीवनका क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई उत्प्रेरित गर्नुपर्ने ।
२. प्रशासकीय सङ्गठनको पुनर्गठन गर्नुपर्ने ।
३. सुधार कार्यक्रमको अनुगमन प्रक्रियालाई सुनिश्चित गर्ने ।
४. योजना र विकास प्रक्रियामा पुनर्गठन गर्नुपर्ने ।
५. निजामती सेवालाई विशेषज्ञ सेवा बनाउनुपर्ने ।
६. कर्मचारीको वृत्ति विकास, सरूवा र पदस्थापनलाई व्यवस्थित गर्न तथा कर्मचारीको सेवा सुरक्षामा जोड दिइनुपर्ने ।
७. निजामती सेवाको ऐन नियममा समसामयिक सुधार गर्न तथा कर्मचारीको कार्यविवरण लागू गर्न तथा कार्यसम्पादन मूल्याङ्कनमा सुधार गर्न जोड गर्नुपर्ने ।
८. प्रजातान्त्रिक शासन प्रणालीमा मन्त्री र निजामती कर्मचारीहरूबीचको सम्बन्ध व्यवस्थापन गर्नुपर्ने ।
९. सरकारी कार्यप्रणाली र कार्यविधिमा सरलीकरण गरी उत्पादक बनाउनुपर्ने ।
१०. विकेन्द्रीकरण तथा निजीकरण गर्ने ।
११. भ्रष्टाचार नियन्त्रण गर्ने ।

आयोगले दिएका केही सुझावहरू कार्यान्वयन गरिएको जसले गर्दा नेपाल सरकारको कार्य क्षेत्रमा कमी आएको र सेवा प्रवाहका क्षेत्रमा निजी क्षेत्रको संलग्नता बढ्न गएको छ । साथसाथै कर्मचारीको सशक्तीकरण भएको पनि छ । यद्यपि सुधार सधैंका लागि पर्याप्त हुँदैन । त्यसपछि निजामती सेवामा सुधारका

लागि आ.व. २०५७/५८ मा साशकीय सुधार परियोजना सञ्चालनमा आयो र त्यसले समावेशी निजामती सेवा बनाउन पहल गरेको थियो ।

### ४.४ उत्तरआधुनिक काल

प्रशासन सुधारको निरन्तरताको चरणमा निजामती सेवा ऐन, २०४९ को दोस्रो संशोधनले निजामती सेवालाई समावेशी, लैङ्गिकमैत्री र सेवाग्राहीउन्मुख बनाएको छ । सेवालाई समावेशी बनाउनको लागि नेपालको अन्तरिम संविधान, २०६३ अनुरूप निजामती सेवा ऐनमा महिला, आदिवासी जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्रका लागि खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई एक सय मानी उल्लिखित विभिन्न समूहहरूका लागि क्रमशः ३३, २७, २२, नौ, पाँच र चार प्रतिशत आरक्षण गरिएको छ । साथै, ऐनमा महिलाका लागि विभिन्न शीर्षकमा सकारात्मक विभेदको व्यवस्था पनि गरिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ ले दिएको हक अधिकारअनुरूप निजामती सेवामा ट्रेड युनियनको अभ्यासलाई स्वीकार गरिएको छ भने सेवाप्राप्त गर्नु आम नागरिकको हक हो भन्ने मान्यतालाई आत्मसात गर्दै निजामती सेवालाई सेवाग्राहीमुखी बनाउने प्रयास पनि भएको छ ।

नेपालको सार्वजनिक प्रशासन देशको जनसङ्ख्याको तुलनामा ठूलो छैन । यसले सरकारका निर्णयहरू कार्यान्वयन गर्ने र जनतालाई सेवा पुऱ्याउने कार्य राजनीतिक उथलपुथल एवं कमजोर आर्थिक अवस्थामा पनि निरन्तर रूपमा सम्पादन गर्दै आएको छ । निजामती सेवाको राजनीतिक, आर्थिक, सामाजिक सेवालाई प्रभावित गर्दै आएको हुन्छ । सङ्गठनात्मक संरचना, कार्य जिम्मेवारी, कर्मचारीको वितरण, केन्द्रीकरणका सवाल, समयसापेक्ष कर्मचारीको क्षमता र सुविधा, राजनीतिक स्थिरता, निजामती सेवामा उत्तरदायित्वको किटानी, सेवाग्राहीको चेतना स्तर, कार्य सम्पादन प्रक्रियामा पारदर्शिताको सवाल, सेवाभित्र सदाचारिता र आर्थिक अनुशासनको अवस्था, निर्णय क्षमता र निर्णय कार्यान्वयनमा तत्परताको स्थिति, सेवामा प्रविधिको प्रयोग, कार्यक्रम र बजेटबीचको सन्तुलनजस्ता पेचिला मुद्दाहरूमा सुधारका गुन्जायसहरू अझै बाँकी नै छन् । सेवामा सुधारको आवश्यकता निरन्तर रहिरहेको हुन्छ । सरकारले निजामती सेवालाई सरकारका निर्णय कार्यान्वयन गर्ने बलियो हातको रूपमा विकास गर्न प्रयास गर्नुपर्दछ । निजामती सेवा सक्षम, उत्तरदायी र पारदर्शी भएमा राजनीतिक तहमा हुने परिवर्तनबाट यो सेवा अप्रभावित रहन सक्दछ ।

परिच्छेद : पाँच

# नेपालको आर्थिक व्यवस्था

नेपाल विकासोन्मुख मुलुक हो । आर्थिक विकासका प्रशस्त सम्भावनाहरू हुँदाहुँदै पनि यो देश गरिब मुलुकको पङ्क्तिमा परेको छ । संयुक्त राष्ट्र संङ्घले सन् १९७१ मा नेपाल अतिकम विकसित राष्ट्र भएको उल्लेख गरेको थियो । किनकि नेपालमा प्रतिव्यक्ति आय अत्यन्त न्यून, राष्ट्रिय आम्दानीको असमान वितरण, अधिकांश जनताहरू कृषिमा निर्भर रहनु तथा रोजगारीमूलक व्यवसायिक शिक्षाको अभाव आदि कारणहरूले गर्दा नेपाल विश्वका गरिब मुलुकहरूमा पर्दै गएको हो । गरिबीका प्रत्यक्ष अन्य कारणहरूमा बसाइँसराइ, शिक्षाको अभाव, जनचेतनाको अभाव, अत्यधिक जनसङ्ख्या वृद्धि, भूपरिवेष्ठित अर्थतन्त्र, आयातमा बढी जोड तथा प्राकृतिक साधनहरूको उचित सदुपयोगको अभाव आदि रहेका छन् ।



इलामको चिया बगान

कृषिमा आधारित जनसङ्ख्या, रेमिटान्समा आधारित अर्थतन्त्र, गरिबी, भूपरिवेष्ठित अर्थतन्त्र, अल्पविकसित देश, राष्ट्रिय आयको असमान वितरण, असन्तुलित क्षेत्रीय विकास, प्राकृतिक श्रोतको अल्प उपयोग, सानो आकारको वैदेशिक व्यापार, मिश्रित अर्थतन्त्र, विदेशी सहायतामा निर्भर अर्थतन्त्र, मानव संसाधनको न्यून विकास, प्रचुर सम्भावनाबीच न्यून पर्यटकीय व्यवसाय, साँस्कृतिक सम्पदाको न्यून उपयोग, न्यून उर्जा उपयोग, न्यून आर्थिक विकास दर आदि वर्तमान नेपालको अर्थ व्यवस्थाका विशेषताहरू हुन् ।

## ५.१ नेपालमा योजनाबद्ध विकासका प्रयास

सामान्यतः निश्चित उद्देश्य तथा लक्ष्यहरू जस्तैः आर्थिक विकास, रोजगारी वृद्धि, उत्पादनको स्तरमा वृद्धि, यातायात र सञ्चारको विकास तथा क्षेत्रीय सन्तुलन कायम गर्ने आदि विभिन्न कार्यहरू गर्नको लागि केन्द्रीय प्रसाशनद्वारा अर्थतन्त्रमाथि गर्ने नियोजित नियन्त्रणलाई नै आर्थिक योजना भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा आर्थिक योजना भनेको केन्द्रीय प्रशासनद्वारा निश्चित उद्देश्यहरू प्राप्त गर्नको निमित्त देशका साधन स्रोतको प्राप्ति, तिनीहरूको बाँडफाँड र उपयोगसम्बन्धी अपनाउने नीति हो ।

नेपालमा योजनाको इतिहास त्यति धेरै पुरानो छैन । १०४ वर्षसम्म नेपालको शासनको बागडोर राणाहरूले हातमा लिए पनि योजनाबद्ध विकासका लागि खास कदमहरू चालेनन् । यद्यपि राणा प्रधानमन्त्री जुद्ध शमशेरले २० वर्षीय योजनाको घोषणा गरेका थिए । तर यसलाई कार्यान्वयनमा ल्याइएन । राजनैतिक स्थिरता र दिशाबोध स्पष्ट नभएका कारणले गर्दा २००७ सालपछि आर्थिक योजनाको सुरूवात नभए तापनि यससम्बन्धमा प्रशस्त गृहकार्यहरू भए । २००८ सालमा पहिलोपल्ट बजेटको व्यवस्था भयो । वि.सं. २०१३ सालदेखि नेपालमा योजनाबद्ध विकासको थालनी भएको हो । यी विभिन्न योजनाहरूलाई सङ्क्षेपमा तल प्रस्तुत गरिएको छ :

### ५.१.१ **प्रथम पञ्चवर्षीय योजना** (२०१३–२०१८)

प्रथम पञ्चवर्षीय योजना वि.सं. २०१३ साल आश्विन १ गतेदेखि सुरू भई २०१८ साल श्रावण मसान्तसम्ममा पूरा भएको थियो ।

***उद्देश्य***

(क) उत्पादन र रोजगारी वृद्धिगर्ने ।

(ख) भेदभावरहित तरिकाले जनताको जीवनस्तरमा सुधार ल्याउने ।

(ग) भविष्यमा योजनाहरूका लागि पूर्वाधार तयार गर्ने क्रममा आवश्यक आर्थिक सर्वेक्षणहरू सम्पन्न गर्ने ।

***प्राथमिकता***

(क) यातायात र सञ्चार,
(ख) सिँचाइ ऊर्जा र वन,
(ग) कृषि तथा कृषिजन्य,
(घ) सामाजिक सेवा,
(ङ) उद्योग, खानी र पर्यटन ।

### ५.१.२ **दोस्रो त्रिवर्षीय योजना** (२०१९–२०२२)

दोस्रो त्रिवर्षीय योजना २०१९ सालदेखि सुरू भई २०२२ सालमा पूरा भयो ।

***उद्देश्य***

(क) बढ्दो जनसङ्ख्याको आवश्यकता पूरा गर्न कृषि तथा औद्योगिक क्षेत्रको उत्पादन वृद्धि गर्ने ।
(ख) मूल्य स्थिरता कायम गरी विकासको वातावरण सिर्जना गर्ने ।
(ग) न्यायोचित सामाजिक व्यवस्था कायम गर्ने ।

***प्राथमिकता***

(क) यातायात र सञ्चार,
(ख) सामाजिक सेवा,
(ग) उद्योग, खानी तथा पर्यटन,
(घ) कृषि, सिँचाइ, वन तथा खानेपानी,
(ङ) उर्जा (Power),
(च) विविध ।

### ५.१.३ **तेस्रो पञ्चवर्षीय योजना** (२०२२–२०२७)

तेस्रो पञ्चवर्षीय योजना वि.सं. २०२२ सालमा सुरू भई २०२७ सालमा समाप्त भएको थियो । यस योजनाले १५ वर्षभित्र राष्ट्रिय उत्पादनलाई दोब्बर गर्ने लक्ष्य लिएको थियो । यसअनुसार राष्ट्रिय आयमा १९ प्रतिशत, प्रतिव्यक्ति औसत आय ९ प्रतिशत र खाद्यान्न उत्पादनमा १५ प्रतिशतले वृद्धि गर्ने लक्ष्य रहेको थियो ।

***उद्देश्य***

(क) कृषि क्षेत्रको खाद्यान्न उत्पादनमा वृद्धि ल्याउने ।
(ख) कृषिमा व्यवस्थामूलक सुधार गर्ने ।

(ग) आधारभूत क्षेत्रहरू विकास गर्दै लैजाने ।
(घ) औद्योगिक विकासको पूर्वाधार सिर्जना गर्ने ।
(ङ) वैदेशिक व्यापारमा विविधता ल्याउने ।
(च) सामाजिक आवश्यकता पूरा गर्दै जाने ।

***प्राथमिकता***

(क) यातायात र सञ्चार,
(ख) कृषि, सिँचाइ, वन तथा खानेपानी,
(ग) उद्योग,
(घ) सामाजिक सेवा ।

### ५.१.४ **चौथो पञ्चवर्षीय योजना** (२०२७–२०३२)

चौथो पञ्चवर्षीय योजना वि.सं. २०२७ सालमा सुरू गरी २०३२ सालमा पूरा भयो ।

***उद्देश्य***

(क) उत्पादन वृद्धिमा अधिकतम जोड दिने ।
(ख) विकासका आधारभूत आवश्यकताहरू पूरा गर्दै लैजाने ।
(ग) व्यापार विविधीकरण र व्यापार विस्तारमा अधिक महत्व प्रदान गर्ने ।
(घ) आर्थिक स्थिरता र विकास गतिमा गतिशीलता ल्याउने ।
(ङ) श्रमशक्तिको अधिकतम उपयोग र जनसङ्ख्या नियन्त्रणतर्फ ध्यान दिने ।
(च) शोषणरहित समाज सिर्जनाको आधार तयार पार्ने ।

***प्राथमिकता***

(क) यातायात र सञ्चार,
(ख) कृषि, भूमिसुधार तथा वन,
(ग) उद्योग, वाणिज्य, खानी तथा विद्युत्,
(घ) पञ्चायत, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक सेवाहरू,
(ङ) तथ्याङ्क ।

### ५.१.५ **पाँचौँ पञ्चवर्षीय योजना** (२०३२–२०३७)

***उद्देश्य***

(क) जनसाधारणहरूका लागि आवश्यक पर्ने उत्पादन वृद्धिमा जोड दिने ।
(ख) श्रमशक्तिको अधिकतम उपयोग गर्ने ।
(ग) प्रादेशिक सन्तुलन कायम गरी प्रादेशिक एकीकरणतर्फ जोड दिने ।

*प्राथमिकता*

(क) कृषि, भूमिसुधार, सिँचाइ, वन, भू-संरक्षण र पुनर्वास,

(ख) यातायात र सञ्चार,

(ग) उद्योग, वाणिज्य, विद्युत् तथा खानी,

(घ) सामाजिक सेवा (शिक्षा, स्वास्थ्य आदि) ।

*नीतिहरू*

(क) विदेशी साधनमाथिको निर्भरतालाई क्रमशः कम गराउँदै लैजाने उद्देश्यअनुसार आन्तरिक साधनको अधिकतम परिचालन गर्ने नीति लिइनेछ ।

(ख) क्षेत्रीय असन्तुलन क्रमशः घटाउँदै लैजानका लागि लगानी र उत्पादनको ढाँचामा आवश्यक सुधार ल्याइनेछ ।

(ग) सार्वजनिक, निजी तथा पञ्चायत तीनै क्षेत्रहरूमा सञ्चालन हुने कुनै पनि आयोजनामा सम्भव भएसम्म श्रममूलक प्रविधि उपयोग गर्ने नीति लिइनेछ ।

(घ) सार्वसाधारण उपभोक्ताहरूको हित रक्षा गर्न मूल्य स्थिरता र अत्यावश्यक वस्तुहरू दुर्गम क्षेत्रहरूमा सुपथ मूल्यमा पुऱ्याउने नीति अनुसरण गरिनेछ ।

(ङ) सरकारी क्षेत्रको योगदानमा वृद्धि गर्दै वैदेशिक पुँजी आकर्षित गर्ने नीति लिइनेछ ।

(च) विकास निर्माणका कार्यहरू जनइच्छाअनुरूप सञ्चालन गर्न पञ्चायती निकायहरूलाई केन्द्रीय अनुदानका साथै प्राविधिक टेवासमेत उपलब्ध गराई स्थानीय निकायका स्थानीय कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(छ) भारतसँग मात्र केन्द्रीकृत भइरहेको वैदेशिक व्यापार विविधीकरण गर्दै लगिनेछ ।

(ज) भूमिसुधारलाई अधिक प्रभावशाली र उपलब्धिमूलक बनाउँदै लगिनेछ ।

### ५.१.६ **छैठौँ पञ्चवर्षीय योजना** (२०३७–२०४२)

*उद्देश्य*

(क) उत्पादन वृद्धिदरमा तीव्रता ल्याउने ।

(ख) उत्पादनशील रोजगारीका अवसरहरू सिर्जना गर्ने ।

(ग) जनताको न्यूनतम आधारभूत आवश्यकता पूरा गर्ने ।

*प्राथमिकता*

(क) कृषि, सिँचाइ तथा वन,

(ख) उद्योग, खानी र विद्युत्,

(ग) सामाजिक सेवाहरू ।

(घ) यातायात र सञ्चार ।

*नीतिहरू*

(क) कृषि क्षेत्रको विकासतर्फ विशेष जोड दिइने ।

(ख) साना, घरेलु र कुटीर उद्योगहरूको विकासलाई महत्व दिने ।

(ग) निकासी व्यापार र पर्यटनको विकासमा जोड दिने ।

(घ) प्राकृतिक स्रोत सम्पादको संरक्षण र जलस्रोतको विकासतर्फ विशेष ध्यान दिइने ।

(ङ) तयारी आधारशीलाको पूर्ण उपयोग गरिने ।

(च) अर्थतन्त्रको सोचन क्षमता (Absorption capacity) विस्तार र जनसङ्ख्या नियन्त्रण गर्ने नीतिहरू अनुशरण गरिनेछ ।

*रणनीति*

(क) आर्थिक निर्णय विकेन्द्रीकरण,

(ख) संस्थागत आधारहरूको विकास,

(ग) सुदृढ तथा सक्षम विकास प्रशासन,

(घ) तालिम प्राप्त जनशक्ति विकास,

(ङ) निर्माण सामग्रीको आपूर्तिमा वृद्धि ।

### ५.१.७ सातौँ पञ्चवर्षीय योजना (२०४२–२०४७)

सातौँ पञ्चवर्षीय योजना वि.सं. २०४२ सालदेखि सुरू भई २०४७ सालमा पूरा भयो ।

*उद्देश्य*

(क) उत्पादन दरमा वृद्धि ल्याउने ।

(ख) उत्पादनशील रोजगारीका अवसरहरू सिर्जना गर्ने ।

(ग) जनताको न्यूनतम आवश्यकताहरू पूरा गर्दै लैजाने ।

*प्राथमिकता*

(क) कृषि, सिँचाइ तथा वन,

(ख) उद्योग र विद्युत्,

(ग) सामाजिक सेवाहरू,

(घ) यातायात र सञ्चार ।

*नीतिहरू*

(क) कृषि क्षेत्रको विकासमा सर्वोपरि प्राथमिकता दिइने ।

(ख) वनसम्पादको विकास र भू-संरक्षणमा जोड दिने ।

(ग) जलस्रोतको विकासमा जोड दिने ।

(घ) घरेलु उद्योगको विकास तथा विस्तार प्रोत्साहित गरिने ।
(ङ) निकासी व्यापार प्रवर्द्धनका लागि अधिक जोड दिने ।
(च) पर्यटन विकासमा जोड दिने ।
(छ) जनसङ्ख्या वृद्धिदरमा नियन्त्रण गरिने ।
(ज) आर्थिक एकीकरण गर्ने ।
(झ) विकास प्रशासनलाई सुदृढ र सक्षम बनाउने ।

### ५.१.८ आठौँ पञ्चवर्षीय योजना (२०४९-२०५४)

आठौँ पञ्चवर्षीय योजना वि.सं. २०४९ देखि २०५४ सम्म सञ्चालन भएको थियो । यस योजनाको प्रमुख लक्ष्यहरू निम्नानुसार थिए :

१) दिगो आर्थिक वृद्धि हासिल गर्ने ।
२) गरिबी घटाउने ।
३) क्षेत्रीय असन्तुलन कम गर्ने ।

यी उद्देश्यहरू पूरा गर्नका लागि सीमित आर्थिक, मानवीय र संस्थागत साधनहरू निम्न लिखित प्राथामिकताको क्रमअनुसार बाँडफाँड गरिने कुरा उल्लेख गरिएको थियो । कृषिमा सघनता र विविधीकरण, उर्जा विकास, ग्रामीण पूर्वाधारको विकास, रोजगारी सिर्जना तथा मानवीय साधनको विकास, जनसङ्ख्या वृद्धिमा नियन्त्रण, औद्योगिक विकास तथा पर्यटन प्रवर्धन, निकासी प्रवर्धन तथा विविधीकरण; समष्टिगत आर्थिक स्थायित्व, विकास प्रशासन र अनुगमन तथा मूल्याङ्कन गरिने लक्ष्य राखिएको थियो ।

आठौँ योजना तर्जुमा गर्दा निम्नलिखित विकास अवधारणाहरू राखिएको थियो :

१) स्वतन्त्र, बजारोन्मुख, खुला र उद्धार अर्थव्यवस्थाको माध्यमबाट विकास गर्दै जाने ।
२) स्थानीय तहका निकायहरूलाई अधिकार प्रदान गर्दै विकेन्द्रीकरण नीतिको प्रभावकारी कार्यान्वयन गर्दै जाने ।
३) क्षेत्रीय विकासलाई ग्रामीण विकाससँग आबद्ध गरी विकासका प्रतिफल सम्पूर्ण जनताले उपभोग गर्न पाउने स्थितिको सिर्जना गर्दै जाने ।
४) सरकारी क्षेत्रको भूमिका मूलत भौतिक पूर्वाधारको सिर्जना गर्न र आधारभूत सामाजिक सेवाहरूलाई ग्रामीण क्षेत्रसम्म पुऱ्याउनमा केन्द्रित गर्ने ।
५) निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरूलाई विकास कार्यमा सबैभन्दा बढी संलग्न गराउन :

क) प्रशासनिक प्रक्रियालाई सरलीकरण र स्पष्ट गर्ने,

ख) सरकारी निर्णय छिटो छरितो गराउने,

ग) सरकारी नीतिहरू बढी उद्दार, सरल र स्पष्ट गर्ने,

घ) परिभाषित नीतिहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,

६) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको आफ्नो अनुभव तथा तुलनात्मक फाइदाको आधारमा बढी प्रभावकारीढङ्गले काम गर्न सक्ने क्षेत्रहरूमा यिनीहरूलाई काम गर्न प्रोत्साहित गर्दै जाने ।

***प्राथमिकता***

(क) कृषि सघनता र विविधीकरण,

(ख) उर्जा विकास,

(ग) ग्रामीण पूर्वाधार विकास,

(घ) रोजगारी सिर्जना र जनशिक्त विकास,

(ङ) जनसङ्ख्या वृद्धिमा नियन्त्रण,

(च) औद्योगिक विकास र पर्यटन प्रवर्धन,

(छ) निर्यात विस्तार विविधीकरण,

(ज) समष्टिगत आर्थिक स्थायित्व,

(झ) विकास प्रशासनमा सुधार,

(ञ) अनुगमन र मूल्याङ्कन ।

***क्षेत्रगत नीतिहरू***

(क) कृषि उत्पादन वृद्धिमा भौगोलिक क्षेत्रीय (Agro-ecological zone) उपयुक्ततालाई अधिक प्राथमिकता दिइने ।

(ख) लाभदायक र निर्यातमूलक कृषि उपजको व्यावसायीकरण र विविधीकरणतर्फ जोड दिने ।

(ग) औद्योगिक बाली उत्पादनमा उच्च प्राथमिकता प्रदान गर्ने ।

(घ) कृषि प्रसार कार्यमा प्रभावकारिता ल्याउने (गाउँले, कृषक कार्यकर्ताहरू उपयोग गरिने)

(ङ) कृषि उत्पादन र उत्पादनका साधनहरूबारेमा निजी क्षेत्रको सहभागिता वृद्धितर्फ अधिक महत्व प्रदान गरिने ।

(च) कृषि अनुसन्धान तथा कृषि प्रसारतर्फ जोड दिइने ।

(छ) कृषि लगानी प्रक्रियालाई सकेसम्म सरल बनाउने ।

(ज) सहकारीको विकास तथा विस्तारमा जोड दिइने ।

## ५.१.९ **नवौँ पञ्चवर्षीय योजना** (२०५४–२०५९)

***उद्देश्य***

राष्ट्रको विकास अगाडि बढाउँदै लैजाने उद्देश्यअनुरूप २० वर्षे दीर्घकालीन विकास अवधारणासँग तादम्य कायम गरी राष्ट्रको प्रमुख चुनौतीको रूपमा रहेको गरिबीलाई दीर्घकालीन र प्रभावकारी रूपमा घटाउन 'गरिबी निवारण' गर्ने एकमात्र मूल उद्देश्य नवौँ योजनाले राखेको थियो ।

***प्राथमिकता***

(क) कृषि तथा वन,

(ख) जलस्रोत,

(ग) मानव संसाधन र सामाजिक विकास,

(घ) औद्योगीकरण, पर्यटन विकास र अन्तर्राष्ट्रिय व्यापार,

(ङ) भौतिक पूर्वाधार ।

***नीति***

(क) आर्थिक सुधारको प्रक्रिया अथवा पद्धति सुदृढ पार्दै आर्थिक वृद्धिदर फराकिलो बनाउँदै लगिने ।

(ख) दीर्घकालीन कृषि योजना कार्यान्वयन गरी कृषि क्षेत्रको विकास तथा विस्तार कार्यक्रम अगाडि बढाउने ।

(ग) भू-स्वामित्वको समस्या निराकरण गर्दै भूमिमाथि भूमिहीन किसानको पहुँच बढाउँदै कृषिको उत्पादकत्व बढाउने तथा कृषिमाथि आधारित उद्योगहरूको विकास तथा विस्तारद्वारा आम्दानी र रोजागारीका अवसरहरू सिर्जना गरी गरिबीको समस्या कम गर्दै लैजाने ।

(घ) जनसहभागितालाई मुख्य आधार बनाउँदै विकेन्द्रीकरण, स्थानीय विकास तथा मानवीय संसाधन विकासको माध्यमबाट पिछडिएका जाति जनजातिहरूको आर्थिक तथा सामाजिक उत्थान गर्ने ।

(ङ) उद्यमशील र सीपमूलक तालिमको सञ्चालन तथा विस्तारद्वारा स्वरोजगारी र रोजगारका अवसरहरू प्राप्त गर्न समर्थवान् जनशक्ति उत्पादन गरिने । त्यस्ता कार्यक्रमहरूलाई गरिबी निवारणको प्रमुख माध्यम बनाई प्राविधिक सहायता, सरसल्लाह, ऋण प्रवाहजस्ता सेवाहरू व्यापक रूपमा ग्रामीण तहसम्म विस्तार गरिने ।

(च) कृषि, घरेलु तथा साना उद्योग र पर्यटन क्षेत्रको विकासलाई ग्रामीण तहसम्म विस्तार गरी आय आर्जन र रोजगारीका अवसरहरूमा व्यापकता ल्याउने ।

(छ) साधनको सीमिततातर्फ ध्यान दिई साधनलाई सकेसम्म छिटो र ज्यादा प्रतिफल दिने, रोजगारीमूलक न्यायोचित वितरणलाई सघाउ पुऱ्याउने खालका कृषि, साना उद्योग र पर्यटनतर्फ केन्द्रित गरिने ।

(ज) वैदेशिक व्यापारमा निकासी व्यापारलाई अधिकतम प्रोत्साहित गरिने । व्यापार विविधीकरणको नीति अनुसरण गर्दा तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक वातावरण तयार गर्न कानुनी र संस्थागत पूर्वाधार विकास गर्दै लगिने ।

(झ) आर्थिक तथा सामाजिक पूर्वाधारको व्यापक विकास तथा विस्तारद्वारा अर्थतन्त्रको उत्पादन र उत्पादन क्षमता बढाउँदै लैजाने ।

### ५.१.१० **दशौँ पञ्चवर्षीय योजना** (२०५९–२०६३ )

***विशेष जोड दिएका क्षेत्रहरू:***

राष्ट्रिय प्राथमिकता, विद्यमान समस्या र विकास सम्भावनाका आधारमा दशौँ योजनामा विशेष जोड दिइने निम्नअनुसारका क्षेत्रहरू पहिचान गरिएका थिए:

क) कृषि विकास, प्राकृतिक स्रोतको दिगो व्यवस्थापन तथा जैविक विविधता,

ख) ग्रामीण पूर्वाधारहरूको विकास तथा ग्रामीण उर्जा,

ग) जनसङ्ख्या एवम् सामाजिक सेवा र आधारभूत सामाजिक सुरक्षा,

घ) नीजि क्षेत्रको भूमिकामा पर्यटन, जलस्रोत, सूचना प्रविधि तथा औद्योगिक एवम् व्यापारिक क्षेत्रहरूको विकास,

ङ) मानवीय संसाधनको विकास र महिला सशक्तीकरण,

च) दलित, जनजाति तथा विपन्न वर्गको उत्थान एवम् रोजगारी तथा आधारभूत सुरक्षाको लागि लक्षित कार्यक्रम,

छ) स्थानीय विकास तथा गैरसरकारी एवम् सामुदायिक संस्थाहरूको सुदृढीकरण

ज) दुर्गम क्षेत्र एवम् क्षेत्रगत विकासमा जोड,

झ) ग्रामीण प्रविधिमा परिमार्जन एवम् उच्च प्रविधिको प्रयोग,

ञ) सुशासनको प्रत्याभूति र अभिवृद्धि,

ट) वातावरण संरक्षण तथा प्रवर्धन,

ठ) राष्ट्रिय एवं क्षेत्रीयस्तरका पूर्वाधारहरूको विकास ।

***उद्देश्य***

१. देशमा विद्यमान गरिबीको अवस्थाबाट उन्मुक्तिसहित एक सुसंस्कृत, आधुनिक एवं प्रतिस्पर्धात्मक क्षमतायुक्त जनसमाज सिर्जना गर्ने (दीर्घकालीन उद्देश्य) ।

२. सरकार, स्थानीय निकाय, गैरसरकारी क्षेत्र, निजी क्षेत्र र नागरिक समाजको

संयुक्त सहभागितामा स्रोत साधनहरूको समुचित परिचालन गर्दै आर्थिक अवसर एवं रोजगारीका क्षेत्रहरू विस्तार गर्ने र सशक्तीकरण, मानवीय विकास, सुरक्षा तथा लक्षित कार्यक्रममार्फत महिला, दलित, दुर्गम क्षेत्रका बासिन्दालगायत अति गरिब एवं पिछडिएका वर्गको साधन तथा आर्थिक उपलब्धिहरूमा पहुँच वृद्धि गर्दै आर्थिक, मानवीय एवं सामाजिक परिसूचकहरूको सुधार गरी गरीबी घटाउने। (अल्पकालीन अथवा दशौँ योजनाको उद्देश्य)

***रणनीति***

१. उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि,

(२) सामाजिक क्षेत्र र पूर्वाधार विकास,

(३) लक्षित कार्यक्रम,

(४) सुशासन।

### ५.१.११ तीनवर्षीय अन्तरिम योजना (२०६४/६५–२०६६/६७)

जनआन्दोलन २०६२-६३ पछिको तीनवर्षीय अन्तरिम योजनाले समृद्ध, आधुनिक र न्यायपूर्ण नेपालको निर्माण गर्ने दीर्घकालीन सोचअनुरूप रोजगारीमूलक, गरीबी निवारणउन्मुख फराकिलो आर्थिक वृद्धि हासिल गर्ने; सुशासन प्रवर्धन तथा सेवा प्रवाहमा प्रभावकारिता बढाउन भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्ने, सामाजिक विकासलाई जोड दिने; समावेशी विकास र लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने उद्देश्यहरू लिएको थियो। भौतिक संरचनाहरूको पुनर्निमाण र पुनःस्थापना; द्वन्द्व प्रभावितहरूलाई राहत, पुनःस्थापना तथा सामाजिक एकीकरण र समायोजन; विकासका सबै संरचना, क्षेत्र र प्रक्रियाहरूमा उपेक्षित समुदाय, क्षेत्रको समावेशीकरण; कृषि, पर्यटन तथा उद्योगलाई टेवा पुग्ने विद्युत् विकास, सडक, सिँचाइ तथा सञ्चारजस्ता भौतिक पूर्वाधरको विकास तथा शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाइको विकासमार्फत् मानव संसाधनको विकासलाई योजनाले प्राथमिकता दिएको थियो।

### ५.१.१२ त्रिवर्षीय योजना (२०६७/६८–२०६९/७०)

वि.सं. २०१३ सालमा थालनी गरिएको नेपालको योजनाबद्ध विकास प्रयासले साढे पाँच दशक पार गरिसकेको छ। हालसम्म ९ वटा पञ्चवर्षीय योजना तथा २ वटा त्रिवर्षीय योजना कार्यान्वयन भइसकेका छन्। अघिल्लो तीनवर्षीय अन्तरिम योजनाको समयावधि आर्थिक वर्ष २०६६/०६७ बाट समाप्त भइसकेको तर यस

अवधिमा देशले स्थायी राजनैतिक निकास प्राप्त गरिनसकेको अवस्थामा देश योजनाविहीन अवस्थामा नजाओस् भन्ने उद्देश्यले राष्ट्रिय योजना आयोगले आर्थिक वर्ष २०६७/०६८-२०६९/०७० सम्मको लागि त्रिवर्षीय योजना तर्जुमा गरेको छ। यस योजनाका लक्ष्य तथा उद्देश्य र रणनीतिहरू निम्नानुसार रहेका थिए :

***दीर्घकालीन सोच***

आगामी दुई दशकभित्रमा नेपाललाई अति कमविकसित मुलुकबाट विकासोन्मुख मुलुकमा रूपान्तण गरी क्रमशः समृद्ध, शान्त, न्यायपूर्ण नेपाल बनाउने यस योजनाको दीर्घकालीन सोच रहेको छ। यस अवस्थामा नेपालमा उच्च आर्थिक वृद्धि हासिल भई गरिबीको रेखामुनि रहेको जनसङ्ख्या न्यून रहनेछ र  नेपाल एक समृद्ध आधुनिक राष्ट्रको रूपमा विकसित भएको हुनेछ। देशका सबै क्षेत्रमा शान्ति र सुशासन कायम भएको अवस्था हुनेछ। सबै नेपालीहरूले आफ्नो भविष्य सुनिश्चित गर्नका लागि समान अवसर उपयोग गरेका हुनेछन्। समाजमा कानुनी, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, आर्थिक, जातीय, लैंगिक, शारीरिक र भौगोलिकसमेतका सबै प्रकारका विभेद र असमानता अन्त्य भएको हुनेछ।

***लक्ष्य***

सन् २०१५ सम्ममा सहस्राब्दी विकास लक्ष्यहरू प्राप्त गर्न सम्मानजनक र लाभजन्य रोजगारी सिर्जना गर्ने, आर्थिक असमानता घटाउने, क्षेत्रीय सन्तुलन हासिल गर्न र सामाजिक वञ्चितीकरणलाई हटाउँदै आम नेपालीको जीवनस्तरमा सुधार ल्याउने र दिगो आर्थिक वृद्धिमार्फत गरिबीलाई २१ प्रतिशतमा पुऱ्याउने लक्ष्य रहेको थियो।

***उद्देश्य***

रोजगारी केन्द्रित समावेशी तथा समन्यायिक आर्थिक वृद्धि गरी गरिबी निवारण र दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउँदै आमजनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउनु यस योजनाको प्रमुख उद्देश्य रहेको थियो।

***रणनीति***

यस योजनाले समष्टिगत रणनीतिमा रोजगारी केन्द्रित फराकिलो आर्थिक वृद्धि हासिल गर्ने भावी सङ्घीय प्रदेशहरू र क्षेत्रीय सन्तुलनलाईसमेत ध्यानमा राख्दै विकासका पूर्वाधारहरू सिर्जना गर्ने; समावेशी तथा समन्यायिक विकास गर्ने; मुलुकको आर्थिक सामाजिक रूपान्तरणलाई सघाउ पुऱ्याउने; सुशासन एवम् सेवा प्रवाहलाई प्रभावकारी बनाउने र विकासमा मूल प्रवाहीकरण गर्नेसमेतका निम्न रणनीतिहरू अघि सारेको थियो :

१. सरकारी, निजी, सामुदायिक र सहकारी सबै क्षेत्रको संयुक्त प्रयासमा रोजागरीमूलक तथा गरिबी निवारणउन्मुख दिगो र फराकिलो आर्थिक विकास हासिल गर्ने ।

२. देशको भावी सङ्घीय स्वरूपलाई टेवा पुऱ्याउने र प्रादेशिक आर्थिक वृद्धिसमेतलाई सहयोग पुग्ने गरी भौतिक पूर्वाधार तयार गर्ने ।

३. दिगो शान्ति हासिल गर्न समावेशी तथा समन्यायिक विकासलाई जोड दिने ।

४. आर्थिक, सामाजिक सेवा सुदृढ गरी राज्यको आर्थिक सामाजिक रूपान्तर णमा सघाउ पुऱ्याउने ।

५. सुशासनको प्रत्याभूति गरेर सेवा प्रवाहलाई प्रभावकारी तुल्याउदै विकास कार्यलाई नतिजामूखी बनाउने ।

६. निजी तथा सामुदायिक र सहकारी क्षेत्रको विकास र औद्योगीकरण, व्यापार तथा सेवा क्षेत्रलाई राष्ट्रिय विकासको प्रयासमा मूलप्रवाहीकरण गरी आर्थिक वृद्धि र स्थायित्व सुदृढ गर्ने ।

***प्राथमिकताका क्षेत्रहरू***

यस योजनाले निम्नलिखित प्राथमिकताका क्षेत्रहरूको पहिचान गरेको थियो :

१. भौतिक तथा सामाजिक पूर्वाधारहरूको सन्तुलित विकास,

२. कृषि क्षेत्रको विकासलाई प्राथमिकता दिदै पर्यटन, उद्योग र निर्यात व्यापारलाई महत्व दिई रोजगारी सिर्जना र आर्थिक वृद्धि गर्ने,

३. उपेक्षित समुदाय, क्षेत्र र लिङ्गको समावेशीकरण गरी विकासमा टेवा पुऱ्याउन लगानी बढाउने,

४. मानवीय जीवनयापनको निमित्त अत्यावश्यक सेवा (खानपानी, उर्जा, विद्युत्, सडक, सञ्चार, खाद्य सुरक्षा, औषधोपचार, शिक्षा) को उपलब्धता र निरन्तरतालाई सुनिश्चित गर्न यी क्षेत्रहरूमा आवश्यक लगानी अभिवृद्धि गर्ने ।

५. सुशासनको अभिवृद्धि गरी जनतालाई पुऱ्याउने सेवा सुविधा गुणस्तरयुक्त बनाई सुपथ मूल्यमा समयमा उपलब्ध गराउन जोड दिने ।

६. वातावरण संरक्षण गरी जलवायु परिवर्तनबाट पर्ने असर न्यून गर्ने र अवसरहरूको उपभोगमा ध्यान दिइने ।

७. राष्ट्रिय स्तरमा प्राथमिकता प्राप्त महत्वपूर्ण र आमजनतालाई प्रत्यक्ष राहत दिने कार्यक्रम र आयोजनाहरूलाई उच्च प्राथमिकता दिने ।

### ५.१.१३. **तेह्रौँ योजना (आर्थिक वर्ष २०७०/७१–२०७२/७३)**

**पृष्ठभूमि :**

त्रिवर्षीय योजना (आर्थिक वर्ष २०६७/६८–२०६९/७०) २०७० असारमसान्तमा पूरा भई तेह्रौँ योजना सुरु भएको छ । नेपाल अझै पनि अति कम विकसित मुलुकको रूपमा रहेको छ । राजनीतिक प्रतिबद्धतासहित विकास कार्यमा थप प्रभावकारिता ल्याउन सकिएमा नेपाललाई अति कम विकसित राष्ट्रबाट मध्यम आय भएको विकासशील राष्ट्रको सूचीमा स्तरोन्तति गर्न सकिने सम्भावना रहेको छ । यसका साथै सहस्राब्दी विकास लक्ष्य एवं दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनका विकास लक्ष्य हासिल गर्ने र दिगो विकासलगायतका विषयहरूलाई सम्बोधन गरी हरित अर्थतन्त्रलाई प्रवर्धन गर्दै गरिबी न्यूनीकरण गर्नेतर्फ यो योजनालाई केन्द्रित गरिएको पाइन्छ ।

**दीर्घकालीन सोच** : विक्रम संवत् २०७९ (सन् २०२२) भित्र नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्तति गर्ने ।

**उद्देश्य** : देशमा व्याप्त आर्थिक तथा मानवीय गरिबी घटाई आमजनताको जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने ।

**योजनाको प्रमुख लक्ष्य** : गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८ प्रतिशतमा झार्ने । अन्य लक्ष्यहरू तालिका ५.१ मा दिइएको छ ।

**तालिका नं. ५.१**

| क्र. सं. | सूचक | आ.व. २०६९/७० को स्थिति | तेह्रौँ योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | वार्षिक औषत आर्थिक वृद्धि दर (प्रतिशत) | ३.५ | ६.० |
| २ | कृषि क्षेत्रको वार्षिक औसत वृद्धि दर (प्रतिशत) | १.१ | ४.५ |
| ३ | गैरकृषि क्षेत्रको वार्षिक औसत वृद्धि दर (प्रतिशत) | ४.६ | ६.७ |
| ४ | वार्षिक औसत रोजगारी वृद्धि दर (प्रतिशत) | २.९ | ३.२ |
| ५ | अपेक्षित आयु (वर्ष) | ६८.८ | ७१.० |

| | | | |
|---|---|---|---|
| ६ | साक्षरता दर (१५-२४ वर्ष) | ८७.५ | ९०.० |
| ७ | जनसङ्ख्या वृद्धि दर (प्रतिशत) | १.३५ | १.३५ |
| ८ | मातृ मृत्यु दर (प्रतिलाख जीवित जन्म) | २८१ | १३४ |
| ९ | खानेपानी सेवा पुगेको जनसङ्ख्या (प्रतिशत) | ८५ | ९६.२५ |
| १० | सरसफाइ सुविधा पुगेको जनसङ्ख्या (प्रतिशत) | ६२ | ९०.५ |
| ११ | प्राथमिक तह (कक्षा १-५) मा खुद भर्ना दर (प्रतिशत) | ९५.३ | १०० |
| १२ | सडक यातायात जोडिएको जिल्ला सदरमुकाम (सङ्ख्या) | ७३ | ७५ |
| १३ | टेलिफोन, मोबाइलसमेत (प्रतिसय घनत्वमा) | ७१.५ | १०० |
| १४ | विद्युत् उत्पादन (जडित क्षमता) (मेगावाट) | ७५८ | १,४२६ |
| १५ | विद्युत्मा पहुँच प्राप्त जनसङ्ख्या (प्रतिशत) | ६७.३ | ८७ |
| १६ | सिँचाइ (हेक्टर) | १३,११,००० | १,४८७,२७५ |
| १७ | वन जङ्गलले ढाकेको क्षेत्र (प्रतिशत) | ३९.६ | ४० |
| १८ | सडक यातायातको कुल लम्वाइ (किलो मिटर) | २५,१३३ | २८,१३३ |

## रणनीति

उपरोक्त उद्देश्य र लक्ष्य हासिल गर्न यो योजनाले देहायका रणनीतिहरू अपनाएको छ :

(१) विकास प्रक्रियामा निजी, सरकारी र सहकारी क्षेत्रको योगदान अभिवृद्धि गरी समावेशी, फराकिलो एवं दिगो आर्थिक वृद्धि हासिल गर्ने ।

(२) भौतिक पूर्वाधारको विकास गर्ने ।

(३) सामाजिक सेवाका क्षेत्रहरूमा पहुँच, उपयोग र गुणस्तर अभिवृद्धि गर्ने ।

(४) सार्वजनिक तथा अन्य क्षेत्रहरूमा सुशासन अभिवृद्धि गर्ने ।

(५) लक्षित वर्ग, क्षेत्र र समूहको आर्थिक र सामाजिक सशक्तीकरणमा

अभिवृद्धि गर्ने ।

(६) जलवायु परिवर्तनसँग अनुकूलन हुनेगरी विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।

**प्राथमिकताका क्षेत्रहरू**

यो योजनाले तोकेका प्राथमिकताका क्षेत्रहरू देहायअनुसार छन् :

(१) जलविद्युत् तथा अन्य ऊर्जा विकास

(२) कृषि क्षेत्रको उत्पादकत्व वृद्धि, विविधीकरण र व्यावसायीकरण ।

(३) पर्यटन, उद्योग र व्यापार क्षेत्रको विकास ।

(४) आधारभूत शिक्षा तथा स्वास्थ्य, खानेपानी तथा सरसफाइ क्षेत्रको विकास ।

(५) सुशासन प्रवर्धन ।

(६) सडक तथा अन्य भौतिक पूर्वाधार विकास ।

(७) प्राकृतिक स्रोत र वातावरण संरक्षण ।

## ५.२ वैदेशिक लगानी

विदेशी लगानी तथा प्रविधिसम्बन्धी ऐन, २०३८ जारी भएपछिमात्र नेपालमा विदेशी लगानी भित्र्याउने व्यवस्थित प्रयास भएको हो । नेपालले उदारीकरणको सामान्य सुरुवात संरचनात्मक समायोजन कार्यक्रम (Structural Adjustment Programme) आर्थिक वर्ष २०४२/४३ बाट गरेको भए तापनि यसलाई आठौँ योजनादेखि योजनाबद्ध रूपमा गति दिने कार्य भयो । विदेशी पुँजी, प्रविधि र व्यवस्थापकीय कौशल भित्र्याई औद्योगिकीकरणको प्रक्रियामा निजी क्षेत्रको सहभागिता वृद्धि गरी आय, रोजगारी एवम् उत्पादन वृद्धिका लागि आवश्यक आन्तरिक स्रोत र साधनको कमीलाई पूरा गर्न विदेशी लगानी र एकद्वार नीति २०४८ जारी गरियो साथै सो नीतिको कार्यान्वयनका लागि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४८ लागु गरियो । नेपाललाई आकर्षक लगानीस्थल बनाउने उद्देश्यले नयाँ औद्योगिक नीति, २०६७ जारी गरियो । नेपालमा वैदेशिक लगानी भित्र्याउने र दीर्घकालीन प्रकृतिका आयोजना सञ्चालन गर्ने उद्देश्यले लगानी बोर्ड ऐन, २०६८ जारी गरिनुका साथै लगानी बोर्ड गठन गरियो । औद्योगिक क्षेत्रमा छिमेकी मुलुक भारतको लगानीलाई प्रवर्धन गर्दै लैजाने उद्देश्यले भारतसँग द्विपक्षीय लगानी प्रवर्धन तथा संरक्षण सम्झौता (Bilateral Investment Promotion and Protection) गरियो । नेपाल विश्व व्यापार सङ्गठनको सदस्य हुनुका साथै बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगसम्बन्धी बंगालको खाडी अग्रसरता (Bay of Bangal Initiative for Multi-Sectoral Technical and Economic Cooperation- BIMSTEC)

र दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्झौताजस्ता बहुपक्षीय तथा क्षेत्रीय सम्झौताहरूको पक्ष राष्ट्र बनेको छ ।

माथि उल्लिखित बहुपक्षीय सङ्गठनहरू तथा सम्झौताहरूबाट सिर्जित दायित्व र प्रतिबद्धता पूरा गर्न साथै विश्व अर्थ व्यवस्थामा देखापरेको परिवर्तन र मुलुकमा भएको राजनीतिक परिवर्तनको परिप्रेक्षमा नयाँ विदेशी लगानी नीति, २०७१ जारी गरिएको छ । राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा विदेशी पुँजी, प्रविधि, सीप र ज्ञान परिचालन गर्ने; लगानीको बढ्दो आवश्यकता र सीमित गार्हस्थ्य बचतबीचको बढ्दो असमानतालाई विदेशी पुँजी लगानीको माध्मबाट परिपूर्ति गर्ने; विदेशी पुँजीसँगै आधुनिक प्रविधि, व्यवस्थापकीय कौशल र प्राविधिक सीपको माध्यमबाट आन्तरिक उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरी आयात प्रतिस्थापन गर्ने तथा देशको प्रतिस्पर्धात्मक क्षमता बढाई अन्तर्राष्ट्रिय बजारमा औद्योगिक वस्तु एवम् सेवाको पहुँच विस्तार गरी निर्यात प्रवर्धनको माध्यमबाट बढ्दो व्यापार घाटा न्यूनीकरण गर्दै व्यापार सन्तुलन स्थापित गर्ने र लगानीमैत्री वातावरण सिर्जना गरी नेपाललाई आकर्षक लगानीस्थलको रूपमा स्थापित गर्नेजस्ता उद्देश्यहरू विदेशी लगानी नीति, २०७१ ले लिएको छ ।

## ५.३ भूपरिवेष्टित अवसर

नेपाल विश्वका भूपरिवेष्टित मुलुकहरूमध्येको एक हो । भारत र चीनबीच रहेको नेपाल समुद्री तटबाट ११२७ किलोमिटर टाढा रहेको छ । संयुक्त राष्ट्रसङ्घको पहलमा भूपरिवेष्टित राष्ट्रहरूले समुद्रसम्म निर्वाध पहुँच पाउने वातावरण बन्दै गएको छ । समुद्रीमार्ग व्यापारका लागि तुलनात्मक रूपमा उपयोगी हुन्छ । अब परम्परागत अवधारणामा परिवर्तन भएको छ । नेपाल दुई तीव्र गतिमा विकास भइरहेका देशहरूका बीचमा विकासका अतुलनीय सम्भावनाहरू बोकेर रहेको छ । नेपालले भारत र चीन जोडने भूमिपुल (Land Bridge) बन्दै व्यापारका लाभ लिन र विकासका अनेकौं सम्भावनाहरूलाई यथार्थमा बदल्न सक्नेछ । यस सम्बन्धमा नेपालको राजनीतिक, प्रशासनिक र कूटनीतिक क्षमताको अभिवृद्धि, सुझबुझ एवं सामयिक नीतिको आवश्यकता छ ।

## ५.४ भूकम्प र भूकम्पपछिको पुनर्निर्माण

### (क) वैशाख १२ गतेको विनासकारी भूकम्प

भूकम्पविद्/भूगर्वविद्हरूका अनुसार भूकम्पको आकार साधारणतया पृथ्वीको चलायमान बाहिरी आवरण (लिथोस्फेयर) को अवस्था, शक्ति सञ्चय,

लिथोस्फेयरको चल्ने दिशा र जमिनको अवस्थितिले निर्धारण गर्दछ । पृथ्वीमा सातओटा टेक्टोनिक प्लेटहरू चलायमान छन् । जब यी प्लेटहरू एक अर्कामा ठोकिन्छन् तब भूकम्प जान्छ । नेपालमा ठूला भूकम्प आउनाको कारणमा दक्षिणतिरको इण्डियन प्लेट प्रत्येक वर्ष २ सेन्टिमिटरका दरले उत्तरतिर ठेलिन्छ । यो प्रक्रियालाई भारतको उत्तरतर्फ रहेको ठूलो आकारको टिबेटियन प्लेटले रोकिदिन्छ । तर इन्डियन प्लेटलाई उत्तरतिर घचेट्ने बल (Force) निरन्तर लागिरहने हुनाले यस्तो बललाई नेपालको पहाड र हिमाली क्षेत्रको भागले रोकेर वा थेगेर राख्छ । वर्षेनी यसरी रोकिएर रहेको शक्ति एउटा बिन्दुमा पुगेपछि विस्फोट भएर तरङ्गको रूपमा बाहिर निश्कन्छ र भूकम्प जान्छ ।

नेपाल विश्वका अति भूकम्पीय जोखिम भएका देशहरूमा ११ औँ स्थानमा पर्छ । नेपाल भूकम्प प्रविधि राष्ट्रिय समाजका अनुसार नेपालमा सालाखाला हरेक ७५ वर्षमा महाभूकम्प (८ रेक्टर स्केलजतिका) जाने गरेको देखिन्छ । वि.सं. १९९० साल माघ २ गते पूर्वी नेपालमा ८.४ रेक्टरस्केलको महाभूकम्प गएको थियो । सङ्खुवासभा क्षेत्र आसपास केन्द्रबिन्दु रहेको यस महाभूकम्पमा परी काठमाडौँ उपत्यकामा मात्र करिब १० हजार जनाको मृत्यु भएको थियो भने लाखौँ घरहरू ध्वस्त/क्षतिग्रस्त भएका थिए । अधिकांश पूर्वाधार र धेरैजसो सांस्कृतिक सम्पदा स्थलहरूमा ठूलो क्षति पुगेको थियो । नेपालमा वि.सं. २०३७, २०४५ र २०६८ सालमा गएका भूकम्पहरूले पनि धेरै मानवीय र भौतिक क्षति पुऱ्याएका थिए । यसर्थ नेपालमा निर्माण गरिने भौतिक पूर्वाधारहरू र निजी तथा सार्वजनिक भवनहरूलाई भूकम्प प्रतिरोधी प्रविधि प्रयोग गरी निर्माण गरिनु आवश्यक छ भने यसबारेमा मुलुकभर व्यापक रूपमा जनचेतना जगाउनु उत्तिकै जरुरी छ ।

२०७२ साल वैशाख १२ गते (अप्रिल २५, २०१५) बिहान ११.५६ मिनेटमा काठमाडौँबाट ७६ किलोमिटर उत्तरपश्चिममा रहेको गार्खा जिल्लाको बारपाक भन्ने स्थानमा केन्द्रबिन्दु (Epicenter) बनाएर ७.६ रेक्टरस्केल (संयुक्त राज्य अमेरिकाको भौगर्विक समाजका अनुसार ७.८ रेक्टर स्केल) को ठूलो भूकम्प गयो । यस्को हाइपोसेन्टर (Hypocenter) बारपाक क्षेत्रको जमिनको सतहदेखि १५ किलोमिटर (९.३ माइल) गहिराइमा रहेको थियो । भूकम्पको धक्का नेपालका अतिरिक्त भारत, वंगलादेश र चीनका विभिन्न भागहरूमा समेत महसुस गरिएको थियो ।

उक्त भूकम्प गएको ३४ मिनटपश्चात् गोर्खा आसपास केन्द्रबिन्दु भएको ६.६ रेक्टर स्केलको पराकम्प र भोलिपल्ट वैशाख १३ गते दिनको १२.५४ बजे दोलखा र सिन्धुपाल्चोक जिल्लाको सीमाक्षेत्रमा ६.९ रेक्टर स्केलको पराकम्प गएको थियो । वैशाख २९ गते मङ्गलबार दिनको १२.५० बजे सिन्धुपाल्चोक

र दोलखा जिल्लाको सीमा क्षेत्रमा ६.८ रेक्टर स्केल (संयुक्त राज्य अमेरिकाको भौगर्विक समाजका अनुसार ७.३ रेक्टर स्केल) को भूकम्प/पराकम्प गएको थियो। २०७२ वैशाख १२ गतेको शक्तिशाली भूकम्पपश्चात् २०७३ साल वैशाख १२ गतेसम्म १ वर्षको अवधिमा ४ म्याग्नीच्युट र सोभन्दामाथिका ४४८ परकम्पनहरू गइसकेका छन्। यीमध्ये ५ म्याग्नच्यिुट र सोभन्दा माथिका परकम्पन ५३ ओटा थिए।

यो भूकम्प र त्यसपछि आएका परकम्पनहरूले ३१ जिल्लाहरू प्रभावित भएकोमा गोर्खा, धादिङ, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, काठमाडौँ, ललितपुर, भक्तपुर, काभ्रेपलान्चोक, दोलखा, रामेछाप, सिन्धुली, ओखलढुङ्गा र मकवानपुर गरी १४ जिल्लाहरूमा ठूलो धनजनको क्षति पुऱ्याएका थिए। भूकम्प र त्यसपश्चात् आएका परकम्पनहरूमा परी ८ हजार ७ सय ९० जनाभन्दा बढी मानिसहरूको मृत्यु भएको तथा २२ हजार ३ सय मानिसहरू घाइते भएका र करिब ३०० जना बेपत्ता भएको अनुमान गरिएको थियो। सबैभन्दा बढी मानवीय क्षति सिन्धुपाल्चोक जिल्लामा भएको थियो। यसैगरी भूकम्पको कारण १७ हजारभन्दा बढी ठूला चौपायहरू र करिब ४० हजार साना चौपायहरू मरेका थिए।

(ख) **विपद्पछिको आवश्यकता आँकलन** (Post Desaster Needs Assessement -PDNA),

विपद्पछिको आवश्यकता आँकलन राष्ट्रिय योजना आयोगको नेतृत्वमा दातृनिकायहरूसमेतको सहभागितामा तयार गरिएको मूल्याङ्कन प्रतिवेदन हो। यस आँकलनको प्रमुख उद्देश्य विपद्को प्रभाव मूल्याङ्कन गर्ने तथा पुनरुत्थान रणनीति तया गर्नु रहेको थियो। आवश्यकताको आँकलन गर्ने क्रममा वि.सं. २०७२ वैशाख १२ गतेको भूकम्प र त्यसपश्चात् गएका परकम्पहरूबाट प्रभावित परिवारहरूको जनजीवीका, अर्थतन्त्र तथा सेवा प्रवाहको स्तरलाई पहिलेकै अवस्थामा फर्काउन र आवास तथा संरचनाको विपद्प्रतिरोधी रूपले पुनर्निमाण गर्न आवश्यक स्रोतको पहिचान गर्ने कार्यसमेत गरिएको थियो।

भूकम्पले आवासीय तथा सरकारी भवनहरू, सांस्कृतिक सम्पदाहरू, विद्यालय तथा स्वास्थ्य चौकीहरू, ग्रामीण सडक, पुल, खानेपानी आपूर्ति प्रणाली, सिँचाइ, जलविद्यूत्गृह, कृषियोग्य जमिन आदि विनास गरेको थियो। एक शताब्दी र सोभन्दा पुराना ऐतिहासिक तथा सांस्कृतिक स्मारकहरू सयौँको सङ्ख्यामा यात नष्ट भएका थिए वा तिनीहरूमा व्यापक क्षति पुगेको थियो। उक्त प्रतिवेदनअनुसार भौतिक क्षतितर्फ ५लाख ७ हजार १७ घर पूर्ण रूपमा ध्वस्त भएका र २ लाख ६९ हजार १९० घरहरू आंशिक रूपमा क्षति भएका थिए। कुल जनसङख्याको

करिब एकतिहाइ (करिब ८० लाख) जनसङ्ख्या भूकम्पबाट प्रभावित भएको अनुमान रहेको थियो। यो रूपको व्यापक क्षतिले भूकम्प प्रतिरोधी कुनै योजना वा भवनसंहिता पालना नगरिएका जस्ता सरकारी, निजी तथा परिवारस्तरका कमीकमजोरीहरुलाई छताछुल्लसमेत पारेको छ। भूकम्पले गर्दा ५१७.५ अर्ब रुपैयाँ बराबरको क्षति र १८९ अर्ब रुपैयाँ बराबरको नोक्सानी गरी जम्मा ७०६.५ अर्ब रुपैयाँबराबरको क्षति भएको अनुमान गरिएको थियो।

यो प्राकृतिक विपद्बाट उत्पन्न असरहरुको सारांश तलको तालिकामा देखाइएको छ।

**तालिका नं. ५.२**
**विपद्बाट उत्पन्न असरहरूको सारांश**

| क्र. सं. | क्षेत्र | विपत्तिका असरहरू (रु. १० लाखमा) | | |
|---|---|---|---|---|
| | | क्षति | ध्वस्त | जम्मा |
| **सामाजिक क्षेत्र** | | **३५५,०२८** | **५३,५९७** | **४०८,६२५** |
| १ | आवास र मानव बस्ती | ३०३,६३२ | ४६,९०८ | ३५०,५४० |
| २ | स्वास्थ्य | ६,४२२ | ११,२२ | ७,५४४ |
| ३ | शिक्षा | २८,०६४ | ३,२५४ | ३१,३१८ |
| ४ | सांस्कृतिक सम्पदा | १६,९१० | २,३१३ | १९,२२३ |
| **उत्पादनमूलक क्षेत्र** | | **५८,०७४** | **१२०,०४६** | **१७८,१२१** |
| ५ | कृषि | १६,४०५ | ११,९६२ | २८,३६६ |
| ६ | सिँचाइ | ३८३ | - | ३८३ |
| ७ | वाणिज्य | ९,०१५ | ७,९३८ | १६,९५३ |
| ८ | उद्योग | ८,३९४ | १०,८७७ | १९,२७१ |
| ९ | पर्यटन | १८,८६३ | ६२,३७९ | ८१,२४२ |
| १० | अर्थ/वित्त | ५,०१५ | २६,८९० | ३१,९०५ |
| **पूर्वाधार क्षेत्र** | | **५२,४६०** | **१४,३२३** | **६६,७८३** |
| ११ | विद्यूत् | १७,८०७ | ३,४३५ | २१,२४२ |
| १२ | सञ्चार | ३,६१० | ५,०८५ | ८,६९५ |

| | | | | |
|---|---|---|---|---|
| १३ | सामुदायिक पूर्वाधार | ३,३४९ | - | ३,३४९ |
| १४ | यातायात | १७,१८८ | ४,९३० | २२,११८ |
| १५ | खानेपानी तथा सरसफाइ | १०,५०६ | ८७३ | ११,३७९ |
| **अन्तरसम्बन्धित क्षेत्र** | | **५१,८७२** | **१,०६१** | **५२,९३३** |
| १६ | सुशासन | १८,७५७ | - | १८,७५७ |
| १७ | विपदीय जोखिम निदान | १५५ | - | १५५ |
| १८ | वातावरण र वनजङ्गल | ३२,९६० | १,०६१ | ३४,०२१ |
| **जम्मा (नेपाली रुपैयाँ)** | | **५१७,४३४** | **१८९,०२७** | **७०६,४६१** |
| **जम्मा (अमेरिकी डलरमा)** | | **५,१७४** | **१,८९०** | **७०,६५** |

*स्रोतः 'विपद्पछिको आवश्यकता आँकलन', राष्ट्रिय योजना आयोग, सन् २०१५*

**(ग) दाता सम्मेलन**

भूकम्पले क्षतिग्रस्त बनाएका विभिन्न प्रकारका भौतिक संरचनाहरूको योजनाबद्ध रूपमा पुनर्निर्माण/नव निर्माण कार्य सम्पन्न गर्न तथा भूकम्पबाट विस्थापित भएका व्यक्ति र परिवारहरूको पुनर्वास तथा स्थानान्तरणका लागि माथि तालिका नं. ५.२ मा प्रस्तुत गरिएअनुसार ठूलो रकम आवश्यक पर्ने र सो रकम जुटाउनको लागि नेपालले २०७२ असार १० गते (जुन २५, २०१५) काठमाडौँमा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गऱ्यो । उक्त सम्मेलनमा भारत र चीनका विदेशमन्त्रीलगायत विभिन्न देशहरू, विकास साझेदारहरू र दातृ समुदायका गरी ३०० भन्दाबढी प्रतिनिधिहरूले भाग लिएका थिए । उक्त सम्मेलनमा विभिन्न देशहरू, विकास साझेदारहरू र दातृ समुदायले ४ अर्ब ४ करोड अमेरिकी डलर सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए । कुल रकममध्ये आधा रकम अनुदान सहयोग र बाँकी आधा ऋण सहयोगको रूपमा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

उपरोक्तानुसार प्रतिबद्धता जनाइएको कुल रकममध्ये भारतले १ अर्ब अमेरिकी डलर, चीनले ७२.७ करोड अमेरिकी डलर, जापानले २६ करोड अमेरिकी डलर, संयुक्त राज्य अमेरिकाले १३ करोड अमेरिकी डलर, संयुक्त अधिराज्यले ११ करोड अमेरिकी डलर र क्यानडाले ६ करोड अमेरिकी डलर प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए भने एसियाली विकास बैंकले ६० करोड अमेरिकी डलर, विश्व बैंकले ५० करोड अमेरिकी डलर र युरोपियन युनियनले ११.२ करोड अमेरिकी डलर प्रदान गर्ने जनाएका थिए ।

### (घ) पुनर्निर्माण प्राधिकरण

विसं २०७२ साल वैशाखमा गएको विनासकारी भूकम्पको प्रभावबाट क्षतिग्रस्त संरचनाको दीगो, दरिलो र योजनाबद्ध रुपमा यथाशीघ्र निर्माण कार्य सम्पन्न गर्न तथा भूकम्पबाट विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरण गरी राष्ट्रिय हित प्रवर्द्धन तथा सामाजिक न्याय प्रदान गर्न अधिकार सम्पन्न पुननिर्माण प्राधिकरण स्थापना गर्नको लागि ‘ भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन, २०७२ ’ निर्माण गरिएको । उक्त ऐनबमोजिम पुनर्निर्माण प्राधिकरण स्थापना गरिएको ।

**पुनर्निर्माण प्राधिकरणको काम, कर्तव्य र अधिकार**

(१) भूकम्पबाट भएको क्षतिको यकिन गर्ने, गराउने ।

(२) भूकम्पबाट प्रभावित क्षेत्र घोषणाको लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने ।

(३) पुनर्निर्माणको प्राथमिकता निर्धारण गर्ने ।

(४) पुनर्निर्माण र पुनर्स्थापनाको लागि आवश्यक नीति, योजना, बजेट तथा कार्यक्र स्वीकृत गर्ने ।

(५) पुनर्निार्माणसम्बन्धी आयोजना स्वीकृत गर्ने ।

(६) पुनर्निर्माणसम्बन्धी काम गर्ने वा पुनर्निर्माण गर्ने निकाय तोकी सो काम गर्न कुनै निकायलाई निर्देशन दिने ।

(७) पुनर्निर्माण, एकीकृत बस्ती तथा एकीकृत आवाससम्बन्धी विकासलगायत योजना वा कार्यक्रम कार्यान्वयनको लागि जग्गा प्राप्ति गर्नुपर्ने भएमा यस ऐनबमोजिमको कार्यविधि अपनाई जग्गा प्राप्ति गर्ने वा त्यस्तो कामको लागि कुनै पदाधिकारीलाई जिम्मेवारी दिने ।

(८) एकीकृत वस्ती विकास तथा एकीकरण, एकीकृत आवास विकास, पुनर्स्थापना तथा स्थानान्तरणका लागि आवश्यक मापदण्ड बनाई उपयुक्त स्थानको पहिचान गर्ने र सोको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(९) पुनर्निर्माण वा एकीकृत बस्ती विकाससम्बन्धी आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि कुनै व्यक्तिले गरेको वा गर्न लागेको कुनै काम रोक्ने वा तोकिएको गुणस्तर, मापदण्ड वा विधिबाट मात्र त्यस्तो काम

गर्न सम्बन्धित व्यक्तिलाई आदेश दिने ।

(१०) प्रचलित कानुनबमोजिम क्षतिपूर्ति दिनुपर्ने भए क्षतिपूर्ति दिई कुनै व्यक्तिको भौतिक संरचना हटाउन सम्बनिधत निकायलाई आदेश दिने ।

(११) शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, रोजगारी तथा पुनर्निर्माणको लागि आवश्यक पर्ने जनशक्ति विकास र पुनर्निर्माणसँग सम्बन्धित कार्यक्रम तयार गरी लागू गर्ने, गराउने ।

(१२) पुनर्निर्माण गर्ने जिम्मेवारी पाएको निकायलाई आवश्यक पर्ने बजेट तथा अन्य स्रोत साधन उपलब्ध गराउने ।

(१३) पुनर्निर्माणसम्बन्धी कार्यको लागि आवश्यकताअनुसार गैरसरकारी संस्था, निजी क्षेत्र वा समुदायलाई परिचालन गर्ने ।

(१४) आवश्यकताअनुसार सरकारी, निजी वा गैरसरकारी क्षेत्र, समुदाय वा नेपालस्थित विदेशी सङ्घसंस्थासँगको सहकार्यमा उपयुक्त विधि चयन गरी पुनर्निर्माणको कार्य गर्ने, गराउने ।

(१५) पुनर्निर्माणसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन विभिन्न निकायबीच समन्वय गर्ने ।

(१६) पुनर्निर्माणको काममा संलग्न निकायको क्षमता विकास गर्ने, गराउने ।

(१७) पुनर्निर्माणको लागि आर्थिक स्रोत जुटाउने तथा सोको प्रभावकारी उपयोगको व्यवस्था गर्ने, गराउने ।

(१८) क्षतिग्रस्त वा जोखिमयुक्त भौतिक संरचनाको प्राविधिक जाँच गरी वा गराई त्यस्तो भौतिक संरचना हटाउन वा भत्काउन सम्बन्धित व्यक्तिलाई आदेश दिने र त्यसरी संरचना नहटाए वा नभत्काएमा त्यस्तो संरचना आफैँले हटाई वा भत्काई सो हटाउँदा वा भत्काउँदा लागेको वास्तविक खर्च सम्बन्धित धनीबाट सरकारी बाँकीसरह असुलउपर गर्न सम्बन्धित निकाय वा पदाधिकारीलाई आदेश दिने ।

तर आर्थिक अवस्था कमजोर भएका कारण त्यस्तो संरचना धनी आफैँले हटाउन वा भत्काउन नसक्ने भएमा प्राधिकरणले सरकारी खर्चमा सो संरचना हटाउन वा भत्काउन कुनै निकाय वा पदाधिकारीलाई निर्देशन दिन सक्नेछ ।

(१९) प्राधिकरणको निर्देशनबमोजिम भए गरेका काम, कारवाहीको आवश्यकताअनुसार निरीक्षण, जाँच तथा अनुगमन गर्ने, गराउने ।

(२०) नेपाल सरकारले तोकेको भूकम्प प्रभावित क्षेत्रमा पुनर्निर्माणसम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

माथिका कुनै काम गर्दा वा गराउदा पर्यावरणीय सन्तुलन, स्वस्थ प्रतिस्पर्धा र पारदर्शितासम्बन्धी कुरालाई ध्यान दिनुपर्नेछ ।

***स्रोत** : गृह मन्त्रालय र खानी तथा भूगर्भ विभागका वेभसाइटहरू, राष्ट्रिय योजना आयोगबाट तयार पारिएको विपद्पछिको आवश्यकता आँकलन* (Post Desaster Needs Assessement - PDNA), *आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७१/७२, अर्थ मन्त्रालयको वेभसाइट र विकिपिडियाबाट साभार गरिएका सूचनाहरू ।*

परिच्छेद : छ

# नेपालको सामाजिक जीवन तथा संस्कृति

## ६.१ नेपालको सामाजिक जीवन

क्षेत्रफलको हिसाबले नेपाल विश्वकै सानो मुलुकहरूमध्ये  पर्दछ। हाम्रो देश सानो भए तापनि विविधताले भरिपूर्ण रहेको पाइन्छ। नेपालमा भौगोलिक, जातीय भाषिक तथा साँस्कृतिक विविधता स्पष्ट देख्न पाइन्छ। यसर्थ, नेपाल बहुजातीय र बहुभाषिक देश हो। क्षत्री, ब्राह्मण, मगर, थारू, तामाङ, नेवार, मुसलमान, कामी, यादव, राई, गुरुङजस्ता जनसङ्ख्याको आकारका हिसाबले ठूला जनजातिहरूलगायतका १२५ जनजातिका मानिसहरु यहाँ बस्छन्। यिनीहरूको मातृभाषाको रूपमा आ-आफ्नै भाषा छन्। भनिएको पनि छ -"नेपाल चार जात छत्तीस वर्णको फूलबारी हो।" यहाँ धेरै धर्म मान्ने मानिसहरू बस्छन्। हिन्दू धर्म मान्ने मानिसहरू शिव, दुर्गा आदिको पूजा गर्छन्। इस्लाम धर्म मान्नेहरूले ईश्वरलाई अल्लाह भन्दछन्। इसाई धर्म मान्नेहरू चर्चमा गएर काइस्टको प्रार्थना गर्दछन्। किराँत धर्म मान्नेहरू पारूहाङ र सुङनीमा (सुम्निमा) लाई मान्दछन्। नेपाल संस्कृतिमा धनी राष्ट्र हो। बहुभाषी, बहुजाति र बहुधर्मका मानिसका आ-आफ्नै भेषभूषा र संस्कृति छन्। व्यक्तिबाट परिवार, परिवारबाट समाज अनि यही समाजबाट राष्ट्र बनेको हुन्छ। समाजभित्र विभिन्न धर्म, पेसा, जातजाति, संस्कृति, भाषा भाषी, भेषभुषा, खानपान, रहनसहन, चाड, उत्सव आदि भएका मानिसहरू बसोबास गर्दछन्। यसैअनुरूप समाजमा विभिन्न गतिविधि

हुने गर्दछ। समाजमा हुने विभिन्न राजनैतिक, धार्मिक, आर्थिक, साँस्कृतिक गतिविधिदेखि लिएर ज्ञान-विज्ञान, साहित्य, कला, मनोरञ्जन आदि जस्ता सम्पूर्ण गतिविधि राष्ट्रलाई पहिचान गराउने तत्वहरू हुन्।

### ६.१.१ जातिगत विविधता

वि.स. २०६८ को जनगणनाअनुसार नेपालमा बसोबास गर्ने विभिन्न जातजातिका मानिसहरूको जनसङ्ख्या विवरण तालिका ६.१ मा उल्लेख गरिएको छ।

**तालिका नं. ६.१**

**जातिगत जनसङ्ख्या विवरण (राष्ट्रिय जनगणना २०६८)**

| क्र.सं. | जातजातिहरू | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्षत्री | ४३९८०५३ | १६.६०० |
| २ | ब्राह्मण–पहाडी | ३२२६९०३ | १२.१८० |
| ३ | मगर | १८८७७३३ | ७.१२५ |
| ४ | थारू | १७३७४७० | ६.५५८ |
| ५ | तामाङ | १५३९८३० | ५.८१२ |
| ६ | नेवार | १३२१९३३ | ४.९८९ |
| ७ | मुसलमान | ११६४२५५ | ४.३९४ |
| ८ | कामी | १२५८५५४ | ४.७५० |
| ९ | यादव | १०५४४५८ | ३.९८० |
| १० | राई | ६२०००४ | २.३४० |
| ११ | गुरुङ | ५२२६४१ | १.९७३ |
| १२ | दमाई/ढोली | ४७२८६२ | १.७८५ |
| १३ | लिम्बू | ३८७३०० | १.४६२ |
| १४ | ठकुरी | ४२५६२३ | १.६०६ |
| १५ | सार्की | ३७४८१६ | १.४१५ |
| १६ | तेली | ३६९६८८ | १.३९५ |

| | | | |
|---|---|---|---|
| १७ | चमार/हरिजन/राम | ३३५८९३ | १.२६८ |
| १८ | कोइरी/कुशवाहा | ३०६३९३ | १.१५६ |
| १९ | कुर्मी | २३११२९ | ०.८७२ |
| २० | सन्यासी/दशनामी | २२७८२२ | ०.८६० |
| २१ | धानुक | २१९८०८ | ०.८३० |
| २२ | मुसहर | २३४४९० | ०.८८५ |
| २३ | दुसाध/पासवान/पासी | २०८९१० | ०.७८८ |
| २४ | शेर्पा | ११२९४६ | ०.४२६ |
| २५ | सोनार | ६४३३५ | ०.२४३ |
| २६ | केवट | १५३७७२ | ०.५८० |
| २७ | ब्राम्हण–तराई | १३४१०६ | ०.५०६ |
| २८ | कथवनीया | १३८६३७ | ०.५२३ |
| २९ | घर्ती/भुजेल | ११८६५० | ०.४४८ |
| ३० | मल्लाह | १७३२६१ | ०.६५४ |
| ३१ | कलवार | १२८२३२ | ०.४८४ |
| ३२ | कुमाल | १२११९६ | ०.४५७ |
| ३३ | हजाम/ठाकुर | ११७७५८ | ०.४४४ |
| ३४ | कानू | १२५१८४ | ०.४७२ |
| ३५ | राजवंशी | ११५२४२ | ०.४३५ |
| ३६ | सुनुवार | ५५७१२ | ०.२१० |
| ३७ | सुढी | ९३११५ | ०.३५१ |
| ३८ | लोहार | १०१४२१ | ०.३८३ |
| ३९ | तत्मा/तत्वा | १०४८६५ | ०.३९६ |
| ४० | खत्वे | १००९२१ | ०.३८१ |

| | | | |
|---|---|---|---|
| ४१ | धोबी | १०९०७९ | ०.४१२ |
| ४२ | माझी | ८३७२७ | ०.३१६ |
| ४३ | नुनीया | ७०५४० | ०.२६६ |
| ४४ | कम्हार | ६२३९९ | ०.२३५ |
| ४५ | दनुवार | ८४११५ | ०.३१७ |
| ४६ | चेपाङ/प्रजा | ६८३९९ | ०.२५८ |
| ४७ | हलुवाई | ८३८६९ | ०.३१७ |
| ४८ | राजपुत | ४१९७२ | ०.१५८ |
| ४९ | कायस्थ | ४४३०४ | ०.१६७ |
| ५० | बढई | २८९३२ | ०.१०९ |
| ५१ | मारवाडी | ५१४४३ | ०.१९४ |
| ५२ | सन्थाल/सतार | ५१७३५ | ०.१९५ |
| ५३ | धागर/झागँड | ३७४२४ | ०.१४१ |
| ५४ | बाँतर | ५५१०४ | ०.२०८ |
| ५५ | बरई | ८०५९७ | ०.३०४ |
| ५६ | कहर | ५३१५९ | ०.२०१ |
| ५७ | गनगाई | ३६९८८ | ०.१४० |
| ५८ | लोध | ३२८३७ | ०.१२५ |
| ५९ | राजभर | ९५४२ | ०.०३६ |
| ६० | थामी | २८६७१ | ०.१०८ |
| ६१ | धिमाल | २६२९८ | ०.०९९ |
| ६२ | भोटे | १३३९७ | ०.०५१ |
| ६३ | बिन | ७५१९५ | ०.२८४ |
| ६४ | भेडियार/गडेरी | २६३७५ | ०.१०० |

| | | | |
|---|---|---|---|
| ६५ | नुराङ | २७८ | ०.००१ |
| ६६ | याक्खा | २४३३६ | ०.०९२ |
| ६७ | दराई | १६७८९ | ०.०६३ |
| ६८ | ताजपुरीया | १९२१३ | ०.०७३ |
| ६९ | थकाली | १३२१५ | ०.०५० |
| ७० | चिडिमार | १२५४ | ०.००५ |
| ७१ | पहरी | १३६१५ | ०.०५१ |
| ७२ | माली | १४९९५ | ०.०५७ |
| ७३ | बंगाली | २६५८२ | ०.१०० |
| ७४ | छन्त्याल | ११८१० | ०.०४५ |
| ७५. | डोम | १३२६८ | ०.०५० |
| ७६ | कमर | १७८७ | ०.००६ |
| ७७ | बोटे | १०३९७ | ०.०३९ |
| ७८ | ब्रम्हु/ बरामो | ८१४० | ०.०३१ |
| ७९ | गाइने | ६७९१ | ०.०२६ |
| ८० | जिरेल | ५७७४ | ०.०२२ |
| ८१ | दुरा | ५३९४ | ०.०२० |
| ८२ | बादी | ३८६०३ | ०.१४६ |
| ८३ | मेचे | ४८६७ | ०.०१८ |
| ८४ | लेप्चा | ३४४५ | ०.०१३ |
| ८५ | हलखोर | ४००३ | ०.०१५ |
| ८६ | पञ्जावी/सिख | ७१७६ | ०.०२७ |
| ८७ | किसान | १७३९ | ०.००७ |
| ८८ | राजी | ४२३५ | ०.०१६ |

| | | | |
|---|---|---|---|
| ८९ | व्यासी/सौका | ३८९५ | ०.०१५ |
| ९० | हायू | २९२५ | ०.०११ |
| ९१ | कोचे | १६३५ | ०.००६ |
| ९२ | धुनिया | १४८४६ | ०.०५६ |
| ९३ | वालुङ | १२४९ | ०.००५ |
| ९४ | मुण्डा | २३५० | ०.००७ |
| ९५ | राउटे | ६१८ | ०.००२ |
| ९६ | ह्योल्मो | १०७५२ | ०.०४१ |
| ९७ | पथरकट्टा/कुशवाडिया | ३१८२ | ०.०१२ |
| ९८ | कुसुन्डा | २७३ | ०.००१ |
| ९९ | ल्होमी | १६१४ | ०.००६ |
| १०० | कलार | १०७७ | ०.००४ |
| १०१ | नटुवा | ३०६३ | ०.०१२ |
| १०२ | ढाँडी | १९८२ | ०.००७ |
| १०३ | धन्कार/धरिकार | २६८१ | ०.०१० |
| १०४ | कुलुङ | २८६१३ | ०.१०८ |
| १०५ | घले | २२८८१ | ०.०८६ |
| १०६ | खबास | १८५१३ | ०.०७० |
| १०७ | राजधोव | १३४२२ | ०.०५१ |
| १०८ | कोरी | १२२७६ | ०.०४६ |
| १०९ | नाछिरिङ | ७१५४ | ०.०२७ |
| ११० | याम्फू | ६९३३ | ०.०२६ |
| १११ | चाम्लिङ | ६६६८ | ०.०२५ |
| ११२ | आठपहरिया | ५९७७ | ०.०२३ |

| | | | |
|---|---|---|---|
| ११३ | सरवरिया | ४९०६ | ०.०१९ |
| ११४ | बान्तवा | ४६०४ | ०.०१८ |
| ११५ | डोल्पो | ४१०७ | ०.०१६ |
| ११६ | अमात | ३८३० | ०.०१४ |
| ११७ | थुलुङ | ३५३५ | ०.०१३ |
| ११८ | मेवाहाङ वाला | ३१०० | ०.०१२ |
| ११९ | बाहिङ | ३०९६ | ०.०१२ |
| १२० | ल्होपा | २६२४ | ०.०१० |
| १२१ | देव | २१४७ | ०.००८ |
| १२२ | साङपाङ | १६८१ | ०.००६ |
| १२३ | खालिङ | १५७१ | ०.००६ |
| १२४ | तोप्केगोला | १५२३ | ०.००६ |
| १२५ | लोहारुङ | ११५३ | ०.००४ |
| १२६ | अन्य दलितहरू | १५५३५४ | ०.५८६ |
| १२७ | अन्य जनजातिहरू | १२२८ | ०.००५ |
| १२८ | अन्य तराइबासीहरू | १०३८११ | ०.३९२ |
| १२९ | पहिचान नभएका अन्य | १५२७७ | ०.०५८ |
| १३० | विदेशी | ६६५१ | ०.०२५ |
| | **जम्मा** | २,६४,९४,५०४ | **१००** |

### ६.१.२ **नेपालका सूचीकृत आदिवासी जनजातिहरू**

नेपालमा आर्थिक, सामाजिक, राजनीतिक दृष्टिले पिछडिएका जाति जनजातिहरूको उत्थान गर्ने उद्देश्यले वि.स. २०५४ असारमा राष्ट्रिय जनजाति विकास समिति गठन गरिएको छ । साझा भूगोल, साझा भाषा तथा आफ्नै प्रकारको धर्म, संस्कृति मूल्य मान्यतासहितको विशिष्ट पहिचान बोकेका आदिवासी जनजातिहरूको

सङ्ख्या निकै ठूलो रहेको छ। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५९ ले ५९ आदिवासी जनजातिहरूको पहिचान गरी तिनलाई कानुनी मान्यता प्रदान गरेको छ।

**तालिका नं. ६.२**
**नेपालका सूचीकृत आदिवासी जनजाति**
(आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५९ अनुसार)

| **वर्गीकृत समूहहरू** | | **५९ जातिहरू** |
|---|---|---|
| **क.** | **विकसित समूह** | **नेवार, थकाली** |
| ख. | सुविधाबाट बञ्चित समूह | मार्फाली, लिम्बू, जीरेल, थाङ्बे, गुरूङ्ग, शेर्पा, व्याँसी, तिनगाउँले, मगर, याक्खा, ह्योल्मो, बाह्रगाउँले, राई, छन्त्याल |
| ग. | सीमान्तकृत समूह | सुनुवार, राजवंशी, ताजपुरिया, मुगाली, थारू, गनगाई, पहरी, लार्के, तामाङ्ग, धिमाल, तोप्केगोला, ल्होपा, भूजेल, भोटे, डोल्पो, दुरा, कुमाल, दराई, वालुङ |
| घ. | अति सीमान्तकृत समूह | माझी, थुदाम, सन्थाल, बोटे, सियार, चेपाङ धानुक, झागँड, दुनुवार, ल्होमी, थामी, बरामू |
| ङ. | लोपोन्मुख समूह | कुसुन्डा, सुरेल, किसान, कुसुबाडिया, बन्करिया, हायू, लेप्चा, राउटे, राजी, मेचे। |

### ६.१.३ बसोवास, रहनसहन र भेषभूषा

नेपालको धरातलीय विविधता र हावापानीको विविधताबीच गहिरो र सीधा सम्बन्ध छ। धरातलीय विविधता र हावापानीको विविधताका कारण नै त्यहाँ बस्ने मानिसहरूको बसोवास, रहनसहन र भेषभूषामा पनि विविधता आउँछ। धरातलीय विभाजनअनुसार तराई, पहाड र हिमालको बसोवास, रहनसहन र भेषभूषामा भएको विविधतालाई तल चर्चा गरिएको छ।

***हिमाली प्रदेश***

नेपालको सबैभन्दा उत्तरी क्षेत्रमा हिमाली प्रदेश पर्दछ। वर्षभरिमा आधाजति समय हिउँले छोपी रहनेहुनाले यहाँ धेरै उब्जाउ हुँदैन। यहाँ आलु, जौ, उवा,

स्याउ आदि जस्ता खाद्यान्न उत्पादन हुन्छन् । यो क्षेत्रमा जनसङ्ख्याको चाप एकदमै कम छ । यो क्षेत्रमा शेर्पा, लेप्चा आदि जातिको मुख्य बसोबास भएको पाइन्छ । यहाँ अत्यन्तै जाडो हुने भएकोले कतिपय माानिसहरू पहाडी र तराई जिल्लामा जाडो छल्नका साथै जडीबुटीको व्यापार गरी थप आय आर्जन गर्न जाने गर्दछन् ।



शेर्पा जनजीवन

यो क्षेत्रमा विकासका पूर्वाधारहरूको खासै विकास नभएकाले यहाँको जीवन एकदमै कष्टकर रहेको छ भने जलवायु परिवर्तनको असरले यो क्षेत्रमा बसोबास गर्ने मानिसहरूको परम्परागत जीवनशैलीमा झनै थप समस्या सिर्जना भएको छ । यस प्रदेशमा बस्नेले बाक्लो प्रकारका लुगा लगाउने गर्दछन् । जस्तो– भोटो, दोचा, बख्खु आदि । यहाँका मानिसहरू विशेषत कोदो, फापर, आलु, मासु, खोले एवं यसबाट तयार गरिने परिकार खाने गर्दछन् ।

***पहाडी प्रदेश***

यो क्षेत्रमा पूर्वदेखि पश्चिमसम्म विभिन्न जाति जनजातिका मानिसहरू बस्दछन् । पूर्वी नेपालमा मुख्यतया राई, लिम्बू बस्छन् भने मध्यनेपालमा ब्राम्हण, क्षेत्री, नेवार, मगर, गुरूङ आदि जाति पाइन्छन् । पश्चिममा पनि यिनै जाति जनजातिहरू पाइन्छन् । जात, धर्मअनुसार प्रत्येक समुदायको आ-आफ्नै भाषा, संस्कृति,

रीतिरिवाज देखिन्छ । यस प्रदेशमा बसोबास गर्ने मानिसहरूले दौरा, सुरूवाल, कछाड, पटुका, टोपी आदि लगाउने गर्दछन् । यहाँका मानिसहरू मकै, कोदो, दही, दूध, भटमासजस्ता खाद्य वस्तु तथा त्यसबाट तयार गरिएका परिकारहरू खाने गर्दछन् । यस प्रदेशका कतिपय ठाउँमा यातायात पुगे पनि कतिपय स्थानमा बाटोघाटोको कमी, शिक्षा तथा सञ्चारजस्ता आधारभूत आवश्यकताको कमीले गर्दा यहाँको जनजीवन पनि कष्टकर नै रहेको छ ।

***तराई प्रदेश***

नेपालको दक्षिणमा तराई प्रदेश पर्दछ । यो क्षेत्र समथर भएकोले यातायातको विकास भएको पाइन्छ । उब्जाउशील जमिन भएकाले यहाँको जनजीवन हिमाली र पहाडी जनजीवनभन्दा सहज रहेको छ । यहाँका मानिसहरूको मुख्य पेशा कृषि हो । यहाँ अलि बढी गर्मी हुनेहुँदा यहाँका मानिसहरू धोती, कुर्ता, लुँगी



सवारी साधनको रूपमा गोरूगाडा

लगाउने गर्दछन् । यस प्रदेशका मानिसहरूले विशेषत दाल, रोटी, भात, माछा, दही, दूधजस्ता खानेकुरा खाने गरेको पाइन्छ । तराईमा लक्ष्मीपूजा, छठ, सिरूवा पर्व, बडकी आइतबार, मांघी पर्वहरू धुमधामसँग मनाइन्छ ।

### ६.१.४ नेपालका विभिन्न जात जातिहरूको सङ्क्षिप्त परिचय

नेपाल एक बहुजाति, बहुभाषी, बहुधार्मिक एवम् बहुसांस्कृतिक मुलुक हो। अतः नेपाल भाषा, संस्कृति, धर्म र जातिको दृष्टिले धनी राष्ट्र हो। अनेकता र विविधता नै यहाँको अनौठो र उल्लेखनीय पक्ष हो। नेपालमा अहिले यी सबै पक्षहरूको आगामी पिँढीहरूका लागि संरक्षणको आवश्यकता महसुस गरी नेपाल पर्यटन बोर्ड र नेपाल राष्ट्रिय जातीय सङ्ग्रहालयजस्ता सङ्घ-संस्थाहरूले महत्वपूर्ण भूमिका खेलेका छन्। नेपालमा रहेका विभिन्न जात जातिमध्ये केही जात जातिको बारेमा निम्नानुसार चर्चा गरिएको छः

***बाहुन/क्षत्री***

प्रजातीय हिसाबले बाहुन/क्षेत्री ककेसियन मूलका मानिन्छन्। जनै धारण गर्ने हुँदा यिनीहरूलाई तागाधारी पनि भनिन्छ। पूर्विया र कुमाइँ भनेर बाहुनहरूलाई दुई समूहमा विभाजन गरिएको पाइन्छ। यिनीहरू देशका विभिन्न जिल्लामा छरिएर रहेका छन्। पुरेत्याइँ वा कर्मकाण्ड, ज्योतिष हेर्ने काम, खेतीपाती र सरकारी नोकरीमा यिनीहरू बढी संलग्न भएको पाइन्छ। यिनीहरू वैदिक सनातनी हिन्दू धर्म मान्दछन्। बाहुन र क्षत्रीहरूले बोल्ने भाषा भारोपेली समूहको नेपाली भाषा हो जुन देवनागरी लिपिमा लेख्ने गरिन्छ। यीनीहरू आफूलाई खस आर्य भन्न रूचाउँछन्।

***मगर***

मगर जाति नेपालको आदिवासी जनजाति हो। यिनीहरूको बसोबास क्षेत्रलाई १२ र १८ मगरात भनिन्छ। जुन मर्स्याङदीदेखि दैलेख र डोल्पाको केही भागसम्म फैलिएको छ। राना, थापा, पुन, आले, रोका, घर्ती, बुढाजस्ता सात थरबाट मगरका अन्य थरहरू बन्न गएका हुन्। कृषि, पशुपालन, खानी खन्ने, हस्तकलाका साथै सेनालगायत वैदेशिक रोजगारी यस जातिका मुख्य पेशा हुन्।

***थारू***

थारू जाति नेपालको आदिवासी जनजातिमध्ये एक हो। थारूको मातृभाषा भारोपेली परिवारमा पर्दछ। यिनीहरूको आदिमभूमि नेपालको शिवालिक शृङ्खला तथा तराई क्षेत्र हो। पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म तराईका २० जिल्लामा थारूको बाहुल्यता छ। यिनीहरूको मुख्य पेशा कृषि हो। थारूहरू आफूलाई प्रकृतिपूजक र बौद्धधर्मालम्बी मान्दछन्।

***तामाङ***

आदिवासी जनजातिमा गणना हुने तामाङको बसोबास क्षेत्रलाई ताम्सालिङ

भनिन्छ । यिनीहरू धेरै थरहरूमा विभाजित छन् । यिनीहरूले काठमाडौँ उपत्यका र सो वरिपरिका १० जिल्लाहरूमा घना रूपमा बसोबास गरेका छन् । पशुपालन, कृषि, थाङ्का र विभिन्न हस्तकलाका सामग्रीहरू निर्माण गर्नु यिनीहरूको मुख्य पेशा हो ।

***नेवार***

काठमाडौँ र उपत्यकाबाहिरका प्रमुख व्यापारिक केन्द्रमा बसोबास गर्ने नेवारलाई आदिवासी जनजातिभित्र गणना गरिन्छ । पेशाका आधारमा ब्राम्हणदेखि शुद्रसम्ममा वर्गीकरण गरिएका यिनीहरूको परम्परागत रूपमा काँचो वा पाकेको इँटा, झिंगटीको छानाद्वारा निर्मित दुई वा तीनतले घरहरू हुन्छन् । यिनीहरूको प्रमुख पेशा व्यापार, कृषि हो । साथै, यिनीहरूले जातीय पेशा अँगालेका छन् । हिन्दू तथा बौद्धधर्म अवलम्बन गर्ने यिनीहरूमा धार्मिक सहिष्णुता रहेको पाइन्छ ।

***राई***

राईहरू आदिवासी किराँत वंशका हुन्, जसलाई खम्बू पनि भनिन्छ । नेपालको सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, भोजपुर, सङ्खुवासभा, धनकुटा, इलाम र उदयपुर राईहरूको मुख्य बसोबास क्षेत्र हो । यिनीहरू ढुङ्गा, माटो र काठले बनाएको तथा खरले छाएको घरमा बस्दछन् । यिनीहरू मुख्यतया धान, कोदो, अलैंची खेती, पशुपालन तथा कागज बनाउने व्यवसाय गर्दछन् ।

***गुरूङ***

नेपालको आदिवासी जनजातिभित्र पर्ने गुरूङ (तमू) जाति देशभित्र र बाहिर छरिएर रहेको पाइए पनि यिनीहरू गण्डकी क्षेत्रका कास्की, लमजुङ्ग, गोर्खा र मनाङका रैथाने हुन् र कास्कीको क्होल उनीहरूको पुर्ख्यौली थलो हो । यिनीहरूको पुर्ख्यौली पेसा पशुपालन र कृषि भएता पनि स्वदेशी तथा विदेशी सेनालगायत व्यापार र सरकारी सेवामा पनि निकै संलग्न रहेको पाइन्छ । भोट-बर्मेली परिवारअर्न्तगतको तमू भाषा बोल्दछन् ।

***लिम्बू***

नेपालको आदिवासी लिम्बू जाति अरूणनदीपूर्व सङ्खुवासभा, धनकुटा, तेह्रथुम, ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ र सुनसरीमा बसोबास गर्दछन् । लिम्बू जातिमा पनि धेरै थरहरू छन् । यिनीहरू कृषि तथा पशुपालन व्यवसाय गर्दछन् । लिम्बूहरू प्रकृति पूजा गर्ने किराँत धर्म मान्दछन् ।

### *शेर्पा*

शेर्पा जातिको आदिथलो सोलुखुम्बु जिल्लाको उत्तरी क्षेत्रलाई मानिन्छ । शेर्पाहरू देशका विभिन्न हिमाली जिल्लाहरूमा छरिएर रहेका छन् । यिनीहरू पशुपालन र खेतीपाती गर्दछन् । यिनीहरू बौद्धधर्मको महायान सम्प्रदायी हुन् भने यिनीहरूको भाषा भोट-बर्मेली परिवारभित्र पर्दछ । लोसार, डुम्जी, फाङडी ल्होप्सो, यार्ज्याङ, कङसुर, ढुकपा छेच्यू, ङयुङने, छेच्यू यिनीहरूका प्रमुख चाड हुन् ।

### *सुनुवार*

सुनुवार जाति आदिवासी किराँत वंशको एक शाखा हो । सुनुवारहरू लिखूपूर्व रामेछापदेखि ओखलढुङ्गासम्म बसोबास गर्दछन् । सुनुवारका बाह्र थरहरू छन् । सुनुवारको धर्मगुरूलाई नोक्सो भनिन्छ । यिनीहरू भोट-बर्मेली भाषा परिवारको सुनुवार कोइच भाषा बोल्दछन् ।

### *चेपाङ*

नेपालको आदिवासी जनजाति चेपाङलाई प्रजा पनि भन्ने गरिन्छ । यिनीहरू चितवन, मकवानपुर, धादिङ, गोरखा, लमजुङ र तनहुँ जिल्लाहरूको भिरालो पाखामा र बाँके, बर्दिया, नवलपरासी, बारा आदि जिल्लाहरूमा समेत बसोबास गर्दछन् । यिनीहरूका धेरैजसो परम्परागत स-साना एकतले खरले छाएका घर हुन्छन् । यिनीहरूको परम्परागत पेशा खोरिया प्रणालीको कृषि व्यवसाय, कन्दमुलको सङ्ग्रह र शिकार हो ।

### *उराव (झाँगड)*

नेपालको आदिवासी जनजातिभित्र पर्ने उरावलाई झाँगड पनि भनिन्छ । यिनीहरूको बस्ती पर्सादेखि झापासम्म फैलिएको छ । यिनीहरू साना-साना झोगडी बनाएर खोला किनारमा बसोबास गर्दछन् । यिनीहरूको मुख्य व्यवसाय कृषि, मजदुरी, पशुपालन हो भने हस्तकलाका सामग्री ढाकी, पिर्का, गुन्द्री आदि पनि बुन्ने गर्दछन् । यिनीहरूको भाषा द्रविड भाषा समूहमा पर्छ ।

### *थामी*

आदिवासी किराँत वंशको एक शाखा थामी जाति हो । थामीहरू दोलखा, सुस्पा, राङथली, चिराङथली, सुइतापङ, कालिन्चोक, लापीलाङ, खोपाचागु, आलम्पु, सिस्कर, बुङथली आदि गाउँमा बसोबास गर्दछन् । यिनीहरू परम्परागत खेती तथा पशुपालन व्यवसाय गर्दछन् । यिनीहरू प्रकृतिपूजक किराँत धर्म मान्दछन् ।

### *धिमाल*

मङ्गोल मुखाकृतिका आदिवासी जनजातिमा गणना हुने धिमालहरू प्रायजसो झापा र मोरङ जिल्लामा बसोबास गर्दछन् जसलाई तराईका किराँती पनि भनिन्छ। यिनीहरूको सखुवाको थाममा बाँस र काठले बनाएको खरले छाएको एकतले घर हुन्छ। यिनीहरू प्रकृतिपूजक हुन्। यिनीहरूको भाषा भोट-बर्मेली परिवारबाट प्रभावित छ। यिनीहरू दशैँ, तिहार, जनैपूर्णिमा, चैते दशैँ, माघे सङ्क्रान्तिलगायत हिन्दू धर्ममा आधारित अन्य चाडवाड मनाउने गर्दछन्।

### *थकाली*

नेपालका आदिवासी जनजातिमा गणना हुने थकाली पनि एक हो। थकालीको मूल थलो थासाङ् मुस्ताङ् जिल्लाको दक्षिणी सीमाक्षेत्रमा पर्दछ। यिनीहरू हाल विभिन्न जिल्लामा बसोबास गर्दछन्। यिनीहरू आफ्नै भाषा बोल्छन्। यिनीहरूको आफ्नै भेषभूषा तथा गरगहना हुन्छ।

### *छन्त्याल*

आदिवासी जनजातिमा गणना हुने छन्त्याल जातिको मूलथलो म्याग्दी जिल्लाको कुइनेमंगले गाँउको भिंङखानी हो। यिनीहरू बाग्लुङ, पाल्पा, रूकुम, प्यूठान, दाङ आदि जिल्लामा पनि बसोबास गर्दछन्। यिनीहरू खाम भाषा बोल्दछन्। पुर्ख्यौली रूपमा खानी खन्ने र प्रशोधन गर्ने भए तापनि यिनीहरूको मुख्य पेशा कृषि र पशुपालन हो।

### *बाह्रगाउँले*

मङ्गोल मुखाकृति भएका आदिवासी जनजातिमा गणना हुने एक जाति बाह्रगाउँले पनि हो। यिनीहरू मुस्ताङ जिल्लाको बीच भागका मुक्तिनाथ, कागबेनी, छुसाङ र झोङ गाउँ विकास समितिअन्तर्गतका क्षेत्रमा बसोबास गर्दछन्। यिनीहरूको मुख्य पेशा कृषि, पशुपालन र व्यापार हो। यिनीहरू बौद्ध धर्मालम्बी हुन्।

### *सियार (चुम्बा)*

गोरखाको उत्तरी सीमावर्ती चुमछोच्युक्सम उपत्यकाका छेकम्पार र चुम्चुत गाँउमा चुम्बा जातिको बसोबास छ। उनीहरू ढुङ्गाको गाह्रोमाथि काठ र ढुङ्गाले छाएको घर बनाउँछन्। यिनीहरू परम्परागत रूपमा गहुँ, फापर, केराउ, आलु, तोरीको खेती गर्छन्। यिनीहरू बौद्ध धर्म मान्दछन्।

*लेप्चा*

लेम्चाहरू इलाम जिल्लाको फिक्कल, पशुपतिनगर, गोर्खे, नाम्सालिङ, सामलबुङ र झापा जिल्लाका केही स्थानमा बसोबास गर्दछन् । यिनीहरू प्रकृतिपूजक हुन् भने बौद्ध धर्म मान्दछन् ।

*राउटे*

राउटे वनसम्पदामा आधारित नेपालको एकमात्र घुमन्ते जाति हो । यिनीहरू मुख्य रूपमा डोटी, दार्चुला, अछाम, दैलेख, जाजरकोट, कालिकोट तथा सुर्खेतमा बस्छन् । वनदेवी, दारेमस्त तथा भुयार देवता मान्दछन् । यिनीहरू भोटबर्मेली परिवारको खाम्ची भाषा बोल्दछन् । यिनीहरू एक महिनाभन्दा बढी एकै ठाँउमा कहिल्यै बस्दैनन् र त्यस ठाउँमा फर्केर आउदैंनन् । यिनीहरू अस्थायी रूपमा बस्ने ठाउँलाई राउटी भनिन्छ भने अस्थायी छाप्रालाई थौला भनिन्छ ।

### ६.१.५ नेपालका विभिन्न जातजाति, वर्ग, समुदाय र तिनीहरूको उत्थानका लागि राज्यले गरेका व्यवस्थाहरू

#### (क) नेपालको संविधानमा सीमान्तीकृत समुदायको अधिकार

नेपालको संविधानमा सीमान्तीकृत समुदायको हक अधिकार देहायबमोजिम व्यवस्था गरिएको छ :

- राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा मानव विकासको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदायलाई सीमान्तीकृत समुदायको रूपमा परिभाषा गरिएको ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका सीमान्तीकृत समुदायलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्ने ।
- सामाजिक रूपले पछाडि परेका सीमान्तीकृत समुदायसमेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।

- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- सीमान्तीकृत समुदायसमेतको हक अधिकारको संरक्षण गर्न संवैधानिक आयोगको रूपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था ।
- नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अङ्ग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

**(ख) नेपालको संविधानमा दलितको अधिकार**

नेपालको संविधानमा दलितको हक अधिकार देहायबमोजिम व्यवस्था गरिएको छ :

- सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने । सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलितलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्ने ।
- कुनै व्यक्तिलाई उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव नगरिने ।
- कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको

व्यक्तिलाईमात्र बिक्री वितरण वा प्रदान नगरिने ।

- उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै किसिमले प्रोत्साहन गर्न नपाइने ।
- जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न नपाइने ।
- सबै प्रकारका छुवाछूत तथा भेदभाव जन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा दण्डनीय हुने र पीडितले क्षतिपूर्ति पाउने ।
- दलितले राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुन पाउने ।
- दलित समुदायले आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्न पाउने ।
- सार्वजनिक सेवालगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि विशेष व्यवस्था गरिने ।
- दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिने ।
- प्राविधिक र व्यवसायिक उच्च शिक्षामा दलितका लागि विशेष व्यवस्था गरिने ।
- दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न विशेष व्यवस्था गरिने ।
- दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराइने ।
- भूमिहीन दलितलाई एकपटक जमीन उपलब्ध गराइने र आवासविहीन दलितलाई बसोबासको व्यवस्था गरिने ।
- दलित समुदायलाई प्राप्त सुविधा दलित महिला, पुरुष र सबै समुदायका दलितले समानुपातिक रूपमा पाउने गरी न्यायोचित वितरण गरिने ।
- सामाजिक रूपले पछाडि परेका महिला, दलितसमेतले समावेशी सिद्धान्तका

आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।

- समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने ।
- हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा एक जना दलित निर्वाचित गर्नुपर्ने ।
- गाउँ कार्यपालिकामा दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुईजना सदस्य रहने ।
- नगर कार्यपालिकामा दलित वा अल्पसङ्ख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीनजना सदस्य रहने ।
- जिल्ला समन्वय समितिमा दलित वा अल्पसङ्ख्यकबाट जिल्ला सभाले निर्वाचित गरेको कम्तीमा एक जना सदस्य रहने ।
- राष्ट्रिय दलित आयोग संवैधानिक निकायको रूपमा रहने र सोको अध्यक्ष र सदस्यहरु दलितमात्र रहने ।
- राष्ट्रिय दलित आयोगले आवश्यकताअनुसार प्रदेशमा कार्यालय स्थापना गर्न सक्ने ।
- नेपाली सेनामा दलितसमेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अङ्ग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

(ग) **नेपालको संविधानमा मधेशीको अधिकार**

नेपालको संविधानमा मधेशीको हक अधिकार देहायबमोजिम व्यवस्था गरिएको छ :

- सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका मधेशीलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्ने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने ।
- सामाजिक रूपले पछाडि परेका मधेशीसमेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउन सामाजिक न्यायको हक हुने ।
- समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने ।
- मधेशीलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।

- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- संवैधानिक निकायको रूपमा नेपालमा एक मधेशी आयोग रहने ।
- नेपाली सेनामा मधेशीसमेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अङ्ग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

(घ) **नेपालको संविधानमा आदिवासी जनजातिको अधिकार**

नेपालको संविधानमा आदिवासी जनजातिको हक अधिकार देहायबमोजिम व्यवस्था गरिएको छ :

- समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- जातीय, क्षेत्रीय र भाषिक विभेदको अन्त्य गर्ने ।
- सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका आदिवासी, आदिवासी जनजातिलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्ने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने ।
- सामाजिक रूपले पछाडि परेका, आदिवासी, आदिवासी जनजातिसमेतलाई

समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।

- राष्ट्रिय सम्पदाको रूपमा रहेका कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने ।
- समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने ।
- देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने ।
- आदिवासी जनजातिको पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- आदिवासी जनजातिसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने ।
- आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने ।
- राज्यको संरचना गर्दा समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने ।
- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने ।
- समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी आधारमा गर्ने ।
- संवैधानिक निकायको रूपमा नेपालमा एक आदिवासी जनजाति आयोग रहने ।
- नेपाली सेनामा आदिवासी जनजातिसमेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अङ्ग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

(ङ) **नेपालको संविधानमा महिलाका अधिकार**

नेपालको संविधानमा महिलाका हक अधिकार देहायबमोजिम व्यवस्था गरिएको छ :

- समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक

समाजको निर्माण गर्ने । लैङगिक विभेद अन्त्य गर्ने ।

- आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिनेलगायतका नागरिकतासम्बन्धी विषय संविधानको नागरिकताको शीर्षकअन्तर्गत उल्लेख गरेबमोजिम हुने ।
- सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिलालगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्ने ।
- महिलालाई लैंगिक भेदभावविना समान वंशीय हक हुने । महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक हुने ।
- महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने र त्यस्तो कार्य दण्डनीय हुने तथा पीडितले क्षतिपूर्ति पाउने ।
- राज्यका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता रहने ।
- महिलाले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने ।
- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने ।
- सामाजिक रूपले पछाडि परेका महिलासमेतले समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिलासमेतले सामाजिक सुरक्षा पाउने हक हुने ।
- मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्ने ।
- जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसापीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी

बनाउने ।

- प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने ।
- बालबच्चाको पालन पोषण, परिवारको हेरचाहजस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने ।
- मुक्त कम्हलरी, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।
- आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- राज्यको संरचना गर्दा समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने ।
- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने ।
- प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीको लागि उम्मेदवारी दिंदा महिलालाईसमेत समावेश गरी बन्दसूची तयार गर्ने ।
- सङ्घीय संसद् र प्रदेश सभामा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी सुनिश्चित गरिएको ।
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला निर्वाचित हुने र मनोनीत गर्दा कम्तीमा एक जना महिला समावेश गर्नुपर्ने ।
- प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एक जना र राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुने ।
- प्रदेश सभामुख वा प्रदेश उपसभामुखमध्ये एक जना महिला हुने ।
- गाउँ कार्यपालिकामा चार जना तथा नगर कार्यपालिकामा पाँच जना महिला सदस्य रहने ।
- जिल्ला समन्वय समितिमा कम्तीमा तीनजना महिला रहने ।
- गाउँपालिका र नगरपालिकाको प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेगरी गाउँसभा र नगरसभाको गठन हुने
- राष्ट्रिय महिला आयोग संवैधानिक निकायको रूपमा रहने र सोका अध्यक्ष र सदस्यहरू महिलामात्र रहने ।
- राष्ट्रिय महिला आयोगले आवश्यकताअनुसार प्रदेशमा कार्यालय स्थापना गर्न सक्ने ।

- नेपाली सेनामा महिलाको समेतका प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक निकाय र अन्य निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

**(च) नेपालको संविधानमा पिछडा वर्गको अधिकार**

नेपालको संविधानमा पिछडा वर्गको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ :

- सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका पिछडा वर्गलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्ने ।
- सामाजिक रूपले पछाडि परेका पिछडा वर्गसमेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभा र प्रदेश

सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।

- पिछडा वर्गसमेतको हक अधिकारको संरक्षणका लागि संवैधानिक आयोगको रूपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था ।
- नेपाली सेनामा पिछडा वर्गसमेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अङ्ग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

(छ) **नेपालको संविधानमा अल्पसङ्ख्यक समुदायको अधिकार**

नेपालको संविधानमा अल्पसङ्ख्यक समुदायको हक अधिकार देहायबमोजिम व्यवस्था गरिएको छ :

- निर्धारित प्रतिशतभन्दा कम जनसङ्ख्या रहेका जातीय, भाषिक र धार्मिक समूहलाई अल्पसङ्ख्यकको रूपमा परिभाषा गरिएको ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका अल्पसङ्ख्यकलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्ने ।
- सामाजिक रूपले पछाडि परेका अल्पसङ्ख्यकसमेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गरिने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा

लाभका लागि विशेष व्यवस्था गरिने ।

- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गरिने ।
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक निर्वाचित हुने सुनिश्चित गरिएको ।
- समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- गाउँ कार्यपालिकामा दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुईजना सदस्य हुने सुनिश्चित गरिएको ।
- नगर कार्यपालिकामा दलित वा अल्पसङ्ख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीनजना सदस्य हुने सुनिश्चित गरिएको ।
- जिल्ला समन्वय समितिमा दलित वा अल्पसङ्ख्यकबाट जिल्ला सभाले निर्वाचित गरेको कम्तीमा एक जना सदस्य हुने सुनिश्चित गरिएको ।
- अल्पसङ्ख्यक समुदायसमेतको हक अधिकारको संरक्षण गर्न संवैधानिक आयोगको रूपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था ।
- नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अङ्ग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

**(ज) नेपालको संविधानमा थारूको अधिकार**

नेपालको संविधानमा थारुको हक अधिकार देहायबमोजिम व्यवस्था गरिएको छः

- वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, विभेद अन्त्य गर्ने ।
- समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।

- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका थारूलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्ने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने ।
- सामाजिक रूपले पछाडि परेका थारूसमेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- मुक्त कम्हलरी, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।
- संवैधानिक निकायको रूपमा एक थारू आयोगको व्यवस्था गरिएको ।
- राज्यको संरचना गर्दा समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने ।
- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने ।
- समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी आधारमा गर्ने ।
- संवैधानिक आयोगको रूपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था गरिएको ।
- नेपाली सेनामा थारूसमेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अङ्ग  र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- जनसङ्ख्यकाको घनत्व, भौगोलिक विशिष्टता, प्रशासनिक एवं यातायातको

सुगमता, सामुदायिक तथा सांस्कृतिक पक्षलाईसमेत ध्यान राख्दै कार्य गर्नका लागि निर्वाचन क्षेत्र निर्धारण हुने ।

**(झ) नेपालको संविधानमा मुस्लिमको अधिकार**

नेपालको संविधानमा मुस्लिमको हक अधिकार देहायबमोजिम व्यवस्था गरिएको छ :

- वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, विभेद अन्त्य गर्ने ।
- समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका मुस्लिमलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्ने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने ।
- सामाजिक रूपले पछाडि परेका मुस्लिमसमेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- मुस्लिम समुदायसमेतलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- संवैधानिक निकायको रूपमा एक मुस्लिम आयोग रहने ।
- राज्यको संरचना गर्दा समानतामा आधारित समतामूलक समाज, समावेशी

प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने ।

- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने ।
- समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी आधारमा गर्ने ।
- नेपाली सेनामा मुस्लिमसमेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अङ्ग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- जनसङ्ख्याको घनत्व, भौगोलिक विशिष्टता, प्रशासनिक एवं यातायातको सुगमता, सामुदायिक तथा सांस्कृतिक पक्षलाईसमेत ध्यान राख्दै कार्य गर्नका लागि निर्वाचन क्षेत्र निर्धारण हुने ।

**(ञ) नेपालको संविधानमा अपाङ्गता भएका व्यक्तिको अधिकार**

नेपालको संविधानमा अपाङ्गता भएका व्यक्तिको हक अधिकार देहायबमोजिम रहेको छ :

- सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने राज्यको सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति हुने ।
- सामान्य कानुनको प्रयोगमा शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका, अपाङ्गता भएका व्यक्तिलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्ने ।

- अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने ।
- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने ।
- सामाजिक रूपले पछाडि परेका अपाङ्गता भएका व्यक्तिसमेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने ।
- आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, अपाङ्गता भएका नागरिकलाई सामाजिक सुरक्षाको हक हुने ।
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकक निर्वाचित हुने सुनिश्चित गरिएको ।
- अपाङ्गता भएका व्यक्ति समेतको हक अधिकारको संरक्षण, सशक्तीकरण, विकास र सम्वृद्धिको लागि संवैधानिक आयोगको रूपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था गरिएको ।
- नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अङ्ग  र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

### ६.१.६ सामाजिक सुरक्षासम्बन्धी व्यवस्था

गरीबी, बेरोजगारी, सामाजिक एवं आर्थिक विषमता, प्राकृतिक प्रकोप, सामाजिक द्वन्द्वलगायतका कारणले समाजमा आश्रयहीन, असहाय व्यक्तिहरूको सङ्ख्यामा वृद्धि हुँदै गएको पाइन्छ । बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, लोपोन्मुख आदिवासी, जनजाति र अपाङ्गता भएका व्यक्तिहरूसमेतका लागि सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने गरिएको छ ।

नेपाल सरकारले आ.व. २०६६/६७ को बजेट वक्तव्यमार्फत प्रत्येक विपन्न दलित परिवार र कर्णाली अञ्चलका सबै परिवारका ५ वर्षमुनिका २ जनासम्म बालबालिकाको पोषणमा खर्च हुने गरी मासिक रू.२०० का दरले बाल संरक्षण



कर्णाली जनवीवन (कोदो फल्दै)

अनुदान प्रदान गर्दै आएको छ । यस कार्यक्रमबाट करीब ४ लाख बालबालिकाहरू प्रत्यक्ष लाभान्वित भएका छन् । विभिन्न जिल्लाहरूमा ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रममार्फत खाद्यान्न वितरण गरी लाखौं श्रम दिन बराबरको रोजगारी सिर्जना भएको छ । त्यस्तै, प्राथमिक शिक्षा र अत्यावश्यक स्वास्थ्य एंव पोषणसम्बन्धी सेवामा विस्तार भै जनताको पहुँचमा वृद्धि भएको छ । यसै अवधिमा युवा स्वरोजगार कार्यक्रम आरम्भ गरियो । रोजगारीजन्य जोखिमहरूलाई सम्बोधन गर्न सङ्गठित क्षेत्रका कर्मचारी तथा कामदारहरूको पारिश्रमिकमा एक प्रतिशत कर लगाई सामाजिक सुरक्षा कोषको स्थापना गरिएको छ ।

सामाजिक सुरक्षाको लागि गरिएको प्रमुख कार्यक्रमहरू निम्नानुसार छन् :

(क) ज्येष्ठ नागरिक, एकल महिला, लोपन्मुख आदिवासी, जनजाति र अपाङ्गता भएका व्यक्तिलाई भत्ता वितरण कार्यक्रम,
(ख) बालसंरक्षण अनुदान कार्यक्रम,
(ग) रोजगारी एवं स्वरोजगारमूलक कार्यक्रम,
(घ) सामाजिक सुरक्षा कोष र कल्याणकारी कोषहरूको व्यवस्थापन, सुधार र सञ्चालन,

(ङ) कठिन परिस्थितिमा परेकालाई विशेष सहयोग,

(च) सामाजिक सुरक्षाका प्रणालीहरूको सुधार तथा क्षमता विकास कार्यक्रम,

**६.१.७ शिक्षा**

**शिक्षासम्बन्धी हक (संविधानको धारा ३१):**



विद्यालय शिक्षाका क्रममा बालबालिकाहरू

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक; प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक ; अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हकका साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने मौलिक हकको व्यवस्था गरेको छ । शिक्षा क्षेत्रमा विगतमा भएका नीतिगत, कानुनी, संस्थागत, कार्यक्रमगत र मानवीय विकासका प्रयासहरूले यस क्षेत्रमा महत्वपूर्ण उपलब्धि भएको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल साक्षरता ६५.९४ प्रतिशत पुगेको छ, जुन प्रतिशत २०५८ को राष्ट्रिय जनगणना अ नुसार ५४.१ थियो ।

**तालिका नं. ६.३**
**साक्षर जनसङ्ख्या (राष्ट्रिय जनगणना २०६८)**

| **क्षेत्र** | **जम्मा** | **पुरूष** | **महिला** |
|---|---|---|---|
| शहरी क्षेत्र | ८२.२२ | ८९.०२ | ७५.२० |
| ग्रामीण क्षेत्र | ६२.४८ | ७१.९९ | ५३.८३ |
| हिमाल | ६०.४५ | ७१.६२ | ५०.०९ |
| पहाड | ७२.३३ | ८१.४३ | ६४.१५ |
| तराई | ६१.१६ | ७०.३४ | ५२.३६ |
| राजधानी (काठमाडौं) | ८६.२५ | ९२.१८ | ७९.७७ |
| नेपाल | ६५.९४ | ७५.१४ | ५७.३९ |

### ६.१.८ **स्वास्थ्य**

**स्वास्थ्यसम्बन्धी हक** (**संविधानको धारा ३५**) :

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक; प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक; प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हकका साथै प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक प्रदान गरेको छ। यही संवैधानिक व्यवस्था एवं क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चमा जनाइएको प्रतिवद्धताअनुरूप गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने कार्यमा सरकार क्रियाशील रहँदै आएको छ।

योजनाबद्ध विकास प्रक्रियाको क्रममा स्वास्थ्य क्षेत्रमा भएका नीतिगत, कार्यक्रमगत, जनशक्ति विकास, औषधी उपकरण आपूर्ति र संस्थागत प्रयासबाट स्वास्थ्य सेवा प्रवाहमा समावेशी रूपमा भइरहेको सङ्ख्यात्मक र गुणात्मक विकासले जनसाधारणको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बढेको छ। यसका अतिरिक्त निजी, सामुदायिक र गैरसरकारी क्षेत्र तथा स्थानीय निकायबाट पनि स्वास्थ्य सेवामा थप योगदान पुगेको छ। नेपालमा सञ्चालित राष्ट्रिय खोप कार्यक्रमलगायत विविध खोप कार्यक्रम र सङ्क्रमक तथा असङ्क्रमक रोगसम्बन्धी सेवामा गुणात्मक र सङ्ख्यात्मक सुधार भएबाट हाल औसत आयु

६९ वर्ष पुगेको छ ।

यसैगरी मातृ मृत्युदर (प्रति १ लाख जीवित जन्ममा) १९०, शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) ३३ र पाँच वर्षमुनिका बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) ३८ रहेको छ ।

दुर्गम जिल्लाहरू/बस्तीहरू र गरीबीको रेखामुनि रहेका र पिछडिएका वर्गको स्वास्थ्य सेवामा पहुँच सरल, सुलभ र व्यापक हुन सकेको छैन र स्वास्थ्य स्थितिमा अपेक्षाकृत रूपमा सुधार आउन सकेको छैन । सांस्कृतिक, लैङ्गिक, आर्थिक र सामाजिक व्यवधानहरूले गर्दा पनि उपलब्ध स्वास्थ्य सेवाहरू समतामूलक रूपमा प्रवाह हुन सकेका छैनन् ।

### ६.२ नेपालको सांस्कृतिक जीवन

प्राचीन कालदेखि नै नेपाल विभिन्न धर्म मान्ने मानिसहरूको बसोबास गर्ने थलो हो । नेपालमा मुख्यतया हिन्दू धर्म र बौद्ध धर्मको बाहुल्यता रहेको छ । यी बाहेक इस्लाम, इसाई, किराँत, वहाव, शिखलगायत अन्य धर्मावलम्बीहरू पनि उत्तिकै स्वतन्त्र रूपमा रहेका छन् । हिन्दू धर्मअन्तर्गत शैव, वैष्णव, शाक्त, सौर्य आदि सम्प्रदाय पर्दछन् भने बौद्ध धर्ममा हिनयान, महायान, वज्रयान, तन्त्र तथा मन्त्रयान, सहजयान र वोन्पो तथा लामा सम्प्रदाय आदि पर्दछन् ।

यी धर्महरू समयानुसार विभिन्न सम्प्रदाय तथा उप-सम्प्रदायमा परिमार्जित हुँदै गएको पाइन्छ । नेपाली समाजमा प्रकृति, पितृ तथा अदृश्य शक्तिको पूजा गर्ने प्रचलन पनि रहेको छ । पश्चिम नेपालमा मष्टो, पूर्वी पहाडमा चण्डी वा देवी, तराईमा संसारीमाई, हिमाली क्षेत्रमा हिन्दूप्रति जनमानसको आस्था र विश्वास रहेको पाइन्छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहुसांस्कृतिक विशेषतायुक्त देश हो । यहाँ सांस्कृतिक विविधताभित्र एकता पाइन्छ । यहाँका विविध संस्कृतिहरूबीच परापूर्वकालदेखि नै अपूर्व मेल रहीआएको छ । सांस्कृतिक बहुलवादको सिद्धान्तबाट सिञ्चित संस्कृति भएकोले यहाँ सांस्कृतिक सम्बन्धको पनि आदानप्रदान भएको पाइन्छ । नेपाललाई साझा संस्कृतिको विकास भएको मुलुक भनी सगौरव भन्न सकिन्छ ।

#### ६.२.१ नेपालमा मनाइने प्रमुख जात्रा एवं चाडपर्व

नेपालमा विभिन्न जातजाति, विभिन्न भाषाभाषी बोल्ने र विभिन्न धर्म मान्ने मानिसहरू गर्दछन् । विभिन्न जातजाति र धर्म मान्ने मानिसहरूका आ-आफ्ना रीतिथिति रहनसहन चालचलनहरूमा पनि विविधता पाइन्छ । नेपालमा मनाइने प्रमुख जात्रा, चाडपर्व एवं बाजागाजाको बारेमा तल चर्चा गरिएको छ ।

### *घोडेजात्रा*

चैत्र कृष्ण चतुर्दशी वा पिचास चतुर्दशीका दिन काठमाडौँमा पाँहाचह्रे वा पासाचन्हे अथवा मित्र चतुर्दशी मनाउने, लुक माहाद्योको पूजा गर्ने र औंशीका दिनमा उपत्यकामा घोडेजात्रा मनाउने गरिन्छ । यो दिन काठमाडौँको टुँडिखेलमा घोडा दौड समारोह आयोजना गरिन्छ । घोडालाई अनुशासन, शक्ति र तीव्रताको प्रतीकको रूपमा मानिन्छ ।

### *गाईजात्रा*



गाइजात्रा

यो पर्व जनैपूर्णिमाको भोलिपल्ट अर्थात भाद्रकृष्ण प्रतिपदाका दिनदेखि सातदिनसम्म मनाइन्छ । छोरा चक्रवर्तेन्द्र मल्लको मृत्युपछि शोकग्रस्त रानीलाई खुसी पार्न राजा प्रताप मल्लले पहिलो पटक गाईजात्राको आयोजना गरेका र यसमा रानीको शोकहरण भएको किंवदन्ती छ । यसमा खड्गजात्रा, रोपाइजात्रा, लाखेनाच, षडदर्शन ख्याली, लोकनृत्य, डवलीनृत्य, नाटक आदि प्रदर्शन गरिन्छ । श्री कृष्ण जन्माष्टमीको दिन कृष्ण जात्रा गरेपछि कृष्णले राक्षस, भूत-प्रेत आदि मारेकोले लाखे ख्याली, आदि भूत-पिचास, नागको भय हुँदैन भन्ने जनविश्वास छ ।

### *दशैँ*

आश्विन महिनाको शुक्ल प्रतिपदादेखि दशमीसम्म १० दिन पर्यन्त चल्ने भएको हुँदा वा दशमीलाई विशेष महत्व दिएकोले यसको नाम दशैँ रहन गएको अनुमान गर्न सकिन्छ । यस पर्वलाई नेपालको राष्ट्रिय पर्वको रूपमा मनाइन्छ । मान्यजनको आर्शिवाद, निधारभरि टीका, कपाल र कानमा जमरा, गलामा विभिन्न किसिमका

मालाहरू दशैँ पर्वका विशेषता हुन् । यस पर्वमा नौ दिनसम्म देवीका विभिन्न रूपको पूजा अर्चना, फूलपाती महोत्सव आदि कार्यक्रमहरू गरिन्छन् ।

***महाशिवरात्री***



श्री पशुपतिनाथ

प्रत्येक वर्ष फागुन कृष्ण चतुर्दशीको दिन पर्ने यो दिन काठमाडौँको पशुपतिनाथको मन्दिरमा र अन्यन्त्र स्थापित शिवालयहरूमा श्रद्धालु भक्तजनहरूको ठूलो जमघट हुन्छ । महाशिवरात्रीका दिन नेपालमा सैनिक दिवस मनाइन्छ ।

***चैते दशैँ***

चैत शुक्ल अष्टमीका दिन मनाइने यो पर्वलाई सानो दशैँ पनि भनिन्छ । लमजुङ् जिल्लामा दुरा जातिले यो पर्व विशेष धुमधामका साथ मनाउँछन् । यस दिन मच्छिन्द्र नाथको रथयात्रा गरिन्छ ।

***बुद्ध जयन्ती***

इसापूर्व ५६३ मा वैशाख शुक्ल पूर्णिमाका दिन बुद्धको जन्म भएको, वैशाख शुक्ल पूर्णिमाकै दिन बुद्धत्व प्राप्त गरेको र इसापूर्व ४५३ मा वैशाख शुक्ल पूर्णिमाकै दिन निर्वाण प्राप्त गरेकोले “वैशाख शुक्ल पूर्णिमा” बुद्ध जयन्तीका रूपमा मुलुकभर मनाइन्छ । यस दिन बौद्ध मठ, गुम्बा एवं विहारहरूमा ठूलो जमघट हुन्छ ।

*तीज*



तीज

तीज नेपाली नारीहरूको विशेष पर्वको रूपमा मनाइने गरिन्छ । यो चाड भाद्र शुक्ल तृतीयाका दिन पर्दछ । हिन्दू नारीहरूका लागि यो विशेष चाड हो । यस दिन नारीहरू मात्र उपवास बसी व्रत लिन्छन् । नारीहरूले इच्छाअनुसारको पति पाउनका लागि र आफू सौभाग्यवती रहनका लागि यो व्रत लिने प्रचलन छ ।

*तिहार*

कार्तिक कृष्ण त्रयोदशीदेखि ५ दिनसम्म मनाइने यो पर्व दाजुभाइ, दिदी बहिनीहरूको स्नेह र शुभेच्छाको पर्व हो । यी ५ दिन यमराज आफ्नी बहिनी यमुनाकहाँ आई बसेको र यमुनाले उनको सेवा र पूजा गरेको घटनालाई यससँग आबद्ध गरी यो ५ दिनलाई यमपञ्चक पनि भन्ने गरिन्छ । यस पर्वमा काग, कुकुर, लक्ष्मी, गोवंशको पूजा गर्दै अन्तिम दिन भाइ पूजा गर्ने गरिन्छ । यस दिन दिदी बहिनीहरूले आफ्ना दाजुभाइहरूको सुख संवृद्धि र दीर्घायुको कामना गर्दै टीका लगाई मिष्ठान्न खुवाउने गर्दछन् । यस अवसरमा भैलो तथा देउसी खेली मनोरञ्जन गरिन्छ ।

*ल्होसार*

उत्तरी हिमाली खण्डको शेर्पा, भोटे, गुरूङ्ग, थकाली र मगर जातिहरू तिब्बती



ल्होसार

क्यालेण्डरअनुसार नववर्षारम्भको अवसरमा माघ महिनातिर पर्ने ल्होसार पर्व विशेष उत्साहका साथ मनाउँछन् । वर्षको गणना मुसा, गाई, बाघ, बिरालो, मेष, नाग, घोडा, भैँडा, बाँदर, गुरूङ्ग, कुकुर, बनेलको नाममा गरिन्छ र प्रत्येक १२ वर्षमा यो चक्र दोहोरिन्छ । विभिन्न प्रकारका ल्होसारमध्ये सोनाम, तमु र ग्याल्वो ल्होसारमा नेपालमा सार्वजनिक बिदा दिने प्रचलन रहेको पाइन्छ ।

### *श्रीपञ्चमी*

माघ शुक्ल पञ्चमीका दिन मनाइने पर्वलाई श्रीपञ्चमी वा वसन्तपञ्चमी भनिन्छ । यो वसन्त आगमनको प्रतीकको पर्व हो । यस दिन सरस्वती देवीको पूजा आराधना गरिन्छ । सरस्वतीको स्तोत्र पाठ गरिन्छ । विभिन्न मन्दिरहरू र घरघरमा भक्तिपूर्वक पूजा गरी मन्दिरका भित्ताहरूमा सरस्वतीको नाम लेख्नाले पढ्न आउँछ भन्ने विश्वास गरिन्छ । यसै दिन हनुमानढोका दरबारमा वसन्त श्रवण गरिन्छ । वसन्त ऋतुसम्बन्धी श्लोकहरू सुन्ने कार्यलाई वसन्त श्रवण भनिन्छ ।

### *जनैपूर्णिमा*

प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिनलाई जनैपूर्णिमा/ऋषितर्पणी पूर्णिमा भनिन्छ । त्यसदिन नयाँ जनै लगाउनका साथै पुरोहितहरूद्वारा रक्षाबन्धन (पहेँलो

वा रातो धागोको डोरो) बाँधिन्छ र दक्षिणा दिइन्छ। कतिपय समुदायमा नौ किसिमका गेडागुडीलाई भिजाएर टुसा उमारी क्वाँटी खाने गरिन्छ। तराई क्षेत्रका विभिन्न समुदायले सो दिन दिदीबहिनीले दाजुभाईलाई राखी बाँधेर एक अर्काको दिर्घायुको कामना गर्दछन्।

### *उधौली उभौली*

यो राई जातिहरूले मान्ने पर्व हो। यो पर्व एउटा उधौली र अर्को उभौलीको रूपमा वर्षमा दुईपटक मनाइन्छ। यो पर्वमा कसैले चन्डीनाचका रूपमा, कसैले साकेला वा साकेवाका रूपमा र कसैले वैशाखे तथा वाडाङमेटको रूपमा मनाउने चलन छ। राई जातिहरूको पनि फरक फरक संस्कृति भएकाले यो पर्व पनि फरक फरक समय र नामबाट विभिन्नढङ्गले मनाइन्छ। उभौली वैशाख, जेठतिर मनाइन्छ भने उधौली कात्तिक, मङ्सिर महिनातिर मनाइन्छ। यस पर्वमा नाक्छोङ वा पुजारीले चन्डी थान, मार्गाथान, माङ्खिम आदि ठाउँमा मन्धुम भनेर पूजाआजा गर्ने गर्दछन्। प्रत्येक घरघरमा पितृको पूजा गर्ने, ढोलझ्याम्टा बजाएर नाचगान गर्ने र मीठामीठा खानेकुरा खाएर यो पर्व मनाउने चलन छ।

### *जुडशीतल*

नेपालीहरू वैशाख १ गतेलाई नववर्ष मान्दछन् भने मैथली संस्कृतिमा वैशाख २ गते जुडशीतल पर्ने र सोही दिनदेखि नववर्ष सुरू भएको मानिन्छ। यस अवसरमा मिथिलामा सामूहिक भोजन र रङ्गारङ्ग कार्यक्रम आयोजन गरिन्छ। छरछिमेकीमा अविर, रङ्ग, हिलो छ्यापछ्याप गरी होलीको जस्तै उत्साहमय वातावरणमा यो पर्व मनाइन्छ। यस पर्वका दिन ठूलाबडा अभिभावकहरू बिहानै उठी स्नान गरी नित्यकर्म पूरा गरी लोटामा पवित्र शीतल जल लिएर सोही जललाई दाहिने हातको अञ्जुलीमा राखी आशीर्वचनका साथ अभिषेक गरिने हुँदा यस पर्वको नाम जुडशीतल रहन गएको हो भन्ने विश्वास छ।

### *ईद*

नेपालमा ईस्लाम धर्मावलम्बीहरूले ईद पर्व उत्साहका साथ मनाउँदछन्। हिजरी संवत्को रमजान महिनाभर ईद मनाइन्छ। यस धार्मिक अवसरमा समर्थ व्यक्तिहरू आफ्नो अढाई प्रतिशत गरीब गुरूवालाई दान दिई यिनीहरूको जीविकाका लागि केही न केही प्रबन्ध गर्छन्। यस पर्वमा कुरान पाठ गर्ने, नमाज पढ्ने र पशुहरूको बलि (कुर्बान) दिनेजस्ता काम गरिन्छ।

### *कुमारषष्ठी वा सिथी नखः*

सिठी वा सिथी नखः नेवार समुदायको प्रसिद्ध पर्व हो। जेठ शुक्ल षष्ठीका दिन

मनाइने यस पर्वमा कुमार कार्तिकेयको विशेष विधिले पूजा गरी खटयात्रा गर्ने गरिन्छ। यसै दिन प्रायः नेवारहरूको देवाली पूजा हुने गर्दछ। यो चाड कृषक समुदायका प्रसन्नता र संवृद्धिसँग पनि सम्बन्धित छ।

***बिस्केट जात्रा***



भक्तपुर बोडेको जिब्रो डेट्ने जात्रा

भक्तपुरमा चैत्र महिनाको अन्तिम हप्ताको चौथो दिनदेखि नववर्षको सुरूवात मेष संक्रान्तिमा मनाइने यो जात्रालाई विश्वकेतु यात्रा, विश्वाकृत यात्रा, विसिका जात्रा भनिनुका साथै एक वर्षको अन्त्यदेखि अर्को नववर्षको सुरूआतसम्म मनाइने यो पर्वलाई दुईवर्षे मेला पनि भनिन्छ। यो बेलामा सब इष्टमित्रहरूसँग भेटघाट गरी एकअर्कामा शुभकामना साटासाट गरिन्छ। शिव स्वरूप भैरव रथयात्रा गर्नुलाई विस्केट जात्राको महत्वपूर्ण पक्ष मानिन्छ। साथै, यसदिन रथ जुधाउने, जिभ्रो छेड्ने तथा खट जात्रा गर्ने गरिन्छ।

***चासोक ताङनाम***

हिन्दूहरूको महान पर्व विजयादशमीजस्तै किराँत समुदायका लिम्बू जातिको विशिष्ट महान पर्व चासोक ताङ्नाम प्रत्येक वर्ष कार्तिक महिनामा पर्दछ। न्वागी पूजासमेत भनिने चासोक ताङ्नाम पर्वमा नयाँ पाकेका फलफूल (अन्न, फलफूल) देवी देवताहरूलाई चढाएरमात्र आफूले खाई रातभर यालङ्मा, च्याब्रुङनाच नाच्दै,

हाक्पारे गीत गाउँदै रमाइलो गरिन्छ । यो पर्व लिम्बू जातिको ऐक्यवद्धता, साझा, संवृद्ध, संस्कृतिको प्रतिकको रूपमा मनाइन्छ ।

***गौरापर्व (गोहरा)***



गौरा पर्व

नेपालको मध्यपश्चिमाञ्चल सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा र भारतको कुमायुँ र गढवाल क्षेत्रमा मनाइने यो पर्वमा विभिन्न जातिका महिलाहरूले सामूहिक रूपमा शिवपार्वती, गणेशको पूजाअर्चना गर्ने परम्परा छ । स्थानगत आधारमा गोहरासमेत भनिने यो पर्वमा मासको पीठोको मूर्ति बनाई पूजा गरिन्छ । मन्दिरमा फूल, चन्दन, अक्षता, धूपका अतिरिक्त जौँ, गहुँ, मास, केराउ मिश्रित पञ्च विरूडी चढाइन्छ । भाद्र कृष्णाष्टमीदेखि ३ दिनसम्म मनाइने यो पर्वमा अष्टमीका दिन महिलाहरू उपवास बसी घाँसद्वारा निर्मित शिव पार्वती गणेशका मूर्ति (साउ) को पूजा अर्चना गर्ने, भजन कीर्तन गर्ने अठवाली कर्म गर्दछन् ।

***पाता मेला***

नेपालका आदिवासी सतार जातिले मनाउने यो पर्वमा झापा जिल्लाको ज्यामिर र भारतका सन्थालहरू हजारौँको सङ्ख्यामा सहभागी भई शिव पार्वतीको पूजा अर्चना गर्दै नाचगानका साथै विभिन्न सांस्कृतिक कार्यक्रम आयोजना गर्ने गरिन्छ ।

***सिरूवा पर्व***



हिजो छ्याप्ने सिरुवा पर्व

नव वर्षको उपलक्ष्यमा झापा, मोरङ र सुनसरी जिल्लामा बसोबास गर्ने राजवंशी जातिले आफ्ना कुलदेवताको पूजा गरी हिलो तथा रँग छ्यापाछ्याप गर्दै सिरूवा पर्व मनाउँछन् । राजवंशी जातिको महत्वपूर्ण सिरूवा पर्वको बेलामा लसुन र प्याज घरबाहिर झुण्ड्याइन्छ । महाभारतकालमा परशुरामले क्षेत्रीयजातिविहीन पृथ्वी बनाउन क्षेत्रीयहरूलाई मार्दै हिँड्ने क्रममा राजवंशी जातिलाई मार्न लाग्दा लसुन, प्याज ढोकामा झुण्डयाएको देखेकाले उनीहरू बचेको आख्यान भएकोले अद्यापि लसुन प्याज झुण्ड्याउने परम्परा छ । यसैदिन ७ प्रकारकार तरकारी मिसाएको सागजाती बनाएर खाने गरिन्छ । सिरूवा पर्वमा राजवंशी समुदायका कुलदेवता ठाकुर विसरीको पूजा गर्नुका साथै टिष्टाबुढीका नामले टिष्टा नदीको पनि पूजा गरिन्छ । यो पर्व राजवंशी जातिका अतिरिक्त थारू, ताजपुरीया, कहार, गनगाई जातिले पनि उत्साह र उमङ्गका साथ मनाउने गर्दछन् । यो अवसरमा हाटमेला भर्ने र गान बजान गरी रङ्गारङ्ग नृत्य गर्ने गरिन्छ ।

***रातो मच्छिन्द्रनाथ जात्रा***

काठमाडौं उपत्यकाका संरक्षक तथा प्राणीजगतका पालनकर्ता भगवान लोकनाथलाई रातो मच्छिन्द्रनाथ भनिन्छ । मच्छिन्द्रनाथलाई दूध, दहीको महास्नान



रातो मच्छिन्द्रनाथको भोटो जात्रा

गराउनुको साथै काठमाडौंमा मच्छिन्द्रनाथको रथयात्रा र पाटन जावलाखेलमा मच्छिन्द्रनाथको भोटो जात्रा गरिन्छ । यो जात्रा चैत्र वैशाखमा सुरू भई झण्डै वर्षभरि नै चल्दछ ।

***सेतो मच्छिन्द्रनाथ जात्रा***

सम्पूर्ण प्राणी जगतका मालिक आर्यावलोकितेश्वरलाई नै सेतो मच्छिन्द्रनाथ भनिन्छ । नेवारी भाषामा यिनलाई श्रीजनवहाद्य भनिन्छ । आर्यावलोकितेश्वर श्वेत मच्छिन्द्रनाथको मूर्ति र मन्दिर काठमाडौँ केलटोलको मच्छिन्द्रवहाल वा कनक चैत्य विहारको मध्यमा अवस्थित छ । प्राणीमात्रको भलाइको कामना गर्दै दूध, दही आदि द्रव्यले स्नान गराई रङ्गमाला भरेर सुसज्जित गराई चैत्र वैशाखतिर शुभ साइत जुराई रथयात्रा गराइन्छ ।

***पेन्दिया***

मध्य तथा सुदूरपश्चिम नेपालका थारूहरू आफ्नो खेतीपाती सकेर खलिहान (धान झार्न बनाइएको समतल ठाउँ) बाट सबै अन्न भित्राएको दिनलाई पेन्दियाको रूपमा मनाउँछन् । यस दिन थारू समुदायका गुरू पुरोहितले खलिहानमा विशेष किसिमको पूजा गर्दछन् ।

### *गढीमाई मेला*

बारा जिल्लाको वरियारपुरमा ५/५ वर्षको अन्तरालमा गढीमाईको मेला लाग्दछ, जहाँ नेपाल र भारतका लाखौँ भक्तजनहरू मेला भर्न आउँछन् । यस मेलामा गढीमाईलाई राँगा, बोका र पङ्क्षीहरूको भोग चढाइन्छ ।

### *गुँला धर्म*

बौद्धमतानुयायी नेवारी समुदायमा श्रावण शुक्ल प्रतिपदादेखि एक महिनासम्म गुँला उत्सव मनाइन्छ । यसअन्तर्गत भक्तजनहरू बुद्ध भगवानको दर्शनार्थ बौद्धमठ तथा विहारमा जान्छन् । यस अवसरमा पञ्चदान, विभिन्न देवीदेवताहरूको सार्वजनिक प्रदर्शन र मतया गरी तीन चरणमा यो उत्सव सम्पन्न गरिन्छ । आफन्त मृतकहरूको सम्झनामा तीर्थस्थलहरूमा बत्ती बाली दर्शनार्थ जाने आत्याजात्रा भाद्रकृष्ण द्वितीयाका दिन पर्दछ । यसै दिन भगवान बुद्धले मार विजय गरेको मानिन्छ ।

### *तोरनल्ह (पितृपूजा)*

नेपालमा थकाली समुदायमा पितृपूजाका रूपमा प्रचलित यो पर्व फागुपूर्णिमाको एक दिनअगाडि सुरू भई फागुपूर्णिमाको भोलिपल्ट (३ दिन) सम्म मनाइन्छ । यो अवसरमा पितृहरूलाई खिमि (पीक) दान गरिन्छ । यो पर्वमा मध्यरातपछि र विहान कुखुरा बास्नुभन्दाअगाडि घरकी प्रमुख महिलाले स्नान गरी शुद्ध भएर सालको पातमा राखेर मृतक पितृहरूको सम्झना गरी पिण्डदान गर्ने गरिन्छ । पिण्डदान कार्यमा पुरूषजातिको सहभागिता हुँदैन । यस अवसरमा मेवा-मिष्ठान खाने, राम्रा नयाँ कपडा लगाउने, आफन्त इष्टमित्रहरूसँग भेघटाट गर्ने आदिका अतिरिक्त पुरूषहरूबीच धनुवाण हान्ने प्रतियोगिता (तारो खेल) र महिलाहरूमा ढुङ्गाको गट्टा खेल्ने प्रतियोगिता आयोजना गरिन्छ ।

### *ट्राहटे पर्व*

गाउँबस्तीलाई विभिन्न विकृतिहरूबाट बचाउन, वन्य जीवजन्तुहरूबाट बालीनाली, पाल्तु जीवजन्तु र मानिसको समेत रक्षाका लागि, बाह्य आक्रमणबाट गाउँबस्तीको रक्षा गर्न तम्सेका तमु राजा मेसरो र उनका वीर योद्धाहरूको लोककथा र गाथाहरूलाई स्मरण गर्दै भकिम्लोबाट निर्मित हातहतियारबाट सुसज्जित भई चर्को स्वरमा कराउँदै र ठूलो आवाजका ढोल, ढ्याङ्ग्रो र याम्रो बजाउँदै आफ्नो शत्रुलाई गाउँबस्तीको सीमापारी कटाएको प्रतिकात्मक अभिनय गुरूङ (तमू) जातिको मनाउने ट्राहटे पर्वमा प्रस्तुत गरिन्छ । सुख, शान्ति, निर्भयको कामना गर्दै अनुहारमा कालो लगाई शिरमा पङ्क्षीहरूका प्वाँख सिउरेर

बाजागाजा बजाएर नाच्दै मनाइने पर्वले गुरूङ्ग (तमू) भेषभूषा, रहनसहन, संस्कृतिको प्रतिनिधित्व गर्दछ।

### *मकर सङ्क्रान्ति र कर्कट सङ्क्रान्ति*

सूर्य राशिचक्रमा १०औँ स्थानमा मकर राशिमा प्रवेश गर्दा मकर सङ्क्रान्ति हुन जान्छ। उत्तरायणको सुरूआत हुने र माघ महिनाको पहिलो दिन पर्ने हुँदा यसलाई माघे सङ्क्रान्ति पनि भनिन्छ। यस दिन मकर स्नान गरी पूजाआजा गरी देवीदेवताको दर्शन गर्ने गरिन्छ। सूर्य राशीचक्रको चौथो कर्कट राशीमा प्रवेश गर्दा कर्कट सङ्क्रान्ति हुन्छ। उक्त दिन नुवाकोटको तारूकामा गोरू जुधाउने पर्व मनाइन्छ।



माघे सङ्क्रान्तिका दिन नुवाकोटको तारुकामा गोरु जुधाइँदै

दक्षीणायनको सुरूआत हुने र साउनको पहिलो दिन पर्नेहुँदा कर्कट सङ्क्रान्तिलाई साउने सङ्क्रान्ति पनि भनिन्छ। यो दिन पनि बिहान स्नान पूजा आदि गरी देवी देवताहरूको दर्शन गरिन्छ भने साँझमा काण्डरक राक्षसको पूजा गर्ने, दुःख कष्ट अशुभ सङ्केतका रूपमा लुतो फाल्ने गरिन्छ।

### *रामनवमी*

त्रेतायुगमा चैत्र शुक्ल नवमीका दिन भगवान विष्णुका १० अवतारमध्ये एक मर्यादा

पुरूषोत्तम रामको जन्म भएकोले रामको पूजा अर्चना गर्दै रामनवमीका रूपमा मनाइन्छ । तराई क्षेत्रमा चैते दशैं (सानो दशैं) को महत्व नभए पनि त्यसैको अर्को दिन रामनवमीलाई हर्ष एवं उल्लासका साथ मनाइन्छ । यो दिन नेपालको जनकपुर क्षेत्र, भगवान रामको जन्मभूमि (अयोध्या) र अन्यत्र रहेका राम मन्दिरहरूमा भगवान राम र देवी सीताको विशेष पूजा अर्चना गरिन्छ ।


रामचन्द्रको अभिनयमा बालकहरू

***मातृऔँसी***

नेपाल अधिराज्यमा प्रत्येक वर्ष मनाइने विभिन्न चाड पर्वोत्सवमध्ये आमा र आफ्नो देशको गुण सम्झने प्रेरणा प्रदान गर्न सक्ने खालका मौलिक चाड-पर्वोत्सवहरू पनि छन् । जसमा वैशाख कृष्ण औँसीको दिन मनाइने मातृऔँसी, मातृ-दिवस र मातातीर्थे औंसी नामको प्रख्यात पर्वोत्सव पनि एउटा हो । यो दिन आमाको महत्वपूर्ण गुण सम्झने प्रेरणा प्राप्त गरी आमाप्रति रहेको श्रद्धा-भक्ति प्रकट गर्ने दिन भएकोले मातृऔँसी नामले प्रख्यात छ । यसदिन छोराछोरीले आमालाई हर्षपूर्वक मानमर्यादा गरी श्रद्धाका साथ मीठा-मीठा खानेकुरा ख्वाई प्रसन्न तुल्याउनुपर्दछ । यस कार्यद्वारा प्रसन्न भएकी आमाले प्रदान गरेको आर्शीवादको प्रभावले छोराछोरीलाई ठूलो फल प्राप्त हुन्छ भन्ने मान्यता रहेको पाइन्छ । आमा नहुनेहरू यस दिन काठमाडौँको मातातीर्थ नामक तीर्थमा वा अन्य तीर्थादिमा गई नुहाईधुवाई गरेर सिधा तथा पिण्ड दान गर्नुपर्दछ । त्यस कार्यबाट दिवङ्गत माता प्रसन्न भई दिएको आर्शीवादको प्रभावले छोरा-छोरीहरू जन-धनले सुसम्पन्न भई महासुख भोग गर्न पाउने हुन्छन् भन्ने जनविश्वास पाइन्छ ।

***नागपञ्चमी***

नेपाल अधिराज्यमा प्राचीन समयदेखि प्रत्येक वर्ष ऋषिपञ्चमी, श्रीपञ्चमी आदि प्रमुख पञ्चमीका तिथिका दिनहरूमा मनाइने पर्वोत्सवहरूमध्ये घर-घरका ढोकाहरूमा नागपटहरू अर्थात् नाग लेखिराखेका चित्रहरू टाँसी तिनीहरूमा र नागका प्रतिमाहरूमा विधिपूर्वक पूजा गरी श्रावणशुक्ल पञ्चमीका दिन मनाइने नागपञ्चमी नामक पर्वोत्सव पनि एउटा हो ।

***छठ पर्व***

विशेषत पूर्वी एवं मध्यतराईक्षेत्र (धनुषा, महोत्तरी, सर्लाही) क्षेत्रमा मानिने सबैभन्दा

ठूलो र महत्वपूर्ण चाड छठ हो । यो कार्तिक शुक्ल पक्ष षष्ठीमा खासगरी जनकपुरमा धुमधामले मनाइन्छ । जनकपुरका गङ्गासागर, धनुषासागर, रत्नसागर, अग्निकुण्ड, विहारकुण्ड र पापमोचनीजस्ता तीनसयजति सागर कुण्डहरू तथा पोखरी र २७ वटा नदीहरूमा व्रतालुवर्ग सूर्योदयअगि नै नदी किनार गई पानीमा छातीसम्म डुबेर स्नान ध्यान गरेर सूर्योपासना, आराधना र आरतीका लागि पूर्वको प्रकाशको प्रतिक्षा गर्छन् । सप्तमीको बिहान सूर्योदयअघि जलकिनारामा




छठ पर्व

पुगी सूर्योदयमा नैवेद्यादिसमेत अर्घ दान गरिन्छ । आफ्नो भाकल वा मनोकामना पूर्ण होस भन्नाका लागि कतिपय व्रतालुहरूचाहिँ छातीले घस्रेर नदी किनार वा पोखरीछेउ पुगी आफ्नो कठोर साधनाबाट व्रत पूरा गर्छन् । षष्ठीको साँझ सूर्यास्त हुने बेलामा प्रसाद र नैवेद्यादि लिएर अस्ताउँदोको सूर्यलाई प्रणाम गर्दछन् । सूर्योपासनाबाट मनोकामना पूरा गर्न भाकल गर्नेले विशेष रूपमा पूजा गर्ने यो पर्व हाल काठमाडौँ उपत्यकालगायत देशैभरि मनाउन थालिएको छ ।

***होली***

हिन्दू संस्कृतिमा प्रत्येक वर्षको फागुन शुक्ल पूर्णिमालाई होली पूर्णिमा भनिन्छ । यो हिन्दूहरूको एउटा महत्वपूर्ण चाड हो । होली रङ्गहरूको चाड हो । फागुन महिनामा मनाइने हुनाले यस चाडलाई फागु पूर्णिमा पनि भनिन्छ । फागुन शुक्ल

अष्टमीको दिन काठमाडौँको वसन्तपुर दरबारअगाडि चीर (विशेष रूपले सजाएको लिङ्गो) गाढेपछि होली सुरू भएको मानिने फागुपर्व पूर्णिमाको राति उक्त चीरलाई ढालेर जलाएपछि समाप्त भएको ठानिन्छ। होली हिन्दूहरूको अत्यन्त प्राचीन पर्व हो। यस पर्वको वर्णन नारद पुराण, भविष्य पुराणजस्ता प्राचीन ग्रन्थहरूमा पनि उल्लेख गरिएको छ। यो पर्व प्राचीन समयका नास्तिक हिरण्यकश्यपु, तिनका छोरा प्रल्हाद र बहिनी होलिकाको कथासँग जोडिएको छ। यस पर्वमा पहाडमा पूर्णिमाको दिन र तराईमा भोलिपल्ट सार्वजनिक बिदा हुन्छ।


होली

***कुशे औँसी***

प्रत्येक वर्ष भाद्रकृष्ण औँसीको दिन कुशे औँसी पर्दछ। यस दिन ब्राह्मणहरूले जुनसुकै शास्त्रीय नित्य नैमित्तिक कर्महरूमा नभई नहुने पवित्र कुशहरू शास्त्रोक्त वचनानुसार विधिपूर्वक पूजा गरी छेदन गरेर यस दिन कुशका मुठा घरमा राख्नाले कल्याण हुन्छ भन्ने मान्यता रहेको पाइन्छ। त्यसैले त्यस कुशको नामबाट यस पर्वोत्सवको नाम कुशे औँशी रहन गएको पाइन्छ। यसदिन बाबुलाई ठूलो श्रद्धा भक्तिका साथ रूचिअनुसारका खाद्य वस्तुहरू ख्वाई आर्शीवादको कामना गर्ने चलन रहेको छ। बाबु नहुनेहरूले आफ्ना बाबुको नामबाट सिधादान, श्राद्ध आदि गरेर गुरू पुरोहितहरूलाई आफ्ना बाबुको प्रतीक मानेर केही खाद्य वस्तु खुवाउने गरिन्छ।

***क्रिसमस***

विश्वका अन्य मुलुकका क्रिश्चियन धर्मावलम्बीजस्तै नेपालमा पनि इसाई धर्मावलम्बीहरूले २५ डिसेम्बरमा धुमधामसँग क्रिस्मस मनाउँछन्। मानिसबाट भएको पापको प्रायश्चितका खातिर यशु खीष्टको क्रसमा झुण्डिएर भएको बलिदानीको स्मरणस्वरूप मनाइने यस पर्वमा इसाई धर्मावलम्बीहरूले विश्व शान्ति, प्रेम र आशाका निम्ति चर्चहरूमा गई प्रार्थना गर्ने र शुभकामना एवं उपहारको आदानप्रदान गर्ने गर्दछन्। यो दिन सार्वजनिक बिदा हुन्छ।

६.२.२ **नेपालका सांस्कृतिक सम्पदाको विवरण**

प्राचीनकालदेखि परम्पराको रूपमा चलिआएका मानव संस्कारलाई नै संस्कृति भनिन्छ । धार्मिक आस्था र विश्वास झल्किने संस्कृतिलाई सांस्कृतिक सम्पदा भनिन्छ । हाम्रा परम्परागत मान्यताहरू, आचारविचार, रहनसहन, धर्म र धार्मिक ग्रन्थहरू, लोकनृत्य, अभिलेख, शिलापत्रहरू नै सांस्कृतिक सम्पदाहरू हुन् । सन्



राष्ट्रिय सङ्ग्रहालय छाउनी

२०१० सम्ममा विश्वका ऐतिहासिक तथा सांस्कृतिक महत्वका ७०४ ओटा स्थानहरू विश्व सम्पदामा परेका छन् । जसमध्ये नेपालका १० ओटा स्थानहरू विश्व सम्पदासूचीमा सूचीकृत गरिएको छ , त्यसमध्ये ८ स्थानहरू ऐतिहासिक तथा सांस्कृतिक महत्वका रहेका छन् । यिनै विभिन्न सम्पदाले नै समाजको विशेषतालाई प्रतिविम्बित गर्दछन् । सांस्कृतिक सम्पदाको संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने पुरातत्व विभागको स्थापना गरिएको छ । भौतिक र अभौतिक गरी दुई प्रकारका सांस्कृतिक सम्पदा हुन्छन् ।

**भौतिक सांस्कृतिक सम्पदाहरू–** पौराणिक मठमन्दिर, गुम्बा, स्तूप, मूर्ति, शालिक, ऐतिहासिक दरबार, ताम्रपत्र, शिलालेखजस्ता अभिलेखहरू, लोकनृत्य, लोकबाजा, चित्रकला, ऋषिमुनीका तपोभूमिका रूपमा रहेका हिमाल-पहाड तथा नदीहरू ऐतिहासिक गुफा तथा तीर्थस्थल, श्रीखण्ड, रूद्राक्ष, धार्मिक महत्वका वृक्षहरू, प्राचीन गरगहना, प्राचीन हातहतियार आदि ।

**अभौतिक सांस्कृतिक सम्पदाहरू–** धर्म, परम्परा, रहनसहन, भेषभूषा, चालचलन,

रीतिथिति, चाडपर्व, तिथी, व्रत, आदि

### ६.२.३ राष्ट्रिय सांस्कृतिक सम्पदाको संरक्षणसम्बन्धी दीर्घकालीन नीति

नेपाल सरकारबाट राष्ट्रिय सांस्कृतिक नीति २०६७ जारी गरिएको छ। भाषा, कला, संस्कृति, ललितकला र सङ्गीत नाट्य क्षेत्रको विकास, प्रवर्धन र संरक्षणको लागि नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको गठन भई सञ्चालनमा रहेका छन्।

केन्द्रीय अभिलेखालय, क्षेत्रीय सङ्ग्रहालय, पोखरा, क्षेत्रीय सङ्ग्रहालय, सुर्खेत, क्षेत्रीय सङ्ग्रहालय, धनकुटा, गोरखा सङ्ग्रहालय, राष्ट्रिय सङ्ग्रहालय छाउनी, राष्ट्रिय मुद्रा सङ्ग्रहालय, कपिलवस्तु सङ्ग्रहालय, राष्ट्रिय कला भक्तपुर सङ्ग्रहालयको स्थापना भई पुरातात्विक स्थल संरक्षणतर्फ कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। त्यसैगरी ७२ जिल्लाको सम्पदाहरूको सूचीकरण भई त्यसै अनुरूपका कार्यक्रमहरू सञ्चालन भई रहेका छन्। साथै, विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरूको संरक्षणका लागि कार्यक्रमहरू सञ्चालनमा रहेका र पवित्र धार्मिकस्थल देवघाट क्षेत्रको २० वर्षे गुरूयोजना स्वीकृत भएको, अन्य जातीय सङ्ग्रहालयहरू स्थापना कार्यलाई निरन्तरता दिई स्थानीय निकाय र समुदायको सहभागितामा धरान, चितवन, कीर्तिपुर, पोखरा, दाङ र जुम्लामा जातीय सङ्ग्रहालयहरू स्थापना कार्य सुरू गरिएको, काठमाडौँको गोकर्णमा जनआन्दोलन तथा शहीद स्मृति सङ्ग्रहालयको पूर्वाधार विकास सुरू गरिएको, नारायणहिटी दरबार सङ्ग्रहालय स्थापना भई केही भाग सर्वसाधारणको अवलोकनका लागि खुल्ला गरिएको साथै मैथिली साहित्यका महाकवि विद्यापतिको स्मृति पुरस्कारको लागि रू १ करोडको अक्षयकोष स्थापना गरिएको छ। लुम्बिनी, पशुपति र जनकपुर क्षेत्रका गुरूयोजनाअनुरूप पूर्वाधार विकाससम्बन्धी क्रियाकलापहरूसमेत सञ्चालन भइरहेका छन्।

परिच्छेद : सात

# नेपालको भाषा, साहित्य र कला

## ७.१ भाषा

नेपाल बहुभाषी देश हो। नेपालको अन्तरिम संविधान, २०६३ ले नेपालमा बोलिने सबै मातृभाषाहरूलाई राष्ट्रभाषाको मान्यता दिएको छ। नेपाली भाषा सरकारी कामकाजको भाषा हो। नेपाली भाषा सम्पर्कको भाषा पनि हो। सबै नेपालीले नेपाली भाषा बोल्न र बुझ्न सक्दछन्। प्राचीन नेपालमा किराँत,




हाम्रा भाषासेवीहरू

संस्कृत, पाली आदि भाषा र ब्राम्ही, सिरिजंघा, देवनागरी, रन्जना आदि लिपि विकसित हुँदै गएको पाइन्छ । उत्तरार्धमा संस्कृत भाषाको विकास अन्य भाषाको दाँजोमा अत्याधिक मात्रामा भएको पाइन्छ । जयस्थिति मल्लको उदय भएपछि मध्यकालमा नेवारी भाषाको पनि लिखित रूपमा सुरूआत भएको हो ।

यसकालमा नेपालमा अन्य विभिन्न भाषाहरू भएपनि लिखित रूपमा तिनीहरूको वर्चस्व भेटिएको छैन । मुसलमान व्यापारीको प्रवेशपछि मध्यकालमा उर्दू र फारसी भाषाको प्रयोग हुन थालेको पाइन्छ । दरबारमा संस्कृत, मैथिली, बङ्गाली, भोजपुरी, अवधी र पर्वते (नेपाली) भाषाका ज्ञाताहरू पनि थिए भन्ने कुरा इतिहासबाट प्रष्ट हुन्छ ।

### ७.१.१ नेपालमा बोलिने मुख्य भाषाहरू (राष्ट्रिय जनगणना २०६८ अनुसार)

| क्र.सं. | भाषा | जनसङ्ख्या |
|---|---|---|
| १. | नेपाली | १,१८,२६,९५३ |
| २. | मैथिली | ३०९२५३० |
| ३. | भोजपुरी | १५८४९५८ |
| ४. | थारू | १५२९८७५ |
| ५. | तामाङ | १३५३३११ |
| ६. | नेवारी | ८४६५५७ |
| ७. | मगर | ७८८५३० |
| ८. | अवधी | ५०१७५२ |
| ९. | वान्तवा | १३२५८३ |
| १०. | गुरुङ | ३२५६२२ |
| ११. | लिम्बू | ३४३६०३ |
| १२. | बज्जिका | ७९३४१६ |
| १३. | उर्दू | ६९१५४६ |
| १४. | राजवंशी | १२२२१४ |
| १५. | शेर्पा | ११४८३० |
| १६. | हिन्दी | ७७५६९ |
| १७. | चाम्लिङ | ७६८०० |
| १८. | सन्थाल | ४९८५८ |
| १९. | चेपाङ | ४८४७६ |
| २०. | दनुवार | ४५८२१ |
| २१. | उराव | ३३६५१ |
| २२. | सुनुवार | ३७८९८ |
| २३. | बंगाली | २१०६१ |
| २४. | राजस्थानी | २५३९४ |
| २५. | माझी | २४४२२ |
| २६. | थामी | २३१५१ |
| २७. | कुलुङ | ३३१७० |

| | | |
|---|---|---|
| २८. | धिमाल | १९३०० |
| २९. | अन्जिका | १८५५५ |
| ३०. | याख्खा | १९५५८ |
| ३१. | थुलुङ | २०६५९ |
| ३२. | साङपाङ, साङ्पाहाङ | १८२७० |
| ३३. | भुजेली | २१७१५ |
| ३४. | दराई | ११६७७ |
| ३५. | खालिङ | १४४६७ |
| ३६. | कुमाल | १२२२२ |
| ३७. | थकाली | ५२४२ |
| ३८. | छन्त्याल | ४२८३ |
| ३९. | साङ्केतिक | ४४७६ |
| ४०. | तिब्बती | ४४४५ |
| ४१. | दुमी | ७६३८ |
| ४२. | जिरेल | ४८२९ |
| ४३. | वाम्बुले | १३४७० |
| ४४. | पुमा | ६६८६ |
| ४५. | योल्मो | १०१७६ |
| ४६. | नाछेरिङ | १००४१ |
| ४७. | दुरा | २१५६ |
| ४८. | मेचे | ४३७५ |

| | | |
|---|---|---|
| ४९. | पहरी | ३४५८ |
| ५०. | लाप्चे | ७४९९ |
| ५१. | बोटे | ८७६६ |
| ५२. | बहाई | ११६५८ |
| ५३. | कोयू | १२७१ |
| ५४. | राजी | ३७५८ |
| ५५. | हायू | १५२० |
| ५६. | व्यासी | ४८० |
| ५७. | याम्फे | ९२०८ |
| ५८. | घले | ८०९२ |
| ५९. | खरिया | २३८ |
| ६०. | छिलिङ | २०४६ |
| ६१. | लोरुङ | ३७१६ |
| ६२. | पन्जाबी | ८०८ |
| ६३. | चिनियाँ | २४२ |
| ६४. | अङ्ग्रेजी | २०३२ |
| ६५. | मेओहाङ | ४६५० |
| ६६. | संस्कृत | १६६९ |
| ६७. | कैके | ५० |
| ६८. | खाम्जी ( राउटे) | ४६१ |
| ६९. | किसान | ११७८ |

| | | |
|---|---|---|
| ७०. | मुसलमान | १०७५ |
| ७१. | बराम | १५५ |
| ७२. | तिलुङ | १४२४ |
| ७३. | जेरुङ | १७६३ |
| ७४. | दुम्जाली | ६२६० |
| ७५. | ओरिया | ५८४ |
| ७६. | लिङ्खिङ | १२९ |
| ७७. | कुसुन्डा | २८ |
| ७८. | सिन्धी | ५१८ |
| ७९. | कोचे | २०८० |
| ८०. | हरियान्वी | ८८९ |
| ८१. | माघी | ३५६१४ |
| ८२. | साम | ४०१ |
| ८३. | कुर्माली | २२७ |
| ८४. | कागते | ९९ |
| ८५. | दोङ्खा | ८० |
| ८६. | कुकी | २९ |
| ८७. | छिन्ताङ | ३७१२ |
| ८८. | मिजो | ३२ |
| ८९. | नाग्मेसे | १० |
| ९०. | ल्होमी | ८०८ |
| ९१. | असामी | ४७६ |

| | | |
|---|---|---|
| ९२. | सधानी | १२२ |
| ९३. | राई | १५९११४ |
| ९४. | ताजपुरीया | १८८११ |
| ९५. | खसै | १७४७ |
| ९६. | अठपहरे | ५५३० |
| ९७. | गनगाई | ३६१२ |
| ९८. | अछामी | १४२७८७ |
| ९९. | खम | २७११३ |
| १००. | मालपाडे | २४७ |
| १०१. | धुलेली | ३४७ |
| १०२. | अरबी | ८ |
| १०३. | स्पेनिस | १६ |
| १०४. | रसियन | १७ |
| १०५. | डोटेली | ७८७८२७ |
| १०६. | बेलहरा | ५९९ |
| १०७. | फाङ्दुवाली | २९० |
| १०८. | वालुङ | ११६९ |
| १०९. | सुरेल | २८७ |
| ११०. | बैतडेली | २७२५२४ |
| १११. | बनकरीया | ६९ |
| ११२. | बझाङ्गी | ६७५८१ |
| ११३. | फ्रान्सेली | ३४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११४. | ल्होपा | ३०२९ | ११९. | डडेलधुरी | ४८८ |
| ११५. | डोल्पाली | १६६७ | १२०. | बाजुरेली | १०७०४ |
| ११६. | जुम्ली | ८५१ | १२१. | दार्चुलेली | ५९२८ |
| ११७. | दैलेखी | ३१०२ | १२२. | मनाङ | ३९२ |
| ११८. | सोनाहा | ५७९ | १२३. | गढवाली | ३८ |

### ७.१.२ नेपाली भाषाको विकास र विस्तार

नेपाली भाषा भारोपेली भाषा परिवारको सतम्‌वर्गभित्र पर्ने भाषा हो । यसको सम्बन्ध आर्य इरानेली शाखाको आधुनिक आर्यभाषासँग रहेको पाइन्छ । नेपाली भाषा, आधुनिक आर्य भाषाहरूमध्ये एक हो । यो संस्कृत, प्राकृत र अपभ्रंश हुँदै विकसित भएको हो । प्राकृत तथा अपभ्रंशको कुन शाखाबाट नेपाली भाषाको जन्म भएको हो भन्ने सम्बन्धमा विद्वानहरू एकमत हुन सकेका छैनन् । नेपाली भाषा सरकारी कामकाजको भाषाको रूपमा लिइन्छ । यो भाषालाई सबैले बुझ्ने, कुराकानी गर्न सजिलै सकिने, सम्पर्क भाषा, शब्दावली भाषा, भाषा प्रयोगकर्ता, साहित्य, साहित्यकार र भाषासेवीका हिसाबले सबैभन्दा धनी भाषाको रूपमा लिने गरिएको पाइन्छ ।

भाषिक पुरातात्विक विशेषता र राजनैतिक घटनाक्रमका आधारमा नेपाली भाषाको विकासक्रमलाई निम्नलिखित तीन कालमा बाँडिएको छ ।

**(क) प्राथमिक चरण**

प्राचीन काल वि.सं. १०४० देखि १५४९ सालसम्म रहेको पाइन्छ । यसको प्रमाणका रूपमा वि.स. १०३८ को दामुपालको अभिलेखलाई लिइन्छ । सप्तसिन्धु प्रदेशदेखि पूर्व हालको नेपालसम्म खसहरू फिजिएका थिए । भारतको मुगल साम्राज्य विस्तारका क्रममा सम्भावित आक्रमण प्रत्याक्रमणका लागि हुम्ला श्रीपालका राजा नागराजले वि.स. १०४० मा एकीकरण गरी विशाल खस अधिराज्यको स्थापना गरेको इतिहास प्राप्त भएको छ । यिनी खस थिएनन्, तिब्बती थिए । एट्‌किन्सन र राहुल सांकृत्यायनले दिएको विवरणअनुसार उनी स्रोङ-चङ गम्पोका बाह्रौं वंश हुन् । त्यसैले पनि यिनको मातृभाषा तिब्बती थियो भन्ने बुझिन्छ । अर्को कुरा उनका सन्तानको नाम चाप (यो नाम होइन, यो

संस्कृतिमा राजा भन्ने अर्थको सिन्जाली शब्द हो), चापिल्ल (यो पनि नाम होइन, यो चापका छोरा भन्ने अर्थको सिन्जाली शब्द हो), क्रासिचल्ल (क्रासिको छोरोः यहाँ तिब्बती र खस शब्द जोडिएको देखिन्छ), क्राधिचल्ल (क्राधिको छोरो), क्राचल्ल (क्राको छोरो) रहेबाट पनि त्यो वंश तिब्बती वक्ता भएको स्पष्ट हुन्छ । तर, प्रजाहरूको जनसङ्ख्यामा खसहरू बढी भएकाले राजाहरू पनि विस्तारै खस जातिमा रूपान्तरित हुँदै गएको र स्थानीय खस प्रजाहरूकै भाषालाई राज्यभाषाका रूपमा प्रयोग गरेको देखिन्छ । त्यसबेला पूर्वेली खस राज्यका प्रमुख दुईवटा प्रान्त थिएः खसहरूको घना बसोबास भएको खसान र जाड वा भोटेहरूको बसोबास बढी भएको जडान । यस खसान प्रान्तको राजधानीचाहिँ सिन्जा (वर्तमान जुम्ला) थियो । यी सबै क्षेत्रमा एउटै भाषाको राजकीय प्रयोग भएकाले यसलाई सिन्जाली भनेर चिन्न सकिन्छ । यसरी एकीकृत खसराज्य कालदेखि यस भाषाको उत्पत्ति भएको मानिएको हो; किनभने अरू आधुनिक भारतीय आर्यभाषाहरूको उत्पत्ति समय पनि यसै समयतिर मानिएको छ । यही भाषा पूर्वतिर पनि बढ्दै गण्डकी क्षेत्रसम्म आइपुग्यो । यसलाई पछि पर्वते भन्न थालियो । यस सिन्जाली भाषाका प्राचीन नमूनाहरू विभिन्न अभिलेखहरूमा पाइएका छन् । केही प्रमुख नमूनाहरू निम्नलिखित छन् :

- अशोकचल्लको दुल्लुको शिलालेख
- आदित्य मल्लको ताम्रपत्र
- गोर्खाको ताघबाई गुम्बामा प्राप्त आदित्य मल्लको ताम्रपत्र
- पुण्य मल्लको ताम्रपत्र

**(ख) मध्यकालीन चरण**

नागराज अभय मल्लको साम्राज्य विघटनपछि (खस राज्यको विघटन) टुक्रेराज्यको स्थापनाले गर्दा नेपाली भाषाले पनि प्राचीन लक्षणहरू गुमाउँदै मध्यकालीन लक्षणहरू प्राप्त गर्न थाल्यो । वि.स. १५५५ को धवकर्मठद्वारा लिखित कार्वोरिक विवोष शाहीको ताम्रपत्रको भाषा मध्यकालीन नेपाली भाषा लक्षणहरूको रूपमा देखा पर्‍यो ।

नेपाली भाषा सोह्रौं शताब्दीदेखि विस्तारित हुन थाल्यो । यस समयमा नेपाली भाषाभाषीहरू क्रमैले पूर्वतिर फैलन थाले । यो क्रम पहाडी तथा तराईका भूभाग तथा दार्जीलिङ्ग आसाम हुँदै बर्मासम्म पुग्यो । यसरी फैलिने क्रममा स्वदेशी तथा विदेशी भाषाका शब्दहरूको आगमन नेपाली भााषामा हुन थाल्यो । यसै समयमा नेपाली भाषाले प्रशासनको माध्यम बन्ने अवसर पनि प्राप्त गर्‍यो ।

नेपालको एकीकरण अभियानसँगै नेपाली भाषाको व्यापक रूपमा प्रचारप्रसार तथा विस्तृतीकरणले यसको महत्व अझै बढेर गयो ।

वि.स. १५५५ को धवकर्मठद्वारा लिखित कार्बोरिक विवोष शाहीको भाषिक नमूनादेखि वि.स. १९४८ को मोतिरामद्वारा लिखित भानुभक्तको जीवन चरित्रका बारेमा उल्लेख गरिएका भाषिक नमूनाका अतिरिक्त वि.स. १८५५ को शक्तिबल्लभको "हास्यकदम्ब"को भाषा हेर्दा प्राचीनकालदेखि मध्यकालसम्म आइपुग्दा नेपाली भाषाले आफ्नो स्पष्टरूप देखाइसकेको र काव्य र साहित्यतर्फ पनि यो भाषा लोकप्रिय भैसकेको पाइन्छ ।

**(ग) आधुनिक चरण**

गोरखापत्रको (१९५८) प्रकाशनसँगै नेपाली भाषाको आधुनिक कालको थालनी भएको मानिन्छ। गोरखापत्रको प्रकाशनपछि नेपाली भाषाको विकासमा गोरखापत्रका साथ अन्य विभिन्न पत्र-पत्रिकाहरूको पनि महत्वपूर्ण भूमिका रहेको पाइन्छ । नेपाली भाषाको विकास तथा संवृद्धिका लागि सुन्दरी (१९६३), माधवी (१९६५) जस्ता पत्र-पत्रिकाहरूले नेपाली भाषाको विकास र प्रचार-प्रसार गर्नमा दिएको योगदान अविस्मरणीय रहेको छ । राममणि आ.दी. को हलन्त बहिष्कार आन्दोलनलाई अगाडि बढाउन माधवी (१९६५) ले खेलेको भूमिका तथा स्वयम् राममणिकै योगदानलाई पनि बिर्सन सकिँदैन । भाषिक स्तरीकरणका लागि हलन्त बहिष्कार आन्दोलनले महत्वपूर्ण स्थान ओगेटेको छ । त्यसपछि चन्द्रिका व्याकरणको प्रकाशन तथा विभिन्न प्रतिभा सम्पन्न कवि, लेखकहरूको साधनको लेख्यप्रवृतिबाट मुक्त हुँदै विस्तारै आधुनिकतातर्फ ढल्कदै गरेको पुष्टि हुन्छ। त्यसपछि नेपाली भाषालाई चोखो बनाउने कार्यमा शारदा (१९९१) पत्रिका तथा झर्रोवादी आन्दोलन (२०१३) को विशेष भूमिका रहेको छ। झर्रोवादी आन्दोलनले नेपाली भाषालाई जिउँदो, जाग्दो र भरिलो बनाउन ठेट नेपाली शब्द प्रयोगमा विशेष जोड दिएको छ ।

वर्तमान नेपाली भाषामा प्रकाशित विभिन्न साहित्यिक र साहित्येत्तर ग्रन्थहरू, शब्दकोश तथा व्याकरणको प्रकाशन तथा यससम्बन्धी भएका विविध कार्यले नेपाली भाषाको विकसित स्थितिको सङ्केत गरेको छ । त्यसका अतिरिक्त राष्ट्रभाषाका रूपमा संविधानले दिएको मान्यता, विदेशीहरूको नेपाली भाषाप्रतिको अभिरूची, भारतीय संविधानको आठौं अनुसूचीमा नेपाली भाषाले पाएको स्थानलाई दृष्टिगत गर्दा आधुनिक नेपाली भाषाको महत्व उच्च रहेको मानिन्छ ।

आधुनिक कालमा शिक्षा, सञ्चार र प्रकाशनले नेपाली भाषाको लोकप्रियता

बढ्दै गएको पाइन्छ । यसलाई महत्व दिइनु र विदेशीहरूले समेत यसतर्फ रूचि बढाउनुले  यसको महत्व बढ्दै गएको तथ्य हाम्रासामु स्पष्ट छ । यसरी नेपाली भाषाको वर्तमान रूपलाई स्थिर तथा मानक बनाउन विभिन्न क्षेत्रबाट भएको प्रयासलाई अस्वीकार गर्न सकिदैन ।

### ७.१.३ **भाषा परिवार**

#### ***भारोपेली परिवार***

भारापेली सम्पूर्ण भाषा परिवारहरूमध्येको सर्वाधिक समृद्ध भाषा परिवार हो । भारतीय उपमहाद्वीप र युरोप मुख्य क्षेत्र रहेकाले यसको नाम भारोपेली रहन गएको देखिन्छ । सबैभन्दा बढी जनसङ्ख्याले बोल्ने तथा युरोप र एसिया महादेशका विभिन्न भूभागहरू मुख्य क्षेत्र रहे पनि संसारका सबैजसो क्षेत्रमा फैलिएको यस भाषा परिवारले साहित्य, सभ्यता, संस्कृति, ज्ञान, विज्ञान, राजनीति, आदि हरेक क्षेत्रको नेतृत्व लिएको छ । भाषा वैज्ञानिक दृष्टिले पनि यसको अध्ययनमा सर्वाधिक कार्य भएको छ । संस्कृत, अवेस्ता, ग्रिक, ल्याटिन, रूसी, जर्मन आदि विश्वका प्राचीन एवम् संवृद्ध भाषाहरू यसै परिवारका मानिन्छन् ।

भारोपेली भाषा परिवारको नामकरणका सम्बन्धमा विद्वानहरूबीच मतभेद पाइन्छ । यसलाई विद्वानहरूले इन्डो-जर्मनिक, इन्डो-युरोपियन, इन्डो-हिट्टेली, आर्य परिवार आदि भिन्न-भिन्न नाम दिएको देखिन्छ । जसले जे-जस्तो नामाकरणको प्रस्ताव गरेपनि भारोपेली (इन्डो-युरोपियन) नामले नै लोकप्रियता हासिल गरेको छ ।

भारोपेली भाषा परिवारको मूल थलो र मूल प्रयोक्ताका बारेमा कुनै ठोस निर्णय हुन सकेको देखिदैन । यद्यपि ई.पू. ४५०० वर्षअघि भारोपेली समुदायका मानिसहरू एकै ठाउँमा बस्थे र एउटै भाषा बोल्थे भन्ने अनुमान गरिएको छ । मूल थलो अज्ञात रहेपनि भाषा वैज्ञानिकहरूले तुलनात्मक अध्ययनका माध्यमबाट भारोपेलीको काल्पनिक मूल भाषाको निर्माण गरी तिनका प्रयोक्तालाई 'विरोस' नाम दिएको देखिन्छ । जसबाट भारोपेली भाषा परिवारका मूल प्रयोक्ताहरू 'विरोस' जाति थिए भन्ने निष्कर्ष निकालिएको पाइन्छ ।

#### ***द्रविड परिवार***

द्रविड जातिद्वारा बोलिने भाषालाई द्रविड भाषा परिवारअन्तर्गत राखिन्छ । मुख्यतः भारतको तमिलनाडु राज्य तथा मलेसिया, इन्डोनेसिया, श्रीलङ्का, बर्मालगायत पूर्वी र दक्षिण अफ्रिका आदि क्षेत्रमा यस परिवारका भाषाहरू बोल्ने गरिन्छ । ई.पू. १५०० भन्दा पहिलेदेखि नै बोलीचालीमा आएको यस परिवारको मुख्य

भाषा तमिल हो । साहित्य, सभ्यता र संस्कृतिका दृष्टिले तमिल भाषा अत्यन्त संवृद्ध देखिन्छ । तमिलबाहेक यस परिवारअन्तर्गत सेन्तमिल, मलयालम, कन्नाडा, तेलुगा, कोलामी आदि भाषा पर्दछन् ।

द्रविड भाषा परिवारको मुख्य विशेषता अन्तः योगात्मक हो । दुई वचन र तीन लिङ्गको व्यवस्था पाइने यस परिवारका भाषामा कर्मवाच्यको व्यवस्था पाँइदैन । मूर्द्धन्य ध्वनीको प्राधान्य पाइने यस परिवारका भाषामा स्वरान्त शब्दको प्रयोग अधिक रहेको पाइन्छ । विभक्तिको काम प्रत्ययबाट चलाइनु यस परिवारका भाषाहरूको विशेषता हो । त्यसबाहेक पर्याप्त आगन्तुक शब्दको प्रयोग हुनु, लिङ्ग निर्धारणका निम्ति आवश्यकताअनुसार नामिक शब्दसँग 'पुरूष' र 'स्त्री' वाचक शब्दहरू जोडिनुजस्ता विशेषताहरू पनि द्रविड भाषा परिवारका विशेषताका रूपमा देखिन्छन् । नेपालमा यस परिवारको झाँगड (धाँगड) भाषा बोल्ने गरिन्छ ।

***भोट बर्मेली (चिनियाँ तिब्बती) परिवार***

भाषिक वक्ताका दृष्टिले भारोपेली परिवारपछिको दोश्रो ठूलो भाषा परिवार हो चिनियाँ तिब्बती । मुख्यतः चीन, तिब्बत र बर्मामा बोलिने यस परिवारका भाषाहरू बङ्गलादेश, थाइल्याण्ड, नेपाल, भुटान, भियतनाम आदि देशहरूमा पनि बोलिन्छन् । यस परिवारलाई विद्वानहरूले भोट-बर्मेली र थाइ-चिनिया गरी दुई वर्गमा विभाजन गरेको पाइन्छ । नेपालमा यस परिवारका तामाङ (मुर्मी), नेवारी, मगर, राई, किराँती, गुरूङ, लिम्बू, शेर्पा, चेपाङ, सुनुवार, थामी, धिमाल, तिब्बती, जिरेल आदि थुप्रै भाषाहरू बोलिन्छन् ।

यस परिवारका प्रमुख भाषिक विशेषताहरू निम्नानुसार छन् :

- अयोगात्मक भाषा
- एकाक्षरी भाषा
- स्थानबाट शब्दको अर्थ निर्धारण हुने भाषा
- तानका माध्यमबाट अर्थभेद हुने भाषा
- अनुनासिक ध्वनिको बाहुल्य भएको भाषा
- अलग-अलग शब्दका लागि अलग-अलग चिन्ह हुने (वर्णमा अक्षर नहुने) भाषा

***आग्नेय परिवार***

आग्नेली भाषा परिवारलाई आग्नेसियाली/आग्नेय वा अस्ट्रिक भाषा परिवार पनि भन्ने गरिन्छ । दक्षिण-पूर्व एसिया मुख्य थलो रहेको यस परिवारका भाषाहरू अन्नाम, कम्बोडिया, बर्मा, थाइल्यान्ड, भारत हुँदै निकोबार द्वीपसम्म फैलिएको

देखिन्छ । नेपालमा पनि यस परिवारको सतार/सन्थाल भााषाको प्रयोग हुने गर्दछ । यस भाषा परिवारका मुख्य तीन शाखा देखिन्छन्- मुन्डा या कोल, मोन-ख्येर र अन्नाम मुआङ । मोन-ख्मेर भाषा समूह यस परिवारको अपेक्षाकृत सशक्त देखिन्छ । यस भाषामा साहित्यको लेखन पनि भएको देखिन्छ । माने-ख्मेरबाहेक अन्य भाषाहरूमा साहित्य-सिर्जना भएको पाइँदैन ।

यस परिवारका प्रमुख भाषिक विशेषताहरू निम्नानुसार छन् :

- मुख्यतः अश्लिष्ट योगात्मकता
- विभक्तिको काम उपसर्गबाट लिइने भाषा
- लिङ्ग निर्धारणका निम्ति मूल लिङ्ग निर्धारक शब्दको प्रयोग गरिने भाषा (जस्तै आँडिया कूलः बाघ, एङ्गा कूलःबघिनी)
- तीनवटा वचन भएको भाषा
- पुरूषअनुसार क्रियामा रूपभेद नपाइने भाषा आदि ।

**तालिका नं. ७.१**

**नेपालमा बोलिने विभिन्न भाषापरिवारअन्तर्गतका भाषाहरू**

| क्र.सं | भाषा परिवार | भाषाहरू |
|---|---|---|
| १ | भारोपेली | नेपाली, मैथिली, भोजपुरी, अवधि, थारू, राजवंशी, दनुवारी  माझी, बोटे, दरै, कुमाल, चुरेटी, माडवारी, उर्दू |
| २ | चिनियाँ तिब्बती | नेवारी, गुरूङ, तामाङ, लिम्बू, तिब्बती, शेर्पा, जिरेल, कागते,ल्होमे, डोल्पा, छितुरीङ, ल्होके, लेप्चा, घले, थकाली, मनाङ, पूर्वी केके, छन्तेल, व्याँसी, मगर, राजी, राउटे,  पश्चिमी तामाङ, बुजा, दुरा, खाम, चेपाङ, थामी, भ्रँमु, वायु (हायु), पहरी, धिमाल, मेचे, कुसुण्डा, राई, किराँती, सुनुवारी, पहारी |
| ३ | आग्नेय | सतार वा सन्थाली, अडिया |
| ४ | द्रविड | झाँगड वा घाँगड |
| ५ | अन्य | खालिङ, डोटेली , खस वा खस कुरा, उराउ |

### ७.१.४ केही भाषाभाषिका लिपिहरू

संस्कृत, नेपाली, हिन्दी तथा हाल प्रचलित नेवारी भाषामा प्रचलित लिपि देवनागरी लिपि नै हो जुन ब्राह्मी लिपिबाट विकसित भएको पाइन्छ। यस्तो लोकप्रिय



केही प्रचलित लिपिहरू

ब्राह्मी लिपिको उत्पत्तिबारे मतैक्य रहेको पाइँदैन। नारद स्मृति, वृहस्पति स्मृति, जैन ग्रन्थ र व्हेनसाङ्को वर्णनअनुसार स्वयम् ब्रह्माजीबाट सृष्टि भएको लिपि भएको हुनाले ब्राह्मी लिपि रह्यो भन्ने मान्यता पाइन्छ। त्यस्तै चिनिया बौद्धधर्मको विश्वकोशका लेखक फावान्सलिनले उल्लेख गरेअनुसार कुनै ब्रह्म नामका आचार्यले सृष्टि गरेको लिपि हुनाले ब्राह्मी लिपि रहन गएको हो भनिन्छ। नेपालको सर्न्दभमा इसापूर्व तेस्रो शताब्दीमा सम्राट अशोकद्वारा लुम्बिनीमा स्थापित अशोक स्तम्भमा र कपिलवस्तुको निग्लिहवामा प्राप्त स्तम्भाभिलेखमा अङ्कित ब्राह्मी लिपि हालसम्म प्राप्त सबैभन्दा पुरानो वा पहिलो लिपि मानिन्छ। वि.स. ५२१ पछि प्राप्त २०० जति लिच्छविकालीन अभिलेखहरू पनि ब्राह्मी लिपिका विकसित रूप मानिन्छन्। नेपाली, हिन्दी, संस्कृत र प्रचलित नेवारी भाषाको लिपि देवनागरी लिपि हो। यो ब्राह्मी लिपिको तेस्रो रूप कुटिला लिपि र रञ्जना लिपिको समिश्रण छ। यो लिपि देवनागरी वा देवताको लिपि भएकाले

देवनागरी लिपि रहेको अनुमान छ। नवौं शताब्दीदेखि पन्ध्रौं शताब्दीसम्मको अवधिलाई प्राचीन देवनागरी लिपि र सत्रौं शताब्दीदेखि हालसम्म देवनागरी गरी यो लिपिलाई दुई खण्डमा बाँडिएको छ। प्राचीन कालमा ब्राह्मी लिपिका दुई रूप थिए भने मध्यकालमा झण्डै २ दर्जनभन्दा बढी लिपिहरू विकसित भए, जसमध्ये केहीको विवरण निम्नानुसार छ :

- ***नेपाली/हिन्दी :*** देवनागरी लिपि
- ***नेवारी लिपि :*** रञ्जना, ब्राह्मी, प्रचलित, भुजिंमोल, पाँचुमोल, कुटिला आदि लिपि
- ***लिम्बू :*** सिरिजङ्घा लिपि
- ***उर्दू :*** अरबी लिपि

**७.२ साहित्य**

भाषाकै माध्यमबाट साहित्यको अभिव्यक्ति हुन्छ। साहित्य शब्दको क्षेत्र व्यापक वा विस्तृत रहेको छ। संस्कृतमा काव्यलाई नै साहित्य भनिएको पाइएता पनि वर्तमानमा चाहिँ काव्य र साहित्य अलग-अलग अस्तित्वमा रहेका पाइन्छन्। साहित्यले कथा, कविता, उपन्यास, निबन्ध, नाटक आदि सबैलाई समेट्छ। पूर्वीय विद्वान भामहका अनुसार "शब्द र अर्थको सहभाव नै साहित्य हो" नेपालमा प्रचलित प्रमुख भाषाहरूमा साहित्य सिर्जना भएको छ। यद्यपि त्यस्ता साहित्यको पहिचान हुन नसकेको अवस्था रहेको छ।

नेपाली साहित्यको विकास र विस्तारलाई तीन कालमा विभाजन गरी अध्ययन गरिएको पाइन्छ :

**(क) प्राथमिक काल : प्रारम्भदेखि वि.स. १९३९ सम्म**

सुरूदेखि मोतीराम भट्टको तथा श्रृङ्गारकाल सुरूआत हुनुपूर्वको समय आउँछ। यस अवधिमा निम्न तालिका नं. ७.२ मा उल्लेखित अभिलेखहरू (शिलापत्र, ताम्रपत्र, कनकपत्र आदि) र प्राचीन हस्तलिखित ग्रन्थहरूसमेतको समय पनि पर्दछ।

**तालिका नं. ७.२**
**भाषागत अभिलेखहरू**

| **समय** | **अभिलेख** |
|---|---|
| वि.सं.११४६ | संग्राम सिंहले जारी गरेको जुम्लाको डुम्राकोटको अभिलेख |
| वि.सं.१३१२ | सिन्जा (जुम्ला) का खस मल्ल राजा अशोक चल्लको शिलालेख |

| | |
|---|---|
| वि.सं.१३१७-१३२७ | जुम्लाका खस मल्ल राजा अक्षय मल्लको अभिलेख |
| वि.सं.१३३७ | अछामको अक्षय देवलमा प्राप्त अक्षय मल्लको अभिलेख |
| वि.सं.१३४४ | नाग मल्लको अभिलेख |
| वि.सं.१३७३ | दैलेखमा प्राप्त अभिलेख |
| वि.सं.१३७८ | गोर्खामा प्राप्त आदित्य मल्लको अभिलेख |
| वि.सं.१३८५ | गोर्खामा प्राप्त पुण्य मल्लको अभिलेख |
| वि.सं.१३९३ | पिउथर्पुमा प्राप्त पुण्य मल्लको अभिलेख |
| वि.सं.१३९४ | पुण्यमल्लको अभिलेख |
| वि.सं.१४१३ | पृथ्वी मल्लको जुम्लाको कनकपत्र |
| वि.सं.१४१४ | पृथ्वी मल्लको जुठाद्यो जोइसी लिखत ताम्रपत्र |
| वि.सं.१४१६ | निरयपालको अभिलेख |
| वि.सं.१४३३ | अभय मल्लको धर्मराज जोइसी लिखित अभिलेख |
| वि.सं.१४४८ | अभय मल्लको अभिलेख |
| वि.सं.१४७८ | बझाङ्मा प्राप्त सुमति वर्माको ताम्रपत्र |
| वि.सं.१५३७ | डोटीमा प्राप्त कीर्ति मल्लको ताम्रपत्र |
| वि.सं.१७०१ | पहाडी शाहीको ताम्रपत्र |
| वि.सं.१७०४ | जुम्लाका राजाबहादुर शाहको ताम्रपत्र |
| वि.सं.१७२७ | काठमाडौंको रानीपोखरीमा प्राप्त प्रताप मल्लको अभिलेख |
| वि.सं.१७६० | प्यूठानका राजा पृथ्वीपतिको ताम्रपत्र |

नेपाली भाषा र साहित्यको अध्ययनको क्रममा प्राचीन हस्तलिखित ग्रन्थहरू पनि महत्वपूर्ण मानिन्छन् । १५ औं शताब्दीदेखि पाइएका यस्ता प्राचीन ग्रन्थहरू निकै महत्वपूर्ण मानिन्छन् । जस्तो : भास्वती, राजा गगनीराजको यात्रा, खण्डखाद्य, रामशाहको जीवनी, वाजपरीक्षा, ज्वरोत्पत्ति चिकित्सा, प्रायश्चित प्रदीप नृपश्लोकी ग्रन्थ र औषधी रसायन ग्रन्थ, आदि ।

नेपाली साहित्य लेखनको प्रारम्भ पृथ्वीनारायण शाहको नेपाल एकीकरणको

अभियानसँगै भएको थियो। त्यसैले साहस, पराक्रम, वीरता र पुरूषार्थको कवितात्मक अभिव्यक्तिबाट नेपाली साहित्यको सुरूवात भएको पाइन्छ। सुवानन्द दास नेपालका पहिला कवि मानिन्छ।

**(ख) माध्यमिक काल : वि.स. १९४० देखि १९७४ सम्म**

यो समय विलासी राणाहरूको चकचकी युग भएकोले तत्कालीन साहित्यमा पनि यसको प्रभाव पर्न गई श्रृङ्गारिक काव्य तथा कविताहरूको सृजना भएको देखिन्छ। वीरगाथाबाट सुरू भएको नेपाली साहित्ययात्रा प्राथमिक कालमै भक्तिसाधनामा प्रवेश गरिसकेको थियो। वास्तवमा नेपाली साहित्यको माध्यमिक काललाई मोतीराम भट्टकाल भने पनि हुन्छ। अल्प आयुमा मृत्यु भएका मोतीराम भट्टले छोटो समयमा नै नेपाली साहित्यमा ठूलो योगदान पुऱ्याएका थिए। उनले यस कालमा छापाखाना खोली धेरै पुस्तकहरू छपाएका थिए। वि.स. १९४३ मा आफ्नै सम्पादकत्वमा गोरखा भारत जीवन नामक साहित्यिक पत्रिका प्रकाशन गरेका थिए। उनले श्रृङ्गारिक कविताको नेतृत्व गरेका थिए।

माध्यमिक कालमा श्रृङ्गारिक कविताहरूमात्र रचिए भन्न मिल्दैन। राणकालको त्यस चरमोत्कर्ष समयमा पनि उत्कृष्ट रचनाहरू रचिएका थिए। यस कालमा मोतिरामलगायत शंभुप्रसाद ढुङ्गेल, गोपीनाथ लोहनी, चक्रपाणी चालिसे, सोमनाथ सिग्द्याल, गिरिशवल्लभ जोशी, रामप्रसाद सत्याल, पहलमान सिंह स्वाँर आदि पर्दछन्। माध्यामिक काललाई पूर्वमध्य काल (भक्ति साहित्य) र उत्तरमध्य काल (श्रृङ्गार साहित्य) गरी २ भागमा विभाजन गरिएको पाइन्छ। भक्ति धारामा पनि कृष्ण भक्ति धारा, रामभक्ति धारा र निर्गुण भक्ति धारा गरी तीन प्रकारका साहित्यहरू पाइन्छ।

**(ग) आधुनिक काल : वि.सं. १९७५देखि हालसम्म**

कवि शिरोमणि लेखनाथ पौड्यालको आगमनसँगै नेपाली साहित्यमा आधुनिक कालको सुरूवात भएको मानिन्छ। उनको “ऋतुविचार” काव्य (वि.सं.१९७३) मा प्रकाशित भएपछि नेपाली कवितामा आधुनिक कालको सुरूवात भएको मानिन्छ। बालकृष्ण समको **मुटुको व्यथा** नाटक, विश्वेश्वरप्रसाद कोइरालाको **दोषी चस्मा** कथा, पुष्करशमशेरको **लक्ष्यहीन** एकाङ्की र बालकृष्ण समको **बोक्सी**लाई आधुनिक साहित्य मानिन्छ।

नेपाली साहित्यले २००७ सालपछि तीव्र गति तथा उचाइ लिदैं आएको पाइन्छ। नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापना, मदन पुरस्कारको स्थापनालगायतका गतिविधिले पनि साहित्यको संवृद्धिमा योगदान पुऱ्याएको पाइन्छ। नेपाली

कवितामा थालिएको २०१६-२०१७ सालतिरका आयामेली आन्दोलनले नेपाली साहित्यलाई नयाँ मोड दिएको मानिन्छ। तीस दशकपछि नेपाली कविता दुरूहताको भासबाट उठ्दै सहजता र कलात्मकतातर्फ उन्मुख भएको पाइन्छ। यसपछि कविताफाँटमा नयाँ-नयाँ शैली, प्रयोग र धाराहरू देखापर्न थाले।

नेपाली साहित्य पछिल्लो दशकमा आएर उत्तर- आधुनिक चिन्तनबाट प्रभावित भइरहेको छ। परम्परागत साहित्यिक विधाका स्वरूप र शैलीमा विघटन आएको छ। चिन्तन, शैली र विषयलाई अत्याधुनिक तरिकाले साहित्यमा प्रयोग गरिँदै आएको छ। यसरी नेपाली साहित्य आधुनिक कालसम्म आइपुग्दा धेरै प्रकारका साहित्यिक कृतिहरू प्रकाशित भइसकेको पाइन्छ।

**तालिका नं. ७.३**
**नेपाली भाषाका केही साहित्यकार र तिनका प्रमुख कृतिहरू**

| नाम/उपनाम | प्रकाशित पुस्तकहरू |
|---|---|
| भानुभक्त आचार्य (आदिकवि) | बधुशिक्षा, प्रश्नोत्तर, भक्तमाला, |
| मोतीराम भट्ट (युवा कवि, श्रृङ्गारिक कवि) | पञ्चक प्रपञ्च, पिकदूत, गजेन्द्रमोक्ष, गुफाष्टक, कनक सुन्दरी, प्रियदर्शिका |
| शम्भुप्रसाद ढुङ्गेल (आशुकवि) | शकुन्तला, वीरसिक्का |
| लेखनाथ पौड्याल (कवि शिरोमणि) | ऋतु विचार, बुद्धिविनोद, तरूण तपसी, गंगागौरी, लक्ष्मीपूजा, गौरी गौरव |
| जयपृथ्वीबहादुर सिंह | अक्षरमाला, भूगोल विद्या, पदार्थतत्व, शिक्षा दर्पण, व्यवहारमाला, तत्व प्रसंशा |
| पहलमानसिंह स्वाँर | अटल बहादुर, एकलाख रूपैयाँको चोरी |
| सूर्यविक्रम ज्ञवाली | द्रव्य शाह, रामशाह, पृथ्वीनारायण शाह, अमरसिंह थापा, नेपाली संक्षिप्त शब्दकोश |
| गुरूप्रसाद मैनाली | नासो |
| बालकृष्ण समशेर राणा (बालकृष्ण सम, नाट्य सम्राट) | मुटुको व्यथा, प्रल्हाद, मुकुन्द इन्दिरा, अन्धवेग, भक्तभानुभक्त, म, प्रेम पिण्ड, अमरसिंह, माटोको ममता, भिमसेनका अन्त्य, मोतिराम, ऊ मरेको छैन, नियमित आकस्मिकता |

| | |
|---|---|
| लक्ष्मीप्रसाद देवकाटा (महाकवि) | पहाडी पुकार, सुनको बिहान, छहरा, पुतली, मृत्यु शैयाबाट, आकाश बोल्छ, मैना, रावण जटायु युद्ध, शाकुन्तल, सुलोचना, महाराणा प्रताप, पृथ्वीराज चौहान, मुनामदन, चम्पा, लक्ष्मी कथा सङ्ग्रह, लक्ष्मी निबन्ध सङ्ग्रह |
| भिमनिधि तिवारी | सहनशीला सुशिला, पुतली, चौतारा, लक्ष्मीनारायण, माटोको माया, कविता कुन्ज, विस्फोट |
| भवानी दास गुप्ता (भवानी भिक्षु) | गुनकेशरी, मैया साहेव, आवर्त, छायाँ, प्रकाश, आगत |
| चन्द्रप्रसाद प्रधान (हृदयचन्द्रसिं प्रधान) | भूस्वर्ग, जुँगा, अफसोस, गंगालालको चिता, स्वास्नीमान्छे, एकचिहान |
| सिद्धिचरण श्रेष्ठ (युगकवि) | कोपिला, मेरो प्रतिविम्ब, कुहिरो र घाम, उर्वसी, आँसु, भिमसेन थापा |
| गोपालप्रसाद रिमाल | आमाको सपना, मसान, यो प्रेम |
| डायमन शमशेर राणा | वसन्ती, सेतो बाघ, सत्प्रयास, अनिता गृह प्रवेश |
| माधवप्रसाद घिमिरे (राष्ट्र कवि) | नवमञ्जरी, घामपानी, किन्नर किन्नरी, बाला लहरी, गौरी, राजेश्वरी, पापिनी आमा, राष्ट्र निर्माता, शकुन्तला, मालतिमंगले, आफ्नै बाँसुरी आफ्नै गीत |
| गोविन्दबहादुर मल्ल (गोठाले) | कथैकथा, प्रेम र मृत्यु, भुसको आगो, च्यातिएको पर्दा, भोको घर |
| शिवकुमार राई | फ्रान्टियर, खहरे, डाँक बंगला, डाँफेचरी |
| गोविन्दप्रसाद प्रधान (कृष्णचद्रसिंह प्रधान) | भञ्ज्याङ निरै, शालिक, आगतमा पाइला टेकेर |
| इन्द्रबहादुर राई | विपना कतिपय, कथास्था, आज रमिता छ |
| कमलमणि दीक्षित | यस्तो पनि, कालो अक्षर, कागतीको सिरप, बुकी सुन, सग्लो अक्षर |

| | |
|---|---|
| भूपेन्द्रमान शेरचन (भूपि शेरचन) | घुम्ने मेचमाथि अन्धो मान्छे, परिवर्तन, मैनबत्तीको शिखा |
| भैरव अर्याल | जयभुँडी, काउकुती, गलबन्दी, दश औतार |
| वानिरा गिरी | एउटा जिउँदो जंगबहादुर, कारागार, निबन्ध |
| विष्णुकुमारी वाइवा (पारिजात) | शीरिषको फूल, मैले नजन्माएको छोरो, पर्खाल भित्र र बाहिर, महत्ताहीन, वैशको मान्छे, अन्तर्मुखी, आकांक्षा |
| केदारमान सिंह (व्यथित) | संगम, प्रणव, आवाज, त्रिवेणी, मेरो सपनामा हाम्रो देश र हामी |
| विश्वेश्वरप्रसाद कोइराला | सुम्निमा, दोषी चस्मा, मोदी आइन, हिटलर र यहुदी, बुबा, आमा र छोरा, आफ्नो कथा |
| गणेशबहादुर थुलुङ (गणेश रसिक) | क्षितिजलाई छुन खोज्दा, जब सिस्नुहरू टेक्दै हिडें, |
| तुलसीप्रसाद जोशी (तुलसी दिवस) | नेपाली लोककथा संग्रह, तुलसी दिवसको कविता |
| महेन्द्र वीर विक्रम शाहदेव (म.बी.वि. शाह) | उसैका लागि, फेरि उसैका लागि |
| झमककुमारी घिमिरे | जीवन काँडा कि फूल, सङ्कल्प, आफ्नै चिता अग्निशिखातिर, मान्छेभित्रका योद्धाहरू, अवसान पछिको आगमन, झमक घिमिरेका कविताहरू |
| तिलविक्रम नेम्वाङ (वैरागी काइँला) | वैरागी काइँलाको कविताहरू |
| वासुदेव लुइटेल (भूतको भिनाजु) | वैराग्यशतक, भूत छैन, काकाका कुरा, भीमसेन पाती |
| मेघराज नेपाल (मञ्जुल) | सम्झनाका पाइलाहरू, साँहिली मोरीलाई, गायक यात्री |

| | |
|---|---|
| मोदनाथ पौडेल (प्रश्रित) | झाँसीकी रानी, केही सांस्कृतिक निबन्धहरू, मानव महाकाव्य, आमाको आसुँ, नारी बन्धन र मुक्ति |
| रामेश्वरप्रसाद शर्मा चालिसे (रमेश विकल) | सिंगारी बाखो, लाहुरी भैसी, नयाँ सडकको गीत, विरानो देशमा, उर्मिला भाउजू, एउटा बुढो भ्वाइलिनः आशावरीको धुनमा |
| चेतमानसिंह भण्डारी (मनु ब्राजाकी) | भऱ्याङ, अवमूल्यन, आकाशको फूल, तिम्री स्वास्नी र म, लाटा |
| तारानाथ शर्मा भण्डारी (ताना शर्मा) | मेरो कथा, ओझेल पर्दा, सुली, झझल्को, नेपालदेखि अमेरिकासम्म |
| रमोलादेवी शाह (छिन्नलता) | अन्तरभावना, अन्तर्तरङ्ग, अन्तर्स्पन्दन |
| गोविन्दबहादुर मल्ल (गोविन्द गोठाले) | कथैकथा, प्रेम र मृत्यु, लक्ष्मी पूजा, |
| अच्छा राई (रसिक) | सप्तकोशी, भूँडी, लगन, दोभान |
| लोकनाथ पन्त (गुमानी पन्त) | रामनाम पञ्चाशिका, गंगा शतक, कृष्णाष्टकम् |
| शम्भुप्रसाद ढुङ्गेल (आशुकवि) | रत्नावली, शुकसागर, तोतामैनाको कथा |
| गोपाल पाण्डे (असीम) | राष्ट्रभाषा र साहित्य (विवेचना) |
| गोपीनाथ मैनाली (पथिक) | अवसाद अभिनयी, आँखाभरी रमिता मनभरी वेदना, युगकवि सिद्धिचरण : कृति र प्रवृत्ति विश्लेषण |
| फणिन्द्रराज भट्टराई (खेताला) | छाँगो र छायाँ, नागफनी र स्वास्नीमान्छे, मूर्ति बोल्छ |
| विष्णुराज आत्रेय (लाटोसाथी) | हामीभित्रका म, ढाक्रे, कपिलवस्तु |

| | |
|---|---|
| मोहन राई (दुखुन) | जलन, प्रेम एउटा अभिशाप, मन्दाकिनी |
| चुडामणि बन्धु उपध्याय (बन्धु) | भाषाविज्ञान, अनुसन्धान प्रवन्धको रूप र शैली |
| शंकर कोइराला | खैरेनीघाट |
| नेत्रमणि सुवेदी नेत्र (एटम) | उपन्यास सिद्धान्त र नेपाली उपन्यास |
| मञ्जु तिवारी (काँचुली) | किरणका छालहरू, केही कथा केही परिधि |
| भक्तबहादुर श्रेष्ठ (सरूभक्त) | कवि प्रेमी र पागल, युद्ध उही ग्याँस चेम्वरभित्र, इतिहासभित्रको इतिहास, इथर, तरूनी खेती, पागल बस्ती, समय त्रासदी |
| वासुदेव श्रेष्ठ (पासा) | फिलिङ्गो, फर्केर हेर्दा , किसान, पर्दा, समाज |
| दयाराम श्रेष्ठ संभव | सन्दर्भ र मूल्याङ्कन, भारतीय नेपाली कथा, वीरकालीन कविता |
| युवराज मैनाली | मुर्दा बोल्यो, केही प्रतिभा केही प्रवृत्ति, भ्रष्टाचारको भाङ |
| मोहनराज ढकाल शर्मा (मोराश) | च्याँखे धर्ना, रस चिनारी, कोर्रा, खैवरी |
| नारायण वाग्ले | पल्पसा क्याफे |
| सत्यमोहन जोशी | हाम्रो लोक संस्कृति, नेपाली राष्ट्रिय मुद्रा, कर्णाली संस्कृति |
| लिलाध्वज थापा | मन |
| शङ्कर लामिछाने | अब्स्ट्रयाक्ट चिन्तन र प्याज |
| दौलत विक्रम विष्ट | चपाइएका अनुहार, ज्योति ज्योति महाज्योति |
| अमर न्यौपाने | सेतो धरती |
| जगदीश घिमिरे | अन्तरमनको यात्रा, सकस |
| कर्ण शाक्य | सोंच, खोज |
| ध्रुवचन्द्र गौतम | अलिखित, तथाकथित, त्यो एउटा कुरा, अँध्यारो द्वीपमा |

| | |
|---|---|
| कृष्ण धाराबासी | झोला, गेस्टापो, टुँडाल, शरणार्थी |
| मदनमणि दीक्षित | माधवी, स्वेतकाली |
| शारदा शर्मा | ताप, |
| महेशविक्रम शाह | छापामारको छोरो, सिपाहीकी स्वास्नी |
| राजन मुकारुङ | दामिनी भीर |
| तारालाल श्रेष्ठ | सपनाको समाधि |
| नयनराज पाण्डे | लु |
| धनुषचन्द्र गोतामे | घामका पाइलाहरू, यहाँदेखि त्यहाँसम्म |
| केशवराज पिँडाली | एकादेशकी महारानी, बाँच्ने एउटा जिन्दगी |
| राजेश्वर देवकोटा | उत्सर्ग प्रेम |
| धूस्वाँ सायमी | गंकी |
| वासु शशी | फूल ओइलाएपछि |
| लीलबहादुर क्षत्री | बसाइँ, बह्मपुत्रको छेउछाउ |
| रुद्रराज पाण्डे | रूपमती |
| परशु प्रधान | सबै बिर्सिएका अनुहार, प्रतिनिधि कथाहरू |
| मनुजबाबु मिश्र | स्वप्न सम्मेलन, काँडाका फूलहरू |
| ईश्वर वल्लभ | आगोका फूलहरू हुन् आगोका फूलहरू हैनन् |
| मोहन कोइराला | ऋतु निमन्त्रण |
| दिनेश अधिकारी | अतिरिक्त अभिलेख, इन्द्रजात्रा |
| हरिवंश आचार्य | चिना हराएको मान्छे |
| कुन्दन शर्मा | एउटी छोरीको कथा, मेरा कविताहरू, योमन |
| कृष्णप्रसाद पराजुली | कलिलो घाम |

| | |
|---|---|
| कालीप्रसाद रिजाल | के छर जिन्दगी बिताइदिन्छु, यो प्रश्न कोसित सोधौँ |
| क्षेत्रप्रताप अधिकारी | गामबेसीका गीत, नफूलेका फूलहरू |
| श्रवण मुकारुङ | जीवनको लक्ष्य |
| प्रह्लाद पोखरेल | जीवन्त यात्रा, सारथि |
| श्यामदास वैष्णव | नयाँ लहर |
| जगदीश शमशेर राणा | नरसिँह अवतार |
| वासुदेव त्रिपाठी | नवपल्लव |
| मुकुन्दशरण उपाध्याय | प्राकृत पोखरा |
| हरिभक्त कटुवाल | बदनाम मेरा यी आँखाहरू |
| कणाद महर्षि | भतेर र आँखाहरू |
| राजेन्द्र थापा | यसपाली त मनै फाट्यो |
| दैवज्ञराज न्यौपाने | सिर्जनाको लहर |
| कृष्ण प्रधान | सूर्य स्नान |
| भाउ पन्थी | अद्यापि र अरू कथा |
| किशोर नेपाल | अर्कै प्रस्तर |
| अशेष मल्ल | अर्धविराम |
| पोषण पाण्डे | आँखी झ्याल, मानस |
| गोपाल पराजुली | दिशाहीन आकास |
| कुमार ज्ञवाली | बन्दी जीवन, भत्केको गुँड |
| लोकेन्द्रबहादुर चन्द | विसर्जन, हिउँको तन्ना |
| अनिता तुलाधर | सूर्य ग्रहण |
| विजयकुमार पाण्डे | खुसी |
| बुद्धिसागर | कर्णाली ब्लुज |
| सुरेश प्राञ्जली | तुइन |

**तालिका नं. ७.४**
**नेपालका अन्य केही भाषाका लेखक र पुस्तकहरू**

| क्र.स. | लेखक | पुस्तक | भाषा |
|---|---|---|---|
| १ | केदारमान व्यथित | छ्वासः | नेवारी |
| २ | पूर्णबहादुर वैद्य | सरासु | नेवारी |
| ३ | प्रेमबहादुर कंसाकार | मातिनाया म्ये (प्रेमरसका लोकगीतहरूको सङ्कलन) | नेवारी |
| ४ | धुस्वाँ सायमी | गम्की (उपन्यास) | नेवारी |
| ५ | रामशेखर | नासफाः | नेवारी |
| ६ | तीर्थराज तुलाधार | आखे (अनुदित कथा सङ्ग्रह ) | नेवारी |
| ७ | ईश्वरनन्द श्रेष्ठाचार्य | ह्नायक (उपन्यास) | नेवारी |
| ८ | दुर्लभलाल कर्माचार्य | थः छ्येें (कथा सङ्ग्रह) | नेवारी |
| ९ | भिक्षु सुदर्शन | अम्वपाली (नाटक) | नेवारी |
| १० | वासु शशी | ताचाप्वाँया | नेवारी |
| ११ | उसमान | चित्रावली ( काव्यकृति) | अवधी |
| १२ | हेमलाल जोशी | खड्गसिद्धि (एकांकी सङ्ग्रह) | नेवारी |
| १३ | प्रेमबहादुर कंसाकार | न्हुगू पुखू (निबन्ध) | नेवारी |
| १४ | मणिकलाल श्रेष्ठ | समालोचनाया सिद्धान्त | नेवारी |
| १५ | कमलप्रसाद मल्ल | मुसः निबन्ध नः लिसवना (निबन्ध सङ्कलन) | नेवारी |
| १६ | निष्ठानन्द बज्राचार्य | ललितविस्तारा (धार्मिकग्रन्थ) | नेवारी |
| १७ | प्रज्ञान्द भिक्षु | धातुभेदनुपस्सना (दर्शनग्रन्थ) | नेवारी |
| १८ | सिद्धिनरसिंह | कार्तिक नाच | नेवारी |

| | | | |
|---|---|---|---|
| १९ | कविकेशरी चित्तधर हृदय | ललितविस्तार | नेवारी |
| २० | अगस्टस कानरेडो (विदेशी) | हरिश्चन्द्रनृत्यम् (नाटक) | मैथिली |
| २१ | राजा जगज्ज्योतिर्मल्ल | हरगौरी विवाह (नाटक | मैथिली |
| २२ | सरस राम | आनन्द - विजयनाटिका | मैथिली |
| २३ | नन्दिपति | कृष्ण केलिमालोक | मैथिली |
| २४ | विलाल | गौरी-स्वयंवरनाटिका, रूक्कमणीहरण | मैथिली |
| २५ | कवि माथुर | कानन कन्यन, कृषक | मैथिली |
| २६ | रमाकान्त कापडी | व्यथा (खण्डकाव्य) | मैथिली |
| २७ | ब्रजकिशोर ठाकुर | अध्ययन औं विवेचना | मैथिली |
| २८ | ज्यातिरीश्वर | वर्ण-रत्नाकार (गद्यग्रन्थ) | मैथिली |
| २९ | महाकवि विद्यापति | देशिल बयान | मैथिली |
| ३० | शान्ति चौधरी "थारू" | बिगडल तोहर थारू समाज हे, कन्यौति, बेटी, हमर दुधु (मेरी आमा) | थारू |
| ३१ | इमानसिंह चेम्जोङ | किराँतमुन्धुमखाहुन (शिक्षा) | लिम्बू |
| ३२ | रामप्रसाद राय | बहुआ और बहुरिया (उपन्यासरूपी नाटक) | थारू |
| ३३ | रविन्द्र तामाङ | मुग्लानरी एकाङ्की (नाटक),२०६७ | तामाङ |
| ३४ | केसाङ्ग मोक्तान तामाङ | रेन्जिन दोर्जे (उपन्यास) | तामाङ |
| ३५ | जायसी | पदमावत (काव्यकृति) | अवधी |

## ७.३ कला

नेपाली कलालाई विशेषतः चार भागमा वर्गीकरण गरिएको पाइन्छ : वास्तुकला, चित्रकला, मूर्तिकला र काष्ठकला ।

### ७.३.१ नेपाली वास्तुकला र तिनका विशेषता

वास्तुशैली एवं कलाको दृष्टिबाट नेपालमा पाइने मन्दिरहरूलाई निम्न तीन प्रकारमा विभक्त गर्न सकिन्छ :

***प्यागोडा शैली (छाने शैली)***

हिन्दूहरूले आस्थाका साथ पूजा गर्ने देवता रहने त्यस्ता मन्दिरहरूमा भक्ति, पूजा र प्रदक्षिणा पथको प्रयोजनलाई पूरा गर्ने उद्देश्यबाट मन्दिर वास्तुकलाका नमुनाका रूपमा निर्माण गरिएका हुन्छन् । यस्तो प्रयोजनका लागी विभिन्न स्वरूपका मन्दिरहरू निर्माण गर्ने चलन छ जसमध्ये प्रमुख नेपाली शैली प्यागोडा या तल्ले पनि एक हुने गर्दछ ।



न्यातपोल, भक्तपुर

नेपाली शैलीका मन्दिरहरू त्यस्ता मन्दिर हुन् जसमा अनेकन तला हुने गर्दछन् भने यिनमा एकपछि अर्को गरी तह-तह परेका अनेकन सङ्ख्यामा छानाहरू पनि हुने गर्दछन् । तसर्थ यस्ता मन्दिरहरूलाई Multiple rooted temple orTired Temple पनि भनिएको पाइन्छ ।

**यस शैलीका विशेषताहरू :**

- मन्दिर प्राङ्गणमा कलात्मक वस्तुहरू
- विशेष प्रकारको गर्भगृह
- तहतह परेको छानो
- टुँडाल र तोरणको प्रयोग

- इँटा र काठको रूचिपूर्ण संयोजन
- मन्दिरको बीचको भाग खोक्रो छाड्नु
- तल्ले शैलीका मन्दिरहरू ज्यादै अलङ्कृत हुने ।

प्यागोडा शैलीका केही मन्दिरहरू निम्नानुसार छन् :

- पशुपतिनाथ मन्दिर
- चाँगुनारायण
- न्यातपोल

## शिखर शैली

शिखर शैलीका मन्दिरहरू विभिन्न स्वरूप र प्रकारका हुन सक्दछन् । सुलुत्त परेर माथि चुलिँदै गएका झलक्क हेर्दा शिखरजस्तो देखिने छाना नभएका मन्दिरको सम्पूर्ण रचना नै चुलिनाले गुम्वज जस्तो बनेको घामपानीबाट भित्र सुरक्षित हुने किसिमको निर्माणलाई वास्तुकलामा शिखर शैली भन्ने गरिन्छ। बाहिर वरिपरि प्रदक्षिणापथ बनाइएको हुन्छ भने भित्रपट्टि मूर्ति राखिन्छ । भारतमा गुप्त राजवंशीहरूको पालामा यस किसिमका मन्दिर बनाइन्थे। गुप्तहरूका समकालीन लिच्छवि राजाहरूको पालामा यस किसिमका मन्दिर बनेको पाइँदैन । तर मल्लकालमा सत्रौँ, अठारौँ शताब्दीमा यस्ता मन्दिरहरू निक्कै बने। यस किसिमका मन्दिरहरू प्रस्तरका टुक्राहरूलाई लेपले जोडेर बनाइन्छ भने इँट निर्मित मन्दिरहरूमा बाहिरबाट बज्रलेप गरी झरीबतास आदिबाट सुरक्षित गर्ने  गरेको देखिन्छ। यस शैलीका मन्दिरहरू ब्रह्मा मन्दिर, पाटनको श्रीकृष्ण मन्दिर, पाटनको महाबौद्ध मन्दिर हुन्। यो शैलीको मन्दिरहरू मुख्य गरी नागर, द्रविड र वेशर प्रकारका हुन्छन् ।



मच्छिन्द्रनाथ मन्दिर, बुङ्गमती, ललितपुर

*यस शैलीका विशेषताहरू*

- सामान्यतया विभिन्न तहका पेटीमाथि शिखर मन्दिर स्थापना गर्नु ।
- मन्दिरअगाडि एउटामात्र मण्डप निर्माण गर्नु ।
- प्रदक्षिणापथको व्यवस्था गर्नु ।
- बत्ती बाल्ने दियाहरू राख्नु ।
- गर्भगृहमा मन्दिरका मूल देवताको प्रतिमा स्थापना गर्नु ।
- धेरै तलाहरू निर्माण नगर्नु ।
- मन्दिरमा छानाको आवश्यकता महसुस नगरी शिखरलाई नै छानाको रूपमा प्रयोग गर्नु ।
- शिखर उँभोतिर सानो हुँदै गएको बनाउनु ।
- विभिन्न रथहरूको प्रयोग गर्नु ।
- उरूश्रृङ्गको प्रयोग गर्नु ।
- त्रिरथ, पञ्च रथ र सप्त रथको कल्पना गर्नु ।
- आमलक, छत्र र गजुरको प्रयोग गर्नु ।

**यस शैलीबाट बनेका केही मन्दिरहरू :**

- पशुपतिको प्राङ्गणको ब्रह्मा मन्दिर
- पाटनको महाबौद्ध मन्दिर
- पाटनको कृष्णमन्दिर
- भक्तपुरको वत्सलादेवी मन्दिर
- स्वयंभूको प्रतापपुर र अनन्तपुर
- पाटनको च्यासिँदेग
- पाटन शङ्खमूलको जगत् नारायण मन्दिर
- ललितपुर बुङ्गमतीको मच्छिन्द्रनाथ मन्दिर

***मिश्रित शैली***

भारतको टिकमगढका राजा प्रतापसिंह र रानी वृषभानुकुमारीले वि.स. १८९५ मा निमार्ण कार्य सुरू गरेर १२ वर्ष लगाएर बनाएको जनकपुरको जानकी मन्दिर मिश्रित वास्तु शैलीको उदाहरण हो । राजपुत शैली र मुगल शैली अर्थात शिखर र गुम्बज शैलीको विशिष्ट मिश्रित स्वरूप हो ।

### ७.३.२ **नेपाली चित्रकला र तिनका विशेषता**

मानवले भाषा र लिपिको आविष्कार गर्नुभन्दा अगाडिदेखि नै चित्रकलाको

सुरूवात गरेको देखिन्छ। जुन समयमा मानवले भाषाको विकास गरेको थिएन, त्यो समयमा नै उसले चित्रको माध्यमबाट आफ्ना अनुभवहरू प्रस्तुत गरेको पाइन्छ। पाषाण कालमा यूरोपका विभिन्न गुफाहरूमा निर्माण गरिएका चित्रहरूले यसै प्रसङ्गलाई सङ्केत गरेको पाइन्छ। संस्कृत साहित्यको युग र ऐतिहासिक कालमा समेत चित्रकला मानवको विचार अभिव्यक्तिको माध्यम भएको प्रमाण पाइएको छ।

नेपालमा चित्रकलाको सुरूवात कहिले भयो भन्ने कुराको स्पष्ट जानकारी पाउन सकिएको छैन। यहाँको प्रागइतिहासको सहीढङ्गले खोज हुन अझसम्म बाँकी नै भएको कुरा विभिन्न पुस्तकहरूमा उल्लेख गरेको पाइन्छ।

नेपालका चित्रहरूको विवरण प्रस्तुत गर्ने प्रथम अभिलेख्य प्रमाण धनबज्र बज्राचार्यद्वारा नेपालको पहिलो अभिलेख मानिएको, राजाको नाम र प्रसारण गरिएको तिथिमिति अङ्कित नगरिएको चावहिलको अभिलेख हो (वज्राचार्य, २०३०:१)। उक्त अभिलेखमा "किन्नरी जातकका कुरा कुँदिएको, अनेक थरी चित्रले सुहाएको यो चैत्य धेरै कालसम्म कष्ट गरी बनाइएको हो" भन्ने कुरा स्पष्टसँग लेखिएको छ।

विश्वको चित्रकलाको इतिहास प्राचीन गुफायुगजस्तै पुरानो छ। युरोप (रोम, एथेन्स) तथा अफ्रिका (मिश्र) आदिका गुफाहरूमा चित्रकलाका प्रमाणहरू प्राप्त छन्। हिन्दू परम्परामा रामायण र महाभारतकालमा पनि चित्रकला विकसित थियो भन्ने कुरा राम वनवासपछि शोकाकुल दशरथलाई रानी कौशल्याले रामको चित्र देखाएको प्रसङ्गले पुष्टि गर्दछ। पौराणिक ग्रन्थहरूमा पनि चित्रकलाको चर्चा गरिएको छ। नेपालमा चित्रकलाको सुरूवात भारतको चित्रकलाको प्रभावबाट भएको भन्ने विद्वानहरूको राय रहेको छ र लिच्छविकालीन दरबारहरू चित्रकलाले सुसज्जित हुन्थे भन्ने कुरा चिनिया यात्रुहरूले वर्णन गरेका छन्। चित्रहरू काठ, कपडा, ताडपत्र, कागज आदिमा अङ्कित हुने र यस्ता सामग्रीहरू छिटै नाश हुनेहुँदा प्राचीन चित्रकलाका नमूनाहरू दुर्लभ छन्। तथापि प्राचीन तथा मध्यकालीन चित्रकलालाई निम्न ३ प्रकारले अध्ययन गर्न सकिन्छ :

***ग्रन्थ चित्र***

नौसय वर्षसम्म पुराना प्राचीन बौद्ध ग्रन्थहरूमा चित्रित बौद्ध चित्रहरू नै नेपालका चित्रकलाका प्राचीन नमूना हुन्। बौद्ध ग्रन्थचित्रहरूको तुलनामा हिन्दू देवी देवताका चित्रहरू न्यून मात्रामा पाइएका छन्। यस्ता ग्रन्थ चित्रहरू भारतको गुप्तकालीन अजन्ता र एलोरा शैलीसँग मिल्दाजुल्दा छन्। ग्रन्थ चित्रलाई दुई वर्गमा वर्गीकरण गरिएको छ।

क) गाता चित्र

ख) पात्र चित्र

ग्रन्थलाई सुरक्षित रूपमा ढाक्नका लागि तल र माथि राखिएका काठका चिल्ला फल्याकहरूमा भित्रि, बाहिरी भागमा वा दुवैतर्फ कोरिएको चित्र गाताचित्र हुन् भने मूलपाठको दायाँ बाँया बनेका वा मूल पाठलाई दायाँ बायाँ पारी कथावस्तुसँग मिल्ने गरी बनाइएका चित्रहरू पात्रचित्र हुन् । ग्रन्थचित्रहरूमा पञ्चरक्षा, प्रज्ञापारमिता, हरिवंश पुराण आदि बौद्ध र शैव ग्रन्थहरूमा विविध रङ्ग र आकार प्रकारका चित्रहरू अङ्कित छन् ।

छापाखानाको आविष्कार हुनुभन्दा पहिले आफूलाई आवश्यक पर्ने पुस्तकहरू हातैले लेखेर तयार पार्ने गरिन्थ्यो । यस्तै ग्रन्थलाई हस्तलिखित ग्रन्थ भनिन्छ । यी ग्रन्थहरूमा लेखिएका विषयसँग सम्बन्धित चित्रहरू पनि ती ग्रन्थहरूमा बनाउने चलन त्यस बेला थियो । यिनै चित्रहरूलाई ग्रन्थचित्र भनिन्छ र यी चित्रहरू ज्यादै सूक्ष्म रूपमा बन्ने हुँदा Miniature Painting भनेर पनि उल्लेख गर्ने गरिएको छ । हालसम्म प्राप्त नेपाली चित्रकलाका प्राचीन नमूनाहरूमा ग्रन्थचित्र नै पर्दछन् । मध्यकालभन्दा पहिलेका ग्रन्थचित्र भने पाइएका छैनन् ।

मध्यकालमा बनेका केही उत्कृष्ट ग्रन्थचित्रहरूमा पञ्चरक्षा, विष्णुधर्मशास्त्र, हरिवंश, हितोपदेश आदि उल्लेखनीय छन् । पूर्वमध्यकालतिरको पञ्चरक्षा नामक ग्रन्थको गातामा देवीहरूको भव्य चित्र बनाएको छ जसमा देवीहरू महिषासुर राक्षसलाई मार्न तल्लीन भएको देखाइएको छ । त्यस्तै, हरिवंश नामक ग्रन्थको गातामा कृष्णको जन्मदेखि उनको कंशले वध गरेसम्मको कथालाई चित्रण गरिएको छ । चित्र कथालाई बुझाउन पानाहरूमा अनेक प्रकारका चित्रहरू बनाइएका छन् ।

ग्रन्थचित्रमा प्रयोग भएको विषयवस्तु, रङ्ग तथा पहिरनका सम्बन्धमा कलाकारहरू विशेष संवेदनशील देखिन्छन् । कलाका अन्य विधामा जस्तो चित्रकलामा स्पष्ट रूपमा व्यक्तिको पहिचान गर्न कठिनाइ हुन सक्छ त्यसैले तत्कालीन कलाकारहरूले रङ्गकै माध्यमबाट देव र राक्षस स्वरूपमा भेद गर्नुपर्ने हुन्छ । यही स्थितिस्वरूप मध्यकालीन कलाकारहरूद्वारा कृष्णलाई स्वाभाविक नीलो हरियो रङ्गमा र कंस तथा उनका अनुचरहरूलाई पहेँलो रङ्गमा देखाइएको छ । पहिरनमा पनि तत्कालीन भेषभूषा झल्काउने चेष्टा गरिएको पाइन्छ । जस्तो कि पुरूषहरूले छोटो धोती र स्त्रीहरूले घाँघर चोलो लगाउने तथा पुरूषहरूले मुसलमानी ढङ्गले दाह्री पाल्ने आदि ।

### *भित्ते चित्र*

नेपाली चित्रकलाका विविध पक्षमध्ये एक प्रमुख पक्षको रूपमा भित्तेचित्रको सुरूवातको निश्चित तिथि मिति नभए पनि यसको ऐतिहासिकता लिच्छविकालसम्म पुग्दछ । नेपालमा प्राप्त मध्यकालीन चित्रकलाका नमूनाहरूमा भित्ते चित्रकला पनि एक हो । नेपालमा पनि प्राचीन कालमा यो कला विकसित भएको हुनसक्छ तर हाल हामीसँग मल्लकालपूर्वका भित्ते चित्रकलाका नमूना प्राप्त भएका छैनन् । मध्यकालमा दरबार, मन्दिर र विहारहरूका भित्तेचित्र उत्कृष्ट कोटीका छन् । भक्तपुरको ५५ झ्याले दरबारमा रामायण, महाभारतका कथाहरू, नलदमयन्ती कथा, कृष्ण जन्म र राशलीलाका आर्कषक चित्रहरूका साथै युद्धका लागि तत्पर शस्त्रास्त्रले सुसज्जित सैनिकहरूकको चित्र अङ्कित छ । जयप्रकाश मल्लद्वारा निर्मित जीवित देवी (कुमारी) को घर मानिने कुमारी घरमा रातो र सेतो मच्छिन्द्रनाथको चित्र, पचली भैरव, भीमसेन, हिरण्यकश्यपु वध, महाङ्काल, वज्रयोगिनी, गणेश आदि देवी देवताको र मुगल भेषमा जयप्रकाश मल्लको ६ फिट अग्लो चित्र अङ्कित छ। कीर्तिपुरको बाघभैरवमा र हनुमानढोकामा समेत मल्लकालीन चित्रकलाका नमूना देख्न सकिन्छ । भक्तपुरको तलेजु मन्दिरमा पन्ध्रौं शताब्दीमा निर्मित कृष्णले मुरली बजाउदैं गरेको र राधाले झ्याली बजाउँदै गरेको चित्र अति रमणीय देखिन्छ । समष्टि रूपमा प्राचीन तथा मध्यकालीन चित्रकलामा धार्मिक सहिष्णुता, तान्त्रिक शैलीको बढ्दो प्रभाव, मुगल शैलीको प्रयोग तथा अनुशरण, विविध रङ्ग तथा रोगनको प्रयोग आदि प्रमुख विशेषताहरू पाइन्छ ।

### *पौभा चित्र*

विशेष प्रविधिका साथ कपडामा बनाइएको पौभा चित्र पट र मण्डल गरी दुई छन् । 'पट' विधिमा देवी देवताका चित्रलाई बीचमा राखी अन्य सहायक देवीदेवताहरूलाई वरिपरि राखिन्छ भने 'मण्डल' विधिमा क्यानभासको बीच खण्डमा तान्त्रिक वा साङ्केतिक चिन्हहरू राखिन्छन् । पौभा चित्रहरू नेपाली चित्रकलाको विशिष्ट शैलीको रूपमा रहेका छन् । यो चित्रकलालाई केही विद्वानहरूले नेपालमा नै उत्पत्ति भएको हो भनेका छन् भने लैनसिंह वाङ्देलका अनुसार "कपडामा धार्मिक कुराहरू लेख्ने तिब्बती परम्परा नै नेपालमा आयत गरिएको हो ।" पछि नेपालमा निर्मित बौद्ध परम्पराका पौभाचित्रहरूको चीनमा अत्याधिक माग भएकोले त्यसबखत र अद्यापि पौभा चित्रहरू व्यवसायिक रूपमा निर्माण हुँदै आएका छन् । बाङ्देलका अनुसार अमेरिकाको काउण्टी म्युजियममा रहेका तेह्रौं शताब्दीको 'अमिताभ' पौभाचित्र नेपालको प्राचीन पौभाचित्र हो । तेह्रौं शताब्दी कै 'रत्नसंभव' र नेपाल सम्वत् ७२० को 'विष्णुमण्डल' नेपाल सम्वत्

५५६ तिरको 'अमोघपास अवलोकितेश्व' पौभाचित्रहरू उल्लेखनीय छन् । धार्मिक सहिष्णुतामा आधारित हुनु, धार्मिक परम्पराका पौभा चित्र हिन्दू र बौद्ध दुबैमा प्राप्त हुनु, पृष्ठ भागमा प्राकृतिक दृश्यहरूको चित्रण हुनु नेपाली पौभाचित्रका विशेषता मानिन्छन् । सोह्रौं शताब्दीदेखि नेपाली पौभाचित्रमा तान्त्रिक शैलीको प्रवेश भई सोहीअनुरूप देवी देवताहरूको चित्रहरू अङ्कित गर्ने परिपाटी चल्यो । १८ औं शताब्दीपछिका पौभाचित्रका ठूला आँखा, उच्च नाक, लाम्चिला मुखाकृति चित्रित भएकाले यस्तो शैलीलाई भारतीय प्रभाव भन्ने गरिन्छ ।

### ७.३.३ **नेपाली मूर्तिकला र तिनका विशेषता**

नेपालको ऐतिहासिक कालविभाजनअनुसार नै यहाँको कलालाई पनि प्राचीन, मध्यकालीन र शाहकालीन गरी तीन भागमा वर्गीकरण गर्न सकिन्छ । नेपालको प्राचीनकला पनि शैलीको आधारमा तीन भागमा वर्गीकरण गरिएको पाइन्छ - प्रारम्भिक काल, लिच्छवि काल र मध्यकालीन काल । नेपालको प्राचीन मूर्ति कलाको अध्ययनसमेत यसै वर्गीकरणअनुरूप गर्न सकिन्छ ।

***प्रारम्भिक कालको मूर्तिकला***

नेपालको प्रारम्भिक मूर्तिकलामा काठमाडौँ उपत्यकाका केही प्राचीन प्रस्तर मूर्तिहरूको शैली, परम्परा र लक्षणमा मथुरा कुषाण कलाशैलीको प्रभाव परेको पाइन्छ । भारतको कुषाणकाल ईशापूर्व प्रथम शताब्दीदेखि ईश्वीको तेस्रो शताब्दीबीचको मानिने हुनाले त्यही शैलीको आधारमा नेपालमा पनि मूर्तिकला सुरू भएको देखिन्छ ।



विरुपाक्ष

पहिलो किराँत राजा यलम 'किराँतेश्वर' ले नै किराँतेश्वर महादेव (गौरीघाट श्लेषमान्तक वनमा) स्थापना गरेको अनुमान गरिन्छ । आर्यघाटको मृगेश्वर स्थानभित्रको सेतो खैरो कडा प्रस्तर मूर्ति विरूपाक्ष (ई.पूं सातौँ-आठौँ शताब्दी), किराँत राजमाता आदि

किराँतकालका प्रसिद्ध मूर्तिहरू हुन् । हाँडीगाउँ सत्यनारायण मन्दिर निकटस्थ पुरूष मूर्तिलाई अन्तिम किराँत शैलीको नमूना मानिन्छ । मनुष्यकार प्राचीन प्रस्तरमूर्तिमा विरूपष सुन्दर र उत्कृष्ट छ र यसको कथा यूनानी इडिपसको कथासँग मिल्दोजुल्दो छ । तिरौलाकोट (तराई) वनजरहीमा प्राप्त नारी शिर मृण्मूर्ति (टेराकोट) ईसापूर्व तृतीय शताब्दीको मानिन्छ । यहाँको माता र शिशु ई. पू. द्वितीय शताब्दीको हो । यस युगमा प्रचलित केही मूर्तिहरू- च्यासलहिटिकी गजलक्ष्मी, हौगलवहाल पाटनकी मातृकय, सिकुवही पाटनको उमामहेश्वर र राष्ट्रिय सङ्ग्रहालयको कुमारसम्भव शिलाफलक आदि रहेका थिए । यस युगको मूर्तिकलाको मुख्य विशेषताहरू :


पद्महस्ता लक्ष्मी

- अनौठो वरदमुद्रा प्रस्तुत गर्नु ।
- छड्के पटुकाको प्रयोग ।
- लुगाका मुजालाई बुट्टाकारमा देखाउनु ।
- साधारण र गोलो आकारको प्रभामण्डल देखाउनु ।
- यज्ञोपवितको अभाव ।
- अलङ्कृत रूपमा केश विन्यास गर्नु ।
- काँधसम्म आउने ठूल्ठूला कर्ण कुण्डलको प्रयोग गर्नु ।
- गोडामा ठूलठूला कल्लीको प्रयोग हुनु ।
- सूक्ष्म कलाकारिताको अभाव हुनु ।

### *लिच्छवि कालको मूर्तिकला*

लिच्छविकालीन मूर्तिकला सुसंस्कृत, चिल्ला, मिहीन, भावभङ्गीपूर्ण एवं मौलिकता भएको पाइन्छ । गुप्तकालीन कलाको छाप परेता पनि धार्मिक विषयवस्तुमा सुन्दर र गतिशील

मूर्तिहरू बनेका पाइन्छन् । साना भएतापनि छिनुको कुँदाइद्वारा मूर्तिहरू बनेको पाइन्छ । यस युगमा प्रचलित केही मूर्तिहरू - विष्णुविक्रान्त मूर्तिहरू, राष्ट्रिय सङ्ग्रहालयकी पद्‌महस्ता लक्ष्मी मूर्ति, आर्यघाटको विरूपाक्ष मूर्ति, हनुमानढोकाको कालियदमन मूर्ति (हनुमान ढोका, काठमाडौँ), विश्वरूप (चाँगु), बोधिसत्व (गणबहाल) जस्ता मूर्ति उत्कृट भएकाले यो युग कलामा सुवर्ण युग नै भएको मानिन्छ । यस कालका बौद्ध र बोधिसत्वका पर्याप्त मूर्तिहरू भेटिन्छन् । ढ्वकावहा चैत्यको पद्यपाणि लोकेश्वर मूर्ति, बाङ्गेमुढाको स्थानक बुद्धमूर्ति, बुढानीलकण्ठको जलाशय नारायण मूर्ति, चण्डोलको धुमवराह मूर्ति, राष्ट्रिय सङ्ग्रहालयको उमामहेश्वर मूर्ति आदि प्रसिद्ध छन् । शक्ति र ललितमय मूर्तिको निर्माण प्राचीनकालमा प्रारम्भ भइसकेको थियो । स्त्रीरूपी शक्तिपूजा प्राचीनकालदेखि नै विद्यमान भएको प्रमाण लिच्छवि राजा मानदेवको समय (ईसाको पाँचौं शताब्दी) मा स्थापना गरिएका विजेश्वरी, अष्टदशभूज धारणी पलाञ्चोक भगवती (काभ्रे) लाई लिन सकिन्छ । यो मूर्ति कलापूर्ण र बेजोड छ । ईसाको सातौं शताब्दीपछि स्त्रीलाई मूर्तिकलाको व्यापक विषय बनाई नःघलटोलको पार्वती, दक्षिणकाली (फर्पिङ्ग), कङ्केश्वरी (विष्णुमती निकट) र वनकाली (चौपाटन) जस्ता देवीका मूर्तिहरू तान्त्रिक ढाँचामा निर्माण भए । यस समयमा मूर्तिहरूले अत्यन्त परिस्कृत उत्कृष्ट अवस्था प्राप्त गरिसकेको पाइन्छ । आठौं शताब्दीपछि भारतको उत्तर बिहार शैलीको प्रभाव परेको पाइन्छ ।

**लिच्छवीकालको मूर्तिकलाको विशेषताहरू :**

- आकर्षक मुखाकृतिका मूर्तिहरू निमार्ण हुनु ।
- विशेष प्रकारको ढुङ्गाको चयन गर्नु ।
- आङ्गिक अनुपातको मेल हुनु ।
- नारी मूर्तिमा लचकताको गुण विद्यमान रहनु ।
- केश विन्यास अलङ्कृत ढङ्गमा हुनु ।
- ज्यादै आर्कषक नारी मूर्तिहरू हुनु ।
- पारदर्शी कपडाको प्रयोग गर्नु ।
- साधा र गोलो प्रभामण्डल निमार्ण गर्नु ।

***मध्यकालको मूर्तिकला***

मध्यकालीन नेपालका काष्ठ, धातु र प्रस्तर मूर्तिकला समृद्ध थिए । ताम्र र लोहलेपद्वारा मूर्तिहरू प्रज्वलित र टिकाउ पारिन्थे । कुशल कालीगढले कुँदेका मूर्तिहरू विशेषतः काठमाडौं-उपत्यकामा भेटिन्छ । नेपाली मूर्तिकला सामान्यतया प्रस्तर, काष्ठ र धातु गरी तीन प्रकारका मूर्तिकला अत्यधिक विकसित भएका छन् ।

मृण्मय (टेराकोट) मूर्तिहरू पनि थोरै विकसित भए पनि अत्यन्त सुन्दर छन् । यस युगका कोटालटोल हाँडीगाँउको उमामहेश्वर मूर्ति, क्ववहाको उमामहेश्वर मूर्ति, थापाहिटीको सूर्य मूर्ति, बनेपाको सूर्य मूर्ति, चाँगुनारायणको श्रीधर विष्णु मूर्ति, चाँगुको नरसिंह मूर्ति, देउपाटनको चतुरमुख लिङ्ग, पाटन कुम्भेश्वरको विष्णु व्यूह, राष्ट्रिय सङ्ग्रहालयको विष्णुमूर्ति आदि प्रसिद्ध छन् । तेह्रौं -चौधौं शताब्दीको नृत्यश्वर मूर्ति (राष्ट्रिय सङ्ग्रहालय), स्थिति मल्लको समय वि.स. १४३९ (ई.सं १३८२) मा पशुपतिको मनुष्याकार चतुर्मुखी मूर्ति पनि प्रसिद्ध छन् ।

**मध्यकालका मूर्तिकलाका विशेषताहरू:**

- फ्रोस्रो कमसल ढुङ्गाको छनोट ।
- लाम्चो र सानो मुखाकृति निर्माण गर्नु ।
- अत्यधिक गरगहनाको प्रयोग गर्नु ।
- अलङ्कृत प्रभामण्डल निर्माण गर्नु ।
- मूर्तिलाई हावादारी बनाउनु ।
- विशेष प्रकारको मुकुटको प्रयोग गर्नु ।
- आङ्गिक अनुपातको मेल नहुनु ।
- पादपीठमा दोहोरो पद्मपीठ देखाउनु ।

**प्रस्तरका मूर्ति**

पत्थर कलामा नेपाल निकै माथि थियो । पत्थरको छनोट, विषयवस्तुको छनोट र कालीगढी कुशलताले नेपाली पत्थर कलामा सजीवता र सुन्दरता दिएको पाइन्छ । स्थूल र सुक्ष्म प्रकारका ढुङ्गे मूर्तिहरू मध्यकालमा प्रशस्त तयार भएको पाइन्छ । दशौं शताब्दीतिरको हाँडीगाउँ कोटाल टोलको उमामहेश्वरको मूर्ति, ने.सं. १०७ को पाटनको क्वावहाको उमामहेश्वरको मूर्ति, सन् १०६५ को पाटन थापाहिटीको सूर्य मूर्ति (हाल पाटन सङ्ग्रहालयमा छ), ने.सं. ५१४ मा वनेपाको सूर्य मूर्ति, दशौं शताब्दीतिरको चाँगुनारायण प्राङ्गणको श्रीधर विष्णुको मूर्ति, चौधौं शताब्दीतिरको पनौतीको सूर्य मूर्ति,



नृत्यदेवी

तेश्रो शताब्दीतिरको चाँगुको नरसिंहको मूर्ति, चौधौं शताब्दीतिरको राष्ट्रिय सङ्ग्रहालयको विष्णुको मूर्ति आदि पूर्वमध्यकालका उत्कृष्ट मूर्तिका उदाहरण हुन् । भूपतीन्द्र मल्लको समयको भक्तपुर दरबार क्षेत्रको नरसिंहको मूर्ति र हनुमानको मूर्ति, १५औँ शताब्दीको पाटन कुम्भेश्वरको विष्णुव्यूह मूर्ति, भक्तपुर कला सङ्ग्रहालयमा रहेको १५औँ शताब्दीतिरको हरिहरको मूर्ति, १७औँ शताब्दीतिरको स्वयम्भुको महाकालको मूर्ति, भक्तपुर कला सङ्ग्रहालय, राष्ट्रिय सङ्ग्रहालयमा प्रदर्शित विभिन्न देवी देवताका मूर्ति, उपत्यकामा यत्र तत्र पाइने मूर्तिहरू नै मध्यकालीन प्रस्तर मूर्तिका उदाहरण हुन् ।

**प्रस्तर मूर्तिका विशेषताहरू :**

- राम्रो प्रस्तरको छनौट नगर्नु ।
- तान्त्रिक प्रभाव ।
- अत्यधिक गरगहनाको प्रयोग ।
- बुद्धमूर्तिमा तीन चोसे मुकुटको प्रयोग ।
- चुच्चो नाक ।
- पातलो ओठ ।
- लामा आँखा, लामो चिउडो ।
- बुद्ध जीवनका घटनालाई एउटै फलकमा उतार्नु ।
- शारीरिक अनुपात नमिलेका मूर्तिहरूको निर्माण ।
- कलात्मक प्रभा मण्डल ।
- ज्वालावलीको प्रयोग ।
- धर्म निरपेक्ष कलाकृतिको निर्माण ।

***काठका मूर्ति***

छिटो नाशवान हुने भएकाले काठका अत्यन्त पुराना मूर्तिहरू प्राप्त छैनन् । पन्ध्रौं शताब्दीतिरको राष्ट्रिय सङ्ग्रहालयको पूजादेवीको मूर्ति, १५औँ शताब्दीतिरको भक्तपुर काष्ठ सङ्ग्रहालयको नृत्यदेवीको मूर्ति, १५औँ शताब्दीतिरको राष्ट्रिय सङ्ग्रहालयको नृत्यदेवीको मूर्ति (एउटै काठमा बनेको), भक्तपुर काष्ठकला सङ्ग्रहालयका वसुन्धरा, १७औँ शताब्दीको गणेश र नृत्य रूप शिव, महिष मर्दिनींदुर्गा, मार विजयको मूर्ति काष्ठ मूर्तिका उत्कृष्ठ नमुना हुन् । काष्ठ कला टुँडालमा प्रशस्त प्रदर्शन भएको पाइन्छ । मन्दिरको गहना स्वरूप तीन खण्डसम्म कुँदिएका टुँडाल चाँगु, तलेजु, न्यातपोल, कुम्भेश्वर आदिमा पाइन्छ । टुँडालको माथिल्लो हिस्सामा वृक्ष, मध्यभागमा देवता र तल्लो खण्डमा यक्ष, नर-जनावर

तथा यौनाभियनका विभिन्न आसन आदि चारकोणमा सौन्दर्ययुक्त शार्दूल (भेडाको सिङ्ग, सिंहको शरीर) प्रदर्शन गरिन्छ। मन्दिरको द्वारमाथि अर्धवृत्ताकार तोरण बनाई त्यसको मध्यखण्डभित्रको मुख्य देवता, दायाँ-बायाँ गङ्गा, यमुना, मकरको प्रतीक राख्ने गरेको पाइन्छ। काठका कुँदिएका थाम राख्ने प्रचलन न्यातपोल, काष्टमण्डप (गोरखनाथ) मा प्रयुक्त छ। काष्ठकला सोह्रौँ-सत्रौँ शताब्दीमा चरम विकासको अवस्थामा थियो। काष्ठमूर्तिका उत्कृष्ट नमूनाहरू मन्दिरमा प्रयुक्त टुँडाल, झ्याल आदिले प्रस्तुत गर्ने गरेको पाइन्छ। मन्दिरका स्थापत्य कलामा बाहिरी भागमा टुँडालमा श्रृङ्गारमय मूर्ति पाइन्छ।

***माटोका मूर्ति***

नेपाली कलाको सूत्रधार माटोका मूर्ति हो। मृत्तिका मूर्तिका माध्यमिक नमूना पनि प्राप्त छन्। अष्टमातृका (राष्ट्रिय सङ्ग्रहालय) सत्रौँ शताब्दीको हो। पशुपति आर्यघाटको अनन्तनारायण विष्णु मूर्ति अठारौँ शताब्दीको माटाको मूर्तिको नमूना मानिन्छ। शिवसिंह मल्लको समयमा निर्मित महाबौद्ध मन्दिर ( वि.स. १६४२) मा अनगिन्ति मृतिका मूर्तिहरू छन्। इँटजस्तै पोलेर बनाएका यी माटाका मूर्तिहरू ढुङ्गाजस्तै बलिया, ढलोटजस्तै चिल्ला र स्निग्ध पाइन्छ।

***धातुका मूर्ति***


प्राचीन समयका धातुका मूर्तिहरू प्रायः उपलब्ध छैनन्। तर सान्दर्भिक प्रमाणहरू भने पाइन्छ। तराई क्षेत्रमा प्राप्त प्राचीन मुद्रा, चाङ्गुको विष्णुको मूर्ति, लिच्छवि कालका मुद्राहरू, नरेन्द्र देवको पेटीको बुद्धमूर्ति आदि लिच्छवि कालको अन्तिम समयदेखिका धातुका मूर्तिहरू हुन्। आठौँ, नवौँ शताब्दीको बुद्धको मूर्ति, ८ औँ, ९ औँ शताब्दीको न्यूयोर्कको एक व्यक्तिको निजी सङ्ग्रहमा रहेको वज्रपाणीको मूर्ति, १४ औँ शताब्दीको पाटन हिरण्यवर्ग महाविहारको अवलोकितेश्वरको मूर्ति, १४ औँ शताब्दीतीरको राष्ट्रिय सङ्ग्रहालयको नाम संगतिको मूर्ति, पाटन सङ्ग्रहालयमा रहेका ११ औँ, १२ औँ शताब्दीको इन्द्रको मूर्ति, सन् १०६५ को अर्ध नारेश्वर, १२ औँ शताब्दीको बुद्धको मूर्ति, १६, १७ औँ शताब्दीतिरको राष्ट्रिय सङ्ग्रहालयको महिषसम्बरको मूर्ति आदि नै धातु मूर्तिकलाका उत्कृट नमुना हुन्। मध्यकालमा अत्यधिक धातुका मूर्ति निर्माण भएको पाइन्छ। धातुकलामा दशौँ तथा एघारौँ शताब्दीमा नयाँ युग आएको मान्ने गरिन्छ। मध्यकालका धातु मूर्तिका विशेषताहरू निम्नानुसार पाइन्छः

क. समानुपातिक तालमान मिलेको शरीर र अवयव
ख.ढल्किएको वा अङ्ग-अङ्ग मिलेको शरीर

ग. अगाडि र पछाडि दुवैतिर कलायुक्त
घ. अत्याधिक वस्त्राभूषण
ङ. शीर र हात बढी प्रर्दशन
च. अर्ध गोलाकार आँखीभौं र चुच्चे नाक
छ. गोलो अनुहार आदि ।

**७.३.४ नेपाली काष्ठकला र तिनका विषेशताहरू**

लिच्छविकालीन काष्ठकला कृतिहरू उपलब्ध छैनन् । तर उक्त समयमा दरबार, मन्दिर, विहार घरहरूमा काठको प्रयोग हुन्थ्यो ।



मयूर झ्याल

***झ्याल र ढोकाहरू***

उपत्यकाका विभिन्न स्मारकहरूमा विभिन्न आकार प्रकारमा काठका कलात्मक झ्यालहरू पाइन्छन् । मयूर झ्याल, देसेमरू झ्या, कुमारी घरको झ्यालहरू, ५५ झ्याले दरबारका झ्यालहरू आदि काष्ठ कलाकृतिका उत्कृष्ट नमूना हुन् ।

***टुँडाल***

पूर्वमध्यकालदेखिका काष्ठ कलाकृतिहरू प्राप्त भएका छन् । बाह्रौं, १३ औं शताब्दीतिरका पाटन क्षद्रवर्ग महाविहारका सालभजिका मुद्राका टुंडालहरू, ११ औं शताब्दीका काठमाडौंको इटुमवहालका टुँडाल, १२/१३ औं शताब्दीका पनौती इन्द्रेश्वर मन्दिरका टुंडाल आदि पूर्व मध्यकालीन काष्ठ कलाका विशिष्ट नमुना

हुन् । मध्यकालीन तले शैलीका मन्दिर लगायतका स्मारकहरूमा प्रयोग भएका टुंडालहरू नै काष्ठ कलाका उत्कृष्ट उदाहरणहरू हुन् । स्मारकको छानालाई थाम्न ४५ को कोणमा राखिने साधा वा कलात्मक काठलाई टुँडाल भनिन्छ ।

***तोरण***

सोह्रौं शताब्दीको इटुमवहालको तोरण, १७ औं शताब्दीको भक्तपुर दरबारको मूलचोकको तोरण, प्रतापमल्लको समयको छुस्या वहालको तोरण, उपत्यकाका अरू मन्दिरहरूमा रहेका तोरण आदि प्रवेशद्वारमाथि रहने अर्ध वृत्ताकार तोरण हुन् ।

### ७.३.५ नेपालमा प्रचलित केही गीत, सङ्गीत र नृत्य कला

भौगोलिक एवं साँस्कृतिक विविधतायुक्त नेपाली समाजमा चाडपर्व, मौसम, खेतीपाती तथा अन्य अवसरहरूमा प्रचलित गीत तथा नृत्यहरू पाइन्छ । यिनमा अलग-अलग स्वर, भाका, मिठास र उमङ्ग भरिएका हुन्छन् ।

नेपालमा प्रचलित केही गीत सङ्गीत तथा नृत्यहरू देहाय बमोजिम रहेका छन्:

| | | |
|---|---|---|
| मालसिरी | दोहोरी / जुहारी | मैथिली |
| सिल | सोरठी | भोजपुरी |



हाम्रा लोक बाजाहरू

| | | |
|---|---|---|
| तीज/गौरा | देउडा | मारूनी |
| समला | चुस्का | कौडा |
| भजन चुटका/वालन | झोरा | बिरहीनी |
| भैलो/देउसी | बाह्रमासे | असारे |
| सङ्गीनी | झ्याउरे | ठाडोभाका |
| घाटु | तामाङ सेलो | सेप्रु |
| भक्ति किर्तन | च्याब्रुङ | झाँगर |
| झिझिया | होली | गाइने गीत |
| छिन्ताङ मई | रत्यौली | छ्याली |

परिच्छेद : आठ

# नेपालमा पूर्वाधार विकास

## ८.१ यातायात

यातायात आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह र सामाजिक एकीकरणको माध्यम हो । विकासको आधारभूत पूर्वाधारको रूपमा रहेका यातायातका साधनहरूको माध्यमबाट क्षेत्रीय असमानता कम गर्न, आर्थिक क्रियाकलापलाई गतिशीतला प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहलाई सहज बनाउन सकिन्छ । हालसम्म नेपालमा सडकलाई यातायातको मुख्य माध्यमको रूपमा लिइँदै आएको भए तापनि, हवाईमार्ग, रेलमार्ग, जलमार्ग, रज्जुमार्गजस्ता अन्य माध्यमहरूको विकासबाट पनि पर्याप्त फाइदा लिन सकिने सम्भावना रहेको छ ।



कर्णाली पुल

**तालिका नं. ८.१**
**नेपालका केही लोकमार्गहरू**

| **लोकमार्ग** | **लम्बाइ (कि.मि.)** |
|---|---|
| पूर्व-पश्चिम लोकमार्ग (महेन्द्र लोकमार्ग) | १०२७.६७ |
| त्रिभुवन लोकमार्ग | १८८.७९ |
| अरनिको लोकमार्ग | ११२.८३ |
| सिद्धार्थ लोकमार्ग | १८१.२२ |
| पृथ्वी लोकमार्ग | १७३.४३ |
| कर्णाली लोकमार्ग | २३२ |
| वि.पी.मार्ग | १५८ |
| पासाङल्हामु मार्ग | ११७.१० |
| सगरमाथा लोकमार्ग | १५८.९७ |
| राप्ती लोकमार्ग | १६९.२४ |
| महाकाली लोकमार्ग | ३२५.६८ |
| मध्यपहाडी लोकमार्ग (पुष्पलाल लोकमार्ग) | १७७६ |

**तालिका नं. ८.२**
**जिल्लागत रूपमा पूर्व-पश्चिम लोकमार्गको लम्बाइ**

| **जिल्ला** | **लम्बाइ (कि.मि.)** | **जिल्ला** | **लम्बाइ (कि.मि.)** |
|---|---|---|---|
| झापा | ५४.८ | चितवन | ३६.१ |
| मोरङ | ३६.३ | नवलपरासी | ९८.३ |
| सुनसरी | ४३.९ | रूपन्देही | ४४.५ |

| | | | |
|---|---|---|---|
| सप्तरी | ५९.० | कपिलवस्तु | ५९.८ |
| सिराहा | ४३.३ | अर्घाखाँची | ४.१ |
| धनुषा | २८.६ | दाङ | ७३.० |
| महोत्तरी | १७.५ | बाँके | ८३.० |
| सर्लाही | ३०.२ | बर्दिया | ६४.३ |
| रौतहट | २६.४ | कैलाली | ८२.६ |
| बारा | ४७.१ | कञ्चनपुर | ४४.३ |
| मकवानपुर | ५०.६ | जम्मा | १०२७.६७ |

पूर्व-पश्चिम जोड्ने निर्माणाधीन मध्य-पहाडी लोकमार्ग, हुलाकी राजमार्ग तथा उत्तर-दक्षिण जोड्ने सडकहरूको निर्माणबाट छिमेकी राष्ट्रहरूसँग व्यापार तथा



चाँदनी-दोधारा जोडने महाकाली नदीको पुल

आवगमनमा सहज हुने तथा देशको आर्थिक, सामाजिक विकासमा महत्वपूर्ण उपलब्धि हासिल गर्न सकिने पर्याप्त सम्भावना रहेको छ ।

### पूर्व-पश्चिम राजमार्गमा पर्ने विभिन्न स्थानहरूबीचको दूरी

नेपालको विभिन्न दृष्टिकोणले सबैभन्दा महत्वपूर्ण लोकमार्गको रुपमा रहेको पूर्व-पश्चिम राजमार्ग(महेन्द्र राजमार्ग) मा पर्ने विभिन्न स्थानहरूबीचको दूरी तालिका ८.३ मा दिइएको छ । झापा जिल्लाको काकरभिट्टाबाट सुरुभई कन्चनपुर जिल्लाको गड्डाचौकीमा अन्त्य हुने यो लोकमार्गको लम्बाई १०२७.६७ किलोमिटर रहेको छ । काँकरभिट्टादेखि इटहरीसम्मको दूरी ९२.४ किलोमिटर, काँकरभिट्टादेखि ढल्केबरसम्मको दूरी २५७.८१ किलोमिटर र काँकरभिट्टादेखि नारायणगढसम्मको दूरी ४७३.४७ किलोमिटर रहेको छ । यस्तै काकरभिट्टादेखि बुटवल ५८८.६७ किलोमिटर, कोहलपुर ८२४.२८ किलोमिटर र कैलालीको अत्तरिया ९७९.१ किलोमिटर रहेको छ । यसैगरी इटहरी, ढल्केबर, पथलैया, नारायणगढ, बुटवल, कोहलपुर, अत्तरिया आदि स्थानहरूबाट तालिकामा देखाइएका अन्य विभिन्न स्थानहरूबीचको दूरी पनि सजिलै थाहा पाउन सकिन्छ ।

**तालिका ८.३**
**पूर्व-पश्चिम राजमार्ग(महेन्द्र राजमार्ग) मा पर्ने विभिन्न स्थानहरूबीचको दूरी (किलोमिटरमा)**

| ढल्केवर बाट | इटहरीबाट | काकरभिट्टा बाट | स्थान | गड् डाचौकीबाट | नारायणगढ बाट | पथलैयाबाट |
|---|---|---|---|---|---|---|
| २५७.८१ | ९२.४० | ०.०० | काकरभिट्टा | १०२७.६७ | ४७३.४७ | ३६७.६३ |
| २४६.५६ | ८१.१५ | ११.२५ | चारआली | १०१६.४२ | ४६२.२२ | ३५६.३८ |
| २४०.२९ | ७४.८८ | १७.५२ | विर्तामोड | १०१०.१५ | ४५५.९५ | ३५०.११ |
| २०८.५० | ४३.०९ | ४९.३१ | दमक | ९७८.३६ | ४२४.१६ | ३१८.३२ |
| १६५.४१ | ०.०० | ९२.४० | इटहरी | ९३५.२७ | ३८१.८७ | २७५.२३ |
| १४८.०१ | १७.४० | १०९.८० | इनरुवा | ९१७.८७ | ३६३.६७ | २५७.८३ |
| ११६.८६ | ४८.५५ | १४०.९५ | भारदह | ८८६.७२ | ३३२.५२ | २२६.६८ |
| ८६.०७ | ७९.३४ | १७१.७४ | रूपनी | ८५५.९३ | ३०१.७३ | १९५.८९ |
| ६५.३९ | १००.०२ | १९२.४२ | कदमहा | ८३५.२५ | २८१.०५ | १७५.२१ |
| ६२.१४ | १०३.२७ | १९५.६७ | लाहान | ८३२.०० | २७७.८० | १७१.९६ |
| ३३.८९ | १३१.५२ | २२३.९२ | मिर्चैया | ८०३.७५ | २४९.५५ | १४३.७१ |
| ०.०० | १६५.४१ | २५७.८१ | ढल्केबर | ७६९.८६ | २१५.६६ | १०९.८२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९.९० | १७५.३१ | २६७.७१ | बर्दिवास | ७५९.९६ | २०५.७६ | ९९.९२ |
| ४२.३७ | २०७.७८ | ३००.१८ | नवलपुर | ७२७.४९ | १७३.२९ | ६७.४५ |
| ६९.४३ | २३४.८४ | ३२७.२४ | चन्द्रनिगाहपुर | ७००.४३ | १४६.२३ | ४०.३९ |
| १०९.८२ | २७५.२३ | ३६७.६३ | पथलैया | ६६०.०४ | १०५.८७ | ०.०० |
| १३८.८९ | ३०४.३० | ३९६.७० | हेटौंडा | ६३०.९७ | ७६.७७ | २९.०७ |
| २१५.६६ | ३८१.०७ | ४७३.४७ | नारायणगढ | ५५४.२० | ०.०० | १०५.८४ |

| बुटवलबाट | नारायणगढ बाट | काकरभिट्टा बाट | स्थान | गड् डाचौकीबाट | अत्तरियाबाट | कोहलपुरबाट |
|---|---|---|---|---|---|---|
| ११५.२० | ०.०० | ४७३.४७ | नारायणगढ | ५५४.२० | ५०५.६३ | ३५०.८१ |
| ४०.०० | ७५.२० | ५४८.६७ | बर्दघाट | ४७९.०० | ४३०.४३ | २७५.६१ |
| २२.५४ | ९२.६६ | ५६६.१३ | सुनवल | ४६१.५४ | ४१२.९७ | २५८.१५ |
| ०.०० | ११५.२० | ५८८.६७ | बुटवल | ४३९.०० | ३९०.४३ | २३५.६१ |
| ३१.७० | १४६.९० | ६२०.३७ | जितपुर | ४०७.३० | ३५८.७३ | २०३.९१ |
| ४६.३० | १६१.५० | ६३४.९७ | गोरुसिङ्गे | ३९२.७० | ३४४.१३ | १८९.३१ |
| ६५.५७ | १८०.७७ | ६५४.२४ | चनौटा | ३७३.४३ | ३२४.८६ | १७०.०४ |
| ९९.८६ | २१५.०६ | ६८८.५३ | भालुवाङ | ३३९.१४ | २९०.५७ | १३५.७५ |
| १२६.८८ | २४२.०८ | ७१५.५५ | लमही | ३१२.१२ | २६३.५५ | १०८.७३ |
| १६२.०६ | २७७.२६ | ७५०.७३ | अमेलिया | २७६.९४ | २२८.३७ | ७३.५५ |
| २३५.६१ | ३५०.८१ | ८२४.२८ | कोहलपुर | २०३.३९ | १५४.८२ | ०.०० |
| ३१२.०८ | ४२७.२८ | ९००.७५ | कर्णाली | १२६.९२ | ७८.३५ | ७६.४७ |
| ३९०.४३ | ५०५.६३ | ९७९.१० | अत्तरिया | ४८.५७ | ०.०० | १५४.८२ |
| ४३९.०० | ५५४.२० | १०२७.६७ | गड्डाचौकी | ०.०० | ४८.५७ | २०३.३९ |

*स्रोत : नेपाल सरकार, सडक विभागको वेभसाइट*

## काठमाडौँबाट विभिन्न जिल्लाका सदरमुकामहरू र अन्य केही स्थानहरूको सडकदूरी

काठमाडौँदेखि विभिन्न जिल्लाका सदरमुकामहरूको सडकदूरी तालिका ८.४ मा प्रस्तुत गरिएको छ । काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाको सदरमुकामको दूरी कोदारी राजमार्गको आधारमा लिइएको हो भने तानसेन र तम्घासको सडकदूरी बुटवलहुँदै आवतजावत गर्दा तय गरिनुपर्ने दूरी हो । सिन्धुलीलगायतका बाँकी सबै जिल्लाहरूका सदरमुकामहरूको दूरी काठमाडौँ-मुङ्लिङ सडकमार्गको आधारमा लिइएको हो। यसअनुसार काठमाडौँबाट सडकदूरीको दृष्टिकोणले सबैभन्दा टाढाको जिल्लासदरमुकाम बाजुरा जिल्लाको सदरमुकाम मातर्डी (९७२.९३ किलोमिटर) हो भने त्यसपछिका सबैभन्दा टाढाका जिल्लासदरमुकामहरूमा क्रमसः दार्चुला जिल्लाको दार्चुला (९६०.८६ किलोमिटर, अछाम जिल्लाको सदरमुकाम मङ्गलसेन (९३८. १६ किलोमिटर), बझाङको चैनपुर (९०३.४८ किलोमिटर) र मुगुको गमगढी (८९३.८ किलोमिटर) हुन् । यसैगरी काडमाडौँबाट सडकदूरीको दृष्टिकोणले जुम्ला जिल्लाको सदरमुकाम जुम्लाखलङ्गा ८१७.८ किलोमिटर टाढा छ भने ताप्लेजुङ् जिल्लाको सदरमुकाम ताप्लेजुङ ८३५.३ किलोमिटर टाढा रहेको छ ।

### तालिका ८.४
### काठमाडौँबाट विभिन्न जिल्लाका सदरमुकामहरू र अन्य केही स्थानहरूको सडकदूरी(किलोमिटरमा)

| क्र. सं. | जिल्ला सदरमुकाम | जिल्ला | सडकदूरी | क्र. सं | जिल्ला सदरमुकाम | जिल्ला | सडकदूरी |
|---|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | ताप्लेजुङ | ८३५.३० | ४२ | बेनी | म्याग्दी | २८८.५५ |
| २ | फिदिम | पाँचथर | ७४८.८० | ४३ | जोमसोम | मुस्ताङ | ३६८.५५ |
| ३ | इलाम | इलाम | ६८१.८८ | ४४ | स्याङ्जा | स्याङ्जा | २३५.६७ |
| ४ | चन्द्रगढी | झापा | ६१२.७२ | ४५ | तानसेन | पाल्पा | २९९.४७ |
| ५ | खाँदवारी | सङ्खुवासभा | ६८५.२० | ४६ | तम्घास | गुल्मी | ३७५.०६ |
| ६ | भोजपुर | भोजपुर | ७९४.५१ | ४७ | सन्धिखर्क | अर्घाखाँची | ३७४.८७ |
| ७ | म्याङ्लुङ | तेह्रथुम | ६५५.१२ | ४८ | भैरहवा | रूपन्देही | २७८.४१ |
| ८ | धनकुटा | धनकुटा | ५९४.२० | ४९ | परासी | नवलपरासी | २४५.८५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | विराटनगर | मोरंग | ५४८.७७ | ५० | तौलिहवा | कपिलवस्तु | ३०९.१४ |
| १० | इनरुवा | सुनसरी | ५०७.९१ | ५१ | घोराही | दाङ | ४०९.२३ |
| ११ | सोलुसल्लेरी | सोलुखम्बु | ५६५.६९ | ५२ | प्यूठान | प्यूठान | ४२७.७३ |
| १२ | ओखलढुङ्गा | ओखलढुङ्गा | ५०७.७९ | ५३ | सल्यान | सल्यान | ४९५.६६ |
| १३ | दिक्तेल | खोटाङ | ७०४.५१ | ५४ | लिवाङ | रोल्पा | ४६७.०९ |
| १४ | गाईघाट | उदयपुर | ४५३.२५ | ५५ | मुसीकोट | रुकुम | ५७१.८६ |
| १५ | राजविराज | सप्तरी | ४५७.२३ | ५६ | दैलेख | दैलेख | ६४७.४१ |
| १६ | सिराहा | सिराहा | ४१७.१५ | ५७ | जाजरकोट | जाजरकोट | ६६२.०१ |
| १७ | सिन्धुलीमाढी | सिन्धुली | ३८७.०० | ५८ | सुर्खेत | सुर्खेत | ५८०.४१ |
| १८ | जनकपुर | धनुषा | ३८१.८२ | ५९ | नेपालगञ्ज | बाँके | ५१०.०७ |
| १९ | जलेश्वर | मोहत्तरी | ३९७.७६ | ६० | गुलरिया | बर्दिया | ५४३.४० |
| २० | मलङ्गवा | सर्लाही | ३४४.१६ | ६१ | धनगढी | कैलाली | ६६४.४२ |
| २१ | गौर | रौतहट | ३३४.६१ | ६२ | महेन्द्रनगर | कन्चनपुर | ६९२.३१ |
| २२ | कलैया | बारा | २८३.५५ | ६३ | डडेलधुरा | डडेलधुरा | ७६९.७२ |
| २३ | वीरगञ्ज | पर्सा | २७६.१२ | ६४ | सिलगढी | डोटी | ८३२.६६ |
| २४ | हेटौडा | मकवानपुर | २२१.०१ | ६५ | मङ्गलसेन | अछाम | ९३८.१६ |
| २५ | भरतपुर | चितवन | १४६.२८ | ६६ | मार्तडी | बाजुरा | ९७२.९३ |
| २६ | धुन्चे | रसुवा | ११८.२६ | ६७ | चैनपुर | बझाङ | ९०३.४८ |
| २७ | विदुर | नुवाकोट | ७०.०० | ६८ | बैतडी | बैतडी | ८५४.५३ |
| २८ | धादिङबेसी | धादिङ | ८५.१६ | ६९ | दार्चुला | दार्चुला | ९६०.८६ |
| २९ | धुलीखेल | काभ्रे | ३०.०० | ७० | जुम्ला | जुम्ला | ८१७.८० |
| ३० | चौतारा | सिन्धुपाल्चोक | ८४.२१ | ७१ | मान्म | कालिकोट | ७३८.८० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१ | चरिकोट | दोलखा | १३१.७२ | ७२ | गमगढी | मुगु | ८९३.८० |
| ३२ | मन्थली | रामेछाप | १८८.९२ | काठमाडौंबाट अन्य केही महत्वपूर्ण स्थानहरूको दूरी | | | |
| ३३ | ललितपुर | ललितपुर | ३.०० | | | | |
| ३४ | भक्तपुर | भक्तपुर | १४.०० | ७३ | काकरभिट्टा | झापा | ६१७.७१ |
| ३५ | चामे | मनाङ | २४०.५४ | ७४ | इटहरी | सुनसरी | ५२५.३१ |
| ३६ | गोर्खा | गोर्खा | १४०.४८ | ७५ | ढल्केबर | धनुषा | ३५९.९० |
| ३७ | बेंसीशहर | लम्जुङ | १७५.५४ | ७६ | नारायणगढ | चितवन | १४४.२४ |
| ३८ | दमौली | तनहुँ | १५०.०५ | ७७ | मुग्लिङ | चितवन | १०८.०८ |
| ३९ | पोखरा | कास्की | १९८.५५ | ७८ | बुटवल | रूपन्देही | २५९.४४ |
| ४० | कुश्मा | पर्वत | २५१.५५ | ७९ | कोहलपुर | बाँके | ४९५.०५ |
| ४१ | बाग्लुङ | बाग्लुङ | २७१.१३ | ८० | अत्तरिया | कैलाली | ६४९.८७ |

द्रष्टव्यः (१) काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाको सदरमुकामको दूरी कोदारी राजमार्गको आधारमा लिइएको हो ।

(२) तानसेन र तम्घासको सडकदूरी बुटवलहुँदै आवतजावत गर्दा तय गरिनुपर्ने दूरी हो ।

(३) सिन्धुलीलगायतका बाँकी सबै जिल्लाहरूका सदरमुकामहरूको दूरी काठमाडौं-मुङ्लिङ सडक मार्गको आधारमा लिइएको हो ।

*स्रोत : सडक विभागको वेभसाइट*

## ८.२ जल विद्युत्

नेपालले विद्युत् उर्जाको क्षेत्रमा अनुभव सँगालेका एक शताब्दी वितेको छ । आठौं पञ्चवर्षीय योजनासम्म मुख्य रूपमा सरकारी क्षेत्रको मात्र संलग्नता पाएको यस क्षेत्रले नयाँ विद्युत् ऐन, २०४९ सँगै निजी क्षेत्रलाईसमेत संलग्न गराएको छ । आ.व. २०७१/७२ को प्रथम ८ महिनासम्ममा जलविद्युत्को कुल जडित क्षमता करिब ७८२ मेघावाट रहेको छ । सुख्खायाममा नदीहरूमा जलस्तर घट्न गई जडित क्षमताअनुसारको विद्युत् उत्पादन अत्याधिक रूपमा घट्न जाने तथा यसै समयमा विद्युत्को माग उच्च हुने कारणले माग र आपूर्तिबीच असन्तुलन भएकाले



फर्पिङ जलविद्युत गृह

विगत केही वर्षदेखि लोडसेडिङ् हुँदै आएको छ। विद्युत् उत्पादनको साथसाथै वितरणलाई पनि व्यवस्थापन गर्न विद्यमान् प्रसारण प्रणालीको संरचनामा सुधार तथा विस्तार, प्रसारण आयोजनाहरूको लागि जग्गा, बाह्य बजार व्यवस्थापनका लागि राष्ट्रिय ग्रिडको विस्तार तथा सुदृढीकरण र नेपाल भारत अन्तर्देशीय उच्च भोल्टेज प्रसारण लाइन निर्माण समेतमा अगाडि बढ्न सकेको पाइँदैन।

नेपालको सम्रग विकास र समृद्धिका लागि जलस्रोतको उपयोग एकमात्र दिगो आधारको रूपमा स्थापित भएको छ। जलविद्युत् क्षेत्रमा निजी लगानीकर्ता तथा पुँजी बजारको आर्कषण बढ्दै गएको अवस्थामा यस क्षेत्रमा लगानीको सम्भावना बढ्न गई थप आयोजनाहरू निर्माणमा सहयोग पुग्ने देखिएको छ। जलविद्युत् उत्पादनको प्रचुर सम्भावना र विद्युत् खपतका लागि आन्तरिक बजार यथेष्ट मात्रामा उपलब्ध रहेको तथा निर्यातको सम्भावनासमेत रहेको अवस्थामा यस क्षेत्रलाई देशको उर्जा अभाव हटाउँदै आर्थिक विकासको भरपर्दो आधारको रूपमा स्थापित गर्नु अपरिहार्य भएको छ।

**तालिका नं. ८.५**

**नेपालमा सञ्चालनमा रहेका जलविद्यूत् आयोजनाहरू**

| क्र. सं. | जलविद्यूत् आयोजनाको नाम | क्षमता (कि.वा.) | उत्पादन सुरु भएको वर्ष (सन्) |
|---|---|---|---|
| १ | पनौती (काभ्रेपलाञ्चोक) | २४०० | १९६५ |

| | | | |
|---|---|---|---|
| २ | फेवा (पोखरा-काश्की) | १०८८ | १९६७ |
| ३ | त्रिशुली (नुवाकोट) | २४००० | १९६७ |
| ४ | तिनाउ (पाल्पा) | १०२४ | १९७१ |
| ५ | तातोपानी स्याग्दी १ | १००० | १९७१ |
| ६ | सुनकोशी (सिन्धुपाल्चोक) | १००५० | १९७२ |
| ७ | गण्डकी (नवलपरासी) | १५००० | १९७९ |
| ८ | कुलेखानी १ (मकवानपुर) | ६०००० | १९८२ |
| ९ | देवीघाट (नुवाकोट) | १४१०० | १९८४ |
| १० | सेती (पोखरा-काश्की) | १५०० | १९८५ |
| ११ | कुलेखानी २ (मकवानपुर) | ३२००० | १९८६ |
| १२ | मर्स्याङ्दी (तनहुँ) | ६९००० | १९८९ |
| १३ | आँधिखोला (स्याङ्जा) | ५१०० | १९९१ |
| १४ | झिमरुक (प्यूठान) | १२५०० | १९९४ |
| १५ | तातोपानी स्याग्दी २ | १००० | १९९५ |
| १६ | खिम्तीखोला (दोलखा-रामेछाप) | ६०००० | २००० |
| १७ | पुवाखोला (इलाम) | ६२०० | २००० |
| १८ | मोदीखोला (पर्वत) | १४८०० | २००० |
| १९ | माथिल्लो भोटेकोशी (सिन्धुपाल्चोक) | ४५००० | २००१ |
| २० | इन्द्रावती तेस्रो (सिन्धुपाल्चोक) | ७५०० | २००२ |
| २१ | कालीगण्डकी 'ए' (स्याङ्जा) | १४४००० | २००२ |
| २२ | चिलिमे (रसुवा) | २२००० | २००३ |

| | | | |
|---|---|---|---|
| २३ | पिलुवाखोला (सङ्खुवासभा) | ३००० | २००३ |
| २४ | चाकुखोला (सिन्धुपाल्चोक) | १५०० | २००५ |
| २५ | सुनकोशी सानो (सिन्धुपाल्चोक) | २६०० | २००५ |
| २६ | खुदीखोला (लम्जुङ) | ४००० | २००६ |
| २७ | थोपालखोला (धादिङ) | १६५० | २००७ |
| २८ | मध्यमर्स्याङ्दी (लम्जुङ) | ७०००० | २००८ |
| २९ | रिडीखोला (पाल्पा) | २४०० | २००९ |
| ३० | बाराम्चीखोला (सिन्धुपाल्चोक) | ४२०० | २०१० |
| ३१ | मार्दीखोला (काश्की) | ४८०० | २०१० |
| ३२ | माईखोला (इलाम) | ४५०० | २०११ |
| ३३ | हेवाखोला (सङ्खुवासभा) | ४५५५ | २०११ |
| ३४ | तल्लो मोदी (पर्वत) | १०००० | २०१२ |
| ३५ | विजयपुर १ (काश्की) | ४५०० | २०१२ |
| ३६ | सिउरीखोला (लम्जुङ) | ५००० | २०१२ |
| ३७ | आँकुखोला (धादिङ) | ७००० | २०१३ |
| ३८ | चर्नावतीखोला (दोलखा) | ३५२० | २०१३ |
| ३९ | तल्लो चाकुखोला (सिन्धुपाल्चोक) | १८०० | २०१३ |
| ४० | तादीखोला (नुवाकोट) | ५००० | २०१३ |
| ४१ | मध्यचाकुखोला (सिन्धुपाल्चोक) | १८०० | २०१३ |
| ४२ | सिप्रिङ्खोला (दोलखा) | १०००० | २०१३ |
| ४३ | भैरवकुण्डखोला(सिन्धुपाल्चोक) | ३००० | २०१४ |
| ४४ | मैलुङ्खोला (रसुवा) | ५००० | २०१४ |

| | | | |
|---|---|---|---|
| ४५ | राधी सानो(लम्जुङ) | ४४०० | २०१४ |
| ४६ | जिरीखोला (दोलखा) | २४०० | २०१५ |
| ४७ | नौगाडखोला (दार्चुला) | ८५०० | २०१५ |
| ४८ | माई (इलाम) | २२००० | २०१५ |
| ४९ | माथिल्लो पुवा १ (इलाम) | ३००० | २०१५ |
| ५० | माथिल्लो हुग्दी (गुल्मी) | ५००० | २०१५ |

*स्रोत : विद्युत् विकास विभाग*

## ८.३ खानेपानी तथा सरसफाइ

राष्ट्रिय योजना आयोगका अनुसार नेपाल सरकारले सन् २०१७ सम्म शतप्रतिशत जनसङ्ख्यालाई आधारभूतस्तरको खानेपानी सेवा र सरसफाइ सेवा उपलब्ध गराउने लक्ष्य लिइएको छ। आ.व. २०७१/७२ को अन्त्यसम्ममा ८५ प्रतिशत जनसङ्ख्यालाई आधारभूत खानेपानी सेवा उपलब्ध भएको छ।

सरकारी क्षेत्रको प्रयासबाटमात्र उक्त लक्ष्य हासिल गर्न नसकिने भएकोले सरकार, स्थानीय निकाय, समुदाय, उपभोक्ता तथा गैरसरकारी सङ्घसंस्थाहरूले एकीकृत तथा समन्वयात्मक रूपमा कार्य गर्नु आवश्यक रहेको छ। साथै, कार्यक्रम सञ्चालन गर्दा खानेपानी र सरसफाइ कार्यक्रमलाई एकआपसमा आबद्ध गरी कार्यान्वयनमा लैजानुपर्ने देखिन्छ।

खानेपानीको क्षेत्रमा बहुनिकाय क्रियाशील रहेका छन्। खानेपानीको गुणस्तर तथा सेवास्तर वृद्धि गर्न सहरी तथा अर्धसहरी क्षेत्रमा उपभोक्ताहरूको सहलगानीमा आयोजनाहरू कार्यान्वयन गरिएको छ। सम्बद्ध निकाय र सरोकारवालाहरूसँगको सहकार्य र सहभागितामा पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गरी खुल्ला दिशामुक्त क्षेत्र विकास गर्दै लैजाने एकल सरसफाइ कार्यक्रम सुरू गरिएको पाइन्छ भने बाग्मती नदी सफाइले महाअभियानको रूप लिई देशभरका नदी नाला सफा राख्ने सन्देश दिएको देखिन्छ।

## ८.४ सिँचाइ

विकट भौगोलिक बनावट तथा जमिनको विषम अवस्थितिका कारण नेपालको कुल क्षेत्रफल १,४७,१८,१०० हेक्टरमध्ये करिब २६,४१,००० हेक्टर कृषियोग्य जमिन

भएको अनुमान छ र त्यसमध्ये पनि करिब १७,६६,००० हेक्टरमा मात्र सिँचाइ सुविधा पुऱ्याउन सकिने अवस्था रहेको छ । सीमित खेतीयोग्य जमिन र बढ्दो जनसङ्ख्याका कारण कृषि उत्पादकत्व बढाउन सिँचाइको राम्रो व्यवस्था हुनु अपरिहार्य भएकोले सरकारले सिँचाइ पूर्वाधार विकासमा ध्यान दिदैँ आएको पाइन्छ ।



सिक्टा सिँचाइ आयोजना

दिगो न्यायोचित र सन्तुलित क्षेत्रीय विकासको लागि समावेशी तथा साझेदारी व्यवस्थापनको आधारमा देशका विद्यमान सतह तथा भूमिगत जलस्रोतको अधिकतम सदुपयोगबाट वर्षैभरि सिँचाइ सुविधा पुऱ्याउने पूर्वाधार विकास गर्दै कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी गरीबी न्यूनीकरण गर्दै संवृद्धितर्फ अगाडि बढ्नु आजको आवश्यकता भएको छ ।

## ८.५ दूरसञ्चार

नेपालमा दूरसञ्चार सेवाको सुरूवात वि.सं. १९७० मा दूरसञ्चार सेवाको स्थापनापश्चात् भएको हो । वि.स. १९७१ मा काठमाडौँदेखि रक्सौलसम्म ट्रङ्क टेलिफोनको व्यवस्था भयो । चन्द्र शम्सेरको पालामा सर्वप्रथम म्याग्नेटो टेलिफोनको प्रयोगबाट भएको थियो । वि.स. १९९१ पौष १ गते टेलिफोन हेड अफिसको (दूरसञ्चारसम्बन्धी कार्यालय) स्थापना भयो । काठमाडौँमा तत्कालीन राणा प्रशासकहरूको प्रयोगको लागि वि.सं. १९९२ मा २५ लाइनको अटोमेटिक टेलिफोन जडान गरियो । त्यसैगरी १९९२ पौष २ गते 'सवाल ऐन' जारी गरी टेलिफोन सेवा सर्वसाधारणको लागि खुल्ला गरिएको थियो । त्यसैगरी दूरसञ्चारले वि.स. १९९३ मा काठमाडौँ-धनकुटा ट्रक सेवा शुरू गरेको थियो । वि.स. २००६ सालमा नेपालगञ्ज, भैरहवा, इलाम, धनकुटा, विराटनगरमा आकाशवाणी

सेटहरू राखिए । वि.सं.२००७ सालमा काठमाडौँमा सि.वि.म्यानुअल एक्सचेन्ज (१०० लाइन) को स्थापना भयो । २००९ सालसम्ममा २१ वटा जिल्लाहरूमा आकाशवाणी केन्द्रहरू खडा भए । प्रथम पञ्चवर्षीय योजनामा सञ्चारलाई पहिलो प्राथमिकता दिएपछि नेपालले वि.सं. २०१४ मङ्सिर २० मा अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घ (ITU) को सदस्यता प्राप्त गऱ्यो । प्रथम पञ्चवर्षीय योजना लागू भएपछि २०१६ सालमा काठमाडौँमा दूरसञ्चार विभाग खुल्यो । यसले राजधानीको बढ्दो मागलाई ध्यानमा राखी वि.सं. २०१९ सालमा अटोमेटिक क्रसबार एक्सचेन्ज (४०० लाइन) को स्थापना गऱ्यो । वि.सं.२०२१ आश्विन १५ मा V.H.F. प्रणालीको अन्तर्राष्ट्रिय दूरसञ्चार सेवाको सुभारम्भ भयो । तेस्रो योजनाकालमा विभिन्न जिल्लाहरूमा आकाशवाणी स्टेशनहरू थप गरिए । साथै, ५० ओटा आकाशवाणी स्याटेलाइट स्टेशनहरू थप गरिए र सातवटा एरिया कन्ट्रोल स्टेशनहरू पनि चल्न थाले । वि.सं. २०२६ सालमा समिति ऐन, २०१३ अनुसार दूरसञ्चार समितिको गठन भयो । त्यसैगरी वि.स.२०२८ मा टेलेक्स सेवा पनि प्रारम्भ भयो । वि.स. २०२८ मा सञ्चार संस्थान ऐन, २०२८ प्रारम्भ भएपछि नेपाल दूरसञ्चारले अन्तरदेशीय माइक्रोवेभ ट्रान्समिसन लिङ्कको स्थापना गऱ्यो ।

वि.स. २०५४ फागुन २० गते नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना भयो । वि.सं. २०५५ सालमा दूरसञ्चारले नेपालका सम्पूर्ण टेलिफोनहरू डिजिटल प्रणालीबाट सञ्चालन गर्ने कार्यको थालनी गऱ्यो । दूरसञ्चारको क्षेत्रमा विकासक्रमसँगै वि.स. २०५६ वैशाख १ गते सेलुलर मोबाइल सेवाको प्रारम्भ भयो । दूरसञ्चार नीति २०६० लागू भएपछि २०६० भाद्र ६ गते नेपालमा पहिलो पटक प्रिपेड मोबाइल सेवा प्रारम्भ गरियो । दूरसञ्चार संस्थान वि.सं.२०६१ वैशाख १ गते देखि विधिवत् रूपमा नेपाल टेलिकममा परिणत भई निजी क्षेत्रका अन्य सशक्त दूरसञ्चार सेवा प्रदायक संस्थाहरूसँग प्रतिस्पर्धामा उत्रिएको छ ।


फ्रिक्वेन्सी एक प्रकृतिप्रदत्त स्रोत भएकोले यसको राष्ट्रिय हित अनुकूल उपयोग गर्न र राजश्व प्राप्त गर्न सरकारले २०६९ कार्तिक १९ गते दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्यसम्बन्धी) नीति, २०६९ ल्याएको छ । २०६८ सालको जनगणना अनुसार कुल घरपरिवार सङ्ख्यामध्ये ७.३५ प्रतिशत घरपरिवारमा टेलिफोन सेवा र ६४.६३ प्रतिशत घरपरिवारमा मोवाइल फोन सेवा पुगेको छ ।

हुलाक सेवा विभागले आफ्नो सेवा विविधीकरण गर्ने क्रममा सुगमदेखि दुर्गम

जिल्लाहरूसम्म विद्युतीय सञ्चारको पहुँच पुऱ्याउने मूल ध्येयका साथ टेलिसेन्टर सेवा सञ्चालन गरेको पाइन्छ ।

## ८.६ वातावरण

नेपाल भूपरिवेष्ठित देश हो । नेपालको भौगोलिक बनावट नवीन पर्वत शृङ्खलाले बनेको छ । औद्योगिक विकास अत्यन्त न्यून भए तापनि तराई, पहाड र काठमाडौं उपत्यकामा प्रसस्त इँटा भट्टाहरू छन् । अव्यवस्थित सहरीकरणले सहरछेउका नदीनालाहरू अत्यन्त नराम्रोसँग प्रदूषित भएका छन् । वर्षा अनियमित छ । भूक्षयीकरण उच्च छ । वन अतिक्रमण बढ्दो छ । वनक्षेत्र नेपालको कुल भूभागको ३९ प्रतिशत जति छ । सरकारले अन्तर्राष्ट्रिय रूपमा वातावरण संरक्षणका लागि पहल सुरू गरेको भए पनि वातावरण संरक्षणका लागि नीति सन् १९८७ मा ल्याएको थियो । पछिल्ला वर्षहरूमा खैरोक्षेत्र (Brown Sector), पानी (Blue Sector) र वन (Green Sector) को संरक्षणमा सरकार प्रयत्नशील छ ।




कालापत्थरमा मन्त्रिपरिषद्को बैठक

विश्वव्यापी रूपमा देखापरेको जलवायु परिवर्तन (Climate Chaneg) को नेपालमा पर्ने प्रभावको न्यूनीकरण गर्न रणनीति अवलम्बन गरिएको छ भने जलवायु परिवर्तनले नेपालको हिमालय क्षेत्रमा प्रभाव परेको अनुभव रहेको छ । तापक्रमको वृद्धि दर बढेको छ । हिउँ पग्लने क्रम उच्च छ । यसर्थ नेपाल सरकारले नेपालको हिमालय क्षेत्रको संरक्षणका लागि सगरमाथाको आधार शिविर काला पत्थरमा

विश्व समुदायको ध्यान आकर्षण गर्न मिति २०६६ मङ्सिर १९ (४ डिसेम्बर २००९) मा तत्कालीन मन्त्रिपरिषद्को बैठक गरेको थियो। हिमालय भएका विश्वका देशहरूबीच हिमालय जोगाउन नेटवर्क बढाउने, विश्वको ध्यानाकर्षण गराउने उद्देश्यले विशेष प्रयासहरूको प्रारम्भ पनि गरिएको छ। पूर्वाधार निर्माण गर्दा वातावरण प्रभाव मूल्याङ्कन गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। प्रभाव मूल्याङ्कन नगरी निर्माण कार्य गर्दा प्रतिकूल प्रभाव पर्ने सम्भावना उच्च रहन्छ।

परिच्छेद : नौ

# नेपालमा पत्रकारिता

## ९.१ छापा माध्यम

नेपाली भाषामा प्रकाशित पहिलो पत्रिकाको रूपमा वि.सं. १९४३ मा मोतिराम भट्टले काशीमा छपाएका 'गोरखा भारत जीवन' मासिकलाई लिइन्छ। नेपालमै छापिएको पहिलो नेपाली पत्रिकाचाहिँ वि.सं. १९५५ सालको श्रावण महिनामा प्रकाशित 'सुधा सागर' मासिक पत्रिका हो। 'सुधा सागर' निस्केको करिब २ वर्ष १० महिनापछि वि.सं. १९५८ वैशाख २४ का दिन 'गोरखापत्र' जन्मियो। सुरूमा साप्ताहिक रूपमा प्रकाशन भएको यो पत्रिका वि.सं.२००० असोज २९ गते अर्ध साप्ताहिक रूपमा र वि.सं. २००३ पुस ८ देखि हप्तामा तीन पटक प्रकाशन हुन थाल्यो। यो पत्रिका वि.सं. २०१७ फागुन ७ गतेदेखि दैनिक रूपमा प्रकाशन हुन थाल्यो। वि.सं. १९९१ फागुनमा ऋद्धिबहादुर मल्लको सम्पादनमा नेपाली-भाषाको 'शारदा' मासिक पत्रिका प्रकाशन हुन थाल्यो। नेपालमा लेखकहरूलाई प्रोत्साहित गर्न र सबैसँग परिचय गराउन सफल भएको 'शारदा' पत्रिका २०१० सालमा आएर बन्द भयो। वि.सं. २००७ साल फागुन ८ गते सिद्धिचरण श्रेष्ठको सम्पादनमा प्रकाशित 'आवाज दैनिक' पत्रिका नेपालमा प्रकाशित पहिलो दैनिक पत्रिका थियो। नेपालमा


सर्वे भवन्तु सु।
सर्वे भद्राणि पश्य

गोर्खापत्र

एडिटर्को राय।

गोरखापत्रको पहिलो अङ्क

प्रकाशित पहिलो अङ्ग्रेजी पत्रिका बरूण शमशेरको सम्पादनमा सन् १९५४ मा प्रकाशित 'नेपाल गार्जियन' हो । उक्त पत्रिकाको छपाइ भने कलकत्तामा भएको थियो । वि.सं. २००७ सालमा बनारसमा छापिएको बालचन्द्र शर्माद्वारा सम्पादित 'नवनेपाल साप्ताहिक' नेपालमा प्रकाशित पहिलो हिन्दी भाषाको पत्रिका हो । प्रथम धार्मिक पत्रिकाको रूपमा समेत चिनिएको 'धर्मोदय' नेपाल (नेवारी) भाषामा प्रकाशित पहिलो पत्रिका हो । उक्त पत्रिका वि.सं. २००४ सालमा प्रकाशन भएको थियो । त्यसैगरी मैथिली भाषाको 'इनाप' र भोजपुरी भाषाको 'फूलपात' आ-आफ्नो भाषाका पहिला पत्रिकाहरू हुन् । नेपालमा पत्रपत्रिका दर्ता व्यवस्थाको सुरूवात वि.सं. १९९४ सालदेखि भएको हो ।

पत्रपत्रिकाको सङ्ख्यामा वृद्धि हुँदै गएपछि यस क्षेत्रमा पनि सुधारको आवश्यकता महसूस गरी २०१४ सालमा शाही प्रेस कमिशन गठन भयो । नेपालमा वि.स. २०१५ साल फागुनदेखि सर्वोच्च अदालतबाट 'नेपाल कानुन पत्रिका' मासिक रूपमा प्रकाशन हुन थाल्यो । ऐन-कानुनसम्बन्धित संशोधन, आदेश, अध्यादेश, नियम सूचनाहरू आदि सङ्ग्रहित यो पहिलो पत्रिका थियो । शाही प्रेस कमिसनकै सिफारिशमा २०२४ सालमा प्रेस काउन्सिल गठन भएको हो । प्रेस जगतलाई अझ जिम्मेवार, मर्यादित र प्रभावकारी बनाउने सर्न्दभमा प्रेस काउन्सिलले आचारसंहिता लागू गर्ने, प्रकाशित पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड र प्रक्रियालाई सुधार गरी पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड र प्रक्रिया तयार गरी लागू गर्ने लगायतका कार्य गर्दछ ।

**तालिका नं. ९.१**

**२०७२ फागुन मसान्तसम्म दर्ता भएका पत्रपत्रिकाको विवरण**

| क्षेत्र | दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | चौमासिक | अर्धवार्षिक | वार्षिक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **हिमाल** | ९ | ३ | ८३ | १० | ४० | ५ | १४ | २ | २ | ० | १६८ |
| **पहाड** | ३१६ | ९ | १,६५५ | ३३९ | १,९१९ | ३०२ | ५१० | २७ | ६६ | ८१ | ५,२२४ |
| **तराई** | ३२३ | २० | ९७५ | १०७ | २०० | ४९ | ८० | ४ | १४ | ७ | १,७७९ |
| **नेपाल** | ६४८ | ३२ | २७१३ | ४५६ | २१५९ | ३५६ | ६०४ | ३३ | ८२ | ८८ | ७,१७१ |

**द्रष्टव्य**: वर्गीकरणमा परेका पत्रपत्रिकाहरुको सङ्ख्या ८४०

(प्रेस काउन्सिल नेपाल वार्षिक प्रतिवेदन २०७१/७२)

नेपालको अन्तरिम संविधान, २०६३ मा नागरिकलाई प्रत्याभूत गरिएको मौलिक हकअर्न्तगत प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हकको व्यवस्था गरिएको छ । यसले प्रेस स्वतन्त्रताको विश्वव्यापी सान्दर्भिकतालाई नेपाली पत्रकारिता जगतमा स्थापित गर्ने अपेक्षा राखिएको छ । छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ र नियमावली, २०४९ ले पनि नेपाली पत्रकारिताको आयामिक विकासमा महत्वपूर्ण योगदान गरेको मान्नुपर्दछ । यसमा छापा पत्रिका दर्ता, पत्रकार परिचय-पत्र वितरण, प्रकाशन गर्न निषेधित विषयवस्तु, प्रेस रजिष्ट्रारको व्यवस्था, पत्रपत्रिकाको श्रेणी विभाजन प्रक्रियाजस्ता विषयवस्तुहरू समेटिएका छन् । श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ तथा नियमावली २०५३ मा श्रमजीवी पत्रकारको हित संरक्षण, क्षमता विकास, अनुगमन व्यवस्था, उजूरी व्यवस्था, विवाद समाधानका विकल्पहरू, न्यूनतम पारिश्रमिक निर्धारण व्यवस्थालगायतका विषयहरू समावेश गरी नेपाली सञ्चार जगत र सञ्चारकर्मी दुवैलाई व्यवस्थित, मर्यादित, सुरक्षित र व्यावहारिक बनाउन योगदान गरेको छ ।

### ९.२ छापाखाना

पन्ध्रौं शताब्दीतिरै तयार भएको छापाखाना वि.सं. १९०८ मा जंगबहादुर राणाले बेलायतबाट फर्कदा नेपाल भित्राएका हुन् । 'गिद्धे प्रेस' को नामले परिचित सो प्रेसको वास्तविक नाम 'कोलम्बियन प्रिन्टिङ्ग प्रेस' थियो । जंगबहादुरको निवासस्थान थापाथलीमा राखिएको सो प्रेसले वि.सं. १९५८ सम्म हुलाकपत्र, लिफा, टिकट, सरकारी कागजपत्र आदि छाप्ने गऱ्यो । यसको केही वर्षपछि नै विक्रम संवत् १९१९ सालमा ठँहिटीमा 'मनोरञ्जन छापाखाना' स्थापना भयो । नेपालमा ऐनको किताब पनि  सबैभन्दा पहिले 'मनोरञ्जन छापाखाना' बाटै छापिएको थियो । संवत् १९३० देखि १९३३ सालको बीचमा वीर शम्शेरको निवास स्थान नारायणहिटीमा अर्को एउटा छापखाना स्थापना गरियो । योबाहेक अर्को एउटा सरकारी छापाखाना पनि थियो । यसलाई 'जङ्गी लिथोग्राफी छापाखाना' भनिन्थ्यो । यो छापाखाना १९४९ सालभन्दा अगाडिदेखि नै बसन्तपुरमा थियो । नेपालमै पनि १९४९ सालमा कुवेररत्न बज्राचार्यले हाते प्रेस बनाएका थिए । जुन प्रेसले १९७९ सम्म 'बुद्ध प्रेस' को नाममा संस्कृत र नेवारी भाषाका धार्मिक पुस्तक छाप्ने गर्दथ्यो । पछि विभिन्न व्यक्ति हुँदै र विभिन्न स्थानमा पुग्दै यही प्रेस 'अन्नपूर्ण' प्रेसमा परिवर्तित भयो ।

वि.सं. १९६३ सालमा सरकारबाट एउटा सानो र एउटा ठूलोसमेत २ ओटा हाते प्रेस किनिए । यसका अतिरिक्त कुशल शिल्पी गेहेन्द्र शम्सेरले पनि प्रेस बनाई 'नारायण प्रेस' को नाउँबाट जमलमा स्थापना गरेका थिए । नेपालमा सरकारी

छापाखानाबाहेक व्यवसायको रूपमा सबैभन्दा पहिले संवत् १९५० सालमा पण्डित मोतीकृष्ण, धिरेन्द्रकृष्णद्वारा ठँहिटीमा 'पशुपत प्रेस' नामक छापाखानाको स्थापना भयो । नेपालमा संवत् १९६९ सालमा बिजुलीबाट सञ्चालित छापाखानाको स्थापना भयो । यो पहिलो बिजुलीबाट सञ्चालित छापाखाना नक्सालमा राखिएको थियो ।

प्रजातन्त्र पुनर्वहालीपश्चात् छापाखाना तथा पत्रपत्रिकासम्बन्धी मौलिक हकको संवैधानिक व्यवस्था भएपछि छापाखाना उद्योगको व्यापक विस्तार हुँदै आएको छ । वर्तमान नेपालमा अनगिन्ती प्रेसहरू छन् र अझै पनि विस्तार हुँदैछ । सरकारी तथा गैरसरकारी केही विशिष्ट प्रेसहरूमा नेपाल सरकारको मुद्रण विभागको छापाखाना, गोरखापत्रको छापाखाना, जनकशिक्षा सामग्री केन्द्रको एजुकेशन प्रेस, त्रि.वि.वि. छापाखाना, जोरगणेश प्रेस, सहयोगी प्रेस आदि प्रमुख हुन् । सहरी क्षेत्रमा प्रेसको सुविधा उपलब्ध भए तापनि दुर्गम पहाडी जिल्लामा सामान्य प्रेसको उपलब्धता छैन भने केन्द्रीय तहमा सुरक्षित प्रेसको आवश्यकता महसुस गरिएको छ ।

## ९.३ रेडियो प्रसारण

नेपालमा राणा प्रधानमन्त्री जुद्ध शम्सेरको पालामा मात्र रेडियो सेट झिकाइएको देखिन्छ । राणा प्रधानमन्त्री पद्म शम्सेरको शासनकालमा २००४ सालदेखि सर्वसाधारण नेपालीहरूलाई रेडियो ल्याई राख्न पाउने स्वतन्त्रता प्राप्त भयो । रेडियोसेट आए तापनि तिनमा विदेशी प्रसारण मात्र सुन्न पाइन्थ्यो । २००४ सालतिर तत्कालीन प्र.म. पद्मशमसेरको पालामा काठमाडौँको बिजुली अड्डामा साँझपख स्थानीय बजारभाउ र भजन प्रसारण गर्न आकाशवाणीको सेट प्रयोग गरिएको कुरा उल्लेख छ ।

२००७ सालमा देशभर जनक्रान्तिको लहर फैलियो । यही बेला विराटनगरको क्रान्ति मैदानबाट 'नेपाल प्रजातन्त्र रेडियो' नामले सर्वप्रथम रेडियो गुन्जियो । यो एउटा सानो 'टेलवार' नामक ट्रान्समिटरको सहायताबाट चलेको थियो । जुन ट्रान्समिटर काठमाडौँ ल्याएर सिंहरदबार कम्पाउण्डभित्र राखी २००७ साल चैत्र २० गतेका दिनदेखि प्रसारण-कार्य शुभारम्भ गरियो । २५० वाटको ट्रान्समिटरको सहायताले प्रसारित रेडियोको नाम पछि 'नेपाल प्रजातन्त्र रेडियो' बाट 'नेपाल रेडियो ' र त्यसपछि 'रेडियो नेपाल' भएको हो । २००९ सालमा मिडियम वेभ ७५ वाटको ट्रान्समिटरद्वारा भिन्दै प्रसारण शुरू भएको थियो । रेडियो नेपालको २०१२ सालमा ५ किलोवाट शर्टवेभ ट्रान्समिटरको स्थापना जाउलाखेलमा भयो । २०१४ साल चैत्र २९ गते रेडियो ऐन, २०१४ लालमोहर सदर भई २०१५।१।४

को नेपाल गजेटमा प्रकाशित भयो। रेडियो नेपालले साङ्गठनिक सुधारद्वारा सङ्ख्यात्मक क्षमता अभिवृद्धि गर्दै कार्यक्रममा विविधता गर्दै शर्टवेभ, मिडियम वेभ र फ्रिक्वेन्सी मोडुलेशनको विस्तार गर्दै लगेको पाइन्छ।

रेडियो नेपालले नेपाली, अङ्ग्रेजी भाषामा समाचार बुलेटिनका अतिरिक्त मगर, गुरूङ, तामाङ, राई वान्तवा, लिम्बू, भोजपुरी, हिन्दी, उर्दू, पूर्वी थारू, पश्चिमी थारू, अवधी, शेर्पा, मैथिली, संस्कृत, खाम मगर र डोटेली भाषामा पनि समाचार बुलेटिन प्रसारित गर्दै आएको छ। रेडियो नेपालले आफ्ना कार्यक्रमहरू २६ अगष्ट १९९९ देखि भि-स्याट नेटवर्कबाट प्रसारण आरम्भ गरेको थियो। त्यसैगरी आफ्नो स्रोताहरूबीच पहुँच पुर्‍याउने हेतुले रेडियो नेपालले इन्टरनेटमा सन १९९७ देखि प्रवेश गरिसकेको छ। नेपालमा एफ.एम. रेडियो प्रसारणको प्रारम्भ रेडियो नेपालले २०५२ माघ २८ मा गरेको थियो। त्यसपछि निजी क्षेत्रको सहभागीतामा रेडियो प्रसारणको क्षेत्रमा २०७२ चैत्र मसान्तसम्म ६७९ एफ.एम. रेडियोले प्रसारणको इजाजत पाएका छन्। २०६८ सालको जनगणनाअनुसार कुल घरपरिवारहरू मध्ये ५०.८२ प्रतिशत घरपरिवारमा रेडियो सेवा पुगेको छ।

### ९.४ टेलिभिजन

आम सञ्चारको सबैभन्दा सशक्त माध्यम टेलिभिजनको प्रयोग गर्ने निर्णय भएपछि २०४१ साल माघ १७ गते सरकारले प्रारम्भिक तयारीका निमित्त नेपाल टेलिभिजन परियोजनाको स्थापना गर्‍यो, जुन नेपालको टेलिभिजन युगमा पहिलो कदम थियो। नेपाल टेलिभिजनले आफ्नो प्रथम सफल परीक्षण प्रसारण २०४२ साल साउन २९ गते गर्‍यो। २०४२ सालमा संस्थानमा परिणत भएको तेस्रो दिनदेखि नै नेपाल टेलिभिजनले आफ्नो नियमित कार्यक्रम प्रसारणको शुभारम्भ गर्‍यो। परियोजनाले यु.एच.एफ व्याण्डमा भी.एच.एफ.ट्रान्समिटरबाट सुरूमा आधाघण्टा र २०४२ पुष १४ गतेदेखि साँझ ७ बजेदेखि ९ बजेसम्म २ घण्टाको नियमित प्रसारण प्रारम्भ गर्‍यो। २०४३ असार ११ गते राजा वीरेन्द्रबाट संसद् भवनबाट भएको सम्बोधनको पहिलोपल्ट प्रत्यक्ष प्रसारण गरेको थियो। जुन UHF Transmitter (O.5 Watts) प्रयोग गरी Yagi Receiving Anteena बाट सिंदरबारस्थित भवनमा सिग्नल प्राप्त गरी पुनः १०० Watts को VHF Transmitter मार्फत् प्रसारण गरिएको थियो। नेपाल टेलिभिजनको प्रसारण एसियाका २० वटा राष्ट्रहरूमा भू-उपग्रहमार्फत टेलिभिजनका सङ्केत तरङ्गहरूबाट विस्तार भइसकेको छ।

२०४४ कार्तिक २५ गते फूलचोकीमा रिले स्टेशनको स्थापना गरी २०४६ वैशाख १ गतेदेखि प्रभातकालीन प्रसारण प्रारम्भ भएको थियो। २०४२ साल पौष १४ गते

आफ्नो नियमित प्रसारण प्रारम्भ गरेको नेपाल टेलिभिजनले २०६० आश्विन १० गते एन.टी.भि.मेट्रोको सह-प्रसारण प्रारम्भ गरेको छ। अबका दिनहरूमा टेलिभिजन प्रसारणमा प्रतिस्पर्धा गर्दै जानुपर्ने भएको छ। २०७२ चैत्र मसान्तसम्ममा ९१ टेलिभिजनहरूले प्रसारण अनुमति लिएका छन् । डि.टि.एच. सेवा उपलब्ध छ। १६२ विदेशी च्यानलहरूको लागि डाउनलिङ्क अनुमति प्रदान गरिएको छ। केबल प्रसारणका लागि ८५३ केवल प्रसारकले अनुमति पाएका छन्। २०६८ सालको जनगणनाअनुसार कुल घरपरिवारमध्ये ३६.४५ प्रतिशत घरपरिवारमा टेलिभिजन र १९.३३ प्रतिशत घरपरिवारमा केवल टेलिभिजन सेवा पुगेको पाइन्छ।

## ९.५ चलचित्र

नेपालमा सर्वप्रथम २००६ सालमा नयाँ सडकस्थित जनसेवा हलमा जनताका निम्ति टिकट लगाई चलचित्र देखाउने कार्य भयो। तर यसमा देखाउने चलचित्र हिन्दी सिनेमाजगत्बाट ल्याइन्थ्यो। नेपाली भाषाको पहिलो कथानक चलचित्र 'सत्य हरिशचन्द्र' हो जुन २००८ सालमा दार्जिलिङमा बस्ने केही नेपालीहरूले निर्माण गरेका थिए। विगतमा प्रचार विभागले (हालको सूचना विभाग) आफ्नै साधन र पुँजीमा वृत्तचित्र र समाचार चित्रहरूको निर्माण गर्ने क्रममै वि.सं. २०२१ सालमा कथानक चलचित्र 'आमा' निर्माण गऱ्यो। जुन सरकारबाट तयार भएको पहिलो नेपाली चलचित्र थियो। यसैगरी सोही विभागले 'हिजो आज भोली' र 'परिवर्तन' नामका तीनवटा चलचित्रको निर्माण गऱ्यो। यसरी हाम्रो चलचित्रको इतिहासमा पहिलो अरूणोदय ल्याउने काम निश्चय नै यसै विभागबाट भएको हो।

नेपाली चलचित्र क्षेत्रको बृहत्तर विकास र प्रवर्धन गर्दै नेपाली चलचित्र क्षेत्रको विकासको उद्देश्यले सरकारले चलचित्रकर्मीहरूकै माग र सुझाव अनुसार २०५७ साल असार १६ गते चलचित्र विकास बोर्डको गठन गरेको हो। चलचित्र तथा श्रव्य दृश्य विज्ञापनको निर्माण, वितरण, प्रदर्शनको इजाजत प्रदान गर्नु, इजाजत पत्रको नवीकरण गर्नु, च्यारिटी प्रदर्शनको अनुमति दिनु, विदेशमा नेपाली चलचित्रको छाँयाकन, प्रदर्शन, मिक्सिङ गर्ने अनुमति र सिफारिश प्रदान गर्नु चलचित्र विकास बोर्डको नियमित कार्य हो। चलचित्रको जाँच सूचना तथा सञ्चार मन्त्रालयले गर्दछ। निजी क्षेत्रको संलग्नतामा चलचित्र निर्माणले द्रुत गति लिइरहेको छ। नेपालमा चलचित्र विकासलाई सहयोग पुऱ्याउन सुविधासम्पन्न चलचित्र नगर बनाउने सोँच रहेको छ भने चलचित्रको बहुआयामिक विकास गर्न सरकारले चलचित्र नीति २०७१ कार्यान्वयनमा ल्याएको छ

## ९.६ सूचना विभाग

नेपाल सरकारका सूचनाहरू जनतासमक्ष पुऱ्याउन राणा शासनको आधा शताब्दीसम्म एकमात्र माध्यम 'गोरखापत्र' थियो । अन्तिम राणा प्रधानमन्त्री मोहन शमसेरले २००५ मा प्रचार विभाग खडा गरे । २००७ सालको प्रजातन्त्रपछि यस विभागलाई 'प्रचार-प्रसार' विभाग नाम दिई गृह मन्त्रालयअन्तर्गत राखियो । प्रजातन्त्रको बहालीपछि नेपालमा प्रत्रकारिता जगतको विकासको ढोका खुलेको भए तापनि २०१५ सालमा प्रेस कमिसनले नेपाली पत्रकारिताको विकासमा अनेकौं रचनात्मक सुझाव दिएपछिमात्र यस विभागले पत्रकारिता क्षेत्रको आधुनिक युगमा प्रवेश गरेको हो ।

नेपालको भौगोलिक अवस्था, इतिहास, पुरातात्विक सम्पदा, कला, संस्कृति, भेषभुषा, रीतिरिवाज, चाडपर्व तथा नेपालका अन्य विविध पक्षसम्बन्धी सूचनाहरू नेपालभर प्रसार-प्रसार गर्ने र विश्वसामु नेपालको पहिचान गराउनेजस्ता उद्देश्य लिई यस विभागले समाचारचित्र, वृत्तचित्र र कथानक चलचित्र बनाउने तथा प्रर्दशन गर्ने र त्यस्तै खालका लेख, रचनाहरू २०२७ साल जेठ ३० गतेदेखि **नेपाल** पत्रिका मार्फत प्रकाशन गर्नेजस्ता कामहरू गर्दै आएको देखिन्छ । हाल नेपाल पत्रिकालाई नेपाल सरकारको नीतिमूलक पत्रिकाको रूपमा विकास गर्दै लैजाने सोँच विभागको रहेको छ । यस विभागबाट विभिन्न विद्वान् लेखकहरूबाट लिखित एवं अनुदित विभिन्न उपयोगी र ज्ञानवर्द्धक पुस्तक-पुस्तिकाहरू प्रकाशन एवं निःशुल्क वितरणका अलावा आमा, हिजोआज भोली र परिवर्तनजस्ता नेपाली कला संस्कृति र मनोरञ्जनले भरिपूर्ण नेपाली कथानक चलचित्रहरू पनि निर्माण र प्रदर्शन भएका थिए ।

नेपाल सरकारको सूचना प्रवाह गर्ने, नेपाली पत्रकारहरूको पेशागत हकहितको संरक्षण एवं पत्रकारिता जगतको स्वस्थ, मर्यादित तथा संस्थागत विकासका लागि सूचना विभाग आफ्नो सेवा प्रदान गर्ने कार्यमा कटिबद्ध छ । संवैधानिक कानुनहरूको कार्यान्वयन गराउने क्रममा पत्रकारहरूलाई प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराउने र पत्रपत्रिका एवं पत्रकारको अभिलेख राख्ने तथा पत्रकारको क्षमता विकास गर्ने जिम्मेवारीसमेत सूचना विभागले पूरा गर्दै आएको छ ।

सूचना विभागले सार्वजनिक सूचनालाई एकै थलोमा सङ्ग्रह गरी वितरण गर्न सूचनाको हब निर्माण गरी वितरण गर्ने, नेपाल पत्रिकामा सरकारका नीतिहरू प्रकाशन गर्ने, फोटो बैंक स्थापना गर्ने कार्यको थालनी गरेको छ । साथै, श्रमजीवी पत्रकारहरूलाई आधारभूत र सेवाकालीन तालिम दिनुका साथै आवासीय पत्रकार तालिमको लागि कार्य गरिरहेको छ ।

## ९.७ प्रेस काउन्सिल नेपाल

पत्रकारितामा पेशागत उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा संवर्द्धनको लागि प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम २०४८ कार्तिक २८ मा प्रेस काउन्सिल नेपालको स्थापना भएको हो । पत्रकारितासम्बन्धी नीतिगत कुराहरू समय-समयमा अवलोकन गरी सम्बन्धित क्षेत्रको राय सल्लाह लिई नेपाल सरकारलाई सुझाव दिने, पत्रकारिताको पेशागत मर्यादा र उत्तरदायित्व कायम गर्ने, स्वस्थ पत्रकारिता विकासका लागि आचार संहिता तयार गरी कार्यान्वयन र अनुगमन गर्ने, पत्रपत्रिका वर्गीकरण गर्ने, पत्रकारिताको विकासको लागि नेपाल सरकारलाई सुझाव दिने, पत्रकारिताको वितरण स्थितिको अद्यावधिक अभिलेख राख्ने, पत्रपत्रिकामा प्रकाशित समाचारसँग सम्बन्धित विषयलाई लिएर कसैले काउन्सिलमा उजुरी दिएमा सो सम्बन्धमा आवश्यक कारवाही गर्ने, पत्रपत्रिकाको गतिविधि एवं वस्तुस्थितिबारे अध्ययन र मूल्याङ्कनसहितको वार्षिक प्रतिवेदन सरकारसमक्ष पेश गर्नेजस्ता काम, कर्तव्य र अधिकार प्रेस काउन्सिल नेपालको रहँदै आएको छ । पत्रकारितामा विशेष योगदान पुर्‍याएका पत्रकारहरू, सम्पादकहरू, प्रकाशकहरू, श्रमजीवी पत्रकारहरूका साथै साहित्यिक पत्रकारितासँग सम्बन्धित महानुभावहरू समेतको प्रतिनिधित्व गराई काउन्सिलको गठन गरिएको छ । प्रेस काउन्सिल ऐन, २०४८ र प्रेस काउन्सिल (कार्य व्यवस्था) नियमावली, २०५३ बमोजिम प्रेस काउन्सिल नेपालको नियमित कार्यहरूको व्यवस्थापन हुँदै आएको छ ।

## ९.८ राष्ट्रिय समाचार समिति

नेपाली पत्रकारितामा समाचार समितिको इतिहास २०१६ सालदेखि सुरू भएको पाइन्छ । निजी क्षेत्रबाट २०१६ साल पुष १ गते काठमाडौँमा स्थापना गरेको 'नेपाल सम्वाद समिति' (नेसस) नै नेपालको पहिलो समाचार समिति हो । त्यसको केही समयपछि निजी क्षेत्रबाटै २०१७ वैशाख ३० गते काठमाडौँमै अर्को समाचार समिति सगरमाथा सम्वाद समिति (ससस) स्थापना भयो । नेसस र ससससलाई एकीकरण गरी २०१८ फागुन ७ गते राष्ट्रिय समाचार समिति (रासस) को स्थापना गरियो । २०१८ फागुन ७ गतेदेखि राससले आफ्नो नियमित समाचार बुलेटिन प्रारम्भ गर्‍यो । राज्य सञ्चालित समाचार समितिको रूपमा रहेको राससलाई कानूनी स्वरूप प्रदान गर्न रासस ऐन, २०१९ जारी भयो ।  राससले दिनमा पाँच पटक आफ्नो समाचार बुलेटिन प्रकाशित गर्दछ । नेपाली र अङ्ग्रेजी भाषामा प्रकाशित हुने यी बुलेटिनहरू राससको समाचारका उपभोक्ता  (दैनिक पत्रिकाहरू, रेडियो प्रसारण, टेलिभिजन प्रसारण आदि) समक्ष

इन्टरनेटको माध्यमबाट पुग्दछ । काठमाडौँ उपत्यकाका साथै अधिराज्यका विभिन्न स्थानहरूबाट प्रकाशित पत्रपत्रिका, रेडियो प्रसारण, टेलिभिजन प्रसारणका लागि आधिकारिक एवं विश्वसनीय समाचारको स्रोत रासस नै रहेको छ ।

राससले एपी, एएफपी, सिन्ह्वा र पीपीआईजस्ता अन्तर्राष्ट्रिय समाचार समितिबाट विश्वका विभिन्न स्थानका समाचारहरू प्राप्त गरी आफ्ना समाचारका उपभोक्तहरूलाई वितरण गर्दछ । यसका साथै एपी र एएफपीबाट प्राप्त अन्तर्राष्ट्रिय घटनाक्रमका आकर्षण फोटोहरूबाट नेपालका दैनिक समाचारपत्रहरूको आकर्षण बढाई पाठकहरूलाई थप सूचना र सन्तुष्टि प्रदान गराउनमा राससको उल्लेखनीय भूमिका रही आएको छ ।

## ९.९ नेपाल पत्रकार महासङ्घ

देशभरका पत्रकारहरूको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घको स्थापना वि.सं. २०१२ साल चैत १६ गते भएको हो । यसका संस्थापक अध्यक्ष पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराई हुन् । पचहत्तरै जिल्लामा जिल्ला समिति रहेको यस महासङ्घको प्रमुख उद्देश्य एवं कार्यहरू यस प्रकार छन् :

- नेपाल राज्यभर आमसञ्चारका विभिन्न क्षेत्रमा क्रियाशील पत्रकारहरूलाई एक सूत्रमा आबद्ध गरी व्यावसायिक नेतृत्व प्रदान गर्ने,
- पत्रकारहरूको व्यावसायिक हक हितको लागि नेतृत्व प्रदान गर्दै उनीहरूको हक अधिकारको संरक्षण गर्न क्रियाशील रहने,
- जिम्मेवार, उत्तरदायी, अनुशासित पत्रकारिताको संस्थागत विकासमा क्रियाशील हुँदै प्रेस स्वतन्त्रताको आदर्शलाई परिपालना गर्ने,
- राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा क्रियाशील पत्रकारिता क्षेत्रसँग सम्बन्धित सङ्घ संस्थाहरूसँग सौहार्द्रपूर्ण सम्बन्ध विस्तार गर्ने तथा विभिन्न देशका सङ्घ संस्थाहरूसँग प्रतिनिधिहरूको आदानप्रदान गर्ने,
- पत्रकार क्षेत्रसँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान, सभा, सम्मेलन, गोष्ठि, प्रशिक्षण आदि सञ्चालन गर्ने,
- पत्रकार जगतको हितका लागि अन्य आवश्यक काम गर्ने ।

## ९.१० अनलाइन मिडिया

सूचना प्रविधिको विकाससँगै नेपालमा पनि अनलाइन मिडियाले आफ्नो सशक्त उपस्थिति देखाइसकेको छ । ठूला लगानीमा सञ्चालित प्रायः सबैजसो दैनिक, साप्ताहिक, पाक्षिक तथा मासिक पत्रिकाहरूले समेत आ-आफ्ना अनलाइन संस्करण प्रकाशन गर्नेगरेका छन् । पछिल्ला दिनहरूमा यो क्रमलाई एफएम

रेडियो तथा टेलिभिजनहरूले समेत अनुसरण गरेका छन्। घटनाक्रमहरूको तत्कालै जानकारी गराउने यी मिडियाहरूले प्रकाशित सामग्रीहरूको बारेमा तुरुन्तै पाठक प्रतिक्रियासमेत प्रकाशन गर्ने गरेका छन्। आगामी दिनमा अनलाइन मिडिया मानव जीवनको अभिन्न पक्ष हुनेछ। यस्ता अनलाइन मिडिया तथा सामाजिक सञ्जालहरूलाई व्यवस्थित गरी सत्य तथ्यमा आधारित जिम्मेवार सञ्चार माध्यमको रूपमा विकसित गर्न संसारका विभिन्न मुलुकमा जस्तै नेपालमा पनि नीतिगत एवं कार्यगत व्यवस्थाको खाँचो महसुस गरिएको छ।

परिच्छेद : दश

# नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीति

### १०.१ नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध : ऐतिहासिक सिंहावलोकन

नेपाल दुई विशाल छिमेकी मुलुकहरू भारत र चीनबीचमा अवस्थित एक भूपरिवेष्टित राज्य हो । देशको अस्मितालाई जोगाईराख्न नेपाल कहिले तिब्बत र चिनसँग जुध्नुपऱ्यो त कहिले अङ्ग्रेजसँग । विगतमा ज्यादै कठिन दिनहरूमा पनि नेपाल कसैको अधीनमा रहेन आफ्नो सार्वभौमसत्ता र स्वतन्त्रतालाई जोगाई राख्न सक्षम भयो ।

सन् १८१६ (वि.सं. १८७३) मा भएको सुगौली सन्धिभन्दापछाडि नेपालको परराष्ट्र नीतिले नयाँ दिशा लिएको देखिन्छ भने बेलायतसित कूटनीतिक सम्बन्ध स्थापना भएपछि नेपालको आधुनिक विश्वसँग नियमित सम्पर्क सुरू भएको मान्न सकिन्छ । राणाकालमा केवल भारत र बेलायत दुई देशसँगमात्र सम्बन्ध राखेको देखिन्छ । सोलोमन आइल्याण्ड र नेपालबीच सन् २०११ डिसेम्बर १५ मा कूटनीतिक सम्बन्ध स्थापना भएपछि नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने मुलुकको सङ्ख्या १३३ पुगेको छ ।

नेपालको परराष्ट्र सम्बन्धको औपचारिक सुरूवात भने सन् १८५० मा जङ्गबहादुर राणाले वेलायतको भ्रमण गरेसँगै प्रारम्भ भएको पाइन्छ । त्यस्तै सन् १९२३ मा चन्द्रशमसेरका पालामा ब्रिटिश सरकार र नेपालबीच शान्ति र मैत्री सन्धिमा हस्ताक्षर भएको थियो । वि.सं. २००७ सालको राजनैतिक परिवर्तन पश्चात् चीन, सोभियत सङ्घ र फ्रान्ससँग नेपालको दौत्य सम्बन्ध स्थापना भएपछि

नेपाल अन्तर्राष्ट्रिय क्षेत्रमा प्रवेश गरेको हो । १४ डिसेम्बर १९५५ मा नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य बन्यो र यसैसाल एफ्रो एशियाली सङ्गठनको बाङ्डुङ सम्मेलनमा भाग लियो । सन् १९६१ देखि असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा सम्मिलित भई सक्रिय सदस्यका रूपमा नेपालले आजपर्यन्त विश्वको विभिन्न मञ्चहरूमा भाग लिँदै आएको छ । असंलग्न शिखर सम्मेलनमा नेपालले उपनिवेशवाद, जातीवाद, रङ्गभेद नीति, भूपरिवेष्टित राष्ट्रहरूको पारवहन अधिकार आदि विषयहरूमा आफ्नो धारणा राख्दै आएको छ । असंलग्न परराष्ट्र नीतिकै कारण नेपालको अन्तर्राष्ट्रिय जगतमा कुनै पनि बाह्य दबाब रहेको छैन र यो नै नेपालको परराष्ट्र नीतिको आधार स्तम्भ बन्न पुगेको छ ।

संयुक्त राष्ट्रसङ्घको घोषणा पत्रअनुसार नेपालले बेलाबेलामा निशस्त्रीकरण, रङ्गभेद नीति उपनिवेशवादको विरोध एवं कुनैपनि देशमा विदेशी फौजको हस्तक्षेप विनाशर्त हटाउनुपर्दछ भन्ने दृष्टिकोण राख्दै आएको छ । फलस्वरूप नेपाल दुई पटकसम्म सुरक्षा परिषद्को सदस्यमा समेत निर्वाचित भयो । संयुक्त राष्ट्रसङ्घले बेलाबेलामा गठन गरेको समितिहरूमा पनि नेपाल संलग्न भएको छ । असंलग्न परराष्ट्र नीतिले विश्व समुदायबीचमा नेपालको सकारात्मक प्रभाव पारेको छ । संयुक्त राष्ट्रसङ्घको युनेस्को, डब्लु.एच.ओ.जस्ता निकायहरूको सदस्यता पनि नेपालले पाएको छ । असंलग्न आन्दोलनको एक संस्थापक सदस्य भएको नाताले नेपाल विश्वशान्तिको कामना गर्दछ । प्रजातन्त्रको पुनस्थापनापछि आएको नेपाल अधिराज्यको संविधान, २०४७ ले देशको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रतालाई कायम राखी अर्न्तराष्ट्रिय सम्बन्ध निर्देशित हुने कुरा उल्लेख गरेको थियो । संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिको मान्यताको आधारमा नेपालको परराष्ट्र नीति सञ्चालन हुँदै आएको छ । छिमेकी मित्र राष्ट्रहरू र अरू सबै मुलुकहरूसित आर्थिक, सामाजिक एंव अन्य क्षेत्रमा समानताको आधारमा सहयोगात्मक सुसम्बन्ध कायम गरी नेपालमा शान्तिलाई अन्तर्राष्ट्रिय मान्यताको आधारमा संस्थागत गर्दै जाने नीति राज्यले अवलम्बन गर्नेछ भन्ने व्यवस्था गरी देशको परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सम्बन्ध अगाडि बढाउन नेपाल प्रतिबद्ध रहेको प्रष्ट हुन्छ ।

## १०.२ नेपालको परराष्ट्र नीति र यसका मूल आधारहरू

राणाकाल सुरू हुनुभन्दाअघि नेपाल अति दुर्गम मुलुकको रूपमा रहेकाले नेपालको वैदेशिक सम्बन्ध विस्तार हुन पाएन । पहिला राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले राणा शासनलाई अक्षुण र चिरस्थायी बनाउन अङ्ग्रेजहरूलाई खुशी पार्ने नीति अपनाएका थिए । यसै उद्देश्यले उनले भारतलगायत बेलायतको समेत भ्रमण

गरेका थिए । जङ्गबहादुर राणाले अपनाएको नीतिलाई उनका उत्तराधिकारीहरूले पनि अपनाए । तर सन् १९४७ मा अङ्ग्रेजहरू भारतबाट फिर्ता हुन बाध्य भएपछि नेपालका राणा शासकहरू अनाथ र असहाय झैं बन्नुपऱ्यो । परिणामस्वरूप राणाशाहीको पतन भई नेपालमा प्रजातन्त्रको स्थापना भयो । २००७ सालसम्म भारत, बेलायत, फ्रान्स र संयुक्त राज्य अमेरिका गरी चार मुलुकहरूसँग दौत्य सम्बन्ध कायम भैसकेकाले राणाकालको अन्त्यतिर वैदेशिक सम्बन्ध विस्तारमा केही विविधीकरण देखिए पनि परराष्ट्र नीतिको ठोस आधार भने तयार भएको थिएन । राणाशासनको पतन भई प्रजातन्त्रको उदय भएपछि तत्कालीन एकलकाटे नीतिमा परिवर्तन आयो र नेपालले अन्तर्राष्ट्रिय सभा सम्मेलनमा सक्रियताका साथ भाग लिन थाल्यो । संयुक्त राष्ट्रसङ्घको मूल्य र मान्यताप्रति आस्था, असंलग्नता एवं छिमेकी मुलुकहरूसँग मैत्रीपूर्ण सम्बन्ध नै नेपालको परराष्ट्र नीतिका प्रमुख आधारहरू हुन् ।

***नेपालको परराष्ट्र नीतिका प्रमुख आधारहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ:***

**१. असंलग्नता**

कुनै शक्ति राष्ट्रको सैनिक गठबन्धनमा संलग्न नरही अन्तर्राष्ट्रिय घटनाक्रमप्रति निरपेक्ष वा तटस्थ दृष्टिकोण अवलम्बन गर्नु नै असंलग्नता हो । असंग्लनता भनेको कुनै गठबन्धनबाट स्वतन्त्र रहनु हो । तर विश्व घटनाप्रति मौनदर्शक बन्नु कदापि होइन । नेपाल प्रारम्भदेखि नै असंलग्न आन्दोलनमा सक्रिय रूपमा सहभागी हुँदै आएको छ ।

**२. पञ्चशीलप्रति आस्था**

अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारको क्रममा पञ्चशीलको निम्न ५ बुँदाहरूलाई प्रमुख आधारका रूपमा लिइएको छ जुन नेपालको परराष्ट्र नीतिको एक महत्वपूर्ण आधार हो:

१. एकले अर्को मुलुकको स्वतन्त्रता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान गर्ने,
२. अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने,
३. समानता र पारस्परिक हित कायम गर्ने,
४. अनाक्रमण (एकले अर्को मुलुकविरूद्ध आक्रमण नगर्ने)
५. शान्तिपूर्ण सहअस्तित्वको भावनालाई स्वीकार गर्ने ।

**३. संयुक्त राष्ट्रसङ्घप्रति आस्था**

संयुक्त राष्ट्रसङ्घप्रति आस्था र विश्वास राख्दै विश्व शान्ति र राष्ट्रराष्ट्रबीच मैत्री र सहयोग अभिवृद्धि गर्न यसको भूमिका र प्रभावकारिता बढाउनुपर्ने कुरामा जोड दिइँदै आएको छ। विश्वशान्तिको स्थापना गर्न संयुक्त राष्ट्रसङ्घअन्तर्गत लेवनान र इजरायलको सीमाक्षेत्र, युगोस्लाभिया र सोमालिया आदि मुलुकहरूमा शान्ति सेना खटाइएको छ।

### ४. क्षेत्रीय सहयोग अभिवृद्धि गर्न जोड

छिमेकी मुलुकहरूबीच सहयोग र समझदारी बढाउन सन् १९८५ मा स्थापित दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) उपयुक्त हुने हुँदा यसको प्रभावकारिता र सुदृढीकरणका लागि नेपालले जोड दिँदै आएको छ। सार्क सचिवालयको स्थापना नेपालमा हुनुलाई यसै परिप्रेक्ष्यमा हेर्न सकिन्छ।

### ५. निःशस्त्रीकरण

शस्त्रास्त्रको होडबाजीलाई न्यून गरी त्यस क्षेत्रमा भइरहेको अथाह धनराशिलाई शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा लगानी गरी सामाजिक सेवाको स्तर बढाउनुपर्ने एवं आणविक हातहतियार हटाउने कुरामा नेपालले आफ्नो आवाज बुलन्द बनाएको छ।

### ६. भूपरिवेष्टित मुलुकको हकहितको सुरक्षा

नेपाल एक सानो तथा विकासोन्मुख मुलुक भएकोले सबै भूपरिवेष्टित मुलुकहरूले व्यहोर्नुपरेको समस्याको उचित रूपमा निराकरण गर्दै यी मुलुकहरूको हक हित सुरक्षित गर्नुपर्ने कुरामा जोड दिँदै आएको छ।

### ७. साना तथा अविकसित मुलुकहरूको हकहितको सुरक्षा

नेपाल एक सानो तथा विकासोन्मुख मुलुक भएकाले यसले आफूजस्ता मुलुकहरूको हकहित अभिवृद्धि गर्न क्षेत्रीय र अन्तर्राष्ट्रिय मञ्चहरूमा जोड दिँदै आएको छ।

### ८. समस्याको शान्तिपूर्ण समाधान

कुनै पनि अन्तर्राष्ट्रिय विवादहरूको शान्तिपूर्ण समाधान हुनुपर्ने कुरामा जोड दिँदै बल प्रयोग, धम्की तथा युद्ध कुनै पनि समस्याको स्थायी समाधान होइन भन्ने कुरामा नेपाल विश्वस्त छ।

### ९. असल छिमेकीपनको भावना

नेपाल दुई ठूलाठूला मुलुक (भारत र चीन) द्वारा घेरिएको सानो मुलुक भएकाले यी दुवै मुलुकसँग समान र सुमधुर सम्बन्ध कायम गर्दै विश्वका अन्य मुलुकहरूसँग पनि मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने नीति नेपालले लिएको छ।

### १०. दबाब र भेदभावको विरोध

नेपालले साम्राज्यवाद, उपनिवेशवाद, नवउपनिवेशवाद, विस्तारवाद, जात तथा रङ्गभेदभाव, प्रभुत्ववाद आदिको खुल्ला रूपमा विरोध गर्दै स्वाधिनता एवं रङ्गभेदविरोधी आन्दोलनको समर्थन गर्दै आएको छ ।

### ११. स्वतन्त्र परराष्ट्र नीति

नेपालले विश्व रङ्गमञ्चमा कसैको अनुयायी नभई आफ्नो न्यायिक मन र विवेकको प्रयोग गरी स्वतन्त्र रूपमा आफ्नो स्पष्ट अवधारणा राख्दै आएको हुँदा नेपाल असंग्लन राष्ट्र भए पनि विश्वघटनाहरूप्रति संवेदनशील हुँदै आएको छ ।

## १०.३ संयुक्त राष्ट्रसङ्घ र नेपाल

संयुक्त राष्ट्रसङ्घको स्थापना २४ अक्टोबर १९४५ मा भएको हो । विश्वमा समस्त मानवको हितलाई हेरी यसको घोषणा पत्रमा शान्ति, समानता, सहयोग र सम्पर्कलाई प्राथमिकता दिइएको छ । नेपालले १४ डिसेम्बर १९५५ मा संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्त गऱ्यो । सदस्यता प्राप्त गरेदेखि नै संयुक्त राष्ट्रसङ्घमा नेपालको सक्रिय सहभागिता र योगदान रहँदै आएको छ । ई.स. १९६३ मा ओमानको प्रश्नलाई लिएर गठन भएको पाँच सदस्यीय समितिमा नेपाल पनि रहेको थियो । नेपाल ई.स. १९६७ मा रङ्गभेदसम्बन्धी विषेश समितिको उपाध्यक्षमा र पछि का.मु. अध्यक्षसमेत भएको थियो । नेपाल सन् १९६९-७० र १९८८-८९ गरी २ पटक सुरक्षा परिषद्को अस्थायी सदस्यमा निर्वाचित भएको थियो । यस्तै सन् १९७४ र १९८७ मा युनेस्को कार्यकारिणी परिषद्मा तथा विभिन्न समितिमा रहेर कार्य गर्ने अवसर नेपालले पाएको छ । विश्वमा शान्ति र सुरक्षा कायम राख्न नेपाल प्रहरी र नेपाली सेनालाई संयुक्त राष्ट्रसङ्घीय शान्ति सेनामा सन् १९५८ देखि नेपालले खटाउँदै आएको छ । सन् १९८१ को सेप्टेम्बरमा पेरिसमा आयोजित अल्पविकसित देशहरूको राष्ट्रसङ्घीय मुलुकहरूको तर्फबाट राजा वीरेन्द्रबाट महत्वपूर्ण सम्बोधन भएको थियो । अरब इजरायलबीचको युद्ध विरामको रेखदेख गर्न नेपालले सैनिक पठाएको थियो । संयुक्त राष्ट्रसङ्घको आव्हानमा विश्वका विभिन्न देशहरूमा शान्ति स्थापना गर्न नेपाली सेनाले विशेष भूमिका खेल्दै आएको छ । जसको विश्व समुदायबाट उच्च मूल्याङ्कन भइरहेको छ । हालसम्म जम्मा १० जना व्यक्तिहरूले संयुक्त राष्ट्रसङ्घका लागि स्थायी प्रतिनिधि भई कार्य गरिसकेका छन् । गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई विश्वभर चिनाउने उद्देश्यले संयुक्त राष्ट्रसङ्घले सन् १९८३ मा 'विश्व शान्ति वर्ष' समेत मनाएको थियो ।

**तालिका नं. १०.१**

**नेपालले संयुक्त राष्ट्रसङ्घका विभिन्न निकायहरूको सदस्यता लिएको मिति**

| क्र.सं. | संस्था | मिति |
|---|---|---|
| १. | सयुक्त राष्ट्र सङ्घ (UNO) | १४ डिसेम्बर १९५५ |
| २. | अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) | १९६६ |
| ३. | खाद्य तथा कृषि सङ्गठन (FAO) | २७ नोभेम्बर १९५१ |
| ४. | संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठन (UNESCO) | १ मे १९५३ |
| ५. | विश्व स्वास्थ्य सङ्गठन (WHO) | १० मे १९५४ |
| ६. | विश्व बैंक समूह (IBRD) | ६ सेप्टेम्बर १९६१ |
| ७. | अन्तर्राष्ट्रिय विकास संस्था (IDA) | ६ मार्च १९६३ |
| ८. | अन्तर्राष्ट्रिय वित्त निगम (IFC) | ७ जनवरी १९६६ |
| ९. | अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) | ६ सेप्टेम्बर १९६१ |
| १०. | अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (ICAO) | २९ जुलाई १९५६ |
| ११. | विश्व हुलाक सङ्घ (UPU) | ११ जुलाई १९५६ |
| १२. | अन्तर्राष्ट्रिय हुलाक सङ्घ (ITU) | ५ डिसेम्बर १९५७ |
| १३. | विश्व हावापानी विज्ञान सङ्गठन (WMO) | ५ मे १९७८ |
| १४. | अन्तर्राष्ट्रिय सामुद्रिक सङ्गठन (IMO) | ३१ जनवरी १९७९ |
| १५. | कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) | ५ मे १९७८ |
| १६. | संयुक्त राष्ट्रसङ्घीय औद्योगिक विकास सङ्गठन (UNIDO) | ७ डिसेम्बर १९८३ |
| १७. | बहुपक्षीय लगानी संरक्षण संस्था (MIGA) | २३ सेप्टेम्बर १९९२ |

## १०.४ सार्क र नेपाल

सन् १९८५ को डिसेम्बर ७ र ८ मा बंगलादेशको राजधानी ढाकामा राष्ट्रध्यक्ष तथा प्रमुखहरूले भाग लिएको प्रथम शार्क शिखर सम्मेलनले दक्षिण एशियाली

राष्ट्रहरूको क्षेत्रीय सहयोग सङ्गठन (SAARC) को विधिवत स्थापना गरी सार्क बडापत्रको अनुमोदन गऱ्यो । दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन सार्कमा बंगलादेश, भारत, नेपाल, पाकिस्तान, भुटान, श्रीलंका, माल्दिप्स र अफगानिस्तान गरी ८ राष्ट्रहरू रहेका छन् । सार्कको सचिवालय काठमाडौँमा रहेको छ । यसको स्थापना सन् १९८६ मा भएको हो ।




सार्क सचिवालय, काठमाडौँ

सार्कको स्थापनापश्चात् यस क्षेत्रका राष्ट्रहरूबीच सहयोग, समभ्रदारी, समानता र सुरक्षाको वातावरण सृजना भएको छ । नेपालले सार्कको प्रवर्धनलाई आफ्नो परराष्ट्र नीतिकै अभिन्न अङ्ग बनाएको छ र नेपाल सार्कको प्रवर्धनप्रति निष्ठावान रहेको छ । सार्कको सफलताबाट नेपालले यस क्षेत्रमा देखापरेका सबै साभ्रा समस्याहरू समाधान हुन सक्दछन् भन्ने कुरामा विश्वास राख्दछ ।

**तालिका नं. १०.२**

**हालसम्म भएका सार्क शिखर सम्मेलनहरू**

| क्र.सं. | स्थान | नेपालको तर्फबाट भाग लिने व्यक्ति | मिति |
|---|---|---|---|
| १ | ढाका, बंगलादेश | राजा वीरेन्द्र | सन् १९८५ डिसेम्बर ७ र ८ |
| २ | बैंगलोर, भारत | राजा वीरेन्द्र | सन् १९८६ नोभेम्बर १७ र १८ |
| ३ | काठमाडौं, नेपाल | राजा वीरेन्द्र | सन् १९८७ नोभेम्बर २–४ |

| | | | |
|---|---|---|---|
| ४ | इस्लामावाद, पाकिस्तान | राजा वीरेन्द्र | सन् १९८८ डिसेम्बर २९–३१ |
| ५ | माले, मालदिभ्स | कृष्णप्रसाद भट्टराई | सन् १९९० नोभेम्बर २०–३० |
| ६ | कोलम्बो, श्रीलंका | गिरिजाप्रसाद कोइराला | सन् १९९१ डिसेम्बर २१ |
| ७ | ढाका, बंगलादेश | गिरिजाप्रसाद कोइराला | सन् १९९३ अप्रिल १०–११ |
| ८ | नयाँ दिल्ली, भारत | मनमोहन अधिकारी | सन् १९९५ मई २–४ |
| ९ | माले, मालदिभ्स | लोकेन्द्रबहादुर चन्द | सन् १९९७ मई १२–१४ |
| १० | कोलम्बो, श्रीलंका | गिरिजाप्रसाद कोइराला | सन् १९९८ जुलाई २९–३१ |
| ११ | काठमाडौँ, नेपाल | शेरबहादुर देउवा | सन् २००२ जनवरी ५–६ |
| १२ | इस्लामावाद, पाकिस्तान | सूर्यबहादुर थापा | सन् २००४ जनवरी ४–६ |
| १३ | ढाका, बंगलादेश | राजा ज्ञानेन्द्र | सन् २००५ नोभम्बर १२–१३ |
| १४ | नयाँ दिल्ली, भारत | गिरिजाप्रसाद कोइराला | सन् २००७ अप्रिल ४-४ |
| १५ | कोलोम्बो, श्रीलंका | गिरिजाप्रसाद कोइराला | सन् २००८ अगष्ट २-३ |
| १६ | थिम्पु, भुटान | माधवकुमार नेपाल | सन् २०१० अप्रिल २८-२९ |
| १७ | अड्डु सहर, माल्दिभ्स | डा.बाबुराम भट्टराई | सन् २०११ नोभेम्बर १० |
| १८. | काठमाडौं नेपाल | सुशील कोइराला | सन् २०१४ नोभेम्बर |

परस्परमा कतिपय भिन्नताहरू हुँदाहुँदै पनि दक्षिण एशियाली राष्ट्रहरू गरिबी निवारण एवं आर्थिक विकाससमेतका साझा उद्देश्यहरूको परिपूर्तिको निम्ति पारस्परिक सहयोगको विस्तार गर्न वचनबद्ध भएका छन् र त्यसअनुसार दक्षिण एसियाली राष्ट्रहरूबीचको व्यापारिक सम्बन्धलाई बढी सुदृढ र सहज बनाउने हिसाबले व्यापार सहुलियतसम्बन्धी साप्टा सम्झौता गर्नसमेत सफल भएका छन् । पारस्परिक सहयोग र सम्बन्धलाई अझै बढी सुधार र विस्तार गर्नुपर्ने र गर्न सकिने कुरामा समेत सार्क राष्ट्रहरूको बीचमा मतैक्य नै देखिन्छ । यसलेगर्दा सार्क भविष्यमा अझ बढी उपलब्धिमूलक र सशक्त संस्था हुने विश्वास लिन सकिन्छ ।

नेपालले सार्कको कुल खर्चको १०.७२ प्रतिशत हिस्सा व्यहोर्दछ । सार्क क्षेत्रीय संस्थाहरूअन्तर्गत सार्क क्षयरोग केन्द्र र सार्क सूचना केन्द्र नेपालमा रहेको छ । नेपालसँग सर्वप्रथम दौत्य सम्बन्ध कायम भएको सार्क मुलुक भारत (सन् १९४७ जुन १३) हो भने पछिल्लो भुटान (सन् १९८३ जुन ३) हो । क्षेत्रफलको हिसाबले

नेपाल सार्कको चौथो ठूलो राष्ट्र हो । नेपालले पहिलो र आठौँ दक्षिण एसियाली खेलकूद आयोजना गरिसकेको छ ।

## १०.५ नेपाल भारत सम्बन्धका ऐतिहासिक सन्धि सम्झौताहरू

### *सुगौली सन्धि*

नेपाल सरकारले सन् १८१५ मे २८ मा गुरू गजराज मिश्र एवं चन्द्रशेखर उपाध्यायलाई आफ्नो प्रतिनिधि बनाएर कम्पनी सरकारको प्रतिनिधि ब्राडशासित सन्धिवार्ता चलाउन सुगौली पठाएको थियो । तर ब्राडशाले राखेको कठिन शर्तले गर्दा नेपालले सन्धिवार्ता चलाउन अस्वीकार गरेपछि यो वार्ता असफल भएको थियो । नेपाललाई सबभन्दा बढी आपत्ति रेसिडेन्ट राख्ने कुरामा थियो, किनभने अङ्ग्रेज दूतलाई साम्राज्यको अग्रदूत ठानेको थियो । त्यस्तो दूत उपत्यकामा नरहँदा त अङ्ग्रेजको हस्तक्षेप भइरहेको थियो भने दूत रहेमा के गर्नेछ भन्ने शङ्का थियो । दोस्रो आपत्तिको कुरा तराई क्षेत्र लिनु थियो । सम्पूर्ण तराई क्षेत्र लिएर नेपाललाई पहाडमा मात्र सीमित राख्ने नीति प्रष्ट देखिन्थ्यो । तर कम्पनी सरकारले रेसिडेण्ट वा युद्धमध्ये एक मान्नै पर्ने कर लगायो । तराई क्षेत्रको सट्टा वर्षेनी रू.२ लाख दिन कम्पनी सरकारले स्वीकार गऱ्यो । यस्तो स्थितिमा दोस्रोचोटि सन्धि वार्ता सुरू भयो र २ डिसेम्बर १८१५ मा सुगौली सन्धि भयो ।

तर यो सन्धिमा १५ दिनभित्र नेपालका राजाको स्वीकृति हुनुपर्ने थियो । कम्पनी सरकारले यस सन्धिमा १८१५ डिसेम्बर ९ मा नै स्वीकृति दिइसकेको थियो तर नेपाल दरबारमा छलफल हुँदाहुँदै समयावधि नाँघेकोले सन् १८१६ फेब्रुवरीमा अक्टरलोनीको नेतृत्वमा विशाल फौज नेपालसित युद्ध गर्न अगाडि बढ्यो । मकवानपुरमा साधारण प्रतिरोधपछि अक्टरलोनी मातहतको सेना उपत्यकातिर बढ्यो । ब्रिटिश सेना काठमाडौं आउँदै छ भन्ने चेतावनी दिँदै एउटा पत्र नेपालको राजासमक्ष पठाइको थियो । यस्तो स्थितिमा राजधानीमाथि नै खतरा आउन लागेकोले नेपालले सन्धि स्वीकृत गरेर चन्द्रशेखर उपाध्यायलाई सुगौली पठायो । स्वीकृति भएको सन्धिपत्र सन् १८१६ मार्च ३ का दिन दिउँसो २:३० बजे अक्टरलोनीको हातमा बुझाएपछि सन् १८१४ नोभेम्बर १ मा सुरू भएको युद्ध १८१६ मार्चमा समाप्त भयो । यस सन्धिमा उल्लेखित धाराहरू निम्नानुसार छन् -

१. अनरेबल इस्ट इण्डिया कम्पनी र नेपालका राजाबीच सदाकाल शान्ति एवं मैत्री सम्बन्ध कायम रहनेछ ।

२. युद्धपूर्व दुवै राज्यबीचको विवादग्रस्त भू-भागमाथि नेपालका राजाले दाबी त्याग्नु

पर्नेछ र ती भू-भागमाथि कम्पनी सरकारको अधिकारलाई स्वीकार गर्नेछ ।

३. नेपालका राजाले तल उल्लेखित सम्पूर्ण भूभाग सदाकालको लागि कम्पनी सरकारलाई सुम्पनेछ :

क. काली र राप्ती नदीबीचको सम्पूर्ण तराई क्षेत्र ।

ख. राप्ती र गण्डकबीचको सम्पूर्ण तराई क्षेत्र (बुटवल खासबाहेक)

ग. गण्डक र कुसाबीचको सम्पूर्ण तराई क्षेत्र, जहाँ ब्रिटिश शासनको अधिकार प्रारम्भ भइसकेको छ वा हुने स्थितिमा छ ।

घ. मेची र टिष्टा नदीबीचको सम्पूर्ण तराई क्षेत्र ।

ङ. मेची नदीपूर्वको सम्पूर्ण क्षेत्र एवं मोरङदेखि पहाडतिर जाने नगरकोट मार्ग र त्यस नजीकको समस्त भूभाग हस्ताक्षर भएको मितिदेखि ४० दिनभित्र गोर्खाली सेनाले खाली गर्नुपर्नेछ ।

४. माथिका धाराअनुसार लिइएका भूभागद्वारा हानीमा परेका नेपाल राज्यका सरदार एवं भारदारहरूको क्षतिपूर्ति गर्न ब्रिटिश सरकारले सालाखाला रू. २ लाख प्रतिवर्ष दिने र यो रकम आफ्नो तजबीजअनुसार नेपालका राजा बाँड्न स्वतन्त्र हुनेछन् । पेन्सनको लागि गवर्नर जनरलको मुद्रा र हस्ताक्षर सहितको सनद प्रदान गरिनेछ ।

५. नेपालका राजा र उनका उत्तराधिकारीहरूले कालीदेखि पश्चिमका प्रदेश र त्यहाँका निवासीहरूसँग कुनै सम्बन्ध राख्न पाउनेछैनन् ।

६. नेपालका राजाले सिक्किमका राजाको अधीन भएको कुनै भागउपर कुनै किसिमको दावा गर्न पाउनेछैनन् र नेपालका राजा एवं सिक्किमका राजाबीच वा दुबैका प्रजाबीच कुनै विवाद उठेमा विवादास्पद विषय ब्रिटिश सरकारको मध्यस्थताको लागि प्रेषित गरिनेछ र उसको निर्णय नेपाल सरकारले मान्नुपर्नेछ ।

७. ब्रिटिश सरकारको अनुमतिविना नेपालका राजाले कुनै ब्रिटिश, युरोपेली वा अमेरिकीलाई आफ्नो नोकरीमा राख्न पाउनेछैनन् ।

८. दुबै राष्ट्रबीच कायम भएको मित्रता एवं शान्तिको सम्बन्धलाई सुदृढ पार्न एवं उन्नति गर्न एक अर्काको राज्यमा एक्रेडिटेड मिनिस्टर रहनेछन् ।

९. नौवटा धारा भएको यो सन्धिमा नेपालका राजाले १५ दिनभित्र स्वीकृति प्रदान गरी लेफ्टिनेन्ट कर्नल ब्राडशालाई बुझाउनेछन् र उनले २० दिनभित्र वा सम्भव भए यसभन्दा पनि शीघ्र नै गर्वनर जनरलको स्वीकृति दिलाउनेछन् ।

### *सन् १९५० को शान्ति तथा मैत्री सन्धि*

सन् १९५० जुलाई ३१ (१६ श्रावण २००७) का दिन नेपाल भारतबीच एक शान्ति तथा मैत्री सन्धि सम्पन्न गरियो । यस सन्धि पत्रमा नेपालको तर्फबाट प्रधानमन्त्री मोहन शमशेर र भारतको तर्फबाट नेपालका लागि भारतीय राजदूत सी.पी. एन. सिंहले हस्ताक्षर गरेका थिए । यस सन्धिमा निम्न लिखित शर्तहरू रहेका छन् :

१. नेपाल तथा भारत सरकारबीच सदाकाल शान्ति तथा मैत्रीपूर्ण सम्बन्ध रहिरहनेछ । दुवै सरकारहरू एक अर्काको देशको सार्वभौमसत्ता, पूर्ण सम्प्रभुता, क्षेत्रीय अखण्डता र स्वतन्त्रताको रक्षा एवं आदर गर्न कटिबद्ध रहनेछन्

२. कुनै पनि कारणबाट दुई देशबीच विवाद उत्पन्न भएमा दुवै सरकारहरूले मित्रवत रूपमा समस्याको समाधान गर्नेछन् ।

३. माथि धारा १ मा उल्लेखित सम्बन्धलाई स्थायित्व एवं मान्यता दिनका लागि दुवै सरकारहरू आपसमा कूटनीतिक सम्बन्ध कायम राख्न र लामो समयसम्म काम गर्नको लागि आवश्यक परेको प्रतिनिधि राख्नको लागिसमेत मञ्जुर गर्दछन् । खटाइएका प्रतिनिधि तथा उनका सहयोगीहरूले दुवै सरकारले तोकेको वा अन्तर्राष्ट्रिय कानुनबमोजिमको कूटनीतिक सुविधा प्राप्त गर्नेछन् ।

४. दुवै सरकारहरू महावाणिज्यदूत (Consul-General), वाणिज्यदूत (Consul), उपवाणिज्यदूत (Vice-consul) तथा अन्य दूतहरूको नियुक्त गर्न राजी हुनेछन् र यिनीहरू दुवै सरकारले निश्चित गरेको सहर, बन्दरगाह र अन्य ठाउँमा रहन सक्नेछन् । माथि उल्लेखित पद प्राप्त गर्नेहरूलाई नियुक्ति गर्ने सम्पूर्ण अधिकार, सहुलियत र अन्य सुविधाहरू अर्को राज्यको सोही तहको व्यक्तिले पाएसरह पाउनेछन् ।

५. नेपाल सरकारलाई भारत क्षेत्रबाट अथवा सो राज्य क्षेत्रको बाटो गरी नेपालको सुरक्षाका निमित्त चाहिने हातहतियार, कलपूर्जा, गोली गठ्ठा, खरखजाना आदि मालसामानको पैठारी गर्ने अधिकार छ। दुई सरकारले परस्परमा सल्लाह गरी यो बन्दोबस्तलाई चालू गराउने कार्यबाहीको तय गर्नेछन् ।

६. भारत र नेपालको छिमेकी मैत्रीभावको प्रतिकस्वरूप दुवै सरकारले आफ्नो राज्यक्षेत्रमा रहेको अर्को सरकारका नागरिकलाई आफ्नो मुलुकको औद्योगिक र आर्थिक विकास तथा त्यस्तो विकाससम्बन्धी रियायत र ठेक्काहरूमा भाग लिनलाई राष्ट्रिय व्यवहार दिने कबोल गर्दछन् ।

७. नेपाल सरकार र भारत सरकारले आफ्ना राज्यक्षेत्रमा रहेका अर्को मुलुकका नागरिकलाई निवास, सम्पत्तिको माग, व्यापार, वाणिज्यमा भाग

लिन, हिडडुल गर्ने र अरू यस्तै प्रकारका विशेषाधिकारहरूका विषयमा पारस्परिक तवरले समान विशेषाधिकार दिनलाई कबुल गर्दछन् ।

८. जहाँसम्म यहाँ स्पष्ट गरिएका कुराहरूको सम्बन्ध छ, ती सबैमा यो सन्धिपत्रले भारतका तर्फबाट ब्रिटिश सरकार तथा नेपाल सरकारबीचमा भएका अघिका सबै सन्धिपत्र, स्वीकारपत्र र कबुलनामाहरूलाई खारेज गर्दछ ।

९. यो सन्धिपत्र दुवै सरकारले हस्ताक्षर गरेको मितिदेखि लागू हुनेछ ।

१०. कुनै एक मुलुकले एक वर्षको भाका दिई यो सन्धिको अन्त्य गर्न नखोजेसम्म यो सन्धि जारी रहनेछ ।

यो सन्धिपत्रमा २००७ साल श्रावण १६ गते (१९५०, जुलाई ३१) का दिन काठमाडौँमा सहीछाप भएको देखिन्छ ।

वि.स. २०३४ चैत्रमा व्यापार, पारवहन तथा अनधिकृत व्यापार विचलन नियन्त्रण सहयोग (सात वर्षे) सम्झौता गरी तीन प्रकारका सन्धि भएको थियो । यस सन्धिअनुसार नेपालमा उत्पादित वस्तुलाई भारतीय बजारमा सहुलियत प्रदान गर्ने तथा एकआपसमा आवश्यक वस्तु उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने सहमति भयो । पारवहनतर्फ नेपालबाट भारत हुँदै तेस्रो मुलुकमा वस्तुहरू ढुवानीमा यातायातको सहुलियत प्राप्त हुने र अनाधिकृत व्यापार सम्झौता ५ वर्ष र पारवहन सन्धिको अवधि ७ वर्ष तोकियो । यसपछि वि.स. २०३९ मा नेपाल र भारत व्यापार सन्धि तथा अनधिकृत व्यापारको रोकथामसम्बन्धी सम्झौता पाँच वर्ष थप गरियो ।  सन्धिमा नेपाल-भारत व्यापार प्रवाहमा वृद्धिका लागि कतिपय वस्तुमा बिमा सुविधा प्रोफर्म र भन्सारका साथै ट्रान्सिपमेन्टजस्ता सुविधाहरू उपलब्ध गर्ने सहमति भएको पाइन्छ ।

## १०.६ नेपाल र चीन-तिब्बत सम्बन्धका ऐतिहासिक सन्धि सम्झौताहरू

नेपालको तिब्बत र चीनसँग ज्यादै पुरानो सम्बन्ध रहेको छ । लिच्छविकालीन ठकुरी राजा अंशुवर्माको समयदेखि सुदृढ बन्दै आएको नेपाल-चीन-तीब्बत सम्बन्ध पछिका वर्षहरूमा अझ सुदृढ बन्दै आएको पाइन्छ । नेपाल-चीन-तिब्बतबीच सन् १७८८, सन् १७९१ र सन् १८५५ मा गरी तीनपटक ठूला युद्धहरू भए । प्रथम युद्ध वि.सं. १८४६ जेठ (सन् १७८९ जुन २) मा भएको केरूङ सन्धि, दोश्रो युद्ध वि.सं. १८४९ भाद्र ६ (सन् १७९२) मा भएको बेत्रावती सन्धि र तेश्रो युद्ध वि.सं.१९१२ चैत्र (सन् १८५६ मार्च २६) मा भएको थापाथली सन्धिले अन्त्य गरेको थियो ।

नेपाल र चीन-तिब्बत सम्बन्धका केही ऐतिहासिक सम्झौताहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

***केरूङ सन्धि***

मूलत चिनियाँ पक्षले तिब्बतलाई युद्ध नगरी वार्ताको मार्ग अँगाल्न सल्लाह दिएपछि नै प्रथम नेपाल-तिब्बत युद्धको अन्त्य गरी वार्तालाप भएको थियो । यस वार्तामा तिब्बतका तर्फबाट कालोन घोरिङ, साकिया लामा, टेसु लामा र नेपालको तर्फबाट बम शाह, हरिहर उपाध्याय र नरसिंह शाही मुख्य थिए । तिब्बतको केरूङमा भएको यस छलफलमा प्रारम्भमा नेपालले युद्धमा भएको सम्पूर्ण व्यय र प्रतापसिंह शाहको समयमा भएको सन्धि उल्लङ्घन गरेबापत ५० धार्नी सुनको माग राख्यो । तर, तिब्बतले नेपालको यस मागप्रति बारम्बार असहमति जनायो । अन्त्यमा २ जून, १७८९ मा केरूङ सन्धिमा हस्ताक्षर भयो । २ महिनासम्मको छलफलपछि सम्पन्न भएको केरूङ सन्धि नामबाट प्रचलित यस सन्धिमा निम्न बुँदाहरू रहेका छन् :

१. नेपाल फौज आफूले कब्जा गरेको तिब्बती क्षेत्रबाट हट्न मञ्जुर भयो ।
२. उप्रान्त नेपालले भोटमाथि आक्रमण गर्नेछैन ।
३. भोटले एक निश्चित रकम सालाना नेपाललाई बुझाउनेछ ।
४. तिब्बत र भारतबीचको व्यापार नेपालको बाटो भएर मात्रै गरिने र ती दुवै देशलाई जोड्ने सिक्किम तथा भूटानका मार्गहरू बन्द गर्ने ।
५. उप्रान्त मिसाहा टक र नयाँ टकबीचको सटही दर कायम गर्दा दुई मिसाहा टक बराबर एक नयाँ टक कायम गरिनेछ ।

***बेत्रावती सन्धि***

नेपाल-तिब्बतबीच भएको केरूङ सन्धिले उल्लेख्य सफलता प्राप्त गर्न सकिरहेको थिएन । त्यस सन्धिपत्रमा ल्हासा दरबार र चिनियाँ सम्राटको स्वीकृति लिइएको थिएन । तिब्बतले सो केरूङ सन्धिअनुसार नेपाललाई तिर्नुपर्ने पहिलो किस्तामात्रै तिरेर सन्धिको उल्लङ्घन गर्न थाल्यो । केरूङ सन्धि भएको २ वर्ष पुग्दा नपुग्दै सन् १७९१-९२ मा नेपाल तिब्बतबीच पुनः युद्ध सुरू भयो । दोस्रोपटकको युद्धमा तिब्बतको पक्षबाट चीनले समेत हस्तक्षेप गरेको थियो, जसले गर्दा नेपालले तिब्बतको नाम भएपनि चीनसँग युद्ध गर्नुपर्‍यो । यसै क्रममा सन् १७९२ अक्टोबर ५ मा बेत्रावतीको लडाइमा दुवै पक्षबीच ठूलो क्षति भएको थियो । यो क्षतिपछि नेपाल-तिब्बत-चीनबीच एक सन्धि सम्पन्न भयो । वि.स. १८४९ भाद्र ६ (सन् १७९२ अगष्ट ) मा सम्पन्न उक्त सन्धि बेत्रावती सन्धिको नामले चिनिन्छ ।

बेत्रावती सन्धिमा देहायबमोजिम सर्तहरू उल्लेख भएका थिए :

१. नेपाल र तिब्बतले आफूबीचको शत्रुता त्यागी मित्रवत् सम्बन्ध कायम गर्नेछन् ।

२. नेपालले चिनियाँ बादशाहको सम्मानार्थ प्रत्येक पाँच वर्षमा एउटा शिष्टमण्डल उपहारसहित पेकिङ पठाउनेछ । साथै, चीनले पनि सट्टामा उपहारहरू पठाउने र उक्त मण्डलको खर्च एवं यातायातको सुविधा बेहोर्नेछ ।

३. भविष्यमा काठमाडौँ र ल्हासाको बीचमा कुनै प्रकारको विवाद उत्पन्न भएमा त्यसको समाधान ल्हासास्थित चिनियाँ अम्बाबाट हुनेछ ।

४. कुती र केरूङ क्षेत्रमा चिनियाँ अधिकारीले रेखाङ्कन गरेको सीमानालाई नेपालले मान्यता दिनेछ ।

५. नेपालमाथि कुनै प्रकारको विदेशी आक्रमण भएमा चीनले नेपालको मद्दत गर्नेछ ।

६. नेपालले ताशीलम्पुमा लुटेको सम्पत्ति र शमर्पा लामाको अवशेष एवम् उनका समर्थक एवम् सहयोगीहरूलाई फिर्ता गर्नेछ ।

७. नेपालले मुद्रासम्बन्धी समस्या उप्रान्त नउठाउनुका साथै केरूङको सन्धिमाथि कुनै प्रकारको दावी गर्नेछैन ।

***थापाथली सन्धि***

वि.सं. १९११ फागुन (मार्च १८५५) मा नेपाल चीनबीच तेस्रो युद्धको घोषणा भयो । यो युद्धको अवधि छोटो भए पनि ज्यादै घातक थियो । यसमा दुवै पक्षको धनजनको ठूलो क्षति भयो । दुवै पक्षले युद्ध रोक्न चाहेकाले वि.सं. १९१२ पुसमा सन्धिवार्ता सुरू गरियो । वार्ताको लागि तिब्बततर्फको नेतृत्व गर्दै कलोन शात्र काठमाडौँ आइपुगेका थिए । यो सन्धि हुनुपूर्व करिब २ महिनासम्म वार्ता चलेको थियो । अन्त्यमा सन् १८५६ मार्च २४ (१९१२ चैत्र) मा तत्कालीन प्रधानमन्त्रीको निवास तथा कार्यालय थापाथली दरबारमा १० सूत्रीय सन्धिमा हस्ताक्षर गरियो । थापाथली दरबारमा हस्ताक्षर गरिएकोले उक्त सन्धिलाई थापाथली सन्धि नाम दिइएको हो । उक्त सन्धिका सर्तहरू निम्नानुसार रहेका थिए :

१. तिब्बतले नेपाललाई प्रतिवर्ष रू. १०,००० सलामीस्वरूप बुझाउने प्रतिज्ञा गर्दछ ।

२. नेपाल तिब्बतमाथि कुनै विदेशी शक्तिले आक्रमण गरेको खण्डमा तिब्बतलाई सहयोग गर्न तत्पर रहनेछ ।

३. ल्हासा सरकारले नेपाली व्यापारीहरूमाथि जगत महसुल (भन्सार कर)

नलिने निधो गऱ्यो ।

४. सन्धिमा उल्लेखित सर्तहरू कार्यान्वयनमा आएपछि नेपाल युद्धकालमा आफूले कब्जा गरेको कुती, केरूङ, झुङ्गा क्षेत्रहरू तिब्बतलाई फिर्ता गर्न बाध्य हुनेछ । साथै, युद्धकालमा नेपालको कब्जामा आएका भोटे सिपाही र भेडा-च्याङ्ग्रा इत्यादिसमेत नेपालले फिर्ता गर्नेछ । त्यस्तै तिब्बतले पनि नेपाली तोपहरू र सन् १८४१ मा तिब्बत र डोग्राहरूका बीचमा भएको युद्धताका कैदमा परेका सिख बन्दीहरूलाईसमेत छाड्नेछ ।

५. हालसम्म ल्हासामा नेपालको प्रतिनिधिको रूपमा नायक वा वकिल रहीआएकोमा यसपछि 'दूत' रहनेछ ।

६. ल्हासामा नेपालले आफ्नो व्यापारिक कोठी खोल्न पाउने भयो र उक्त कोठीलाई हीरा, मोती एवं अन्य गरगहनाहरू र अन्नको व्यापार गर्ने अधिकार दिइयो ।

७. ल्हासामा बसोबास गर्ने गोरखाली र कश्मिरीहरूको बीचमा कुनै प्रकारको झगडा भएमा सोको समाधान गर्ने अधिकार नेपाली भारदारलाई नै दिने । तर नेपाली र तिब्बतीहरूको बीचमा चाहिँ कुनै प्रकारको विवाद उत्पन्न भएमा दुवै सरकारका प्रतिनिधिहरूको संयुक्त छलफलबाट निर्णय गरिने व्यवस्था गरियो । तिब्बतीहरूबीचको आन्तरिक मामलामा भने नेपाली भारदारले हस्तक्षेप गर्न नपाउने भयो ।

८. दुवै देशले आफ्नो-आफ्नो देशमा भागेर आउने अपराधीलाई सम्बन्धित देशमा नै बुझाउनेछन् ।

९. ल्हासामा रहने नेपाली व्यापारीहरूको धनजनको सुरक्षा तिब्बत सरकारले प्रदान गर्नेछ । त्यस्तै नेपाली व्यापारीहरूमाथि कुनै प्रकारको लुट भएमा लुटिएको सम्पत्ति तिब्बत सरकारले नै असुलउपर गरिदिनेछ । केहीगरी असुलउपर गराउन नसकेमा सोको क्षतिपूर्ति तिब्बत सरकारले नै दिनेछ । नेपालमा तिब्बतीहरूको जीउधनको निम्ति पनि तिब्बत सरकार उस्तै प्रकारको व्यवहारको अपेक्षा राख्दछ ।

१०. युद्धकालमा शत्रु पक्षलाई सहयोग गर्ने नागरिकको धनजनको सुरक्षा गर्न दुवै सरकारहरू सहमत भए ।

परिच्छेद : एघार

# ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिकोणले नेपालका महत्वपूर्ण स्थानहरू

**काठमाडौँ उपत्यका**

नेपालको मध्यपहाडीक्षेत्रमा चारैतिर पहाडले घेरेको समुद्र सतहदेखि १३३७ मिटर उचाइमा रहेको समथर भूभागमा काठमाडौँ उपत्यका अवस्थित छ । यहाँ समशितोष्ण हावापानी पाइन्छ । काठमाडौँ नेपालको राजधानी भएकोले यहाँ जनसङ्ख्याको चाप अत्यधिक छ । यस मुलुकको राजधानी रहेको स्थानको रूपमा भन्दा प्राचीनकालको इतिहास बोकेको मन्दिरै-मन्दिर र चाडपर्वहरूको बाहुल्य भएको स्थानको रूपमा लिनुपर्दछ ।

तिब्बतबाट आएका महामञ्जूश्रीले ठूलो तलाउ रहेको स्थानमा वरदा र मोक्षदा भन्ने शक्ति स्थापना गरी चोभारडाँडा काटेर पानी बाहिर पठाई सुन्दर शहरको सिर्जना गरेर काठमाडौँ नगरको निर्माण भएको हो भन्ने किंवदन्ती रहेको छ । यस उपत्यकामा रहेका काठमाडौँ दरबार स्क्वायर, भक्तपुर दरबार स्क्वायर, पाटन दरबार स्क्वायर, स्वयम्भूस्तुप, बौद्धस्तुप र चाँगुनारायण मन्दिरसमेतका ख्यातिप्राप्त ऐतिहासिक स्थलहरू विश्व सम्पदासूचीमा समेत परेका छन् । काठमाडौँ उपत्यकालाई खुल्ला सङ्ग्रहालयको रूपमा नै लिन सकिन्छ । काठमाडौँमा २० कि.मि.को दूरीमा विश्वसम्पदा सूचीमा परेका ७ वटा सम्पदाहरू रहेका छन् । यी सम्पदाहरूको उपस्थितिले काठमाडौँ उपत्यकालाई विश्वप्रसिद्ध शहरको रूपमा

स्थापित गरेको छ । यी सम्पदाहरूको उचित संरक्षणले यस उपत्यकालाई अनन्त कालसम्म विश्वको एउटा महत्वपूर्ण पर्यटन केन्द्रको रूपमा प्रतिष्ठित बनाइरहने सम्भावना बोकेको देखिन्छ ।

भौगोलिक विभाजनअनुसार काठमाडौँ नेपालको करिब करिब मध्यपहाडी खण्डमा पर्दछ । यहाँका प्रमुख नदीहरू बागमती र विष्णुमती हुन् । पशुपतिनाथ, गुहेश्वरी, स्वयम्भू, बौद्ध, बुढानिलकण्ठ, दक्षिणकाली, हनुमानढोका, गोकर्ण, टेकू, शालिनदी आदि यहाँ अवस्थित प्रमुख तीर्थधाम हुन् । काठमाडौँ राजधानी शहर हुनुको साथै देशको प्राचीन कला, कौशल, संस्कृति, सभ्यता एवं ऐतिहासिक श्रोतको भण्डार पनि हो । यसको अतिरिक्त देशको प्रमुख शैक्षिक संस्थाहरू, आधुनिक जनशक्ति एवं उपकरणयुक्त अस्पतालहरू तथा देशको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलसमेत यसै शहरमा अवस्थित भएको कारणले गर्दा पनि स्वदेशी तथा विदेशीहरूको लागि यो आकर्षणको केन्द्र बन्न पुगेको छ । वरिपरिबाट नगरकोट, नागार्जुन, शिवपुरी, चन्द्रागिरी र फुल्चोकीजस्ता मनोरम पहाडहरूले घेरिएको यस उपत्यकाको सुन्दरतालाई यी पहाडहरूको उपस्थितिले अझै बढाएको छ ।

नेपालको ७५ जिल्लाहरूमध्ये काठमाडौँ पनि एउटा हो । सामान्यतया काठमाडौँ, ललितपुर र भक्तपुरसमेतका ३ वटा जिल्ला समेटिएको समतल र वरिपरिबाट पहाडले घेरिएको होचो भागलाई काठमाडौँ उपत्यकाको नामले चिन्ने गरिन्छ । यो उपत्यकाभन्दाबाहिरका मानिसहरूले मूलतः यस उपत्यकालाई नै काठमाडौँको नामले चिन्ने गर्दछन् । काठमाडौँ जिल्लामा पर्ने काठमाडौँ शहर नेपालको राजधानी शहर र मध्यमाञ्चल विकास क्षेत्रको सदरमुकाम पनि हो । यस जिल्लाको क्षेत्रफल ३९५ वर्ग कि.मि. छ । ऐतिहासिक दरबार हनुमान ढोकाको नजिकमा रहेको काठैकाठले बनेको काष्ठमण्डपको आधारमा काठमाडौँको नाम रहन गएको हो भन्ने विद्वानहरूको भनाइ रहेको छ । ऐतिहासिक भवन सिंहदरबार प्रमुख प्रशासकीय केन्द्र हो । सार्क सचिवालय, काठमाडौँस्थित विभिन्न विदेशी राजदूतावासहरू, नेपाल राष्ट्र बैङ्क तथा अन्य केन्द्रीय कार्यालयहरू पनि काठमाडौँभित्र नै रहेका छन् । त्यसैले काठमाडौँ नेपालको राजनीतिक राजधानीको रूपमा मात्र नभई वित्तीय, शैक्षिक, न्यायिक, धार्मिक, तथा कूटनीतिक राजधानीको रूपमा समेत रहको छ । वीर अस्पताल तथा टिचिङ्ग हस्पिटलजस्ता देशका ठूला र साधन सम्पन्न अस्पतालहरू पनि रहेका छन् । काठमाडौँलाई त्रिभुवन राजपथ, कोदारी ( अरनिको) राजपथ र पृथ्वीराजपथ, बर्दिवास धुलिखेलजस्ता लोकमार्गहरूले बाहिरी क्षेत्रहरूसित जोडेका छन् ।

काठमाडौँबाट भगवान गौतमबुद्धको जन्मस्थल लुम्बिनी र शुद्धोधनको राजधानी

तिलौराकोट कपिलवस्तुको नजिकमा रहेको भैरहवा एवं देशको महत्वपूण पर्यटन केन्द्र पोखरा र सगरमाथाको काखमा अवस्थित रहेको नाम्चेजस्ता देशका विभिन्न क्षेत्रहरूसित हवाई सम्पर्क रहेको छ । मेचीदेखि महाकालीसम्मका प्रमुख शहरहरूमा पुग्ने दैनिक रात्रीबस सेवाहरू पनि नियमितरूपले सञ्चालन भइरहेका छन् । रेडियो तथा टेलिभिजनका केन्द्रीय कार्यालयहरू र स्टेशनहरूको साथसाथै नेपाल दूरसञ्चार संस्थानको केन्द्रीय कार्यालय पनि काठमाडौंमै रहेको र नेपालबाट प्रकाशित आधाभन्दा बढी दैनिक तथा साप्ताहिक समाचार पत्रपत्रिकाहरू पनि काठमाडौँबाटै प्रकाशित हुने भएकाले काठमाडौँलाई नेपालको सञ्चारको राजधानी पनि भन्न सकिन्छ । सोल्टी, अन्नपूर्ण, याक एण्ड यति, एभरेष्टजस्ता पाँचतारे होटलहरूसमेत यस महानगरमा रहेका छन् । हङकङबाट प्रकाशित हुने एशियाको प्रसिद्ध आर्थिक पत्रिका ASIA WEEK को सन् १९९८ दिसम्बर ११ को अङ्कमा एशियाका बस्नको निम्ति सबैभन्दा उपयुक्त ४० ओटा प्रमुख शहरहरूमा काठमाडौँको नाम २७ औं स्थानमा रहेको कुरा उल्लेख छ ।

### कोदारी

नेपालको भारतसित गरिने व्यापारको मुख्य केन्द्र वीरगञ्ज भएजस्तै चीनको स्वसासित क्षेत्र तिब्बतसितको व्यापारको प्रमुख केन्द्रको रूपमा रहेको नेपालको प्रमुख व्यापारिक नाका कोदारी हो । तिब्बतको सीमावर्ती बजार खासाबाट आउने सामानहरू र नेपालबाट खासातिर निर्यात गरिने वस्तुहरूको आयात निर्यात गर्ने सीमावर्ती व्यापारिक केन्द्र कोदारीलाई नेपालको एउटा प्रमुख राजमार्गको रूपमा रहेको कोदारी (अरनिको) राजमार्गले काठमाडौँसँग जोडेको छ । कोदारी बाग्मती अञ्चलको सिन्धुपाल्चोक जिल्लाको उत्तरी सीमावर्ती क्षेत्रमा पर्दछ ।

### काँकडभिट्टा

यो नेपालको पूर्वी सीमानानेर रहेको बजार हो । यो मेची अञ्चलको झापा जिल्लामा पर्दछ । यहाँबाट फूलबारीमार्ग हुँदै बङ्गलादेश जाने मार्ग खुलेकाले यसको महत्व बढ्न पुगेको छ । 'नेपालको पूर्वी सीमानाको महत्वपूर्ण प्रवेश मार्गमा रहेकाले यसलाई पूर्वको ढोका पनि भनिन्छ । यहाँ मेची भन्सार कार्यालय रहेकाले यसले यस क्षेत्रको निकासी पैठारीमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । काँकाडभिट्टा मेची नगरपालिकामा पर्दछ ।

पशुपतिनगरद्वारा भारतको खर्साङ्ग, सिलीगुढी र दार्जिलिङ्गसँग व्यापारिक सम्पर्क कायम रहेको र चिया उत्पादनको निम्ति नेपालको प्रसिद्ध इलाम जिल्ला र झापा जिल्ला एक अर्कासँग जोडिएको हुनाले काँकडभिट्टा र इलामको बीचमा रहेको दूरी त्यति धेरै नरहेको कुरा स्वतः स्पष्ट हुन्छ ।

**केचनाकलन**



केचाकलनमा रहेको स्तम्भ

पूर्वी तराईको झापा जिल्लामा पर्ने केचनाकलन नेपालको होचो स्थानमध्येको एक हो। यो समुद्री सतहबाट ६० मिटरको उचाइमा अवस्थित छ। केचनाकलन झापाको सदरमुकामबाट १० कि.मि. दक्षिणमा पर्दछ।

**ककनी**

काठमाडौँको केन्द्रबाट २९ कि.मि. दूरीमा ६,७७८ फिटको उचाइमा ककनी भन्ने रमणीय स्थान छ। नुवाकोट जिल्लामा पर्ने यो ठाउँलाई राणाकालमा वसन्ती बाग भनिन्थ्यो। यसको नजिकै तामाङ् जातिको ठूलो बस्ती छ। यसका अतिरिक्त प्रहरी तालिम केन्द्र, तारा गाउँ अतिथि गृह, थाइ एयरवेजद्वारा निर्मित स्मृतिपार्क, बागवानी फार्मले पनि ककनीको शोभा बढाएका छन्।

**खप्तड**

डोटी, अछाम, बझाङ र बाजुरासमेत चार जिल्लामा फैलिएको खप्तड करिब ११,००० फिटको उचाइमा रहेको छ। चारवटै जिल्लाहरूको सङ्गमस्थलमा



खप्तड मन्दिर

रहेको यो उच्च पहाडी भूभागमा थुम्काथुम्की, चउरहरू (पाटन) र सानासाना खोलाहरू छन् । यो उच्च पहाडी मैदानी भूभागको सरदर चौडाई ५ किलोमिटर र लम्वाइ सरदर १० किलोमिटर छ । हिउँले ढाकिएका सेता डाँडा र बन-जङ्गल आफैँमा मनमोहक देखिन्छन् । हिउँले छोडेपछि रङ्गी विरङ्गी फूलैफूलको समथर भू-भाग स्वर्ग झैँ लाग्दछ । खप्तड प्राकृतिक सुन्दरताको पर्यायको रूपमा रहेको छ । खप्तडको पर्यटकीय दृष्टिले विकास गर्न सकेमा पश्चिम नेपालको विकासमा यसबाट महत्वपूर्ण योगदान पुग्नेछ ।

**खुम्बुक्षेत्र**

सगरमाथा अञ्चलको सोलुखुम्बु जिल्लामा पर्ने खुम्बु क्षेत्र पर्वतारोहण र पदयात्राका लागि प्रसिद्ध छ । यहाँ विश्वको सर्वोच्च शिखर सगरमाथासहित छिटो तथा सरल पर्वतारोहणका लागि प्रसिद्ध ६६६४ मिटर अग्लो मेरा पिक पनि छ । यसबाहेक यहाँ गोक्यो पिक, पिके डाँडा, टासीलाप्चा, कालापत्थर, आमालाप्चा क्रस, दूध कुण्ड आदि दर्शनीय स्थलहरू छन् ।

**गोरखा**

गोरखा पृथ्वीनारायाण शाहले नेपाल एकीकरण अभियान आरम्भ गर्नुपूर्व शाह राजाहरूबाट शासित एक सानो पहाडी राज्य थियो । गोर्खाको पूर्वमा धादिङ, पश्चिममा तनहुँ, लम्जुङ, मनाङ र उत्तरमा चीनको तिब्बत प्रदेश र दक्षिणमा चितवन जिल्ला रहेका छन् । उत्तरपट्टि ग्वाला भन्ज्याङ र श्रृङ्गी हिमाल, नारद पोखरी (कुण्ड), दरौंदीको शिर, दक्षिणपट्टि त्रिशूली, पूर्वपट्टि बूढीगण्डकी र पश्चिमपट्टि मर्स्याङदी, चेपे चम्पावती तथा मनासलु शृङ्खला गोरखा जिल्लाका प्राकृतिक सीमाना हुन् । गोरखकालीको दक्षिण पाखोमा अवस्थित गोरखा बजार वा पोखराथोक यस जिल्लाको सदरमुकाम हो । उत्तरबाट दक्षिणतिर बग्ने दरौंदी गोरखा जिल्ला भई बग्ने प्रमुख नदी हो । ऐतिहासिक महत्व र जलशक्तिको दृष्टिकोणले समेत दरौंदी प्रमुख आकर्षणको केन्द्र रहेको छ ।

गोरखा बजार रहेको पहाडको टाकुरामा अवस्थित गोखा दरबार पैगोडा शैलीमा बनेको छ र कलात्मक झ्याल, ढोकाहरूबाट सुसज्जित रहेको छ । ऐतिहासिक थलोका रूपमा रहेको गोरखा दरबार पर्यटकीय दृष्टिकोणले पनि अत्यन्तै महत्वपूर्ण छ । दरबार परिसरमा काली मन्दिर र गोरखनाथको मन्दिरको साथसाथै अरू देवीदेवताका मूर्तिहरू पनि यत्रतत्र छरिएर रहेका छन् । गोरखा दरवारको साथसाथै गोरखा बजारमा सुन्दर कलात्मक शैलीमा निर्मित दरबार पनि छन् । नुवाकोट दरबार पनि यसै शैलीमा निर्मित छ । गोरखामा प्राचीन सङ्ग्रहालय रहेको छ । बजार क्षेत्रमा प्रायस नेवार जातिहरूको बसोबास भएको हुनाले यहाँ

नेवार सम्प्रदायले मान्ने सर्म्पूण जात्राहरू गर्ने प्रचलन छ ।

यस क्षेत्रबाट हिमालयका सुन्दर दृश्यहरू देखिने भएकोले यो क्षेत्र पर्यटकीय दृष्टिकोणबाट अति आकर्षक छ भने लार्केपास हुँदै मनाङ्ग जाने प्रमुख बाटोको रूपमा पनि प्रख्यात छ । नेपालको उत्तरी जिल्लाहरूजस्तै गोरखा पनि यार्सागुम्बाको लागि प्रसिद्ध छ । गोरखा जिल्लामा रहेको मनकामनाको मन्दिर हिन्दूहरूको प्रसिद्ध धार्मिक स्थलमात्र नभएर एउटा मनोरम पर्यटन स्थल पनि हो । पृथ्वी राजमार्गमा पर्ने चेरेसदेखि मनकामनासम्मको यात्रालाई मनकामना केबल कारको सञ्चालनले अत्यन्त सरल, सहज, छोटो र मनोरन्जक बनाएको छ ।

**गजुरमुखी देवी**

इलाम जिल्लाका ४ प्रमुख नदीहरूमध्ये एक देउमाई नदीको पशिचम किनारमा ओढारजस्तो ठाउँमा विभिन्न आकारका प्रस्तरको देवी मूर्तिहरूलाई गजुरमुखी देवी भनिन्छ । यहाँ लिम्बू जातिको पुजारी हुन्छन् । गजुरमुखी देवीको पूजा आर्चना गर्नाले लाटा बोल्न सक्ने, बहिरा सुन्न सक्ने हुन्छन् भन्ने जनविश्वास छ । कार्तिक पूर्णिमाका दिन यहाँ मेला लाग्दछ । ओढार आकारको थलोलाई जनसहयोगबाट मन्दिरको रूप दिएको पाइन्छ । यहाँ शिव मन्दिर र धर्मशाला आदि पनि बनाइएको छ ।

**गुह्येश्वरी मन्दिर**

पशुपति मन्दिरको नजिकै बाग्मती नदीको तटमा अवस्थित धार्मिक, ऐतिहासिक, सांस्कृतिक एवं कलात्मक दृष्टिले महत्वपूर्ण यो मन्दिर हिन्दू धर्मावलम्बीहरूको आस्थाको केन्द्रका रूपमा रहेको छ । गुह्येश्वरी शक्तिपीठको स्थापना लिच्छविकालमा र मन्दिरको निर्माण मल्लकालमा भएको मानिने हुँदा यहाँ लिच्छविकालीन मूर्तिकला तथा मल्लकालीन काष्ठकलाका विशिष्ट नमूना दृष्टिगोचर हुन्छ । चारैतिर पाटी पौवाहरूले घेरिएको मण्डप शैलीमा श्लेष्मान्तक वनसँगै बाग्मती नदीको दक्षिणतटमा निर्मित यो भगवान शिवको सहधर्मिणी सतीदेवी (पार्वती) को मन्दिर भएको मानिन्छ । प्राचीनकालमा आद्यगुरू शङ्कराचार्य यही ठाउँको अवलोकन गर्न यहाँ आउनुभई गुह्येश्वरीको उपासना र प्रार्थना गर्नुभएको पनि आख्यान छ । तान्त्रिक बज्रयान बौद्ध परम्पराअनुसार गुह्येश्वरीको पूजा अर्चना गरिने हुदाँ यो स्थल हिन्दू र बौद्ध दुवै समुदायको लागि पूजनीय मानिन्छ ।

**घान्द्रुक**

गण्डकी अञ्चलको कास्की जिल्लाअर्न्तगत अन्नपूर्ण र माछापुछ्रे हिमालको काखमा पोखराबाट ४२ कि.मि उत्तरमा अवस्थित घान्द्रुक गुरूङ संस्कृति र

जीवन शैलीलाई जीवन्त रूपमा प्रस्तुत गर्न सक्षम प्रमुख गुरूङ बस्ती हो । यो ठाउँ पर्वतारोही, पदयात्रीका अतिरिक्त स्वदेशी तथा विदेशी पर्यटकहरूका लागि महत्वपूर्ण आकर्षक स्थल मानिन्छ । यहाँ प्रत्येक वर्ष करिब ५० हजार पर्यटकहरू भ्रमण गर्ने गर्दछन् ।

**चन्दननाथ मन्दिर**

जुम्ला जिल्लामा रहेको चन्दननाथको मन्दिरमा भगवान दत्तात्रेयको मूर्ति स्थापित छ । यहाँ वैदिक विधि विधानअनुसार प्रात, मध्यान्ह र सन्ध्याकालमा गरी दिनको तीनपटक पूजा गरिन्छ । आठौँ शताब्दीअगाडि निर्मित यो मन्दिरमा भगवान दत्तात्रेयको चरणपादुका रहेको छ । चन्दनाथले स्थापना गरेको मन्दिर भएकोले यस मन्दिरको नाम चन्दनाथ रहेको हो । यहाँ योगी (गिरी, पूरी आदि) समुदायको व्यक्ति पुजारी हुन्छन् ।

**चाँगुनारायण**

भक्तपुर जिल्लाको पूर्वोत्तर भागमा दोलाद्री (दोलागिरी) नामको अग्लो पहाडको थुम्कोमा अवस्थित भगवान विष्णुको मूर्ति स्थापित यो मन्दिर नेपालको प्राचीनतम् मन्दिरहरूमध्ये एक मानिन्छ । यो मन्दिरको निर्माण कहिले र कसले गराएको हो भन्ने बारेमा स्पष्ट जानकारी नभए पनि हरिदत्त वर्मा नामका व्यक्तिले सन्



चाँगुनारायण मन्दिर

३२३ (वि.सं. ३८०) मा उपत्यकाका ४ नारायणहरू (चाँगुनारायण, शेषनारायण, विशङ्खुनारायण र इचङ्गूनारायण) को स्थापना गर्ने क्रममा चाँगुनारायण स्थापना गरेको भन्ने आख्यान छ । सक् संवत् ३८६ (वि.सं. ५२१) मा राजा मानदेवले पूर्व र पश्चिमका सामन्तहरूलाई नियन्त्रण गरी चाँगुनारायणको पूजा अर्चना गरी गरूडसहितको स्तम्भ खडा गराएको कुरा उल्लेख भएको पाइन्छ ।

**चितवन वन्यजन्तु संरक्षण क्षेत्र**

चितवन वन्यजन्तु संरक्षण क्षेत्रको रूपमा चितवनलाई लिइएको छ। यहाँ दुर्लभ वन्यजन्तु एवं चराचुरूङ्गी रहेका छन् । एक सिङ्गे गैँडा, बंगाली बाघ र हात्तीलाई स्थलमा पाइने दुर्लभ जनावरहरूका रूपमा लिइएको छ। यो स्थान वन्यजन्तु अध्ययन गर्ने अनुसन्धान कर्ताहरू र वन्यजन्तु अवलोकन गर्न रूचाउने पर्यटकहरूको मुख्य थलो हुन गएको छ ।

**जनकपुर**

जनकपुरलाई प्राचीन मिथिला राज्यको राजधानीको रूपमा लिइएको छ। यहाँ रहेका प्रायस सम्पूर्ण मानिसहरू मैथिली भाषा बोल्छन् र यहाँ मैथिली साहित्यको विकास भएको पाइन्छ । जनकपुरमा मैथिली भाषाका कवि विद्यापति कोकिलको शालिक पनि रहेको छ । हिन्दू नारीको आर्दशको रूपमा रहेको सीताको जन्मथलोको रूपमा जनकपुर ख्याती प्राप्त छ। यस पवित्र स्थलमा विवाह पञ्चमीका दिन नेपाल तथा भारतका हिन्दूधर्मावलम्बीहरू जनकपुर धामको परिक्रमा गर्दछन् । जानकी मन्दिरको दर्शनको लागि ठूलो मेला लाग्ने गर्दछ ।

विवाह पञ्चमीमा जानकी मन्दिरमा हिन्दू धर्मावलम्बीहरूको ठूलो भीड लाग्दछ । स्वदेशका मात्र नभई विदेशबाट पनि यहाँ ठूलो सङ्ख्यामा हिन्दूधर्मावलम्बीहरू रामजानकीको दर्शन गर्न आउने र मिथिलाको यात्रापथमा यात्राको साथसाथै प्रदक्षिणा गर्ने गर्दछन् । जनकपुरको जानकी मन्दिर हिन्दूहरूको एउटा प्रख्यात र मुख्य धार्मिक थलोको रूपमा रहेको छ । जानकी मन्दिरको साथसाथै यस क्षेत्रमा अरू विभिन्न पवित्र धार्मिक स्थलहरू छन् । धनुषा सागर र रत्नसागर आदि पवित्र सागरहरूलाई पनि जनकपुरका अमूल्य निधिहरूको रूपमा लिइन्छ ।

परम ज्ञानी राजा जनकले शासन गरेको मुलुक भएकोले नै यस स्थानको नाम जनकपुर रहेको हो भन्ने कुरामा विद्वानहरू सहमत देखिन्छन् । यस सहमतिले राजा जनकले हिन्दूमात्रकी आराध्यदेवी सीताको यही जनकपुरमा भगवान रामसित विवाह गरिदिएका हुन् भन्ने कुराको पनि पुष्टि गर्दछ। प्रसिद्ध हिन्दू विद्वान तथा स्मृतिकार याज्ञवल्क्यसमेतका विद्वानहरूले राजा जनकको दरबारमा

सम्मान पाएको कुराले प्राचीनकालदेखि नै जनकपुरले अध्ययन र अनुसन्धानको केन्द्रको रूपमा समेत आफूलाई चिनाउँदै आएको तथ्य प्रकट हुन आउँछ

**जानकी मन्दिर**

भारतको मध्यप्रदेश राज्यको लोहागढका सुरकिशोर दास हाल जानकी मन्दिर रहेको क्षेत्रमा बस्दा त्यहाँ रामजानकी मूर्ति प्रादुर्भाव भएकी देखेकाले सोही ठाउँमा छाप्रो बनाई मन्दिरको रूप दिनुभएको थियो । यो मन्दिर अति सुन्दर र भव्य छ । यस मन्दिरलाई नौलखा मन्दिर भन्ने चलन पनि छ। सिङ्गर्ममरको भुई तथा



जानकी मन्दिर

आकर्षक गजूरहरूको साथसाथै विवाह मण्डप र सिङ्गमर्मरका देवदेवी तथा ऋषिमूनिहरूका मूर्तिहरूले यस मन्दिरको शोभा बढाएका छन् । यो क्षेत्र मिथिला सँस्कृति, भेषभुषा र रहन सहन एवं चाडपर्वको ज्वलन्त उदाहरणको रूपमा रहेको छ । यो मन्दिरमा तथा नेपाल भारतका दर्शनार्थीहरूको जमघट भइरहन्छ ।

**जिरी**

दोखला जिल्लाको दोस्रो महत्वपूर्ण बजार जिरी करिब ६ हजार फिटको उचाइमा अवस्थित छ । पर्यटकीय दृष्टिकोणले जिरीलाई महत्वपूर्ण ग्रामीण शहरको रूपमा लिइन्छ ।

**तानसेन**

मध्यपहाडी भू-भागमा अवस्थित तानसेन नेपाल अधिराज्यकै अति रमणीय पर्यटकीय एवं महत्वपूर्ण व्यापारिक केन्द्र हो । पाल्पा जिल्लाको सदरमुकाम तानसेनमा अत्यन्त रमणीय एवं मनमोहक दृश्यको अवलोकनसमेत गर्न सकिने भएकाले यसको महत्व बढ्दोछ । अत्यन्त आनन्ददायी हावापानी भएको यस नगरमा मगर तथा नेवार जातिको बसोबास रहेको पाइन्छ । राणाकालमा तानसेनलाई काठमाडौँपछिको महत्वपूर्ण राजनैतिक तथा प्रशासनिक अखडाको रूपमा स्थापित गरिएको पाइन्छ । ढाकाटोपी तथा करूवासमेतका धातुका सामग्रीका लागि प्रसिद्ध तानसेन मधेश तथा पहाडबीचको प्रमुख व्यापारिक स्थलसमेत हो । सफा मौसमका दिन तानसेनबाट धवलागिरी, अन्नपूर्ण, मनास्लु, गौरीशङ्कर तथा अन्य कैयौँ हिमशिखरहरूको मनोरम दृश्यावलोकन गर्न सकिन्छ । नेपाल एकीकृत हुनुभन्दा अगाडिसम्म पाल्पा एउटा पृथक र शक्तिशाली राज्यको रूपमा रहेको थियो ।

श्रीनगर डाँडाको काखमा समुद्र सतहबाट १३७१ मिटर उचाइमा अवस्थित पाल्पा जिल्लाको सदरमुकाम तानसेन प्राकृतिक सुन्दरताले भरिपूर्ण छ । प्राकृतिक कलाकौशलको दृष्टिकोणले समृद्ध तानसेन आधुनिक सभ्यतातर्फ उन्मुख छ । पुरानो समयमा सेनवंशी शासकहरूको राजधानीसमेत रहेको तानसेन शहर ऐतिहासिक खोज र अन्वेषणको प्रतीक्षामा छ ।

अमरसिंह थापाबाट सन् १८०७ ई.मा निर्मित अमर नारायण मन्दिर, सन् १९२७ मा प्रताम शम्शेर ज.ब.रा.बाट निर्मित तानसेन दरबार, खड्ग शम्शेरबाट निर्मित शीतलपाटी (गोलघर), ब्रिटिश भारतीय फौजलाई पराजित गरेको स्मृतिमा सन् १८१४ मा उजीर सिंह थापाद्वारा बनाइएको भगवती मन्दिर, पाल्पा जिल्लाको सबैँभन्दा पुरानो बौद्ध विहारको रूपमा परिचित आनन्द विहारलगायतका महाचैत्य विहार, महावोधी विहार, वीरेन्द्र फूलबारी आदि यस शहरका प्रमुख पर्यटकीय महत्वका सम्पदा हुन् । साथै, तानसेन शहरबाट करिब ८ कि.मि दक्षिणमा रहेको सत्यवती ताल र प्रवास तालमा फूलिरहेका कमलका फूलहरूले तानसेन भ्रमण गर्न पर्यटकहरूलाई बारम्बार लोभ्याइरहन्छ ।

**तातोपानी**

म्याग्दी जिल्लाको पोखरा-मुस्ताङ सडकमा पर्ने तातोपानी र सिन्धुपाल्चोक जिल्लाको कोदारी राजमार्ग चीनको सीमानजिकै रहेको तातोपानी पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थानको रूपमा रहेका छन् ।

**तिमाल**

काभ्रेपलाञ्चोक जिल्लाको कानपुर गा.वि.स.बाट सुरू भई पोखरी नारायण स्थानलगायत बाह्र गाउँ समेट्ने मनोरम तिमाल मुख्यतया तामाङ्हरूको बस्ती भएको क्षेत्र हो। कोटकालीका, कानपुरकालीका मन्दिर रहेको यस क्षेत्रको एकातिर सुनकोशी र अर्कोतिर रोशी नदी रहेको छ। तिमालको मध्यभाग पोखरी नारायणस्थानमा जनै पूर्णिमाका दिन निकै ठूलो मेला लाग्दछ।

**दिपायल**

दिपायल सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम हो। सेती नदीको किनारमा रहेको दिपायल बजारको नजिकै त्यही नदीको अर्को किनारतर्फ रहेको अलिकति अग्लो डाँडा राजपुरमा अधिकांश क्षेत्रीय निर्देशनालयहरू रहेका छन्। राजपुर दिपायल पुरानो डोटी राज्यको राजधानी शहरको रूपमा रहेको थियो भन्ने कुरा ऐतिहासिक तथ्यहरूले औँल्याएको पाइन्छ।

सेती अञ्चलको बझाङ, बाजुरा, डोटी तथा अछाम जिल्लाको साँधमा पर्ने मनोरम पर्यटकीय र प्रसिद्ध धार्मिक स्थल खप्तडसम्म दिपायल सिलगढीबाट पैदल हिडेर पनि एकदिनमा पुग्न सकिने र खप्तड राष्ट्रिय निकुञ्जमा रहेका दुर्लभ र सुन्दर फूल, जडीबुटी, वन्यजन्तुहरू, ताल र खण्ड-खण्ड परेका रमणीय पाटन (मैदान) हरूको अवलोकन गर्ने अवसर पाइने हुनाले पनि दिपायल-सिलगढीको महत्व बढ्न गएको छ।

**दानासाँगु**

जुम्ला जिल्लाको सदरमुकाम खलङ्गादेखि पूर्वोत्तर भागमा तीला नदी र जवा नदीको सङ्गमस्थललाई दानासाँगु भनिन्छ। यस स्थानमा गोदान, भूमिदान, अन्नदान, स्वर्णदान, रत्नदान, अभयदान आदि विविध दान दिइएकोले यो ठाउँको नाम दानासाँगु रहेको हो। तीज, महाशिवरात्री, नवरात्री, वैशाख पूर्णिमा, गङ्गादशहरा, चण्डीपूर्णिमा, गुरू पूर्णिमामा ठूलो मेला लाग्दछ।

**दाउन्ने गढी दाउन्ने देवी**

नवलपरासी जिल्लामा चुरे पहाडको काखमा महेन्द्र राजमार्गको बुटवल नारायणगढ खण्डमा दाउन्ने डाँडामा दाउन्ने देवीको स्थान छ। यस ठाउँमा प्राचीन कालमा परशुरामको आश्रम तथा साधनास्थल थियो भन्ने किंवदन्ती छ। नवलपरासी जिल्लाको प्रमुख दुई क्षेत्र नवलपुर र परासीको ठीक बीचमा दाउन्नेगढी पर्दछ। नवलपुर बस्ती नवलसिंहले स्थापना गरेको मानिन्छ भने परशुराम शब्दबाट पराशु, परसो हुँदै परासी बनेको र दुवैको संयुक्त रूपमा नवलपरासी भएको मानिन्छ।

**देवघाट**

तनहुँ जिल्लाको देवघाट गाविसअन्तर्गत पर्ने हिन्दूहरूको पवित्र तीर्थस्थल देवघाटमा सप्तगण्डकी नदीको सङ्गम भएको हुँदा यो ठाउँमा स्नान गर्दा सम्पूर्ण पापहरूबाट मुक्ति पाइने, यहाँ प्राणत्याग गर्दा कैवल्य मुक्ति पाइने कुरा नेपाल महात्म्यमा उल्लेख छ । हरिगङ्गा (काली गण्डकी) र हरगङ्गा (त्रिशुली) नदीसमेतको सङ्गम भएको सप्तगण्डकीको नदीको तटमा अवस्थित अर्थात हरिगङ्गा र हरगङ्गा नदीको तटमा अवस्थित भएकाले यसलाई हरिहर क्षेत्र पनि भनिन्छ । कतैकतै यसलाई आदिप्रयागसमेत भनेको पाइन्छ । यो ठाउँमा माघे सङ्क्रान्तिका दिन ठूलो मेला लाग्दछ । धार्मिक दृष्टिले महत्वपूर्ण यो ठाउँको व्यवस्थित विकासका लागि तनहुँ, नवलपरासी र चितवन जिल्लाका केही भाग मिलाई देवघाट क्षेत्र विकास समिति गठन गरिएको छ ।

**देवीघाट**

नुवाकोट जिल्लाको बट्टारको छेउमा रसुवा जिल्लाको गोसाइकुण्डबाट आउने त्रिशुली नदी र रसुवाको सूर्यकुण्डबाट आउने तादी खोला (सूर्यमती नदी)को सङ्गमस्थलमा देवीघाट तीर्थस्थल रहेको छ । यसै ठाउँमा प्रसिद्ध जाल्पा देवीको मन्दिर छ । यहाँ प्रत्येक वर्ष चैत्र शुक्लपूर्णिमा र हरिबोधिनी एकादशीका दिन ठूलो मेला लाग्दछ ।

**दक्षिणकाली**

काठमाडौँ फर्पिङ क्षेत्रको दक्षिणकालीमा मङ्गोल मुखाकृति भएकी कालिका देवीको मूर्ति छ । यो ठाउँ काठमाडौँको केन्द्रबाट २० कि.मि. दक्षिणमा पर्दछ । रमणीय उद्यान, वनपाखासहितको यो मन्दिरमा मङ्गलबार र शनिबारका दिन ठूलो मेला लाग्दछ ।

**धनुषाधाम**

त्रेतायुगमा भगवान रामचन्द्रले सीतासँग स्वयम्बरको क्रममा रङ्गभूमिमा शिव धनुष प्रयोग गर्दा टुक्रिएको धनुषको टुक्रा खसेको ठाउँलाई धनुषा भनियो । जनकपुरबाट १४ कि.मि. उत्तरमा अवस्थित धार्मिक महत्वको तीर्थस्थल धनुषाधाममा माघ महिनाको प्रत्येक आइतबारका दिन नेपाल भारतका श्रद्धालुहरूको ठूलो मेला लाग्दछ ।

**धनकुटा**

धनकुटा पूर्वाञ्चल विकास क्षेत्रको सदरमुकाम हो । धनकुटा नगरपालिका कोशी अञ्चलको धनकुटा जिल्लामा पर्दछ । मनमोहक प्राकृतिक दृश्यावली र मनोरम हावापानी भएको हुनाले धनकुटा पर्यटकीय दृष्टिकोणले समेत अत्यन्त महत्वपूर्ण

स्थान हो । सुनसरी जिल्लाको सबैभन्दा पुरानो र नेपालको एउटा महत्वपूर्ण र दर्शनीय शहरको रूपमा रहेको धरानदेखि धनकुटा हुँदै सङ्खुवासभासम्म पुग्ने कोशी राजमार्गले धनकुटाको यात्रालाई सहज बनाएको छ ।

**धुलिखेल**

काठमाडौँदेखि ३० कि.मि. पूर्वमा काभ्रेपलाञ्चोक जिल्लामा पर्ने प्राचीन सहर धुलिखेल नेवार जातिको परमपरागत प्राचीन बस्तीको रूपमा प्रख्यात छ । यहाँबाट पूर्व केरियोलुङ र पश्चिममा हिमालचुलीका हिमशृङ्खलाको मनोरम दृश्य देख्न सकिन्छ । साथै यहाँबाट गौरीशङ्कर हिमाल र अन्य पहाडी शृङ्खलाहरू सुनकोशी र रोशी खोलाको सङ्गमको सुन्दर दृश्य देखिन्छ । यहाँ तिमाल नारायणको मन्दिर छ, जहाँ भगवान विष्णुको मूर्ति स्थापना गरिएको छ ।

**नेपालगञ्ज**

महेन्द्र राजमार्गमा रहेको कोहलपुर भन्ने स्थानबाट मध्यपश्चिम क्षेत्रको ठूलो शहर नेपालगञ्ज नजिकै रहेको छ। नेपालगञ्ज बाँके जिल्लाको सदरमुकाम हो । यो नगर शैक्षिक, औद्योगिक र व्यापारिक केन्द्र पनि हो । नेपालगञ्ज समुन्द्र सतहबाट करिब ६०० फिटको उचाइमा अवस्थित छ। यहाँ उष्ण प्रदेशीय हावापानी पाइन्छ। यहाँ मध्यपश्चिमाञ्चल विकास क्षेत्र कै सबैभन्दा ठूलो र राम्रो बजार छ। कर्णाली, भेरी र राप्ती अञ्चल निवासीहरू आफ्नो कृषि, बन तथा घरेलु उत्पादनहरू बिक्री गर्न र आफूलाई चाहिने लत्ता कपडा, नून, तेल तथा अन्य उपभोग्य वस्तुहरू खरीद गर्न आवतजावत गर्ने हुनाले नेपालगञ्ज यस क्षेत्रकै ठूलो र महत्वपूर्ण व्यापारिक केन्द्रको रूपमा दिनपरदिन विकास हुँदै गइरहेको छ ।

धार्मिक दृष्टिकोणबाट पनि नेपालगञ्ज महत्वपूर्ण स्थान हो। यहाँको श्री बागेश्वर मन्दिर प्रसिद्ध छ । यो मन्दिरमा रामनवमी र बडादशैँको नवमीमा ठूलो मेला लाग्दछ । यहाँ रहेका बागेश्वरी पोखरी र रानी तलाउ पनि प्रसिद्ध छन् । नेपालगञ्जमा हवाई यातायात र सडक यातायातको सुविधा छ । यहाँ चामल, काठ, सलाई, कत्था, बिस्कुट आदि निर्माण गर्ने कारखानाहरू सञ्चालित छन् ।

**नारायणगढ**

नेपाल अधिराज्यका पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका राजधानी काठमाडौँ र मनोरम पर्यटकीय स्थल पोखरा तथा हेटौडासमेतका विभिन्न स्थानसित सडक यातायातद्वारा जोडिएको नेपाल अधिराज्यभित्रको आवागमनको प्रमुख केन्द्र हो, नारायणगढ । नारायणगढ नेपाल अधिराज्यको सबभन्दा गहिरो नदी नारायणीको

किनारमा अवस्थित छ । प्रसिद्ध धार्मिकस्थल देवघाट पनि नारायणगढ बजारको नजिकै नारायणी नदीको किनारामा रहेको छ । प्रसिद्ध तीर्थस्थल त्रिवेणीको पनि नजिक रहेको यो शहरबाट प्रत्येक दिन अनेकौं सवारी साधनहरू देशका विभिन्न भागमा पुग्दछन् । महाकाली अञ्चलको महेन्द्रनगरदेखि काठमाडौंसम्म आउने र मेची अञ्चलको काकडभित्तादेखि काठमाडौं र पोखरासम्म आउने सवारी साधनहरू नारायणगढ भएर ओहोर दोहोर गर्ने भएकोले नारायणगढको व्यापारिक महत्व अत्यन्तै बढ्दै गएको छ । अर्कातिर विश्वसम्पदा सूचीमा समावेश भएको चितवन राष्ट्रिय निकुञ्ज नारायणगढसित जोडिएको छ । नारायणगढबाट सौराहा, कसरा, चण्डीभञ्ज्याङ, टाइगरटप्सजस्ता पर्यटकीय क्षेत्र थोरैमात्र दूरीमा रहेका छन् ।

**न्यातपोल देवल**

राजा भूपतीन्द्र मल्लद्वारा वि.स. १७५९ मा पाँचतले प्यागोडा शैलीमा निर्मित यो मन्दिरमा देवी लक्ष्मीको मूर्ति स्थापना गरिएको छ । यो मन्दिरका विभिन्न तलामा विभिन्न देवी देवताहरूका मूर्तिहरू छन् भने मन्दिरको प्रवेशद्वारमा योद्धा, बाघ, बघिनी, सिंहका मूर्तिहरू रहेका छन् ।

**नक्साल भगवती**

लच्छविकालमा पलाञ्चोक भगवतीको मूर्ति बनाउनेले नै नक्साल भगवतीको पनि मूर्ति बनाई स्थापना गरेको जनश्रुति छ । रणबहादुर शाहका टक्सारी भीम वर्मा खवासले वि.स. १८३९ मा पूजा गरी मन्दिरको जिर्णोद्धार गरेको र चिताइएको काम प्रेमगिरी खसाईले गरेको कुरा शिलालेखमा उल्लेख छ ।

**नगरकोट**

काठमाडौं शहरदेखि ३२ कि.मि. को दूरीमा भक्तपुर जिल्ला पर्ने ७२०० फिट (२१७५ मि.) को उचाइमा अवस्थित यो ठाउँबाट सूर्योदय र सूर्यास्तको मनोरम दृष्य देखिन्छ । यहाँबाट काठमाडौं उपत्यकाको मनोरम दृश्यावलोकन, पर्वतीय दृश्यावलोकन हुनुको साथै सगरमाथा, कञ्चनजङ्घा, अन्नपूर्ण आदि हिमशिखरहरूको मनोरम छटा देखिने हुँदा यहाँ पर्यटकहरूको जमघट हुन्छ । भनिन्छ, नगरकोटमा एकै दिनमा चारवटा सिजनको अनुभव गर्न सकिन्छ । साथै, यहाँबाट पश्चिम उत्तरमा काठमाडौं र दक्षिणतर्फ भक्तपुर सहरको दृश्य देखिन्छ । यहाँ विभिन्न स्तरका होटल र रिसोर्ट छन् ।

**पोखरा**

पोखरा पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम हो । गण्डकी अञ्चलको कास्की

जिल्लामा पर्ने पोखरा शहरलाई नेपालको सबैभन्दा महत्वपूर्ण पर्यटन केन्द्रको रूपमा र देशको पर्यटन राजधानीको रूपमा लिने गरिन्छ । फेवाताल र बेगनास तालजस्ता प्रसिद्ध तालहरू, माछापुच्छ्रे हिमालको दृश्य, विन्ध्यवासिनीको मन्दिर, शहरको बीचबाट साँगुरो र गहिरो भएर बगेको सेती नदी, महेन्द्र गुफा र डेबिड फल (छाँगो) आदिलाई पोखराका महत्वपूर्ण दर्शनीय स्थलको रूपमा लिने गरिन्छ ।

बढी पानी पर्ने भएकोले पोखरालाई नेपालको चेरापुञ्जी पनि भनिन्छ । पोखरालाई सिद्धार्थ राजमार्गले तानसेन तथा बुटवलसित र पृथ्वी राजमार्गले मुगलिङ तथा काठमाडौँसँग जोडेको छ । मुगलिङबाट नारायणगढ हुँदै नेपालका पश्चिम एवं पूर्वी तराईका अरू शहरहरूसँगको सडक सम्पर्क पनि कायम भएको छ ।

पश्चिमाञ्चल क्षेत्रको सदरमुकाम, गण्डकी अञ्चलको सदरमुकाम र कास्की जिल्लाको सदरमुकामको रूपमा भन्दा नेपालको प्रमुख पर्यटन केन्द्रको रूपमा प्रसिद्धि पाएको पोखराको अवलोकन भ्रमणलाई नेपाल आउने विदेशी पर्यटकहरूले पनि ठूलो प्राथमिकता दिएको पाइन्छ

**पाथीभरा देवीको मन्दिर**



पाथीभरा देवी

समुद्र सतहदेखि ३७९४ मिटरको उचाइमा नेपालको पूर्वी पहाडी जिल्ला ताप्लेजुङमा पर्ने यो मन्दिर पाथीभरा पहाडको शिखरमा रहेको छ । पाथीभरालाई देवीको साक्षत स्वरूप मानेर सुख संवृद्धिको कामना गर्दै देवीको दर्शन, पूजा, आराधना गर्ने चलन छ । मनमा पाप भएको मान्छे, गर्भवती महिलाले देवीको दर्शन गरेमा अनिष्ट हुन्छ भन्ने जनविश्वास छ । ताप्लेजुङ जिल्लाको सदरमुकामदेखि १० कोश पूर्वोत्तर भागमा भरिएको पाथी जस्तै चुलिएको पहाडमा देवीको मन्दिर रहेकोले यो मन्दिरको नाम पाथीभरा रहेको हो ।

**फूलचोकी**

ललितपुर जिल्लाको सदरमुकामदेखि १० कि.मि. दक्षिणपूर्वमा र काठमाडौँको केन्द्रबाट १५ कि.मि. दूरीमा रहेको फूलचोकी डाँडाको उचाइ २७६५ मिटर रहेको छ । यहाँ सेता, राता रङ्गका गुराँसका फूलहरू ढकमक्क भई फुल्ने हुँदा संस्कृतमा फूलोच्च गिरी भनिएकोमा पछि अपभ्रम्स भई फूल्चोकी हुन गएको हो भन्ने पाइन्छ । अघि त्रेतायुगमा अनुपम नामको स्थानबाट नागदहलाई घेर्नेमध्ये एक यो पहाडको टुप्पोमा बसी त्यहाँ पाइने एक लाख फूलहरूले भगवान स्वयम्भूको पूजा अर्चना गरी फूलैफूलको ठूलो रास बनाएकोले यो ठाउँको नाम फुलोच्च गिरी हुँदै फूल्चोकी बन्यो । यसैको छेउमा गोदावरी कुण्ड रहेको, यहाँ १२ वर्षमा गोदावरी मेला लाग्ने गरेको र चारैतिर गोदावरीका फूलहरू फुल्ने गरेकोले फूल्चोकीलाई गोदावारी चुचुरो पनि भनिन्छ । यहाँ करिब ६० लाख मेट्रिकटन डिपोजिट भएको नेपालको सबैभन्दा ठूलो फलाम खानी भएकोले यसको आर्थिक महत्व पनि रहेको छ ।

**बालाजु, बाइसधारा र रानीवन**

काठमाडौँको पश्चिमोत्तर भागमा अवस्थित रमणीय स्थान बालाजु छ । यो उद्यानभित्र भगवान नारायणको मूर्ति भएकोले त्यसलाई बूढा नारायण वा बाल नारायणको मूर्ति भएकोले सोही नामले यस ठाउँको नाम राखिएकोमा पछि यो शब्द अपभ्रम्स भई बालाजु बन्यो । यसै ठाउँमा प्रताप मल्लले २१ धारा र रणबहादुरले बनाएको सुनको ठूलो धारासहित २२ धारा भएकोले यसको नाम बाइसधारा भन्ने रह्यो ।

**बौद्धनाथ**

काठमाडौँ सहरको केन्द्रबाट ७ कि.मि. पूर्वोत्तर भागमा अवस्थित भगवान बुद्धको ठूलो स्तूपलाई बौद्धनाथ भनिन्छ । पाचौँ शताब्दीमा लिच्छवि राजा मानदेवले निर्माण गरेको यो मठ विश्वका प्राचीन विशालतम स्तुपहरूमध्ये एक मानिन्छ । हिन्दू र बौद्ध धर्मालम्बीहरू दर्शनार्थ आउने यो मठ धार्मिक सहिष्णुताको प्रतीक मानिन्छ । यसलाई विश्व सम्पदा सूचीमा समेत समावेश गरिएको छ ।

**विराटनगर**

विराटनगर मोरङ्ग जिल्लाको सदरमुकाम हो । यहाँ विभिन्न किसिमका उद्योगधन्दाहरू फस्टाएकाले यसलाई औद्योगिक शहरसमेत भनिन्छ । यो पूर्वाञ्चलको व्यापारिक एवं औधोगिक केन्द्रसमेत हो । घना आवादी र ठूलो शहर भएकाले यसलाई उपमहानगरपालिकाको रूपमा वर्गीकरण गरिएको छ ।

कोशी अञ्चलको मोरङ्ग जिल्लामा पर्ने यस शहरमा विराटनगर जुटमिल समेतका नेपालका पुराना र महत्वपूर्ण कारखाना तथा उद्योगहरू रहेका छन्। त्यसैले विराटनगरलाई नेपालको औद्योगिक राजधानी पनि भन्ने गरिन्छ।

**वीरगञ्ज**

मधुवनको पारसनाथ मन्दिरको नामबाट 'पारस' नाम रहन गएको पर्सा जिल्लाको सदरमुकाम वीरगञ्ज हो। नेपालको मुख्य प्रवेशद्वारको रूपमा परिचित वीरगञ्ज नगर नेपालको आर्थिक राजधानीको रूपमा समेत स्थापित हुँदै आएको छ। औद्योगिक तथा व्यापारिक शहर वीरगञ्जको मौलिक परिचय रहेको छ। वीरगञ्ज नेपालको प्रजातान्त्रिक आन्दोलनको कार्यस्थल पनि हो।

वीरगञ्जको प्रसिद्ध मन्दिर गहवा माईथान मुख्य बजारसँगै रहेको छ। वीरगञ्ज नगरको निकटवर्ती सिमरौनगढ, गढीमाई, विन्ध्यावासिनी मन्दिर, पारसनाथ मठ आदिले वीरगञ्जको ऐतिहासिक तथा धार्मिक महत्व स्थापित गरेका छन्। वीरगञ्ज नगरको एउटा आकर्षण यस नगरको केन्द्रमा रहेको घण्टाघर हो।

हाल यसले उपमहानगरपालिकाको रूपमा आफूलाई स्थापित गराएको छ। वीरगञ्जलाई सबभन्दा पहिले त्रिभुवन राजपथले काठमाडौँसँग जोडेको थियो। नेपालबाट निर्यात गरिने वस्तुहरू र नेपालमा आयात गरिने वस्तुहरूमध्ये धेरै वस्तुहरूको ढुवानी वीरगञ्जको बाटोबाट हुने भएकोले वीरगञ्जलाई सुख्खा बन्दरगाह (Dry Port) को रूपमा विकास गर्ने अवधारणाले बल पाउन थालेको पाइन्छ।

**बाग्लुङकालिका मन्दिर**

बाग्लुङ जिल्लाको सदरमुकाम बाग्लुङ बजारदेखि पूर्वमा कालीगण्डकी र काठेखोलाको सङ्गमको उच्च समस्थली (टार) हात्तीसुँडे जङ्गलभित्र कालिका देवीको भव्य सुन्दर मन्दिर छ। पाल्पाका राजा मुकुन्दसेनले आफ्नी छोरीको विवाह तत्कालीन पर्वतका राजा प्रतापनारायण मल्लसँग गरिदिएपछि दाइजोको रूपमा कालिकाको मूर्ति दिएकोमा त्यही मूर्ति नै मन्दिरमा स्थापना गरिएको हो भन्ने जनश्रुति छ। मन्दिरमा चैत्राष्टमीका दिन पञ्चबलि चढाई मेला भर्ने चलन छ। हाल बाग्लुङ बजारलाई कालिका नगरपालिका भनी नयाँ नामाकरण गरिएको छ।

**बन्दीपुर**

तनहुँ जिल्लामा पर्ने बन्दीपुर धार्मिक तथा प्राकृतिक दृष्टिले रमणीय स्थल मानिन्छ। यहाँ छिम्केश्वरी मन्दिर, खड्गदेवी मन्दिर, गुफा छन् भने बन्दीपुरको मिश्रित ग्रामीण संस्कृति, उत्तरतर्फको मर्स्याङ्दी उपत्यका हिमाली पर्वतशृङ्खला, ससाना पर्वत चुचुराहरू, गणेश हिमाल, माछापुच्छ्रे आदि हिमशृङ्खलाको मनोरम

दृश्यालोकन  यहाँबाट गर्न सकिन्छ । बन्दीपुरबाट पदयात्रा सुरू गरी देवघाट हुँदै चितवन राष्ट्रिय निकुञ्ज पुगिने हुँदा पनि यसको पर्यटकीय महत्व बढेको छ ।

**बूढानीलकण्ठ**

काठमाडौँ शहरदेखि ८ कि.मि. पश्चिम उत्तरमा शिवपुरी पहाडको काखमा एउटा सानो पोखरीको बीच शेषशायी भगवान नारायणको प्रस्तर मूर्ति छ। यसको



बूढानीलकण्ठ

निमार्ण लिच्छविकालमा पाँचौं शताब्दीको मध्यतिर भएकोले यसले लिच्छविकालीन मूर्तिकलाको प्रतिनिधित्व गर्दछ ।

**बूढासुब्बा**

सुनसरी जिल्लाको धरानबजारबाट पूर्वतिर धमिराले माटोमाथि उठाई मूर्तिजस्तै बनेको स्थानलाई बूढासुब्बाको स्थान भनिन्छ । मन्दिरका पुजारी मगर जातिका छन्  । बूढासुब्बा राई वा मगर जातिका सिद्ध पुरूष थिए जसले गुलेलीले शिकार गरी हिँड्दथे । शिकार खेल्ने क्रममा हिँड्दै जाँदा यस ठाउँमा आई गुलेलीलाई भुइँमा गाडेर मट्याङ्ग्रालाई भुँइमा राखी समाधिस्थ भए भन्ने किंवदन्ती छ । त्यहाँको बाँसको झाङ बूढासुब्बाले गाडेको गुलेलीबाट उम्रेको र गुलेलीको टुप्पो नहुने हुँदा यहाँको बाँसको पनि टुप्पो नभएको भन्ने जनविश्वास छ । कसैलाई पेट दुखेमा शिकारी (बुढासुब्बा) लागेको भनिने र मट्याङ्ग्रा घोटेर खुवाएमा निको हुन्छ भन्ने जनविश्वास छ । वैशाख पूर्णिमाका दिन ठूलो मेला लाग्ने यो स्थानमा सुँगुर र बोकाको बलि दिइन्छ ।

**बराह क्षेत्र**

कोशी अञ्चलअन्तर्गतको सुनसरी जिल्लामा कोशी नदी र कोका नदीको पवित्र सङ्गममा बराह क्षेत्र नामको मनोरम तीर्थस्थल छ । भारतको कुरूक्षेत्र, नेपालका हरिहर क्षेत्र (देवघाट), मुक्तिक्षेत्र (मुक्तिनाथ मुस्ताङ), रूरू क्षेत्र (गुल्मी) जस्तै बराह क्षेत्रको पनि विशिष्ट धार्मिक महत्व रहेको छ । बराह क्षेत्रका बारेमा बराह पुराणको ११० औँ र १४० औँ अध्यायमा अध्यायमा चर्चा गरिएको छ । यहाँ गणेश बराह, गुरू बराह, सूर्य बराह, कोका बराह, इन्द्र बराह, गायत्री, सरस्वती, नारायणका मूर्तिहरू र मन्दिरहरूका साथै गणेश मन्दिर, लक्ष्मी मन्दिर र धर्मशालाहरू रहेका छन् ।

**राम मन्दिर**

जनकपुरधाममा जानकी मन्दिरपछिको अर्को महत्वपूर्ण मन्दिर राम मन्दिर हो । सरदार अमरसिंह थापाले वि.स. १८३९ मा प्यागोडा शैलीमा जानकी मन्दिर नजिकै राम, सीता, लक्ष्मणसहितको विशाल राम मन्दिर बनाएका थिए । मन्दिरमाथि पित्तलमा सुनको जलप लगाएको विशाल गजुर श्री ३ चन्द्र शमशेरले चढाएका थिए । मन्दिर परिसरमा हनुमान मन्दिर, शिव मन्दिर, भगवान विष्णु तथा दशावतारका मूर्तिहरूसमेत छन् । यहाँ रामनवमीका दिन पूजा अर्चना गर्नुका साथै ठूलो मेलासमेत लाग्दछ ।

**बंगलामुखी मन्दिर**

काठमाडौँ उपत्यकाका विभिन्न धार्मिक स्थलहरूमध्ये ललितपुर कुम्भेश्वरस्थित बंगलामुखी मन्दिर पनि महत्वपूर्ण मानिन्छ । नेवार जातिका कपाली समुदायका मानिसहरू यहाँका पुजारी हुन्छन् ।

**वैजनाथ धाम**

वैजनाथ धाम अछाम जिल्लाको बुढीगंङ्गा र साफे खोलाको किनारमा पर्दछ । शिवरात्रीको समयमा यहाँ ठूलो मेला लाग्छ । नेपालका विभिन्न स्थानदेखि भारतसम्मबाट श्रद्धालुको ठूलो भीड लाग्दछ ।

**भैरहवा**

भैरहवा रूपन्देही जिल्लाको सदरमुकाम हो । यो नगर सुनौली भन्ने स्थानमा भारतसँग जोडिएको छ । यस क्षेत्रको महत्वपूर्ण व्यापारिक नाकासमेत भएकोले यसको महत्व निकै बढेको छ । पश्चिमाञ्चल क्षेत्रको निकासी पैठारी यही स्थानबाट भारततर्फ हुने गर्दछ ।

भैरहवालाई सिद्धार्थ राजमार्गले पोखरासित जोडेको छ । यो शहर भगवान

गौतमबुद्धको जन्मस्थान लुम्बिलीबाट थोरै कि.मि.को दूरीमा रहेको छ भने कपिलवस्तुको राजधानी तिलौराकोट पनि भैरहवाभन्दा त्यति धेरै टाढा छैन। भैरहवामा गौतमबुद्ध विमानस्थल रहेको कुरा पनि बिर्सन मिल्दैन। बुद्धको मावली गाउँ रामग्राम पनि भैरहवाबाट नजिकै पर्दछ। भैरहवालाई सिद्धार्थनगर नगरपालिका नामाकरण गरिएको छ।

**भद्रकाली देवीको मन्दिर**

काठमाडौँ सहरको बीच भागमा सिंहदरबारको अगाडि प्रख्यात शक्तिपीठ भद्रकाली देवीको मन्दिर रहेको छ। ईसाको सातौँ शताब्दीतिर तान्त्रिक बज्राचार्य शाश्वत बज्रले वैष्णवी पीठमा कालिका देवीको साधना गरी देवीको स्थापना गरेपछि यस स्थानलाई भद्रकाली स्थान भन्न थालियो। नेवारी भाषामा यसलाई लुमधी भनिन्छ। भाषा वंशावलीमा उल्लेख भएअनुसार राजा गुणकामदेवले काठमाडौँ शहरको निर्माण गरेपछि यसको सुरक्षाको लागि शहरको पूर्वी दिशामा भद्रकाली पीठको स्थापना गरेका थिए। भद्रकाली स्थानमा विजया दशमी (बडादशैँ) को बेला ठूलो  मेला लाग्ने गर्दछ।

**महेन्द्र गुफा**

कास्की जिल्लाको पोखरा उपत्यकामा रहेको यो गुफा बाघले गाईबस्तु खान थालेपछि त्यसलाई मार्न पछ्याउँदै जाने क्रममा वि.स. २०१२ सालमा पत्ता लागेको हो भन्ने मान्यता रहेको पाइन्छ। वि.स. २०१६ सालमा राजा महेन्द्रबाट गुफाको संरक्षण गर्न आदेश भएपछि बाघ, स्याल आदि जङ्गली जनावरका बासस्थानका रूपमा रहेको यो गुफालाई महेन्द्र गुफा भनी नामाकरण गरियो।

**मुक्तिनाथ**

मुस्ताङ जिल्लाको हिमाली भू-भागमा मुक्तिनाथको मन्दिर छ। मुक्तिनाथ २८° २४' आक्षांस र ८३° ३०' देशान्तरमा अवस्थित छ। प्राय वर्षैभरी चीसो हावापानी बहने मुक्तिनाथ क्षेत्रलाई जाडो याममा हिउँले ढाक्ने गर्दछ।

मुक्तिनाथ हिन्दूहरूको पवित्र धार्मिक स्थलको रूपमा रहेको छ। वर्षेनी असङ्ख्य भक्तजनहरू टाढा टाढाबाट मुक्तिनाथको दर्शन गर्न आउँछन्। भारतका कुनाकुनाबाट पनि हिन्दू धर्मावलम्बीहरू मुक्तिनाथको दर्शन गर्न आउने हुनाले मुक्तिनाथ नेपालको मात्र नभएर सम्पूर्ण हिन्दूहरूको तीर्थस्थलको रूपमा स्थापित भएको पाइन्छ। प्राकृतिक रमणीयताको कारणले पनि वर्षेनी ठूलो सङ्ख्यामा पदयात्रीहरू यस क्षेत्रमा आउँदछन्। यस क्षेत्रमा तपस्या गरेको खण्डमा मुक्ति प्राप्त गर्न सकिने हुनाले यस क्षेत्रलाई मुक्तिक्षेत्र भनिएको हो भन्ने जनविश्वास



मुक्तिनाथ

रहेको पाइन्छ । अवलोकितेश्वरको मूर्ति तथा वरूण देवताको रूपमा पुजिने हरबखत आगो बलिरहने स्थान र एउटा गुम्बा पनि मुक्तिनाथ क्षेत्रको आकर्षणको रूपमा रहेका छन् ।

**मनकामना देवी मन्दिर**

गोर्खा जिल्लामा अवस्थित यो मन्दिरमा दुर्गा भवानीको मूर्ति छ । राजा रामशाहकी रानी देवीको शक्ति भएको नारी थिइन् । रानीको मृत्युपछि सिद्ध लखन थापाले नै मनकामना देवीको स्थापना गरी पूजाको चलन चलाएकोले अद्यापि मनकामना मन्दिरमा मगर जातिका पुजारी नै नियुक्त गरिन्छ । पृथ्वीराजमार्गको कुरिनटारदेखि मनकामना मन्दिरसम्म केवलकार सेवा सञ्चालित छ ।

**माइपोखरी**

इलाम बजारदेखि १३ कि.मि. उत्तरमा पर्ने पवित्र तीर्थस्थल माइपोखरीमा शिव पार्वतीले वनविहार र जलक्रिडा गर्ने गरेको भनी स्कन्द पुराणमा वर्णित थलो यही हो भन्ने भनाइ छ । यहाँ स्नान गरेमा पुण्यलाभ हुन्छ भन्ने जनविश्वास छ । यहाँ वि.सं. १९५४ मा स्वामी सोमेश्वरानन्दले निर्माण गराएको शिव मन्दिर पनि छ । यहाँ हरिशयनी एकादशी र हरिबोधिनी एकादशीका दिन ठूलो मेला लाग्दछ । जैविक विविधतायुक्त यस पोखरीलाई रामसार महासन्धिअनुसार

रामसार (सिमसार) क्षेत्रका रूपमा सन् २००८ मा घोषणा गरिएको थियो ।

**माइवेनी**

दुई नदीको सङ्गम वेणी, वेनी, दोभान र तीन नदीको सङ्गम त्रिवेणीहरू नेपालमा अनेकौं छन् जुन धार्मिक दृष्टिले महत्वपूर्ण मानिन्छन् । इलाम बजारदेखि ४/५ कि.मि. पूर्वमा माई नदी र जोगमाई नदीको सङ्गमलाई माइवेनी भनिन्छ । यो नदीलाई कन्काई नदी भनिन्छ ।

**माईस्थान**

इलाम बजारको मध्य भागमा रहेको यो स्थानलाई खलङ्गा खाल्डो र मन्दिर अगाडिको ढुङ्गालाई इलङ्गा ढुङ्गा भनिन्छ । यो मन्दिरको निर्माण काजी हेमदल थापा (वि.स..१८७६-१९२२) ले गराई देवीको रूपमा माई नदीको शिला स्थापना गरेका थिए । हाल माइस्थानमा प्यागोडा शैलीको मन्दिर बनेको छ । मन्दिर नजिकै गणेश, डाकिनी र सिंहवाहिनीका स-साना मन्दिरहरू पनि रहेका छन् ।

**महेन्द्रनगर**

महेन्द्रनगर नेपालको सुदूरपश्चिमी सीमानाको नजिकमा रहेको बजार हो । यो कञ्चनपुर जिल्लाका साथै महाकाली अञ्चलको सदरमुकामसमेत हो । यो क्षेत्र प्रमुख व्यापारिक क्षेत्रका साथै औद्योगिक क्षेत्रसमेत हो । नेपालको सुदूरपश्चिम क्षेत्रबाट भारतसँग हुने निकासी पैठारी बढी मात्रामा यही क्षेत्रबाट हुने गरेकोले यसको महत्व बढ्न पुगेको छ ।

नेपाल र भारतको सीमानाको रूपमा रहेको महाकाली नदीमा निर्मित शारदा तथा टनकपुर बाँधहरू महेन्द्रनगरको नजिकै रहेका छन् । यसबाट टनकपुर बाँधको पूर्वी एप्लक्स बण्डको नजिकै नेपाली भूभागमा रहेको ब्रम्हदेव बजार र शारदा बाँधको नजिकै रहेको वनवासा पनि महेन्द्रनगरको नजिक रहेको कुरा स्वत स्पष्ट हुन्छ ।

**रामारसुन**

अछाम जिल्लाको उत्तरमा कैलाश खोलाको मुहानमा समुद्री सतहबाट करिब ९००० फिटको उचाइमा रामारसुन नामको धार्मिक दृष्टिले महत्वपूर्ण र पर्यटकीय दृष्टिले सुरम्य स्थान छ । वनजङ्गल, खोलानाला, ताल तलैयाहरूद्वारा सुशोभित यो ठाउँमा "बाह्र वण्ड अठार खण्ड" भनिने १२ वटा ताल र १८ वटा थुम्काथुम्कीहरू छन् । १२ वटा तालहरूमध्ये ४०० मिटर लम्बाइ र ३०० मिटर चौडाइ भएको "जिलिगें ताल" सबैभन्दा ठूलो मानिन्छ । रामारसुनका वनजङ्गलमा डाँफे, मुनाल, कालिज आदि पन्छीहरूले बास गरेका छन् । रामार

सुनभन्दामाथि बडीमालिका देवीको प्राचीन मन्दिर छ। यहाँ श्रावण महिनाको पूर्णमाका दिन ठूलो मेला लाग्दछ।

### रूरूक्षेत्र वा रूरूतीर्थ

गुल्मी, पाल्या र स्याङ्जा जिल्लाको सीमानामा रूरू गङ्गा र कालीगण्डकी नदीको पूर्वीतटमा अवस्थित विभिन्न देवी देवताहरूको मन्दिर रहेको पवित्र तीर्थस्थल तथा रमणीय जङ्गललाई रूरूक्षेत्र भनिन्छ। यस ठाउँमा एक अनाथ बालिकालाई रूरू नामकी हरिणीले दूधपान गराई हुर्काएकी रूरूकन्याले ठूलो तपस्या गरी यहाँको भूमिलाई  पवित्र तपोमय बनाएकोले यसलाई रूरूक्षेत्र भनिएको हो भन्ने जनधारणा पाइन्छ। यहाँ माघे सङ्क्रान्तिका दिन ठूलो मेला लाग्दछ।

### रसुवा गढी

रसुवा जिल्लाअर्न्तगत नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतको सीमाक्षेत्रमा समुद्र सतहदेखि करिब ६००० फिटको उचाइमा अवस्थित यो गढीको निर्माण नेपाल-चीन युद्धको बेलामा नेपालीहरूले बनाएका थिए। ऐतिहासिक, पर्यटकीय आर्थिक महत्वको यो गढी काठमाडौँको सबैभन्दा नजिक पर्ने तिब्बततर्फको व्यापारिक नाका हो। यहाँबाट तिब्बततर्फको केरूङ बजार जान सकिन्छ।

### रेसुङ्गा

गुल्मी जिल्लाको रेसुङ्गा नामको पर्वतको शिखरमा समुद्री सतहबाट ७६८२ फिटको उचाइमा अवस्थित हिन्दूहरूको पवित्र तीर्थस्थल रेसुङ्गा रहेको छ। यहाँ कश्यप ऋषिका नाति विभाण्डक ऋषिका छोरा सिद्ध तपश्वी श्रृङ्गी ऋषिले तपस्या गरेकाले उनको स्मृतिमा यो ठाउँमा श्रृङ्गी वा श्रृङ्गा राखिएकोमा यो शब्द अपभ्रंश भई रेसुङ्गा नाम रहेको हो। यहाँ भृगु, पुलस्य, पुलह ऋषिहरूका साथै तपस्वी लक्ष्मीनारायण, स्वामी शशिधर, रेसुङ्गा महाप्रभु (यदुकानन्द), पार सानन्दले तपस्या गरी सिद्धि प्राप्त गरेकाले यहाँ उनीहरूका मूर्ति र मन्दिरहरू छन्। रेसुङ्गा महाप्रभुले नै जुद्ध शमशेरलाई राजपाट त्यागेर वानप्रस्थी हुन प्रेरित गर्नुभएको थियो। रेसुङ्गा महाप्रभुको निधन वि.स. २०२८ सालमा भएको थियो। रेसुङ्गाको शिखर र त्यसको वरिपरि क्षेत्रलाई विष्णुपादुका भनिन्छ। यहाँ पटक-पटक ठूला ठूला यज्ञ याज्ञादि हुँदै आएका छन्। हाल यो ठाँउलाई रमणीय निकुञ्ज र तपोवनका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ। यहाँ भजनमण्डप, स्नानपोखरी, सन्तहरूको सभा, धर्मशाला आदि बनेका छन्।

### ल्हो मन्थाङ (मुस्ताङ)

मुस्ताङ् जिल्लाको सदरमुकाम जोमसोमदेखि १०५ कि.मि. उत्तरमा समुद्री सतहदेखि

करिब १२००० फिटको उचाइमा अवस्थित ४०० घर र ९०० जनसङ्ख्या रहेको ल्हो गाउँ ग्रामीण पर्यटनका लागि महत्वपूर्ण मानिन्छ । किल्ला वा पर्खालभित्रको शहर भनी चिनिएको ल्हो मन्थाङ् चारैतिर स-साना सुख्खा डाँडाहरूले घेरिएको उब्जाउ योग्य समथर भूमि हो । पन्ध्रौं शताब्दीतिर स्थापित यो बस्ती प्राचीन ल्हो राज्यको राजधानी पनि हो । ल्हो मन्थाङ्को आकर्षण पुरानो दरबार र पुराना ३ वटा गुम्बाहरू नै हुन् । सन् १३८७ मा राजा अमेपालले स्थापना गरेको अतिप्राचीन झम्पा गुम्बाका भित्ताहरूमा चित्र र अक्षरहरू स्वर्णाक्षरद्वारा अङ्कित गरिएकोले अति आकर्षक र महत्वपूर्ण मानिन्छ ।

**लुम्बिनी**

लुम्बिनी भगवान गौतम बुद्धको जन्मस्थलको रूपमा विश्वभर प्रख्यात छ । लुम्बिनी नेपालमात्र होइन विश्वकै लागि पवित्र तीर्थ धाम हो । इशापूर्व ६२३ मा चुरेको पीठको समथर भूभागमा बुद्धको जन्म भएको भन्ने इतिहासकारहरूको भनाइ छ । प्रख्यात चिनीया धार्मिक यात्रु हुयान साङ्ग र फाइह्यानले पनि बुद्ध जन्मेको पृथ्वीको स्वर्गको रूपमा लिन सकिने ठाउँमा अत्यन्त सुन्दर मन्दिरहरू र पहाडहरू छन् भनेर यस क्षेत्रको वर्णन गरेका थिए । वि.सं. १८८६ मा राणा प्रधानमन्त्री वीर शम्शेरका भाइ खड्ग शम्शेरले गराएको लुम्बिनीको उत्खननबाट लुम्बिनी बुद्धको जन्मस्थल हो भन्ने तथ्य प्रमाणित हुन आएको कुरा पुरातत्वविद र इतिहासकारहरूले उल्लेख गरेका छन् । खड्ग शम्शेरले आफैं बसेर उत्खनन गराइरहेको समयमा सो ठाउँमा पुगेका भारतीय पुरातत्व सर्वेक्षण विभागअन्तर्गतका एक पुरातत्वविद् कर्मचारी जर्मन नागरिक डा. फुहररले उक्त स्थानमा कुँदिएको अभिलेको फोटो खिचेर त्यसको उतार लिएका थिए र भारतमा फर्केर आफ्नो प्रतिवेदन प्रकाशित गराएका थिए । यसरी खड्ग शम्शेरले बुद्धको जन्मस्थल लुम्बिनीमा रहेको अशोक स्तम्भको कारणले बुद्धको जन्मस्थल एकिन गर्न मद्दत पुगेको देखिन्छ । राजा अशोक आफ्नो गद्दी आरोहणको २० औं वार्षिकोत्सव मनाउन लुम्बिनी आएका थिए र लुम्बिनीमा अशोकस्तम्भ खडा गरेका थिए । अशोक स्तम्भमा ब्रह्मलिपीका अभिलेख कुदिएका छन् ।

बुद्धको जन्मस्थानका चारैतिर त्यसबेलाका पुरातात्विक महत्वका भग्नावशेष तथा मण्डलहरू यत्रतत्र छरिएका छन् । लुम्बिनीमा रहेको मायादेवीको मन्दिरमा मायादेवीले रूखको हाँगा समाती बुद्धलाई जन्मदिएको र जन्मनासाथ सातपाइला हिँडेको दृश्य अङ्कित मूर्ति रहेको छ । बुद्ध जन्मेर पाइला टेक्नुअगाडि नै कमलको फूल उत्पत्ति भएको धारणा रहेको पाइन्छ । लुम्बिनी विकास कोष र जापानका विशेषज्ञद्वारा संयुक्तरूपले मायादेवी मन्दिर रहेको स्थानमा उत्खनन्

कार्य गरियो । त्यसक्रममा बुद्धको जन्म भएको ठाउँको चिनोको रूपमा राखिएको शिला प्राप्त भएको र मायादेवीको शयन मुद्राको फोटोको साथमा राहुल र सिद्धार्थ गौतमको चित्रसमेत रहेको टेराकोटाको मूर्ति पाइएको यर्थाथले लुम्बिनीलाई बुद्धको जन्मस्थल हो भन्ने कुराको निक्यौंल गर्न पर्याप्त प्रमाण प्राप्त भएको छ । बुद्ध जन्मस्थलको चिनोको रूपमा प्राप्त प्रस्तर र त्यस परिसरका पुरातात्विक क्षेत्रहरूलाई संरक्षण गर्न यथास्थितिमा संरक्षित गरी सुन्दर मायादेवी मन्दिरको निर्माण गरिएको छ । भविष्यमा यस स्थानमा अनुसन्धानकर्ताहरूलाई पुरातात्विक अध्ययन गर्न मद्दत पुग्न जाने देखिन्छ ।



लुम्बिनी

बुद्धको जन्मस्थलको नजिकै रहेको अत्यन्त रमणीय पोखरीलाई पुष्करिणी भनेर चिनिन्छ । बुद्धलाई जन्मदिनुभन्दाअगाडि मायादेवीले यस पोखरीमा पवित्र स्नान गरेको बताइन्छ । लुम्बिनीको २७ किलोमिटर पश्चिम कपिलवस्तुमा विभिन्न पुरातात्विक वस्तुहरू रहेका छन् । कविलवस्तु नै राजा शुद्धोधनको राज्यको रूपमा रहेको र सो राज्यको राजधानी तिलौराकोटमा राजा शुद्धोधनको दरबार रहेको कुरा ऐतिहासिक तथ्यहरूले पुष्टि गरेका छन् । तिरौलाकोटमा असङ्ख्य पुरातात्विक भग्नावशेषहरू रहेका छन् । चतरादेव भन्ने स्थानमा भुषणकालीन भाँडाकुँडाहरू प्राप्त भएका छन् । यसबाट त्यस स्थानमा पौराणिक शहरको

अस्तित्व रहेको स्पष्ट हुन्छ। गोतीश्वरमा अशोक स्तम्भको प्रतिमूर्तिको रूपमा स्तम्भ निर्माण भएको पाइन्छ। हाल उक्त स्तम्भ खण्डित रूपमा रहेको छ।

यसबाहेक पुरातात्विक क्षेत्रहरूमा निग्लिहवा पनि पर्दछ । यहाँ मयूर आकृति र देवनागरी लिपीमा "ओम मणि पद्मे हुम दिपु मलइ चीरन दयुत १२३४" भन्ने उल्लेख भएको अशोक स्तम्भले पनि ऐतिहासिक महत्वलाई प्रतिविम्बित गरेको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव उथान्त नेपाल भ्रमणको अवसरमा लुम्बिनी गएका थिए। उनले सो अवसरमा लुम्बिनीको अन्तर्राष्ट्रिय बौद्ध संस्कृतिको केन्द्रको रूपमा विकास हुनुपर्छ भन्ने धारणा व्यक्त गरेका छन्। सोहीअनुरूप जापानका प्रख्यात वास्तुकलाविद् केन्जो टाँगेले लुम्बिनी किासका निम्ति गुरूयोजनाको परिकल्पना गरे। सोही गुरूयोजनाअनुसार लुम्बिनी हाल अन्तर्राष्ट्रिय पर्यटन केन्द्रको रूपमा विकसित हुँदैछ। यस गुरूयोजनामा लुम्बिनी ग्राम, धार्मिक स्थल र पवित्र बगैँचाको परिकल्पना छ। लुम्बिनीको विकासको लागि लुम्बिनी विकास कोषको स्थापना र सञ्चालन भएको छ। लुम्बिनीमा विभिन्न देशहरूले आ-आफ्नै शैलीमा बौद्धस्तुपहरू बनाउने अभ्यास पनि भएको देखिन्छ। लुम्बिनी विकासकोषअन्तरगत लुम्बिनी विकासको गुरूयोजनाअनुसार क्रमशः विकास भइरहेको छ। लुम्बिनीको अशोकस्तम्भ र मायादेवी मन्दिर रहेको स्थानलाई पवित्र बगैँचा एवं पवित्र धार्मिक स्थलको रूपमा विकास गरिएको छ। गुरूयोजनामा उल्लेख भएको बौद्धमय मन्दिरको क्षेत्रमा विश्वका बौद्ध धर्मका अनुयायी देशहरूबाट आ-आफ्नै देशका वास्तुकलाले भरिपूर्ण विहार, मन्दिर तथा स्तुपहरूको निर्माण भएका छन्। चीनको विहार, ताराफाउण्डेसनद्वारा निर्मित होटस स्तुपा, म्यानमारको विहार, मनाङ्ग गुम्बा, थाई विहार, भियतनाम विहार, जापानद्वारा निर्मित निपोल म्होहोजा पिस पेगोडा, कोरियन विहार, महाबोधी समाज विहार, आदि उल्लेखनीय स्थलहरू यहाँ रहेका छन्। यसबाट अन्तर्राष्ट्रिय बौद्ध धर्मावलम्बीहरूको मुख्य तीर्थस्थलको रूपमा विकास गर्न ठूलो टेवा पुग्न गएको छ।

लुम्बिनी गुरूयोजना क्षेत्रमा लुम्बिनी अन्तर्राष्ट्रिय अनुसन्धान संस्था स्थापना भएकोले यो बौद्ध र बौद्ध दर्शनसम्बन्धी अध्ययन, अनुसन्धान गर्ने राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विद्वानहरूलाई अध्ययनको थलो भएको छ। यस अन्तर्राष्ट्रिय संस्थामा बौद्ध दर्शनसम्बन्धी पुस्तक, ग्रन्थ, सि.डी र माइक्रोफिल्म आदि बहुमूल्य सामग्रीहरू सङ्ग्रह गरिएका छन्।

हालै दोश्रो विश्व बौद्ध सम्मेलन सुसम्पन्न भएको छ र बौद्ध विश्व विद्यालय स्थापना गर्ने निर्णय भएको छ। यस क्षेत्रमा शान्तिद्वीप पनि प्रज्ज्वलित छ।

पर्यटकीय हिसाबले पनि विकास गर्न यस क्षेत्रमा विकास निर्माणका कार्यहरू जारी नै छन् । केही गेष्ठ हाउस तथा होटलहरूको सञ्चालन पनि भएको छ ।

वैशाख पूर्णीमाका दिन भव्यताका साथ बुद्धजयन्ती मनाउने प्रचलन छ । लुम्बिनीको साथसाथै शुद्धोधनको दरबार रहेको तिलौराकोट र बुद्धको मावली ग्रामको रूपमा परिचित रहेको रामग्रामसमेत बुद्धको जीवनसित घनिष्ठ रूपले गाँसिएका रूपन्देही, कपिलवस्तु र नवलपरासी जिल्लामा पर्ने पुरातात्विक केन्द्रहरूको एकीकृतढङ्गबाट विकास गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ । अझ पाणिनी ऋृषिको तपोभूमिको रूपमा परिचित, दुर्वासाले तपस्या गरेको दुर्वासा गुफा र महाभारतकालीन गाथाको गरिमा बोकेको उलुक तथा बल्कोट, अर्घाखाँचीको ऐतिहासिक पौवा र गुल्मीको रेसुङ्गा एवं प्रसिद्ध तीर्थस्थल रूरूक्षेत्रको साथसाथै मनोरम शहर तानसेन, कलात्मक रानीघाट दरबार र देवघाटलगायतका लुम्बिनीको वरपरका पर्यटकीय र धार्मिक महत्वका क्षेत्रहरूसमेतको एकीकृत विकास गर्न सकेमा लुम्बिनी क्षेत्रले मुलुक र संसारकै एउटा गौरवपूर्ण पर्यटन केन्द्रको आकार लिन सक्ने सम्भावना रहेको कुरामा शङ्का गर्नुपर्ने ठाउँ देखिँदैन ।

**वीरेन्द्रनगर**

वीरेन्द्रनगर मध्य पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम हो । वीरेन्द्रनगर नगरपालिका भेरी अञ्चलको सुर्खेत जिल्लामा पर्दछ । बुल्बुले ताल वीरेन्द्रनगरको महत्वपूर्ण दर्शनीय स्थल हो । वीरेन्द्रनगरसित जोडिएको लाटीकोइली गा.वि.स.मा पर्ने काँक्रे विहारलाई पनि यहाँको प्रसिद्ध पौराणिक र ऐतिहासिक महत्वको दर्शनीय स्थलको रूपमा लिन सकिन्छ । देउती बज्यैको मन्दिर यहाँको प्रसिद्ध धार्मिक स्थल हो ।



सुर्खेत टावर

**विक्रम बाबा**

चितवन राष्ट्रिय निकुञ्जभित्र नारायणगढबाट झण्डै २१ किलोमिटर दक्षिणतर्फ नदीको किनारा कसरामा विक्रम बाबाको थान छ । विक्रम बाबा थारू जातिका हुन् । सो स्थानमा चैते दशैंको अवसरमा देवभक्त थारूको सम्झनामा ठूलो जात्रा लाग्दछ । जात्रामा लमजुङ्ग, तनहुँ, कास्की, गोरखा, मकवानपुर, काठमाडौं, नवलपरासीलगायत देशका विभिन्न स्थानबाट श्रद्धालुहरू आउने गर्दछन् । यहाँ विशेषगरी नवविवाहित जोडीहरू आउने गर्छन् ।

**बडी मालिका**

बाजुरा जिल्लामा समुन्द्रसतहदेखि करीब १५,००० फिटको उचाइमा अवस्थित बडीमालिकाको मन्दिरमा भाद्र शुक्ल पक्षको दिनमा ठूलो मेला लाग्दछ । यहाँ अछाम, डोटी, बझाङ्गलगायत देशका विभिन्न भागबाट दर्शनार्थीहरू आउने गर्दछन् ।

**सगरमाथा**

पृथ्वीको संरचनामा सबैभन्दा अग्लो स्वरूप लिएर रहेको सगरमाथा सम्पूर्ण मानव जातिको आकर्षण र अत्यन्तै साहसी यात्राको केन्द्र भएको छ । महालङ्गुर हिमालय श्रृङ्खलामा अवस्थित यस हिमशिखरको उचाइ समुन्द्रसतहदेखि ८८४८ मिटर रहेको छ । सगरमाथा अञ्चलको सोलुखुम्बु जिल्लामा रहेको यो हिमशिखर आरोहणको लागि सन् १९४९ मा खुला गरिए पश्चात् सर्वप्रथम मे २९, १९५३ मा नेपालका तेन्जिङ्ग नोर्गे तथा न्यूजिल्याण्डका एडमण्ड हिलारीले सफल आरोहण गरेपछि सगरमाथा विश्व चर्चाको विषय बन्यो । सन् १९५६ मा नेपालका इतिहास शिरोमणी बाबुराम आचार्यले यस शिखरलाई नेपाली नाम सगरमाथा दिएका हुन् । बेलायतका सर्बेयर जर्ज एभरेष्टले नेपालका हिमशिखरहरूको सर्वेक्षण गरेकोले सन् १९६५ मा उनकै नाममा सगरमाथालाई अङ्ग्रेजी नाम माउण्ट एभरेष्ट प्रदान गरिएको र अन्तर्राष्ट्रिय जगतमा यस शिखरलाई सामान्यत यही नामबाट चिन्ने गरिएको पाइन्छ । चिनियाँ भाषामा झोमोलोङ्मा र तिब्बती भाषामा मिटिगुटी चापुलोङ्मा भनिने यस शिखरको आरोहण गर्ने प्रथम महिला जापानकी श्रीमती जुन्को तावेई हुन् । नेपालमा प्रथम पटक पासाङ्ग ल्हामु शेर्पाले सगरमाथाको सफल आरोण गरी नेपाल र नेपाली महिलाको गौरव बढाएकी थिइन् ।

विश्वको सर्वोच्च शिखर सगरमाथा वास्तवमा प्रकृतिको अनुपम उपहार हो सम्पूर्ण मानव समुदायको लागि गौरव र आकर्षणको प्रतीकको रूपमा रहेको यस

शिखरले नेपाललाई बाहिरी संसारमा सगरमाथाको देशको रूपमा समेत चिनाउन योगदान दिएको छ । सगरमाथाको द्वार उपनामले सुपरिचित हिमाली क्षेत्रको प्रसिद्ध बजार नाम्चे भएर पुग्नुपर्ने सगरमाथाकै हाराहारीमा ल्होत्से, ल्होत्सेसार, नुप्सेजस्ता हिमशिखरहरूसमेत रहेका छन् । विश्वकै सर्वोच्च स्थानमा रहेको बौद्ध गुम्बा त्याङ्बोचे र विश्वकै सर्वोच्च स्थानमा रहेको विमानस्थल स्याङबोचेसमेत सगरमाथाको काखमा अवस्थित छन् ।

**स्वर्गद्वारी**

प्यूठान जिल्लाको सदरमुकाम खलङ्गाबाट झण्डै २६ कि.मि.पश्चिमतर्फ ६९६० फिट उचाइ भएको लेकमा अवस्थित प्रसिद्ध धार्मिक स्थल नै स्वर्गद्वारी हो । परापूर्वकालमा ऋषिमुनिहरूले जपतप गरी स्वर्ग पुगेको भन्ने जनश्रुतिअनुसार नै यस स्थानको नाम स्वर्गद्वारी रहन गएको हो भन्ने विद्वानहरूको विश्वास रहेको पाइन्छ । धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण यस स्वर्गद्वारीमा सिङ्गमर्मरमाथि शिवलिङ्ग राखी निर्माण गरिएको पक्की मन्दिर रहेको छ भने यसको वरपर सयौँको सङ्ख्यामा गाइपाल्ने गाईगोठ, रमणीय गुफा, यज्ञशाला तथा पोखरीहरू रहेका छन् । हरेक वर्षको वैशाख पूर्णिमा र कार्तिक पूर्णिमाका दिन यहाँ विशाल धार्मिक मेला लाग्दछ । नेपालका विभिन्न स्थान तथा भारतबाट समेत हजारौँको सङ्ख्यामा तीर्थयात्रीहरू मेलामा सहभागी हुन यहाँ आउछन् । स्वर्गद्वारीमा त्यहाँका महाप्रभुले करिब १२० वर्षअघि सुरू गरेको अखण्ड होम अहिले पनि जारी रहेको छ। स्वर्गद्वारीमा संस्कृत पाठशाला र वेद विद्याश्रम सञ्चालन भएको पनि पाइन्छ र वेद तथा धर्मकर्मको अध्ययन गर्नको निम्ति टाढा टाढाबाट आउने विद्यार्थीहरूलाई खानपीन र बसाइको निःशुल्क व्यवस्थासमेत रहेको पाइन्छ । दाङमा त्यस आश्रमको गुठीको रूपमा धेरै जमिन रहेको छ । भिङग्री भन्ने बजारको नजिकैबाट केही घण्टाको उकालो पैदल हिँडेर स्वर्गद्वारी आश्रममा पुग्न सकिन्छ भने भिङ्ग्रीबजारदेखि यो आश्रमसम्म कच्ची सडक पनि निर्माण गरिएको छ ।

**सिन्जा उपत्यका**

जुम्ला जिल्लामा पर्ने सिन्जा उपत्यका मध्यकालमा नागराजले स्थापना गरेको खस मल्ल राज्यको राजधानीको रूपमा रहेको थियो । त्यसैले नेपालको राष्ट्रभाषा नेपालीको उत्पति स्थलको रूपमा समेत परिचित रहेको सिन्जा उपत्यकालाई प्राचीन संस्कृति र सम्पदाको केन्द्रको रूपमा समेत लिनुपर्ने देखिन्छ । कर्णाली प्रदेशको खस मल्ल राज्यले आफ्नो सीमा काठमाडौँको सीमावर्ती क्षेत्रसम्म नै विस्तार गरेको कुरा ऐतिहासिक घटनाक्रमहरूले पुष्टि गर्ने हुँदा सिन्जा उपत्यकामा



सिन्जा उपत्यका

केन्द्र रहेको खस मल्ल राज्य अत्यन्त शक्तिशाली थियो भन्ने कुरा स्पष्ट हुन्छ। यस उपत्यकाको नजिकै मुगु जिल्लामा नेपालको सबभन्दा ठूलो ताल रारा रहेको यो उपत्यकाले नेपालको एउटा महत्वपूर्ण पर्यटन केन्द्रको रूपमा विकसित हुने प्रशस्त सम्भावनाहरू बोकेको देखिन्छ।

**सलहेश**



मालिनी मन्दिर

सिरहा जिल्लाको लहान बजारदेखि ३ कि.मि. दक्षिण पश्चिममा पर्ने एक फूलबारीमा नयाँ वर्षको पहिलो दिनमात्रै हारमको रूखमा माला आकारमा फूल फुल्छ। फूलबारीको बीचमा मालिनीको मन्दिर छ। जुन पर्यटकका लागि आकर्षक मानिएको छ। यो फूललाई राजा सलहेश र दौना मालिनीको चीर प्रेमको प्रतीक मानिन्छ।

**श्रीनगर**

पाल्पा जिल्लाको शोभा, सौन्दर्य वा मुकुटका रूपमा श्रीनगरलाई लिइन्छ । बतासेडाँडा नामको वृक्षहीन शुष्क कुरूप उच्च थुम्कामा सल्ला आदि विभिन्न किसिमका रूख बिरूवाहरू रोपेर रमणीय उद्यानमा परिणत भएपछि बतासेडाँडा नै श्रीनगर भनी पुनः नामकरण गरिएको हो । यहाँ मन्दिर, बुद्धको मूर्ति र बागबगैंचाहरूसमेत छन् । झण्डै १५०० रोपनी क्षेत्रफलमा फैलिएको श्रीनगर शान्त, सुरम्य जङ्गल, अनुकूल स्वस्थ्यकर हावापानी भएकाले यो बाघ, चितुवा, खरायो, दुम्सी आदि जनावरहरू कालिज, तित्रा, कोइली प्रजातिका पन्छीहरूको सुरम्य बसोबास बनेको छ । वनविहार र वनभोजका लागि प्रख्यात यो ठाउँबाट माछापुच्छ्रे, हिमालचुली, अन्नपूर्ण, काञ्जीरोवा, मनास्लु, गणेश हिमाल आदि हिमालहरूको सुन्दर दृश्यावलोकन गर्न सकिन्छ । यसका अतिरिक्त सूर्योदय, माडी उपत्यका र सफा मौसममा भारतको उत्तरी भाग गोरखपुरसम्मको रेलहरूको रोमाञ्चक अवलोकन गर्न सकिन्छ । यहाँ आधुनिक गल्फ खेल मैदान बनाइएकोले स्वदेशी विदेशी गल्फ खेलाडीहरूका लागि यो थप आकर्षक ठाँउ बनेको छ ।

**शहीद स्मारक वा नेपाल स्मारक**

नेपालमा प्रजातन्त्र स्थापनाका लागि विशिष्ट योगदान गर्ने व्यक्तिहरू श्री ५ त्रिभुवन, शहीद शुक्रराजशास्त्री, धर्मभक्त, गंगालाल, दशरथ चन्दको स्मृतिमा र अन्य ज्ञात अज्ञात शहीदहरूको सम्मान र सम्झनामा सिंहदरबार र धरहराको बीचमा कलात्मकद्वारको आकारमा निर्माण गरिएको यो स्मारकको वास्तविक नाम नेपाल स्मारक हो । जमीनको सतहदेखि ४० फिट अग्लो नेपाल स्मारक (शहीद स्मारकद्वार) को डिजाइन इ.शंकरनाथ रिमालबाट गरिएको हो भने निर्माण सुपरीवेक्षण इ.गौरीनाथ रिमालबाट भएको हो । यो स्मारकमा रहेका मूर्ति तथा चित्रहरूको निर्माण मूर्तिकार द्वय बाबुकाजी तुलाधर र बालकृष्ण तुलाधरद्वारा भएको हो ।

**सिद्धकाली मन्दिर**

सङ्खुवासभाको चैनपुर बजारबाट एककोश पर रहेको यो ठाउँमा महादेवकी अर्धाङ्गिनी सतीदेवीको दाहिने आँखा पतन भएकोले यो ठाउँलाई महत्वपूर्ण शक्तिपीठ मानेर मन्दिर निर्माण गरी देवीको प्रतिमा स्थापना गरिएको छ । यसको नजिकै भगवान महादेवको मन्दिर पनि निर्माण गरिएको छ ।

**सूर्यविनायक**

भक्तपुर जिल्लास्थित सूर्यविनायकको मन्दिरमा गणेशको मूर्ति स्थापित छ । यही मन्दिरको आधारमा यो ठाउँको नामाकरण गरिएको हो । सूर्य विनायकबाट

भक्तपुर शहर र चारैतिर सुन्दर हिमालहरूको दृश्यावलोकन गर्न सकिने र यहाँ सुन्दर वनकुञ्जसमेत भएकोले वनभोजका लागि नेपालीहरू र दृश्यावलोकन गर्न विदेशीहरूसमेत जाने हुँदा यो ठाउँको महत्व बढ्न गएको छ ।

**सराङकोट**

पर्यटकीय दृष्टिले काठमाडौँका लागि नगरकोट महत्वपूर्ण भएजस्तै पोखराका लागि सराङ्कोटको ठूलो महत्व छ । कास्की जिल्लामा पर्ने सराङ्कोट पोखराको पश्चिमोत्तर भागमा पर्दछ । यो ठाउँबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरी, पोखरा उपत्यका र पोखराको फेवाताललगायतका विभिन्न तालहरूको मनोरम दृश्यावलोकन गर्न सकिन्छ ।

**स्वयम्भू**

काठमाडौँ उपत्यकाको पश्चिमी भागमा पर्ने मण्डपगिरी नामको पहाडको टुप्पोमा विश्व सम्पदा सूचीमा समावेश भएको प्रसिद्ध बौद्ध मन्दिर र स्तुप छ । स्वयम्भू भगवानको उत्पत्ति यसै स्थानमा भएको भनिन्छ । बुद्ध जन्मेको, बुद्धको ज्ञान प्राप्त गरेको र बुद्धको निर्वाण प्राप्त गरेको वैशाख शुक्ल पूर्णिमाका दिन यहाँ ठूलो महोत्सव आयोजना गरिन्छ । स्वयम्भूको आनन्दकुटी महाविहारमा भगवान बुद्धको पवित्र अस्थिधातु (हाड) सुरक्षासाथ राखिएको छ । चोरी भएपछि पहिलेको अस्थिधातु श्रीलंकाबाट वि.सं. २०५१ मा प्राप्त भएपछि वि.सं. २०५५ वैशाख शुक्ल पूर्णिमाका दिन पहिलोपटक नगर परिक्रमा गराइएको थियो । स्वयम्भूबाट काठमाडौँ उपत्यकाको रमणीय दृश्यको अवलोकन गर्न सकिन्छ ।

**हिल्सा**

हिल्सा हुम्ला जिल्लाको सदरमुकाम सिमिकोट जोड्ने नेपाल चीनबीचको उत्तरपश्चिममा पर्ने नाका हो । यारी भञ्ज्याङ हुँदै हिल्सा पुगिन्छ । यहाँ भोटे जातिको पातालो बस्ती रहेको छ ।

**हलेसीमहादेव मन्दिर वा गुफा**

सगरमाथा अञ्चलको खोटाङ् जिल्लाको सदरमुकाम दिक्तेलदेखि पश्चिम भागमा कैलाश पर्वत भनिने थुम्कोको १ कि.मि. क्षेत्रफल र २०० फिटको उचाइसम्म प्राकृतिक रूपमा निर्मित शिवलिङ्ग आकारको संरचनालाई हलेसी महादेव भनिन्छ । बाहिरी चारवटा ढोका रहेको यो गुफाभित्र निष्पट्ट अन्धकार छ । हलेसी गुफामा प्राकृतिक आकृतिहरू र धार्मिक आस्थाको मनोरम समन्वय भएको छ । यहाँ रामनवमीका अवसरमा १६ दिनसम्म मेला लाग्दछ । सो अवसरमा यहाँ सबैभन्दा बढी मानिसहरूको जमघट हुन्छ । महाशिवरात्रिका दिन भोटे जातिका मानिसहरू

यहाँ आएर सुम्निमा पारोहाङ्काको रूपमा शिव पार्वतीको पूजा गर्दछन् भने बालाचतुर्दशीका दिन यहाँ टाढाटाढाबाट मानिसहरू आएर शतबीज छर्दछन् ।

### त्रिवेणीधाम, वाल्मीकि आश्रम र गजेन्द्रमोक्षधाम

चितवन जिल्लाको दक्षिणी पूर्वी भागमा गर्दी गा.वि.स. अन्तर्गत स्वर्णभद्रा, तमसा र नारायणी नदीको त्रिवेणीमा नारायणी नदीपारी वा पूर्वतटमा महामुनी तथा संस्कृत साहित्यका आदिकवि रामायणका रचयिता महर्षिको आश्रम छ । यही नै वाल्मीकिले रामायण ग्रन्थको रचना गरेका थिए । यहाँ पुरातात्विक महत्वका प्राचीन मूर्ति, महर्षि वाल्मीकिद्वारा स्थापित हरिहर मन्दिर, यज्ञशाला, लवकुश पाठशाला, सीताकुटी, सीताकूप र आश्रमहरू छन् । यहाँ माघे औँशीको दिन ठूलो मेला लाग्दछ । पवित्र तीन नदीहरूको सङ्गम त्रिवेणीमा स्नान गरेमा पापमोचन हुने र यहाँ देहत्याग गरेमा मोक्ष प्राप्त हुने धार्मिक विश्वास रहेकोले यो स्थान कल्पवासीहरूको आश्रमस्थल बनेको छ ।

### त्रिपुरासुन्दरी देवी

बैतडी जिल्लाको यो प्रमुख तीर्थस्थलमा भगवती देवीको मूर्ति स्थापना गरिएको छ । पौराणिककालमा भगवतीले त्रिपुरासुर नामको दैत्यको वध गरी देवता तथा मानव जातिको दुःख निवारण गरेकोले यिनको नाम त्रिपुरासुन्दरी देवी रहेको मानिन्छ । यी देवीलाई स्थानीय वासिन्दा राणाशयनी भगवती पनि भन्दछन् ।

### छिन्नमस्ता भगवती

छिन्नमस्ता भगवती सप्तरी जिल्लाको राजविराजबाट दक्षिण सीमावर्ती क्षेत्र सप्तरी जिल्लाको छिन्नमस्ता गाउँविकास समितिमा पर्दछ । छिन्नमस्ता भवगती मनोकामना पूरा गर्ने शक्तिपीठहरूमध्ये एक पीठ मानिएको हुँदा नेपाल र भारतका



छिन्नमस्ता भगवतीको मन्दिर

जनताको ठूलो आस्था छ। प्राचीन इतिहास र किम्वदन्तीअनुसार कर्नाटवंशी राजा न्यायदेवको पाँचौं पुस्ताका शक्रसिंहदेव सिम्रौनगढका राजा भएका थिए। उनी नाबालक छोरा हरिसिंहदेवलाई राजगद्दीमा राखी निर्वासित जीवन बिताउन सप्तरी आए। त्यसबेला जङ्गलले ढाकिएको यस स्थानमा जङ्गल सफा गर्दा भेटिएको भगवती मूर्तिलाई उनले आफ्नो कुलदेवीको रूपमा स्थापना गरी आफ्नो नामबाट देवीको नाम शक्रेश्वरी राखे भन्ने भनाइ छ। देवीको शरीर नभएकोले केही समयपछि छिन्नमस्ता भगवती भन्न थालिएको मानिन्छ।

**घलेगाउँ**

लमजुङ जिल्लास्थित घलेगाउँ ग्रामीण पर्यटन तथा होमस्टेका लागि प्रसिद्ध छ। घलेगाउँबाट मनास्लु, अन्नपूर्ण, माछापुच्छ्रे, लमजुङ हिमाल शीरको टोपीजस्तै देखिन्छन्। चियाबगान, भेडीखर्क, उत्तरकन्याको मन्दिर दर्शनीय छन्। घले गुरुङको आत्मीय आतिथ्य र घाँटु नाँचको प्रदर्शनले स्वदेशी र विदेशी पर्यटकलाई मोहीत बनाउने गरेको पाइन्छ। घलेगाउँको होमस्टे पार्क मुलुककै उत्कृष्ट मानिन्छ भने यसपघि नेपालका धेरै स्थानहरूमा होमस्टे पर्यटन फष्टाएको छ।

# सन्दर्भ सामग्री

*पुस्तक*


- अमात्य, साफल्य, **नेपालमा पुरातत्व ।**
- अर्याल, कृष्णराज, **नेपाली संस्कृति संक्षिप्त झलक ।**
- खत्री, डा. प्रेम, **नेपाली संस्कृति र समता ।**
- खत्री, डा. प्रेम, **आधुनिक नेपालको सामाजिक इतिहास ।**
- दाहाल, पेशल र खतिवडा, सोमप्रसाद, **नेपालीको कला र वास्तुकला ।**
- निरौला, खगेन्द्र, **नेपाल परिचय ।**
- नेपाल सरकार, सूचना विभाग, **नेपाल अधिराज्यको संक्षिप्त परिचय ।**
- नेपाल सरकार, सूचना विभाग, **मेचीदेखि महाकाली** (**भाग** १,२,३ **र** ४) **।**
- नेपाल सरकार, सूचना विभाग, **नेपालका सम्पदाहरू ।**
- न्यौपाने, प्रा.डा. टंकप्रसाद; भण्डारी, प्रा.डा. पारसमणि; न्यौपाने, दीपक; घिमिरे, तुल्सीराम, **सामान्य भाषा विज्ञान ।**
- पाँडे, रामकुमार, **नेपाल परिचय ।**
- पाँडे, रामकुमार, **नेपालको मानव भूगोल ।**
- पाँडे, रामकुमार, **नेपालको भौतिक भूगोल ।**
- पोखरेल, बुद्धिप्रसाद, **नेपालको भौतिक, आर्थिक र साँस्कृतिक भूगोल ।**
- बज्राचार्य, धनबज्र, **पूर्वमध्यकालका अभिलेख ।**
- मिश्र, मनोजबाबु, **विश्व कलाको इतिहास ।**
- लामिछाने, डा. यादव प्रकाश, **नेपाली भाषा र साहित्य** ।
- विष्ट, डोरबहादुर, **सबै जातको फूलबारी ।**
- सुवेदी, खगेन्द्रप्रसाद, **मुद्रा, बैङ्किङ, राजश्व र अन्तर्राष्ट्रिय व्यापार तथा नेपालको अर्थशास्त्र ।**
- क्षेत्री, डा.गणेश; रायमाझी, रामचन्द्र, **नेपालको इतिहास ।**
- क्षेत्री, डा. गणेश; रायमाझी, रामचन्द्र, **नेपाली कला, वास्तुकला र प्रतिमा लक्षण ।**
- Chaudhary, Mahesh, 2012; **Hidden Treasures of the Lowland Nepal .**
- **Foreign Policy of Nepal : Challenges and Opportunities,**

Institute of Foreign Affairs.

- **National Population and Housing Census 2011** (National Report), Central Bureau of Statistics, Kathmandu, Nepal.

***ऐन/नियम/प्रतिवेदन***

- अर्थ मन्त्रालय, विभिन्न आर्थिक वर्षका '**आर्थिक सर्वेक्षणहरू**' ।
- उद्योग मन्त्रालय, '**विदेशी लगानी नीति, २०७१**' ।
- कानुन, न्याय तथा संसदीय मामला मन्त्रालय/कानुन किताब व्यवस्था समिति, '**नेपालको संविधान'लगायत विभिन्न समयमा जारी गरिएका संविधानहरू** ।
- कानुन, न्याय तथा संसदीय मामला मन्त्रालय, '**भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन, २०७२**' ।
- कानुन किताब व्यवस्था समिति, निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० ।
- प्रशासन सुधार आयोगका प्रतिवेदनहरू
- '**राष्ट्रिय प्रतिवेदन २००१**', केन्द्रीय तथ्याङ्क विभाग ।
- राष्ट्रिय योजना आयोग, '**विभिन्न आवधिक योजनाहरू**' ।
- राष्ट्रिय योजना आयोग, '**विपद्पछिको आवश्यकता आँकलन** (Post Desaster Needs Assessement -PDNA), २०७२' ।
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, **जिल्ला, नगरपालिका तथा गाउँ विकास समितिहरूको संक्षिप्त विववरण पुस्तिका, कार्त्तिक २०७२**

**वेभसाइट**

- गृह मन्त्रालयको वेभसाइटमा राखिएका भूकम्पसम्बन्धी सामग्रीहरू ।
- राष्ट्रिय भूकम्पमापन केन्द्रको वेभसाइटमा राखिएका भूकम्पसम्बन्धी सामग्रीहरू ।
- विद्यूत् विकास विभागको वेभसाइटमा राखिएका सञ्चालमा रहेका जलविद्यूत् आयोजनाहरूसम्बन्धी सामग्रीहरू ।
- सडक विभागको वेभसाइटमा राखिएका सडक सञ्जालसम्बन्धी सामग्रीहरू ।

*तस्वीर*

- शालिकराम कोइराला, सूचना विभाग
- प्रवीण श्रेष्ठ, सूचना विभाग
- रामकृष्ण महर्जन, सूचना विभाग
- रमेश श्रेष्ठ, सूचना विभाग
- मनऋषि धिताल, पत्रकार
- नातीकाजी महर्जन, फोटोपत्रकार
- ध्रुव आले, फोटोपत्रकार
- विकास द्वारे, फोटोपत्रकार
- बालकृष्ण थापा, फोटोपत्रकार
- देवकी विष्ट, फोटोपत्रकार
- पेम्बा शेर्पा, स्वतन्त्र फोटोग्राफर
- हरि पंगेनी, स्वतन्त्र फोटोग्राफर
- दुर्गा मैनाली, पत्रकार
- बाबुराम कोइराला, नेपाल राष्ट्र बैङ्क
- पृथुल कोइराला
- फोटो शाखा, सूचना विभाग
- पुरातत्व विभाग
- राष्ट्रिय सङ्ग्रहालय, छाउनी
- राष्ट्रिय अभिलेखालय
- हनुमानढोका सङ्ग्रहालय
- हुलाक सेवा विभाग
- साझा प्रकाशन
- नुवाकोट उद्योग वाणिज्य सङ्घ
- नेपाली लोकबाजा सङ्ग्रहालय
- नेपाल आदिवासी जनजाति महासङ्घ
- नेपाल पर्यटन बोर्ड